# विद्यालय क्षेत्र विकास योजना

## वि.सं. २०७३/०७४–२०७९/०८०

नेपाल सरकार
शिक्षा मन्त्रालय
२०७३

# विद्यालय क्षेत्र विकास योजना

वि.सं. २०७३/०७४–२०७९/०८०

(सन् २०१६/०१७–२०२२/०२३)

नेपाल सरकार

शिक्षा मन्त्रालय

२०७३

विद्यालय क्षेत्र विकास योजना (२०७३/७४–२०७९/८०)

नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा २०७३ साल कात्तिक ८ गते स्वीकृत

काठमाडौंः नेपाल सरकार, शिक्षा मन्त्रालय

© शिक्षा मन्त्रालय (२०७३)

# सन्देश

नेपालको संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक राज्य संरचनाअनुरूप राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखी विद्यालय क्षेत्र विकास योजनाको निर्माण गरिएको छ । यस योजनाले सबै नागरिकलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने एवम् विद्यमान विभेदहरू कम गर्दै जाने लक्ष्य लिएको छ । यस सन्दर्भमा संविधानको भावनाअनुरूप योजनाले शिक्षालाई मौलिक हकका रूपमा समेत प्रतिविम्बित गरेको छ । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधान जारी गर्दा व्यतीत लामो संक्रमण कालका कारण शिक्षा क्षेत्र पनि प्रभावित भएको अवस्थामा हालै जारी गरिएको शिक्षा ऐनको आठौँ संशोधन र विद्यालय शिक्षाको समता रणनीतिको कार्यान्वयनले यस सात वर्षे विद्यालय क्षेत्र विकास योजनालाई अघि बढाउन उचित ढाँचा प्रदान गर्ने विश्वास लिइएको छ ।

नेपाललाई सन् २०३० सम्ममा अति कम विकसित मुलुकबाट मध्यम आय भएको मुलुकका रूपमा स्तरोन्नति गर्नका लागि यो योजना फलदायी हुने विश्वास लिइएको छ । यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्त्वपूर्ण माध्यम बन्ने अपेक्षा सहित संविधानमा उल्लेख भएअनुसार समाजवादी अर्थतन्त्र उन्मुख गुणस्तरीय शिक्षा, व्यावसायिक सीप, सकारात्मक अवधारणा तथा राष्ट्रको सक्रिय र उत्पादनशील नागरिक निर्माण गर्नेतर्फ योजना लक्षित छ ।

विद्यालय क्षेत्र विकास योजना मुलुकलाई संघीय शासकीय पद्धतिमा रूपान्तरण गर्ने प्रक्रियासँगै कार्यान्वयन हुनेछ। योजनाको कार्यान्वयनका लागि सुशासन, व्यवस्थापन र स्थानीय तहको भूमिकाका सम्बन्धमा स्पष्ट संरचनागत खाका तयार गर्न समेत आवश्यक देखिएको छ ।

यस योजनाले भूकम्पबाट भत्किएका विद्यालयहरूको पुनः निर्माणमा सहयोग पुऱ्याउने छ । यसका साथै यस योजनाले विद्यालय क्षेत्रका विगतका योजना तथा कार्यक्रमहरूबाट पूरा गर्न नसकिएका विषय र मौजुदा चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिँदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्य दिशा तय गरेको छ।

विविध चुनौती एवम् मुद्दाहरूका अतिरिक्त यस योजनामा समाविष्ट कार्यक्रमहरूले विद्यालय शिक्षाको विकासका लागि अंगीकार गर्नुपर्ने रणनीतिहरू र भावी कार्य दिशालाई प्रतिविम्बित गरेको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत निर्धारित उद्देश्य तथा नतिजाहरू प्राप्तिका लागि यथेष्ट लगानीको आवश्यकता पर्ने महसुस गरिएको छ। योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि नेपाल सरकारको बलियो प्रतिबद्धताका साथै विकास साझेदारहरूको निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

**धनिराम पौडेल**
मन्त्री

# सन्देश

गुणस्तरीयता विद्यालय क्षेत्र विकास योजनाका रणनीति तथा कार्यक्रमको केन्द्रीय तत्त्व हो । पहुँचको सहजता तथा लैंगिक समानता लगायत प्रमुख उपलब्धिहरूलाई निरन्तरता प्रदान गर्दै शिक्षण सिकाइमा प्रभावकारिता सुनिश्चित गर्न पाठ्यक्रम परिमार्जन, शिक्षकको पेसागत विकास तथा विद्यालय सुधार योजना आदि यस योजनाका महत्त्वपूर्ण रणनीति हुन् । गुणस्तरीय शिक्षाको निरन्तरता, सक्रिय सिकाइ तथा सीप विकास सुनिश्चित गर्न यस योजनाले बाल मैत्री, बाल केन्द्रित एवम् अन्तरक्रियात्मक शिक्षण सिकाइ पद्धति र दक्ष शिक्षकमा जोड दिएको छ। अतः जीवनोपयोगी सीप, वातावरणीय सचेतना, विपत् व्यवस्थापनको तयारी लगायत ज्ञान, सीप, क्षमता तथा बुझाइलाई निरन्तर समायोजन गर्दै लैजान राष्ट्रिय पाठ्यक्रम प्रारूपको निरन्तर पुनरावलोकन तथा परिमार्जन पनि आवश्यक देखिएको छ ।

विद्यार्थीको सिकाइ उपलब्धिको सुदृढीकरण विद्यालय क्षेत्र विकास योजनाले जोड दिएको अर्को महत्त्वपूर्ण पक्ष हो । यसका लागि निरन्तर मूल्यांकन, प्रारम्भिक कक्षामा पढाइको मूल्यांकन तथा विद्यार्थीका सिकाइ उपलब्धिको राष्ट्रिय मूल्यांकन पद्धतिमा निरन्तर सुधार गरी निर्माणात्मक तथा निर्णयात्मक परीक्षालाई सीप तथा सिकारू केन्द्रित गराउन सकिन्छ । विद्यालय क्षेत्र विकास योजनाले खास गरी दुर्गमका विद्यालयहरूका लागि शिक्षक विकास, माध्यमिक विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात, महिला शिक्षकहरूको प्रतिनिधित्वमा सुधार र शिक्षकमा अल्पसंख्यक सांस्कृतिक समुदायको प्रतिनिधित्व वृद्धिमा जोड दिएको छ । यसका अतिरिक्त विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने विद्यार्थीको संवैधानिक अधिकार सुनिश्चित गर्न भाषाहरूको शिक्षण र तिनको प्रयोगलाई निर्देशित गर्न शिक्षणका माध्यम भाषाको ढाँचा पनि निर्माण गरेको छ ।

नेपालमा अझै पनि सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित गर्न सकिएको छैन । कतिपय समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको स्थिति कमजोर नै छ । कठिन अवस्थामा रहेका सीमान्तकृत समुदाय, दलित तथा अल्पसंख्यक सांस्कृतिक समुदायका बालबालिका अझै पनि पूर्णतः विद्यालय शिक्षाको मूलधारमा समाहित भइसकेका छैनन् । अतः अबको उद्देश्य ती समुदायले पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका सन्दर्भमा भोगेका विभेदको दायरा घटाउनु रहेको छ । सिकाइको अनुकूल वातावरण निर्माणका लागि संघर्षरत दुर्गमका विद्यालयहरूको अवस्था २०७२ सालमा आएको भूकम्पले झन् दयनीय बनाइदिएको छ । त्यसैले पुराना तथा नयाँ विद्यालयहरूको भौतिक संरचनाहरूको सुदृढीकरण गरेर सबै बालबालिकाहरूका लागि सिकाइका सुरक्षित वातावरण सुनिश्चित गर्नु अहिलेको प्रमुख आवश्यकता भएको छ । नेपाल जस्तो बहुआयामिक प्राकृतिक प्रकोपको जोखिमयुक्त अवस्थितिमा बालबालिका तथा शिक्षकहरूलाई सुरक्षित राख्नका लागि पनि विद्यालय भवनहरूको भौतिक सुरक्षाका अतिरिक्त जोखिम व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी सीपको विकास पनि त्यत्तिकै आवश्यक छ । यस अर्थमा शिक्षा क्षेत्रमा विद्यालय सुरक्षा र विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्दै भूकम्प प्रभावित जिल्लाका विद्यालय र समुदायका निमित्त संयुक्त समन्वयात्मक पुनर्निर्माण संरचना स्थापित गर्नु विद्यालय क्षेत्र विकास योजनाको प्रमुख कार्यभार हुन आएको छ ।

**धनमाया बि.क. (खनाल)**
राज्य मन्त्री

# प्राक्कथन

२०७२ सालको भूकम्पका कारण ध्वस्त भएका कैयौं विद्यालयहरू पुनर्निर्माणको प्रयत्न गरिरहेको परिप्रेक्ष्य र विश्व समुदाय सहस्राब्दी विकास लक्ष्यको यात्रा पार गर्दै दिगो विकास लक्ष्य हासिल गर्नतर्फ अग्रसर भइरहेको वर्तमान अवस्थामा विद्यालय क्षेत्र विकास योजनाको निर्माण गरिएको छ। सहभागितामूलक एवम् समावेशी पद्धतिबाट सरोकारवाला तथा लाभान्वितवर्गसँग गहन छलफल तथा परामर्श र सहमति निर्माण गरी विद्यालय क्षेत्र विकास योजनाको विकास गरिएको हो। वास्तवमा बलियो प्रमाणको जगमा विद्यालय क्षेत्र विकास योजनाको विकास गरिएको छ।

यस योजनाले मुलुकको विविधतायुक्त परिवेश तथा आवश्यकता अनुकूल शिक्षाको पहुँच तथा गुणस्तरीयतालाई सुदृढ गरी वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसितबाट स्तरोन्नति गर्ने राष्ट्रिय अपेक्षालाई साकार गराउने गरी पाँच वर्षे कार्यक्रम लक्षित गरेको छ। यसका लागि शिक्षा क्षेत्रको संस्थागत क्षमतामा सुधार गर्नु एउटा प्रमुख रणनीति हुन आउँदछ। साथै संघीय संरचनाले स्थानीय तहमा प्रतिबद्ध तथा सीपयुक्त शिक्षक, सुरक्षित विद्यालय तथा उत्तरदायी र कार्य सम्पादनमा आधारित व्यवस्थापन प्रतिको जिम्मेवारी अझ बढाउने समेत अपेक्षा गरिएको छ।

विद्यालय क्षेत्र विकास योजनाले संविधानद्वारा प्रत्याभूत सबै बालबालिकालाई आधारभूत शिक्षा पूरा गर्ने र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। हालका वर्षहरूमा हासिल गरिएका प्रगतिको फलस्वरूप मुलुकको योजना निर्माण तथा अनुगमन प्रणालीको सुदृढीकरण, सिकाइ उपलब्धिको राष्ट्रिय मूल्यांकन प्रणाली स्थापना तथा शिक्षक वितरण एवम् सार्वजनिक आर्थिक व्यवस्थापनमा सुधार भएका छन्।

दिगो विकासको लक्ष्य प्राप्त गर्ने नेपालको प्रतिबद्धताका सन्दर्भमा शिक्षा साधन र साध्य दुबै हो। यो निर्धारित लक्ष्य हासिल गर्नका लागि नागरिकमा हुनुपर्ने सीप र क्षमता विकासको साधन पनि हो र सबैलाई समतामूलक र समावेशी तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्न आफैंमा साध्य पनि हो। त्यसकारण विगतमा शिक्षा क्षेत्रका योजनाबाट हासिल गरिएका पहुँच, टिकाउपना तथा सिकाइ उपलब्धिकै जगमा विद्यालय क्षेत्र विकास योजनाको तर्जुमा गरिएको छ।

माध्यमिक शिक्षामा उमेर समूहअनुरूप गुणस्तरको निर्धारण, स्वध्ययन सामग्रीको विकास तथा समयमै पाठ्यपुस्तक वितरण सुनिश्चित गर्ने संयन्त्रको विकास लगायत विद्यालय क्षेत्र सुधार कार्यक्रमले सम्पन्न गर्न बाँकी कार्यभार पूरा गर्ने जिम्मेवारी पनि विद्यालय क्षेत्र विकास योजनाको काँधमा आइपरेको छ। विद्यालय क्षेत्र विकास योजनाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी विद्यालय व्यवस्थापन तथा निर्णय प्रक्रिया प्रभावकारी बनाउने र विद्यालय सुधार योजना कार्यान्वयनमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

अन्त्यमा, विपत् पछिको चुनौतीपूर्ण परिवेशमा पनि गुणस्तरमा कुनै सम्झौता नगरी निर्धारित समयभित्रै योजना निर्माण सम्पन्न गर्नुहुने सबै सहकर्मी मित्रहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

**शान्तबहादुर श्रेष्ठ**
सचिव

# कार्यकारी सारांश

## विद्यालय क्षेत्र विकास योजना

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो । यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाईदेखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको छ । योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको छ । वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय दूरदृष्टिलाई आत्मसात् गर्दै शिक्षा मन्त्रालयको नेतृत्वमा सहभागितामूलक पद्धतिबाट यस योजनाको तर्जुमा गरिएको हो । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको छ । साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९-२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन् ।

## दूरदृष्टि

राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुर्‍याउनु ।

## अभियान

नेपाललाई वि.सं. २०७९ (सन् २०२२) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्ति उत्पादन गर्नु ।

## लक्ष्य

मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता, गणितीय सीप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका निरन्तर एवम् समावेशी प्रयत्नमार्फत मुलुकको सामाजिक-आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउनु ।

विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य तथा उद्देश्यहरू हासिल गर्नका लागि विद्यालय शिक्षाका प्रमुख आयामभित्र लक्षित नतिजाका क्षेत्र मार्फत विद्यालय शिक्षाको सुदृढीकरण गर्न परिवर्तनका सिद्धान्तमा आधारित देहाय बमोजिमका आयामहरू निर्धारण गरेको छः

**समता:** पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले शिक्षा प्रणालीमा पछाडि परेका समुदाय विशेष गरी समूह-समूहका बीचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्नु ।

**गुणस्तर**ः सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण-सिकाइ सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्यांकन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु ।

**सक्षमता**ः समग्रतामा सिकाइ वातावरण तथा शिक्षण-सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय सक्षमताको सुदृढीकरणबाट विद्यालय क्षेत्रलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउनु ।

**सुशासन तथा व्यवस्थापन**ः पहिचान भएका आवश्यकता तथा संघीय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्दै संघीय, प्रान्तीय एवम् स्थानीय तह बीच लागत साझेदारीको अवधारणा अनुरूप दिगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गर्नु ।

**उत्थानशीलता**ः विद्यालयहरूलाई द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्न विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्दता अभिवृद्धि गरी बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्नु ।

नेपालको संविधानले सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गर्ने र निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने प्रत्याभूत गरेको सन्दर्भमा शिक्षा क्षेत्रको व्यवस्थापन एवम् सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम् परिमार्जन आवश्यक छ । संविधानले स्थानीय निकायहरूको अधिकार वृद्धि गरेको हुँदा विद्यालय व्यवस्थापन समितिको भूमिकामा पुनर्विचार आवश्यक भएको छ । शिक्षा ऐनको आठौँ संशोधनले संरचनात्मक तथा कार्यमूलक सुधारलाई बल पुऱ्याएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रस्थान बिन्दु मानी यस कार्यक्रमबाट प्राप्त उपलब्धिको जगेर्ना गर्दै विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तर अभिवृद्धि र पहुँचको विस्तारलाई निरन्तरता दिने लक्ष्य लिएको छ । यस योजनाले दुर्गम क्षेत्रका आर्थिक-सामाजिक रूपले पिछडिएका समुदाय एवम् अपांगता भएका बालबालिकाबीच विद्यमान पहुँचको असमानता हटाउन जोड दिएको छ ।

विद्यालय क्षेत्र विकास योजनाले दुई प्रकारका मुख्य चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । एकातर्फ २०७२ सालको भूकम्पले विद्यालयको सुरक्षाका सम्बन्धमा सिकाएका पाठ एवम् विपत् जोखिम न्यूनीकरणको आवश्यकतालाई आत्मसात् गर्दै नयाँ निर्माण तथा क्षतिग्रस्त भवनहरूको मर्मत-सम्भार गर्नुपर्ने छ भने अर्कातर्फ मुलुकको संघीय स्वरूपको आवश्यकता अनुरूप शिक्षा प्रणालीमा सुधार एवम् परिमार्जन गर्नुपर्ने छ । तर सुधारको स्वरूप भने विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको एक वर्षपछि मात्र स्पष्ट हुने छ । यी सुधारका कार्यक्रमहरू सरकारको प्राथमिकतामा रहने छन् । यस योजनाले शैक्षिक सेवा व्यवस्थापनमा संघीयताको संक्रमणकालीन अवस्थालाई समेत आँकलन गरेको छ ।

## विद्यालय क्षेत्र विकास योजनाका मुख्य अवयवहरू

विद्यालय क्षेत्र विकास योजनाले अनौपचारिक शिक्षा, आधारभूत शिक्षा लगायत समग्र विद्यालय शिक्षा क्षेत्रलाई समेटेको छ । यस योजनाले एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म आधारभूत शिक्षा तथा कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षाभित्र समेटेको छ ।

आधारभूत शिक्षाको उद्देश्य ४ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम् गुणस्तरीय आधारभूत शिक्षामा पहुँच सुनिश्चित गरी तिनको शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक, तथा नैतिक क्षमताको विकास गराउनु, अपेक्षित सिकाइ उपलब्धि हासिल गरिसकेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउनु र तिनलाई जीवनोपयोगी सीप एवम् मूल्यमा आधारित शिक्षा प्रदान गर्नुका साथै मुलुकको राष्ट्रिय

अर्थतन्त्र तथा सन्तुलित सामाजिक-सांस्कृतिक विविधताबारे परिचित गराउनु रहेको छ । विद्यालय प्रवेशका लागि पूर्वतयारी सुनिश्चित गर्ने सम्बन्धमा विद्यालय क्षेत्र विकास योजनाले १ वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षा चक्रको अभिन्न अंग बनाएको छ । योजना अवधिमा सामाजिक तथा आर्थिक रूपले पछाडि परेका समुदायका बालबालिकाको विद्यालय सहभागितामा अभिवृद्धिका लागि उपयुक्त कार्यक्रमहरू कार्यान्वयन गरिने छन् । यसका अतिरिक्त प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई विद्यालयको संरचनाभित्र ल्याई त्यसमा न्यूनतम स्तर सुनिश्चित गराइने छ । अपांगता तथा अन्य सिकाइ कठिनाइ भएका बालबालिकाहरूको शैक्षिक स्तर वृद्धिका लागि संस्थागत सहयोगको आवश्यकता पर्ने हुँदा शिक्षा र स्वास्थ्य मन्त्रालय बीच आपसी समन्वय कायम गरिने छ । शुरू अवस्थामै तिनको अपांगता वा सिकाइ कठिनाइको अवस्था पहिचान गरी विशेष तथा आवश्यकता अनुरूप निर्माण गरिएका शैक्षिक कार्यक्रमहरू कार्यान्वयन गरिने छन् ।

अनौपचारिक शिक्षा अन्तर्गत सञ्चालित लचिला कार्यक्रमका माध्यमबाट विद्यालय बाहिर रहेका बालबालिका तथा विद्यालय जान नपाएका युवाहरूलाई पुनः औपचारिक शिक्षामा ल्याई आधारभूत शिक्षाका वैकल्पिक अवसर प्रदान गर्न सकिने भएकाले अनौपचारिक शिक्षालाई आधारभूत शिक्षाको दायरामा ल्याइने छ । तर पहुँचमा देखापर्ने विषमताको सफल सम्बोधन महत्त्वपूर्ण भएकाले आधारभूत शिक्षामा गुणस्तरीयता कायम गर्नु यस योजनाको प्राथमिकतामा परेको छ । यसका लागि योजनाले विद्यार्थीको सिकाइमा सहयोग पुर्‍याउन अनुकूल वातावरण, न्यूनतम पूर्वाधार एवम् अनौपचारिक शिक्षाको गुणस्तरीयता र पहुँचको प्रवर्धनमा जोड दिनुका साथै विद्यार्थीका लागि दौँतरी सहयोगको प्रावधान समेत स्थापित गराउने छ । यसबाट सिकाइ वातावरणको गुणस्तर अभिवृद्धि हुने अपेक्षा लिइएको छ । बालबालिकाका लागि सुविधायुक्त भौतिक संरचना तथा भयरहित, सौहार्दपूर्ण एवम् बालमैत्री वातावरणको आवश्यकता पर्दछ । आवश्यक न्यूनतम पूर्वाधार भन्नाले सिकाइका लागि चाहिने न्यूनतम सर्त पूरा भएका आधारभूत विद्यालय, मातृभाषालाई शिक्षणको भाषाका रूपमा प्रयोग गर्ने सक्षम शिक्षक एवम् सहयोगी सामग्रीको उपलब्धता, विद्यार्थीको क्षमताको विश्वसनीय परीक्षणको प्रावधान र भिन्न क्षमता भएका विद्यार्थीका आवश्यकताको सम्बोधनका लागि पाठ्यक्रमको निरन्तर पुनरावलोकन तथा परिमार्जनको व्यवस्था समेतलाई जनाउँछ ।

माध्यमिक शिक्षामा साधारण तथा प्राविधिक धार र अन्य वैकल्पिक मार्गहरूको प्रमाणीकृत गुणस्तरयुक्त शिक्षाका अवसरमा सबैको पहुँच सुनिश्चित गर्नु, संस्थागत सञ्जाल सुदृढ गरी विद्यार्थीलाई उच्च शिक्षामा प्रवेशका लागि तयार पार्नु, विद्यार्थीलाई नागरिक दायित्व पूरा गर्न सक्षम बनाउनु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाबाट विद्यार्थीहरूले आधारभूत सीप प्राप्त गरेका छन् भन्ने तथ्य सुनिश्चित गर्नु र अन्ततोगत्वा मुलुकका लागि सीपयुक्त जनशक्तिको विकास गरी युवा समुदायलाई कामको संसारमा प्रवेशका लागि तयारी गराउनु माध्यमिक शिक्षाको उद्देश्य रहेको छ ।

यस उद्देश्यका लागि योजनाले माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरीयताको अभिवृद्धिमा जोड दिएको छ जसअन्तर्गत माध्यमिक विद्यालयमा अनुकूल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार पूरा गराउन र विद्यालयहरूबीच रहेका असमानता हटाउन लक्षित कार्यक्रमहरूमा जोड दिएको छ । यसका अतिरिक्त योजनाले सैद्धान्तिकबाट प्रयोगात्मक शिक्षातर्फ स्थानान्तरित हुन सघाउ पुर्‍याउने खालका वैकल्पिक उपायहरू अवलम्बन गरेको छ । गणित तथा विज्ञान जस्ता विषयहरूको पठनपाठनका लागि विज्ञ शिक्षकहरूको उपलब्धतामा पनि पर्याप्त ध्यान दिइएको छ । शिक्षाका विभिन्न धारबीच उपयुक्त तालमेल कायम राख्नका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको नियमित सुधारको आवश्यकताका साथै व्यवस्थापकीय सीप भएको प्रधानाध्यापकको नियुक्ति अर्को महत्त्वपूर्ण पक्ष हो । यस विषयलाई पनि योजनाले प्राथमिकतामा राखेको छ । विद्यालय क्षेत्र विकास योजनाले उच्च तथा सम्मानजनक आयआर्जन गर्न सक्ने योग्य प्राविधिक तथा मानवीय संसाधनको विकास हुन सकोस् भन्ने उद्देश्यले माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक विद्यालयहरूको सुदृढीकरणमा पनि त्यत्तिकै जोड दिइने छ । यसका लागि व्यावसायिक शिक्षा प्रदान गर्ने संस्थाहरूको प्रमाणीकरणका लागि बृहत् राष्ट्रिय व्यावसायिक

योग्यता प्रारूपको विकास समेत गरिने छ । माध्यमिक तह कक्षा ९ देखि १२ मा प्राविधिक तथा व्यावसायिक शिक्षाको एकीकृत पाठ्यक्रमको विकास गरिने छ । प्राविधिक शिक्षा अध्यापन गराउने शिक्षकहरूको क्षमता विकास गरी शिक्षा मन्त्रालयले पनि न्यून आय समूहका विद्यार्थीका लागि अवसरको सिर्जना गर्नमा लगानी गर्ने छ । विद्यालय क्षेत्र विकास योजना प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासको सफलता र दिगोपनाका लागि निजी क्षेत्रसँग रणनीतिक साझेदारीको आवश्यकता छ भन्ने तथ्यमा विश्वास राख्दछ ।

साक्षरता तथा जीवनपर्यन्त सिकाइको उद्देश्य युवा तथा प्रौढहरू बीच कार्यमूलक साक्षरताको अभिवृद्धि गर्ने तथा पढ्ने र सिक्ने बानीको विकास गर्नु हो । न्यूनस्तरको सीप भएका कामदारहरू प्रशस्त रहेको तथा उच्च शिक्षा र श्रम बजार बीच खुकुलो सम्बन्ध भएको नेपाल जस्तो मुलुकमा साक्षरता तथा जीवनपर्यन्त सिकाइको ठूलो महत्त्व छ । हाल महिला केन्द्रित आधारभूत साक्षरता, साक्षरोत्तर शिक्षा तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । साक्षरता तथा जीवनपर्यन्त शिक्षा सामुदायिक सिकाइ केन्द्रहरू मार्फत सञ्चालन हुने गरेका छन् ।

माथि उल्लेख गरिएका उप क्षेत्रहरू बाहेक विद्यालय क्षेत्र विकास योजनाले देहाय अनुसारका अन्तरसम्बन्धित विषयहरूमा ध्यान दिइएको छः

**शिक्षकको पेसागत विकास तथा व्यवस्थापनः** विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्तका प्रमुख तत्त्वमा आवश्यकतामा आधारित र गुणस्तरीय पेसागत विकास कार्यक्रम तथा कार्य सम्पादनमा आधारित शिक्षक व्यवस्थापन समेत पर्दछ । शिक्षक तलबलाई गुणात्मक शिक्षाको प्रमुख स्रोत मानेर योजनाले कुल बजेटको करिब ७० प्रतिशत शिक्षक तलबमा छुट्याएको छ । त्यसकारण शिक्षकको पेसागत विकाससम्बद्ध संस्थाहरूबाट विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रमको स्वामित्व ग्रहणको ठूलो महत्त्व रहन्छ । अझ आगामी दिनमा संघीय स्वरूपमा शिक्षा क्षेत्रको विकेन्द्रीकरण भएपछि शिक्षक पेसागत विकास तथा व्यवस्थापन कार्यक्रमका स्वरूपमा परिमार्जन गर्न आवश्यक रहेको सन्दर्भमा यसको महत्त्व झन् बढेको छ ।

**सञ्चालन तथा व्यवस्थापनः** मुलुकमा संघीयता कार्यान्वयन भएपछि शैक्षिक योजना निर्माण, व्यवस्थापन तथा बजेट निर्माणका सन्दर्भमा स्थानीय, प्रान्तीय तथा संघीय तहका काम कर्तव्य तथा उत्तरदायित्व पुनरावलोकन गनुपर्ने हुन्छ । अतः विद्यालय क्षेत्र विकास योजनाको प्रारम्भिक चरणमा संस्थागत पुनर्संरचनाको व्यवस्था तथा सुधारका खाकाहरूको निरूपण गरिने छ । यस योजनाले विद्यालय तहमा स्रोतको व्यवस्थापन र कार्य सम्पादनमा आधारित व्यवस्थापन पद्धतिको सुरुआत गर्ने छ । शैक्षिक उपलब्धि, विद्यालय सञ्चालन तथा उपलब्ध सुविधाजस्ता थुप्रै सूचकहरूको विकास तथा कार्यान्वयनका आधारमा सामुदायिक विद्यालयहरूको वर्गीकरण गर्ने पद्धति बसालिने छ ।

**संस्थागत क्षमताको विकासः** विद्यालय क्षेत्र विकास योजना प्रारम्भ भएको १ देखि ३ वर्षका बीचमा संघीयता लागु हुने र ३ देखि ५ वर्षको अवधिमा संस्थागत हुने अपेक्षा गरिएको छ । अतः विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको प्रथम वर्षमा यसका वित्तीय स्वरूप एवम् व्यवस्थापनका साथै मानवीय एवम् संस्थागत क्षमता विकासका व्यवस्थामा आवश्यक परिवर्तनको तयारी गरिसक्नुपर्ने हुन्छ । विद्यालयका कार्य सम्पादन क्षमताको अभिवृद्धिका लागि स्थानीय तह, नगरपालिका, शिक्षक अभिभावक संघ तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास गर्नुपर्ने हुन्छ ।

**अनुगमन तथा मूल्यांकनः** कार्यक्रम कार्यान्वयनबाट योजनाले अपेक्षा गरेका नतिजाहरू हासिल भए नभएको निरूपण गर्नु नै विद्यालय क्षेत्र विकास योजनाको अनुगमनको मुख्य प्रयोजन हो । सबै उपक्षेत्र तथा अन्तरसम्बन्धित क्षेत्रका प्रगति मापनका लागि उपयुक्त सूचकको तालिका तयार पारिने छ । शिक्षा मन्त्रालय र योजनाका विकास साझेदारहरूले वार्षिक रूपमा कार्यक्रमको संयुक्त समीक्षा गर्ने छन् र योजना कार्यान्वयनको बीचका अवधिमा बाह्य मूल्यांकनकर्ताबाट मध्यावधिक मूल्यांकन समेत गराइने छ ।

**परीक्षा तथा मूल्यांकनः** विद्यालय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिलाई बढोत्तरी गर्दै विद्यालय क्षेत्र विकास योजनाले निर्णयात्मक तथा निर्माणात्मक दुबै खालका परीक्षाहरूलाई विषय केन्द्रित भन्दा सीप तथा सिकारू केन्द्रित गराउन जोड दिने छ । योजनाले शिक्षकहरूलाई निर्णयात्मक तथा निर्माणात्मक परीक्षाको उपयोगबाट शिक्षकहरूको कक्षा शिक्षण सिकाइमा र अन्ततोगत्वा सिकाइ उपलब्धिमा कसरी सुधार ल्याउन सकिन्छ भन्ने बुझाउन विशेष ध्यान दिने छ । यस प्रयोजनका लागि पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षाबीच उच्च संयोजनका साथै सिकाइको मूल्यांकन भन्ने मान्यताबाट सिकाइका लागि मूल्यांकन भन्ने मान्यतातर्फ उन्मुख हुनुपर्ने आवश्यकता छ ।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिः** मुलुकको विकास तथा विश्वव्यापी समुदायसँग नेपालको समायोजनका लागि आवश्यक ज्ञान तथा सीपयुक्त नागरिक तयार पार्नु नै शिक्षाको दीर्घकालीन उद्देश्य हो । यो उद्देश्य प्राप्तिका लागि नेपाल सरकार सबैका लागि गुणस्तरीय आधारभूत शिक्षामा पहुँच र शिक्षा अनुकूल रोजगारीको बजार निर्माण गर्ने कार्यदिशामा कार्यरत छ । जीवनका सबै पक्षमा सूचना तथा सञ्चार प्रविधिको भूमिकाको विस्तारलाई दृष्टिगत गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी ज्ञान आवश्यक छ भन्ने कुरामा शिक्षा मन्त्रालय दृढ रहेको छ ।

**विपत् जोखिम न्यूनीकरण र पुनर्लाभः** विद्यालय क्षेत्र विकास योजना अन्तर्गत विपत् जोखिम न्यूनीकरणको जोड मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत-सम्भार र भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रित रहेको छ । सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षा ढाँचाको तीन खम्बालाई समेटेको छ –(१) सुरक्षित पूर्वाधार (२) विपत् जोखिम व्यवस्थापनको सुदृढीकरण र (३) सरोकारवाला तथा समुदायको उत्थानशीलताको सुदृढीकरण । विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि सबै विद्यालयमा विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । यस्ता कार्यक्रमले समुदाय बीच विपत् व्यवस्थापन तथा उत्थानशीलतालाई सुदृढ बनाउँछ ।

**स्वास्थ्य र पोषणः** विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाको सिकाइ उपलब्धिमा सकारात्मक प्रभावका लागि बाल विकासको चौतर्फी पक्षमा जोड दिएको छ । यसैकारण यस योजनाले विद्यालयमा स्वास्थ्य तथा पोषण सेवाको वृद्धि गर्ने लक्ष्य लिएको छ । यसले जुका नियन्त्रण, पोषण तत्त्वको परिपूरण गर्ने तथा औलो उन्मुलन एवम् दृष्टि तथा श्रवण परीक्षण गर्ने उद्देश्य राखेको छ । यस अतिरिक्त विद्यालय क्षेत्र विकास योजनाले सबै विद्यालयमा विद्यार्थी मैत्री वातावरण, छात्रछात्रा, अपांगता भएका विद्यार्थी तथा शिक्षकका लागि खानेपानी तथा सरसफाइ तथा शौचालयका प्रावधान सुनिश्चित गरेको छ । योजनाबाट किशोरीको सहभागिता बढाउन तथा बीचैमा पढाइ छाड्ने प्रवृत्ति घटाउन तथा सिकाइ उपलब्धि बढाउन उनीहरूको गोपनीयता तथा महिनावारी सम्बन्धी आवश्यकतालाई सम्बोधन गरिने छ । समग्रमा, विद्यालय क्षेत्र विकास योजनाले एचआईभी/एड्सको रोकथाम, स्वास्थ्य तथा सरसफाइ, र पोषण लगायतका सीपमा आधारित स्वास्थ्य शिक्षा मार्फत आफ्ना विद्यार्थीहरूमा स्वास्थ्य व्यवहारको विकास गराउने उद्देश्य राखेको छ । यसरी विकास गरिएका ज्ञान, सीप तथा अभिवृत्तिले बालबालिकालाई विद्यालयबाट वास्तविक जीवनमा प्रवेश गरेपछि पनि लामो समयसम्म स्वस्थ र सुरक्षित जीवनयापन गर्न मद्दत गर्छ ।

**विद्यालय क्षेत्र विकास कार्यक्रमः** संविधान अनुसार संघीय तथा प्रान्तीय सरकार गठन जस्ता राज्य पुनर्संरचनाका ठूला परिवर्तन र हालै संशोधित शिक्षा ऐन तथा नियमावली अनुसार विद्यालयहरूको संगठनमा व्यापक परिवर्तनका अपेक्षा भइरहेका अवस्थामा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन हुनेछ । पुनर्संरचनाका कार्यक्रमको सहजीकरणका लागि आवश्यक तयारीको थालनी भइसकेको भए पनि शिक्षा मन्त्रालय तथा यस मातहतका अन्य केन्द्रीय निकायहरूका संरचनामा गरिने मुख्य परिमार्जन भने योजना कार्यान्वयन प्रारम्भ भएको ३ वर्षपछि मात्र कार्यान्वयनमा आउने छ । यस योजनाको सञ्चालन तथा व्यवस्थापनका लागि दुईमुखे रणनीतिको अवलम्बन गरिने छ – (१) संघीय स्वरूपका आवश्यकताअनुसार शिक्षा मन्त्रालयमा गरिने परिमार्जनको मार्ग चित्र निर्माण र (२) सुधारिएका कार्यक्रम व्यवस्थापन, प्राविधिक सुपरिवेक्षण तथा उचित समन्वयद्वारा योजना कार्यान्वयनको विद्यमान व्यवस्थाको सुदृढीकरण ।

**विद्यालय क्षेत्र विकास कार्यक्रमको खर्च:** वि.सं. २०७३/७४ देखि २०७९/८० (सन् २०१६/१७ देखि २०२२/२३) सम्मको सातवर्षे अवधिमा विद्यालय क्षेत्र विकास योजनाको कुल खर्च १०.५८ बिलियन (अर्ब) अमेरिकी डलर (निर्माण कार्य बाहेक) हुने छ । यसमध्ये पाँचवर्षे विद्यालय क्षेत्र विकास योजना कार्यक्रममा (वि.सं. २०७३ देखि २०७७) ६.४६ बिलियन र वि.सं. २०७३ देखि २०७५ सम्मका प्रारम्भिक ३ वर्षमा ३.३३ बिलियन अमेरिकी डलर खर्च हुने अपेक्षा गरिएको छ । यसभित्र चालु खर्च तथा विद्यालय क्षेत्र विकास कार्यक्रमका लागि आवश्यक रकम दुबै समेटिएका छन् । कार्यक्रमको पहिलो ३ र ५ वर्षमा पूँजीगत खर्चको प्रतिशत ९.१ रहने छ र त्यसपश्चात् यसमा थोरै कमी आउने छ । यसमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यढाँचा अनुसार कार्यान्वयन गरिने विपत् जोखिम न्यूनीकरण कार्यक्रमको लागत समावेश गरिएको छैन । कार्यान्वयनका तीनै चरणका लागि आवश्यक पर्ने विपत् जोखिम न्यूनीकरणका लागि उपलब्ध स्रोतको आयतनले पुग्ने छैन । तथापि विपत् जोखिम न्यूनीकरणका लागि अनुमान गरिएको रकमको लगभग ७० प्रतिशत भने विद्यालय क्षेत्र विकास योजनाका लागतको प्रस्तुत आँकलनमा समेटिएको छ । विपत् जोखिम न्यूनीकरणका लागि गरिने सबै खाले खर्चले विद्यालय क्षेत्र विकास योजनाका अपेक्षित नतिजा हासिल गर्न सघाउने भए पनि त्यस बापतका लागतको विनियोजन शिक्षा मन्त्रालय भन्दा बाहिर पर्ने छन् । विद्यालय क्षेत्र विकास योजनाको बजेटले पहिलो पाँच वर्षसम्मको लागत व्यहोर्ने छ । विद्यालय क्षेत्र विकास योजनाको बजेटको अधिकांश हिस्सा आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म) मा खर्च हुने छ र बाँकी माध्यमिक शिक्षा (कक्षा ९–१२) मा जाने छ । तथापि साबिकको विद्यालय क्षेत्र सुधार कार्यक्रम भन्दा यस योजनामा माध्यमिक शिक्षामा थप कार्यक्रम राखिएकाले केही बढी विनियोजन गरिएको हुँदा माध्यमिक शिक्षाको हिस्सामा कुल बजेटको २५.४ प्रतिशत रहने छ ।

# विषयसूची


| | | |
|---|---|---|
| सन्देश | | क |
| सन्देश | | ख |
| प्राक्कथन | | ग |
| कार्यकारी सारांश | | घ |
| १. | पृष्ठभूमि र परिवेश | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | मुलुकको परिवेश | ३ |
| १.३ | प्रमुख मुद्दा तथा चुनौतीहरू | ९ |
| १.४ | विद्यालय क्षेत्र विकास योजनाको वित्तीय व्यवस्था | १५ |
| १.५ | अवसरहरू | १५ |
| २. | दूरदृष्टि | १७ |
| २.१ | विद्यालय क्षेत्र विकास योजनाको दूरदृष्टि | १७ |
| २.२ | विद्यालय क्षेत्र विकास योजनाको अभियान, लक्ष्य, प्रयोजन र उद्देश्य | १७ |
| २.३ | नीतिगत कार्यढाँचा | १८ |
| २.४ | विद्यालय क्षेत्र विकास योजनाका कार्य सम्पादन सूचकहरू | १९ |
| ३. | विद्यालय क्षेत्र विकास योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त | २२ |
| ३.१ | परिवर्तनको आवश्यकता | २२ |
| ३.२ | परिवर्तनका लागि विद्यालय क्षेत्र विकास योजनाको रणनीतिक प्राथमिकता क्षेत्र | २४ |
| ४. | आधारभूत शिक्षा | ३८ |
| ४.१ | परिचय | ३८ |
| ४.२ | उद्देश्य तथा रणनीति | ४० |
| ४.३ | उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम | ४५ |
| ५. | माध्यमिक शिक्षा | ४८ |
| ५.१ | परिचय | ४८ |
| ५.२ | उद्देश्य तथा रणनीति | ४९ |
| ५.३ | उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम | ५१ |
| ६. | साक्षरता तथा जीवनपर्यन्त सिकाइ | ५४ |
| ६.१ | परिचय | ५४ |
| ६.२ | उद्देश्य तथा रणनीति | ५४ |
| ६.३ | उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम | ५५ |
| ७. | अन्तर सम्बन्धित विषयहरू | ५६ |
| ७.१ | शिक्षक व्यवस्थापन र पेसागत विकास | ५६ |

| | | |
|---|---|---|
| ७.२ | विद्यालय सञ्चालन र व्यवस्थापन | ५९ |
| ७.३ | संस्थागत क्षमता विकास | ६० |
| ७.४ | विपत्का जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा | ६२ |
| ७.५ | अनुगमन तथा मूल्यांकन | ६५ |
| ७.६ | परीक्षा तथा प्रमाणीकरण | ६९ |
| ७.७ | शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ७० |
| ७.८ | विद्यालयमा स्वास्थ्य तथा पोषण | ७२ |
| ८. | कार्यक्रम विवरण | ७५ |
| ८.१ | आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा तथा अनौपचारिक शिक्षा सहित) | ७५ |
| ८.२ | प्राविधिक तथा व्यावसायिक सहित माध्यमिक शिक्षा | ८१ |
| ८.३ | साक्षरता र जीवनपर्यन्त सिकाइ | ८६ |
| ८.४ | शिक्षकको पेसागत क्षमता विकास र व्यवस्थापन | ८८ |
| ८.५ | विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा | ९२ |
| ९. | सुशासन, व्यवस्थापन तथा कार्यान्वयन | ९७ |
| ९.१ | सुशासन व्यवस्थापन | ९७ |
| ९.२ | विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन व्यवस्था | ९७ |
| ९.३ | अनुगमन, मूल्यांकन तथा प्रतिवेदन | १०२ |
| ९.४ | वित्तीय व्यवस्थापन | १०७ |
| १०. | वित्तीय व्यवस्था | ११० |
| १०.१ | परिचय | ११० |
| १०.२ | उद्देश्य, नीति निर्देश तथा रणनीतिहरू | ११० |
| १०.३ | शिक्षा खर्च | १११ |
| ११. | क्षमता तथा संस्थागत विकास | ११८ |
| ११.१ | कार्यक्रम विवरण | ११८ |
| ११.२ | विद्यालय क्षेत्र विकास योजनाका लागि प्राविधिक सहायता, समन्वय, व्यवस्थापन र आवश्यकता | १२१ |
| | सन्दर्भ सूची | १२३ |
| अनुसूची १: | नेपालमा विद्यालय शिक्षा क्षेत्रका संस्थाहरू | १२७ |
| अनुसूची २: | विद्यालय क्षेत्र विकास योजना कार्यक्रम तथा नतिजा तालिका | १२९ |
| अनुसूची ३: | विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्तको नमुना (SSDP Theory of Change Model) | १५२ |
| अनुसूची ४: | शिक्षाको भाषाको रणनीतिक ढाँचा | १५४ |
| अनुसूची ५: | नेपालमा विद्यालय क्षेत्रका निमित्त सुदृढ समता रणनीति | १५८ |
| अनुसूची ६: | विपत् पश्चात्को पुनर्लाभको कार्यढाँचा शिक्षा क्षेत्रको कार्य योजना | १७० |
| परिशिष्ट ६.१: | प्रतिबद्ध स्रोतका साथ पुनर्लाभ परियोजना | १८३ |
| परिशिष्ट ६.२: | प्रभावित ३१ जिल्लामा पुनर्लाभका लागि प्रक्षेपित वार्षिक लागत | १८५ |

# १. पृष्ठभूमि र परिवेश

## १.१ पृष्ठभूमिः

नेपाल राजनीतिक, सामाजिक तथा शैक्षिक रूपान्तरणतर्फ उन्मुख भइरहेको छ । सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षा कार्यक्रम अवधि पूरा भएर दिगो विकास लक्ष्यका नयाँ कार्यपद्धति परिभाषित भइसकेको वर्तमान परिप्रेक्ष्यमा मुलुकले नेपालको संविधान अनुसार आगामी दिनहरूमा संघीयता लगायतका महत्त्वपूर्ण सुधार तथा पुनर्संरचना गर्नुपर्ने अवस्था रहेको छ । यस परिप्रेक्ष्यमा दिगो विकास लक्ष्यले निर्धारण गरेका नतिजा हासिल गर्नका लागि विगतका उपलब्धिहरूको संरक्षण गर्दै सबैका लागि न्यूनतम गुणस्तरयुक्त शिक्षामा पहुँच सुनिश्चित गर्ने तथा मुलुकमा विद्यमान विविधताका आकांक्षा एवम् आवश्यकता अनुकूल सुदृढ शिक्षा प्रणालीको अहम् महत्त्व रहन गएको छ ।

विगतमा नेपाल सरकारले सन् २००९ जुलाईदेखि २०१६ जुलाईसम्म विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयन गरेको थियो (शिक्षा मन्त्रालय, २००९a) । सन् २००९ देखि २०१४ सम्मको विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पश्चात् दुई वर्ष थप गरी २०१६ सम्म सञ्चालन गरिएको थियो ।

त्यसै क्रमलाई निरन्तरता प्रदान गर्दै नेपाल सरकारले आगामी ७ वर्षका लागि विद्यालय क्षेत्र विकास योजना अगाडि ल्याएको छ । वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसित राष्ट्रबाट विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गरी वि.सं. २०८७ सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा पुग्ने दूरदृष्टि (NPC 2014; NPC 2015a; NPC 2016) मा केन्द्रित रहेर जुलाई २०१६ देखि जुलाई २०२३ (वि.स. २०७३ देखि २०८०) सम्मका लागि यो योजना अगाडि ल्याइएको हो । यस दस्तावेजको दोस्रो खण्डमा सन् २०१६ देखि २०२१ सम्मका लागि एउटा छुट्टै कार्यक्रम समावेश गरिएको छ ।

विद्यालय क्षेत्र विकास योजनाले सबैका लागि शिक्षा (EFA 2004-2009), माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP 2003-2008), शिक्षक शिक्षण परियोजना (TEP 2002-2007) र भर्खरै सम्पन्न विद्यालय क्षेत्र सुधार योजना (SSRP, 2009-2016) मार्फत सबैलाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारले गरेका प्रयत्नहरूलाई निरन्तरता प्रदान गर्ने लक्ष्य लिएको छ ।

विद्यालय क्षेत्र विकास योजना सन् २०१५ मा नेपाल सरकारले संयुक्त राष्ट्र संघको महासभामा प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्यका साथै विपत् पश्चात्का आवश्यकताको मूल्यांकन (Post Disaster Needs Assessment - PDNA) (NPC, 2015b; NPC, 2015c) तथा विपत् पश्चात्को पुनर्लाभ ढाँचा (Post Disaster Recovery Framework, - PDRF, NRA 2016) सँग गाँसिएको छ ।

माथि उल्लेख गरिएका क्षेत्र तथा कार्यक्रमबाट सिकिएका पाठहरूको उपयोग गर्दै पूरा हुन बाँकी कार्यभार सम्पन्न गर्दै सबैका लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइका अवसरको प्रवर्धन गर्ने दिगो विकास लक्ष्य नं ४ को लक्ष्य प्राप्तिका लागि यो योजना ल्याइएको हो ।

विश्व शिक्षा मञ्चको इन्चोन घोषणा र यसले जारी गरेको सन् २०३० सम्ममा विश्वव्यापी शिक्षाको घोषणामा (Declaration of Universal Education by 2030) नेपालले जाहेर गरेका प्रतिबद्धतासँग पनि विद्यालय क्षेत्र विकास योजना गाँसिएको छ ।

*शिक्षा समग्र विकासको र दिगो विकासका लक्ष्यले अपेक्षा गरेका नतिजा हासिल गर्ने मुख्य उत्प्रेरक हो भन्ने यथार्थलाई आत्मसात् गर्दै एउटा समग्रताको, महत्त्वाकांक्षी र प्रेरणाप्रद अनि कसैलाई पनि पछाडि नछाड्ने नयाँ दृष्टिकोण सहितका शैक्षिक एजेन्डा मार्फत जीवनको रूपान्तरण गर्नु (UNESCO, 2015) ।*

विद्यालय क्षेत्र विकास योजना दिगो विकास लक्ष्य नं ४ सँग पूर्ण आबद्ध छ । यो योजना सन् २०३० का लागि निर्धारित शिक्षाका कार्यसूची अन्तर्गतको राष्ट्रिय कार्ययोजनाको विस्तृत योजना अन्तर्गत पर्दछ । यसले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना सन् २००१-२०१५ (MoES, 2003) लाई पछ्याउँछ ।

सबैका लागि शिक्षा - राष्ट्रिय कार्ययोजना तथा विद्यालय क्षेत्र सुधार योजना जस्ता कार्यक्रमहरूको कार्यान्वयन गर्ने क्रममा थुप्रै पाठहरू सिकिएको र विविध चुनौतीहरूको सामना गरिएको थियो । त्यसैले विद्यालय क्षेत्र विकास योजनाले मुलुक र जनताका आकांक्षाको सम्बोधन गर्न कार्यान्वयन गरिएका अरू थुप्रै कार्यक्रम लगायत सबैका लागि शिक्षा तथा विद्यालय क्षेत्र सुधार योजनाको प्रतिविम्बन गर्दछ ।

साबिकका योजनाहरूबाट सिकिएका पाठको उपयोग गर्दै समावेशी तथा सहभागितामूलक पद्धतिबाट शिक्षा क्षेत्रको विश्लेषणका आधारमा विद्यालय क्षेत्र विकास योजनाको तर्जुमा गरिएको छ । सन् २०१५ को जुन महिनामा संयुक्त विषयगत कार्यदल गठन गरिएको थियो । यस कार्यदलले योजनाका लागि पृष्ठभूमि पत्रहरू तयार पार्नुका साथै सन् २०१६ मा थप ज्ञान उपलब्ध गर्न विषयगत अध्ययनहरू गरिएका थिए (MoE, 2016) । योजनाले अवलम्बन गरेका रणनीतिक प्राथमिकताको सर्व स्वीकार्यताका लागि सबै तहका सरोकारवालासँग व्यापक परामर्श गरी विद्यालय क्षेत्र विकास कार्यक्रमको दृष्टिकोण पत्र (Approach Paper) तयार पारियो । सोका आधारमा विद्यालय क्षेत्र विकास योजना तयार गरिएको हो ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम लगायत विगतका कार्यक्रमहरूले सबैका लागि शिक्षामा पहुँचका साथै गुणस्तर तथा सिकाइ उपलब्धिको वृद्धिमा जोड दिएका थिए । विद्यालय क्षेत्र विकास कार्यक्रमले सबैका लागि समतामूलक पहुँच, सहभागिता, सिकाइ उपलब्धि तथा गुणस्तरका कार्यसूचीलाई थप महत्त्वका साथ अगाडि बढाउने छ ।

नेपालको संविधानले नीति र नियमनकारी ढाँचा लगायत संरचनागत तथा कार्यमूलक सुधार सहित समग्रतामा परिमार्जित र परिष्कृत शिक्षा प्रणालीको माग राख्दछ । यसले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गर्नुका साथै संघीय, प्रान्तीय र स्थानीय तहका लागि शिक्षा र शिक्षाका अधिकारका सम्बन्धमा निर्देशक सिद्धान्त प्रतिपादन गरेको छ । शिक्षा ऐन २०२८ को आठौँ संशोधनले शैक्षिक संस्थाहरू बीच समन्वय र मेल सुनिश्चित गरेको छ साथै नयाँ संविधानको भावना अनुसार सुधार गर्नका लागि मार्गप्रशस्त गरेको छ ।

वि.सं. २०७२ सालको भूकम्पले शिक्षा क्षेत्रमा पनि नराम्ररी क्षति पुऱ्यायो । ३५,००० भन्दा बढी कक्षाकोठाहरू काम नलाग्ने गरी भत्किए भने दसौँ लाख बालबालिकाहरू सुरक्षित सिकाइ वातावरणबाट वञ्चित भए (NEC, 2015) । यसले गर्दा भूकम्प प्रभावित १४ जिल्लामा शिक्षाका क्षेत्रले हासिल गरेको प्रगतिलाई पछाडि धकेलिदियो । बालबालिकालाई अस्थायी टहराबाट सिकाइका सुरक्षित कक्षाकोठामा फर्कन जोखिम मात्र बढाएन, विद्यालय बाहिरका बालबालिकाको साबिक संख्या समेत बढाइदियो । त्यसकारण सरकारद्वारा गरिएको विपत् पश्चात्को आवश्यकताको मूल्यांकन (Post-Disaster Needs Assessment – PDNA) (NPC 2015 and 2015c) तथा विपत् पश्चात्को पुनर्लाभको ढाँचा (Post-Disaster Recovery Framework) (NRA 2016) र संयुक्त राष्ट्र संघको विपत् जोखिम न्यूनीकरण विषयमा सम्पन्न तेस्रो विश्व सम्मेलन (United Nations, 2015) ले अवलम्बन गरेको विपत् व्यवस्थापन कार्यढाँचाको अनुसरण गर्दै विद्यालय क्षेत्र विकास योजनाले पुनर्निर्माण तथा पुनर्लाभलाई प्राथमिकतामा राखेको छ ।

संक्षेपमा, विद्यालय क्षेत्र विकास योजनाले वर्तमान परिप्रेक्ष्यका शैक्षिक सुधार तथा विकासका आवश्यकताको सम्बोधन गर्दछ । मुलुकको भावी संघीय स्वरूपमा हुने रूपान्तरणले पनि शिक्षा क्षेत्रमा सुधारका आवश्यकता औँल्याएको छ । यसका लागि प्रचलित नियम तथा नियमनकारी कार्यढाँचामा व्यापक परिमार्जन आवश्यक पर्ने छ । अर्कातर्फ शिक्षामा न्यून पहुँच भएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित

गर्न सेवा प्रदायक प्रणाली तथा शिक्षाका दक्षता एवम् गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी छ । अतः विद्यालय क्षेत्र विकास योजना नेपालको संविधानको भावनाअनुरूप शिक्षा क्षेत्रको सुधार र विकासमा केन्द्रित रहेको छ ।

## १.२ मुलुकको परिवेश

भू-बनोट, मौसम, धर्म तथा जनसंख्याका दृष्टिले नेपाल विविधतापूर्ण रहेको छ । मुलुकमा तीन प्रकारका भू-बनोट रहेका छन् । दक्षिणी समतल तराईको भूमि, मध्य भागमा पहाड र उत्तरमा हिमालय पर्वत रहेका छन् । नेपालमा उष्ण मनसुनी, न्यानो समशीतोष्ण, ठण्डा समशीतोष्ण, लेकाली र टुन्ड्रा वा हिमाली गरी पाँच प्रकारका मौसमी क्षेत्रहरू रहेका छन् । वि.सं. २०४७ को संवैधानिक प्रावधानले नेपाललाई विश्वको एक मात्र हिन्दू राष्ट्र घोषित गरेको थियो तर अन्तरिम संविधानले यसलाई धर्म निरपेक्ष बनायो । नेपालमा ८०.६ प्रतिशत हिन्दू, १०.७ प्रतिशत बौद्ध लगायत मुस्लिम, किराँत, इसाई तथा जैन धर्मावलम्बीहरू रहेका छन् (CBS, 2011) । तराई, काठमाडौँ उपत्यका तथा कास्की जिल्ला नेपालका सबैभन्दा बढी जनघनत्व भएका क्षेत्र हुन् ।

वि.सं. २००७ सम्म अति न्यून संख्यामा विद्यालयहरू रहेका र तिनमा पनि सम्भ्रान्त परिवारका बालबालिकालाई मात्र पहुँच भएको परिप्रेक्ष्यमा नेपालको वर्तमान औपचारिक शिक्षा प्रणाली तुलनात्मक रूपले नयाँ हो । नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११ र राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ पछि मात्र नेपालमा विद्यालय शिक्षाको योजनाबद्ध विकास शुरू भएको हो । यसरी हेर्दा नेपालको सार्वजनिक शिक्षाको इतिहास ६ दशक पुरानो छ । यस छोटो अवधिमा मुलुकभित्र विद्यालय संख्या तथा विद्यार्थीको भर्ना दरमा उल्लेखनीय प्रगति भएको छ । यो प्रगति हुनुमा मुलुकमा भएका राजनीतिक सुधार तथा पुनर्संरचना र सामाजिक-जनसांख्यिक एवम् सांस्कृतिक विविधताको महत्त्वपूर्ण भूमिका रहेको छ ।

## सामाजिक-जनसांख्यिक परिवेश

वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा कुल २ करोड ६५ लाख जनसंख्या रहेको छ (CBS, 2012) । यसमा थुप्रै सामाजिक, सांस्कृतिक तथा जातजातीय विविधता रहेको छ । उक्त जनगणनाले देखाए अनुसार नेपालमा १२५ जनजाति समूह र १२३ भाषा रहेका छन्, जसमध्ये दर्जनभन्दा बढी भाषाहरू सक्रिय रूपमा १,००,००० भन्दा बढीले प्रयोग गर्छन् । सन् २०११ को जनगणना अनुसार नेपालको जनसंख्याको ८०.६ प्रतिशत हिन्दू, १०.७ प्रतिशत बौद्ध र अन्यमा मुसलमान, किराँत, इसाई तथा जैन धर्मावलम्बीहरू रहेका छन् ।

**जनसांख्यिक लाभ** – वि.सं. २०४८–२०५८ का तुलनामा २०५८-२०६८ मा नेपालको जनसंख्या वृद्धि दरमा उल्लेख्य गिरावट आएको (CBS, 2012) देखिएको छ । अघिल्ला दशकमा २.२५ प्रतिशतका तुलनामा २०५८-२०६८ का दशकमा केवल १.३५ प्रतिशतको वृद्धि दर देखिएको छ । जनसंख्याको वृद्धि दर यही कायम रहने हो भने आगामी ५१ वर्षमा मुलुकको जनसंख्या २०६८ को दोब्बर पुग्ने छ । युवा समुदायको ठूलो हिस्सा वैदेशिक रोजगारीका लागि विदेसिनु र प्रजनन् दरमा कमी आउनु दुबैलाई जनसंख्या वृद्धि दर घट्नुका कारक तत्त्व मानिएको छ । २०५८ मा मृत्युदर १०.३ प्रति हजार रहेकामा २०६८ मा यसमा गिरावट आई ७.३ प्रतिहजार कायम भएको आँकलन छ । यसै गरी २०३८ मा नेपालीको औसत आयु ४९.६ वर्ष रहेकामा २०६८ मा ६६.६ पुगेको छ । यसका कारण हाल नेपालमा बढी आयु समूहका (५० वर्ष वा माथिका) क्रमशः परनिर्भर हुँदै गएका समूहको जनसंख्या बढ्दै गएको छ । वर्तमान प्रवृत्तिले नेपाल पनि दक्षिण एसियाका अन्य मुलुक सरह बढी जनसंख्यायुक्त मुलुकमा परिणत हुँदै जाने प्रवृत्ति पनि देखिएको छ । अनुसूची-ग मा नेपालको परिवर्तनशील जनसांख्यिक बनावट र भावी प्रक्षेपणहरू प्रस्तुत गरिएका छन् ।

नेपालको शिक्षा प्रणालीले आवश्यकता, परिवेश तथा संस्कृतिका हिसाबले अत्यन्तै विविधतायुक्त सरोकारवाला समूहलाई सेवा प्रदान गर्दछ । यस विविधताको परिणम स्वरूप नेपालको शिक्षा क्षेत्रमा विभिन्न मातृभाषाका विद्यार्थीहरू आउँछन् । हालै गरिएको एक अध्ययन अनुसार कक्षा १ मा भर्ना हुन आउने बालबालिका मध्ये नेपाली बाहेक अन्य मातृभाषीको संख्या ठूलो रहेको र परिणाम स्वरूप तिनको नेपाली भाषाको सक्षमताको स्तर पनि न्यून रहेको पाइएको छ (RTI, 2014) । यो सांस्कृतिक विविधताको छाप विद्यालय शिक्षा क्षेत्रका कतिपय परम्परागत विद्यालयहरूमा देख्न सकिन्छ । यस्ता विद्यालय मार्फत परम्परागत शिक्षा प्रदान गर्नुको मुख्य उद्देश्य मानिसहरूका सांस्कृतिक आवश्यकता तथा सामाजिक मूल्य मान्यतालाई विद्यालय पाठ्यक्रमका मुख्य विषयहरूमा एकीकृत रूपले समायोजन गर्नु हो । विभिन्न जनजाति तथा जातीय समुदाय बीच सिकाइ उपलब्धिको दरमा विविधता देखापर्नुमा पनि यही सांस्कृतिक विविधता तथा समूहभित्र लैंगिक आधारमा गरिने पहुँच तथा सहभागितामा हुने विभेदको सम्बन्ध रहेको छ । भौगोलिक विविधताले विभिन्न विद्यालय सेवा क्षेत्रमा बस्ने बालबालिकाको संख्यामा ठूलो भिन्नता रहने तथ्य उजागर गर्दछ, जस्तै – उच्च पहाडी क्षेत्रका विद्यालयहरूमा विद्यार्थीको चाप ज्यादै कम र तराईमा ज्यादै बढी छ (DoE, 2014) ।

विद्यालय जाने उमेर समूहको बनावट हेर्दा नेपालमा पूर्व प्राथमिक कक्षा (४ वर्ष उमेर) का २२ प्रतिशत र आधारभूत तह (कक्षा १ देखि ५) का ३.४ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्, जसमा छात्र छात्राबीच कुनै उल्लेखनीय विभेद छैन । तथ्यांकले नेपालमा ५ देखि १२ वर्षका ६.१३ मिलियन बालबालिका (५१.१ प्रतिशत छात्र र ४९.२ प्रतिशत छात्रा) आधारभूत शिक्षामा (कक्षा १-८) र १३ देखि १६ वर्ष उमेर समूहका १.३९ मिलियन किशोर किशोरीहरू (४९.२ प्रतिशत छात्र र ५०.८ प्रतिशत छात्रा) माध्यमिक शिक्षा (कक्षा ९-१२) मा भर्ना भएको देखाएको छ (DoE, 2016) ।

## राजनीतिक परिवेश

वि.सं. २०४६ को राजनीतिक परिवर्तन पश्चात् नेपालमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको शुरू भयो । वि.सं. २०५२ मा शुरू भएको दशक लामो सशस्त्र द्वन्द्व सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौता मार्फत अन्त्य भए पश्चात् वि.सं. २०६३ मा नेपालको अन्तरिम संविधान जारी भयो (CAS, 2007) । त्यसको लगत्तै मुलुकमा राजतन्त्रको समाप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । तत्पश्चात् वि.सं. २०७२ असोज ३ गते संविधान सभाले नेपालको नयाँ संघीय संविधान जारी गर्‍यो । यस संविधानले 'प्रत्येक नागरिकलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ' (CAS, 2015) भन्ने व्यवस्था गरी शिक्षा प्राप्तिलाई नागरिकको मौलिक हकका रूपमा स्वीकारेको छ ।

## आर्थिक परिवेश

नेपाल अल्पविकसित मुलुक मध्येको एक हो । नेपालमा प्रतिव्यक्ति आय ७६२ अमेरिकी डलर मात्र छ । ७० प्रतिशत जनसंख्या कृषि पेसामा निर्भर भए पनि नेपालको कुल गार्हस्थ उत्पादनमा (GDP) कृषि क्षेत्रको योगदान केवल ३४ प्रतिशत मात्र रहेको छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपालको प्रमुख आयस्रोत रहिआएको छ । गरिबी निवारण, लगानी प्रवर्धन, शिक्षा तथा घरायसी लगानीमा पनि यसको महत्त्वपूर्ण योगदान छ । सन् २०१२ मा कुल ग्रार्हस्थ उत्पादनमा विप्रेषणको योगदान २१ प्रतिशत रहेको आँकलन गरिएको थियो । वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिकहरू न्यून सीपयुक्त छन् र स्वाभाविक रूपमा तिनीहरू न्यून वैतनिक काममा संलग्न हुने गर्दछन् (ADB, 2013) । यद्यपि मुलुकभित्र कामका अवसरको कमीले गर्दा प्राथमिक, माध्यमिक तथा विश्वविद्यालय शिक्षा पूरा गरेका युवायुवतीहरू चर्को बेरोजगारीको चपेटामा परेका छन् ।

वि.सं. २०७२ वैशाखमा नेपालमा आएको भूकम्पले नेपालको राष्ट्रिय अर्थतन्त्रमा अत्यन्त नकारात्मक प्रभाव पार्‍यो । आर्थिक वर्ष २०७१/०७२ मा कुल आर्थिक वृद्धि ६ प्रतिशत बिन्दुमा रहने आँकलन गरिएकामा भूकम्पको नकारात्मक प्रभाव स्वरूप

केवल ३ प्रतिशतमा झ¥यो र आर्थिक वर्ष २०७२/०७३ मा नेपालको दक्षिणी सीमामा आयात निर्यातका समस्या सिर्जना भएकाले पेट्रोलियम पदार्थ लगायत सामानको आपूर्ति ५ महिनासम्म असहज हुँदा त्यसका प्रभावले आर्थिक वृद्धि दर अझ ओरालो लागेर ०.७७ प्रतिशतमा झ¥यो (MoF, 2016)। साथै विगत ५ वर्षमा मुलुकको साधारण खर्च १० प्रतिशतले वृद्धि भएको छ (MoF, 2015)।

यस अवधिका पछिल्ला २ वर्षमा लगभग १२ प्रतिशत मात्र लगानी भएको भएतापनि आर्थिक वर्ष २०६७/२०६८ देखि २०७२/२०७३ बीचका ७ वर्षमा नेपालले स्थिर रूपमा शिक्षा क्षेत्रमा कुल राष्ट्रिय बजेटको १५ प्रतिशत लगानी गर्दै आएको छ। शिक्षामा हुने खर्च बढ्दै गएको भए पनि कुल राष्ट्रिय बजेटमा शिक्षा क्षेत्रको हिस्सा भने घट्दै गएको देखिन्छ। आ.व. २०६८/०६९ मा शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको हिस्सा २१.४ प्रतिशत रहेकामा आ.ब. २०७२/०७३ मा १२ प्रतिशत मात्र रहन गयो। भूकम्पले विनाश गरेका भौतिक संरचनाको पुनर्निर्माण तथा पुनःस्थापनाको आवश्यकतालाई सम्बोधन गर्न आ.व. २०७२/०७३ को राष्ट्रिय बजेटमा उल्लेख्य वृद्धि हुन गई शिक्षा क्षेत्रको हिस्सा कम देखिएको हो।

## संक्रमणमा मुलुक

**नयाँ संघीय स्वरूप** – नेपालको संविधानले नेपाललाई संघीय मुलुकका रूपमा परिभाषित गर्दै स्वतन्त्र, अविभाज्य, सार्वभौम, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्र (CAS, 2015, p. 1) भनेको छ। मुलुकको तेस्रो पञ्चवर्षीय योजनाले (1965-1970) (NPC, 1965) सरकारका स्थानीय निकायमा योजना निर्माण तथा विकास कार्य सम्बन्धी निर्णय प्रक्रियामा नागरिकहरूलाई संलग्न गराउने उद्देश्यले विकेन्द्रीकरणको नीति अवलम्बन गरेको थियो। यस प्रयोजनका लागि गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति जस्ता स्थानीय प्रशासनिक निकायहरूको गठन गरेको थियो। यसरी सन् १९६० को सुरुआतदेखि नै स्थानीय निकायहरू स्थानीय तहको विकास निर्माण योजनाका निर्णय प्रक्रियामा संलग्न हुदै आएका हुन्।

वि.सं. २०४६ मा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको प्रादुर्भाव पश्चात् खास गरी १९९९ देखि स्थानीय स्वायत्त शासन ऐन (१९९९) तथा स्थानीय स्वायत्त शासन नियमावली (१९९९) र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली (२००७) ले स्थानीय निकायहरूलाई स्थानीय स्वायत्त शासनका लागि जिम्मेवार बनाएको थियो (GoN, 2007b; MoLJ, 1999a; MoLJ, 1999b)।

## सहस्राब्दी विकास लक्ष्यदेखि दिगो विकास लक्ष्यसम्म

सहस्राब्दी विकास लक्ष्यका एजेन्डा (२०००–२०१५) बाट दिगो विकास लक्ष्य (२०१५-२०३०) तर्फको प्रस्थान महत्त्वपूर्ण विश्वव्यापी संक्रमण हो। नेपालले सहस्राब्दी विकासका अधिकांश लक्ष्य हासिल गर्ने प्रक्रियामा राम्रो प्रगति गरेको छ। यस अवधिमा गरिबी न्यूनीकरणको वार्षिक वृद्धि दर सन् १९९६-२००४ का बीचमा १.५ प्रतिशतबाट बढेर सन् २००४-२०११ बीच २.५ पुग्यो (NPC, 2013, p. 10)। हाल निरपेक्ष गरिबीको रेखामुनि रहेका (प्रतिदिन १ डलर वा कम आर्जन गर्ने) जनसंख्याको अनुपात लगभग आधाले घटेको आँकलन छ (NPC, 2016)। सन् १९९० मा निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या ३३.५ प्रतिशत रहेकामा सन् २०१० मा १९.७ प्रतिशत र सन् २०१३ मा १६.४ प्रतिशत कायम रहन गयो। प्रतिवर्ष १ प्रतिशतका दरले घट्न गई सन् २०१७ भित्र हासिल गरिसक्नुपर्ने लक्ष्य २ वर्ष अगाडि नै प्राप्त हुन गएको हो (NPC, 2013)।

गरिबी घट्ने क्रमले १० वर्षे द्वन्द्वकालमा पनि निरन्तरता पायो। तथापि ८० प्रतिशतभन्दा बढी जनसंख्या बसोबास गर्ने ग्रामीण इलाका तथा केही समूहहरूमा गरिबी न्यूनीकरणको दर असमान रहन गयो। नेपालले भोक घटाउने सम्बन्धी

सहस्राब्दी लक्ष्य १ मा पनि दिगो उपलब्धि हासिल गर्न सकेको छ। मापदण्डभन्दा कम तौलका बालबालिकाको प्रतिशत सन् २०१५ सम्ममा २८ प्रतिशतको लक्ष्यका तुलनामा २९ प्रतिशत हासिल हुन सक्यो भने मापदण्डभन्दा कम मात्रामा भोजनको उपभोग गर्नेको प्रतिशत २५ हुनुपर्नेमा लक्ष्यभन्दा धेरै अगाडि बढेर १५.५ प्रतिशत कायम भएको छ।

तर बालबालिकाको पुड्कोपना हटाउने लक्ष्यमा भने १९९० यता खासै उपलब्धि हासिल हुन सकेन। ५ वर्षमुनिका झन्डै ४१ प्रतिशत बालबालिका र अझ पश्चिमी पहाडमा ६० प्रतिशतसम्म बालबालिका पुड्कोपनाको सिकार भएका देखिए। आपराधिक रूपले गरिने मानव हत्याको प्रतिशत घटाउने लक्ष्यमा पनि खास प्रगति भएन। हाल यसको दर ११ प्रतिशत रहे पनि मध्य तराईमा यसको प्रतिशत १५ सम्म पुगेको छ (MoHP, 2012)। आमा तथा साना बालबालिकाको पोषणको स्तरमा सुधार आएको भए पनि महिला तथा बालबालिकामा रक्तअल्पता जटिल स्वास्थ्य समस्याका रूपमा यथावत रहेको छ। अझ ६ देखि २३ महिनाका बाल बच्चामा यो समस्या ६९ प्रतिशतसम्म रहेको पाइन्छ (MoHP, New ERA, ICF, 2012)।

**जनसांख्यिक लाभ** – सन् २०२५ का लागि गरिएको जनसांख्यिक प्रक्षेपणले आगामी १० वर्षमा नेपालको प्रजनन् दर घट्दै जाने देखाएको छ। यस अनुसार अनुत्पादक वा श्रम शक्तिमा समेटिन नसक्ने जनसंख्या न्यून हुन जान्छ (Lee & Mason, 2006)। यस अवधिमा पराश्रितभन्दा श्रम शक्तियुक्त जनसंख्या द्रुत गतिले वृद्धि हुने छ। यस प्रवृत्तिलाई जनसांख्यिक लाभ (demographic dividend) भनिन्छ। यसलाई "अवसरको झ्याल" (Window of opportunity) भनेर पनि चिनिन्छ। सबै राष्ट्रका संक्रमणमा एकपटक यस्तो अवस्था आउँछ।

## शिक्षा क्षेत्र

शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको ठूलो हिस्सा विनियोजन हुने गरेको तथ्यले नै शिक्षा राष्ट्रको प्राथमिकता क्षेत्र भएको जनाउँछ। विगतका दशकमा शिक्षामा हुने सार्वजनिक खर्चको आयतन बढ्दो रूपमा रहेको देखिन्छ। हालका तथ्यांकले राष्ट्रिय बजेटको सबैभन्दा बढी हिस्सा शिक्षा क्षेत्रले ओगट्ने गरेको देखाउँछ। सन् १९९९ मा कुल गार्हस्थ उत्पादनको २.४ प्रतिशत शिक्षामा लगानी हुने गरेकामा सन् २०१० सम्ममा यसको प्रतिशत बढेर ४.७ पुगेको थियो (CBS, 2012)। यस अवधिमा नेपालको कुल गार्हस्थ उत्पादनको वृद्धि दर ४.४ को औसत रहेको अवस्थालाई दृष्टिगत गर्दा शिक्षाले पाएको कुल गार्हस्थ उत्पादनका हिस्सालाई ठूलो मान्नुपर्छ। शिक्षा क्षेत्रका लागि छुट्याइएको बजेटको ८० प्रतिशतभन्दा बढी रकम विद्यालय शिक्षामा (कक्षा १-१२) जाने गरेको छ। यसका अतिरिक्त जिल्ला विकास समिति तथा गाउँ विकास समितिहरूबाट पनि विद्यालयहरूमा अनुदान जानुका साथै अभिभावक तथा घर परिवारले पनि शिक्षामा ठूलै लगानी गर्ने गरेका छन्।

विगत दुई दशकमा आधारभूत शिक्षाको पहुँचमा उल्लेख्य प्रगति भएको छ। सबैका लागि शिक्षा कार्यक्रमको दोस्रो लक्ष्यमा सबै बालबालिका, विशेष रूपले बालिका तथा कठिन परिस्थितिमा परेका बालबालिका र सामाजिक सांस्कृतिक रूपले पिछडिएका आदिबासी जनजाति समुदायका बालबालिकाका लागि राम्रो गुणस्तरको अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा पूरा गर्नका लागि पहुँचको सुनिश्चित गर्ने भनिएको थियो। सन् २०१५ मा कक्षा १ मा भर्ना हुने उपयुक्त उमेरका बालिकाहरूको खुद प्रवेश दर ९२.७ र केटाहरूको ९३.३ प्रतिशत पुग्यो। विद्यालय क्षेत्र सुधार कार्यक्रमले आधारभूत शिक्षाको खुद भर्ना दर ९८ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको भए पनि सन् २०१५ मा यस सूचकमा ८८.७ प्रतिशत मात्र पुग्न गयो।

दशक लामो द्वन्द्व तथा राजनीतिक चुनौतीका अतिरिक्त नेपालले बालबालिका तथा प्रौढहरूका लागि सिकाइका अवसरको विस्तार गर्नमा उल्लेख्य सफलता हासिल गर्न सक्यो। तर पनि माध्यमिक शिक्षा पूरा गर्ने दरमा वृद्धि नभए जस्तै विद्यालय शिक्षाको गुणस्तर पनि न्यून नै रह्यो। प्राज्ञिक पथ तथा सोभन्दा पनि माथि जानका लागि शिक्षक तयारीको

अपर्याप्तता, उपयुक्त तथा पर्याप्त सामग्रीको अभाव र घर परिवारबाट पाउनुपर्ने सहयोगको अपर्याप्तता आदि तत्त्वहरूले धेरै बालबालिकाको जीवनमा आवश्यक पर्ने आधारभूत सीप हासिल गर्न अवरोध सिर्जना गरे ।

क्षेत्रीय तथा समूहगत असमानता भने कायमै रहेको भए तापनि नेपालले विश्वव्यापी प्राथमिक शिक्षाका लक्ष्य प्राप्तिमा दिगो सफलता हासिल गरेको छ । सहस्राब्दी विकास लक्ष्य २ सम्बद्ध प्राथमिक शिक्षाको भर्ना दरका सूचकहरूमा नेपाल सफल देखियो तर प्राथमिक शिक्षामा तथा साक्षरता शिक्षामा टिकाउपनाका सूचकहरूमा राम्रो प्रगति हुँदा हुँदै पनि लक्ष्य हासिल गर्न भने सफल भएन। २०७२ को भूकम्प तथा आर्थिक नाकाबन्दीले पनि प्रगति हासिल हुन बाधा पुगेको देखिन्छ। यी घटनाहरूले विद्यार्थी भर्ना दर, विद्यालयमा टिकाउ दर, पढाइका चक्र पूरा गर्ने दरमा लामै समयसम्म नकारात्मक प्रभाव छाड्न सक्छन्, जसले शिक्षा क्षेत्रका उपलब्धि लगायत अन्य सकारात्मक प्रवृत्तिलाई निस्तेज गराउन सक्छ। यस्तो प्रवृत्ति कायम रहेमा वि.सं. २०७९ सम्म नेपाललाई विकासशील मुलुकका दर्जामा उठाउने लक्ष्य प्राप्तिमा कठिनाइ हुन सक्छ (UNESCO, 2015) ।

## शिक्षा क्षेत्रको संरचना

नेपालको औपचारिक शिक्षा प्रणाली अन्तर्गत विद्यालय शिक्षा तथा उच्च शिक्षा पर्दछन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रारम्भिक चरणसम्म विद्यालय शिक्षाभित्र प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा, प्राथमिक शिक्षा र माध्यमिक शिक्षा रहेका थिए । तथापि विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा १-८ को आधारभूत शिक्षा र कक्षा ९-१२ को माध्यमिक शिक्षा रहने गरी १२ वर्षे औपचारिक विद्यालय शिक्षाको नयाँ स्वरूप लागु गऱ्यो । हाल आधारभूत शिक्षा भन्नाले एक वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहित कक्षा ८ सम्मको शिक्षा तथा माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई जनाउँछ ।

उच्च शिक्षामा ३ देखि ४ वर्षे स्नातक तह र २ वर्षे स्नातकोत्तर तहको शिक्षा प्रदान गरिन्छ । कतिपय विश्वविद्यालयहरूले पोस्ट ग्राजुएट डिप्लोमा तथा एम.फिलका कार्यक्रम पनि सञ्चालन गर्ने गरेका छन् । विश्वविद्यालयहरूबाट प्रदान गरिने उच्चतम तहको डिग्री विद्यावारिधि हो ।

माध्यमिक तहमा विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक तहको कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषयहरूको शिक्षण-सिकाइलाई सुदृढ गरेर लैजाने लक्ष्य लिएको छ ।

## योजनाका उद्देश्यहरू

शिक्षा मन्त्रालयले सन् २००९-२०१६ को अवधिमा नेपाल सरकार र शिक्षाका लागि विश्वव्यापी साझेदारी (GPE) लगायतका विकास साझेदारको वित्तीय सहयोगमा क्षेत्रगत अवधारणाका साथ विद्यालय क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयन गरेको थियो । यो कार्यक्रम सबैका लागि शिक्षाको १५ वर्षे राष्ट्रिय कार्यढाँचा (२००१-२०१५) अन्तर्गतको अन्तिम कार्यक्रम हो । स्वीकृत रणनीतिक कार्यढाँचा, संयुक्त लगानी व्यवस्था, वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्ययोजना तथा बजेट आदिका आधारमा विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत विद्यालय शिक्षाका नियमित तथा विकास कार्यक्रमहरू कार्यान्वयन गर्ने जिम्मेवारी शिक्षा मन्त्रालयको थियो ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमले देहाय बमोजिमका ३ अवयवहरू मार्फत पहुँच, समावेशिता र गुणस्तर गरी ३ खम्बे रणनीतिमा केन्द्रित गरेको थियो:

१. **आधारभूत शिक्षा (कक्षा १–८), प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा र जीवनपर्यन्त शिक्षाः**
यसका प्रमुख उद्देश्य पूर्व प्राथमिक शिक्षा उमेरका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रममार्फत आधारभूत शिक्षाका लागि तयार पार्नु, ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणस्तरीय आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु र महिला तथा सीमान्तकृत समुदायलाई केन्द्रबिन्दुमा राखी युवा तथा प्रौढहरूका लागि आधारभूत गणितीय तथा साक्षरताका सीप प्रदान गर्नु रहेको थियो ।

२. **माध्यमिक शिक्षा (कक्षा ९–१२) तथा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका परीक्षण कार्यक्रमहरूः**
यस अवयवको मुख्य उद्देश्य १३ देखि १६ वर्ष उमेर समूहका लागि गुणस्तरीय तथा सान्दर्भिक माध्यमिक शिक्षाको पहुँचमा सुधार ल्याउनु रहेको थियो । यस अवयवले विद्यालयबाट कामका क्षेत्रमा स्थानान्तरण हुन सघाउने व्यावसायिक तथा प्राविधिक शिक्षासँग परिचित गराई कक्षा ९ र १० को माध्यमिक शिक्षाको सान्दर्भिकताको सुधारमा विशेष जोड दिएको थियो ।

३. **योजना तर्जुमा तथा शैक्षिक सेवा तथा उत्पादनको वितरण र अनुगमन गर्नका लागि संस्थागत क्षमताको सुदृढीकरण (शिक्षक तालिम र व्यवस्थापन सहित)ः**
यस अवयवले विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन सम्बद्ध निकाय र तिनका साझेदारहरूको क्षमतामा सुधार गरी शैक्षिक सेवा तथा उत्पादनको अनुगमन तथा सेवा प्रवाह प्रणालीमा सुधार ल्याउनु रहेको थियो ।

## विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रमुख उपलब्धि

शिक्षा क्षेत्रमा भएका प्रगतिको संयुक्त वार्षिक समीक्षाहरूका अतिरिक्त विद्यालय क्षेत्र सुधार कार्यक्रमको स्वतन्त्र मध्यावधि मूल्यांकन (Cumming et al., 2012) र अन्तिम मूल्यांकन (Poyck et al., 2015) गराइएको थियो । विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१६) कार्यान्वयनको परिणामस्वरूप यस अवधिमा समग्रतामा शिक्षाको महत्त्वबारे जागरूकता उत्पन्न भएको र त्यसले सार्वजनिक शिक्षा प्रणालीप्रति जनअपेक्षामा पनि वृद्धि गरायो । प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षामा एक वर्ष थप गरेर कक्षा ८ सम्ममा संयोजन गर्नु यस कार्यक्रमको एउटा प्रवर्तनात्मक कार्य रहन गयो । सबै कक्षामा स्रोतको सन्तुलित वितरणको प्रवर्धन र सहजीकरण गर्नका लागि यसो गरिएको थियो ।

पहुँच तथा समताका सम्बन्धमा विद्यालय क्षेत्र सुधार कार्यक्रमले विभिन्न जातीय, सांस्कृतिक, धार्मिक तथा भौगोलिक समूहसँग आबद्ध असमानताको सम्बोधन गर्न सघाउ पुऱ्याउनुका साथै समूहहरूबीच सम्भावित राजनीतिक विभाजन तथा द्वन्द्व न्यूनीकरणमा पनि सघाउ पुग्न गयो । यस कार्यक्रमको परिणामस्वरूप मुलुकभर पहुँचमा वृद्धि भयो तर पनि कतिपय भौगोलिक क्षेत्रहरूमा अपांगता भएका बालबालिका तथा कतिपय जातीय तथा सांस्कृतिक समूहका बालबालिकामा असमानता कायम रहन गयो ।

न्यूनतम आधारभूत पूर्वाधार निर्धारण गरी विद्यालय तथा समुदायलाई विद्यालय सुधारको कार्ययोजना निर्माणको मापदण्ड प्रदान गरिए पनि पछि ती पूर्वाधारमध्ये ५ वटा पूर्वाधारलाई प्राथमिकीकरण गरी सो पूरा गर्न अनिवार्य गराइयो । आवश्यकतामा आधारित विद्यालय सहयोगको यस प्रावधानले सिकाइ वातावरणका विभेद घटाउन सहयोग गर्ने भए पनि स्रोतको अभाव तथा वि.सं. २०७२ को भूकम्पले ठूलो संख्याका विद्यालयलाई तोकिएका पाँचै प्रकारका पूर्वाधार पूरा गर्न अवरोध सिर्जना गऱ्यो । निर्धारित ५ मध्ये समयभित्रै विद्यार्थीका हातमा पाठ्यपुस्तक उपलब्ध गराउनु पहिलो प्राथमिकता मानिन्छ । अतः वितरण प्रक्रियालाई छिटो छरितो बनाउनका लागि निजी संस्थाहरूलाई समेत खुला गरी पुस्तक छपाइ कार्यको विकेन्द्रीकरण गरियो, जसबाट केही सकारात्मक परिणामहरू पनि देखिए ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमले सबै तहका विद्यालय शिक्षाका क्षेत्रमा योजना निर्माण तथा कार्यान्वयन प्रभावकारी बनाउने उद्देश्यले विकेन्द्रीकृत योजना पद्धति अवलम्बन गर्‍यो । विद्यालय सुधार योजना प्रक्रियाले विद्यालय सुधारका योजना निर्माण र तिनका कार्यान्वयनको अनुगमनमा स्थानीय शिक्षा सरोकारवाला र विद्यालय सरोकारवालाहरूको सक्रिय सहभागिता र सहकार्यको अपेक्षा राखेको थियो । विद्यालय क्षेत्र सुधार कार्यक्रममा विद्यालय व्यवस्थापन समितिको सुदृढीकरण, शिक्षक अभिभावक संघको गठन, शिक्षा नीति निर्धारण समितिको गठन, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना आदि कार्यहरू भए । शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण, विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन (NASA) तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना मार्फत आवश्यकतामा आधारित योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनको अनुगमनका लागि संस्थागत क्षमताको विकासमा बल पुग्न गयो ।

कार्यक्रमले सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्राथमिकता क्षेत्रमा राखेको थियो । यस अवधिमा उपलब्ध स्रोतको सर्वोत्तम उपयोगका दृष्टिले वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाको थालनी, कोष प्रवाह अनुगमनका संयन्त्रको सुदृढीकरण, शिक्षक विकास योजनाको विकास, विद्यार्थी तथा विद्यालय सूचना प्रणाली स्थापना र शिक्षकको तलब सोझै सम्बन्धित शिक्षकका बैंक खातामा जम्मा हुने प्रणालीको विकास गरियो । यी प्रावधानले बेरूजु घटाउन समेत मद्दत पुगेको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनका अवधिमा थालिएका अन्य प्रमुख प्रयासहरूमध्ये प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (EGRP) पनि एक हो । यसका साथै सिकाइ उपलब्धि बढाउने अन्य कार्यक्रमहरू पनि कार्यान्वयन गरिएका छन् । शिक्षणका माध्यम तथा शिक्षाको भाषाका सम्बन्धमा गरिएको एक महत्त्वपूर्ण अनुसन्धानले शिक्षाको भाषाका लागि रणनीतिक कार्यढाँचा (NIRT, 2016) तयार गर्न आधार प्रदान गर्‍यो । यसका अतिरिक्त सूचनाको स्मरणमा भन्दा सीप प्राप्तिमा जोड दिन सक्षमतामा आधारित पाठ्यक्रमको निर्माण गरिनुका साथै व्यवहार कुशल सीप कार्यक्रमको परीक्षण गरियो । तथापि विभिन्न परियोजनाद्वारा उत्पादित शैक्षिक सामग्रीलाई पाठ्यक्रममा समायोजन गर्ने कार्य भने अझै गर्न बाँकी छ ।

## १.३ प्रमुख मुद्दा तथा चुनौतीहरू

विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट थुप्रै उपलब्धिहरू हासिल भए तापनि गुणस्तर, सिकाइ उपलब्धि तथा सक्षमता जस्ता कतिपय क्षेत्रका उद्देश्यहरू पूर्ण रूपले हासिल गर्न सकिएन । सबैका लागि गुणस्तरीय शिक्षाका अवसर सुनिश्चित गर्ने महत्त्वपूर्ण प्रयत्नका अतिरिक्त अझै पनि कतिपय सीमान्तकृत समूहका बालबालिका अवसरबाट वञ्चित रहेका छन् ।

विद्यालय शिक्षाको पहुँचमा उल्लेख्य उपलब्धि हासिल भएको छ । अब शिक्षाको गुणस्तरीयता तथा दक्षताको सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने समय आएको छ । अवसर नपाएका कोही पनि पछाडि नछुट्ने गरी शिक्षाका गुणस्तरीयता तथा सिकाइका सक्षमता हासिल गर्ने सम्बन्धी चुनौतीको सम्बोधन हुन जरूरी छ । विद्यालय क्षेत्र विकास योजनाले साबिकमा विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा सबैका लागि शिक्षा कार्यक्रमबाट हासिल गरिएका उपलब्धिको जगेर्ना गर्दै तिनले पूरा गर्न बाँकी छाडेका कार्यभार सम्पन्न गर्ने र शिक्षामा उच्च गुणस्तरीयता प्रवर्धन गर्ने कार्यबीच उपलब्ध स्रोत साधनका सन्तुलित उपयोगमा ध्यान केन्द्रित गर्नुपर्ने छ । यो कार्य २०७२ सालको भूकम्प तथा तराई आन्दोलनका सन्दर्भमा गरिएको आर्थिक नाकाबन्दीपश्चात् निक्कै चुनौतीपूर्ण हुन गएको छ । साथै मुलुकमा संघीयता लागु भएपश्चात् शैक्षिक योजना तथा व्यवस्थापनको विकेन्द्रीकरणका कारण शिक्षाको संस्थागत क्षमता सुधार गर्नुपर्ने पनि उत्तिकै आवश्यक देखिएको छ ।

नेपालको शिक्षा प्रणालीले सामना गर्ने मुख्य चुनौतीहरू निम्न लिखित छन् (विद्यालय क्षेत्र विकास योजनाले रणनीतिक रूपमा कार्यान्वयन गर्न जोड दिएका चुनौतीहरू परिच्छेद ३ ले समेटेको छ):

## प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा र आधारभूत शिक्षाको गुणस्तर

Cumming et al. (2012) तथा Poyck et al. (2016) का अनुसन्धानले नेपालको विद्यालय शिक्षा प्रणालीको गुणस्तर र सिकाइ उपलब्धिको सुदृढीकरण नै सबैभन्दा प्रमुख विषय भएको तथ्य इंगित गरेका छन् साथै पहुँच तथा अन्य शैक्षिक सूचकहरूमा उत्साहबर्धक उपलब्धि हासिल भएका छन् तर तिनलाई गुणस्तरका उपलब्धिमा रूपान्तरित गर्न अझै बाँकी नै छ । प्रारम्भिक शिक्षाको गुणस्तरमा रहेको चुनौतीका परिणाम स्वरूप अझै पनि धेरै बालबालिका सिकाइमा कमजोर रहेका छन् । यसैकारण खास गरी प्रारम्भिक कक्षा तथा कक्षा ८ मा पढाइ चक्र पूरा नगरी बीचैमा पढाइ छाड्ने तथा कक्षा दोहोऱ्याउनेको दर अझै पनि उच्च रहेको छ (हाल यी सूचकहरूमा सुधार देखिएको छ) । आधारभूत तथा माध्यमिक शिक्षाको टिकाउ दर र कक्षा १० का परीक्षाका प्राप्तांक अझै पनि उत्साहप्रद देखिएका छैनन् र तिनमा सामुदायिक तथा संस्थागत विद्यालयहरूबीच ठूलो असमानता देखिएको छ । युनिसेफले गरेको एक सर्वेक्षण अनुसार कक्षा एकमा भर्ना भएका मध्ये ८६.८ प्रतिशत बालबालिका कक्षा ५ मा र ७४.६ प्रतिशत कक्षा ८ मा पुग्दछन् (UNICEF, 2016) ।

हालका वर्षहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका कारण सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको छ र बीचैमा पढाइ छाड्ने तथा कक्षा दोहोऱ्याउने दर घटाउनमा यसको सकारात्मक प्रभाव देखिएको छ । धेरै बालबालिकामा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सीपको उपलब्धि न्यून हुनाले अन्य विषयहरूको सिकाइमा पनि बाधा पुगेको छ । यस तथ्यले विद्यालय क्षेत्र विकास कार्यक्रमको ध्यान सिकाइका अवसरको सुधारमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसका लागि शिक्षक, शिक्षण सिकाइका स्रोत सामग्री तथा अनुकूल सिकाइ वातावरण लगायतका पक्षको गुणस्तरमा सुधारको आवश्यकता पर्ने देखिएको छ । साथै प्रारम्भिक सिकाइ विकासका मापदण्ड (Early Learning Development Standard–ELDS) को प्रयोगद्वारा ४८ देखि ६० महिनाभित्रका बालबालिकाको शारीरिक, संज्ञानात्मक, सांस्कृतिक, भाषिक, सामाजिक तथा संवेगात्मक स्थितिको मापन गर्नुपर्ने हुन्छ (ARNCE, 2015; DoE, 2004b) । यसका अतिरिक्त शिक्षणलाई बढीभन्दा बढी बाल केन्द्रित बनाउदै बाल मैत्री विधि र आवश्यकता अनुरूपका स्रोत सामग्रीको प्रयोग गर्नुका साथै बालबालिकाका मातृभाषा, राष्ट्र भाषा तथा अंग्रेजी भाषा शिक्षणका मागमा पनि सन्तुलन कायम गर्न आवश्यक देखिन्छ ।

सबै शिक्षकहरू, खास गरी विषय शिक्षकहरूले तिनको विषयगत ज्ञानलाई सुदृढ बनाउन आवश्यक छ । अधिकांश कक्षा शिक्षण पाठ्यपुस्तक केन्द्रित तथा व्याख्यान विधिमा आधारित हुने गरेका छन् । यसका सट्टा सिर्जनात्मक सोचाइ तथा पाठ्यक्रमले अपेक्षा गरेअनुरूप प्रमुख सीप हासिल गराउनमा केन्द्रित शिक्षण विधिको अवलम्बनमा जोड दिनुपर्छ । शिक्षकहरूको पेसागत विकासले खास गरी तल्ला कक्षाहरूका पठनपाठनमा सिकारू केन्द्रित विधिको प्रवर्धन गर्ने भएकाले यसका लागि विषयगतका सट्टा कक्षागत शिक्षण पद्धतिमा जोड दिनु पर्दछ ।

नेपालको जनसांख्यिक बनोटमा २५ प्रतिशत हिस्सा १० देखि १९ वर्षका किशोर किशोरीको रहेको छ (CBS, 2012) । खास गरी लैंगिक तथा मानव अधिकारलाई अर्थपूर्ण हिसाबले एकीकृत गर्ने गुणस्तरीय यौन शिक्षाका अवसरले किशोरीहरूमा अनिच्छित गर्भधारण तथा यौनजन्य कारणले रोगको संक्रमण हुनबाट जोगाउन मद्दत पुग्ने मात्र नभई किशोर किशोरीहरूलाई बाल्यकालमै यौनजन्य क्रियाकलापमा सरिक हुन निरूत्साहित गर्दछ ।

विद्यालय शिक्षामा गुणस्तर प्रवर्धनका हिसाबले प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा र आधारभूत शिक्षामा मात्र नभई माध्यमिक तहमा समेत शिक्षकको पेसागत विकास तथा व्यवस्थापन प्रमुख एजेन्डाका रूपमा लिइन्छ । यो कार्य सम्पन्न गर्न अझै बाँकी नै छ । प्रमुख समस्याका रूपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत सञ्चालित शिक्षकको पेसागत विकास कार्यक्रम अझै पनि शिक्षण-सिकाइका क्रियाकलापमा रूपान्तरित हुन सकिरहेको छैन र शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलापमा बिताउनुपर्ने समय पनि बिताउँदैनन् । यसका अतिरिक्त विभिन्न भौगोलिक क्षेत्र तथा प्रकारका विद्यालयहरूका लागि चाहिने विभिन्न खाले शिक्षकहरूको वितरण पनि उपयुक्त ढंगले मिलान हुन सकिरहेको छैन, जसको

प्रभावकारी सम्बोधनलाई प्राथमिकतामा राख्नु आवश्यक छ । यसैसँग जोडिएको अर्को महत्त्वपूर्ण पक्ष हो, शिक्षकहरूको औचित्यपूर्ण व्यवस्थापन तथा पदस्थापन । शिक्षकको नियुक्ति गर्दा प्रमाणीकरण, तालिम तथा सक्षमतालाई वाञ्छनीय योग्यता मान्नुपर्छ ।

अनुकूल सिकाइ वातावरणका लागि प्राथमिकीकरण गरिएका ५ वटा आवश्यक न्यूनतम पूर्वाधारको व्यवस्था गरी विद्यालयहरू बीचको असमानता घटाउने कार्यमा पनि सफलता मिलेको छैन । थोरै विद्यालयले मात्र ५ वटा आवश्यक न्यूनतम पूर्वाधार पूरा गरेको अवस्था छ । तर यी ५ वटा आवश्यक न्यूनतम पूर्वाधारले विपत् जोखिम न्यूनीकरणका मापदण्ड अनुसार कक्षा कोठाहरूको निर्माण गर्ने कुरालाई समेटेको छैन । अधिकांश विद्यालय भवनमा न्यूनतम सुरक्षाका मापदण्ड अवलम्बन गरिएको छैन तथापि, भर्खरैको भूकम्प पश्चात् विद्यालयका भवनहरू निर्माण गर्दा उपलब्ध गराइएका मार्गदर्शन तथा मापदण्डको अवलम्बन गरी सिकाइका सुरक्षित वातावरण निर्माणमा ध्यान पुर्‍याउन थालिएको छ । २०७२ सालको भूकम्पका कारण अति प्रभावित १४ जिल्लाका विद्यालयका साबिकमा पूर्ति गरिएका न्यूनतम पूर्वाधारहरू धेरैजसो नष्ट हुन गएकाले नयाँ लक्ष्यका साथ नयाँ आधार रेखा स्थापना भइरहेको छ । विद्यालयहरूमा न्यूनतम मापदण्डको स्थापना तथा सुनिश्चितता गर्न स्रोत साधनको सीमितता प्रमुख चुनौतीका रूपमा रहेको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सफलतापूर्वक सुदृढीकरण गरिएको, विद्यार्थीका उपलब्धिको राष्ट्रिय मूल्यांकन गरिएको तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना गरिएको भए तापनि विद्यालय तहको अनुगमन तथा मूल्यांकनमा अझै पनि समस्या कायम छन् । धेरै विद्यालयहरूमा अपेक्षा गरेअनुरूप निरन्तर मूल्यांकन पद्धति कार्यान्वयन गर्ने क्षमताको पनि अभाव छ र सोको अवधारणागत स्पष्टताको पनि कमी छ । थोरै शिक्षकले मात्र आफ्नो अध्यापनमा सुधार गर्ने प्रयोजनका लागि कक्षाकोठा स्तरका निर्माणात्मक परीक्षाको उपयोग गरेका छन् । शिक्षकद्वारा सञ्चालन गरिने कक्षाकोठामा आधारित मूल्यांकनले अपेक्षा गरिएअनुरूप गुणात्मक परिणाम ल्याउन सकेका छैनन् । अधिकांश विद्यार्थीहरूले शिक्षण सिकाइका लागि निर्धारित न्यूनतम दिनहरू (अवधि) प्राप्त गर्न सकेका छैनन् ।

विद्यालय व्यवस्थापन समितिको क्षमताको सीमितताका कारण विद्यालय तहको सुपरिवेक्षण प्रभावकारी हुन सकिरहेको छैन । विद्यालय तहमा शैक्षणिक प्रक्रिया तथा मूल्यांकनका आवश्यकताको प्रभावकारी सम्बोधनका लागि विद्यमान विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिको व्यवस्था पनि पर्याप्त छैन ।

## माध्यमिक शिक्षाको गुणस्तर

विद्यालय शिक्षाको कक्षा १० तथा कक्षा ११, १२ को परीक्षा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा बोर्डहरूबाट परीक्षा लिइने प्रावधानका कारणले शिक्षक तथा विद्यार्थीको मुख्य जोड ज्ञान तथा तथ्यहरूको स्मरणमा र सोको पुनरावृत्तिमा बढि केन्द्रित हुने गरेको छ ।

वर्तमानमा विद्यालय शिक्षाको शिक्षणमा समालोचनात्मक विचार, विश्लेषण तथा सिर्जनात्मकतामा पर्याप्त जोड दिइँदैन । परिणाम कक्षा १० र १२ का परीक्षामा ठूलो संख्यामा विद्यार्थी असफल हुने गरेको पाइन्छ जसको कारणहरूमध्ये परीक्षा केन्द्रित पद्धति र विद्यार्थीले सबै विषयमा एकैपल्ट उत्तीर्ण गर्नुपर्ने बाध्यता प्रमुख रूपमा रहेको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रममा विद्यार्थीलाई एकल विषयमा पनि प्रमाणपत्र प्रदान गर्ने प्रावधान राखिएको थियो ।

माध्यमिक शिक्षामा अनुकूल सिकाइ वातावरणका लागि न्यूनतम आधारभूत पूर्वाधारको व्यवस्था हुन बाँकी नै छ । साथै विद्यार्थीका पढाइमा रूचि बढाउने खालका पूरक पाठ्य सामग्रीको अभाव छ । खास गरी सामुदायिक विद्यालयमा अंग्रेजी, विज्ञान तथा गणित पढाउने शिक्षकको विषयगत ज्ञानलाई सुदृढ गराउन जरूरी छ । सामुदायिक विद्यालयका कतिपय

शिक्षकहरूमा अंग्रेजी भाषालाई विषयका रूपमा पढाउने क्षमताको कमी छ । संस्थागत लगायत थोरै विद्यालयमा मात्र दक्षताका साथ अंग्रेजी पढाउने शिक्षक छन् । सरकारले कक्षा ११ र १२ का लागि जम्मा दुई शिक्षकका लागि मात्र तलब अनुदान दिने व्यवस्थाका कारण पनि धेरै विद्यालयमा विषयगत शिक्षकको अपर्याप्तता रहेको छ। एकातिर माध्यमिक शिक्षाका पाठ्यपुस्तकको गुणस्तर सन्तोषजनक छैन भने अर्कातर्फ समयभित्र विद्यार्थीले पाठ्यपुस्तक समेत पाउन सकेको देखिंदैन ।

संघीयताको कार्यान्वयन सँगै अबका दिनमा विद्यालय शिक्षाका लागि स्रोतको विनियोजन गर्न तथा आवश्यकता अनुरूप शैक्षिक योजना तथा कार्यक्रमको निर्माण तथा कार्यान्वयन गर्न स्थानीय सरकार तथा प्रान्तीय सरकारहरूलाई पर्याप्त स्वायत्तता प्राप्त हुने छ । यसो हुँदा भोलिका दिनमा भिन्न भिन्न प्रान्तका आफ्नै परिवेशगत विविधता तथा स्थानीय आवश्यकताको सम्बोधन हुने गरी शैक्षिक व्यवस्थापनमा पर्याप्त लचकता प्रदान गर्नुपर्ने बाध्यताका कारण सिकाइ वातावरण तथा शिक्षण सिकाइ प्रक्रियामा न्यूनतम गुणस्तर सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण हुने देखिन्छ ।

## समता तथा पहुँच

नेपालमा भाषिक तथा सांस्कृतिक विविधता अनुरूप बालबालिकाको सिकाइ आवश्यकता पनि भिन्न भिन्न रहेका छन् । यी विविधताले पहुँचका विषयमा मात्र नभई शिक्षाका उपयुक्त अन्तर्वस्तुको चयन तथा शिक्षण भाषाका सन्दर्भमा समेत ठूलो चुनौती खडा गरेको छ। राष्ट्रिय स्तरमा शिक्षाको जति पनि विस्तार तथा विकास भएको छ त्यस अनुसार आर्थिक-सामाजिक रूपले पछाडि परेका, सीमान्तकृत समुदायका तथा दुर्गम भौगोलिक क्षेत्रका बालबालिकाको शिक्षाको पहुँचमा सुधार भइसकेको छैन । यसले विद्यालय जाने उमेरका बालबालिकाबीच पहुँचको असमानता कायमै रहिरहेको छ ।

पछिल्लो शैक्षिक तथ्यांक अनुसार हिमाली क्षेत्रमा ४ वर्ष माथिका २४.३ प्रतिशत बालबालिका पूर्व प्राथमिक विद्यालय तथा प्राथमिक विद्यालय बाहिर छन् । तराईमा सबैभन्दा बढी बालबालिका विद्यालय बाहिर रहेका छन् । यसो हुनुमा त्यहाँका प्राथमिक विद्यालय उमेरको जनघनत्व बढी हुनु हो । वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा सात लाख सत्तरी हजार बालबालिका विद्यालय जाँदैनन् । यीमध्ये पाँच लाख सत्तरी हजार ५-९ वर्ष उमेर समूहका र एक लाख नब्बे हजार ९-१२ वर्ष उमेर समूहका छन् । विद्यालय बाहिर रहेका नेपालका कुल बालबालिकाको ४६.५ प्रतिशत अर्थात् तीन लाख साठी हजार बालबालिका मध्यमाञ्चल विकास क्षेत्रमा बस्छन् (UNICEF, 2016) । विद्यार्थी भर्ना दर, विद्यालयमा टिकाउ दर तथा पढाइचक्र पूरा गर्ने जस्ता शिक्षाका समग्र नतिजाका सूचकहरूमा प्रगति भएको भए तापनि कतिपय समूहहरूले ती सूचकहरूमा अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेका छैनन् र कतिपय अवस्थामा असमानता कायमै छ (DoE, 2014) । यसर्थ विद्यालय क्षेत्र विकास योजनामा पनि शैक्षिक गुणस्तरको सुधारका साथै समतामूलक पहुँचका विषयमा देहाय अनुसार प्राथमिकता प्रदान गरिएको छ ।

- विद्यालय क्षेत्र सुधार कार्यक्रमका अवधिमा आधारभूत शिक्षाको खुद भर्ना दरमा महत्त्वपूर्ण प्रगति भए तापनि ठूलो संख्यामा बालबालिका विद्यालय बाहिरै रहेको पाइएको छ। विद्यालय बाहिर रहेका यस समूहका बालबालिका मध्ये धेरैले बहुआयामिक व्यवधानको सामना गर्नुपरेको छ। अतः यस्ता बालबालिकाका लागि विशेष रूपले तयार पारिएका तथ्यमा आधारित सिकाइका कार्यक्रमको विकास आवश्यक छ । यसकारण यस्ता विशेष कार्यक्रमको अनुगमन गर्न विद्यालय क्षेत्रका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समता सूचकांक समेत राखेर एउटा ठोस समता रणनीतिको निर्माण र कार्यान्वयनको खाँचो छ (DoE, 2014) ।
- सहरी क्षेत्रमा असमानुपातिक रूपमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा रहेको कारणले पिछडिएका समूहका बालबालिकाको आधारभूत शिक्षाको पहुँच तथा टिकाउपनमा विभेद बढाएको छ । साथै एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा अवसरको तीव्र विस्तारका कारण कार्यक्रमको गुणस्तर सुनिश्चित गर्नमा पर्याप्त ध्यान पुग्न सकेको छैन । त्यसकारण त्यस्ता कार्यक्रमको गुणस्तर सुधार गर्ने कार्यलाई प्राथमिकतामा राख्नुका साथै समतामूलक पहुँचका लागि लक्षित कार्यक्रम अगाडि बढाउनुपर्छ ।

- अपांगता भएका बालबालिकाले पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा सबैभन्दा बढी चुनौतीको सामना गर्नु परिरहेको छ । तिनका आवश्यकता सम्बोधन गर्ने कार्यक्रमको तर्जुमाका लागि आवश्यक सूचना सीमित मात्र उपलब्ध छन् । त्यसकारण यस्ता बालबालिकाको निदान र उपचारका लागि सिफारिस गर्ने संयन्त्रको सुदृढीकरण र शैक्षिक व्यवस्थापन सूचना प्रणाली अन्तर्गत यस क्षेत्रका छुट्टाछुट्टै तथ्यांक संकलन तथा विश्लेषणको संयन्त्र विकास गर्नु महत्त्वपूर्ण हुने देखिएको छ । विपत्का दृष्टिले जोखिमयुक्त क्षेत्रमा बसोवास गर्ने प्राकृतिक विपत् प्रभावित बालबालिकाका लागि सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नु अर्को अहम् चुनौती पनि रहेको छ ।

माध्यमिक शिक्षाका, खास गरी कक्षा ११ र १२ मा विद्यार्थी भर्ना दर कम रहनु चिन्ताको विषय रहन गएको छ । अधिकांश विद्यार्थीहरू माध्यमिक शिक्षाको माथिल्लो तहमा पुगेपछि विद्यालय प्रणालीबाट बाहिरिने गर्दछन् । नेपाल जीवनस्तर मापन सर्भे (NLSS) का प्रतिवेदनले परिवारको घरायसी आर्थिक अवस्था र माध्यमिक तथा उच्च माध्यमिक शिक्षा (कक्षा ११ र १२) बीच मजबुत अन्तर्सम्बन्ध रहेको देखाएको छ (CBS, 2011) । यस सर्भेक्षणले कृषि कार्यमा परिवारलाई सघाउनुपर्ने दायित्वका कारण कक्षा ११ तथा १२ कक्षामा पुगेर विद्यार्थीले पढाइ छाड्नुपर्ने अवस्थाको सिर्जना हुनेतर्फ इंगित गरेको छ । यसका अतिरिक्त उक्त प्रतिवेदनले गरिब विद्यार्थीहरू कक्षा ११/१२ का लागि तिर्नुपर्ने मासिक शुल्क जुटाउने कठिनाइका कारण पनि विद्यालय छाड्न बाध्य हुने कुरा औंल्याएको छ ।

दक्षिण एसियाली मुलुकहरू मध्ये नेपालमा कम उमेरमै विवाह हुनेको दर सबैभन्दा उच्च रहेको छ । केन्द्रीय तथ्यांक विभागको एक सर्भेले देखाए अनुसार २०-४९ वर्षका १८ प्रतिशत महिलाले १५ वर्षको उमेरमा र सोही उमेर समूहका ४८.५ प्रतिशत महिलाले १८ वर्षको उमेरमा विवाह गरिसकेको पाइएको छ (CBS, 2014) । नेपालमा विवाहित केटीहरूले अविवाहितका तुलनामा विद्यालय छोड्ने सम्भावना ११ गुणाले बढी रहने तथ्यलाई पनि १५-१७ वर्ष उमेर समूहका केटीहरू र २०-२४ वर्षका महिलाले विद्यालय छोड्ने कारणका रूपमा प्रस्तुत गरिएको छ (Sekine & Hodgkin, 2016) । सन् २०१६ मा नेपाल सरकारले सन् २०३० सम्ममा कम उमेरमा विवाह गर्ने प्रथा समाप्त गर्ने राष्ट्रिय रणनीति अपनाएको छ । यस दस्तावेजमा उल्लेख गरिएका दूरदृष्टिलाई साकार गराउन शिक्षा मन्त्रालय लगायत सम्बद्ध मन्त्रालयहरूको सुदृढ सहकार्य र समन्वयको खाँचो रहने छ ।

आगामी समयमा देश संघीय प्रणालीमा गएपछि नयाँ प्रान्तहरूमा स्रोत साधनको कमी आउन सक्छ । शैक्षिक नतिजाका आधारमा मध्यपश्चिमका पहाडी तथा हिमाली क्षेत्र (कर्णाली प्रदेश) र मध्य तराई सीमान्तकृत समुदायको पकेट क्षेत्र मानिन्छ (DoE, 2014) । शिक्षाका पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका सन्दर्भमा विद्यमान असमानता घटाउने कार्यक्रमको प्रवर्धन गर्नका लागि चाहिने स्रोत साधनको तथ्य तथा आवश्यकतामा आधारित न्यायपूर्ण वितरण प्रणालीको स्थापना चुनौतीपूर्ण हुने पनि देखिएको छ ।

## सक्षमता

योजनाको अपेक्षा अनुरूप शिक्षाको संस्थागत संरचनामा अझै सुधार हुन बाँकी नै छ । विद्यालय व्यवस्थापनमा खास गरी विद्यालय व्यवस्थापन समितिहरूलाई स्थानीय आवश्यकतामा आधारित योजना तर्जुमा गर्न तथा विद्यालयको शैक्षिकस्तर सुधारको सुनिश्चितता गर्ने भूमिका संस्थागत गर्न सकिएको छैन । विद्यार्थीको उपलब्धिको स्तर जाँचका लागि अर्थात् शिक्षाको मूल्यांकन भन्दा पनि शिक्षाका लागि मूल्यांकन गर्ने प्रयोजनका लागि नतिजामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई संस्थागत गर्न र तिनलाई योजना प्रक्रियामा समायोजन गर्न पनि बाँकी छ । पढाइ चक्र पूरा नगरीकनै विद्यालय छाड्ने दर सबैभन्दा बढी कक्षा १ मा ४.६ प्रतिशत र कक्षा ८ मा ५.२ प्रतिशत रहेको तथ्य पनि मनन योग्य छ (DoE, 2016) ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिमा शिक्षा क्षेत्रका आन्तरिक सक्षमतामा उल्लेख्य प्रगति भयो । सन् २००८ मा आधारभूत तहको शिक्षाको आन्तरिक सक्षमता ६५ प्रतिशत रहेकामा सन् २०१६ मा मुख्य कार्य सम्पादन सूचकमा वृद्धि भई ७६ प्रतिशत पुग्न गयो । यो प्रगति हुँदाहुँदै पनि खास गरी प्रारम्भिक कक्षामा तथा कक्षा ५ बाट ६ मा र कक्षा ८ बाट ९ मा संक्रमणका अवस्थामा हुने शैक्षिक क्षति टड्कारो रूपमा देखिएका छन् यद्यपि यस तहको क्षति माथिल्ला कक्षामा हुने क्षतिका तुलनामा कम प्रभावित रहेका छन् ।

शिक्षा क्षेत्रमा अपेक्षित निजी तथा सामाजिक-आर्थिक प्रतिफलको दर (विद्यालय शिक्षा प्रणालीको बाह्य सक्षमता) का सन्दर्भमा हेर्दा शैक्षिक उपलब्धि रोजगारीका अवसरमा रूपान्तरित हुन सकेको छैन । रोजगारीका अवसरको सबैभन्दा ठूलो बजारका रूपमा न्यून सीपका वैदेशिक रोजगारी मात्र रहेको देखिएको छ (EIU, 2014) ।

## सुशासन तथा उत्तरदायित्व

सुशासन तथा उत्तरदायित्वका प्रमुख चुनौती देहाय अनुसार छन्:

- कमजोर सार्वजनिक अर्थ व्यवस्थामा विनियोजित रकमको ढिलो निकासा हुने, बेरूजु हुने, प्रतिवेदन ढिलो प्राप्त हुने, विद्यालयको अभिलेख व्यवस्थामा कमजोरी आदि हुन्छन् । उक्त लक्षण नेपालको विद्यालय शिक्षा प्रणालीमा पनि देखिएको छ । अधिकांश विद्यालयले सामाजिक तथा आर्थिक लेखा परीक्षण गराउने गरेको भए तापनि तिनको सार्वजनिक वित्तीय व्यवस्थापनमा अझै सुधारको आवश्यकता छ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढ भए पनि यसले प्रदान गर्ने सूचनाको विश्वसनीयता, गुणस्तरीयता, पहुँच र तिनको प्रयोगलाई अझ सुदृढ गराउनु आवश्यक छ । विद्यालयमा आधारित विद्यमान एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीले विद्यार्थीका वैयक्तिक तहका सूचनाको आवश्यकतालाई सम्बोधन गर्न तथा समतामा आधारित शैक्षिक सूचकांक तथा लक्षित विनियोजन र छात्रवृत्ति तथा प्रोत्साहन योजनाको अनुगमनतर्फ लाग्न सूचित गरेको पाइएको छ ।
- निर्धारित समयभित्रै पाठ्य पुस्तकको छपाई तथा वितरणको चुनौती कायमै छन् ।
- शिक्षक कार्य सम्पादन मूल्यांकन तथा शिक्षकलाई जबाफदेही बनाउने अधिकार सीमित भएका कारणले प्रधानाध्यापकको पदका सम्बन्धमा उचित सम्बोधन गर्नुपर्ने आवश्यकता रहेको छ ।
- जिल्लाको शिक्षा बजेटलाई विद्यालय सुधार योजना तर्जुमासँग आबद्ध गराई सोको प्रभावकारी कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण रहेको छ ।
- विद्यालय सञ्चालन तथा व्यवस्थापन (विद्यालय व्यवस्थापन समितिको भूमिका समेत) लाई नयाँ संविधानको भावनासँग सम्बद्ध गर्न विद्यमान नियम कानूनको पुरावलोकन गर्न आवश्यक देखिएको छ ।

विद्यालय सञ्चालन तथा व्यवस्थापनका देहाय अनुसार दुई समसामयिक चुनौतीहरू पनि रहेका छन्:

- मुलुक संघीयतामा प्रवेश गरेपछि शैक्षिक योजना निर्माण तथा व्यवस्थापनको विकेन्द्रीकरण गर्न शिक्षा प्रणालीभित्र मानवीय संसाधन तथा संस्थागत क्षमता अभिवृद्धिका मागमा बढोत्तरी हुनेछ साथै उपयुक्त सीप एवम् सक्षमता तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन सुनिश्चित गर्न विद्यमान संस्थागत क्षमतालाई अझ सुदृढ गराउनुपर्ने देखिन्छ । संघीय रूपान्तरणका साथै पर्याप्त संस्थागत क्षमताको सुनिश्चितता चुनौतीपूर्ण हुने पनि देखिएको छ ।
- २०७२ को भूकम्पले ठूलो मात्रामा निर्माण तथा पुनर्लाभका आवश्यकताका साथै गैर संरचना (भत्किएको संरचनाका कारणले शिक्षकले एकै कक्षाकोठामा धेरै कक्षाहरू चलाउनु परेको) का आवश्यकताहरू आइपरेकाले नयाँ चुनौती थपेको छ । विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनले साबिकको तथा हालको आवश्यकता बीच सन्तुलित सम्बोधन गर्नुपर्ने पनि हुन्छ ।

समग्रमा शिक्षक तथा विद्यालय व्यवस्थापकहरूको क्षमता विकासका लागि:
"अब संकुचित रूपका तालिम दिने परिपाटीबाट अघि बढेर क्षमता तथा संस्थागत विकासका निमित्त समग्र योजना गर्नुपर्छ। यसो भएमा मध्यम तथा दीर्घकालीन दुबै खाले शैक्षिक विकासका रणनीति तथा उपलब्धिको दिगोपनामा सुधार आउने छ" (EU, 2015)।

## १.४ विद्यालय क्षेत्र विकास योजनाको वित्तीय व्यवस्था

चौधौँ आवधिक योजना (२०७३-२०७६), (राष्ट्रिय योजना आयोग, २०७३) र शिक्षा क्षेत्र विश्लेषण (MoE, NIRT, & AIR, 2016) ले शिक्षा क्षेत्रका लागि प्रक्षेपण गरेका कुल गार्हस्थ उत्पादन दर वृद्धिका फरक फरक आँकलन प्रस्तुत गरेका छन्। सन् २०७२ को भूकम्पले पारेका प्रतिकूल प्रभावलाई समेत दृष्टिगत गरी सन् २००८ देखि २०१५ सम्मका वृद्धि दरको औसतका आधारमा यस योजनाको प्रयोजनका लागि कुल गार्हस्थ उत्पादन दरको आँकलन गरिएको छ। प्रक्षेपणको सबैभन्दा उपयुक्त परिदृश्यका आधारमा विद्यालय क्षेत्र विकास योजनाका ७ वर्षमा जम्मा १०,५७७ मिलियन अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ, जसमध्ये प्रथम ५ वर्ष (आ.व. २०१६/०१७-२०२१/०२२) का लागि ६,४६१ मिलियन डलर खर्च हुने अनुमान छ।

आधारभूत शिक्षा उमेर समूहका विद्यार्थी घट्ने र माध्यमिक तहमा स्थानान्तरित हुनेको संख्या बढ्ने प्रक्षेपण गरिएको समयमा यस योजनाको निर्माण भएको छ (MoE, 2016)। यसले गर्दा प्राथमिकताको पुनर्निर्धारण र तदनुरूप लागतको आँकलन गर्नुपर्ने छ। यसो हुँदा कक्षा १-५ मा विद्यार्थी संख्या घट्न गई प्रति विद्यार्थी थप लगानी उपलब्ध हुने भएकाले आधारभूत तहमा शैक्षिक गुणस्तर सुधारका अवसर बढ्ने छ। शासकीय व्यवस्था, वित्तीय स्वरूप तथा जनसांख्यिक बनोटमा अत्यन्तै छिटो परिवर्तन भइरहेको वर्तमान परिप्रेक्ष्यमा लगानीको औचित्य स्थापित गर्नु महत्त्वपूर्ण कार्य हुने छ। विद्यालय क्षेत्र विकास योजनाले यसको कार्यान्वयन गर्दा परिवेश तथा आवश्यकताका विविधता सम्बोधन गर्न लचिला पद्धतिको अवलम्बन गरेर स्तरीकृत न्यूनतम गुणस्तर मापदण्ड सुनिश्चित गर्नमा ध्यान केन्द्रित गर्ने गरी यो योजना तयार गरिएको छ।

## १.५ अवसरहरू

विगतका प्रयत्नको परिणाम स्वरूप स्थापित विद्यालय शिक्षाको आधारशीलाले नेपालमा नयाँ योजना तथा कार्यक्रम निर्धारण तथा कार्यान्वयन गर्न सहजता प्रदान गरेको छ। विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत हासिल उपलब्धि तथा चुनौतीहरूको पहिचानले विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनका लागि ठोस, प्रभावकारी तथा दक्षतायुक्त आधारशीला प्रदान गर्दछ। यस योजनाका केही महत्त्वपूर्ण अवसरहरू देहाय अनुसार सूचीकृत गरिएका छन्:

(क) सरकारी योजना तथा नीतिमा विद्यालय तहको शिक्षाले उच्च प्राथमिकता प्राप्त गरेको छ।

(ख) गाउँ तथा समुदायका तहसम्म पर्याप्त संख्यामा विद्यालयहरू खुलेका छन् र तिनले विद्यार्थी भर्नाको मागको दिगो सम्बोधन गर्ने क्षमता राख्छन्।

(ग) एकीकृत समता रणनीति आफ्नै विशेष प्रकारको पहिलो रणनीति हो (DoE, 2014)। यसका दुई पक्ष छन्। विभेदमा आधारित सूत्र मार्फत स्रोतको विनियोजनको प्राथमिकीकरण र विद्यमान लक्ष्य केन्द्रित समता रणनीति। यी अबका मुख्य अवसर पनि हुन्।

(घ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरू योजना (MoE, 2013) को कार्यान्वयनका सन्दर्भमा विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेट उपलब्ध भएकाले विद्यालय तहमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको स्तर वृद्धि भएको छ।

(ङ) नेपालको संविधानले शिक्षाप्रति प्रतिबद्धता जाहेर गरेको छ र सन् २०३० सम्ममा विश्वव्यापी शिक्षाको घोषणा गरेको छ (UNESCO, 2015)। यसले नेपालको शिक्षा विकासमा अन्तर्राष्ट्रिय सहयोग तथा सहकार्यलाई बढावा दिने छ।

(च) शिक्षकको पेसागत ज्ञानमा वृद्धि भइरहेको छ । प्रतिस्पर्धात्मक छनोटका आधारमा हालै शिक्षकहरूको नियुक्ति गरिएको छ । यस प्रकारका अभ्यासले निरन्तरता पाउने छ ।

(छ) समग्र गुणस्तर, परीक्षा प्रणाली, शिक्षक छनोट, शिक्षक तालिम, पेसागत विकास तथा विद्यार्थीको उपलब्धि मापनका लागि पाठ्यक्रम विकास तथा विद्यालय व्यवस्थापनका निमित्त कार्यमूलक संयन्त्र विद्यमान छ ।

(ज) शिक्षामा घर परिवारको लगानी बढ्दो क्रममा रहेको छ र यसले शिक्षाको कुल खर्चको ४८ प्रतिशत हिस्सा ओगटेको अनुमान गरिएको छ । यसले विद्यार्थीका अभिभावकहरू आफ्ना सन्ततिको शिक्षाका लागि सहयोग तथा लगानी गर्न तत्पर रहेको देखाउँछ (CBS, 2016) । साथै गैरसरकारी संस्था तथा अरू नागरिक समाजको शिक्षामा संलग्नता पनि बढ्दो क्रममा रहेको छ ।

(झ) समग्र शिक्षा क्षेत्र मुलुकलाई अल्पविकसित राष्ट्रको दर्जाबाट माथि उठाउने र वैदेशिक रोजगारीका लागि सीपको प्रमाणीकरण गर्ने राष्ट्रिय लक्ष्य प्रति प्रतिबद्ध छ ।

(ञ) वि.सं. २०७९ सम्ममा नेपाललाई अल्पविकसितबाट विकासशील राष्ट्रमा रूपान्तरण गर्ने र वि.सं. २०८७ सम्ममा मध्यम आय मुलुक बनाउने प्रतिबद्धताले दिगो विकास लक्ष्य अन्तर्गतको जीवनपर्यन्त शिक्षाका लागि प्रेरणा प्रदान गरेको छ ।

(ट) २०७२ सालको भूकम्पको प्रभाव आँकलनका लागि शिक्षा क्षेत्रले संकलन गरेका विस्तृत तथ्यांकले विद्यालयहरूको सुरक्षा सुनिश्चित गरिनुपर्ने व्यापक चासो जागृत गराएको छ । अतः शिक्षा क्षेत्रले विपत् जोखिम न्यूनीकरण रणनीतिको विकास कार्यको थालनी गरिसकेको छ । यस क्षेत्रले सरोकारवालाहरूको उत्थानशीलता तथा आकस्मिक योजनालाई अद्यावधिक गरेको छ । शिक्षाका पुनर्संरचना तथा पुनर्लाभका लागि विद्यालयहरूको प्रबलीकरण जस्ता अभ्यासहरूबाट सिकिएका पाठहरूको उपयोग, योजना निर्माण तथा कार्यान्वयन गरिने छ ।

(ठ) संविधानले परिकल्पना गरेका संस्थागत व्यवस्थाले प्रान्त तथा स्थानीय निकायहरूलाई विद्यालय शिक्षाका प्रावधानको सुपरिवेक्षण गर्न अनुकूलता प्रदान गरेको छ ।

(ड) दिगो विकास लक्ष्यप्रति जाहेर गरिएको प्रतिबद्धता अनुसार यौनिकता शिक्षाको थालनी गरेर शिक्षा क्षेत्रमा स्वास्थ्य तथा पोषण एवम् विद्यालयमा स्वास्थ्य सुविधाका लागि पानी तथा सरसफाइका अवस्थाको सुधारप्रति सरकार, नागरिक समाज तथा दातृ निकायहरू प्रतिबद्ध रहेका छन् ।

(ण) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको थालनी र सोको राष्ट्रव्यापी उपयोगबाट पहुँचको सुदृढीकरण तथा उपलब्ध सूचनाको प्रयोगबाट शिक्षाका सरोकारवालाहरूलाई आवश्यकतामा आधारित योजनाको निर्माण तथा उत्तरदायित्वको अभिवृद्धि गर्न सहयोग पुग्ने छ ।

# २. दूरदृष्टि

## २.१ विद्यालय क्षेत्र विकास योजनाको दूरदृष्टि

तेऱ्हौं आवधिक योजना (NPC, 2014), दिगो विकास लक्ष्यको दूरदृष्टि (NPC, 2015a) र चौधौँ आवधिक योजना (NPC, 2016) अनुसार नै विद्यालय क्षेत्र विकास योजनाले देहाय अनुसारको दूरदृष्टि निर्धारण गरेको छः

### दूरदृष्टि

राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउनु ।

## २.२ विद्यालय क्षेत्र विकास योजनाको अभियान, लक्ष्य, प्रयोजन र उद्देश्य

विद्यालय क्षेत्र विकास योजनाले देहायका अभियान, लक्ष्य तथा प्रयोजनको विकास गरी मुलुकको वि.सं. २०७९ को दूरदृष्टि साकार गराउन मद्दत गर्नेछः

### विद्यालय क्षेत्र विकास योजनाको अभियान

नेपाललाई वि.सं. २०७९ सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट माथि उठाउनु र वि.सं. २०८७ सम्ममा मुलुकलाई मध्यम आय मुलुकमा रूपान्तरण गर्न आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु ।

### विद्यालय क्षेत्र विकास योजनाको लक्ष्य

मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न आवश्यक कार्यमूलक साक्षरता, गणितीय सीप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सीपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै निरन्तर एवम् समावेशी प्रयत्नमार्फत जनशक्तिको क्षमता विकासका गरी मुलुकको सामाजिक आर्थिक विकासमा योगदान पुऱ्याई विद्यमान असमानता घटाउनु ।

### विद्यालय क्षेत्र विकास योजनाको प्रयोजन

देहायका उद्देश्य हासिल गरी नेपालको शिक्षा क्षेत्रमा समता, गुणस्तर सक्षमता, सुशासन तथा व्यवस्थापकीय सुधार गर्नुः

**समताः** पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले शिक्षा प्रणालीमा पछाडि परेका समुदाय विशेष गरी समूह-समूहका बीचमा हुने विभेदलाई न्यूनीकरण गरी सबैका लागि समतामूलक पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि सुनिश्चित गर्नु ।

**गुणस्तरः** सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण-सिकाइ सामग्री (पाठ्यपुस्तक लागयत), शिक्षण विधि, मूल्यांकन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिवृद्धि गराई विद्यार्थीको सिकाइ सुधारमा सुनिश्चित प्रदान गर्नु ।

**सक्षमताः** समग्रतामा सिकाइ वातावरण तथा शिक्षण सिकाइ पद्धतिका न्यूनतम र सर्वस्वीकार्य मापदण्ड स्थापित गरी सुशासन तथा व्यवस्थापकीय पद्धतिको सुदृढीकरणबाट विद्यालय शिक्षा प्रणालीलाई स्थानीय सरकारप्रति उत्तरदायी बनाउनु ।

**सुशासन तथा व्यवस्थापन**: पहिचान भएका आवश्यकता तथा संघीय स्वरूपलाई ध्यानमा राख्दै शिक्षा क्षेत्रको राजनीतिक तथा प्रशासनिक पुनर्संरचना गर्दै संघीय, प्रान्तीय एवम् स्थानीय तहबीच लागत साझेदारीको अवधारणा अनुरूप दिगो र सुदृढ आर्थिक व्यवस्थापन सुनिश्चित गर्नु ।

**उत्थानशीलता**: विद्यालयहरूलाई द्वन्द्वबाट सुरक्षित भएको सुनिश्चित गर्न विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी, शिक्षक एवम् समुदाय बीच सहकार्य र सौहार्दता अभिवृद्धि गरी बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण गर्दै शिक्षालाई समग्रतामा मूलप्रवाहीकरण गर्नु ।

पछिल्ला परिच्छेदहरूमा शिक्षाका सबै तहका लागि योजनाका विशिष्ट उद्देश्य तथा अन्तरसम्बन्धित विषयहरू उल्लेख गरिएका छन् । यिनको प्राप्तिबाट योजनाका प्रयोजन, लक्ष्य, अभियान तथा दूरदृष्टि साकार हुने छन् ।

## २.३ नीतिगत कार्यढाँचा

नयाँ संविधान अन्तर्गत बदलिएको राजनीतिक-समाजिक परिप्रेक्ष्यले मुलुकको सुशासन तथा व्यवस्थापकीय पद्धतिको सुधारका लागि आधारशीला प्रदान गरेका छन् । साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट सिकिएका पाठ तथा असल अभ्यासका आधारमा देहाय अनुसारका नीति तथा साधनले विद्यालय क्षेत्र विकास योजनाको दस्तावेज निर्माणका मागनिर्देश प्राप्त भएका छन्:

### संवैधानिक प्रावधान तथा कानून

नेपालको संविधानले विद्यालय क्षेत्र विकास योजना तर्जुमाको आधारशीला प्रदान गरेको छ र त्यसपछि पारित सम्बद्ध नीति, ऐन तथा नियमावलीले यसको कार्यान्वयनका लागि मार्गप्रशस्त गरेका छन् । अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा जस्ता संविधानको भावना तथा जनादेश पूरा गर्न शिक्षा प्रणालीका शासकीय, व्यवस्थापकीय तथा सेवा प्रदायक संरचनालाई पुनर्निर्देशित गर्नुपर्ने आवश्यकता छ । त्यसै गरी शिक्षाका शासकीय तथा व्यवस्थापकीय पद्धतिलाई स्थानीय तहसम्म विकेन्द्रित गर्नुपर्ने अर्को महत्त्वपूर्ण कार्यभार पनि रहेको छ ।

### शिक्षा ऐनको आठौँ संशोधन

शिक्षा ऐनको आठौँ संशोधनले शिक्षा क्षेत्रमा कार्यमूलक तथा संरचनागत सुधारको आधार प्रदान गरेर सिकाइको वातावरण सुदृढ गराएको छ । यसले आधारभूत (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा देखि कक्षा ८ सम्म) र माध्यमिक शिक्षा (कक्षा ९-१२) लाई समायोजित गरेको छ । यस संशोधनका प्रमुख पक्षहरू देहाय अनुसार छन्:

- शैक्षिक नीतिहरूको पुनरावलोकन गरी आवश्यक परिमार्जनका लागि नेपाल सरकारलाई सिफारिस गर्न शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय शिक्षा परिषद्को स्थापना गर्ने ।
- राष्ट्रिय परीक्षा बोर्डको स्थापनामार्फत परीक्षा प्रणालीको सुधार तथा स्थानीय, प्रान्तीय र राष्ट्रिय तहमा परीक्षाको स्तरीकरण गर्ने ।
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई संस्थागत गर्ने ।
- विद्यालय व्यवस्थापन समितिमा सदस्यहरू आफू मध्येबाटै नियुक्ति तथा भूमिकाको निर्णय हुने ।
- शिक्षकको पद तथा प्रकारको औचित्य मार्फत शिक्षक व्यवस्थापनको सुदृढीकरण गर्ने ।

## सुशासन तथा व्यवस्थापन:

शिक्षा ऐनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालन तथा व्यवस्थापनको महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको भए तापनि संविधानले स्थानीय सरकारलाई प्रदान गरेका विस्तारित भूमिकाले विद्यालय व्यवस्थापन समितिका कार्य तथा जवादेहिताको पुनर्परिभाषा अपेक्षित भएको छ । सक्रिय र सुदृढ गाउँ शिक्षा समितिको व्यवस्थाले विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य तथा उत्तरदायित्वको पुनःसंयोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । संशोधित ऐनको व्यवस्थाले विद्यालय व्यवस्थापन समिति विद्यालय तहको योजना तर्जुमामा केन्द्रित रहने बनाएको छ भने प्रधानाध्यापकलाई शिक्षकको कार्य सम्पादनको मूल्यांकन तथा शिक्षकले काममै बिताउनुपर्ने समयको अनुगमन लगायत विद्यालयका समग्र शैक्षणिक पद्धतिको नेतृत्व प्रदान गर्ने विस्तारित र महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ विद्यालयको आन्तरिक तथा दैनिक व्यवस्थापनको जिम्मेवारी निर्वाहमा केन्द्रीत हुनुपर्ने तथा गाउँ तथा नगरपालिका खास गरी गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता, वित्तीय स्रोतको व्यवस्था लगायत प्रशासनिक र सञ्चालन सहयोगको जिम्मेवारी वहन गर्ने भूमिकामा रहेका छन् ।

## राष्ट्रिय आवधिक योजनाहरू:

तेऱ्हौं राष्ट्रिय आवधिक योजना (२०१३-२०१६) (NPC, 2014) ले नेपाललाई सन् २०२२ सम्ममा अल्पविकसितबाट विकासशील राष्ट्रमा रूपान्तरण गर्नका लागि आधार तय गरेको छ भने चौधौं योजना (२०१६-२०१९) (NPC, 2016) ले नेपाललाई वि.सं. २०८७ सम्ममा मध्यम आययुक्त मुलुकमा पुऱ्याउने लक्ष्य राखेको छ। यसका अतिरिक्त चौधौं योजनाले वि.सं. २०७२ सालको भूकम्पले पुऱ्याएको क्षतिको पुनर्स्थापनालाई प्राथमिकतामा राखेको छ । विद्यालय क्षेत्र विकास योजनाका साथै शिक्षा क्षेत्रका सबै उद्देश्यहरू समग्र राष्ट्रिय उद्देश्य प्राप्तिका लागि सम्बन्धित रहेका छन् ।

## अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सम्झौता र प्रतिबद्धता:

नेपालले ऐतिहासिक कालदेखि नै शिक्षासँग सम्बन्धित सम्झौताहरूको पालना गर्दै आएको छ । नेपाल सबैका लागि शिक्षा २०१५ प्रति पूर्ण प्रतिबद्ध रह्यो र अब सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने सम्बन्धमा पनि पूर्ण प्रतिबद्ध रहेको छ । यिनै प्रतिबद्धताहरूले आगामी ७ वर्षसम्मका लागि विद्यालय क्षेत्र विकास योजना र सोभन्दा पछिका लागि अवलम्बन गरिने रणनीतिहरूको तर्जुमा गर्न पनि आधारभूत मार्गदर्शन प्रदान गरेका छन् ।

## २.४ विद्यालय क्षेत्र विकास योजनाका कार्य सम्पादन सूचकहरू

तालिका २.१ मा विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनका प्रगति मापन गर्न ३० प्रकारका कार्य सम्पादन सूचकहरू दिइएका छन् । यी सूचकहरू समग्र कार्यक्रम नतिजा कार्यढाँचाको हिस्साका रूपमा रहेका छन् (अनुसूची २) । कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता अनुसार यिनमा समायोजन गरिने छ ।

## तालिका नं. २.१: विद्यालय क्षेत्र विकास योजनाका मुख्य कार्य सम्पादन सूचकहरू

| उप क्षेत्र / विषयगत क्षेत्र<br>सूचकहरू | | आधार रेखा (२०१५/१६) | ३ वर्षे योजनाको लक्ष्य (२०१८/१९ सम्म) | ५ वर्षे योजनाको लक्ष्य (२०२०/२१ सम्म) | ७ वर्षे योजनाको लक्ष्य (२०२२/२३ सम्म) |
|---|---|---|---|---|---|
| १. आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा समेत) | | | | | |
| १.१ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर | ८१[a] | ८६ | ८९.५ | ९४ |
| १.२ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा आवश्यक योग्यता प्राप्त शिक्षकको प्रतिशत | ९३.७[a] | ९५.५ | ९७ | १०० |
| १.३ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा एक महिने तालिम प्राप्त शिक्षकको प्रतिशत | ० | ३० | ६५ | १०० |
| १.४ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव भइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ६२.४ | ६८.५ | ७३ | ८५ |
| १.५ | कक्षा १ मा कुल भर्ना दर | १३६.७[a] | १३०.५ | १२७ | ११५ |
| १.६ | कक्षा १ मा खुद भर्ना दर | ९३.९[a] | ९५ | ९६ | १०० |
| १.७ | कुल भर्ना दर आधारभूत शिक्षा (कक्षा १-५) | १३५.४[a] | १३०.५ | १२५.५ | ११५ |
| १.८ | खुद भर्ना दर आधारभूत शिक्षा (कक्षा १-५) | ९६.६[a] | ९७.५ | ९८.५ | १०० |
| १.९ | कुल भर्ना दर आधारभूत शिक्षा (कक्षा १-८) | १२०.१[a] | ११८ | ११५ | ११२ |
| १.१० | खुद भर्ना दर आधारभूत शिक्षा (कक्षा १-८) | ८९.४[a] | ९४ | ९७ | १०० |
| १.११ | आधारभूत शिक्षा (कक्षा १-८) को खुद भर्ना दरमा लैंगिक समता सूचकांक | १[a] | १ | १ | १ |
| १.१२ | कक्षा ८ मा टिकाउ दर | ७६.६ | ८६ | ९२ | ९७ |
| १.१३ | आधारभूत शिक्षाको तह पूरा गर्नेको दर | ६९.६[a] | ७८.५ | ८५ | ९० |
| १.१४ | आधारभूत शिक्षा (५–१२ वर्ष उमेर) का विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १०.६[a] | ७.५ | ५ | ० |
| १.१५ | कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत | १२.८ | १४.१ | १५.६ | १७.२ |
| १.१६.१ | कक्षा ५ मा विद्यार्थीको सिकाइ उपलब्धिको प्राप्तांक प्रतिशत | गणित: ४८[b] | ५२ | ५६ | ६० |
| १.१६.२ | | अंग्रेजी: ४७[b] | ५३ | ५७ | ६० |
| १.१६.३ | | नेपाली: ४६[b] | ५४ | ५९ | ६५ |
| १.१७.१ | कक्षा ८ मा विद्यार्थीको सिकाइ उपलब्धिको प्राप्तांक प्रतिशत | गणित: ३५[c] | ४८ | ५५ | ६० |
| १.१७.२ | | नेपाली: ४८[c] | ५२ | ५७ | ६२ |
| १.१७.३ | | विज्ञान: ४१[c] | ४९ | ५५ | ६० |
| २. माध्यमिक शिक्षा | | | | | |
| २.१ | कक्षा ९-१२ को कुल भर्ना दर | ५६.७[a] | ७२ | ८५ | ९० |
| २.२ | कक्षा ९-१२ को खुद भर्ना दर | ३७.७[a] | ४५ | ५३ | ६० |
| २.३ | कक्षा १० सम्मको टिकाउ दर | ३७.९[a] | ५० | ६५ | ७५ |
| २.४ | कक्षा १२ सम्मको टिकाउ दर | ११.५ | १८ | २५ | ३१ |
| २.५ | माध्यमिक शिक्षा (कक्षा १-१२) मा लैंगिक समता सूचकांकका आधारमा खुद भर्ना दर | ०.९९[a] | १ | १ | १ |
| २.६ | नमुना विद्यालयको संख्या | ० | ३४० | ५४० | १००० |

| उप क्षेत्र / विषयगत क्षेत्र<br>सूचकहरू | | आधार रेखा (२०१५/१६) | ३ वर्षे योजनाको लक्ष्य (२०१८/१९ सम्म) | ५ वर्षे योजनाको लक्ष्य (२०२०/२१ सम्म) | ७ वर्षे योजनाको लक्ष्य (२०२२/२३ सम्म) |
|---|---|---|---|---|---|
| २.७ | प्राविधिक विषयमा कक्षा ९-१२ मा भर्ना हुने विद्यार्थीको संख्या | ९,७५०[a] | ७२,५४० | १,०२,६०० | १,२६,६०० |
| ३. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | | | | | |
| ३.१ | ६ वर्ष माथिको साक्षरता दर | ७८[d] | ८५ | ८७ | ९० |
| ३.२ | १५-२४ वर्ष माथिको साक्षरता दर | ८८.६[e] | ९२ | ९५ | ९८ |
| ३.३ | १५ वर्ष माथिको साक्षरता दर | ५७[f] | ७० | ७५ | ८० |
| ४. शिक्षक व्यवस्थापन तथा पेसागत विकास | | | | | |
| ४.१ | आधारभूत तहमा महिला शिक्षकको प्रतिशत | ३८.८ | ४२ | ४५ | ५० |
| ४.२ | माध्यमिक तहमा महिला शिक्षकको प्रतिशत | १५.१ | १८ | २० | २२ |
| ५. क्षेत्रगत आर्थिक व्यवस्था | | | | | |
| ५.१ | शिक्षामा राष्ट्रिय बजेटको कुल प्रतिशत | १२.०४ | १५ | १७ | २० |

*Sources: a. DoE (2016); b and c. ERO (2016); d. NPC (2016); e. NPC (2014); f. CBS (2012); g. RTI (2014)*

# ३. विद्यालय क्षेत्र विकास योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त

विभिन्न शृंखलामा नेपालमा कार्यान्वयन भएका शैक्षिक योजना तथा कार्यक्रमको परिणाम स्वरूप नेपालमा विगतका दुई दशकमा शिक्षा क्षेत्रमा ठूलो प्रगति भएको छ। यस क्षेत्रका समग्र चुनौतीहरू पनि पहिचान भइसकेका छन् (हेरौं खण्ड १.४)। शिक्षा क्षेत्रमा, खास गरी विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट हालसम्म हासिल गरिएका उपलब्धिका जगमा उचाइ थप्दै आवश्यक देखिएका नतिजा क्षेत्रको सुधारमा केन्द्रित भएर विद्यालय क्षेत्र विकास योजनाको तर्जुमा भएको छ। विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा यसअघि सञ्चालन गरिएका योजना तथा कार्यक्रमका परिणाम स्वरूप नेपालका अधिकांश बालबालिकाको शिक्षाको पहुँचमा उल्लेख्य उपलब्धि हासिल भएको छ। अबको उद्देश्य गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नु हो। तथापि विगतका अनुभवले सीमित लगानीबाट अपेक्षित उद्देश्य प्राप्त हुन नसक्ने तथ्यलाई उजागर गरेको छ। सबै बालबालिकाले गुणस्तरीय शिक्षाबाट लाभान्वित होउन् र उच्च सिकाइ उपलब्धि हासिल गर्न सकुन् भन्नाका लागि सबै क्षेत्रहरूमा प्रभावकारी रणनीतिको अवलम्बन गरी समतामूलक प्रणालीको विकास गर्नुपर्ने देखिन्छ।

विद्यालय क्षेत्र विकास योजना परिवर्तनको सिद्धान्तमा आधारित छ। शिक्षा क्षेत्र विश्लेषण (MoE, NIRT & AIR, 2016) ले पनि यस सिद्धान्तलाई उपयोग गरेको थियो। उल्लेखित विश्लेषणमा विगतका दशकको शिक्षा क्षेत्रबाट संकलित परिमाणात्मक तथा गुणात्मक सूचनाको विस्तृत उपयोग भएको थियो। यसका लागि विषयगत कार्य समूहको सहयोग लिइएको थियो। विश्लेषणका क्रममा विभिन्न सरोकारवाला तथा विज्ञहरू बीच व्यापक परामर्श तथा अन्तरक्रियाका गरिएको थियो। शिक्षा क्षेत्र विश्लेषणलाई समेत आधार लिई यस योजनाको खण्ड २ मा सन्दर्भ, प्रगति, विद्यमान चुनौती, कठिनाइ आदिको विश्लेषणका आधारमा मुख्य नतिजा तथा उपलब्धिको पहिचान गरिएको छ।

योजनाले लक्षित वर्ग तथा क्षेत्रमा विभिन्न रणनीति तथा क्रियाकलापका माध्यमबाट प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि माध्यमिक शिक्षा तहसम्मका सबै प्रगतिमा दिगोपना ल्याउनु आवश्यक छ। सबै लक्षित वर्ग तथा क्षेत्रमा, प्रत्येक चरणमा, प्रत्येक योजनाका अवयवहरूका प्रगति हुनु आवश्यक छ। शिक्षा क्षेत्रमा समता, गुणस्तरीयता, दक्षता, सुशासन तथा व्यवस्थापन तथा उत्थानशीलतामा सुधार गर्नका लागि प्रत्येक रणनीतिक प्राथमिकताका क्षेत्रमा हासिल सफलताको सञ्चित प्रभावले विद्यालय क्षेत्र विकास योजनाका उद्देश्य पूरा हुनेछन्। विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनका सिद्धान्तलाई अनुसूची ३ मा प्रस्तुत् गरिएको छ।

## ३.१ परिवर्तनको आवश्यकता

शिक्षा क्षेत्रको विश्लेषणले यस क्षेत्रको विकास तथा सुधारका लागि मुख्यतः ३ प्रकारका आवश्यकता पहिचान गरेको छ। नेपालको संविधानले शिक्षालाई नागरिक हकका रूपमा प्रत्याभूत गर्दै भनेको छ,

*'शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने' (धारा ५१ ज १)।*

यसरी संविधानले शिक्षालाई राष्ट्रिय विकास तथा राष्ट्रिय हितको उत्थानको प्रमुख माध्यमका रूपमा हेरेको छ। यसै सन्दर्भमा शिक्षामा देहाय अनुसारका सुधार गर्नुपर्ने तिन कुरामा जोड दिएको छ। (१) विपत् पश्चात्को पुनर्लाभ, (२) जनसांख्यिक लाभ (Demographic Dividend) र (३) अल्पविकसित अवस्थाबाट माथि उठ्ने।

## विपत् पश्चात्को पुनर्लाभ

नेपाल भारतीय र युरेसियन प्लेट बीच अवस्थित रहेकाले विश्वमै भूकम्पका दृष्टिले उच्च जोखिमयुक्त मुलुकमा गनिन्छ । ९,००० जनाभन्दा बढी मानिसको ज्यान लिने गरी २०७२ वैशाखमा गएको भूकम्प नेपालमा विगत ८० वर्षयताकै सबैभन्दा ठूलो मानिन्छ । यस भूकम्पले ३५,००० भन्दा बढी कक्षाकोठाहरू नराम्ररी क्षतिग्रस्त भए र दसौँ लाख बालबालिकाहरू सिकाइका स्थायी एवम् सुरक्षित वातावरणको पहुँचबाट वञ्चित भए (NEC, 2015) । तथापि भूकम्प प्रभावित समुदायले सुरक्षित ओत पछिको दोस्रो प्राथमिकतामा शिक्षालाई राखेको देखियो (NEC, 2015) ।

विपत् पश्चात्को अवस्थाको दृष्टिकोणबाट हेर्दा शिक्षाको सुधार मानवीय आवश्यकता हो किनभने राम्रा विद्यालयले उत्थानशील भवनमा उत्थानशील मानिस हुनुपर्नेमा जोड दिन्छ । भन्नुको तात्पर्य सुधारिएका संरचनात्मक डिजाइनले अपांगता लगायत सबै बालबालिकाको सुरक्षा सुनिश्चित गर्दछ । यसको मतलब उत्थानशील शिक्षक, विद्यार्थी तथा समुदाय आफ्नै भरमा विपत् जोखिमका निमित्त जिम्मेवारी लिन र विपत्का समयमा हुने क्षतिलाई कम गर्न तत्पर छन् भन्ने हो ।

त्यसकारण नेपालको शैक्षिक सुधारको प्रयास शिक्षा क्षेत्रको विपत् पश्चात्को आवश्यकतालाई सुरक्षित संरचना, विद्यालय तहको विपत् व्यवस्थापन तथा उत्थानशील समुदाय लगायत विद्यालय सुरक्षाको समग्रता मार्फत सम्बोधनको सुनिश्चितता हो, जसका लागि शिक्षाले नै प्रमुख भूमिका निर्वाह गर्छ ।

## जनसांख्यिक लाभ (Demographic Dividend) अवसरको सम्भावना

जनसंख्यामा अधिकतम महिला सहभागिता सहित श्रम शक्तिको बाहुल्य भएमा कुल ग्रार्हस्थ उत्पादनमा वृद्धि भई मुलुकको आर्थिक वृद्धि दर बढ्न जान्छ र यस्तो अवस्थामा नै अवसरका सम्भावनाको झ्याल खुल्छन् (Bailey, 2006) । नेपालमा सन् २०१६ देखि २०२५ सम्म जनसांख्यिक लाभको अवस्था कायम रहने छ र सन् २०३० सम्ममा यसमा संकुचन आउने प्रक्षेपण गरिएको छ । जनसंख्याको यस किसिमको गिरावटले अबको दश वर्षका अवधिमा अपेक्षित रूपले नेपालको जनसंख्या घट्ने र श्रमशक्तिको आयतन बढ्ने भएकाले मुलुकको जनसंख्याले एकपटक सम्भावनाको झ्याल खोल्छ र त्यसले परिवर्तनलाई अवश्यम्भावी गराउँछ ।

जनसांख्यिक लाभको आयतनले युवा जनशक्तिको उत्पादनशीलतालाई जोड्ने काम गर्दछ (Lee & Mason, 2006) । अन्य दक्षिण एसियाली मुलुकझैँ नेपालमा जनसांख्यिक लाभको सुरुआत सन् १९८० को मध्यदेखि भएको हो । यहीँनेर शिक्षामा पनि परिवर्तनको आवश्यकता पर्न गएको हो । नेपालको वर्तमानको १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूको शिक्षाको उपलब्धिको आधारमा हेर्दा जनसंख्याको यस हिस्सामा १२ प्रतिशतले शिक्षा नलिएको, १० प्रतिशतले प्राथमिक शिक्षा पूरा नगरेको र ४१ प्रतिशतले माध्यमिक शिक्षा पूरा नगरेको देखिन्छ (CBS, 2011) । गुणात्मक शिक्षा तथा तालिममा गरिने प्रमुख लगानीले उच्च उत्पादनशील नागरिक राष्ट्रिय उन्नतिका कारक हुन्छन् भन्ने मान्यता राख्छ । नेपालबाट वैदेशिक रोजगारीमा जानेको संख्या सन् २००१ मा ७,६२,१८१ बाट वृद्धि भई २०११ मा १९,२१,४९४ पुग्न गयो । यस अवधिमा जनसंख्या वृद्धिदरमा हुने गिरावटले बाहिर जाने जनशक्ति पनि घट्ने हुनाले विस्तारै मुलुकमा भित्रिने विप्रेषणको दरमा पनि गिरावट आउने सम्भावना देखिन्छ ।

## नेपालको वि.सं. २०७९ र २०८७ को दूरदृष्टि

वि.सं. २०७९ सम्ममा अल्पविकसितबाट विकासशीलमा र २०८७ सम्ममा मध्यम आययुक्त मुलुकमा रूपान्तरण हुने नेपालका आवधिक योजनाले राखेका दूरदृष्टिले पनि विद्यालय क्षेत्र विकास योजनाले निर्धारण गरेका उद्देश्य तथा लक्ष्य

हासिलमा अनुकूल वातावरण सिर्जना गरेको देखिन्छ । राष्ट्रिय योजना आयोगले (१) उत्थानशील राष्ट्रको पुनर्निर्माण (२) उद्यमशील किसान र उत्पादनशील खेती (३) सचेत र सशक्तिकृत महिला सहितको लैंगिक समानता (४) पूर्वाधारको निर्माण र रोजगारीको अवसरको सिर्जना (५) उत्पादनमा वृद्धिदर बढाउन नीतिगत सुधार, (६) प्रतिस्पर्धात्मक बजारसँग समुदायको आबद्धता, र (७) संरक्षण मार्फत प्राकृतिक स्रोतमा बढोत्तरी जस्ता लक्ष्यको पहिचान गरेको छ । यी लक्ष्यहरूको प्राप्तिका लागि राष्ट्रको दूरदृष्टिमा विश्वास गर्ने र राष्ट्रले निर्धारण गरेका लक्ष्य हासिल गर्न आवश्यक पर्ने सीप हासिल गरेका उद्‌यमशील, उत्पादनशील तथा स्रोतपूर्ण नागरिकको आवश्यकता पर्दछ ।

राष्ट्रिय योजना आयोगले वि.सं. २०७९ सम्ममा अल्प विकसितबाट विकासशील र त्यसपछि वि.सं. २०८७ सम्ममा मध्यम आययुक्त मुलुकमा रूपान्तरित हुनका लागि पहिचान गरेका ९ प्रकारका लक्षित क्षेत्रमध्ये शैक्षिक सक्षमतामा सुधार तथा विज्ञान एवम् प्रविधि एउटा प्रमुख क्षेत्र रहेको छ (NPC, 2014) । विकासशील मुलुकका रूपमा स्तरोन्नति हुनका लागि नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आम्दानी अल्प विकसित तहभन्दा २० प्रतिशत माथि, मानवीय पूँजी सूचकांक Human Assets Index (HAI) १० प्रतिशत माथि र आर्थिक संकटासन्न सूचकांक (Economic volnurability index) मा १० प्रतिशत तल हुनुपर्दछ ।

## ३.२ परिवर्तनका लागि विद्यालय क्षेत्र विकास योजनाको रणनीतिक प्राथमिकता क्षेत्र

विकासका उल्लिखित सूचकहरू तथा विद्यालय क्षेत्र विकास योजनाका उद्देश्य एवं लक्ष्यलाई दृष्टिगत गरी परिवर्तनका लागि विद्यालय क्षेत्र विकास योजनाका देहायका रणनीतिक प्राथमिकताका क्षेत्र पहिचान गरिएका छन् । यसका लागि शैक्षिक विकास तथा सुधारका कार्यक्रम सँगसँगै अगाडि बढ्नु आवश्यक छः

### विकेन्द्रित शासन र संघीयता

**चुनौतीहरूः** वर्तमान नेपालको संविधान राष्ट्रका लागि ठूलो उपलब्धि हो । तथापि शासन प्रणालीमा गरिएको संघीय व्यवस्थाले शिक्षा क्षेत्र कसरी अगाडि बढ्छ भन्ने सम्बन्धमा धेरै चुनौतीहरू खडा गराएको छ । संघीय प्रणाली लागु भएपछि नीति तथा नियमनकारी कार्यढाँचा लगायत शिक्षा क्षेत्रमा संरचनागत तथा कार्यमूलक सुधारको आवश्यकता पर्ने छन् । यी परिमार्जन तथा सुधारहरू विद्यालय क्षेत्र विकास योजनाका प्रथम वर्षमा गर्नुपर्ने हुन्छ ।

**अवस्थाः** संविधानले शिक्षालाई नागरिकका मौलिक हकका रूपमा स्थापित गरेको छ र शिक्षाका अन्य हकका सम्बन्धमा संघीय राज्यका निर्देशक सिद्धान्त समेत उल्लेख गरेको छ । यसले विद्यालय क्षेत्र विकास योजनाको विकासका लागि सीमा प्रदान गरेको छ । संघीय प्रणाली तर्फको रूपान्तरण दशकौं पहिले शुरू गरिएको विकेन्द्रीकरणको अग्रगामी परिणाम हो । सन् १९६० मा सरकारले विकेन्द्रित शासनका लागि स्थानीय निकायहरूको गठन गरेको थियो । त्यसयता समय समयमा भएका राजनीतिक उतार चढावसँगै स्थानीय निकायहरूले फरक फरक दक्षताका साथ काम गर्दै आएका थिए । संघीय प्रणालीले तिनका काम र उत्तरदायित्वको दायरा फराकिलो बनाउने छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रमुख रणनीतिमा विकेन्द्रित योजना निर्माण र जिल्ला तथा विद्यालय तहमा क्षमता विकासका कार्यक्रमहरू रहेका थिए । विद्यालय व्यवस्थापनमा सामुदायिक सहभागिता बढाउने उद्देश्यले विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई मूलधारमा ल्याइएको थियो । केन्द्रीय तहबाट जिल्ला तहमा थुप्रै काम, कर्तव्य र अधिकार प्रत्यायोजन गरी जिल्ला शिक्षा अधिकारीका काम कर्तव्य र अधिकार बढाइएका थिए । विद्यालय क्षेत्र सुधार कार्यक्रमका अवधिमा शिक्षा क्षेत्रका लागि विनियोजन गरिएका रकमको थोरै हिस्सामात्र केन्द्रमा छुट्याएर ठूलो हिस्सा जिल्ला र विद्यालय तहमा खर्च हुने गरेको थियो । यसरी हेर्दा विकेन्द्रीकरणको यस प्रकारको अभ्यासले संघीय प्रणालीमा शिक्षा क्षेत्रको काम, कर्तव्य तथा अधिकार हस्तान्तरण गर्नका लागि ठोस आधार बनेको अनुमान गर्न सकिन्छ ।

**रणनीतिक कार्यक्रमहरू:** शिक्षा प्रणालीको थप विकेन्द्रीकरणमा सहयोग गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास योजनाको विकास गरिएको हो । यसले यथाशक्य छिटो संघीय राज्यमा रूपान्तरणको अपेक्षा राख्छ । तथापि प्रत्येक प्रान्तमा हस्तान्तरण गरिने अधिकार तथा दायित्व परिभाषित भइसकेपछि पनि विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि प्रशस्त तयारी गर्नुपर्ने हुन्छ । यसलाई दृष्टिगत गर्दा विद्यालय क्षेत्र विकास योजनामा मूलतः देहाय अनुसारका रणनीतिक प्रयत्नहरू आगडि सारिने छन्:

- जिल्ला तथा विद्यालय तहमा क्षमता विकासका कार्यक्रमलाई निरन्तरता प्रदान गरिने छ र तल्ला निकायहरूमा शक्ति र उत्तरदायित्वको निक्षेपण गरिनेछ ।
- प्रान्तीय तहमा धेरै जिम्मेवारी निक्षेपण भएर जाने भएकाले प्रान्तीय तथा स्थानीय तहमा सम्पादन हुने कार्यक्रमको सुपरिवेक्षण गर्न, शैक्षिक मापदण्डहरूको निर्धारण गर्न तथा जिल्लास्तरका सरोकारवालाहरूलाई सहजीकरण गर्नका लागि केन्द्रीय तहका निकायहरूको क्षमताको सुदृढीकरण गरिने छ ।
- प्रत्यायोजित अधिकार र नियम तथा प्रक्रियामा भएको परिवर्तनको समायोजन गर्न कार्यक्रम कार्यान्वयनका प्रथम ३ वर्षमा वार्षिक समीक्षा गरिने र रणनीति तथा कार्यक्रमहरूको अनुकूलन गरिने छ ।
- संघीय राज्यहरूका आवश्यकता अनुरूप कार्यक्रमहरूमा आवश्यक परिमार्जन तथा अनुकूलन गर्न मध्यावधि मूल्यांकनको अंगका रूपमा विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको तेस्रो वर्षमा कार्यक्रमको समग्र समीक्षा गरिने छ ।

## सुदृढ सिकाइ उपलब्धिका लागि गुणस्तरीय र प्रभावकारी शैक्षणिक पद्धति

**चुनौतीहरू:** विद्यालय क्षेत्र सुधार कार्यक्रम तथा त्यसअघि सञ्चालन गरिएका अन्य कार्यक्रमहरूबाट थुप्रै उपलब्धि हासिल भएको भए तापनि शिक्षाका सबै तहमा गुणस्तर तुलनात्मक रुपमा कमजोर देखिएका छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमका गुणस्तर सम्बन्धी उद्देश्य, खास गरी सुदृढ सिकाइ उपलब्धि पूर्ण रूपले हासिल भएनन् ।

विद्यालयमा अवलम्बन गरेका शैक्षणिक पद्धति लगायत धेरै तत्त्वहरूले शिक्षाको गुणस्तर प्रभावित हुन पुगेका छन् । शिक्षण सिकाइका पद्धतिमा परिवर्तनका लागि धेरै प्रयत्नका गरिएको भए तापनि पुस्तक तथा शिक्षक केन्द्रित विधि नै प्रयोगमा आइरहेका छन् । तथ्यहरूलाई समालोचनारहित हिसाबले ग्रहण गर्ने परिपाटी तथा घोकन्ते पद्धतिको अवलम्बनमा खासै सुधार आएको छैन । विद्यालय क्षेत्र सुधार कार्यक्रमको संयुक्त मूल्यांकन (Poyck et al., 2016) ले टिप्पणी गरे अनुसार शिक्षकहरूलाई तालिम प्रदान गरिएको भए तापनि सिकाइका नयाँ पद्धतिहरू कक्षाकोठाका रूपान्तरित हुन सकेका छैनन् । परिणाम सिकाइ उपलब्धि कमजोर हुनुको प्रमुख कारण यही रहन गएको छ ।

**अवस्था:** गुणस्तर र सुदृढ सिकाइ उपलब्धिका हिसाबले विद्यालय क्षेत्र सुधार कार्यक्रमले प्रभावकारी नतिजा दिन नसकेको भए तापनि शिक्षामा देखिने समस्याप्रति सरोकारवाला सबैको सचेतना बढेको पाइन्छ र सम्बन्धित मुद्दालाई कसरी सम्बोधन गर्ने भन्ने कुरामा राम्रो बुझाइको विकास हुँदै गएको छ । विद्यालय क्षेत्र विकास योजना अन्तर्गतको अर्को उत्साहित प्रगति भनेको शिक्षकको सक्षमता ढाँचाको विकास तथा शिक्षकको सुदृढ र स्तरीकृत पेसागत विकास कार्यढाँचा हो । यिनले विषय विशेषको शिक्षणमा सान्दर्भिकता बढेको छ । यसका अतिरिक्त विभिन्न मोडालिटिमा तयार पारिएका शिक्षक पेसागत दक्षता विकास कार्यक्रम, पाठ्यक्रम तथा सिकाइ सामग्रीको परिमार्जन आदिले विद्यालय क्षेत्र विकास योजना अन्तर्गत गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधारका लागि उपयुक्त प्रस्थान बिन्दु बन्न पुगेको छ ।

शिक्षकको पेसागत दक्षता अभिवृद्धिका लागि तर्जुमा गरिएका योजनाहरू विद्यालय क्षेत्र सुधार योजना कार्यकालमा कार्यान्वयनमा आउन सकेनन् तथापि भविष्यमा यसको रूपान्तरणकारी भूमिका हुन सक्ने विषयलाई ध्यानमा राख्दै यस योजनामा कक्षामा हुने शैक्षणिक क्रियाकलाप नै बालबालिकाको सिकाइ उपलब्धिमा निर्णयक हुन्छ भन्ने मान्यता राखिएको छ ।

शिक्षण सिकाइमा चाहिने विभिन्न गुणस्तर सम्बन्धी लगानी र प्रभावकारी शिक्षण सिकाइमा तिनको प्रयोगका लागि विद्यालय सुधार योजना प्रक्रिया महत्त्वपूर्ण साधन साबित हुन सक्छ । हाल यसको प्रयोग खास गरी रकमको विनियोजन गर्न तथा भौतिक सुधारमा केन्द्रित हुने गरेको भए तापनि विभिन्न संस्थाहरूले विद्यालयहरूसँग सहकार्य गरी विद्यालय सुधार योजनालाई शिक्षण सिकाइको सुधार सहित विभिन्न रूपान्तरणात्मक क्रियाकलाप गर्ने कार्यमा प्रयोग गर्न थालेका छन् । यी प्रयास हुँदाहुँदै पनि विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय तहको गुणस्तर सुधारमा पर्याप्त जोड दिन सकेको छैन ।

**रणनीतिक कार्यक्रमः** सिकाइ उपलब्धि सुधार लक्षित शैक्षणिक अभ्यासको सुधार गर्नु विद्यालय क्षेत्र विकास योजनाको एउटा महत्त्वपूर्ण रणनीति हो । सामान्यतया गुणस्तर सुधारका सन्दर्भमा शैक्षणिक पद्धतिको सुदृढीकरणका लागि विभिन्न तत्त्वहरूले प्रभाव पारेका हुन्छन् ।

विद्यालय क्षेत्र विकास योजनाले बाल केन्द्रित, सिकारु केन्द्रित तथा अन्तरक्रियात्मक शिक्षण विधिका साथै सक्रिय सिकाइ तथा विभिन्न खालका सीपको प्रवर्धनमा जोड दिन्छ । आधारभूत शिक्षाले खास गरी कक्षा १-३ मा साक्षरता र गणितीय सीपको बलियो आधार तयार पार्नमा जोड दिने छ । साथै कक्षागत शिक्षणको प्रवर्धन गर्नुका अतिरिक्त आधारभूत तथा माध्यमिक दुबै तहमा विषय शिक्षकका विषयगत ज्ञान र तिनले विद्यार्थीमा विकास गराउनु पर्ने सीपको बुझाइमा जोड दिइने छ । शिक्षकले बाल केन्द्रित तथा सक्रिय सिकाइका विधिको अवलम्बन गर्नुपर्ने विषयमा पनि योजनाले जोड दिएको छ । बाल केन्द्रित शिक्षण विधिलाई छुट्टै पद्धतिका रूपमा नभई गुणस्तरीय शिक्षाका लागि गरिने सबै खाले प्रयत्नको अभिन्न अंग बनाइने छ ।

## पाठ्यक्रम प्रारूप तथा सिकाइ सामग्री

**चुनौतीहरूः** सन् २००७ मा कक्षा विशेषका सक्षमतामा केन्द्रित रहेर विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार पारिसकिएको (CDC, 2005) भए तापनि त्यसले प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा तहदेखि कक्षा १२ सम्मको विद्यालय शिक्षालाई समेटेको थिएन । हाल कतिपय विषय, पाठ तथा कक्षामा परिमार्जन गरिएको छ र व्यवहार कुशल सीप थपिएका छन् । तर कतिपय पक्षको पुनरावलोकन गर्न बाँकी नै छ । शिक्षकहरू स्वयम्ले पाठ्यक्रमलाई राम्ररी बुझ्न सकेका छैनन् । Poyck et al. (2016) को अध्ययन नतिजाले देखाए अनुसार केही शिक्षकलाई पाठ्यक्रमबारे अभिमुखीकरण गरिएको भए तापनि अधिकांशलाई सक्षमतामा आधारित पाठ्यक्रमको प्रयोग गर्ने तरिकाबारे समग्रमा तालिम प्रदान गरिएको छैन । धेरै शिक्षक तथा सर्वसाधारणले पाठ्यपुस्तक नै पाठ्यक्रमको हो र पाठ्यपुस्तकमा उल्लेख गरिएका सूचना कण्ठस्थ गराउनु नै पढाउनु हो भन्ने ठानेका छन् । परीक्षा प्रणालीले पनि अक्सर यस अवधारणालाई बल प्रदान गर्ने गरेको पाइन्छ ।

शैक्षिक सत्र शुरू हुनुपूर्व नै पाठ्यपुस्तक विद्यालयमा उपलब्ध गराउने सन्दर्भमा विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिमा केही सुधार भए तापनि अझै कतिपय विद्यालयले समयभित्रै पाठ्यपुस्तक पाउँदैनन् । अतः उक्त अवधिमा पनि पाठ्यपुस्तकको वितरण र गुणस्तरका विषयको पर्याप्त सम्बोधन हुन सकेन । शिक्षण सिकाइका सामग्रीको अभावले पनि पाठ्यपुस्तकमा आधारित शिक्षणले निरन्तरता पाइरहेको अवस्था विद्यमान छ ।

**अवस्थाः** विद्यालय क्षेत्र सुधार योजनाका अवधिमा पाठ्यक्रमका कतिपय पक्षको पुरावलोकन र सुधार गरिए तापनि विधिसम्मत तरिका अवलम्बन हुन सकेको पाइंदैन । कार्यक्रमको मध्यावधि मूल्यांकन (Cumming et al., 2012) ले पाठ्यक्रम प्रारूप ठोस तथा असल अभ्यासहरूमा आधारित हुनुपर्ने टिप्पणी गरेको छ । सुधारका सम्भावना कायमै रहे पनि त्यस अवधिमा पाठ्यपुस्तक वितरणमा निकै सुधार भइरहको छ र विद्यालयहरूमा शिक्षण सिकाइका अन्य सामग्री पनि पठाउन थालिएको छ । नेपाली बाहेक अन्य २२ भाषाहरूमा पाठ्यक्रमको निर्माण भइसकेका छन् ।

**रणनीतिक कार्यक्रमहरूः** विद्यालय क्षेत्र विकास योजनाले पाठ्यक्रमलाई एउटा प्रारूपका रूपमा व्यापक दृष्टिकोणले हेर्नुपर्ने मान्यता राख्दछ, जसले विद्यार्थीले हासिल गनुपर्ने सीप, अभिवृत्ति, ज्ञान, बुझाइ तथा मूल्यहरू सबैलाई समेट्नुपर्छ। यसमा शिक्षण सिकाइलाई सहजीकरण गर्न अपनाउनुपर्ने विधि तथा कक्षाकोठाको व्यवस्थापन समेत समेटिएको हुनुपर्दछ। पाठ्क्रमलाई पाठ्यपुस्तक, शिक्षण सिकाइ सामग्री तथा नेपालीका साथै अन्य भाषाहरूका सहयोगले प्रभावकारी बनाइनेछ। विद्यालय क्षेत्र विकास योजनाले देहायअनुसारका रणनीतिक कार्यक्रमहरू अगाडि ल्याएको छः

पाठ्यक्रमको पुनरावलोकन गरी, प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक कक्षा देखि १२ कक्षासम्म आवश्यक पर्ने सीप, क्षमता, ज्ञान, बुझाइ तथा मूल्यहरू समेट्ने गरी राष्ट्रिय पाठ्यक्रम प्रारूपको पुनरावलोकन गरिने छ। यसमा प्राज्ञिक सीपका साथै जीवनोपयोगी सीप, वातावरणीय सचेतना तथा विपत्का लागि तयारी जस्ता विषयहरू पनि समेटिने छन्। प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षाका पाठ्यक्रम अनुभवजन्य सिकाइका अवधारणामा आधारित हुने छन् र सिकारू केन्द्रित विधिको अवलम्बन समग्र विद्यालय शिक्षाको केन्द्रबिन्दु बनाइने छ। प्रारम्भिक कक्षाहरूमा प्रभावकारी साक्षरता र गणितीय सीपका सक्षमता समेटिने छन् र गणित, विज्ञान तथा अंग्रेजी जस्ता प्राथमिकता प्राप्त विषयहरूमा विशेष जोड दिइने छ। स्थानीय तथा मातृभाषाका पाठ्यक्रम निर्माणका लागि निर्देशिका तयार पारिने छ।

- विद्यालय क्षेत्र विकास योजनाको प्रथम ५ वर्षभित्र परिमार्जित पाठ्यक्रम प्रारूपका आधारमा विधिसम्मत रूपले पाठ्यपुस्तकको परिमार्जन गरिने छ। पाठ्यक्रमले अपेक्षा गरेका विभिन्न सीप हासिल गर्न सहयोग दिने खालका शिक्षण सिकाइ सामग्रीको पहिचान र प्रवर्धन गरिने छ। निजीस्तरबाट पाठ्यपुस्तक तथा अन्य सिकाइ सामग्रीको विकास र उत्पादनका लागि समेत उपयुक्त निर्देशिका बनाइने छ।
- घटीमा ९५ प्रतिशत विद्यालयले शैक्षक सत्र सुरु हुनुभन्दा पहिल्यै पाठ्यपुस्तक तथा सम्बद्ध शिक्षण सिकाइ सामग्री प्राप्तिको सुनिश्चितता गर्न सक्ने गरी पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको छपाइ तथा वितरणमा ध्यान केन्द्रित गरिने छ।

## परीक्षा तथा मूल्यांकन

**चुनौतीः** विश्वभरि नै शिक्षकहरूले परीक्षामुखी शिक्षणमा जोड दिने गरेको पाइन्छ। अतः शिक्षक तथा विद्यार्थीको शिक्षण विधिमा उचित परिमार्जन नगरेसम्म उपयुक्त परिपाटीमा परिवर्तन आउने सम्भावना रहँदैन। नेपालमा धेरैजसो विद्यालयहरूले आवधिक तथा वार्षिक परीक्षाका साथै कक्षा १०, ११ तथा १२ का अन्तिम परीक्षाहरूमा निर्णयात्मक मूल्यांकनमा धेरै जोड दिने प्रचलन रहिआएको छ। वर्तमान परीक्षा तथा मूल्यांकन प्रणालीले संश्लेषण तथा प्रयोगमा जोड दिने कुरालाई सुदृढ पार्न बाँकी नै छ।

यो प्रचलन प्रारम्भिक तहदेखि कक्षा १२ सम्मै व्याप्त रहेको छ। यसले घोकन्ते सिकाइलाई प्रोत्साहन गरेको तथा विद्यार्थीको विश्लेषणात्मक सीपको प्रयोगलाई निरूत्साहित गर्दै आएको छ। नेपालले अझै पनि परीक्षालाई सिकाइ उपलब्धिको सुदृढीकरणको साधनका रूपमा लिने अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरणबाट फाइदा लिन सकिरहेको छैन। निरन्तर मूल्यांकन पद्धतिको अवधारणा सन् २००९ देखि नै शुरू भइसकेको भए तापनि Pyock et al. (2016) को अध्ययनले देखाएअनुसार शिक्षक तथा अभिभावकहरूले यसलाई राम्ररी आत्मसात् गर्न नसकेकाले निर्णयात्मक परीक्षाले बढी महत्त्व पाइरहेको छ। मूल्यांकन प्रणालीको प्रयोगका सन्दर्भमा कैयौँ समस्या रहेका छन्। विषय वस्तुको घोकाइमा धेरै घण्टा बिताए तापनि कक्षा १० तथा १२ को विद्यमान उत्तीर्ण प्रतिशत ५० भन्दा तल रहेको छ।

**अवस्थाः** विद्यालय क्षेत्र सुधार कार्यक्रमका मुख्य प्रयासमध्ये प्राथमिक तहमा निरन्तर मूल्यांकन पद्धतिको सुदृढीकरण गरी माध्यमिक तहमा पनि यसको सुरुआत गराउने रहेको थियो। यसको मुख्य उद्देश्य विद्यार्थीलाई अन्तिम परीक्षा उत्तीर्ण हुन घोक्ने प्रचलनलाई निरूत्साहित गर्नु थियो। यसको मुख्य तात्पर्य शिक्षकहरूले निरन्तर मूल्यांकनबाट प्राप्त सूचनाका

आधारमा विद्यार्थीका आवश्यकता अनुरूप शिक्षण विधिमा परिमार्जन गर्न प्रोत्साहन गर्नु रहेको थियो । तर निरन्तर मूल्यांकन पद्धतिको कार्यान्वयनमा पनि धेरै थरीका समस्या देखा परे । कतिपय शिक्षकहरूले यसको कार्यान्वयनलाई अन्योलपूर्ण, कठिन तथा कार्यबोझ बढी भनी टिप्पणी गरे । यसमा शिक्षकहरूको ध्यान विद्यार्थीले अपेक्षाकृत सीप तथा अवधारणा हासिल गरे नगरेको जानकारी लिन भन्दा पनि सूचनाहरूको यान्त्रिक अभिलेखनमा केन्द्रित हुने गरेको देखियो । अधिकांश मामलामा शिक्षकहरूले आफूले कसरी र के पढाइयो भन्ने बारेको जानकारी हासिल गर्नका लागि निरन्तर मूल्यांकनको प्रयोग गर्नुपर्ने भन्ने कुरा नबुझेको पाइयो ।

माध्यमिक तहका परीक्षा प्रणालीका सुधारको गति आशा गरिएभन्दा मन्द रहन गयो । परिणाम स्वरूप माध्यमिक तहका विद्यार्थीहरूले अधिकांश समय कण्ठ गरेको विषयको स्मरणमा बिताउने क्रमलाई निरन्तरता दिइरहे । परिणाम स्वरूप कक्षा १०, ११ र १२ को परीक्षा नतिजा कमजोर रहिरह्यो । विद्यालय क्षेत्र सुधार योजनाका उपलब्धि मध्ये कक्षा १० को अन्तिम परीक्षामा एकल विषयको प्रमाणीकरण गर्ने नीतिको थालनी पनि हो । तर अन्य तहका शिक्षा प्रणालीमा यस नीतिको पूर्ण विस्तार भइसकेको छैन । स्तरीकृत प्रारम्भिक कक्षा पढाइ मूल्यांकन (EGRA) को विकास गरी केही जिल्लाहरूमा कक्षा १-३ का विद्यार्थीहरूका पढाइका सीपको स्तर मापन गर्ने काम भएका छन् । यी मापनका परिणामले प्रारम्भिक कक्षाहरूमा सुधारात्मक शिक्षण विधिको प्रयोगको आवश्यकता देखाएका छन् । आफ्ना विद्यार्थीको पढाइ सीपको मूल्यांकन गर्न तथा तद्नुरूप शिक्षण विधिमा परिमार्जन गर्न शिक्षकहरूले यस विधिको प्रयोग गर्न सक्छन् ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमको अर्को सफलता यसले विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन (NASA) लागु गरी त्यसलाई संस्थागत गरेको छ । यस अवधिमा दुई चरणमा कक्षा ३, ५ र ८ मा विद्यार्थीको उपलब्धिको राष्ट्रिय मूल्यांकन गरियो । यसको नतिजाले विद्यार्थीको उपलब्धि कमजोर रहेको देखाएको छ । उक्त मूल्यांकनले विद्यार्थीहरूको सबल र कमजोर पक्षको पहिचान गर्न नतिजाको विश्लेषण गरेको थियो । विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन गर्दा लिंग, सामाजिक-आर्थिक अवस्था तथा भौगोलिक अवस्थिति जस्ता तत्त्वहरूले सिकाइ उपलब्धिमा कसरी भिन्नता छ भन्ने देखाउने तवरबाट पनि नतिजा विश्लेषण गरिएको थियो । स्रोत तथा कार्यक्रमहरू कहाँ र कसरी लक्षित गरेर उच्चतम सक्षमता तथा प्रभावकारिता हासिल गर्ने भन्ने विषयमा निणयकर्ताहरूले विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकनलाई मार्गदर्शनको साधनका रूपमा पनि प्रयोग गर्ने गरेका छन् ।

**रणनीतिक कार्यक्रमहरू:** विद्यालय क्षेत्र विकास योजनाले विद्यालय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिहरूलाई अगाडि बढाउँदै निर्माणात्मक तथा निर्णयात्मक दुबै परीक्षालाई विषय वस्तुभन्दा पनि सीप र सिकारू केन्द्रित बनाउने रणनीति लिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमका अनुभवका आधारमा शिक्षकहरूलाई निर्माणात्मक तथा निर्णयात्मक मूल्यांकनको उपयोगबाट शिक्षण विधिमा आवश्यकता अनुरूप परिमार्जन गरी विद्यार्थीका सिकाइ उपलब्धिमा कसरी सुधार ल्याउन सकिन्छ भन्नेबारे बुझाउनमा योजनाले जोड दिने छ । स्तरीकरणका साथै विद्यार्थीले प्रत्येक विषयमा अपेक्षा अनुरूप क्षमता हासिल गरेको सुनिश्चित गर्ने उद्देश्यका साथ परीक्षाको सुधार यस योजनाको प्रमुख कार्यसूची भित्र रहने छ ।

प्रारम्भिक कक्षा पढाइ मूल्यांकन (EGRA) र नासाका नतिजाहरूको विश्लेषण गरी पाठ्यक्रम, शिक्षण विधि तथा शिक्षकको पेसागत विकासका कार्यक्रममा कहाँ र कस्ता सुधार गर्नुपर्छ भन्ने मार्गदर्शन लिनका लागि प्राप्त नतिजाको उपयोग गरिने छ । उक्त नतिजाको उपयोग सिकाइमा कमजोर समुदायको पहिचान गरी तिनको स्तर सुधारका लागि पनि गर्न सकिने छ । योजनामा देहाय अनुसारका रणनीतिक प्रयत्नहरू अगाडि सारिएका छन्:

- सार्वजनिक परीक्षाको सुपरिवेक्षण गर्न तथा गुणस्तर सुनिश्चितताका लागि एउटा राष्ट्रिय परीक्षा बोर्ड गठन गरिने छ । यस बोर्डले सार्वजनिक परीक्षाको स्तर वृद्धि गरी सक्षमतामा आधारित र स्तरीकृत रहेको सुनिश्चित गर्ने छ ।
- प्रारम्भिक कक्षामा पढाइको मूल्यांकन (EGRA) र विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकनलाई शिक्षा प्रणालीको अभिन्न अंग बनाइने छ र यसलाई कक्षा १० सम्म विस्तार गरिने छ । यस्ता परीक्षणका नतिजा निर्धारित समयको अन्तरालमा

अपेक्षा गरिएका सिकाइ उपलब्धि बढे नबढेको पत्ता लगाउन र सबल तथा कमजोर पक्षको पहिचान गर्नमा उपयोग गरिने छ । परीक्षणको नतिजा पाठ्यक्रम विकास तथा शिक्षकको पेसागत विकासका कोर्सको तर्जुमा गर्न संलग्न निकायहरूको उपयोगका लागि पनि पठाइने छ । त्यस्ता नतिजाहरूलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्र अन्तर्गत संस्थागत गरिने छ ।

- पाठ्यक्रम तथा शिक्षकको पेसागत विकासका कार्यक्रम परिमार्जन र परिवर्तन गर्दा निर्माणात्मक तथा निर्णयात्मक दुबै खाले मूल्यांकनको सक्षम तथा प्रभावकारी उपयोग गरिने छ । निरन्तर मूल्यांकन पद्धति मूल्यांकनको साधन मात्र नभई शिक्षण रणनीति हो भन्ने बारेका बुझी यसको उपयोग गर्न शिक्षकहरूलाई सहयोग गरिने छ ।
- भर्खरै संशोधित शिक्षा ऐन अनुसार एकल विषय प्रमाणीकरण नीतिलाई कक्षा १० मा पूर्ण रूपले अवलम्बन गर्दै कक्षा १२ सम्म विस्तार गर्दै लगिने छ ।

## शिक्षक व्यवस्थापन तथा पेसागत विकास

**चुनौतीहरू:** शिक्षक व्यवस्थापन तथा पेसागत विकासका चुनौतीहरू देहाय अनुसार छन्:

- शिक्षा बजेटको अधिकांश हिस्सा शिक्षक तलबमा खर्च हुने गरेको छ । विद्यालय शिक्षा क्षेत्रको करिब ७० प्रतिशत बजेट शिक्षक तलबमा जाने गरेको छ ।
- मुलुकका कतिपय भागमा शिक्षक संख्या आवश्यकता भन्दा बढी र कतिपयमा घटी रहेको अवस्था छ । असन्तुलित शिक्षक वितरणको परिणाम स्वरूप खास गरी दुर्गम क्षेत्रहरूमा शिक्षक अभाव रहेको पाइएको छ । समग्रमा आधारभूत शिक्षामा शिक्षकहरू आवश्यकता भन्दा बढी र माध्यमिक तहमा घटी रहेको अवस्था छ । समग्र प्रणालीमै महिला शिक्षकको प्रतिनिधित्व न्यून रहेको छ र माध्यमिक शिक्षामा सबैभन्दा कम रहेको छ ।
- केही सुधार भए तापनि शिक्षक अनुपस्थिति समस्याका रूपमा रहेको छ । साथै शिक्षकहरूले तिनका पदबाट अपेक्षा गरिएका आधारभूत कुरा पूरा गरेका छन् भन्ने सुनिश्चित गर्न प्रभावकारी अनुगमन संयन्त्रको अभाव छ । धेरै शिक्षकहरू विद्यालयमा उपस्थित भएर पनि निर्धारित काममा पर्याप्त समय बिताउँदैनन् ।
- बाल केन्द्रित तथा क्रियाकलापमा आधारित धेरै खालका तालिम उपलब्ध गराइए तापनि तालिममा हासिल गरिएका सीप शिक्षण सिकाइका क्रियाकलापमा पर्याप्त मात्रामा रूपान्तरित हुन सकेका छैनन् ।
- शिक्षकको कार्य सम्पादन मूल्यांकनको उपयुक्त व्यवस्थापनको अभाव छ र शिक्षकको वृत्ति विकासका मार्गमा प्रोत्साहनको पनि अभाव छ साथै प्रभावकारी शिक्षण बापत पुरस्कृत गर्ने प्रावधानको पनि कमी रहेको छ । सामान्यतया शिक्षण पेसाप्रति शिक्षक समुदाय अभिप्रेरित छैनन् र जनसमर्थन पनि कम छ ।

**अवस्था:** विद्यालय क्षेत्र सुधार कार्यक्रमले उत्प्रेरित तथा सीपले सुसज्जित शिक्षक शक्तिको महत्त्वलाई आमत्सात् गर्दागर्दै पनि शिक्षकका विभिन्न प्रकारका कारण तिनको प्रभावकारी व्यवस्थापनमा ठूलो समस्या रहन गएको छ । विगत २ वर्षमा ६५ जिल्लामा आवश्यकताका आधारमा ठूलो संख्यामा शिक्षकहरूको दरबन्दी मिलान गरिनुका साथै शिक्षक समुदायमा महिला, दलित तथा जनजातिको प्रतिनिधित्व बढाउन कोटा निर्धारण गरियो । शिक्षा ऐनको आठौँ संशोधनले अस्थायी शिक्षकहरूलाई या त प्रतिस्पर्धामार्फत स्थायी हुन या 'गोल्डेन ह्यान्डसेक' लिएर पद खाली गर्ने २ विकल्प दिएको छ । यसबाट नयाँ स्थायी शिक्षक नियुक्तिका लागि मार्ग प्रशस्त हुने छ । धेरै वर्षपछि सन् २०१३/०१४ मा शिक्षक सेवा आयोगले १३,००० नयाँ स्थायी शिक्षकहरूको नियुक्ति गर्न सफल भयो र हालै १२,००० स्थायी शिक्षकहरूको थप नियुक्ति भएपछि प्रणालीभित्र स्थायी शिक्षकहरूको संख्या निक्कै बढेको अवस्था छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमपूर्व पनि शिक्षक विकासका कार्यक्रमका लागि पूर्वाधारको राम्रो विकास भएको थियो । यस प्रयोजनका लागि स्रोत केन्द्र तथा स्रोत व्यक्ति परिचालित गरिएका थिए । तथापि तालिममा सहभागी शिक्षक र तिनले तालिममा सिकेका विषयको प्रयोग मार्फत शिक्षण र गुणस्तरका सुधार बीच सकारात्मक अन्तर्सम्बन्ध सुदृढ गराउन आवश्यक देखिएको छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत शुरू गरिएको आवश्यकतामा

आधारित तालिम तिनको डिजाइन र कार्यान्वयनका दृष्टिले ज्यादै लचिला भएकाले अपेक्षित गुणस्तर सुनिश्चित गर्न कठिनाइ देखियो । यस पद्धतिको अभिप्राय शिक्षकहरूले आफ्नो लागि तालिमको आवश्यकता आफैं पहिचान गरून् र त्यसबाट उत्प्रेरणा बढोस् भन्ने रहेको थियो । तर अन्त्यमा शिक्षकका योग्यता तथा सीप वृद्धिसँग त्यस्ता तालिमको सम्बन्ध स्थापित हुन सकेन । सन् २०१३ मा गरिएको शिक्षक व्यवस्थापनको अध्ययनले शिक्षक सक्षमता कार्यढाँचाको निर्माण गर्न सुझाव दियो र सोही आधारमा शिक्षा मन्त्रालयले नयाँ शिक्षक व्यवस्थापन तथा विकास रणनीतिको अनुमोदन गरेको छ ।

**रणनीति तथा कार्यक्रमः** हालै विकास गरिएको शिक्षक व्यवस्थापन तथा विकास रणनीतिले विद्यालय क्षेत्र विकास योजनामा शिक्षक विकास तथा व्यवस्थापनको सुधारका लागि मजबुत आधार प्रदान गर्ने छ । यसले शिक्षणमा सुधार ल्याउनका लागि शिक्षक व्यवस्थापन तथा तिनको पेसागत विकासलाई उच्च प्राथमिकता प्रदान गर्नुपर्ने मान्यता राख्दछ । सबै तहका सिकाइ उपलब्धिको सुधारका लागि प्रभावकारी शिक्षण अपरिहार्य हुन्छ । शिक्षक व्यवस्थापन र पेसागत विकासका लागि विद्यालय क्षेत्र विकास योजनाले देहाय अनुसारका रणनीतिको अवलम्बन गरेको छः यस सम्बन्धी विस्तृत विवरण परिच्छेद ८ मा दिइएको छ ।

- उपयुक्त शैक्षिक योग्यताका आधारमा शिक्षकलाई अध्यापन अनुमतिपत्र दिने कार्यका लागि शिक्षक सेवा आयोगको सुदृढीकरण गरिने छ र सबै शिक्षकहरूले कम्तीमा एक वर्षको पेसागत विकास कोर्स सफलतासाथ पूरा गर्नु अनिवार्य गराइने छ साथै तिनले शिक्षण पेसामा प्रवेशका लागि उपयुक्त व्यावसायिक स्तर भएको प्रदर्शन गर्नुपर्ने छ । यसले अध्यापन अनुमति लिएका शिक्षकहरूको जगेडा पुल खडा गर्नेछ । तिनैमध्येबाट विद्यालय तथा स्थानीय निकायले विकेन्द्रित प्रणालीमा आवश्यकता अनुरूपका शिक्षक नियुक्त गर्न सक्ने छन् ।
- शिक्षकहरूले शिक्षक दक्षता कार्यढाँचामा आधारित पूर्वसेवाकालीन र सेवाकालीन पेसागत विकास तालिम लिनुपर्ने छ । तालिमको उपस्थिति, सहकर्मी शिक्षक तथा प्रधानाध्यापकबाट प्रदान गरिने सहयोग र शिक्षक आफैँले कक्षाकोठामा गर्ने शिक्षणमार्फत आफ्ना शैक्षणिक तथा विषयगत सीपको वृद्धि गराउने छन् ।
- शैक्षिक जनशक्ति विकास केन्द्रले शिक्षकको पेसागत विकासका लागि आवश्यक कोर्स तथा मोडालिटीको विकास गर्नेछ । प्रत्येक विद्यार्थीको विषयगत ज्ञान, बाल केन्द्रित तथा क्रियाकलाप केन्द्रित शिक्षण पद्धति, समावेशी शिक्षा, निर्माणात्मक मूल्यांकन, सिकारु विशेषका सिकाइ आवश्यकतालाई जोड दिइने छ । सैद्धान्तिक ज्ञानलाई शिक्षणमा प्रयोगमा ल्याउन विभिन्न विधिहरूको अवलम्बन गरिने छ ।
- सबै विद्यालयमा शिक्षक आवश्यकताको सम्बोधन भएको सुनिश्चित गर्न शिक्षक दरबन्दी मिलान गरिने छ र अंग्रेजी, गणित तथा विज्ञान जस्ता प्राथमिकता प्राप्त विषय शिक्षणका लागि नयाँ तथा प्रतिबद्ध शिक्षकहरूको नियुक्तिका लागि विशेष प्रयत्न गरिने छ ।

## शिक्षाको भाषा

**चुनौतीहरूः** नेपाल भाषिक विविधता भएको मुलुक हो । यो सबल पक्ष हुँदाहुँदै पनि स्रोत साधनको अभाव झेलिरहेको हाम्रो जस्तो शिक्षा प्रणालीका लागि सबै भाषामा शिक्षणको व्यवस्थापन चुनौतीपूर्ण रहेको छ । अधिकांश विद्यालयहरूमा शिक्षणका माध्यम भाषाका रूपमा नेपाली रहेको छ । तर यस सम्बन्धमा २ धार देखा परेका छन् । धेरै शिक्षाविद् तथा केही राजनीतिक समूहहरू बालबालिकालाई तिनका मातृभाषामा शिक्षा दिनुपर्ने मत राख्दछन् । शिक्षा मन्त्रालयको कक्षा तिनसम्म मातृभाषामा आधारित बहुभाषिक शिक्षालाई सघाउने नीति छ (DoE, 2009) । मुलुकको संघीयता तर्फको संक्रमणले यसमा थप बल प्रदान गर्ने छ । अर्कातर्फ अधिकांश निजी विद्यालयहरूले अंग्रेजी भाषालाई आफ्ना विद्यालयको माध्यम भाषा बनाएका छन् । कतिपय सामुदायिक विद्यालयहरूले समेत अंग्रेजी भाषालाई शिक्षणको माध्यममा रूपमा प्रयोग गर्न थालेका छन् । समुदाय तथा अभिभावकले अंग्रेजी माध्यमको माग गरेका छन् । तर अधिकांश सामुदायिक विद्यालयहरू अंग्रेजी शिक्षण गर्न सक्षम शिक्षकको व्यवस्थापन गर्न तथा शिक्षण सामग्री जुटाउन पर्याप्त स्रोतको अभावका कारण

अंग्रेजी माध्यमको अवलम्बन गर्न असमर्थ रहेका छन् । विद्यार्थीलाई मातृभाषामा शिक्षा प्रदान गर्ने सन्दर्भमा पनि यही तथ्य लागु हुन्छ ।

साक्षरताका सीप हासिल गर्नु पनि चुनौतीपूर्ण छ । हालै गरिएका अध्ययनले यस सम्बन्धी वर्षौंदेखि हुँदै आएका तथ्यहरू उजागर गरेका छन् । धेरैजसो बालबालिकाले प्रारम्भिक कक्षामा साक्षरता हासिल गरेका हुँदैनन् । एक सर्भे (RTI, 2014) को नतिजा अनुसार परीक्षणमा सामेल कक्षा ३ का विद्यार्थीमध्ये ५० प्रतिशतले आफू पढिरहेका कुराको आधा बुझ्न सकेनन् । यसै अध्ययनले कक्षा ३ का १९ प्रतिशत र कक्षा २ का ३७ प्रतिशत विद्यार्थीले एक शब्द पनि पढ्न नसकेको तथ्य उजागर गरेको छ । नेपाली मातृभाषा नहुने बालबालिकाको पढाइका सीपको अवस्था अझ दयनीय पाइएको छ । कक्षा ३ का बालबालिकाको पठन बोधको परीक्षणमा शून्य अंक हासिल गर्नेमध्ये ७० प्रतिशत गैर नेपाली मातृभाषी बालबालिका रहेको तथ्य फेला परेको छ ।

**अवस्था:** नेपालको संविधानले नेपालमा बस्ने सबै नेपाली समुदायले मातृ भाषामा शिक्षा प्राप्त गर्ने हकको प्रत्याभूति गरेको छ । संविधान लागु भएको एक वर्षभित्र प्रान्तीय प्रतिनिधित्व सहितको भाषा आयोग स्थापनाको प्रावधान पनि छ । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा मातृभाषामा आधारित बहुभाषिक शिक्षाका कार्यक्रम सञ्चालन गर्ने प्रयासहरू पनि भइरहेका छन् ।

**रणनीतिक कार्यक्रम:** विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको पहिलो वर्षभित्र भाषा शिक्षा प्रारूपलाई अन्तिम रूप प्रदान गरी कार्यान्वयनमा ल्याइने छ । यस्तो प्रारूप प्रदान गर्नुको अभिप्राय विद्यालयहरूमा भाषालाई विषयका रूपमा प्रभावकारी रूपमा शिक्षण गराउनु र शिक्षणको माध्यमका रूपमा तिनको उपयुक्त प्रयोग गराउनु हो । यसको उद्देश्य सबै बालबालिकामा निर्धारित समयभित्र आफ्ना मातृ भाषाका साथै नेपाली र अंग्रेजी भाषाका सीपको विकास गराई सोको प्रयोगद्वारा आफ्नो प्राज्ञिक, सामाजिक, आर्थिक समृद्धि र सामाजिक आर्थिक रूपले जीवन्त समाजको निर्माण गर्ने क्षमताको विकास गर्नु हो । साथै गैर नेपाली मातृभाषी बालबालिकालाई पनि नेपाली भाषा सिक्न अभिप्रेरित गरी तिनलाई राष्ट्रिय शिक्षा प्रणालीमा पूर्णतः समाहित गराउनु पनि यसको उद्देश्य हो । यसका साथै विद्यार्थीलाई तिनका भावी जीवनमा अन्तर्राष्ट्रिय भाषाको प्रयोगका लागि तयार बनाउन अंग्रेजी भाषालाई दोस्रो वा तेस्रो भाषाका रूपमा पनि प्रयोगमा ल्याइने छ ।

विद्यालयले सेवा पुऱ्याइरहेको समुदायले प्रयोग गर्ने भाषाका आधारमा विद्यालयमा प्रयोग हुने भाषा शिक्षणको क्रम निर्धारण गरिने छ । सामान्यतया विद्यालयका सेवा क्षेत्रमा ३ प्रकारका समुदाय रहने हुनाले भाषाको प्रयोग सोही अनुकूल हुने छः

- **पहिलो प्रकारका विद्यालय:** प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा वा कक्षा १ मा भर्ना हुन आउने मध्ये अधिकांश नेपाली भाषा बोल्ने बालबालिका भएका विद्यालय (६० देखि ७० प्रतिशत विद्यालयहरू) प्रकार १ मा पर्दछन् । यस्ता विद्यालयमा प्रारम्भिक कक्षा पढाइका सीप र अंग्रेजी भाषा शिक्षण बाहेक अन्य कार्यक्रम चलाइने छैन ।
- **दोस्रो प्रकारका विद्यालय:** प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा वा कक्षा १ मा भर्ना हुन आउने मध्ये अधिकांश नेपाली बाहेक अन्य तर साझा मातृभाषा बोल्ने बालबालिका रहेका विद्यालय (१० देखि १५ प्रतिशत विद्यालय) प्रकार २ मा पर्दछन् । यस्ता विद्यालयमा प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा देखि कक्षा ३ सम्मका बालबालिकाको सिकाइमा मातृभाषाको अहम् भूमिका रहने छ । यस्ता विद्यालयहरूमा तिनको सिकाइमा मातृभाषाको प्रयोग गर्दै क्रमशः माध्यम भाषाका रूपमा नेपाली तर्फ रूपान्तरण गर्न सहयोग गरिने छ ।
- **तेस्रो प्रकारका विद्यालय:** प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा वा कक्षा १ मा भर्ना हुन आउँदा साझा मातृभाषा नभई भिन्न भिन्न भाषिक परिवेशका बालबालिका भएका विद्यालयहरू (१५ देखि २० प्रतिशत विद्यालय) तेस्रो प्रकारमा पर्दछन् । यस्ता विद्यालयमा सबै विद्यार्थीको मातृभाषालाई सम्मान प्रदान गरिने छ तर समग्र आधारभूत तथा माध्यमिक शिक्षामा नेपाली भाषालाई शिक्षणको माध्यम भाषा बनाइने छ । भर्ना हुन आउँदाका बखत नेपाली भाषा नबोल्ने बालबालिकाका लागि दोस्रो भाषाका रूपमा नेपाली सिकाउन र नेपाली भाषा प्रयोगका सीप सिकाउन

थप कार्यक्रम ल्याइने छ । प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको अंगका रूपमा पठन बोधमा विशेष जोड दिइने छ र अंग्रेजीलाई कक्षा १ देखि विषयका रूपमा शिक्षण गरिने छ तथा एउटै नेपाली भाषा बोल्ने पहिलो प्रकारका विद्यालयलाई जस्तै व्यवहार गरिने छ ।

विद्यालय, जिल्ला, प्रदेश लगायत समग्र मुलुकका लागि विद्यालयहरूमा भाषाको शिक्षण तथा प्रयोगको अभिवृद्धिका लागि शिक्षाको भाषाका रणनीतिक कार्यढाँचा कार्यान्वयन गराउन देहाय अनुसारका प्रयत्नहरू अगाडि ल्याइने छन्:

**मातृभाषाहरूमा शिक्षण सिकाइ सामग्रीको विकासः** प्रारम्भिक कक्षा पढाइका कार्यक्रम मार्फत तयार पारिएका तथा मौजुदा पाठ्यपुस्तकको प्रयोग गर्ने र प्रान्तीय तथा भाषिक समुदायहरूसँग सहकार्य गरी पाठ्यक्रम विकास केन्द्रले नेपालका प्रमुख भाषाहरूमा शिक्षण सिकाइ सामग्रीहरूको विकास गर्नेछ ।

- **प्रारम्भिक कक्षामा पढाइ कार्यक्रमको विस्तारः** राष्ट्रिय प्रारम्भिक कक्षा पढाइका कार्यक्रम मार्फत साक्षरता विकासका लागि नेपाली तथा अन्य केही भाषामा शिक्षण सिकाइ सामग्रीको विकास भइरहेको छ । विभिन्न भाषामा साक्षरता विकासका सामग्री तयार भएपछि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ३ सम्म पूर्ण वा आंशिक रूपले मातृभाषालाई सिकाइका माध्यम भाषाका रूपमा प्रयोग गर्ने आधार प्राप्त हुने छ ।
- **विषयतगत रूपमा सुधारिएको अंग्रेजीको शिक्षणः** मल्टिमिडिया स्रोतको प्रयोग गरेर, आधुनिक प्रविधिमा अंग्रेजी शिक्षकको पेसागत विकास गराएर, विषय शिक्षकका रूपमा अंग्रेजी भाषाको प्रयोगमा दक्ष शिक्षक नियुक्त गरेर, प्रयोग मैत्री तथा आकर्षक सिकाइ सामग्रीको विकास र प्रयोग गराएर, विषयका रूपमा अंग्रेजी शिक्षणको प्रवर्धनमा विशेष जोड दिइने छ ।
- **शिक्षकहरूको पेसागत विकासः** मातृभाषा पढाउने शिक्षकहरूलाई बालबालिकाको मातृभाषामा भाषिक सीप विकासका तरिका सिकाउन र ती भाषाबाट नेपालीमा रूपान्तरणका लागि सघाउन विशेष प्रकारका तालिम कार्यक्रमको विकास गरिने छ ।
- **द्विभाषिक सहयोगको प्रावधानः** भर्ना हुन आउँदा सीमित रूपमा मात्र नेपाली भाषाको प्रयोग गर्ने बालबालिकाका लागि तिनका आफ्नै मातृभाषामा आवश्यक भाषिक सहयोग उपलब्ध गराउनका लागि विद्यालयहरूमा द्विभाषिक शिक्षक, प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा शिक्षक र/वा सहायकहरूको प्रावधान राखिने छ ।
- **शिक्षाको भाषाको मूल्यांकन तथा अनुगमन प्रणालीः** फ्ल्यास प्रणालीमार्फत विद्यालयहरूमा प्रयोग भइरहेका शिक्षाका भाषाको सूचना संकलन गरी तिनको प्रयोगको अनुगमन गरिने छ । शिक्षा विभागले प्रत्येक विद्यालयमा भएका भाषिक प्रावधानको अनुगमन गर्ने छ र विद्यालयसँग सहकार्य गरी सबैभन्दा उपयुक्त विकल्प प्रयोग भए नभएको सुनिश्चित गरी भाषाको प्रयोगमा भएको प्रगतिको मूल्यांकन गर्ने छ ।

## समता तथा समावेशिता

**चुनौतीहरूः** नेपालको जनसंख्या विविधतापूर्ण छ । मुलुकले विगतका दुई दशकमा खास गरी बालिका शिक्षालाई प्राथमिकतामा राख्दै शिक्षामा पहुँचको विकासलाई दिएको महत्त्वका कारण समतामा धेरै प्रगति भएको छ र आधारभूत तथा माध्यमिक शिक्षाका कैयौँ सूचकहरूमा लैंगिक समता कायम भएको छ, तर पनि लैंगिकता, सामाजिक–आर्थिक स्थिति, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपांगताका कारण गुणस्तरीय शिक्षामा पहुँच र उपलब्धि स्तरमा ठूलो भिन्नता कायम छ । अपांगता भएका बालबालिकालाई मूलधारका कक्षामा समाहित गर्ने प्रयत्न भएको भए तापनि अपांगता भएका बालबालिकाको भर्ना तथा अर्थपूर्ण सहभागिताको स्थिति उत्साहजनक हुन सकिरहेको छैन ।

यस्ता बालबालिकाहरू विद्यालयमा भर्ना नहुने वा अन्य बालबालिकासँग न्यून अन्तरक्रिया हुने गरी विशेष विद्यालय वा कक्षामा भर्ना हुन चाहने प्रवृत्ति छ । यस प्रकारका धारणामा परिवर्तन ल्याउने तथा असमानतालाई सम्बोधन गर्ने प्रमुख

साधन शिक्षा साधन हुन सक्छ । समग्र समाज, विद्यालय, तथा कक्षाकोठाहरूमा गर्नुपर्ने रूपान्तरणको सम्बोधन गर्न अझै पनि धेरै चुनौतीहरू रहेका छन् ।

**अवस्था:** विद्यालय क्षेत्र विकास योजनाका लागि शिक्षा क्षेत्रभित्र तथा बाहिरका सबै प्रकारका असमानताको सम्बोधन गर्न पर्याप्त आधार उपलब्ध छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत हासिल प्रगतिका अतिरिक्त नेपालको संविधानको प्रस्तावनाले पनि यस प्रकारको प्रतिबद्धता जनाएको छः
'सामन्ती, निरंकुश, केन्द्रीकृत तथा एकात्मक प्रणालीले सिर्जना गरेका सबै प्रकारका विभेद तथा दमनहरू समाप्त गर्दै बहु जातीय, बहु भाषिक, बहु सांस्कृतिक तथा विविधतापूर्ण भौगोलिक विशेषतालाई अँगाल्दै वर्ग, जात, धर्म, भाषा र लैंगिकता लगायत सबै प्रकारका विभेद तथा छुवाछुट प्रथाको अन्त्य गर्ने'

विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत अवलम्बन गरेका रणनीतिले पहुँच तथा भर्नाको नतिजा सुधारमा संयुक्त प्रतिफल प्रदान गरेका छन् । स्रोत विनियोजनका सम्बन्धमा विद्यार्थीबीचको असमानता भन्दा विद्यालयहरू बीचका असमानताको सम्बोधनले कम प्राथमिकता पाउनु एक मात्र कमजोरी रहन गयो । यद्यपि वर्तमानमा अघिल्लो मुद्दामा बढी ध्यान केन्द्रित गर्नुपर्ने महसुस भएको छ । नेपालले सन् २०१४ को डिसेम्बरमा विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति (DoE, 2014) पारित गरेको छ । शिक्षा प्रणालीमा पूर्ण पहुँच, सहभागिता र सिकाइ सुनिश्चित गर्नुपर्ने आवश्यकता भएका जनसांख्यिक समूहको पहिचान गर्न यो समता सूचक तयार पारिएको हो ।

**रणनीतिक कार्यक्रमहरू:** समता, लैंगिकता तथा अपांगताका मुद्दाको सम्बोधनका लागि विद्यालय क्षेत्र सुधार कार्यक्रमले गरेका तयारीले विद्यालय क्षेत्र विकास योजनालाई मजबुत आधार प्रदान गरेका छन् । योजनाका प्रस्तावित कार्यक्रम एकीकृत समता रणनीतिकै हाराहारीमा निक्षेपित छन् । कार्यक्रम कार्यान्वयनसँगै उक्त रणनीति अगाडि बढाउनु यसको विशेषता हो । योजनामा समता तथा समावेशिता सम्बद्ध रणनीतिहरू देहाय अनुरूप रहेका छन्:

- पहुँच, सहभागिता र सिकाइ नतिजामा रहेको विभेद निराकरण गर्न समतामा आधारित रणनीतिको कार्यान्वयन मार्फत तह अनुसार समता सूचकांकका आधारमा प्रमुख उत्प्रेरकको पहिचान गरी लागु गरिने छ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अंगका रूपमा समता सूचकांकको प्रयोग गरेर आवश्यकतामा आधारित योजनाको निर्माण तथा कार्यान्वयन गरिने छ ।
- छात्रवृत्ति लगायत अन्य सहुलियत वितरणका आधारहरूलाई औचित्यपूर्ण र तथ्यमा आधारित गराइने छ र यस्ता योजनाको अनुगमन तथा मूल्यांकनका संयन्त्र तयार पारी लागु गरिने छ ।
- अपांगता तथा विशेष आवश्यकता भएका बालबालिकालाई समावेशी शिक्षा सुनिश्चित गर्नका लागि संस्थागत क्षमताको विकास गरिने छ । साथै जटिल तथा विशेष प्रकारको अपांगताको सम्बोधनका लागि गैरसरकारी निकाय तथा सम्बन्धित मन्त्रालयसँग साझेदारी गरिने छ ।

## अनुकूल वातावरण

**चुनौतीहरू:** हालसम्म नेपालका अधिकांश विद्यालयमा प्रभावकारी सिकाइका अनुकूल वातावरण तयार हुन सकेका छैनन् । प्रायशः विद्यालयहरू समुदायले निर्माण गरेका हुनाले सिकाइ क्रियाकलाप सञ्चालन तथा सुरक्षाका दृष्टिले उपयुक्त छैनन् । कतिपय प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक लगायतका विद्यालयहरू घेराबारा तथा आवश्यक सिकाइ सामग्रीका दृष्टिकोणले अभावग्रस्त अवस्थामा रहेका छन् । प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक कक्षाहरूमा आधारभूत उपकरण तथा खेल सामग्रीका अभाव रहेका छन् । खास गरी ग्रामीण क्षेत्रका विद्यालयहरू अझै पनि सिकाइका अनुकूल वातावरण तयार गर्न संघर्षरत छन् । २०७२ को भूकम्पले अत्यन्त प्रभावित १४ जिल्लामा यसअघि वर्षौं लगाएर हासिल गरिएका धेरै उपलब्धिहरूलाई पछाडि धकेली, परिस्थितिलाई झन् विकराल बनाएको छ ।

**अवस्था**ः सबैका लागि शिक्षा तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमका अवधिमा बालमैत्री विद्यालयदेखि लिएर प्रत्येक विद्यालयमा अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार सुनिश्चित गर्नका लागि आवश्यक स्रोत उपलब्ध गराउने प्रावधानका कारण केही प्रगति भएका छन् । आवश्यक न्यूनतम पूर्वाधारको निम्ति कार्यढाँचा भित्र अनुकूल सिकाइ वातावरणका लागि आवश्यक ठानिएका विभिन्न २५ अवयवहरू समेटिएका छन् । आवश्यक न्यूनतम पूर्वाधारमध्ये विद्यालयको भौतिक अवस्था, शिक्षक विद्यार्थी अनुपात, विद्यार्थी हाजिरी जस्ता पक्षहरू समेटिएका छन् । यस कार्यढाँचाले समुदायलाई विद्यालय सञ्चालन कार्य योजना निर्माणको मापदण्ड प्रदान गरेका छन् ।

विद्यालयहरूले तोकिएका आवश्यक न्यूनतम पूर्वाधार पूरा गर्न सम्पादन गर्नुपर्ने कार्यहरू र स्रोत साधनको सीमिततालाई दृष्टिगत गरी सन् २०१३ मा २५ मध्ये प्राथमिकताका आधारमा शिक्षक विद्यार्थी अनुपात, कक्षा कोठाको स्थान, पाठ्यपुस्तकको उपलब्धता, छात्र छात्राका लागि पर्याप्त पानी सहितको छुट्टाछुट्टै शौचालय र प्रत्येक कक्षामा बुक कर्नरको व्यवस्था गरी जम्मा ५ प्रकारका प्राथमिकताका न्यूनतम मापदण्ड हुनुपर्ने निर्णय गरियो । सीमित मात्र मापदण्ड भएकाले न्यूनतम मापदण्ड पूरा गर्ने विद्यालयको संख्यामा वृद्धि हुन गयो । न्यूनतम पूर्वाधारको अनुगमनले सिकाइ वातावरणमा रहेका असमानता हटाउन विद्यालयहरूलाई सहयोग पुग्न गयो । तथापि स्रोतको अभाव र २०७२ को भूकम्पका प्रभावले गर्दा कतिपय विद्यालयहरूले यी ५ न्यूनतम मापदण्ड पनि पूरा गर्न सकेका छैनन् ।

शिक्षा विभागले उपलब्ध गराएको तथ्यांक अनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमको अन्त्यसम्म थोरै विद्यालयले मात्र न्यूनतम मापदण्ड पूरा गर्न सकेका छन् । विद्यालयहरूले प्रति विद्यार्थी लागत (शिक्षक तलब शीर्षक बाहेक) को रकम सिकाइ वातावरण तथा शिक्षणका गुणस्तर सुधारमा खर्च गर्न सक्ने भए पनि धेरै विद्यालयहरू खास गरी पूर्वाधार विकासका लागि थप स्रोतको अभाव खेपिरहेका छन् । पहिले प्राथमिक विद्यालयका (कक्षा १-५) लागि मात्र यी न्यूनतम पूर्वाधारको निर्धारण गएिकामा हाल माध्यमिक तहका लागि समेत यस्ता मापदण्डको निर्धारण गरिएको छ, जसमा निर्धारित शिक्षक विद्यार्थी अनुपात पूरा गर्न आवश्यक शिक्षक संख्या, सुरक्षित विद्यालय भवन, लैंगिक मैत्री भौतिक सुविधा, छानिएका विद्यालयमा विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला र पाठ्यपुस्तक, पाठ्यक्रम, तथा शिक्षण सिकाइ सामग्री पर्दछन् । न्यूनतम पूर्वाधारका मापदण्ड प्रारम्भिक बाल शिक्षा र विकास/पूर्वप्राथमिक शिक्षाका लागि पनि निर्धारण गर्नु आवश्यक छ ।

**रणनीतिक कार्यक्रमहरू** – विद्यालय क्षेत्र विकास योजनाले सबै विद्यालयका लागि बालमैत्री सिकाइका वातावरण सुनिश्चित गर्न ठोस आधार प्रदान गरेको छ । २०७२ को भूकम्पले पुऱ्याएको क्षतिका कारण विद्यालयहरूका न्यूनतम मापदण्ड पूरा गर्ने समयावधि बढाएको भए तापनि आधारभूत तथा माध्यमिक शिक्षाको सिकाइ वातावरणको विकासका लागि थप प्रयासहरू आवश्यक रहेको देखिन्छ । शिक्षामा समावेशिताको अभिवृद्धि गराउने गरी मूलधारका विद्यालयमा अपांगता भएका विद्यार्थीको पूर्ण सहभागिताका लागि अनुकूल वातावरणको सिर्जना गर्नुपर्ने समेत यस अन्तर्गत पर्छ । विद्यार्थीलाई द्रुत गतिले परिवर्तन भइरहेको प्रविधिको संसारसँग संलग्न हुने अवसर प्रदान गर्नका लागि सूचना तथा सञ्चार प्रविधिका सुविधाहरू पनि बढाइँदै लगिने छ । अतः सिकाइ वातावरणको अनुकूलता वृद्धिका लागि देहाय अनुसारका रणनीतिक कार्यक्रमहरू अगाडि बढाइने छन्:

- अपांगता भएका बालबालिकाका लागि सक्रिय सिकाइ क्रियाकलापमा पूर्ण पहुँच सुनिश्चित गर्न प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षामा न्यूनतम मापदण्ड निर्धारण गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको बढ्दो प्रयोग मार्फत विज्ञान, गणित र अंग्रेजी जस्ता प्राथमिकताका विषयको शिक्षण सिकाइ प्रक्रियालाई सुदृढ गराइने,
- आधारभूत तथा माध्यमिक दुबै प्रकारका विद्यालयका प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षाका लागि प्राथमिकीकरण गरिएका न्यूनतम पूर्वाधारको मापदण्ड विकास गर्ने,
- छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालय, पानी तथा सरसफाइ लगायत सिकाइ वातावरणमा लैंगिक संवेदनशीलताका पक्षहरू क्रमशः समावेश गर्दै जाने,

- न्यूनतम मापदण्ड पूरा भएको सुनिश्चितताका लागि खास गरी जिल्ला तथा विद्यालय तहमा सुशासन तथा व्यवस्थापनको सुदृढीकरण गर्ने ।

## पूर्वाधार विकास तथा विद्यालय सुरक्षा

**चुनौतीहरू** – स्थानीय समुदायको सक्रिय सहभागिताकै कारण नेपालको शिक्षा प्रणालीको विकासले २०१७ सालपछि द्रुत गति लिन सम्भव भएको हो । स्थानीय रूपमा चन्दा उठाएर र कतिपय अवस्थामा श्रमदानबाट धेरै विद्यालयहरू निर्माण गरिए । यस प्रकारको सहभागिताले शिक्षाप्रति स्थानीय स्वामित्वमा बढोत्तरी भयो र शिक्षा प्रणालीको विस्तारले गति लियो । तर मापदण्ड पूरा नगरी बनाइएका कमजोर विद्यालय भवनहरू यसको नकारात्मक पक्ष रहन गयो । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पूर्वाधार विकासका महत्त्वाकांक्षी कार्यक्रमहरू ल्याइए । तर थोरै विद्यालयहरूमा मात्र नयाँ भवन बनाइए । २०७२ सालको भूकम्पपछि स्थिति अझ विकराल भयो, ९ हजार भन्दा बढी विद्यालय भवन क्षतिग्रस्त भए, ३५,००० भन्दा बढी कक्षा कोठाहरू तहसनहस भए र दसौँ लाख बालबालिकाहरू सिकाइका सुरक्षित वातावरणबाट वञ्चित भए । पहिलो ठूलो भूकम्प शनिवारका दिन गएकाले ठूलो मानवीय क्षति हुनबाट जोगिन पुग्यो । मुलुकको ठूलो भूभाग भूकम्पीय जोखिमको क्षेत्रमा पर्ने भएकाले र भूकम्पपछिका अनुभवले विद्यालयका नयाँ भवनको निर्माण तथा भइरहेका विद्यालय भवनको सुरक्षित तथा भूकम्प प्रतिरोधी छन् भन्ने सुनिश्चित गर्नु अत्यन्त जरुरी देखिएको छ ।

**अवस्था** – २०७२ सालको भूकम्पपछि राष्ट्रिय योजना आयोगले विपत् पश्चात्‌को आवश्यकताको मूल्यांकन गऱ्यो र एउटा पुनःस्थापना तथा पुनर्लाभको कार्यढाँचा निर्माण गऱ्यो (NPC, 2015b) । मूल्यांकन गरिएका मध्ये शिक्षा क्षेत्र पनि एक थियो (NPC, 2015c) । उक्त मूल्यांकनले ४५,००० कक्षा कोठामा नयाँ निर्माण तथा मर्मत सम्भार गर्नुपर्ने र ठूलो संख्याका विद्यालयहरूमा घेराबारा, पानी तथा सरसफाइ सुविधा, शौचालय आदिको पुनर्निर्माणको आवश्यकता देखाएको छ । एउटा परीक्षण परियोजनाले भूकम्पपूर्व नै केही विद्यालयको प्रबलीकरण गरेको थियो (NSET, 2014) । यसले नेपालका विद्यालयहरूको प्रबलीकरणका लागि आवश्यक डिजाइन प्रदान गरेको छ । उक्त परियोजनामा विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण तथा सचेतना निर्माण पनि समाविष्ट गरिएको थियो । प्राथमिकीकरण गरिएका न्यूनतम मापदण्ड अन्तर्गत कक्षा कोठाको निर्माण गर्दा तत्कालीन अवस्थामा विपत् जोखिम न्यूनीकरणका मापदण्ड अनुसरण गरिनुपर्ने व्यवस्था समेटिएका थिएनन् परिणामतः भइरहेका अधिकांश विद्यालय भवनमा विद्यालय सुरक्षाका मापदण्ड पूरा भएका छैनन् । तथापि शिक्षा क्षेत्रले राष्ट्रिय विद्यालय सुरक्षा कार्यढाँचा अनुरूप विपत् जोखिम न्यूनीकरण रणनीति निर्माण गरिरहेको छ । विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य यसै आधारमा निर्धारण गरिएका छन् ।

**रणनीतिक कार्यक्रम** – सरकार तथा यसका विकास साझेदारले भूकम्प प्रतिरोधी तथा विद्यालय सुरक्षाको प्रवर्धन गर्ने विपत् जोखिम न्यूनीकरणका मापदण्डमा विद्यालय भवनहरूको निर्माण, पुनर्निर्माण तथा प्रबलीकरण गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । सिकाइका सुरक्षित स्थान सुनिश्चित गर्नका लागि विद्यालय भवनहरूको निर्माण, पुनर्निर्माण तथा प्रबलीकरण गर्दा राष्ट्रिय निर्देशिका तथा विशिष्टीकरणको अवलम्बन गरिने छ । यस अन्तर्गत सुरक्षित निर्माण स्थलको चयन, निर्माण निर्देशिकाको पालना, विपत् प्रति उत्थानशील डिजाइन, प्रबलीकरण, निर्माणको सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण आदि पर्दछन् । विद्यालय क्षेत्र विकास योजनाले देहाय अनुसारका प्रयत्नहरूलाई अगाडि बढाउने लक्ष्य लिएको छः

- २०७२ सालको भूकम्पपछिको दीर्घ, मध्यम तथा अल्पकालीन पुनर्स्थापना कार्यक्रम सम्पादन गर्दा समग्र राष्ट्रिय योजना अन्तर्गतको राष्ट्रिय मापदण्डको प्रयोग सुनिश्चित गर्ने,
- विद्यालय तहको विपत् व्यवस्थापन तथा विद्यालय, विद्यार्थी तथा समुदाय बीचको उत्थानशीलता सुदृढ गराई समग्र विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने,
- बहुपक्षीय खतराको लेखाजोखा, विपत् व्यवस्थापनको नक्सांकन विद्यालय तहमा जोखिम न्यूनीकरणको कार्य योजना लगायत निर्माण, विद्यालय सुधार योजनामा विद्यालय सुरक्षा पद्धति समावेश गर्ने, शैक्षिक निरन्तरताका लागि योजना

तर्जुमा, प्रतिकार्य तथा तयारी क्षमतामा अभिवृद्धि गर्दै शिक्षा प्रणालीका राष्ट्रियदेखि विद्यालय तहसम्म जोखिम न्यूनीकरणको तयारीलाई सुदृढ गर्ने,

- विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा लगायत विद्यालय तथा समुदायका आवश्यकताहरूको समग्रतामा सम्बोधन गर्न भूकम्प प्रभावित जिल्लाको समग्र पुनर्स्थापना केन्द्रित एउटा संयुक्त संयोजनकारी संयन्त्रको निर्माण गर्ने ।

## क्षमता विकास

**चुनौतीहरू** – सबैका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रका सबै तहमा पर्याप्त क्षमता सुनिश्चित गर्नु विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिभर चुनौतीपूर्ण रह्यो । भइरहेका संस्थाहरूको क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता सर्वत्र महसुस भएको छ । समग्र शासन प्रणाली संघीयतातर्फ अगाडि बढिरहेका अवस्थामा संक्रमणसँगै शैक्षिक व्यवस्थापन तथा योजना निर्माणको विकेन्द्रीकरण गर्नका लागि थप कार्यभार वहन गर्नुपर्ने भएकाले शिक्षा प्रणालीभित्र मौजुदा मानवीय संसाधन तथा संस्थागत क्षमतामा अभिवृद्धि गर्नुपर्ने आवश्यकता रहेको हुँदा क्षमता विकासका कार्यहरू चुनौतीपूर्ण देखिएको छ ।

**अवस्था** – विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिमा शिक्षा क्षेत्रको क्षमता विकासमा राम्रो प्रगति भएको छ । योजना निर्माण तथा अनुगमन प्रणालीको सुदृढीकरण, विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन प्रणालीको स्थापना, सार्वजनिक वित्तीय प्रणालीमा सुधार तथा शिक्षक व्यवस्थापन जस्ता कार्यहरूमा यस अवधिमा उल्लेख्य प्रगति हासिल भए । विद्यालय क्षेत्र सुधार कार्यक्रमले सन् २०१३ मा एउटा संस्थागत मूल्यांकन तथा क्षमता विकास योजनाको विकास गर्‍यो (Moriani et al., 2013) । संस्थागत मूल्यांकन तथा क्षमता विकास योजना निर्माणकै अंगका रूपमा सम्पन्न गरिएको प्रशासनिक कर्मचारीको सर्भेले शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा सबै केन्द्रीय निकायका कर्मचारीको पेसागत क्षमता विकासको पर्याप्त अवसर नरहेको देखायो ।


यसले कर्मचारीको पेसागत विकासका आवश्यकताको सम्बोधन गर्न उचित प्रोत्साहन आवश्यक हुन्छ भन्ने यथार्थतामा ध्यान नपुगेको देखाएको छ । प्रतिवेदनले कार्य सञ्चालनका कठोरता, कमजोर सार्वजनिकीकरण, कमजोर प्रशासन तथा सार्वजनिक वित्तीय व्यवस्थापन जस्ता लक्षणलाई विस्तृत सुपरिवेक्षण क्षमताका चुनौतीका लक्षण हुन् भनी वर्णन गरेको छ । यस अध्ययनका सिफारिसले क्षमता विकासका चुनौतीको सम्बोधनका लागि राम्रो प्रस्थान बिन्दु प्रदान गरेको छ ।

**रणनीतिक कार्यक्रमहरू** – विद्यालय क्षेत्र विकास योजनाका क्षमता विकास सम्बन्धी सबै कार्यहरूका अन्तर्निहित आशय विकेन्द्रित संघीय शासन प्रणालीका लागि तयारी गर्नु र अन्ततोगत्वा कार्यान्वयन गर्नु हो । संघीयता कार्यान्वयनको समयसीमा तथा अन्य विशेष व्यवस्थाका बारेमा एकिन भइ नसके तापनि सम्बद्ध अधिकारी तथा सरोकारवालाहरूलाई सुम्पिएको जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न सकून् भन्ने दृष्टिले प्रान्तीय, जिल्ला तथा विद्यालय तहमा क्षमता विकास गर्नुपर्ने कुरा निश्चित प्रायः छ । यस क्रममा प्रशासनिक कर्मचारीहरूलाई देहाय बमोजिमको सहयोग आवश्यक पर्छः (१) संघीय संरचना अनुसार कर्मचारीको पदस्थापना (२) शैक्षिक योजनाका लागि प्रान्तीय तथा स्थानीय अधिकारीहरूको नेतृत्व विकास (३) व्यवस्थापन (४) बजेट निर्माण र (५) कर्मचारीले निर्धारित दायित्व पूरा गर्न आवश्यक सक्षमताको सुनिश्चिताका लागि स्पष्ट पेसागत प्रोफाइल तथा आवश्यक नियुक्तिका आधार ।

विकेन्द्रीकरणका आधारभूत सिद्धान्त अनुसार समेत क्षमता विकासका लागि देहाय अनुसारका रणनीतिक कार्यक्रमहरूको आवश्यकता पर्ने देखिएको छः

- विद्यालय सञ्चालन तथा व्यवस्थापनको सुदृढीकरणका लागि विद्यालय व्यवस्थापन समितिको क्षमता विकासका साथै स्थानीय सरकारलाई सहयोग पुर्‍याउन खेल्नुपर्ने भूमिका तथा दायित्व निर्धारण गर्न एउटा राष्ट्रिय कार्यढाँचाको विकास गर्ने,

- विकेन्द्रीकरणका परिप्रेक्ष्यमा शिक्षा क्षेत्रका विभिन्न तह तथा पदका लागि आवश्यक पर्ने सक्षमता तथा सीपहरूको खाका सहितको क्षमता विकास योजना विकास गर्ने,
- विद्यालयबाट गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्व पूरा गराउन विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको क्षमता वृद्धि गर्नुपर्ने सन्दर्भमा अभिभावक तथा समुदायको तहमा व्यापक सचेतनालाई सुदृढ गर्ने,
- लेखापालन, योजना अनुसारका कार्यक्रम र बजेट बीचको सम्बन्ध, विपत् व्यवस्थापनका विषयमा विद्यालय व्यवस्थापन सम्बद्ध कर्मचारीहरूको क्षमताको सुदृढीकरण तथा प्रधानाध्यापकको नेतृत्व विकास गर्ने ।



# ४. आधारभूत शिक्षा

## ४.१ परिचय

सबैका लागि शिक्षाको दोस्रो उद्देश्यमा खास गरी बालिका, कठिन परिस्थितिमा परेका तथा सामाजिक आर्थिक रूपले पिछडिएका जनजाति समुदायका बालबालिका लगायत सबैका लागि गुणस्तरीय निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच तथा विद्यालय पूरा गर्ने अवसर सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो । यो राज्यको दायित्व पनि हो ।

नेपालको आधारभूत शिक्षामा धेरै महत्त्वपूर्ण उपलब्धिहरू भएका छन् । सन् २०१५ मा कक्षा १ को खुद नयाँ भर्ना दरमा ठूलो वृद्धि भई निर्धारित उमेरका बालिकाको कुल संख्याको ९२.७ प्रतिशत र सोही उमेरका बालबालिकाहरूको ९३.३ प्रतिशत पुगेको थियो । उक्त समयमा आधारभूत तहको शिक्षाको खुद भर्ना दर ८८.७ प्रतिशत थियो । तथापि विद्यालय क्षेत्र सुधार कार्यक्रमले निर्धारण गरेको ९८ प्रतिशतको लक्ष्य भने पूरा गर्न सकिएको थिएन ।

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ । सबैका लागि शिक्षा तथा विद्यालय क्षेत्र सुधार कार्यक्रमका अवधिमा (२००१-२०१५) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा पहुँच सुधारका क्षेत्रमा धेरै उपलब्धि भएका छन् । प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा सरकारी लगानीमा ठूलो वृद्धि गरी बाल विकासका लागि मजबुत आधार प्रदान गरेको छ (DoE, 2004a) । सन् २०१४ सम्ममा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरूको संख्या ३५,००० पुगेको थियो । परिणाम स्वरूप प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको कुल भर्नादर ७८ प्रतिशत पुगेको छ (DoE, 2015) ।

सन् २००२ सम्म कक्षा १ का लगभग १० प्रतिशत बालबालिकाले मात्र प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा पाएका थिए । विद्यालय क्षेत्र विकास योजनाका अवधिमा खास गरी संकटासन्न अवस्थाका तथा पिछडिएका समुदायका बालबालिकाको प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको भर्नादर बढाउन उपयुक्त प्रावधान अगाडि ल्याइने छ । यसका लागि न्यूनतम मापदण्ड कायम गरी यसलाई सम्भव भएका स्थानमा विद्यालय भित्र समाहित गरिने छ र सम्बद्ध शिक्षक/सहजकर्ताका पेसागत क्षमता विकास गर्नुका साथै न्यूनतम आवश्यकता पूरा गराइने छ । विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावक शिक्षा तथा समुदायको संलग्नताको ठूलो महत्त्व रहने यथार्थलाई दृष्टिगत गरी उपयुक्त रणनीतिको अवलम्बन गरिने छ ।

शिक्षा क्षेत्र मूल्यांकनले आधारभूत शिक्षामा समग्रमा धेरै प्रगति भएको भए तापनि पिछडिएका समूहका बालबालिकाको पहुँच न्यून रहनुका साथै कक्षा दोहोर्‍याउने दर उच्च रहेको टिप्पणी गरेको छ (MoE, NIRT & AIR, 2016) । गुणस्तर तथा सक्षमताका सूचकमा केटा र केटीबीचको फरक न्यून रहे तापनि केटीहरूको शैक्षिक उपलब्धि केटाहरूका तुलनामा कमै रहन गएको पाइएको छ । सबै कक्षामा बीचैमा कक्षा छोड्ने तथा कक्षा दाहोर्‍याउने दर पनि केटाहरूका तुलनामा बढी नै देखियो । यसले केटीहरूका लागि अनुकूल सिकाइका अवस्थाबाट फाइदा लिन प्रणालीगत व्यवधान रहेको इङ्गित गर्दछ । तराईका दलितको २३.१ र त्यहाँका बाहुन क्षेत्रीको ८० प्रतिशत साक्षरता दर रहेको तथ्यले शिक्षाको सहभागितामा जाति जनजाति समुदायको शैक्षिक उपलब्धिमा असमानता रहेको स्पष्ट पार्दछ । कक्षा दोहोर्‍याउने उच्च दर, पढाइचक्र पूरा गर्न विद्यालय टिकिरहने दरको न्यूनता, पेसामा विद्यार्थीको प्रवेश, उच्च शिक्षाको तयारीको अवस्था आदिले शिक्षा क्षेत्रको बाह्य सक्षमतामा व्यापक समस्या रहेको देखाउँछ । मध्य तराईमा बालिका तथा अपांग बालबालिकाको पहुँचमा रहेको बहुआयामिक अवरोधले पनि असमानतालाई मलजल गरेको छ (DoE, 2014) ।

अपांगता भएका बालबालिकाको आधारभूत शिक्षामा सामान्यतया न्यून पहुँच रहेको छ । यस समस्याको हल गर्नका लागि शिक्षा र स्वास्थ्य मन्त्रालय बीच समन्वय गरी शुरू अवस्थामै त्यस्ता बालबालिकाको समस्या पहिचान र उपचारात्मक सहयोग पद्धतिको विकास गरिनु जरूरी छ । साथै विशेष शिक्षा वा विशेष कक्षाको व्यवस्थालाई समावेशी शिक्षामा मूलप्रवाहीकरण गर्नु आवश्यक हुन्छ । तर यसका लागि संस्थागत क्षमता र विज्ञताको सुनिश्चितता भने आवश्यक पर्दछ । यसका अतिरिक्त अपांगताको अवस्था र किसिमका सम्बन्धमा निरन्तर र नियमित तथ्यांक संकलन र विश्लेषण गरी शिक्षक तालिममा विशेष शिक्षाका अवयवहरूको समायोजन र अपांगतालाई हेर्ने सामाजिक दृष्टिकोणमा पनि परिवर्तन ल्याउनु जरूरी छ ।

विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षामा ल्याउन मद्दत गर्ने र उमेर बढी भएका तथा विद्यालय जान असमर्थ युवाहरूलाई वैकल्पिक आधारभूत शिक्षाको अवसर प्रदान गरी अनौपचारिक शिक्षाबाट आधारभूत शिक्षामा समायोजन गर्न सकिन्छ ।

विद्यालय छाड्नेको ठूलो संख्या, विद्यालय बाहिर रहेका बालबालिकाको उच्च संख्या, न्यून सीपयुक्त कामदारहरूको बाहुल्य तथा उच्च शिक्षा र रोजगारी बजारका आवश्यकता बीच खुकुलो सम्बन्धका कारण पनि नेपालमा अनौपचारिक शिक्षाको ठूलो महत्त्व रहेको छ । सन् २००८ मा अनौपचारिक शिक्षा केन्द्रले निरक्षरता उन्मूलन गर्ने उद्देश्यका साथ साक्षरता अभियान चलाएको थियो । यस अभियानले खास गरी प्राथमिक शिक्षा विस्तार कार्यक्रम मार्फत निरक्षर युवा तथा विद्यालय बहिर रहेका बालबालिकालाई लक्षित गरिएको थियो । जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन गर्नका लागि सामुदायिक सिकाइ केन्द्रले ठूलो सहयोग पुऱ्याइरहेको छ । तर Cumming et al. (2012) ले गरेको अध्ययनले सन् १५ वर्ष उमेर समूहका युवाहरूको २००८ देखि २०११ बीच साक्षरतामा झिनो प्रगति मात्र हासिल भएको देखिन्छ । सन् २००८ मा यस समूहको साक्षरता ५५.६ प्रतिशत रहेकामा सन् २०११ मा ५७ प्रतिशत मात्र पुगेको थियो । साक्षरताका सम्बन्धमा क्षेत्रीय तथा लैंगिक विभेद पनि उच्च रहेको छ । उक्त अध्ययन अनुसार १६ वर्ष उमेर समूहमा सहरी क्षेत्रको साक्षरता दर ७७ प्रतिशत र ग्रामीण क्षेत्रमा ५७ प्रतिशत पाइएको थियो । Cumming et al. (2012) को अध्ययनले यस्तो स्थितिका लागि जिल्ला र स्थानीय तहका संस्थागत क्षमता र सहजकर्ताको गुणस्तर कमजोर हुनुलाई जिम्मेवार ठहऱ्याएको छ ।

एकातिर पहुँचमा रहेको यस प्रकारको विभेदको सम्बोधन महत्त्वपूर्ण रहन्छ भने अर्कातर्फ आधारभूत शिक्षाको गुणस्तरको सुधार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ । नेपालको शिक्षाका सबै तहमा विद्यार्थीको सिकाइ उपलब्धिको अवस्था कमजोर रहेको छ । सन् २०१३/२०१४ मा ४८ प्रतिशत विद्यार्थी (५१ प्रतिशत कक्षा ५ र ५७ प्रतिशत कक्षा ८) विज्ञान, गणित र अंग्रेजी विषयमा असफल रहे (ERO, 2013) । सन् २०११ देखि नै यस परिदृश्यमा खासै सुधार भएको छैन । पिछडिएका समूहका बालबालिकाको अवस्था अझ कमजोर पाइएको छ ।

आधारभूत शिक्षाको मुख्य चुनौतीको सम्बन्ध शिक्षा क्षेत्रका थुप्रै प्रणालीगत समस्यासँग गाँसिएको छ । विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमताको अभाव पनि चुनौतीकै रूपमा रहेको छ । शिक्षा क्षेत्र विश्लेषणले शिक्षाको गुणस्तर कम हुनुमा शिक्षण सिकाइको तत्त्व जिम्मेवार रहेको देखाएको छ (MoE, NIRT & AIR, 2016) ।

यिनै परिदृश्यलाई दृष्टिगत गरी विद्यालय क्षेत्र विकास योजनाले सिकाइको प्रवर्धनका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने, अनौपचारिक शिक्षाको पहुँच र गुणस्तर सुधार्ने र बालबालिका बीच आपसी सहयोगको प्रावधानमा जोड दिएको छ ।

योजनाको प्रमुख जोड सिकाइ वातावरणको सुधारमा केन्द्रित छ । बालबालिकाका लागि सुरक्षित विद्यालय, उत्थानशील पूर्वाधार, भयरहित बालमैत्री वातावरणमा पहुँचको आवश्यकता रहन्छ । यसका अतिरिक्त लैंगिक मैत्री अभ्यास तथा शिक्षामा समान अवसर प्रदान गरी लैंगिकतामा आधारित हिंसाको उपयुक्त सम्बोधन, बालिकाहरूको सिकाइ प्रवर्धन गर्ने वातावरण, पेसागत आदर्शका रूपमा महिला शिक्षकको व्यवस्थामा जोड दिइने छ । सिकाइको उपयुक्त वातावरण भन्नुको

तात्पर्य सिकाइ प्रवर्धन गर्न प्राथमिकीकरण गरिएका सबै न्यूनतम पूर्वाधार पूरा भएको, मातृभाषामा शिक्षा प्रदान गर्नका लागि शिक्षकको सक्षमताको प्रवर्धन र आवश्यक सहयोग सामग्रीको प्रावधान भएको, मातृभाषालाई शिक्षणको माध्यम बनाएको, गुणस्तरसम्बद्ध र विश्वसनीय मूल्यांकनका आधारमा सिकारूको आवश्यकता अनुरूप परिमार्जनका लागि लचिला पाठ्यक्रमको प्रावधान भएको आधारभूत शिक्षा भन्ने हो ।

विद्यार्थीको सर्वांगीण विकासको पद्धति अवलम्बन गरी विद्यार्थीको संज्ञानात्मक क्षमता अभिवृद्धि गर्न खाना, पोषण तथा विद्यार्थी र समुदायको स्वास्थ्य सम्बन्धी ज्ञानको विकास विद्यालय क्षेत्र विकास योजनाको मान्यता रहेको छ । यसका लागि गरिबी र खाद्य न्यूनता भएका क्षेत्रका विद्यालयमा स्वास्थ्य र दिवा खाजा कार्यक्रमलाई संस्थागत गर्नु आवश्यक हुन्छ ।

यस योजनाले लचिला तथा सीप विकासका खुला कार्यक्रम, औपचारिक शिक्षाको सेवा नपुगेका क्षेत्रमा आय आर्जनका कार्यक्रम समायोजन गरेर अनौपचारिक शिक्षाको सुदृढीकरण गर्ने लक्ष्य राखेको छ । यस उपक्षेत्रको उद्देश्य पूरा गर्नका लागि अनौपचारिक शिक्षा सम्बद्ध संस्थाको गुणस्तर सुधार गर्नु महत्त्वपूर्ण हुने छ । सामुदायिक सिकाइ केन्द्र अनौपचारिक शिक्षा प्रवाहको प्रमुख संयन्त्रका रूपमा रहने छन् र तिनलाई प्रदान गरिने अनुदानको केही अंश तिनले गरेका कार्य सम्पादनसँग आबद्ध गराइने छ । शिक्षा मन्त्रालयले जिल्ला तथा स्थानीय तहमा दक्ष सहजकर्ताको व्यवस्था गरी तिनलाई क्षमता विकासका अवसर प्रदान गर्ने छ । नागरिक समाजसँग सम्बद्ध संगठनहरूबाट सिकाइका विभिन्न आवश्यकता सम्बोधनका लागि अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन भइरहेका हुनाले शिक्षा मन्त्रालयले अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई स्तरीकृत गराई न्यूनतम स्तर सुनिश्चित गर्न कार्यक्रमको समकक्षता प्रमाणीकरण गर्ने व्यवस्थाका साथै क्षमता अभिवृद्धिका अवसर समेत प्रदान गर्ने छ ।

अन्त्यमा, विद्यालय क्षेत्र विकास योजनाले उच्च शैक्षिक क्षति भएका स्थानमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि सहयोग संयन्त्रका रूपमा बाल क्लबको सुदृढीकरण गर्ने छ र सामाजिक कुसंस्कारको प्रतिवाद गर्न र सिकारूहरूलाई विद्यालय शिक्षामा टिकाइराख्न सामाजिक सञ्जाललाई विस्तार र सुदृढ बनाउने छ ।

## ४.२ उद्देश्य तथा रणनीति

विद्यालय क्षेत्र विकास योजनाले निर्धारण गरेका आधारभूत शिक्षाका उद्देश्यहरू देहाय अनुसार रहेका छन्:

- ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक-संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु र विद्यालय प्रवेशको तयारी गराउनु,
- ४-१२ वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु,
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउनु,
- सामाजिक-सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु,
- वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुऱ्याउनु ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले आधारभूत शिक्षाको सुधारका लागि समता, गुणस्तर र सक्षमता वृद्धिमा देहाय अनुसारका रणनीति अपनाउने छ:

### समता

(क) वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्यक्रम तथा बजेटकै अंगका रूपमा समता रणनीतिक कार्यान्वयन

योजना बनाई कार्यान्वयन गरिने छ । यसबाट विद्यार्थी सहयोग तथा प्रोत्साहन कार्यक्रमको सान्दर्भिकता बढाउन र आवश्यकतामा आधारित रणनीति तथा क्रियाकलाप लगायत लक्षित समूहका लागि कार्यक्रमको विनियोजन गर्न, ससर्त अनुदान रकम निकासा गर्न, गरिबी परिचय पत्र र दुर्गम क्षेत्रका लागि मोबाइल शिक्षाको प्रवधान गर्न मद्दत पुग्ने छ ।

(ख) जिल्लाभित्र तथा बाहिर विद्यमान शिक्षाका विभेदको अवस्था, प्रवृत्ति, बनावट, आदिको क्रम निर्धारण तथा विश्लेषण गर्न समता सूचकांकलाई संस्थागत गरी कार्यान्वयनमा ल्याइने छ । यसको उद्देश्य समतामूलक पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुदृढ गराउनु र स्थानीय सरोकारवालाहरूलाई विद्यालय तहमा आवश्यकतामा आधारित योजना निर्माण गर्न सचेतना वृद्धि गराउनु रहेको छ ।

(ग) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमलाई सबै आधारभूत विद्यालयमा समायोजन गराइने छ । विद्यालयमा आधारित कार्यक्रमको पहुँच अधिकतम गराउन तथा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्न विद्यालय सेवा क्षेत्रका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरूको पुनर्वितरण गर्ने ।

(घ) पहिचान गरिएका आवश्यकतालाई सम्बोधन गर्न, स्वीकृत मापदण्ड कार्यान्वयन कार्य ढाँचाको परिपालना गराउन, खुद प्रवेश दर न्यून भएका समुदायमा भर्ना दरमा वृद्धि गर्न र प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको अनुभव नलिई कक्षा १ मा भर्ना हुनेको प्रतिशत उच्च भएका क्षेत्रमा केन्द्रित गर्दै विद्यालयमा आधारित, समुदायमा आधारित तथा घर परिवारमा आधारित विभिन्न प्रकारका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमको व्यवस्था गर्ने ।

(ङ) सहज तवरबाट प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउन र शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा जोड्न समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षाहरूलाई नजिकका सामुदायिक विद्यालयसँग आबद्ध गर्ने ।

(च) अभिभावक शिक्षा कार्यक्रमलाई परिवार साक्षरता, आय आर्जन, स्वास्थ्य तथा सरसफाइ तथा सीप विकास कार्यक्रमसँग आबद्ध गराएर प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रममा समुदायको संलग्नता बढाइने ।

(छ) अपांगता भएका बालबालिकालाई सहयोग गर्न र खास गरी जटिल अपांगता भएका बालबालिकालाई लक्षित गरी विशिष्टीकृत, घरमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा स्थापना गर्ने लगायत अपांगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको स्थापना र सुदृढीकरण गराइने ।

(ज) भौगोलिक सूचना प्रणालीको प्रयोग गरी विद्यालयको वर्तमान अवस्थिति तथा सम्भावित स्थानको नक्सांकन गरेर मात्र नयाँ विद्यालय स्थापना गर्न मापदण्ड तथा निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याइने ।

(झ) विद्यालयमा हुने लैंगिक हिंसाको अन्त्य गरी विद्यालयहरूमा छात्रा सहभागिता वृद्धि गर्न लैंगिक शिक्षा, लैंगिक सम्पर्क बिन्दुको सञ्जालको सुदृढीकरण लगायतका प्रावधानबाट लैंगिक संवेदनशील सिकाइ वातावरण र जिल्ला तथा विद्यालयमा आधारित सहयोग संयन्त्र सुनिश्चित गर्ने ।

(ञ) दुर्गम गाउँ तथा पिछडिएका एवम् सीमान्तकृत समुदायका बालबालिकाका लागि कक्षा १-३ सम्मको एक शिक्षक रहने विद्यालयको स्थापना र प्रवर्धन गर्ने ।

(ट) विज्ञ तथा सरोकारवालासँगको परामर्शका आधारमा समूह विद्यालयहरूका लागि समावेशी शिक्षाका स्रोत केन्द्रको सेवा समेत प्रदान गर्ने विशेष प्रकारका आवासीय विद्यालय सञ्चालन गर्ने रणनीति लगायत दीर्घकालीन समावेशी शिक्षाको योजना निर्माण गरिने छ । साथै अपांग बालबालिकाका लागि अपांगताको पहिचान गरी उपचारका लागि सिफारिस गर्ने संयन्त्रको स्थापना र सुदृढीकरण गराइने र विशेष आवश्यकता भएका बालबालिकाको सहयोगार्थ स्रोतको स्थापना गर्ने ।

(ठ) सिकाइका लागि विद्यालय सुरक्षित रहेको सुनिश्चित गरिने छ र बालबालिकालाई विद्यालयमा दुर्व्यवहार गर्ने, जिस्क्याउने वा त्रसित पार्ने गतिविधिको पहिचान गरी सोको सम्बोधन गर्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई जिम्मेवार बनाइने छ। साथै विद्यालयहरूमा सरोकारवालाहरूको गुनासो सुन्ने प्रणालीको सुदृढीकरण गरिनेछ ।

(ड) खाद्य अभाव भएका क्षेत्रका विद्यालयहरूको प्राथमिकीकरण गर्दै पौष्टिक आहार कार्यक्रमलाई निरन्तरता दिने र आवश्यकताका आधारमा विस्तार गर्ने (कर्णालीका जिल्लामा जस्तै) गरी विद्यालय स्वास्थ्य तथा पोषणका कार्यक्रमको स्तर वृद्धि गर्ने ।

(ढ) विद्यालयमा आधारित सूचनाको संकलनलाई व्यवस्थित बनाई उक्त सूचनालाई केन्द्रीय सूचना प्रणालीमा समायोजन गरी विश्लेषण पद्धतिमार्फत प्रत्येक विद्यार्थीको पहुँच, टिकाउ, पढाइ पूरा गर्ने दर आदिको देशव्यापी अनुगमन गर्ने ।

(ण) मागका आधारमा औपचारिक, अनौपचारिक तथा खुला विद्यालयको अवधारणा अनुसार विभिन्न तरिकाबाट शिक्षा प्रदान गर्ने तथा राष्ट्रिय योग्यता प्रारूप मार्फत अनौपचारिक शिक्षा कार्यक्रमको समकक्षता तथा प्रमाणीकरण सुनिश्चित गर्ने ।

(त) विद्यालयमा भर्ना तथा टिकाउको सुनिश्चितताका लागि विद्यालयलाई सेवा क्षेत्रभित्र रहेका आमा समूहसँग आबद्ध गर्ने ।

(थ) भूकम्पको प्रभावलाई सम्बोधन गर्न समग्र प्रतिकार्यको मार्गचित्रको अंगका रूपमा आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा तथा अनौपचारिक शिक्षा समेत) को उपक्षेत्रका निमित्त भौतिक तथा अन्य आवश्यकता पूरा गर्नका लागि एउटा अवयवको विकास गर्ने ।

## प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको गुणस्तर

(क) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई सम्भव भएसम्म विद्यालयमा समायोजित गर्न र विभिन्न प्रकारका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका कक्षाहरूको प्रशासन तथा व्यवस्थापनलाई नजिकको विद्यालयसँग आबद्ध गराउन निर्देशिका तयार पार्ने,

(ख) बालबालिकाले अनुकूल सिकाइ वातावरण लगायत प्रारम्भिक सिकाइ विकासका मापदण्ड (DoE, 2004b) बाट फाइदा लिन सकून् भन्ने उद्देश्यले प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रममा गुणस्तरका न्यूनतम मापदण्ड कायम गर्ने र यसका लागि नियम तथा निर्देशिका निर्माण, अनुमोदन र कार्यान्वयन गर्ने,

(ग) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका सबै शिक्षकका लागि न्यूनतम योग्यता (कक्षा १०) र प्रारम्भिक सिकाइ विकासका मापदण्डका आवश्यकता अनुरूप पूर्वसेवाकालीन तालिम प्राप्त गरेको सुनिश्चित गर्ने । निर्धारित न्यूनतम योग्यता पूरा नगरेका सबै कार्यरत प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूको क्षमता विकासका लागि एउटा समग्र क्षमता विकास योजना तर्जुमा तथा अनुमोदन गरी कार्यान्वयनमा ल्याउने,

(घ) निर्देशिका मार्फत न्यूनतम मापदण्ड निर्धारण र प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका न्यूनतम मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिबाट अनुगमन तथा निरीक्षण गराई सबै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरूलाई प्राविधिक तथा प्रशासनिक सहयोग उपलब्ध गराउने,

(ङ) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूको पारिश्रमिक कक्षा १० योग्यताका सरकारी कर्मचारीले पाए सरह गराउनुका साथै तिनका लागि वृत्ति विकासको मार्ग प्रशस्त गर्ने,

(च) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका पाठ्यक्रमलाई पाठ्यक्रम विकास केन्द्रबाट स्तरीकृत गर्नुका साथै एक वर्षे र बहुवर्षे शिक्षण प्याकेज तयार गराउने । पहिलो प्याकेज एक वर्षे हुने र यो प्याकेज सबै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षाहरूमा अनिवार्य रूपमा पूरा गरेको हुनुपर्ने र दोस्रो बहुवर्षे प्याकेज बाल शिक्षा र विकास कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरूका लागि ऐच्छिक गराउने,

(छ) प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षाका लागि सक्षम शिक्षक उत्पादन गर्ने हेतुले आधारभूत शिक्षा पूरा गरेका विद्यार्थीका लागि कक्षा ९ मा यस विषयको पाठ्यक्रमको प्रावधान राख्ने । यो मोडयुल सफलताका साथ पूरा गर्नेका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सम्बद्ध प्राज्ञिक कोर्समा जानका लागि प्रोत्साहनका प्याकेज प्रदान गर्ने,

(ज) प्रारम्भिक सिकाइ तथा विकास मापदण्डका सूचकअनुसार बालबालिकाको समग्र विकासका लागि कक्षा कोठामा आधारित अन्तरक्रियात्मक मूल्यांकन पद्धतिको विकास गर्ने तथा शिक्षकहरूका लागि निर्देशिका जारी गर्ने ।

## आधारभूत शिक्षाको गुणस्तर

(क) सबै सामुदायिक तथा संस्थागत विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधार, समावेशी पूर्वाधार र शिक्षक तथा शैक्षिक स्रोत सुनिश्चित गर्ने । शैक्षिक व्यवस्थापन सूचना प्रणालीका आधारमा अनुगमन गरी सबैभन्दा बढी आवश्यकता भएका विद्यालयलाई प्राथमिकतामा राख्दै अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने र बाँकी विद्यालयहरूलाई सहयोग गर्ने ।

(ख) स्वीकृत निर्देशिका, अनूकुल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधारको आवश्यकता तथा कक्षा १-३ र कक्षा १-५ र बहुकक्षा बहुस्तर शिक्षणको आवश्यकता समेतलाई दृष्टिगत गरी कम जनसंख्या भएका ग्रामीण क्षेत्रको आवश्यकता सम्बोधन गर्न वैकल्पिक विद्यालय भवनका नमुना स्थापित गर्ने ।

(ग) महिला तथा अन्य जनजाति समूहको समतामूलक प्रतिनिधित्वका लागि निर्धारित कोटा सुरक्षित गर्दै कक्षा ६-८ का लागि योग्य विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षकको व्यवस्था तथा विद्यार्थी शिक्षक अनुपातको मापदण्ड अनुरूप आधारभूत शिक्षाको समग्र चक्रमा उत्तरदायी, सक्षम र योग्यता पुगेका शिक्षकको नियुक्ति सुनिश्चित गर्ने ।

(घ) विषय शिक्षकको कमीलाई सम्बोधन गर्ने रणनीति बनाउने र शिक्षण घण्टा (credit hour) लाई प्रमाणीकरण गरी सो योग्यतालाई शिक्षामा रोजगारी र प्राज्ञिक डिग्री हासिल गर्न तथा अध्यापन अनुमति पत्र लिने प्रयोजनका लागि प्रोत्साहन गरी अंग्रेजी, गणित र विज्ञान शिक्षणलाई सहयोग गर्दै शिक्षक सहयोग संरचना र सञ्जालको सुदृढीकरण गर्ने ।

(ङ) औपचारिक, अनौपचारिक तथा अरीतिक र वैकल्पिक शिक्षा प्रणालीको समकक्षता प्रमाणीकरणका लागि राष्ट्रिय योग्यता प्रारूप तयार पार्ने ।

(च) जीवनोपयोगी सीप, व्यवहारिक सीप र मूल्यमा आधारित शिक्षाको प्रयोगलाई समेटिएको स्थानीय पाठ्यक्रम विकासको प्रावधान (प्रान्तीय समेत) सहित विद्युतीय तथा अन्तरक्रियात्मक शिक्षण सिकाइ स्रोतको परिचालन गर्ने गरी समग्र विद्यालय शिक्षा (कक्षा १-१२) को राष्ट्रिय पाठ्यक्रम प्रारूप विकास गर्ने ।

(छ) गुम्बा (बौद्ध), गुरुकुल (वैदिक), तथा मदरसा (मुस्लिम) जस्ता परम्परागत विद्यालय लगायतका सबै विद्यालयमा गुणस्तरका न्यूनतम मापदण्ड र सिकाइ उपलब्धि हासिल गराउन अनुगमन प्रणालीलाई सुदृढ गराउने ।

(ज) चरणबद्ध रूपमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु गर्ने । प्रारम्भिक कक्षा पढाइ र गणितको मूल्यांकनको नतिजामा आधारित रहेर पाठ्यक्रम विकास केन्द्रले कक्षा १-३ मा भाषा तथा गणितको सिकाइ आवश्यकता सम्बोधन गर्न उपयुक्त शैक्षणिक ढाँचा तथा सामग्रीको विकास लगायत कक्षा र तहगत सिकाइ सक्षमताका मापदण्डको विकास गर्ने ।

(झ) प्रारम्भिक कक्षामा माध्यम भाषा तथा मातृभाषा शिक्षण, विद्यालयहरूमा त्रैभाषिक शिक्षण अनुसरण गर्ने तथा नेपाली बाहेक अन्य मातृभाषा भएका बालबालिकाका लागि विषयका रूपमा नेपाली भाषा शिक्षण गर्ने लगायत शिक्षाको माध्यम भाषाको नीति निर्धारण गर्ने । साथै थप शैक्षिक स्रोत सामग्री उपलब्ध गराउने तथा अंग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयहरूका लागि विषयका रूपमा अंग्रेजी पढाउन पठन सामग्रीहरू उपलब्ध गराउने ।

(ण) कक्षा १-३, ५ र ८ मा नियमित रूपले विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन, प्रारम्भिक कक्षा पढाइ मूल्यांकन तथा प्रारम्भिक कक्षा गणित मूल्यांकन सञ्चालन गरी प्राप्त नतिजालाई वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट निर्माणमा प्रयोग गर्ने । (हेर्नु: परिच्छेद ७.५ अनुगमन तथा मूल्यांकन) ।

(त) शिक्षामा बाल क्लबको परिचालन गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न, पढ्ने बानी बसाल्न र क्षति न्यून गर्न आधारभूत शिक्षामा आपसी सहयोग सञ्जाल बढाउने ।

(थ) शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरू योजना (MOE, 2013) का आधारमा विद्यालयको शिक्षण सिकाइको सुधारका लागि समय रेखा सहितको समग्र सूचना तथा सञ्चार प्रविधि योजना तयार पारिने छ । कक्षा ६-८ को सिकाइ आवश्यकतालाई दृष्टिगत गरी अन्तरक्रियात्मक कक्षा, अनलाइन मोड्युल तथा अंग्रेजी, विज्ञान र गणित विषयमा विद्युतीय पुस्तकालय एवम् भिडियो जस्ता विद्युतीय शिक्षण सिकाइ सामग्रीको चरणबद्ध रूपले प्रयोग गर्ने ।

## सक्षमता

(क) स्थानीय सरकारहरूलाई तिनको क्षेत्राधिकार भित्र प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सञ्चालन र व्यवस्थापन गर्ने अधिकार प्रदान गर्ने र आवश्यक तथा सम्भावित स्थानमा विस्तारका लागि आवश्यक स्रोतको विनियोजन गर्न अभिप्रेरित गर्ने । गैरसरकारी तथा निजी संस्थाहरूलाई सेवाको पहुँच नपुगेका स्थानहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको सेवा उपलब्ध गराउन अभिप्रेरित गर्ने र विभिन्न सेवा प्रदायकहरूले सेवा प्रदान गर्ने क्रममा अनावश्यक दोहोरापना नहुने सुनिश्चित गर्ने ।

(ख) नयाँ पूर्व प्राथमिक कक्षा तथा बाल विकास केन्द्रको स्थापना गर्न तथा समुदायबाट (विद्यालय लगायत) सञ्चालित दोस्रो वर्षको बाल विकास कार्यक्रमका लागि नियम तथा निर्देशिका तयार पारी कार्यान्वयन समेतमा विशेष ध्यान दिई स्थानीय सरकारका अनुगमन तथा निरीक्षण गर्ने क्षमता सुदृढ गर्ने ।

(ग) स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि अधिकतम नतिजा सुनिश्चित गर्न केन्द्रीय मन्त्रालयहरू बीच समन्वय सुदृढ गर्ने ।

(घ) जिल्ला शिक्षा कार्यालय एवम् जिल्ला जनस्वास्थ्य कार्यालयको सहयोगमा बहुक्षेत्रीय प्रारम्भिक बाल विकास योजना निर्माणका लागि अन्तरक्षेत्रीय समन्वय सुदृढ गर्ने ।

(ङ) वर्तमान स्रोत केन्द्र प्रणाली तथा स्रोत व्यक्ति नियुक्ति पद्धतिमा परिमार्जन गरी त्यस्ता केन्द्रहरूमा परीक्षणका आधारमा स्रोत शिक्षक नियुक्ति पद्धति विकास गरी शिक्षण सिकाइको अनुगमन तथा निरीक्षण सुदृढ बनाउने ।

(च) प्रत्येक शैक्षिक वर्षको सुरुमै पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउने गरी निजी क्षेत्रलाई समेत छपाइका सम्बन्धमा प्राविधिक सहयोग उपलब्ध गराएर पाठ्यपुस्तक छपाइ तथा वितरणको समयबद्ध योजना निर्माण र कार्यान्वयन गर्ने ।

(छ) गुणस्तरीय लगानी र शिक्षक तथा सरोकारवाला व्यक्तिहरूको योगदान समेतलाई विद्यालयको शिक्षण सिकाइमा प्रतिविम्बित गराउन विद्यालय सुधार योजना (SIP) मा आधारित योजना प्रणालीलाई सुदृढ गराउने ।

(ज) अनौपचारिक शिक्षाको अनुगमन तथा निरीक्षणका लागि स्थानीय संयन्त्र निर्माण गर्ने ।

## ४.३ उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम

**तालिका नं. ४.१: विद्यालय क्षेत्र विकास योजनाका मुख्य शैक्षिक उपलब्धि, नतिजा, कार्यक्रमहरू, लक्ष्य तथा सूचकहरू**

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | ७ वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचकहरू |
|---|---|---|---|---|
| पहुँच तथा समतामा सुधार भएको | आवश्यकता अनुसार विद्यालयमा आधारित प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाको वितरण | • नयाँ प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा स्थापना गर्न तथा विद्यमान प्रावधानलाई व्यवस्थित गर्न निर्देशिकाको परिमार्जन गर्ने ।<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाका लागि, स्थानीय निकाय तथा सरोकारवालाहरूका लागि अभिमुखीकरण सामग्रीहरूको विकास तथा प्रबोधिकरण गर्ने ।<br>• अभिभावकहरूको चेतना तथा संलग्नतामा अभिवृद्धि ल्याउने ।<br>• विद्यालयमा आधारित प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रको आवश्यकताका आधारमा विस्तार गर्ने | • ४ वर्षको उमेर सम्ममा ३६ लाख बालकालिकाले कम्तीमा एक वर्षको प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा प्राप्त गर्ने ।<br>• ३२,००० प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रहरू समुदायद्वारा सञ्चालित हुने । | • प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ।<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाको कुल भर्ना दर । |
| | विद्यालय जाने तत्परतामा आउने असमानताहरू घटाउने | | | |
| | अभिभावकहरूको चेतना तथा संलग्नतामा अभिवृद्धि ल्याउने | | | |
| | सुरक्षित विद्यालय वातावरणको व्यवस्था | • आवश्यकता तथा मापदण्डका आधारमा कक्षाकोठा तथा अन्य भवनको निर्माण तथा सरसफाइका सुविधाहरूको व्यवस्था गर्ने (जिशिकाका प्राविधिकहरू मार्फत गरिने सर्वेक्षणका आधारमा)<br>• संशोधित छात्रवृत्ति योजना (लक्ष्य निर्धारण तथा रकम)<br>• नि:शुल्क पाठ्यपुस्तक<br>• लक्षित जिल्लाहरूमा दिवा खाजा<br>• मूलधारका परम्परागत विद्यालय, घुम्ती विद्यालय, बहुकक्षा विद्यालय, विशेष विद्यालय/स्रोत कक्षाहरू<br>• अति सुविधा विहीन जिल्लाको पहिचान गर्न र विद्यालय बाहिरका बालबालिकालाई मूलधारमा ल्याउन<br>• समता सूचकांकको प्रयोग गर्ने । | • भूकम्प प्रभावित जिल्लाहरूमा थप ३८,००० सुरक्षित कक्षा कोठाको स्थापना ।<br>• २१,००० सुरक्षित कम्तीमा थप चार कोठे विद्यालयहरूको स्थापना<br>• १९,५०० विद्यालयहरूको मर्मत तथा प्रबलीकरण | • पुन: निर्मित विद्यालय कक्षा कोठा संख्या<br>• प्रबलीकरण गरिएका विद्यालयको संख्या |
| | आधारभूत तह (कक्षा १-५) मा सबैलाई भर्ना गर्ने | | • ५ वर्ष सम्मका ४८ लाख बालबालिकाका कक्षा १ मा भर्ना भएको हुने | • कक्षा १ को कुल प्रवेश दर तथा खुद प्रवेश दर<br>• आधारभूत तह (१-५ र १-८) को कुल भर्ना दर तथा खुद भर्ना दर |
| | आधारभूत तह पुरा गर्नेको दरमा वृद्धि | | | • कक्षा ८ को टिकाउ दर |
| | भौगोलिक तथा सामाजिक विभेदको न्यूनीकरण गर्ने (अपांगता भएका व्यक्ति लगायतका लागि) | | • अपांगता भएका बालबालिकाका लागि ३६५ वटा स्रोत कक्षा सहितका एकीकृत विद्यालय<br>• लक्षित जिल्ला तथा कर्णाली अञ्चलका सबै जिल्लाहरूका ६,२०,००० बालबालिकाहरूले वार्षिक रूपमा दिवा खाजा प्राप्त गर्ने | • आधारभूत तह (१-८) मा खुद भर्ना दरमा लैंगिक समता सूचकांक<br>• आधारभूत तह (५-१२) मा पहिल्यै विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत |

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | ७ वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचकहरू |
|---|---|---|---|---|
| | | | • सुस्त श्रवण भएका बालबालिकाहरूका लागि ३४ वटा विशेष तथा ८ वटा आवासीय विद्यालय सञ्चालन<br>• हिमाली तथा दुर्गम क्षेत्रहरूमा १० घुम्ती विद्यालय सञ्चालन | |
| | औपचारिक शिक्षामा पुनः प्रवेश गर्ने विद्यालय बाहिर रहेका बालबालिकाको बढ्दो प्रतिशत | • आवश्यकतामा आधारित अनौपचारिक शिक्षाको कार्यान्वयन<br>• विद्यालय बाहिर रहेका बालबालिका, कामदार युवा, किशोर किशोरी तथा अपांगता भएका बालबालिकाका लागि माग तथा आवश्यकता अनुसारका कार्यक्रम प्रदान गर्ने<br>• अनौपचारिक शिक्षाका कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षता निर्धारण मार्फत औपचारिक शिक्षामा प्रवेशलाई सुदृढ गर्ने | • विद्यालय बाहिर रहेका १,६५,००० बालबालिकाहरूले आधारभूत (कक्षा १–५ र ६–८) र माध्यमिक तह सरह शिक्षा हासिल गर्न वैकल्पिक शैक्षिक कार्यक्रममा भाग लिने | • जीवनपर्यन्त तथा अनौपचारिक शिक्षाका लागि योग्यता प्रारूपको तयारी हुने |
| कक्षा १ मा भर्ना भएका हरूको विद्यालय जाने तत्परतामा वृद्धि भएको | प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रको गुणस्तरमा अभिवृद्धि<br><br>प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रका लागि योग्य तथा तालिम प्राप्त शिक्षकको उपलब्धता | • प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि न्यूनतम मापदण्डहरूको विकास गर्ने<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रममा आवश्यक योग्य तथा तालिम प्राप्त सहजकर्ताका/शिक्षकको प्रावधान<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रमा रिक्त पदको आधारमा शिक्षकको पदपूर्ति गर्ने तथा पदपूर्ति गर्दा आवश्यकता अनुसार स्थानीय भाषा जानेका व्यक्तिलाई सहायक शिक्षकका रूपमा नियुक्त गर्ने<br>• नेपाली तथा मातृभाषामा भाषागत दक्षता सहितको एक महिने तालिम लिएका शिक्षकको संख्यामा वृद्धि गर्ने<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा केन्द्रमा शिक्षण सिकाइ सामग्रीहरूको उपलब्धता सुनिश्चत गर्ने | • ३२,००० तालिम प्राप्त प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका सहजकर्ता/शिक्षकको पदपूर्ति गर्ने<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि आधारभूत तालिम सञ्चालन गर्न १,४०० प्रशिक्षण कोर्स चलाउने<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका सम्पूर्ण ३२,००० शिक्षक, सहजकर्ताहरूले पुनर्ताजगी तालिम लिने | • प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि आवश्यक योग्यता सहितका शिक्षकको संख्या<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि एक महिने तालिम प्राप्त शिक्षकका संख्या |
| शिक्षण सिकाइमा सुधार तथा विद्यार्थीको समतामूलक सिकाइ उपलब्धि | सिकाइका लागि न्यूनतम आधारभूत पूर्वाधारमा सुधार | • परिमार्जित मापदण्डका आधारमा शिक्षकको दरबन्दी मिलान<br>• तल्लो कक्षाका लागि एकीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा पाठ्यक्रमको परिमार्जन (सूचना तथा सञ्चार प्रविधि, भाषाहरू, बृहत् यौनिकता शिक्षा तथा व्यवहार | | • व्यवहार कुशल सीपको तालिम लिने शिक्षकको संख्या |
| | परिमार्जित पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री (मूल्यांकन कार्यढाँचा समेत) | | • बर्सेनी ७५ लाख विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा पूरक पाठ्य सामाग्री पूरै सेटमा उपलब्ध हुने | |

<table>
<tr><th>उपलब्धि</th><th>नतिजा</th><th>मुख्य कार्यक्रमहरू</th><th>७ वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग</th><th>मुख्य कार्य सम्पादन सूचकहरू</th></tr>
<tr><td rowspan="5"></td><td>प्रारम्भिक कक्षा पढाइ सीपको अभिवृद्धि हुने</td><td rowspan="5">कुशल सीप समेतलाई समेटी आधारभूत तथा माध्यमिक तहमा विषयका भारलाई कम गर्ने)<br>• सामग्री विकास तथा वितरण, पढाइको उपलब्धिको मूल्यांकन सहित प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको चरणबद्ध रूपमा देशभर कार्यान्वियन गर्ने<br>• शिक्षामा भाषाको रणनीतिक कार्यढाँचाको स्वीकृति तथा कार्यान्वयन<br>• शिक्षण सिकाइ तथा मूल्यांकनका सम्बन्धमा कक्षा १–३ का शिक्षकहरूका लागि पेसागत दक्षता विकासका कार्यक्रम सञ्चालन गर्ने<br>• राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास र पाठ्यक्रम, पाठ्यपुस्तक तथा सामग्रीहरूको परिमार्जन गर्ने<br>• कक्षा १–३ का पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन गर्ने<br>• शिक्षकहरूलाई व्यवहार कुशल सीप विषयमा तालिम दिने ।<br>• कक्षा ३, ५ र ८ मा स्तरीकृत प्रश्नपत्रको व्यवस्था तथा कक्षा ८ को अन्त्यमा लिइने परीक्षालाई स्तरीकृत गर्ने ।<br>• कक्षा ५ र ८ मा विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि मूल्यांकन गर्ने ।<br>• शिक्षकका लागि थप पेसागत विकासका प्याकेजहरू परिमार्जन र विकास गर्ने (प्रारम्भिक कक्षा पढाइ, दोस्रो भाषाका रूपमा नेपाली सिक्नेका लागि, माध्यम भाषा, मातृभाषामा आधारित बहुभाषी शिक्षा, अन्तरक्रियात्मक अंग्रेजी, सूचना तथा सञ्चार प्रविधि, व्यवहार कुशल सीप, गणित तथा विज्ञानका सामग्री, निरन्तर मूल्यांकन पद्धति तथा उपचारात्मक शिक्षण)<br>• विभिन्न अन्तरक्रियात्मक विधि तथा सामग्रीको प्रयोग गरी विद्यार्थीहरूले अंग्रेजीमा दक्षता हासिल गर्न लक्षित कार्यक्रमहरूको कार्यान्वयन गर्ने<br>• विद्युतीय सिकाइका सामग्री तथा भिडियोहरूको विकास र वितरण गर्ने</td><td>• प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको राष्ट्रिय रूपमा कार्यान्वयन हुने ।<br>• २९,००० विद्यालयमा बुक कर्नरको व्यवस्था हुने तथा कक्षा १ देखि ३ मा सन्दर्भ सामग्री उपलब्ध हुने ।<br>• २५,००० विद्यालयमा कक्षाकोठामा आधारित पढाइको उपलब्धि मूल्यांकनको कार्यान्वयन हुने ।<br>• ५६,००० आधारभूत तहका (कक्षा १ देखि ५ सम्म) शिक्षकहरूलाई प्रारम्भिक कक्षा पढाइ विषयमा तालिम प्रदान गरिने ।</td><td>• प्रारम्भिक कक्षा पढाइ कार्यक्रममा शिक्षण सिकाइ तथा सीप तथा मूल्यांकन सम्बन्धी तालिम प्राप्त कक्षा १ देखि ३ सम्मका शिक्षकको संख्या<br>• कक्षा अनुसारका पाठ्यवस्तु उपयुक्त प्रवाह तथा गति र बुझाइका साथ पढ्ने कक्षा ३ विद्यार्थीहरूको प्रतिशत</td></tr>
<tr><td>परिमार्जित, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीहरू</td><td>• आधारभूत शिक्षाका ६१ लाख विद्यार्थीहरूका लागि बर्सेनी निःशुल्क पाठ्यपुस्तक वितरण हुने ।<br>• ११,२४५ आधारभूत विद्यालयहरूमा विज्ञान तथा गणितका सामग्रीहरू उपलब्ध हुने ।</td><td>• समयमै पूरा सेट पाठ्यपुस्तक प्राप्त गर्ने आधारभूत शिक्षाका विद्यार्थीहरूको प्रतिशत</td></tr>
<tr><td>विद्यार्थी मूल्यांकन तथा परीक्षा प्रणालीमा सुधार</td><td></td><td>• विद्यार्थीका सिकाइ उपलब्धिहरू<br>• विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि मूल्यांकनका आधारमा कक्षा ५ तथा ८ मा गणित, अंग्रेजी र नेपाली विषयमा उपलब्धिको प्रतिशत</td></tr>
<tr><td>शिक्षकको उपस्थिति र कार्य सम्पादनमा सुधार</td><td>• ४८,००० आधारभूत शिक्षकहरूलाई एक महिने प्रमाणीकरण तालिम प्रदान गर्ने</td><td></td></tr>
<tr><td>विद्यालयमा पढाइने भाषा विद्यार्थीको संख्या अनुसार अनुकूल हुने</td><td></td><td></td></tr>
</table>

# ५. माध्यमिक शिक्षा

## ५.१ परिचय

पछिल्ला वर्षहरूमा माध्यमिक शिक्षामा भर्ना दर, पढाइचक्र पूरा गर्ने टिकाउ दर तथा लैंगिक समता लगायतका सूचकमा ठूलो सुधार भएको छ। सन् १९९५ मा १७.३ प्रतिशत बिन्दुमा रहेको खुद भर्ना दर सन् २०१५ सम्ममा बढेर ५६.१ प्रतिशत पुगेको छ। त्यसैगरी सन् १९९० मा रहेको कुल भर्ना दर २८ प्रतिशतबाट वृद्धि भई २०१४ सम्म पुग्दा ७०.१ प्रतिशत पुगेको थियो । तथापि यो नतिजा मुलुकका सबै सामाजिक क्षेत्र तथा भौगोलिक क्षेत्रमा एक समान भने छैन । समाजको तल्लो पञ्चमक (Last Quintile) मा पर्ने खास गरी मधेसी तथा मुस्लिम समुदायका छात्राहरूको माध्यमिक शिक्षामा सहभागिता तुलनात्मक रूपले कम रहँदै आएको छ। कक्षा १० को परीक्षा उत्तीर्ण दर देशभर ५० प्रतिशतको हाराहारी रहने गरेको छ। कक्षा ११ र १२ मा पनि यही अवस्था देखिन्छ । यसले एकातर्फ शिक्षाको उपलब्धिमा विद्यमान असमानताको निराकरण गर्नुपर्ने र अर्कातर्फ समग्र सिकाइ उपलब्धिको सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता देखाएको छ । कक्षा दशको परीक्षाको नतिजाले गणित, विज्ञान र अंग्रेजी विषयको सिकाइ उपलब्धिको सुधारमा ध्यान केन्द्रित गर्न ढिलाइ गर्न नहुने देखाएको छ। कक्षा १० उत्तीर्ण विद्यार्थीको रोजगारीको बजारमा सहज प्रवेशको अवसर न्यून मात्र रहेको छ ।

माथिको परिदृश्यलाई दृष्टिगत गरी विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक शिक्षामा पहुँच, गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । यसका लागि माध्यमिक शिक्षामा अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधारको सुनिश्चितता तथा यसमा विद्यालयहरू बीच रहेका असमानता न्यूनीकरण गर्न लक्षित स्रोतको विनियोजन आवश्यक छ । यसका अतिरिक्त यस योजनाले विद्यार्थीलाई प्राज्ञिक शिक्षाबाट प्रयोगात्मक शिक्षातर्फ स्थानान्तरित गर्न सघाउने पुल पुलेसा कोर्सलाई सुदृढ गराउने लक्ष्य लिएको छ । प्राथमिकतामा परेका गणित तथा विज्ञान विषयमा यस योजनाले विज्ञ शिक्षक आपूर्तिमा जोड दिने छ । यसका लागि शिक्षाका तह तथा धारसँग तालमेल हुने गरी पाठ्यक्रम पाठ्यपुस्तकमा सुधार गर्नु जरुरी छ । यसका साथसाथै व्यवस्थापकीय सीप भएको प्रधानाध्यापकको नियुक्ति पनि अर्को महत्त्वपूर्ण आवश्यकता देखिएको छ ।

अतः विद्यालय क्षेत्र सुधार कार्यक्रमका अनुभवलाई आत्मसात् गर्दै विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक तहमा उच्च आय आर्जन गर्न सक्ने सुयोग्य प्राविधिक मानव स्रोतको उत्पादन गर्न उपयुक्त प्रावधान सहित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सशक्त बनाउने लक्ष्य राखेको छ। यस लक्ष्यलाई दृष्टिगत गर्दै शिक्षा मन्त्रालयले माध्यमिक तहको (कक्षा ९-१२) प्राविधिक तथा व्यावसायिक पाठ्यक्रमको सुदृढीकरण गर्नुका साथै प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने संस्थाहरूको प्रमाणीकरणका लागि एउटा विस्तृत राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप तयार पार्ने छ। शिक्षा मन्त्रालयले प्राविधिक विषय पढाउन दक्ष शिक्षकको उत्पादन गरेर निम्न सामाजिक–आर्थिक पृष्ठभूमिका विद्यार्थीका लागि अवसरको सिर्जना पनि गर्ने छ।

प्राविधिक तथा व्यावसायिक शिक्षाको दिगो विकासका लागि सरकारले निजी क्षेत्रसँग रणनीतिक साझेदारी गर्नुपर्दछ भन्ने मान्यता विद्यालय क्षेत्र विकास योजनाले राखेको छ । त्यसकारण सान्दर्भिक पाठ्यक्रम निर्माण गर्न तथा विद्यार्थीलाई कार्यस्थलमै तालिमका अवसर प्रदान गर्न स्थानीय तथा राष्ट्रिय निजी क्षेत्रलाई साझेदार बनाउनुपर्छ।

## ५.२ उद्देश्य तथा रणनीति

विद्यालय क्षेत्र विकास योजनाका उद्देश्यहरू देहाय अनुसार छन्:

- सीपयुक्त मानवीय स्रोतको विकास गरेर विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि तयार राख्नु,
- गुणस्तरमा सम्झौता नगरी शिक्षाको पहुँचमा जोड दिनु,
- विद्यार्थीहरूको सिकाइलाई प्रमाणीकृत गरी प्राविधिक र साधारण माध्यमिक शिक्षामा जाने विकल्प प्रदान गर्नु,
- संस्थागत सम्बन्ध सुदृढ गर्नु र उच्च शिक्षामा प्रवेशका लागि सहजीकरण गर्नु,
- विद्यार्थीहरूलाई नागरिक दायित्व निर्वाहका लागि तयार पार्नु,
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु ।

यी उद्देश्य प्राप्त गर्न र माध्यमिक शिक्षाको सुधार गर्न देहायका रणनीति अवलम्बन गरिएका छन्:

### समता

(क) निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनका लागि साझेदारीका नमुनालाई प्रोत्साहन गरिने,

(ख) पहुँच तथा सहभागिता कम भएका तथा सिकाइ उपलब्धि न्यून भएका बालबालिकाको सिकाइ आवश्यकताको सम्बोधनका लागि सहयोग पुऱ्याउन वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्यक्रम तथा बजेटकै अंगका रूपमा समता रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन गर्ने,

(ग) विद्यालयमा अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित विनियोजन पद्धति अपनाउने (आधारभूत अनुदान, विशेष विद्यालय अनुदान तथा ठूला/नमुना विद्यालय अनुदान),

(घ) भौगोलिक सूचना प्रणालीको प्रयोग गरी आवश्यकताको पहिचानका आधारमा विभिन्न प्रकारका विद्यालय वितरणको औचित्य स्थापना गर्ने (नमुना विद्यालय, विशेष विद्यालय आदि)

(ङ) प्रतिभाशाली विद्यार्थीलाई योग्यताका आधारमा सहयोग प्रदान गर्ने कार्यक्रमको थालनी गर्ने,

(च) गरिब परिवारका कक्षा ८ उत्तीर्ण विद्यार्थी (विद्यालय छोड्न सक्ने सम्भावना भएका) लाई कक्षा ९–१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्ने पद्धतिको परीक्षण गर्ने,

(छ) कक्षा १० को परीक्षामा ९० प्रतिशत प्राप्तांक हासिल गर्ने प्रतिभाशाली विद्यार्थीलाई कक्षा ११ र १२ पूरा गर्न सहयोग गर्ने,

(ज) पुनर्स्थापनाको समग्र मार्गचित्रको एउटा अंगका रूपमा २०७२ सालको भूकम्पबाट प्रभावित माध्यमिक शिक्षा उपक्षेत्रका लागि हार्डवेयर तथा सफ्टवेयर दुबै पक्षमा प्रति कार्यका लागि एउटा विशेष अवयवको स्थापना गर्ने,

(झ) निम्न लिखित रणनीतिका माध्यमबाट माध्यमिक शिक्षामा बालिकाहरूको सहभागिता तथा कक्षा पूरा गर्ने कार्यको अभिवृद्धि गर्ने: १. लैंगिक सञ्जाल तथा आपसी सहयोगको परिपाटीलाई सुदृढ गर्ने तथा किशोरीहरूका विशेष आवश्यकतालाई ध्यान दिई लैंगिक संवेदनशील सिकाइ वातावरणको स्थापना गर्ने २. सानो उमेरमा विवाह गर्ने प्रथालाई निरूत्साहन तथा बालिकाले घरायसी काम तथा श्रममा संलग्न हुनुपर्ने अवस्थाको अन्त्य गर्ने तत्त्वहरूलाई सम्बोधन गर्ने,

(ञ) कमजोर आर्थिक सामाजिक परिस्थिति भएका समुदायका माध्यमिक विद्यालयहरूलाई प्राथमिकतामा राखी विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षालाई विस्तार गर्ने,

(च) आवश्यकतामा आधारित छात्रवृत्ति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच बढाउने,

(छ) पुनर्स्थापनाको समग्र मार्गचित्रको एउटा अंगका रूपमा २०७२ सालको भूकम्पबाट क्षति भएका विद्यालयमा आधारित रही प्राविधिक तथा व्यावसायिक शिक्षालाई हार्डवेयर तथा सफ्टवेयर दुबै पक्षको प्रतिकार्यका लागि एउटा विशेष अवयवको विकास गर्ने,

## गुणस्तर

(क) विद्यार्थीलाई शिक्षाका तह बीच लम्बीय तथा समतलीय दुबै किसिमका प्रवेशमा सहयोग पु¥याउन विभिन्न शिक्षा प्रणाली (खुला, वैकल्पिक, अनौपचारिक आदि) ले प्रदान गर्ने प्रमाण पत्रको प्रमाणीकरण गर्न एउटा व्यापक राष्ट्रिय योग्यता प्रारूप निर्माण गर्ने,

(ख) समालोचनात्मक सोच; विद्युतीय तथा अन्तरक्रियात्मक शिक्षण सिकाइका स्रोतको प्रयोगका सन्दर्भमा आपसी सहयोग, जीवनोपयोगी सीपको समायोजन, व्यवहार कुशल सीप तथा मूल्यमा आधारित शिक्षा जस्ता प्रमुख सीप समायोजन गरी समग्र विद्यालय क्षेत्र शिक्षाका लागि (कक्षा १-१२ समेट्ने) राष्ट्रिय पाठ्यक्रम प्रारूपको निर्माण गर्ने,

(ग) लम्बीय तथा समतलीय दुबै प्रकारको सम्बन्ध कायम गरी पहुँच विस्तारका लागि औपचारिक, अनौपचारिक तथा अरीतिक सबै प्रकारका शिक्षालाई प्रमाणीकरण गर्ने प्रक्रियाको थालनी गर्ने । यसका लागि सामाजिक, आर्थिक, तथा सांस्कृतिक विविधतासँग सम्बद्ध हुने गरी व्यवहार कुशल सीप तथा मूल्यमा आधारित शिक्षा कार्यक्रम समेटिने गरी राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास र कार्यान्वयन गर्ने,

(घ) माध्यमिक तहमा पढाइ हुने विषयका संख्याको पुनरावलोकन तथा सुदृढ गर्ने,

(ङ) प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा नियमनकारी प्रावधान तथा संस्थागत संरचनाको निर्माण गर्ने,

(च) निम्न लिखित कार्य गर्न माध्यमिक पाठ्यक्रमको पुनरावलोकन तथा पुनरभिमुख गर्नेः १. आधारभूत गणित तथा विज्ञानमा जोड दिन २. विद्यार्थीलाई सीपयुक्त मानवीय स्रोतमा रूपान्तरण गर्न ३. विद्यार्थीलाई नागरिक दायित्व र तिनका पारिवारिक एवम् सामाजिक जिम्मेवारी प्रति सचेत गराउन र (४) विद्यार्थीलाई उच्चशिक्षामा प्रवेशका लागि सक्षम बनाउन,

(छ) निजी एवम् सार्वजनिक क्षेत्रसँग सहकार्य गरी माध्यमिक तहका प्राविधिक तथा व्यावसायिक शिक्षा पाठ्यक्रमको पुनरावलोकन तथा सुदृढीकरण गर्ने,

(ज) सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूले सुनिश्चित गर्नुपर्ने गरी अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधारलाई परिभाषित गरी कार्यान्वयन गरेर गुणस्तरका मापदण्ड स्थापित गर्ने,

(झ) माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गर्ने,

(ञ) प्राविधिक तथा व्यावसायिक विषय पढाउने माध्यमिक विद्यालयलाई समग्र सहयोग गर्ने र अपेक्षाभन्दा कम उपलब्धि स्तर भएका विद्यालयलाई स्तर वृद्धिका लागि विशेष सहयोगको प्रावधान राख्ने,

(ट) विज्ञान, भाषा (नेपाली र अंग्रेजी) र गणित विषयको शिक्षण सिकाइ स्तर बढाउन शिक्षक व्यवस्थापन र पेसागत विकासका कार्यक्रम कार्यान्वयन गर्ने, (परिच्छेद ७.१ मा थप व्याख्या गरिएको छ)

(ठ) उत्तरदायित्व सुनिश्चित गर्न वार्षिक रूपले विद्यालय सञ्चालन र व्यवस्थापन स्तरको कार्य सम्पादनको पुनरावलोकन गराउने,

(ड) औपचारिक, अनौपचारिक तथा अरीतिक पद्धतिबाट हासिल सीपको प्रमाणीकरणका लागि परीक्षण तथा प्रमाणीकरण केन्द्रहरूको विस्तार गर्ने,

(ढ) प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गर्ने शिक्षकलाई पेसागत विकासका अवसर प्रदान गर्ने ।

### सक्षमता

(क) मागका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षाका आवासीय तथा नमुना विद्यालयहरू स्थापना गर्ने,

(ख) विद्यार्थीलाई कार्य थलोमा तालिम तथा सिक्नका लागि अवसर सुनिश्चित गर्न तथा उद्यमशीलता सीप बढाउन स्थापित व्यापारी घराना तथा औद्योगिक क्षेत्रसँग सहकार्य गर्ने,

(ग) मागका आधारमा कक्षा ९-१२ का प्राविधिक तथा व्यावसायिक विद्यालयहरू खोल्ने,

(घ) मागका आधारमा तोकिएका विषय पढाउन प्राविधिक तथा व्यावसायिक विद्यालयहरू स्थापना गर्ने,

(ङ) निजी तथा सार्वजनिक क्षेत्रसँग समन्वय गरेर प्राविधिक तथा व्यावसायिक शिक्षाको पाठ्यक्रमको पुनरावलोकन गर्ने तथा सुदृढ बनाउने ।

## ५.३ उपलब्धि, नतिजा तथा प्रमुख कार्यक्रम

तालिका ५.१ माध्यमिक शिक्षाका प्रतिफल, नतिजा र प्रमुख कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | ७ वर्षको भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| पहुँच र समतामा सुधार भएको | सुरक्षित संरचना सहितका पर्याप्त मात्रामा विद्यालय भवनहरू | • नयाँ विद्यालय भवनको निर्माण, थप कक्षा कोठा तथा पानी सहित सरसफाइको सुविधा<br>• गरिब तथा सीमान्तकृत वर्गका विद्यार्थीहरूका लागि उच्च स्तरको छात्रवृत्ति (आवासीय तथा गैर आवासीय) प्रदान गर्ने ।<br>• छनोट गरिएका वर्गका लागि कक्षा १२ सम्म नि:शुल्क पाठ्यपुस्तक प्रदान गर्ने ।<br>• खुला तथा विशेष विद्यालयको स्थापना गर्ने ।<br>• नक्सांकन तथा आवश्यकताका आधारमा माध्यमिक विद्यालयहरूलाई कक्षा १२ सम्ममा स्तर वृद्धि गर्ने । | • माध्यमिक तह कक्षा ९ मा १३ वर्ष उमेरका ४७ लाख बालबालिका भर्ना हुने | • कक्षा ९–१२ को कुल भर्नादर तथा खुद भर्ना दर<br>• कक्षा ९–१० मा कुल भर्नादर तथा खुद भर्ना दर<br>• कक्षा १० र १२ मा टिकाउ दर<br>• कक्षा ८ बाट ९ मा स्थानान्तरण हुनेको दर |
| | लिंग, क्षेत्र/जिल्ला, सुविधाविहीन सामाजिक वर्ग तथा अपांगता भएका सबैको पहुँच तथा सहभागिताका क्षेत्रमा | | • अपांगता भएका बालबालिकाका लागि पूर्ण आवासीय तथा सेवा सुविधा सहितका ४० वटा विशेष | • कक्षा ९–१२ मा लैंगिक समता सूचकांक |

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | ७ वर्षको भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| | रहेको असमानता घटाउने | • सहजै देखिने भर्ना दर, खुद भर्ना दर तथा लैंगिक समता सूचकांकको दर न्यून भएका जिल्लाहरूमा लक्षित कार्यक्रम सञ्चालन गर्ने (छात्रवृत्तिको संख्या बढाउने)<br>• प्रत्येक निर्वाचन क्षेत्रमा कक्षा ११ मा विज्ञानको पढाइ हुने कम्तीमा एक विद्यालय स्थापना गर्ने ।<br>• प्रअले सम्पूर्ण शिक्षकहरूको अनिवार्य रूपमा अर्धवार्षिक कार्य सम्पादन मूल्यांकन गर्ने । | विद्यालय सञ्चालन हुने<br>• कक्षा ८ मा पढ्ने आर्थिक अवस्था कमजोर भएका ८६,४०० विद्यार्थीले माध्यमिक तहमा पढाइलाई निरन्तरता दिन प्रोत्साहन सहयोग प्राप्त गर्ने | |
| | कक्षा ११–१२ मा विज्ञान विषयको बढ्दो पहुँच | | • माध्यमिक विद्यालयहरूमा १,६५० विषयगत शिक्षकहरूको पदपूर्ति हुने | • अंग्रेजी, विज्ञान तथा गणित विषयमा योग्य तथा तालिम प्राप्त शिक्षक भएका माध्यमिक विद्यालयको संख्या |
| | राष्ट्रिय योग्यता प्रारूप र राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको विकास तथा कार्यान्वयन | | | |
| शिक्षण सिकाइ तथा समतामूलक विद्यार्थी सिकाइ उपलब्धिमा सुधार भएको | विद्यालयहरूमा न्यूनतम आवश्यक पूर्वाधारहरूको उपलब्धता (शिक्षक, सुरक्षित भवन, छनोट गरिएका विद्यालयहरूमा विज्ञान र सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीहरू | विषयका शिक्षकहरूको चरणबद्ध रूपमा पदस्थापना (गणित, विज्ञान तथा अंग्रेजी) गर्ने ।<br>• प्रधानाध्यापकको छुट्टै पदको सिर्जना र पदपूर्ति तथा तालिम प्रदान गर्ने ।<br>• पुस्तकालय तथा विज्ञान प्रयोगशाला निर्माण गर्ने ।<br>• पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको परिमार्जन गर्ने ।<br>• राष्ट्रिय परीक्षा बोर्डको स्थापना, गुणस्तरीय प्रश्न पत्रको विकास, परीक्षा सञ्चालनमा सुधार, अंकन र स्तरीकरण तथा तथ्यांक विश्लेषण, कक्षा १०–१२ मा एकल विषय प्रमाणीकरण सहित स्तरीकृत बोर्ड परीक्षा सञ्चालन गर्ने ।<br>• विद्यार्थीको राष्ट्रिय उपलब्धि मूल्यांकनलाई कक्षा १० सम्म विस्तार गर्ने ।<br>• विभिन्न प्रकार (सेवा प्रवेश, विज्ञान, गणित, अंग्रेजी, प्रअको नेतृत्व तथा व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि) मार्फत परिमार्जित शिक्षकको पेसागत विकास तालिमको कार्यान्वयन गर्ने ।<br>• छुट्टै प्रअ पदको व्यवस्था, विषयगत रूपमा पूरक शिक्षकहरू, विपत् जोखिम न्यूनीकरणको पूर्वाधार, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ केन्द्र, विज्ञान प्रयोगशाला, अतिरिक्त क्रियाकलाप, उपचारात्मक शिक्षण, सुधारिएको शिक्षण सिकाइ व्यवस्था सहितको नमुना विद्यालयहरूको विकास गर्ने ।<br>• शिक्षक तथा विद्यार्थीका लागि विषयगत विद्युतीय सिकाइ सोत तथा सामग्रीको विकास तथा वितरण गर्ने । | • माध्यमिक तहमा थप ८,२०० शिक्षकहरूको व्यवस्था | • कक्षा १० का विद्यार्थीको राष्ट्रिय उपलब्धि मूल्यांकनका नतिजाहरूमा सुधार |
| | पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्रीहरू (नियमित तथा प्राविधिक र व्यावसायिक विषयका लागि मूल्यांकन प्रारूप समेत) मा सुधार | | | |
| | मूल्यांकन र परीक्षामा सुधार | | • कक्षा १० र १२ मा एकल विषय प्रमाणीकरण | |
| | शिक्षकको परिमार्जित पेसागत विकास तालिमको कार्यान्वयन | | • माध्यमिक तहका ६,००० शिक्षकहरूका लागि एक महिने प्रमाणीकरण तालिम प्रदान | • तालिम प्राप्त शिक्षकको प्रतिशत<br>• प्रमाणीकृत शिक्षकको प्रतिशत |
| | शिक्षण सिकाइ तथा विद्यार्थीको सिकाइ उपलब्धिमा हुने सुधारको प्रदर्शन गर्न नमुना विद्यालयको स्थापना | | • सूचना तथा सञ्चार प्रविधिले युक्त तथा अलग्ग प्रअको व्यवस्था भएका १,००० नमुना विद्यालयहरू | • सञ्चालनमा रहेका नमुना विद्यालयको संख्या |
| | सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सबलीकृत विज्ञान, गणित तथा अंग्रेजी विषयको शिक्षण सिकाइ | | | |
| | विद्यालयको कार्य सम्पादन तथा प्राज्ञिक | | | |

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | ७ वर्षको भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| | सहायताका लागि सुदृढ अनुगमन | | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रमको स्तर तथा गुणमा सुधार भएको | माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षाका विषयहरूको सुदृढीकरण | • प्राविधिक तथा व्यावसायिक शिक्षाको न्यूनतम शैक्षणिक स्तर कायम राख्ने | • ३,०१,७४० बालबालिका, युवा तथा किशोर किशोरीहरूले विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गर्ने<br>• ५४० विद्यालयहरूले ५ वटा प्राविधिक तथा व्यावसायिक शिक्षाका विशिष्ट विषयहरूको व्यवस्था गर्ने | • प्राविधिक विषयको व्यवस्था भएको विद्यालय संख्या<br>• कक्षा ९–१२ मा प्राविधिक विषयमा भर्ना हुने विद्यार्थी संख्या |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा विषयका शिक्षकहरूलाई तालिमको उपलब्धता | | • ५,९१२ शिक्षकले आवश्यकताका आधारमा पूर्व सेवाकालीन तथा सेवाकालीन तालिमको अंगका रूपमा पेसागत प्राविधिक तथा व्यावसायिक तालिम हासिल गर्ने । | |

# ६. साक्षरता तथा जीवनपर्यन्त सिकाइ

## ६.१ परिचय

न्यून सीपयुक्त कामदारको बाहुल्य तथा रोजगारी बजारको माग र उच्च शिक्षा बीचको कमजोर सम्बन्ध रहेको नेपाल जस्ता मुलुकका लागि साक्षरता र जीवनपर्यन्त सिकाइका कार्यक्रमहरूको ठूलो महत्त्व रहन्छ। सन् २००८ मा अनौपचारिक शिक्षा केन्द्रले निरक्षरता उन्मूलनका लागि खास गरी प्रौढ साक्षरता र प्राथमिक शिक्षा विस्तार कार्यक्रम लगायतका कार्यहरूमार्फत राष्ट्रिय साक्षरता अभियान र त्यसपछि साक्षर नेपाल अभियान सञ्चालन गऱ्यो। परिणाम स्वरूप २०७३ साल असार सम्ममा २९ जिल्लालाई साक्षर जिल्ला घोषित गरियो। विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन भएको पहिलो वर्षभित्र थप ३० जिल्लालाई साक्षर जिल्ला घोषणा गर्ने योजना रहेको छ। हाल साक्षरता कार्यक्रम अन्तर्गत आधारभूत साक्षरता, साक्षरोत्तर कार्यक्रम र महिला लक्षित आयआर्जन कार्यक्रम रहेका छन्। सामुदायिक सिकाइ केन्द्रहरूले साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालनमा सहयोग गर्दछन्। साक्षरताका सम्बन्धमा लैंगिक तथा क्षेत्रीय असमानता चिन्ताको विषय रहेका छन्। १६ वर्ष उमेर समूहको जनसंख्यामा सहरी क्षेत्रको ७७ प्रतिशतका तुलनामा ग्रामीण साक्षरता केवल ५७ प्रतिशत मात्र देखिएको छ। यसो हुनुको कारणमा जिल्ला र स्थानीय तहमा संस्थागत क्षमता तथा सहजकर्ताको योग्यता कम हुनु हो (Cumming et al., 2012).

## ६.२ उद्देश्य तथा रणनीति

विद्यालय क्षेत्र विकास योजनामा साक्षरता र जीवनपर्यन्त सिकाइका उद्देश्य देहाय अनुसार छन्:

- युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने बानीको विकास गराउनु।

विद्यालय क्षेत्र विकास योजनाको साक्षरता र जीवनपर्यन्त सिकाइका रणनीति देहाय अनुसार छन्:

### समता

(क) पुस्तकालय तथा सामुदायिक वाचनालयहरूको विस्तार गरी निरन्तर शिक्षा कार्यक्रमको स्तरोन्नति गर्ने,
(ख) जीवनपर्यन्त शिक्षाको प्रमुख संयन्त्रका रूपमा सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गर्ने;
(ग) समग्र पुनर्स्थापनाको मार्गचित्रका आधारमा अनौपचारिक शिक्षा उपक्षेत्रमा २०७२ सालको भूकम्पका प्रभावको प्रतिकार्यका लागि हार्डवेयर तथा सफ्टवेयर दुबै पक्षको आवश्यकता सम्बोधनका लागि एउटा छुट्टै अवयवको विकास गर्ने।

### गुणस्तर

(क) रोजगारी र सीप विकासलाई जोड दिने वृत्तिमा आधारित कार्यक्रमको विकास र कार्यान्वयन गर्ने,
(ख) आधारभूत तथा पुनर्ताजगी तालिमका अवसर प्रदान गरी सहजकर्ताको प्राविधिक क्षमता विकास गर्ने।

### सक्षमता

(क) समन्वयात्मक रूपमा साक्षरता तथा साक्षरोत्तर कार्यक्रमको विकास, योजना तथा कार्यान्वयन गर्न स्थानीय सरकारलाई सशक्तीकरण गर्ने,
(ख) नागरिक समाज जस्ता प्राथमिक सरोकारवाला तथा स्थानीय सरकारसँग समन्वय गरी राष्ट्रिय स्वयम् सेवा अभियान सञ्चालन गर्ने।

## ६.३ उपलब्धि, नतिजा र मुख्य कार्यक्रमहरू

### तालिका ६.३ साक्षरता तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी उपलब्धि, नतिजा र मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | सात वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| कार्यमूलक साक्षरतामा वृद्धि तथा युवा र प्रौढहरूको पढ्ने, सिक्ने बानीमा सुधार भएको | निरन्तर शिक्षा तथा साक्षरता कायक्रमहरूमा पहुँचको वृद्धि भएको | • रोजगार युवा तथा किशोरहरूका लागि माग तथा आवश्यकतामा आधारित कार्यक्रमको कार्यान्वयन<br>• जीवनपर्यन्त सिकाइ कार्यक्रमहरूको प्रमाणीकरण तथा समकक्षताका माध्यमबाट अनौपचारिक शिक्षाबाट औपचारिक शिक्षामा प्रवेश गर्ने कार्यलाई सुदृढ गर्ने । | • २४,००,००० निरक्षर तथा नव साक्षरहरूले निरन्तर शिक्षा प्राप्त गर्ने<br>• आधारभूत तहका १,६५,००० बालबालिकाहरूले लचिलो शिक्षा प्राप्त गर्ने (आधारभूत भन्नाले तह कक्षा १–५ र ६–८ सरह, माध्यमिक तह कक्षा ९–१२ सरह) | • ६ वर्ष माथिको साक्षरता दर<br>• १५–२४ वर्षसम्मको साक्षरता दर<br>• १५ वर्ष माथिको साक्षरता दर |
| | साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको गुणस्तरमा सुधार भएको | • साक्षरता तथा जीवनपर्यन्त सिकाइका सहजकर्ताहरूलाई पेसागत विकास तालिम प्रदान गर्ने । | • १,६०,००० सहजकर्ताले आधारभूत तथा पुनर्ताजगी तालिम प्राप्त गर्ने<br>• निरन्तर शिक्षा प्रदान गर्न ४,२४२ सामुदायिक अध्ययन केन्द्र सञ्चालनमा हुने । | |

# ७. अन्तर सम्बन्धित विषयहरू

## ७.१ शिक्षक व्यवस्थापन र पेसागत विकास

गुणस्तरको सुनिश्चितता, मागमा आधारित पेसागत विकास र कार्य सम्पादनमा सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापन विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्तका प्रमुख तत्त्वहरू मध्ये एक हो । यस योजनाले शिक्षकलाई शिक्षाको गुणस्तर सुधारको प्रमुख कारक मानेको छ। त्यसकारण योजनाको कुल बजेटको लगभग ७० प्रतिशत रकम शिक्षक तलबमा खर्च हुने छ । योजनाका कार्यक्रमप्रति शिक्षकहरूका पेसागत संगठनद्वारा ग्रहण गर्ने मजबुत स्वामित्व यस योजनाको सफलताका लागि महत्त्वपूर्ण पक्ष रहने छ। अझ संघीयता अन्तर्गत हुने शिक्षा प्रणालीको विकेन्द्रीकरणको अपेक्षा अनुरूप शिक्षकहरूको व्यवस्थापन तथा पेसागत विकासका स्वरूपमा गर्नुपर्ने परिमार्जनको महत्त्व झन् बढी रहने छ । शिक्षक व्यवस्थापनका सन्दर्भमा संघीय तहका शिक्षक सेवा आयोगले शिक्षक प्रमाणीकरणका कार्यलाई निरन्तरता प्रदान गर्नुका साथै प्रान्तका लागि शिक्षक छनोट, नियुक्ति, तथा पदोन्नतिका कार्यहरू गर्ने छन् । स्वामित्व सुनिश्चित गर्ने हिसाबले स्थानीय निकायहरूलाई शिक्षक छनोट र नियुक्तिमा सहभागी गराइने छ।

जिल्ला तहमा शैक्षिक तालिम केन्द्रहरूको भूमिकालाई अझ सबल बनाइने छ। सान्दर्भिक्ताका दृष्टिले जिल्ला तथा प्रान्तीय तहमा पेसागत विकासका प्याकेजहरू निर्माण गरी संघीय तहमा शैक्षिक जनशक्ति विकास केन्द्रबाट अनुमोदन गराइने छ । आफ्नो कार्यकाल भित्र निर्धारित समयमा शिक्षकहरू पुनः तालिम केन्द्रमा सेवाकालीन तथा पुनर्ताजगी तालिमका लागि जाने छन्। सिकाइको सीपलाई शिक्षणमा रूपान्तरण गर्ने सन्दर्भमा तालिम लिइरहेका शिक्षकलाई अग्रज शिक्षकको सहयोगसँग आबद्ध गराइने छ । शिक्षकहरूलाई निरन्तर मूल्यांकन प्रक्रियामा पनि सक्षम बनाई उनीहरूले कक्षाकोठामा अपनाएका रणनीतिले सिकाइमा पारेको असर निरूपणमा सहयोग पुऱ्याइने छ र मूल्यांकनले सिकारुको आवश्यकता तथा रूचिको सम्बोधन गर्ने छ। सेवाकालीन तालिम तथा पेसागत विकासका क्रममा शिक्षकहरूलाई आफैं तथा समकक्षी साथीहरूबाट गराइने मूल्यांकनका लागि अभिप्रेरित गरिने छ। यसबाट शिक्षकले आफ्नो पेसागत विकासका आवश्यकताको आफैं पहिचान गर्न सक्ने छन्।

### उद्देश्य र रणनीति

### उद्देश्य

विद्यालय क्षेत्र विकास योजनाका शिक्षक व्यवस्थापन तथा पेसागत विकासका उद्देश्य देहाय अनुरूप छन्:

- विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु,
- योग्य तथा सक्षम शिक्षक उपलब्ध गराउनु,
- शिक्षण सिकाइको दिन र शिक्षकले काममै बिताउने समय सरकारको नियम तथा निर्देशन अनुसार परिपालित भएको सुनिश्चित गर्नु,
- शिक्षक तथा विद्यार्थी बीच शिक्षण सिकाइका लागि उच्च अभिप्रेरणा तथा मनोबल कायम राख्नु ।

### रणनीति

विद्यालय क्षेत्र विकास योजनाको शिक्षक व्यवस्थापन तथा पेसागत विकासका रणनीतिहरू देहाय अनुरूप छन्:

(क) शिक्षक अध्यापन अनुमति पत्र तथा छनोट सम्बन्धी कार्य सम्पादन गर्न शिक्षक सेवा आयोगको क्षमता सुदृढ गराइने छ । शिक्षक सेवा आयोगले छानिएका शिक्षकहरूको नियुक्तिका लागि स्थानीय सरकारलाई सिफारिस गर्ने छ र सो मध्येबाट स्थानीय सरकारले उपयुक्त विद्यालयमा नियुक्त गर्ने छ,

(ख) शिक्षक अध्यापन अनुमतिपत्र तथा शिक्षक छनोटका परीक्षामा सहभागी हुन पाउने मापदण्डको पुनरावलोकन तथा सुदृढीकरण गराइने छ । उदाहरणका लागि आवश्यक न्यूनतम योग्यता पुगेका र एक वर्षे तयारी कोर्स पूरा गरेका उम्मेदवारले मात्र अध्यापन अनुमति पत्र परीक्षामा बस्न पाउने छन्,

(ग) अस्थायी शिक्षक खटाउनुपर्ने अवस्था नरहोस् भन्नका खातिर शिक्षक सेवा आयोगले वर्षै पिच्छे नयाँ शिक्षक छनोट गरी नियुक्तिका लागि सिफारिस गर्ने क्रमलाई निरन्तरता प्रदान गर्ने छ,

(घ) शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षक छनोट तथा कार्य सम्पादनमा आधारित मूल्यांकन पद्धति लागु गरिने छ,

(ङ) लक्षित तथा सीमान्तकृत समुदाय तथा महिलाहरूका लागि आरक्षित कोटा पूरा नभएसम्म शिक्षक पदमा छानिन सहयोग पुग्ने वातावरण निर्माण गरिने छ,

(च) माध्यमिक तहमा शिक्षक आपूर्ति न्यून रहेका अवस्थामा पहिले जगेडामा रहेका आधारभूत तहका शिक्षकलाई समायोजन गरेर मात्र नयाँ शिक्षकको छनोट गरिने छ,

(छ) प्रभावकारी शिक्षक व्यवस्थापनको रणनीति अवलम्बन गरेर संवैधानिक जनादेश अनुसार विद्यमान विभिन्न प्रकारका शिक्षकहरूको समायोजन गरिने छ,

(ज) चरणबद्ध रूपले माध्यमिक तहमा विषय शिक्षकको नियुक्ति गर्नका लागि मार्गचित्र तयार पारिने छ । यसो गर्दा आधारभूत तहबाट स्तरोन्नति गरिनेको संख्या कटाएर रिक्त रहेका विषय शिक्षक पदमा मात्र नियुक्ति गरिने छ,

(झ) अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण र प्रयोग गरिने छ ।

शिक्षकको पेसागत विकासका रणनीतिहरू देहाय अनुरूप छन्:

(क) शिक्षकको पेसागत विकासका सम्बन्धमा शैक्षिक तालिम केन्द्र तथा स्रोतकेन्द्र जस्ता विद्यमान संस्थाहरूको भूमिका तथा उत्तरदायित्व पुनर्परिभाषित गरिने छ,

(ख) विज्ञान, गणित तथा अंग्रेजी जस्ता प्राथमिकता प्राप्त विषयका शिक्षक आपूर्तिका लागि शिक्षक तयारीका कार्यक्रम सञ्चालनमा ल्याइने छन्,

(ग) उत्कृष्ट शिक्षकको पहिचान तथा प्रमाणीकरण गर्न र तिनलाई भावि वृत्ति विकासको अवसरसँग आबद्ध गराउन शिक्षकको कार्यसम्पादनमा आधारित मूल्यांकन प्रणालीको विकास र कार्यान्वयन गराइने छ,

(घ) शिक्षकहरूलाई माथिल्ला तहमा पदोन्नतिका लागि वृत्ति विकासका मार्गहरू निर्धारण गरिने छ,

(ङ) नव प्रवेशी शिक्षकहरूका लागि एक वर्षे तालिम कार्यक्रमलाई शिक्षण सिकाइमा रूपान्तरित गर्न तथा सोको अनुगमन तथा आपसी सहयोगमा बल पुऱ्याउने गरी कार्यक्रम तर्जुमा गरी प्रयोगमा ल्याइने छ ।

(च) निम्न लिखित कुरामा आधारभूत ज्ञान तथा सीप प्रदान गर्न पूर्वसेवाकालीन तालिममा समावेशी शिक्षाका ढाँचाहरू अनिवार्य रूपले समावेश गराइने छ: (१) विशेष आवश्यकता भएका बालबालिकाका आवश्यकता र क्षमता (२) बाल केन्द्रित शिक्षण विधि (३) सक्रिय तथा सहभागितामूलक सिकाइका तरिका, विधि र क्रियाकलापमा विविधता

(छ) निरन्तर मूल्यांकनलाई सिकारू केन्द्रित तथा बालमैत्री शिक्षण विधिका रूपमा प्रयोग गर्न, शिक्षकका स्वमूल्यांकनको साधनका रूपमा प्रयोग गर्न र समकक्षी साथीद्वारा मूल्यांकन गराउने परिपाटीका रूपमा निरन्तर मूल्यांकन प्रणालीको सुदृढीकरण गरिने छ,

(ज) विश्वविद्यालयहरूसँग सहकार्य गरी शिक्षक तयारी कोर्समा विद्यार्थी केन्द्रित तथा बालमैत्री शिक्षण विधिको सुदृढीकरण गराइने छ,

(झ) विभिन्न तह र विषयका शिक्षकहरूलाई प्रारम्भिक कक्षा पढाइ (खास गरी भाषा शिक्षणमा केन्द्रित), विज्ञानका आधारभूत सामग्रीको प्रयोग, विद्यार्थी मूल्यांकन (निर्णयात्मक तथा निर्माणात्मक लगायत), क्रियाकलापमा आधारित शिक्षण-सिकाइ तथा माध्यमिक तहमा अंग्रेजी, विज्ञान र गणित शिक्षणका विधिमा केन्द्रित गरी केन्द्रीय तहमा डिजाइन गरिएका शिक्षकको पेसागत विकास कार्यक्रममा अनिवार्य रूपले समावेश गराइने छ,

## तालिका ७.१ विद्यालय क्षेत्र विकास योजनामा शिक्षक व्यवस्थापन र पेसागत विकास – उपलब्धि नतिजा र मुख्य कार्यक्रमहरू

| उपलब्धिहरू | नतिजा | मुख्य कार्यक्रमहरू | सात वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| प्रभावकारी शिक्षण तथा व्यवस्थापनद्वारा शिक्षाको गुणस्तर सुदृढ भएको | न्यूनतम योग्यता तथा सक्षमताको कार्यान्वयन | • परिमार्जित मापदण्डका आधारमा शिक्षकको नियुक्ति तथा पदस्थापन गरी व्यवस्था गर्ने ।<br>• राष्ट्रिय स्तरको शिक्षक सक्षमता कार्यढाँचा तथा शिक्षक तयारी तथा पेसागत विकासको कार्यढाँचाको निर्माण | • आधारभूत शिक्षाका ५१,००० शिक्षकहरूलाई तालिम प्रदान र प्रमाणीकरण<br>• माध्यमिक शिक्षाका २५,००० शिक्षकहरूलाई तालिम प्रदान र प्रमाणीकरण | • तोकिएको सक्षमता पूरा गरेका शिक्षकको प्रतिशत |
| | विद्यालयमा आधारित शिक्षक व्यवस्थापनको सुदृढीकरण | | • १८,००० प्रअलाई व्यवस्थापन तालिम प्रदान<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाका ३२,००० शिक्षक/सहजकर्ताको पदपूर्ति तथा तालिम प्रदान<br>• माध्यमिक विद्यालयमा १,६५० विषयगत शिक्षकहरूको पदस्थापना गर्ने<br>• माध्यमिक तहमा ८,२०० थप शिक्षकहरूको पदस्थापना गर्ने ।<br>• प्राबाशिवि/पूर्व प्राथमिक शिक्षाका ४,८०० शिक्षक/सहजकर्ताका लागि पुनर्ताजगी तालिम | |
| | शिक्षकको दरबन्दी मिलान | | | |
| | तह तथा विषयगत आधारमा शिक्षकहरूको प्रभावकारी नियुक्ति तथा पदस्थापन | | | |
| | शिक्षकको उपस्थिति तथा कार्य सम्पादनमा सुधार | | | • वार्षिक रूपमा शिक्षक उपस्थिति दिनको संख्या |
| सुधारिएको शिक्षक पेसागत विकास कार्यक्रम मार्फत शिक्षाको गुणस्तर सुदृढ भएको | पेसागत विकासका नमुना/तौर तरिकाको गुणस्तरमा अभिवृद्धि | • आधारभूत तहका शिक्षकहरूका लागि पेसागत तालिमका प्याकेजहरूको परिमार्जन तथा विकास (प्रारम्भिक कक्षा पढाइ, नेपाली भाषा दोस्रो भाषाका रूपमा शिक्षणको माध्यम, मातृभाषामा आधारित बहुभाषी शिक्षा, अन्तरक्रियात्मक अंग्रेजी, सूचना तथा सञ्चार प्रविधि, व्यवहार कुशल सीप, गणित तथा विज्ञानका सामग्री, निरन्तर मूल्यांकन पद्धति तथा उपचारात्मक शिक्षण)<br>• माध्यमिक तहका शिक्षकहरूका लागि विभिन्न प्रकार (सेवा प्रवेश, विज्ञान, गणित र अंग्रेजी तथा सूचना तथा सञ्चार प्रविधि) का परिमार्जित पेसागत तालिमको कार्यान्वयन<br>• समकक्षी/दौंतरी सहयोग, निर्देशन तथा परामर्श सहयोग जस्ता क्रियाकलाप सहित शिक्षकको निरन्तर पेसागत दक्षतालाई सुदृढ गर्ने । | | |
| | उपक्षेत्र तथा बिषयमा पेसागत विकासका प्रावधानहरूको सुदृढीकरण | | • आधारभूत तहका (कक्षा १–५) का ५६,५०० शिक्षकहरूलाई प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको तालिम<br>• ५,९१२ शिक्षकहरूलाई प्राविधिक तथा व्यावसायिक बिषयको तालिम लिने | • तालिम प्राप्त शिक्षकको संख्या तथा प्रतिशत |
| | ज्ञानलाई अभ्यासमा रूपान्तरण गर्न सेवाकालीन तालिममा वृद्धि | | • आधारभूत तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास<br>• माध्यमिक तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास | |

(ञ) शिक्षकहरूका लागि मागका आधारमा छोटा तथा मध्यमकालीन तालिम प्रदान गरिने छ,

(ट) नेपाली बाहेक अन्य भाषा पहिलो भएका बालबालिकालाई पढाउन, दोस्रो भाषाका रूपमा नेपाली पढाउन, बहुभाषिक शिक्षण गर्न र एकबाट अर्को भाषामा संक्रमण गराउन शिक्षकहरूलाई तालिम प्रदान गरिने छ,

(ठ) विपत् प्रभावित क्षेत्रका शिक्षकको पेसागत आवश्यकतालाई सम्बोधन गर्न उपयुक्त रणनीतिहरूको विकास गरिने छ (उदाहरणः परामर्श सेवा प्रदान गर्ने, अस्थायी व्यवस्थापनका बखत बहुकक्षा बहुस्तर शिक्षण गर्ने)

## ७.२ विद्यालय सञ्चालन र व्यवस्थापन

मुलुकमा संघीयता लागु भएपछि शैक्षिक योजना निर्माण, व्यवस्थापन तथा बजेट निर्माणका हिसाबले संघीय, प्रान्तीय तथा स्थानीय तहको आ-आफ्नै भूमिका तथा दायित्वहरू हुने अपेक्षा गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाको सुरूका अवधिमा शिक्षा क्षेत्रको नतिजामा सुधार ल्याउने तथा संस्थागत संरचनाहरूको व्यवस्थापन गर्ने काममा समय लाग्ने छ। विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट हासिल विद्यालयको समग्र सञ्चालन तथा व्यवस्थापनका अनुभवहरू यस क्रममा महत्त्वपूर्ण हुने छन् । अतः विद्यालय क्षेत्र विकास योजनाले विद्यालयहरूलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ/नगरपालिका लगायत स्थानीय निकायहरूको भूमिका र दायित्वको बोधगराई विद्यालयहरूको व्यवस्थापनमा अझ सक्रिय भूमिका निर्वाह गर्ने क्षमताको विकासमा जोड दिनुपर्ने हुन्छ। विद्यालय सुधार योजनालाई विद्यालय व्यवस्थापन समितिको योजना निर्माणको महत्त्वपूर्ण साधन बनाइने छ र तिनलाई जिल्लामा उपलब्ध गराइने बजेटसँग आबद्ध गराइने छ ।

विद्यालय क्षेत्र विकास योजनाको प्रारम्भिक वर्षहरूमा शिक्षा मन्त्रालयले विद्यालय तहमा कार्य सम्पादनमा आधारित व्यवस्थापन र स्रोत विनियोजन प्रणाली अवलम्बन गर्ने छ। शैक्षिक उपलब्धि, विद्यालय सञ्चालन तथा उपलब्ध सुविधासँग सम्बन्धित थुप्रै सूचकहरूका आधारमा विद्यालयहरूलाई वर्गीकरण गर्न विद्यालय मूल्यांकन प्रणालीको विकास र कार्यान्वयन गर्ने छ ।

## उद्देश्य तथा रणनीति

विद्यालय क्षेत्र विकास योजनाको विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी उद्देश्य देहाय अनुरुप छः

- सार्वजनिक शिक्षामा विकेन्द्रित व्यवस्थापनको संरचना अन्तर्गत प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह गराउनु ।

विद्यालय क्षेत्र विकास योजनाको विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी रणनीतिहरू देहाय अनुरूप छन्:

(क) संघीय संरचना अनुकूल बनाउनका लागि संस्थागत संरचनाको परिमार्जन गर्न विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ३ वर्षे मार्गचित्र निर्माण गर्ने,

(ख) संवैधानिक प्रावधान र संघीय ढाँचा अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको हुने गरी क्रमशः स्थानान्तरण गरिनेछ,

(ग) गाउँ तथा नगरपालिका तहका शिक्षा समितिहरूको भूमिका सुदृढ गराइने छ,

(घ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा गाउँ/नगर शिक्षा समितिलाई प्रदान गरिने देहाय अनुसारका जिम्मेवारी अनुरूप विद्यमान नियम तथा कानूनहरूको पुनरावलोकन गरिने छः
   - विद्यालय व्यवस्थापन समिति – विपत् तथा प्रतिकार्य लगायत विद्यालय तहको योजना निर्माण
   - विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघ – आन्तरिक व्यवस्थापन र विद्यालयको दैनिक कार्य सञ्चालन

- प्रधानाध्यापक – शिक्षक कार्यसम्पादन मूल्यांकनको प्राविधिक कार्य, शिक्षकले शिक्षणमा बिताउने समयको अनुगमन र शिक्षक क्षमता विकास
- गाउँ तथा नगरपालिका – समग्र विद्यालय व्यवस्थापन सम्बन्धी

(ङ) विद्यालय व्यवस्थापन समितिको भूमिका तथा दायित्वको पुनरावलोकन गरी विद्यालय व्यवस्थापन तथा सञ्चालन सुदृढ गराउन स्थानीय सरकारलाई सहयोग गर्ने राष्ट्रिय कार्यढाँचा विकास गराइने छ,

(च) विद्यालय तहमा गुणस्तर सुधारको साधनका रूपमा विद्यालय सुधार योजनाको उपयोग सुदृढ गराइने छ र तिनलाई जिल्ला तहमा विनियोजन गरिएका स्रोतसँग आबद्ध गराउने संयन्त्रको विकास गरिनेछ,

(छ) विद्यालय तहमा सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढ गराई शैक्षिक सेवाको प्रवाहलाई सक्षम र प्रभावकारी बनाइने छ,

(ज) विद्यालय तहका कर्मचारी, शिक्षक तथा व्यवस्थापकहरूको राजनीतिप्रतिको आबद्धता घटाई समुदायप्रति जिम्मेवार हुनुपर्ने रणनीति अवलम्बन गरिने छ,

(झ) विद्यालय तहको शैक्षिक सेवा प्रवाहमा सुधारका लागि अध्ययन तथा राम्रा विद्यालय भ्रमण र विद्यालय व्यवस्थापन समितिहरू बीच ज्ञानको आदान प्रदान गर्ने मञ्चहरूलाई प्रवर्द्धन गरिने छ,

(ञ) विद्यालय तहमा उत्तरदायित्वको अभिवृद्धिका लागि कार्य सम्पादनमा आधारित व्यवस्थापन तथा स्रोतको परिचालनमा जोड दिइने छ,

(ट) प्रधानाध्यापकले सुधारका योजना र सोबाट प्राप्त हुने नतिजा किटान गरी पेस गरेका प्रस्तावनाको समीक्षा गरी करारका आधारमा प्रधानाध्यापक पदमा नियुक्ति प्रदान गरिने छ,

(ठ) सरोकारवाला तथा लाभान्वितहरूले आफ्ना गुनासाहरू जिल्ला शिक्षा कार्यालयमा सोझै पेस गर्न सकून् भन्नका लागि जिल्ला शिक्षा कार्यालयमा गुनासो सुन्ने संयन्त्रको स्थापना गरिने छ,

(ड) बाह्य संस्थाहरूसँग सहकार्य गरी गुणस्तरका लागि शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र तथा तिनका जिल्लास्तरीय संस्था (शैक्षिक तालिम केन्द्र/अगुवा स्रोत केन्द्र/स्रोत केन्द्र) बीच समन्वयको संयन्त्र विकास गरिनेछ ।

## ७.३ संस्थागत क्षमता विकास

विद्यालय क्षेत्र विकास योजनाको पहिलो वर्षदेखि तेस्रो वर्षभित्र मुलुक संघीयतामा प्रवेश गर्ने र ३ देखि पाँच वर्षभित्र संस्थागत स्वरूप ग्रहण गरिसक्ने अपेक्षा गर्न सकिन्छ । यस अवधिभित्र यस योजनाले व्यवस्थापन तथा वित्तीय संरचनाका साथै मानवीय एवम् संस्थागत क्षमताको विकास गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा संघीय, प्रान्तीय तथा स्थानीय तहका आधारमा शैक्षिक योजना निर्माण, व्यवस्थापन तथा वित्तीय व्यवस्थाको उत्तरदायित्वको समीक्षा हुने छ । विगतका अनुभवका आधारमा यी सबै तहमा क्षमता विकासको जरूरत पर्ने छ । विद्यालय क्षेत्र विकास योजनाले खास गरी गाउँ/नगरपालिका, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक संघ आदिको क्षमता वृद्धि गरी विद्यालयको कार्य सम्पादन स्तरको अनुगमन गर्ने जिम्मेवारी निर्वाहमा प्रभावकारिता वृद्धि गराउनुपर्ने हुन्छ । यसका अतिरिक्त राष्ट्रिय पाठ्यक्रम प्रारूप, राष्ट्रिय योग्यता प्रारूप, राष्ट्रिय परीक्षा बोर्ड सहित विद्यार्थी सिकाइ उपलब्धिका सुधारमा ठूलो महत्त्व राख्ने भएकाले यस्ता संयन्त्रहरूको विकासका लागि क्षमता विकास सर्वोपरि हुन्छ ।

परम्परागत दृष्टिले हेर्दा क्षमता विकासलाई तालिमकै पर्यायका रूपमा हेरिने गरिएको भए तापनि तालिमले मात्र संस्थाको सुदृढीकरण वा शिक्षण सिकाइ प्रक्रियाको सुधार पर्याप्त हुने नदेखिएकाले यो अवधारणा अपूर्ण देखिन्छ । सुदृढ सीप, सक्षमता तथा संस्थागत कार्य सम्पादनका लागि समग्रता तथा नतिजामा आधारित पद्धतिको आवश्यकता पर्छ ।

## उपलब्धि, नतिजा तथा मुख्य कार्यक्रमहरू

### तालिका ७.२ विद्यालय क्षेत्र विकास योजनामा विद्यालय प्रशासन र व्यवस्थापनः उपलब्धिहरू, नतिजा तथा मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | सात वर्षे भौतिक लक्ष्य तथा लाभान्वित वर्ग | मुख्य कार्य सम्पादन सूचक |
|---|---|---|---|---|
| संस्थागत व्यवस्थापन सुदृढ भएको | विद्यालयमा आधारित सुदृढ व्यवस्थापन | • शिक्षा नियमावलीको संशोधन, कार्ययोजनाको तयारी, केन्द्रीय निकायले गर्ने प्रतिवेदनहरूको व्यवस्थापन र नतिजामा आधारित बजेट निकासाको संयन्त्रको पुनरावलोकन<br>• राज्य पुनर्संरचना तथा संगठन र व्यवस्थापन सर्वेक्षणे नतिजाको आधारमा शिक्षा मन्त्रालयको पुनर्संगठन तथा पुनर्मिलानको मार्गचित्र निर्माण<br>• आर्थिक व्यवस्थापन तथा खरिद सहायताको सुनिश्चितता<br>• केन्द्र तथा जिल्ला तहमा एउटा समग्र अनुदान व्यवस्थापनको संयन्त्र तयारी गरी कार्यान्वयन गर्ने<br>• जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण, सामाजिक उत्तरदायित्व तथा सामाजिक परीक्षण मार्फत पारदर्शिता कायम गर्ने जस्ता विषयमा व्यवस्थापकहरूलाई तालिम दिने ।<br>• वित्तीय व्यवस्थापन कार्ययोजनाको विकास गर्ने ।<br>• विद्यालयको आर्थिक व्यवस्थापनलाई सुदृढ बनाउन वित्तीय व्यवस्थापन निर्देशिका तथा अन्य संयन्त्रको विकास तथा प्रबोधीकरण ।<br>• सरल लेखापालन तथा प्रतिवेदनका ढाँचाका सम्बन्धमा विद्यालयलाई तालिम प्रदार्ने ।<br>• शिक्षा मन्त्रालयमा एकीकृत लेखापालन सफ्टवेयर लागु ।<br>• विद्यालयको कार्य सम्पादन परीक्षण गर्ने तथा प्रोत्साहन तथा सहायता संयन्त्रको स्थापना ।<br>• विद्यालयको वित्तीय व्यवस्थाको समीक्षा (प्रति विद्यार्थी लागतका साथै आवश्यकतामा आधारित र कार्य सम्पादनमा आधारित)<br>• सहायता रकम प्रवाहको अनुसरण सर्भे सञ्चालन | • आधारभूत तहका १०,००० प्रअहरू तालिम प्राप्त हुने<br>• माध्यमिक तहका ४,००० प्रअ तालिम प्राप्त हुने<br>• ५०० शिक्षा व्यवस्थापकहरू तालिम प्राप्त हुने । | |
| | सुदृढ वित्तीय व्यवस्थापन | | | |
| | केन्द्र तथा विद्यालय तहमा अनुदान व्यवस्थापनमा सुधार | | • परीक्षणका रुपमा ५०० वटा सामुदायिक विद्यालयहरूले आर्थिक व्यवस्थापन क्षमता सुदृढीकरण सहयोग प्राप्त गर्ने<br>• ७५ वटै जिल्लामा लेखा व्यवस्थापन गर्न कम्प्युटराइज्ड सफ्टवेयरको प्रयोग गरिने | |

## उद्देश्य

विद्यालय क्षेत्र विकास योजनाका संस्थागत क्षमता विकासका उद्देश्य देहाय अनुरूप छन्:

- मुलुकको संघीय शासन प्रणालीका लागि आवश्यक पर्ने शिक्षा क्षेत्रको मानवीय संसाधनको क्षमता अभिवृद्धि गर्नु,
- सार्वजनिक शिक्षा क्षेत्रमा सक्षम तथा नतिजाउन्मुख जनशक्तिको उत्पादन गरी शिक्षाको गुणस्तर तथा सक्षमता अभिवृद्धि गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाले संस्थागत क्षमता विकासका लागि अवलम्बन गरेका रणनीतिहरू देहाय अनुसार छन्:

(क) संघीय स्वरूप अनुरूप संस्थागत पुनर्संरचना भएपछि विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनका लागि शिक्षा मन्त्रालय, शिक्षा विभाग, शिक्षाका केन्द्रीय निकाय तथा जिल्लास्तरीय निकायहरूको क्षमता विकासका योजना निर्माण गर्ने,

(ख) विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ तथा गाउँ/नगरपालिका आदि निकायका परिवर्तित भूमिका अनुरूप विद्यालय सञ्चालन तथा व्यवस्थापन क्षमता सुदृढ गर्ने,

(ग) मध्य तराई तथा कर्णालीजस्ता शैक्षिक नतिजा कम भएका क्षेत्रका जिल्ला तथा स्थानीय तहको व्यवस्थापन सुदृढ गराउन आवश्यकता अनुसारका कार्यक्रम प्याकेजहरू निर्माण र कार्यान्वयन गर्ने,

(घ) समावेशी शिक्षा तथा विशेष आवश्यकता भएका बालबालिकाको शिक्षाको विकास गर्न सम्बन्धित प्राज्ञिक संस्थाहरूको सहयोगमा केन्द्रीय तहमा शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र जिल्ला तहमा जिल्ला शिक्षा कार्यालय, लेखाजोखा केन्द्रका संयोजक आदिको क्षमता विकास गर्ने,

(ङ) समालोचनात्मक सोच, शिक्षण सिकाइका विधि प्रयोग गर्दा आपसी सहकार्यका सीप, जीवनोपयोगी सीपको समायोजन, यौन शिक्षा, व्यवहार कुशल सीप तथा मूल्यमा आधारित शिक्षाजस्ता शिक्षण सिकाइ प्रक्रियाका अत्यावश्क तत्त्वहरू समाविष्ट गरी कक्षा १ देखि १२ सम्म समग्र विद्यालय शिक्षा प्रणालीका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनका लागि क्षमता विकास योजना निर्माण गर्ने,

(च) खुला, वैकल्पिक, अनौपचारिक लगायत शिक्षाका सबै धारको प्रमाणीकरण गरी शिक्षा प्रणाली भित्र एउटा धारबाट अर्कामा हुने स्थानान्तरणलाई सहज गराउन राष्ट्रिय योग्यता प्रारूप लागु गर्न क्षमता विकास योजना निर्माण गर्ने,

(छ) राष्ट्रिय परीक्षा बोर्डलाई कार्यान्वनमा ल्याउन क्षमता विकास योजनाको निर्माण गर्ने ।

## ७.४ विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा

नेपाल भूकम्पीय तथा अन्य प्राकृतिक प्रकोपको जोखिम क्षेत्रमा अवस्थित भएकाले विगतका दशकहरूमा कैयौँ ठूला भूकम्पहरूको सामना गर्नुपरेको इतिहास छ । २०७२ सालमा आएको महाभूकम्पले मुलुकमा ठूलो मानवीय तथा भौतिक क्षति पुग्न गयो । विपत् पश्चात्का आवश्यकताको मूल्यांकन तथा पुनर्लाभ कार्यढाँचा (Post disaster Recovery Frame- PDRF) ले ४५,००० कक्षा कोठा, थुप्रै शौचालय, विद्यालयका घेराबारा, पानीको व्यवस्था आदिको ठूलो परिमाणमा निर्माण वा मर्मत गर्नुपर्ने देखाएको छ (NRA, 2016) । यस परिस्थितिमा विपत् जोखिम न्यूनीकरण शिक्षाको ध्यान भूकम्पको प्रभाव नपरेका क्षेत्रका शैक्षिक सुविधाको सुदृढीकरणका साथै शिक्षा क्षेत्रका भौतिक सुविधाको पुनर्स्थापना वा पुनर्निर्माण गर्दा विद्यालय सुरक्षाका तिन खम्बे नीतिमा केन्द्रित रहने छ ।

## उपलब्धि, नतिजा तथा मुख्य कार्यक्रमहरू

### तालिका ७.३ विद्यालय क्षेत्र विकास योजनामा संस्थागत क्षमता विकास

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू |
| --- | --- | --- |
| प्रत्येक तहमा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन गर्न पर्याप्त संस्थागत क्षमता | केन्द्रीय तहको संस्थागत क्षमता सुदृढ भएको<br><br>क्षेत्रीय, प्रान्तीय तथा जिल्लास्तरीय संस्थागत क्षमता सुदृढ भएको | • संघीयतालाई सबै तहमा समायोजन गर्न क्षमता विकास योजना तयार गरी लागु गर्ने<br>• जिल्ला शिक्षा समितिलाई सुदृढ तथा क्रियाशील बनाउने ।<br>• जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण गर्न तथा सामाजिक परीक्षण मार्फत सामाजिक उत्तरदायित्व र पारदर्शिता विषयमा शिक्षा व्यवस्थापकहरूलाई तालिम प्रदान गर्ने ।<br>• सरल लेखापालन तथा प्रतिवेदनको ढाँचाका सम्बन्धमा विद्यालयहरूलाई तालिम प्रदान गर्ने । |

## उद्देश्य र रणनीति

विद्यालय क्षेत्र विकास योजनाको विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा सम्बन्धी उद्देश्य देहाय अनुरूप छन्:

- सबै विद्यार्थीका लागि अनुकूल र सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नु,
- विद्यालय तहमा विपत् जोखिम न्यूनीकरणको व्यवस्थापन तथा समुदाय बीच सहकार्य तथा सौहार्दपूर्ण वातावरण सिर्जना गरी शिक्षा क्षेत्रमा समग्र विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाले विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा सम्बन्धी उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरेको छ:

(क) बहु आयामिक जोखिम मूल्यांकन तथा विपत् व्यवस्थापनका नक्सांकन (संरचनागत तथा गैर संरचनागत) गरेर विद्यालय क्षेत्रमा राष्ट्रिय देखि विद्यालय तह सम्म पूर्व तयारी तथा जोखिम न्यूनीकरण क्षमता सुदृढीकरण गर्ने ।

(ख) विद्यालय सुधार योजना तथा शैक्षिक निरन्तरता योजनामा विद्यालय सुरक्षाको व्यवस्थाको समायोजन, प्रतिकार्य तथा पूर्व तयारीको क्षमता विकास र समुदाय भित्र विद्यालय विपत् व्यवस्थापनबारे सचेतना वृद्धि गर्ने ।

(ग) औपचारिक तथा अनौपचारिक सबै धारका शिक्षा प्रणालीमा राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा शिक्षकका पेसागत विकास कार्यक्रममा विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलतालाई मूलप्रवाहीहरण गर्ने ।

(घ) विद्यालय क्षेत्रले विपत् पूर्व र पछि हासिल गरेका पाठको पहिचान गरी विद्यालय क्षेत्र विकास योजना तर्जुमामा सूचना प्रवाहित गर्ने ।

(ङ) विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणका न्यूनतम उपायको प्याकेज निर्माण गरी भइरहेका सरकारी संयन्त्रको परिचालन गरेर विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, समुदाय, शिक्षाका अधिकारी तथा अन्य कर्मचारीसम्म पुर्‍याउने ।

(च) शिक्षा क्षेत्रमा राष्ट्रिय संयोजनको संयन्त्र निर्माण गरी विकास साझेदारहरूको सहयोगबाट समेत कोषको व्यवस्था गरेर निर्धारित लक्ष्य तथा मापदण्ड हासिल गर्न राष्ट्रिय तहमा नेतृत्व तथा सुपरिवेक्षण क्षमताको विकास गर्ने ।

(छ) विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न शिक्षा मन्त्रालय तथा शिक्षा विभागका नेतृत्व तहलाई सघाउन बृहत् विद्यालय सुरक्षा गुरू योजना लगायत अन्य सम्बद्ध रणनीति र तथा भावी कार्यक्रमहरूको नक्सांकन गर्ने ।

(ज) शिक्षा सम्बद्ध निकायहरूसँगको सहकार्यमा आवश्यकता, उपलब्ध मानवीय तथा भौतिक स्रोत साधन र क्षमतालाई समेत ध्यानमा राख्दै २०७२ सालको भूकम्पले उब्जाएका आवश्यकता र विद्यालय क्षेत्र सुधार कार्यक्रमले पूरा गर्न बाँकी कार्यभार पूरा गर्न सन्तुलित मार्गचित्र बनाउने ।

(झ) स्थानीय स्रोतलाई परिचालन गर्न र विपत् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय तथा शहरी विकास तथा भवन निर्माण मन्त्रालय बीच अन्तरसम्बन्ध स्थापित गर्ने ।

(ञ) विपत् प्रभावित जिल्लाहरूका शिक्षकको पेसागत विकासका आवश्यकता (अस्थायी सुविधा भएका स्थानमा परामर्श सेवा तथा बहुकक्षा बहुस्तर शिक्षणको सुदृढीकरण) को सम्बोधनका लागि विशेष रणनीतिहरू बनाउने ।

## तालिका ७.४ विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा उपलब्धि, नतिजा तथा मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू |
|---|---|---|
| विभिन्न प्रकारका विपत्सँग उत्थानशील विद्यालयका सुविधाहरू | विभिन्न प्रकारका विपत् सँग उत्थानशील विद्यालयको संख्यामा वृद्धि भएको | • सबै खर्च (मूल्यांकन, योजना, सुपरिवेक्षण, कार्यान्वयन, परामर्श, समन्वय, अनुसन्धान र विकास, चेतना तथा क्षमता विकास) को प्रतिबद्धता सहित सुरक्षित विद्यालयहरूको पुनर्निर्माणका निमित्त समयबद्ध कार्य योजनाको विकास तथा कार्यान्वयन गर्ने ।<br>• बहुविपत् प्रति उत्थानशील र समावेशी नयाँ विद्यालय निर्माणका लागि नमुना डिजाइनको विकास तथा स्वीकृत गर्ने ।<br>• विद्यालय निर्माण तथा प्रबलीकरण गर्दा अधिकार प्राप्त सरकारी निकायबाट अनिवार्यहरूमा प्राविधिक निरीक्षण गरी प्रमाणीकरण गर्नका लागि इन्जिनियर लगायत योग्य कर्मचारीहरूको संख्यामा वृद्धि गर्ने र निर्देशिकाहरूको विकास गर्ने ।<br>• विद्यालय निर्माणमा संलग्न सबै संस्थाहरूले सरकारी नियम कानूनको पालना गरे नगरेको सुनिश्चित गर्न तिनीहरूको दर्ता तथा अनुगमन गर्ने । |
| विद्यालय विपत् व्यवस्थापनको सुदृढ भएको | विव्यसको कार्य विवरणमा विपत् जोखिम न्यूनीकरण सम्बन्धी भूमिकाहरू समावेश गरिएको ।<br><br>शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विपत् जोखिम न्यूनीकरण सम्बन्धी सूचकहरू समावेश भएको । | • सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागु गर्दै समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गर्ने ।<br>• विद्यालयमा बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण तथा विभिन्न प्रकारका विपत् निमित्त स्तरीय कार्य सञ्चालन प्रक्रियाका विषयमा मुख्य सन्देशका सेटको विकास तथा अनुगमन गर्ने ।<br>• जिल्ला शिक्षा कार्यालयहरूले जिल्ला शिक्षा आपतकालीन तयारीको योजना निर्माण गर्ने ।<br>• विपत् जोखिम न्यूनीकरण तथा सङ्कटकालीन तयारीका सम्बन्धमा शिक्षक, विद्यार्थी तथा विद्यालयका अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गर्ने ।<br>• विद्यालय सुधार योजना विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा जस्ता विषय समावेश गर्ने र प्रधानाध्यापक र शिक्षकलाई यस वियमा तालिम दिने ।<br>• भिडियो, नाटक जस्ता श्रव्य दृश्य सामग्री सहित विभिन्न तौरतरिका प्रयोग गरी शिक्षक तथा प्रधानाध्यापकका लागि स्तरीय शैक्षिक तालिम प्याकेजको विकास गर्ने ।<br>• शिक्षा क्षेत्रको आकस्मिक तथा तयारी योजनालाई निरन्तर अद्यावधिक गर्ने । |
| जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत गर्ने । | विद्यार्थीहरू विपत् जोखिम न्यूनीकरण प्रति सचेत हुने र जोखिमका सम्बन्धमा आफ्नो वातावरणको लेखाजोखा गर्न तथा विपत् समयमा मानवीय क्षति कम गर्न छिटो भन्दा छिटो पर्याप्त सम्बोधन गर्न सक्षम हुने । | • पाठ्यक्रमको क्षेत्र तथा क्रमको पुनरावलोकन गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पूप्रावि, आधारभूत तथा माध्यमिकसम्म सबै तहहरूमा विपत् जोखिम न्यूनीकरण सम्बन्धी सिकाइ उपलब्धिहरूलाई समावेश गर्ने ।<br>• विपत् जोखिम न्यूनीकरण विषयको सिकाइमा बालबालिकाको सक्रिय संलग्नताका लागि बाल क्लबहरूलाई परिचालन गर्ने ।<br>• प्राज्ञिक, अरीतिक, अनौपचारिक तथा पेसागत पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरण विषयलाई सामान्य सचेतनाको विषयदेखि व्यावसायिक तालिम र उच्च ज्ञान र सीपहरू समेतमा एकीकरण गर्ने ।<br>• बालबालिका, समुदाय तथा अभिभावकलाई जोखिम न्यूनीकरण सम्बन्धी सूचनाको प्रबोधीकरण गर्न विभिन्न प्रकारका साधनहरूको प्रवर्धन गर्नका लागि सञ्चार रणनीतिको विकास गर्ने । |

## ७.५ अनुगमन तथा मूल्यांकन

विद्यालय क्षेत्र विकास योजनाको नतिजा तालिका (अनुसूची २) अनुसारको उपलब्धि नै विद्यालय क्षेत्र विकास योजनाको अनुगमनको प्रमुख साधन हो । यस तालिकामा सबै उपक्षेत्र तथा अन्तरसम्बन्धित क्षेत्रका प्रगति नाप्ने सूचकहरू रहेका छन् । शिक्षा मन्त्रालय र यसका विकास साझेदारहरूले विद्यालय क्षेत्र विकास योजनाको प्रगतिको संयुक्त वार्षिक समीक्षा गर्ने छन् । योजना कार्यान्वयनको मध्यतिर बाह्य मूल्यांकनकर्ताबाट मध्यावधिक मूल्यांकन गराइने छ । यी समीक्षाहरूले शिक्षा मन्त्रालय र विकास साझेदारहरूलाई योजनाको नतिजा तालिका अनुसारको उपलब्धि हासिल गर्न कार्यक्रममा आवश्यक समायोजन गर्न सघाउ पुऱ्याउने छन् ।

नतिजा तालिकाले नियमित सूचना प्रणालीबाट, मूलतः शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट उपलब्ध सूचना तथा तथ्यांकको उपयोग गर्छ । विद्यालय क्षेत्र विकास योजनाले सबै तहको योजना निर्माण, कार्यान्वयन तथा समीक्षा प्रक्रियाको सुधारका लागि यसको प्रयोगको विस्तार गर्दै शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण आवश्यक पर्ने दृष्टिकोण राख्छ । स्थानीय तहमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीबाट प्राप्ते सूचनाले गाउँ विकास समिति र विद्यालय व्यवस्थापन समितिहरूलाई वार्षिक योजना निर्माण गर्न सघाउँछ भने केन्द्रीय तहमा यसले नीति निर्मातालाई शैक्षिक कार्यक्रम कार्यान्वयनको अवस्था विश्लेषण गर्न र तिनीहरूको प्रभावको मापन गर्न सहयोग गर्दछ ।

## उद्देश्य र रणनीति

विद्यालय क्षेत्र विकास योजनाका अनुगमन तथा मूल्यांकन उपक्षेत्रका उद्देश्य देहाय अनुरूप छन्ः

- कार्यक्रमका लगानी, प्रक्रिया तथा उपलब्धिको अनुगमन र कार्यक्रमका प्रभावको मूल्यांकन गर्नु,
- नीति निर्माताहरूका लागि शैक्षिक प्रणालीको अवस्था र सिकाइ उपलब्धिको सूचना तथा जानकारी उपलब्ध गराउनु,
- कार्यक्रमको अवस्था र क्रियाकलापबारे कार्यान्वयनकर्तालाई नियमित पृष्ठपोषण प्रदान गर्नु,
- स्थानीय तथा जिल्ला तहका सरोकारवाला तथा जिम्मेवार अधिकारीहरूलाई योजनाका लागि सूचनाको उपलब्धता सुनिश्चित गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाका अनुगमन तथा मूल्यांकन उपक्षेत्रका रणनीतिहरू देहाय अनुरूप छन्ः

(क) शिक्षा क्षेत्रको संघीय स्वरूपमा रूपान्तरणका लागि आवश्यक संस्थागत संरचनाको सुधार तथा पुनर्संरचना गर्न विद्यालय क्षेत्र विकास योजनाको मध्यावधिक मूल्यांकनको खाका तयार पार्ने र यसलाई प्रस्तावित ३ वर्षे मार्गचित्रमा प्रतिविम्बित गराउने ।

(ख) विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन तथा प्रारम्भिक कक्षा पढाइको मूल्यांकन नियमित सञ्चालन गर्ने लगायत शिक्षा प्रणालीको स्वतन्त्र समीक्षा तथा मूल्यांकन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता सुदृढ गराउने ।

(ग) निरन्तर मूल्यांकन पद्धति तथा कक्षाकोठामा आधारित विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन र प्रारम्भिक कक्षा पढाइको मूल्यांकनको प्रभावकारी उपयोगबाट विद्यार्थी मूल्यांकनलाई सुदृढ बनाउने ।

(घ) शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढ बनाउने ।

(ङ) २०७२ सालको भूकम्पले उब्जाएका आवश्यकताको सम्बोधनका लागि उपक्षेत्र सम्बद्ध अवयवसँग प्रस्तावित मार्गचित्र कार्यान्वयन अवस्थाको अनुगमन गर्न कार्यक्रम तथा नतिजा तालिकाभित्र एउटा विशेष अवयवको विकास गर्ने ।

(ङ) विद्यालय व्यवस्थापन तथा शैक्षिक कार्यक्रममा समुदाय तथा अभिभावकको सहभागिता वृद्धिका लागि विद्यालय तहको शिक्षाका नतिजा सञ्चार गर्ने रणनीति लागु गर्ने ।

(च) शैक्षिक सूचना व्यवस्थापनमा प्रविधिको प्रयोगलाई सुदृढ गराउने ।

(छ) शैक्षिक व्यवस्थापन सूचना प्रणाली, वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्यक्रम तथा बजेट लगायत अन्य सूचना प्रणालीसँग विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकन, शैक्षिक गुणस्तर परीक्षण केन्द्र तथा मूल्यांकन र अनुगमनका नतिजा र नीति निर्माण एवम् योजना तर्जुमा प्रक्रियालाई आबद्ध गराउने ।

(ज) अन्तर्राष्ट्रिय मापदण्ड अनुसार विभिन्न प्रकारले भिन्न क्षमता भएका बालबालिकाको छुट्टाछुट्टै तथ्यांक नियमित रूपले संकलन गर्ने र नीति निर्माता तथा योजनाकारहरूको प्रयोगका लागि उपलब्ध गराउने ।

(झ) नीतिगत तहका लागि प्रमाणमा आधारित नीति तथा योजना निर्माण भएको सुनिश्चितताका लागि शैक्षिक प्रवृत्तिको संस्थागत अनुसन्धान तथा विश्लेषण पद्धतिको सुदृढीकरण गर्ने ।

(ञ) विभेदहरूको न्यूनीकरण गर्न सरकारको केन्द्रीय तथा विकेन्द्रित योजना तथा बजेटको व्यवस्थाका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली अन्तर्गत समता सूचकांकको प्रयोग गर्ने ।

(ट) शैक्षिक कार्यक्रमको आवधिक मूल्यांकनको कार्यढाँचाको विकास र कार्यान्वयन गर्ने ।

(ठ) अनुसन्धानमुखी अनुगमन प्रणालीको विकास गर्ने ।

(ड) निर्माणात्मक मूल्यांकन तथा सरोकारवालाको सन्तुष्टिको सर्भे गर्ने ।

(ढ) पुनर्स्थापना, पुनर्निर्माण तथा विपत् जोखिम न्यूनीकरणका सूचकको अनुगमन गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गर्ने ।

## तालिका ७.५ उपलब्धि, नतिजा र प्रमुख कार्यक्रम

### विद्यालय क्षेत्र विकास योजनाका अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यक्रमका उपलब्धि, नतिजा र प्रमुख कार्यक्रम

<table>
<tr><th>उपलब्धि</th><th>नतिजा</th><th>मुख्य कार्यक्रमहरू</th><th>मुख्य कार्य सम्पादन सूचकहरू</th></tr>
<tr><td rowspan="3">नीतिगत तहको विश्लेषण तथा प्रमाणमा आधारित योजनाका लागि संस्थागत क्षमताको विकास भएको</td><td>विद्यार्थी मूल्यांकनका साथै स्वतन्त्र रूपमा शिक्षा प्रणालीको समीक्षा तथा परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता सुदृढ भएको ।</td><td rowspan="4">• शिक्षा मन्त्रालय भित्र विद्यालय क्षेत्र विकास योजना कार्यक्रम सहयोग, अनुगमन तथा समन्वय संयन्त्र स्थापना गर्ने ।<br>• परीक्षा नियन्त्रण कार्यालयहरू (पनिका, उमाशिप) का कार्यहरूसँग मिलान तथा समन्वय गर्ने गरी राष्ट्रिय परीक्षा बोर्डको स्थापना गरी यसलाई क्रियाशील गराउने ।<br>• विद्यार्थी मूल्यांकन लगायत शिक्षा मन्त्रालय पद्धतिको स्वतन्त्र समीक्षा तथा परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता सुदृढीकरण गर्ने ।<br>• शिक्षकको उपस्थितिको अनुगमन गर्न विद्यार्थी/लाभान्वित वर्गलाई सक्षम बनाउने ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली र agreed corrective actions को स्वतन्त्र सत्यापन गराउने ।<br>• अनुगमन तथा प्रतिवेदन दिने पद्धतिको सुदृढीकरणका निमित्त (उच्च पदस्थ व्यवस्थापकहरूका लागि अभिमुखीकरण समेत) सूचना तथा सञ्चार प्रविधिमा आधारित प्रणालीको डिजाइन र कार्यान्वयन गर्ने ।<br>• विद्यालय तहमा नतिजामा आधारित अनुगमन गर्नका लागि स्रोत केन्द्रहरूलाई सबल बनाउने ।<br>• सबै शिक्षकहरूले शिक्षणमा समय बिताउने कुराको अनुगमन गर्ने कार्यलाई संस्थागत गर्ने ।<br>• प्रभाव मूल्यांकन तथा ग्राहक सन्तुष्टी सर्भे जस्ता अध्ययन तथा मूल्यांकनका साधन प्रयोग गर्ने ।<br>• एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांक प्रयोग गरी क्षेत्र, जिल्ला तथा विद्यालयको स्वचालित प्रोफाइल कार्डको विकास गर्ने, त्यसपछि स्रोत केन्द्र, जिशिका तथा विद्यालय सुधार योजनामा प्रयोग गर्न जिल्ला तथा विद्यालयलाई सूचनाको विश्लेषण गर्न सहयोग पुऱ्याउने साधनहरूको तयारी गर्ने ।<br>• जिल्ला तथा उप जिल्ला तहमा विद्यालयमा दिइने अनुदानको फर्मुलाबारे जानकारी गराउन समता सूचकांकका आधारमा जिल्ला तथा विद्यालयहरूको वर्गीकरण तथा तुलना गर्ने ।<br>• शिक्षणमा नै समय बिताउने र भौतिक मर्मत सुधारको लेखाजोखाको अनुगमन गर्ने समेतका कार्यका लागि तथ्यांक संकलन तथा पृष्ठपोषणका सम्बन्धमा परीक्षण तथा नयाँ प्रविधि लागु गर्ने ।<br>• जिल्ला, गाविस र विद्यालयको प्रोफाइल हेरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यालय तहमा भएका विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांकलाई सत्यापन गर्ने ।</td><td>• कक्षा ५,८ र १० मा विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्यांकनका नतिजा</td></tr>
<tr><td>नीतिगत तहको शैक्षिक व्यवस्थापन सूचना प्रणाली र शिक्षा विभागको शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य शैक्षिक तथ्यांक बिचको सम्बन्ध सुदृढीकरणका साथै निर्माणात्मक अनुसन्धान गर्न सक्ने क्षमता समेत सुदृढ भएको ।</td><td rowspan="3">• प्रारम्भिक कक्षा पढाइका प्राप्तांकहरू</td></tr>
<tr><td>विद्यालय शिक्षा क्षेत्रमा समग्र रूपको तथ्यांकको व्यवस्था गर्नका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा राष्ट्रिय विद्यार्थी उपलब्धी मूल्यांकन, प्रारम्भिक कक्षा पढाइ मूल्यांकन, अनौपचारिक शिक्षा व्यवस्थापन सूचना प्रणाली, कक्षा १० र १२ को परीक्षाको तथा प्रकोप जोखिम न्यूनीकरणका तथ्यांक, एकीकरण गरी यसको फ्ल्यास रिपोर्टमा प्रतिविम्बन भएको ।</td></tr>
<tr><td>जिल्ला, उप जिल्ला तथा स्थानीय तहमा शैक्षिक तथ्यांकको गुणस्तर प्रयोग सुदृढ हुने ।</td><td>बढ्दो पारदर्शिता तथा जवाफदेहिताका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढ भएको ।</td></tr>
</table>

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू | मुख्य कार्य सम्पादन सूचकहरू |
|---|---|---|---|
| | | • विद्यार्थीको भाषा, विद्यालय पढाइने भाषा र विद्यार्थीको जात⁄जातिगत पहिचानका सम्बन्धमा सूचना संकलन गर्ने र सार्वजनिकीकरणलाई स्तरीकृत गर्ने ।<br>• समता सूचकांकलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अभिन्न अंगका रूपमा विकास गर्ने ।<br>• न्यूनतम आधारभूत आवश्यकता, विषयगत शिक्षकहरूको उपलब्धता, छात्रवृत्ति, विद्यालयमा अनुकूल वातावरणका लागि आवश्यक पूर्वाधार र विद्यार्थीहरूको सिकाइ उपलब्धि जस्ता मुख्य कार्य सम्पादन सूचकका सम्बन्धमा समयमै भरपर्दो सूचना प्रदान गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य तथ्यांक (जस्तै, शिक्षक सूचना प्रणाली र छात्रवृत्ति) सुदृढ गर्ने ।<br>• विभिन्न सामाजिक समूहका लागि रहिरहने, टिकाउ र पूरा गर्ने दरमा वृद्धि गर्ने ।<br>• प्रत्येक विद्यालयको प्रगतिको अनुगमनलाई सबल पार्नका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई वेबमा आधारित र विद्यालयमा आधारित बनाउने ।<br>• सार्वजनिक रूपमा तथ्यांक प्राप्त गर्न सकिने व्यवस्था गर्दै पारदर्शिताको अभिवृद्धि गर्ने ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सिकाइ उपलब्धिहरू समेटिएको कुरा सुनिश्चित गर्ने (उदाहरणका लागि कक्षा १० को तथ्यांक, प्रारम्भिक कक्षा पढाइ मूल्यांकनका नतिजा) | |
| कक्षाकोठामा आधारित मूल्यांकन सुदृढ भएको | शिक्षकहरूद्वारा कक्षा कोठामा आधारित सरलीकृत मूल्यांकनको प्रयोग गरी सिकाइ उपलब्धिमा सुधार भएको । | • चरणवद्ध रूपमा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइको मूल्यांकन गर्ने ।<br>• निरन्तर मूल्यांकन प्रणालीलाई सरलीकृत गर्ने । | |

## ७.६ परीक्षा तथा प्रमाणीकरण

प्राविधिक तथा व्यावसायिक शिक्षा लगायत कक्षा १० र १२ का अन्त्यमा अक्षरांकन पद्धतिमा आधारित विषयगत प्रमाणीकरण तथा एकल विषय प्रमाणीकरण गर्न, सार्वजनिक परीक्षा, प्रमाणीकरण, समकक्षता सम्बन्धी परीक्षाको नियमन तथा सञ्चालनका लागि राष्ट्रिय परीक्षा बोर्डलाई जिम्मेवार बनाइने छ । राष्ट्रिय परीक्षा बोर्डले कक्षा ८ को परीक्षाका सम्बन्धमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने छ। संघीय, प्रान्तीय र स्थानीय गरी सार्वजनिक परीक्षा जम्मा ३ तहमा सञ्चालन गरिने छ। राष्ट्रिय परीक्षा बोर्डले संघीय तहको परीक्षा कक्षा १२ को अन्त्यमा लिने छ, कक्षा १० को अन्त्यमा प्रान्तीय परीक्षा हुनेछ र कक्षा ८ को अन्त्यमा जिल्ला तहको परीक्षा सञ्चालन हुनेछ ।

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिको निरन्तरता सहित निर्णयात्मक तथा निर्माणात्क दुबै खालका परीक्षालाई सूचनाभन्दा सीपको विकास र परीक्षार्थी केन्द्रित बनाउनेमा जोड दिने छ । शिक्षकहरूलाई निर्णयात्मक तथा निर्माणात्मक परीक्षाका नतिजालाई आफ्ना शिक्षण विधि र सिकाइ उपलब्धिको सुधारका लागि कसरी प्रयोग गर्न सकिन्छ भन्ने बुझाउन विशेष जोड दिइने छ। यसका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा बीच बढी संश्लेषण र 'सिकाइको मूल्यांकनबाट सिकाइका लागि मूल्यांकन' तर्फको प्रस्थानको आवश्यकता पर्नेछ ।

## उद्देश्य, नीति निर्देश र रणनीतिहरू

विद्यालय क्षेत्र विकास योजनाका परीक्षा तथा प्रमाणीकरणका उद्देश्य देहाय अनुरूप छन्:

- प्रमाणीकरण तथा शैक्षिक योग्यताको विश्वसनीय परीक्षण प्रणालीको विकास गर्नु,
- मुलुकभरका प्रमाण पत्रलाई प्रमाणीकरण गरी मान्यता प्रदान गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाका परीक्षा तथा प्रमाणीकरणका रणनीतिहरू देहाय अनुरूप छन्:

(क) शैक्षिक योयताको प्रमाणीकरणका लागि राष्ट्रिय परीक्षा बोर्डलाई पूर्ण रूपले सक्रिय गर्ने ।
(ख) सबै शैक्षिक प्रमाणपत्रमा एकल विषय प्रमाणीकरण र अक्षरांकन पद्धतिको अवलम्बन गर्ने ।
(ग) पाठ्यक्रम, पाठ्यपुस्तक तथा परीक्षा बीच बढी संश्लेषण र 'सिकाइको मूल्यांकनबाट सिकाइका लागि मूल्यांकन' तर्फको संक्रमणको अनुगमन र औचित्य स्थापना गर्ने ।
(घ) निर्णयात्मक तथा निर्माणात्मक परीक्षाको सुदृढीकरणका साथै परीक्षा सुधार लागु गर्ने ।
(ङ) क्रमशः कक्षा ८, १० र १२ का अन्त्यमा जिल्लास्तरीय, प्रान्तीय र राष्ट्रिय तहका परीक्षा सञ्चालन गर्ने । सबै परीक्षाका प्रमाण पत्र राष्ट्रिय परीक्षा बोर्डले प्रदान गर्ने ।
(च) परीक्षा सञ्चालन गर्दा खास गरी प्रकोप प्रभावित क्षेत्रका विद्यार्थी तथा विद्यालयका आवश्यकताको सम्बोधन गर्ने विशेष रणनीति तयार गर्ने । (उदाहरणः कक्षा १० को परीक्षा दिन चुनौतीको सामना गर्नुपर्ने विद्यार्थीहरू)
(छ) अन्तर्राष्ट्रिय प्रचलन र नेपालको परिप्रेक्ष्य अनुसार परीक्षा सुधारको मार्गचित्र तयार पारी कार्यान्वयन गर्ने ।

## तालिका ७.६: परीक्षा तथा प्रमाणीकरण

### उपलब्धि, नतिजा तथा मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू |
|---|---|---|
| मूल्यांकन तथा परीक्षामा सुधार | कक्षा १० र १२ को परीक्षामा व्यापक सुधार हुने<br>प्रत्येक विषयको मुख्य पक्षको उपलब्धिका लागि न्यूनतम मापदण्ड स्थापित भएको हुने | • कक्षा १० र १२ को परीक्षामा एकल विषय प्रमाणीकरण नीति अवलम्बन गर्ने ।<br>• अपेक्षित उच्चकोटीको तथा प्रयोगमुखी सिकाइलाई सघाउ पुऱ्याउन कक्षा ८, १० र १२ का निमित्त मूल्यांकनको प्रारूपको विकास गर्ने ।<br>• कक्षा १० मा राष्ट्रिय विद्यार्थी उपलव्धी मूल्यांकनको कार्यान्वयन गर्ने ।<br>• कक्षा १० र १२ को परीक्षालाई स्तरीकृत गर्ने ।<br>• राष्ट्रिय परीक्षा बोर्डको संस्थागत संरचनालाई सुधार गर्ने ।<br>• स्तरीकृत प्रश्नहरूको प्रयोग गरी आवधिक तथा वार्षिक परीक्षाको गुणस्तरमा सुधार ल्याउने ।<br>• कमजोर विद्यार्थीको पहिचान गरी तिनीहरूका लागि पुनरावलोकन तथा उपचारात्मक शिक्षणको व्यवस्था गर्न विद्यालयमा आधारित मूल्यांकनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने ।<br>• जिल्लाको परीक्षालाई स्तरीकृत गर्ने गरी कक्षा ८ को परीक्षामा सुधार गर्ने र ज्ञान, सीप तथा अभिवृत्तिको मापन गर्न स्तरीकृत प्रश्न पत्रको प्रयोग गर्ने ।<br>• ज्ञान, सीप तथा अभिवृत्तिको मापन गर्न स्तरीकृत प्रश्न पत्रको प्रयोग गरी विद्यालयमा आधारित आवधिक परीक्षामा सुधार गर्ने । |

## ७.७ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग

सबै नागरिकमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु नेपालको शिक्षाको दीर्घकालीन उद्देश्य हो । यस लक्ष्यको प्राप्तिका लागि सबैका लागि गुणस्तरीय आधारभूत शिक्षा प्रत्याभूत गर्दै कामका अवसरको सिर्जना र बजारको अपेक्षा अनुरूप शिक्षाको विकासतर्फ नेपाल सरकार कार्यरत छ । सूचना तथा सञ्चार प्रविधिको भूमिका बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा शिक्षा मन्त्रालयले प्रविधिको ज्ञान तथा प्रयोगको जानकारी अनिवार्य रहेको महसुस गरेको छ । त्यस कारण शिक्षा मन्त्रालयले विद्यार्थीलाई सूचना तथा सञ्चार प्रविधिको ज्ञान र यसको उपयोगको सीप प्रदान गरी देहायका कार्य गर्ने लक्ष्य राखेको छः

- शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने,
- सिकाइ सामग्रीमा पहुँच बढाउने,
- शैक्षिक प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी तथा सक्षम बनाउने ।

शिक्षा मन्त्रालयले छनोट गरिएका केही विद्यालयहरूमा कम्प्युटर प्रयोगशाला र जिल्ला शिक्षा कार्यालय तथा विद्यालयहरूमा इन्टरनेट जडान गरी शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको थालनी गरिसकेको छ । हाल ७५ जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय तथा सबै केन्द्रीय निकायहरूले वेबसाइट स्थापना गरिसकेका छन् र शिक्षा विभागले कक्षा २ देखि ६ सम्मका लागि अंग्रेजी, गणित र विज्ञान विषयमा अन्तरक्रियात्मक सिकाइ सामग्री उत्पादन समेत गरिसकेको छ । तर विद्यालयहरूमा यसको प्रयोग धरैजसो प्रशासनिक प्रयोजनमा मात्र सीमित रहेको देखिएको छ, शिक्षण सिकाइमा यसको प्रभाव देख्न सकिएको छैन । यसले प्रयोगकर्तामा संस्थागत सीपको अभावको झल्को दिन्छ । सबैभन्दा महत्त्वपूर्ण विषय उपलब्ध प्रविधिको सही प्रयोग गर्ने अनुकूल वातावरण तथा सुविधा जस्तैः बिजुली, इन्टरनेट जडान आदिको उपलब्धता आदि हुन् । यसका लागि संस्थागत क्षमता तथा दक्षताको आवश्यकता उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

## उद्देश्य र रणनीति

विद्यालय क्षेत्र विकास योजनाका सूचना तथा सञ्चार प्रविधिका उद्देश्य देहाय अनुसार छन्:

- सूचना तथा सञ्चार प्रविधिका लागि अनुकूल वातावरण सिर्जना गर्दै (व्यवस्थापक तथा प्रयोगकर्ताका संस्थागत तथा पेसागत क्षमताको विकास लगायत) आवश्यकता अनुसार शिक्षण क्रियाकलापमा सुधार गर्नु,
- प्रविधिलाई पाठ्यक्रममा समायोजन गर्न सिकाइ सामग्रीको विकास, पेसागत क्षमता विकासका लागि सहयोगी सामग्रीको विकास सुनिश्चित गर्नु,
- समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट प्रभावकारिता तथा तथा दक्षताको अभिवृद्धि गर्नु ।

सूचना तथा सञ्चार प्रविधिको ज्ञान र प्रयोगको सुधारका रणनीति देहाय अनुसार छन्:

(क) आवश्यक पूर्वाधार तयार गरी सूचना तथा सञ्चार प्रविधिलाई माध्यमिक तहका शिक्षाको निम्ति अनुकूल सिकाइ वातावरण विकास गर्ने,
(ख) नमुना विद्यालयहरूमा सुधारिएको शिक्षण सिकाइ प्रक्रिया सहित सूचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्र स्थापना गर्ने,
(ग) पेसागत क्षमता विकासका प्याकेज तथा निर्देशिका निर्माण गरी माध्यमिक शिक्षा पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधिको समायोजन गर्ने,
(घ) दृश्य तथा श्रवण सुस्तता भएका बालबालिकाको आवश्यकता अनुकूल शिक्षण सिकाइ सामग्री विकास गर्ने,
(ङ) पोर्टल, वेबसाइट तथा विद्युतीय पुस्तकालय विकास गर्ने,
(च) शिक्षकहरूलाई शिक्षण सिकाइका क्रममा सूचना तथा सञ्चार माध्यमको प्रयोगको लागि प्रशिक्षित गर्ने,
(छ) विज्ञान, गणित र अंग्रेजी विषयमा अनलाइन तथा अफलाइन तालिम कोर्स र सामग्री विकास गर्ने,
(ज) प्रारम्भमा विज्ञान, गणित र अंग्रेजी विषयका शिक्षण सिकाइ सामग्री विकास गर्ने,
(झ) शिक्षक तथा विद्यार्थीका लागि विषयगत रूपमा विद्युतीय स्रोतको विकास र तिनको भण्डारणको व्यवस्था गर्ने,
(ञ) शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुदृढ गराएर, सुधारका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाएर, शिक्षा मन्त्रालयमा एकीकृत सफ्टवेयर स्थापना गरेर, कम्प्युटराइज्ड लेखा प्रणाली विकसित गरी विद्यालय प्रशासन तथा व्यवस्थापन सुदृढ गर्ने।

## उपलब्धि, नतिजा र मुख्य कार्यक्रमहरू

### तालिका ७.७ विद्यालय क्षेत्र विकास योजनाको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी उपलब्धि, नतिजा र मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू |
|---|---|---|
| शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयुक्त प्रयोग | सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारलाई सुदृढ गरिएको | • अन्तरक्रियात्मक विधिद्वारा सिकाइको प्रवर्धनका लागि सूचना तथा सञ्चार प्रविधि जन्य सामग्रीहरूको वितरण गर्ने ।<br>• नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि सिकाइ केन्द्रहरूको स्थापना गर्ने ।<br>• सुरुमा विज्ञान, गणित तथा अंग्रेजी विषयमा विद्युतीय सामग्रीको निर्माण गर्ने ।<br>• सूचना तथा सञ्चार प्रविधिका पूर्वाधार तथा शिक्षण सिकाइ सामग्री प्रदान गर्ने ।<br>• मन्त्रालय पद्धति भित्र एकीकृत लेखापालन सफ्टवेयर (CGAS) को कार्यान्वयन गर्ने ।<br>• समता सूचाकांक, विद्यालयको प्रोफाइल तथा विद्यार्थी परिचय पत्र सहितको विद्यालयमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली लागु गर्ने । |
| | सूचना तथा सञ्चार प्रविधिले युक्त विज्ञान, गणित तथा अंग्रेजीको शिक्षण प्रयोगमा आएको | |
| | सूचना तथा सञ्चार प्रविधिको अभिवृद्धि गरिएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण भएको | |

## ७.८ विद्यालयमा स्वास्थ्य तथा पोषण

नेपालमा खाद्य सुरक्षाको स्थिति कमजोर रहेका क्षेत्रमा पोषण चुनौतीको रूपमा रहेको छ, जसका कारण विद्यार्थी उपस्थिति दरमा नकारात्मक प्रभाव देखिने गरेको छ । कतिपय बालबालिकाहरू भोकै विद्यालय आउन बाध्य छन् । यसले पढाइप्रति एकाग्रता नरहने भएकाले सिकाइ उपलब्धिको स्तर पनि कमजोर हुने गर्दछ। कतिपय खाद्य अभाव भएका क्षेत्रमा बालबालिका कुपोषणले ग्रसित हुने हुँदा जीवनपर्यन्त सिकाइमा अवरोधको सामना गर्नुपर्ने हुन्छ । यसैकारण विद्यालय क्षेत्र सुधार कार्यक्रम अवधिमा विद्यालय स्वास्थ्य तथा पोषणका रणनीति विकास गरी कार्यान्वयन गरिएको थियो (MoE, 2016) । यस अन्तर्गत खाने पानी, स्वास्थ्य तथा सरसफाइ आदिमा ध्यान दिई स्वास्थ्य तथा पोषणका सुधारमा जोड दिइएको थियो । यस रणनीतिले बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक तथा शैक्षिक अवस्थामा सुधार ल्याउने उद्देश्य राखेको थियो । विद्यालयका बालबालिकालाई स्वास्थ्य तथा पोषण सुविधा उपलब्ध गराउन विभिन्न प्रकारका र धेरै क्षेत्रसँग सहकार्य गर्नुका साथै साझेदार निकायहरूबाट प्राविधिक तथा आर्थिक सहयोग आवश्यक हुन्छ । यसका लागि स्थानीय समुदाय, समुदायमा आधारित संघ संस्था तथा स्थानीय निकायहरूको सहयोग अपरिहार्य रहन्छ ।

उपयुक्त तथा गुणस्तरीय यौन शिक्षा प्रदान गर्नमा सुप्रशिक्षित, पेसागत सहयोग प्राप्त तथा प्रेरणायुक्त शिक्षकको भूमिका महत्त्वपूर्ण रहने गर्दछ । यसका लागि शिक्षा क्षेत्र तथा विद्यालयका सुस्पष्ट नीति तथा पाठ्यक्रमको आवश्यकता पर्दछ । अतः यौन शिक्षा प्रदान गर्ने शिक्षकलाई यस विषयमा पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम मार्फत पेसागत सहयोग उपलब्ध गराउन सकिन्छ ।

अधिकांश विद्यालयहरूमा खानेपानी, सरसफाइका सुविधा तथा फोहोर व्यवस्थापनको समस्या रहने भएकाले विद्यार्थीहरूमा धेरै प्रकारका सरूवा रोगका प्रकोप आउने गर्दछ । स्वस्थकर बानीको अभावले विभिन्न रोग लाग्ने सम्भावना बढाउँछ । अझ छात्राहरूको महिनावारीका सम्बन्धमा स्वास्थ्य व्यवस्थापन कमजोर रहेका कारण तिनको विद्यालय उपस्थितिमा नकारात्मक प्रभाव पर्ने गरेको छ। अपांगता भएका बालबालिकाका लागि अनुकूल विद्यालय वातावरणको अभावले त्यस्ता बालबालिकालाई विद्यालयमा भर्ना हुन र पढाइलाई निरन्तरता दिन कठिनाइ पर्ने गरेको छ । पानी, सरसफाइ र स्वास्थ्य शिक्षा कार्यक्रमले सुरक्षित खाने पानी, सुधारिएको सरसफाइ कार्यक्रम र स्वस्थ्यकर बानीको विकासमा जोड दिन्छ। पानी, सरसफाइ र स्वास्थ्य शिक्षा कार्यक्रमले विद्यार्थीका स्वास्थ्यमा सुधार, सिकाइमा अभिवृद्धि, लैंगिक समानताको निर्वाह तथा किशोरीहरूले विद्यालय छोड्ने दर कम गराउनुका साथै विद्यार्थीलाई आफ्ना भाइबहिनी, परिवार तथा समुदायकै लागि परिवर्तनको संवाहकको भूमिका निवाह गर्ने हुनाले विद्यालयमा प्रयोगमैत्री पानी तथा सरसफाइ व्यवस्था एवम् सुरक्षित, स्वस्थकर तथा सुविधायुक्त सिकाइ वातावरण सुनिश्चित गर्नु आवश्यक छ । यसका लागि सरकारले ठूलो लगानी गरेको छ र झन्डै ८० प्रतिशत आधारभूत विद्यालयमा पानी र सरसफाइको व्यवस्था गरेको छ । तथापि अझै २०.३ प्रतिशत विद्यालयमा पानीको उचित प्रबन्ध गर्न सकिएको छैन र १८.७ प्रतिशत विद्यालयमा अझै पनि शौचालय छैनन् ।

## उद्देश्य तथा रणनीति

विद्यालय क्षेत्र विकास योजनाको स्वास्थ्य तथा पोषण शिक्षाका उद्देश्य देहाय अनुसार छन्:

- जुका नियन्त्रण, सूक्ष्मपोषक तत्त्वको पूरण, औलोको उपचार तथा दृष्टि एवम् श्रवणको जाँच लगायत विद्यालयका स्वास्थ्य एवम् पोषण सेवा वृद्धि गर्नु,
- सबै विद्यालयमा सबै बालबालिका, केटा, केटी र अपांगता भएका विद्यार्थी एवम् शिक्षकका लागि खाने पानी तथा सरसफाइको व्यवस्था सुनिश्चित गर्नु,
- बालिकाहरूको गोपनीयता तथा महिनावारी सम्बन्धी स्वास्थ्यको आवश्यकता पूरा गरी तिनको विद्यालय सहभागिता तथा सिकाइ उपलब्धि बढाउनु, विद्यालय छाड्ने दर कम गराउनु,

- एचआईभी/एड्स निवारण लगायत सीपमा आधारित स्वस्थकर व्यवहारको उत्थान गर्नु, स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत विद्यार्थीमा स्वस्थकर व्यवहारको विकास गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाका स्वास्थ्य तथा पोषण कार्यक्रमका रणनीति देहाय अनुसार छन्:

(क) खाद्य अभाव भएका क्षेत्रका विद्यालयमा भर्ना भएका बालबालिकालाई दिवा खाजा उपलब्ध गराउने,

(ख) खाद्य आभाव भएका क्षेत्रका विद्यालयहरूलाई लक्षित गर्न र यस्ता कार्यक्रममा आपत्कालीन प्रतिकार्यको भूमिका निर्धारण गर्न राष्ट्रिय सुरक्षा सञ्जालमा विद्यालय पोषण कार्यक्रमलाई समावेश गराउने,

(ग) स्थानीय अर्थतन्त्र तथा सामाजिक समानताको प्रवर्धनका लागि यस्ता कार्यक्रममा स्थानीय उत्पादनको प्रयोग बढाउन विद्यालय पोषण कार्यक्रममा किसानहरूसँग सहकार्य गर्ने,

(घ) किशोरीहरूमा मातृ शिशु पोषणको सीपको विकास गराउन जीवनोपयोगी सीप र पोषण शिक्षालाई समायोजन गरिने,

(ङ) शिक्षकहरूलाई पूर्वसेवाकालीन तथा सेवाकालीन तालिम प्रदान गर्दा यौन शिक्षाका विषयहरू पनि समावेश गर्ने,

(च) किशोरीहरूमा कुपोषण घटाउने विषयको ज्ञान बढाउने,

(छ) सुधारिएका मातृ शिशु स्याहारबारे बाबुआमालाई शिक्षा दिन अद्यावधिक स्रोत सामग्रीको विकास गराउने,

(ज) अभिभावकलाई मातृ शिशु स्याहारबारे ज्ञान वृद्धिका कार्यक्रम सञ्चालन गर्ने,

(झ) किशोरीहरूलाई पोषण सहयोग उपलब्ध गराउने (आइरन चक्की, फोलिक एसिड तथा जुकाको औषधी),

(ञ) विद्यालय बाहिर रहेका बालबालिका लक्षित अनौपचारिक शिक्षा कार्यक्रमलाई औपचारिक विद्यालयका पाठ्यक्रमसँग आबद्ध गराउने र विद्यालय बाहिरका युवा विद्यार्थीले समेत सामाजिक तथा आर्थिक सीपको प्याकेजबाट फाइदा उठाउन सकून् भन्नका लागि यौन शिक्षा कार्यक्रमको परिमार्जन गर्ने,

(ट) पाठ्यक्रमको पुनरावलोकन गर्दा यौन शिक्षाका पाठ कक्षा एवम् उमेर र संस्कृति सापेक्ष सूचना समावेश गराउने,

(ठ) विद्यालयका भौतिक सुविधाहरू लैंगिकता तथा अपांगता भएका बालबालिकाका लागि समेत उपयुक्त हुने गरी विद्यालयमा पानी तथा सरसफाइ सम्बन्धी व्यवहार तथा पूर्वाधारको सुधार गरेर स्वास्थ्य तथा पोषणका नतिजा वृद्धि गर्ने,

(ड) सरोकारवाला निकायहरू बीच सहकार्यात्मक सेवालाई प्रोत्साहन दिएर जुका नियन्त्रण तथा दृष्टि परीक्षणजस्ता कार्यक्रम सञ्चालन गरी सजिलै हटाउन सकिने रोगको निराकरण गरी कक्षामा विद्यार्थीको उपस्थिति दर बढाउने,

(ढ) सबै विद्यालयहरूमा पानी तथा सरसफाइ विषयका सम्पर्क बिन्दु र किशोरी बालिकाहरूको महिनावारी सम्बन्धी स्वास्थ्य व्यवस्थापन हेर्न महिला सम्पर्क बिन्दु मनोनयन गरी विद्यालयमा पानी तथा सरसफाइ योजना निर्माण, स्रोत परिचालन, तथा पानी तथा सरसफाइ गतिविधिको अनुगमन तथा निरीक्षण गराइने,

(ण) विद्यालयहरूमा पानी तथा सरसफाइ समन्वय समिति गठन गरी सोको निर्देशनमा बाल क्लबको परिचालन गरी विद्यालयमा पानी तथा सरसफाइ कार्यान्वयनको अनुगमन गराइने,

(त) जिल्ला शिक्षा कार्यालय, विकास साझेदार र अन्तर्राष्ट्रिय/स्थानीय गैरसरकारी संस्थाबीचको साझेदारी मार्फत् विद्यालयहरूमा पानी तथा सरसफाइको प्रवर्धन गर्ने,

(थ) जिल्ला, गाउँ तथा नगरपालिका तहका पानी तथा सरसफाइ समन्वय समितिका योजना कार्यढाँचासँग विद्यालयको पानी तथा सरसफाइका प्रयत्नहरूलाई आबद्ध गराउने,

(द) पानी तथा सरसफाइ सुविधाका लागि प्रयोग मैत्री निर्देशिका विकास र प्रबोधीकरण गरी विद्यालयमा पानी तथा सरसफाइ सुविधाको गुणस्तर र दिगोपना सुनिश्चित गर्ने,

(ध) जीवनोपयोगी सीपमा आधारित शिक्षाका माध्यमबाट विद्यार्थी तथा शिक्षकमा पानी तथा सरसफाइ सम्बन्धी विषयको ज्ञान, अभिवृत्ति, सीप र व्यवहारमा वृद्धि गराउने ।

## तालिका ७.८: विद्यालय क्षेत्र विकास योजनकामा स्वास्थ्य तथा पोषण उपलब्धि, नतिजा तथा मुख्य कार्यक्रमहरू

| उपलब्धि | नतिजा | मुख्य कार्यक्रमहरू |
|---|---|---|
| विद्यालय उमेरका बालबालिकाको स्वास्थ्य तथा पोषणको स्थितिमा सुधार भएको | खाद्य अभाव भएका स्थानमा नै विद्यालयका लागि व्यवस्था गरिने पोषण तथा खाद्यका कार्यक्रमहरू सञ्चालन गरिएको हुने । | • भोक मेटाउनका लागि विद्यार्थीहरूलाई दिवा खाजा प्रदान गर्ने तथा ताजा र स्थानीय रूपमा उत्पादित खानाहरूका साथै विभिन्न तत्वहरूको समीश्रण गरी खानामा विविधता ल्याई पौष्टिक तत्त्वको कमीलाई सम्बोधन गर्ने ।<br>• कार्यक्रमलाई सघाउ पुऱ्याउन तथा सुपरिवेक्षण गर्न विद्यालय व्यवस्थापन समिति अन्तर्गत खाद्य व्यवस्थापन समितिहरूको गठन गर्ने ।<br>• खुला दिशामुक्त कार्यक्रमसँग समन्वय गर्दै स्वास्थ्य सम्बन्धी उपलब्धिमा सुधार गर्ने ।<br>• स्वास्थ्य सम्बन्धी उपलब्धिमा सुधार ल्याउन पानी, सरसफाइ तथा स्वास्थ्य सम्बन्धी पूर्वाधार (शौचालय, धारा तथा पानी) को निर्माण गर्ने ।<br>• पोषण तथा यसले प्रभाव पार्ने व्यवहारका सम्बन्धमा ज्ञानको अभिवृद्धि गर्न पोषण संवेदनशील साक्षरताका सामग्रीहरूको उत्पादन तथा वितरण गर्ने । |

भाग २

# ८. कार्यक्रम विवरण

## ८.१ आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा तथा अनौपचारिक शिक्षा सहित)

### कार्यक्रम विवरण

आधारभूत शिक्षामा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा र अनौपचारिक/वैकल्पिक शिक्षा समेत समेटिएको छ। विद्यालय प्रवेशको तयारीका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा र विद्यालय बाहिर रहेका विद्यालय जाने उमेर समूहका बालबालिकालाई औपचारिक आधारभूत शिक्षामा पुनः फर्काउन अनौपचारिक/वैकल्पिक शिक्षाको व्यवस्था गरिएको छ।

**प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा** – शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न विभिन्न पृष्ठभूमिका बालबालिकाको सिकाइ आवश्यकता अनुसार अनुकूल सिकाइ वातावरणका लागि न्यूनतम पूर्वाधार सुनिश्चित गरेर विभिन्न मोडेलका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सेवाको विस्तार गरिने छ। नयाँ स्थापना भएका तथा साबिकदेखि सञ्चालनमा रहेका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमले प्रदान गर्ने सेवाको स्तर सुधारका दृष्टिले तिनको मानकीकरण र अनुगमन तथा प्राविधिक सहायता उपलब्ध गराइने छ। समुदाय तहका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका महत्त्वपूर्ण रहने छ। सेवाको पहुँच कम भएका क्षेहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रम सञ्चालनका लागि गैरसरकारी तथा निजी सेवा प्रदायकहरूलाई परिचालन गरिने छ र विद्यालय व्यवस्थापन समितिहरूलाई सञ्चालन र आवश्यक स्रोत परिचालन गर्ने जिम्मेवारी प्रदान गरिने छ। शिक्षा मन्त्रालयले प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहजकर्ताका लागि गुणस्तरका न्यूनतम मापदण्ड निर्धारण गरेर यस तहको सिकाइ उपलब्धिको सुधारका प्रयत्न अगाडि बढाउने छ। यसका लागि कार्यरत सहजकर्ताको क्षमता विकास योजना तर्जुमा गरी तिनका सेवाको प्रमाणीकरण गर्नका साथै कार्य सम्पादन प्रोत्साहनका प्याकेज अगाडि ल्याइने छ।

विद्यालय क्षेत्र विकास योजनाले अवलम्बन गरेका गुणस्तर सुधारका मुख्य रणनीतिमध्ये सबै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका सेवाहरूलाई आधारभूत विद्यालय संरचनाको अंगका रूपमा स्थापित तथा सञ्चालित गर्नु एक हो। यसका साथै योजना कार्यान्वयनको पहिलो वर्षभित्र घरमा आधारित, समुदायमा आधारित, संस्थागत विद्यालयमा आधारित तथा सामुदायिक विद्यालयमा आधारित सबै प्रकारका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरूको गुणस्तर सुनिश्चित गर्न गुणस्तरका मापदण्ड, सञ्चालन कार्यढाँचा र निर्देशिका तयार पारी कार्यान्वयन गरिने छ।

सहजकर्ताको न्यूनतम योग्यता तथा पारिश्रमिक वृद्धि गुणस्तर अभिवृद्धिको अर्को प्रमुख प्रयत्न हो। अबदेखि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका सहजकर्ताको न्यूनतम योग्यता कक्षा १० उत्तीर्ण र पारिश्रमिक समान योग्यताका अन्य सरकारी कर्मचारीले पाए सरह हुने छ। विद्यालय क्षेत्र विकास योजनाको ७ वर्षे अवधिभित्र कक्षा १० उत्तीर्ण नगरेका सहजकर्तालाई उपयुक्त समयभित्र निर्धारित योग्यता हासिल गर्न प्रोत्साहित गरिने छ। यसै गरी सबै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहजकर्ताका लागि एक महिने सघन र पुनर्ताजगी तालिम प्रदान गरिने छ। १६ दिने तालिम मात्र पाएका सबै कार्यरत सहजकर्तालाई थप दुई हप्ताको तालिम दिएर एक महिना पुऱ्याइने छ।

विद्यालय क्षेत्र विकास योजनाले अभिभावक तथा समुदायलाई शैक्षिक कार्यक्रमहरूमा सक्रिय सहभागी बनाउन राखेका अभिभावक शिक्षाका प्रावधानले विद्यालय जाने उमेरका आफ्ना बालबालिकालाई आधारभूत शिक्षामा भर्ना गर्न अभिभावकहरू अभिप्रेरित हुने छन् । जिल्लाहरूमा थुप्रै अभिभावक शिक्षा तथा स्थानीय निकायका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ । संघीयताको परिप्रेक्ष्यमा स्थानीय निकाय नै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सञ्चालनको प्रमुख जिम्मेवार हुने भएकाले आफ्ना जिम्मेवारी सही र प्रभावकारी ढंगबाट निर्वाह गर्न सकून् भन्नाका लागि अभिमुखीकरणको आवश्यकता महसुस भएको हो ।

**आधारभूत शिक्षा** – आधारभूत शिक्षामा लिंग, गरिबी, अपांगता, सीमान्तकृत समुदाय तथा दुर्गम स्थानको बसोबास लगायतका कारणले पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा देखिएको असमानता न्यूनीकरण गर्न समताको सबल रणनीति (DoE, 2014) कार्यान्वयन गरिने छ । यस रणनीतिको कार्यान्वयन दुई खालको पद्धतिबाट गरिने छ - (१) असमानतामा आधारित संयुक्त सूचकांकका आधारमा सबै तहका असमानताहरू पत्ता लगाइने छ (२) प्राप्त नतिजा अनुसार सञ्चालनरत कार्यक्रम तथा रणनीतिको औचित्य स्थापित गराउने वा आवश्यकता अनुरूप कार्यक्रमका नतिजाको थप विश्लेषण र कार्यान्वयनका लागि नयाँ रणनीति लक्षित गरिने छन् । यस्ता लक्षित रणनीतिको नतिजाको निरन्तर अनुगमन र विश्लेषणका आधारमा भावी कार्यान्वयनलाई मार्गनिर्देश गरिने छ । यसैगरी लिंग, जात तथा सांस्कृतिक भिन्नताका आधारमा पहुँच, छात्रवृत्ति वितरण र प्रारम्भिक कक्षामा मातृभाषामा शिक्षाका अवसर जस्ता असमानता निराकरण गर्न नीति निर्देशहरूको पुनरावलोकन गरिने छ। अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको सुनिश्चितता आधारभूत शिक्षाको प्राथमिकतामा पर्दछन् । यसका लागि पहुँच वृद्धितर्फ लक्षित सहयोग प्रणालीको सुदृढीकरण गरिने छ । योजनाको प्रथम पाँच वर्षभित्र विभिन्न प्रकारका अपांगताको सम्बोधनका लागि तयार पारिएको मार्गदर्शनको पुनरावलोकन तथा अद्यावधिकीकरण गरिने छ ।

गुणस्तर सुधारका सम्बन्धमा विद्यार्थीका लागि न्यूनतम गुणस्तरको सिकाइ वातावरण सुनिश्चित गर्न विभिन्न खालका रणनीतिहरू अवलम्बन गरिने छन् । विद्यालयहरूले न्यूनतम गुणस्तरका मानक तथा सिकाइ उपलब्धि पूरा गरे नगरेको निरन्तर अनुगमन गरिने छ । सामुदायिक तथा संस्थागत विद्यालयहरूमा पूर्वाधार, समावेशिता, शिक्षक तथा शैक्षिक स्रोत जस्ता अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधार पूरा गर्न प्रोत्साहन गरिने छ र शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधारका सूचक अनुरूप तिनको अनुगमन गरिने छ । यसका अतिरिक्त कक्षा १-३ का विद्यार्थीका पढाइ तथा गणितका सीपको जग बलियो गराएर विद्यालय शिक्षाको चक्रभर सिकाइ उपलब्धि बढाउने उद्देश्यले प्रारम्भिक कक्षामा पढाइ कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय मूल्यांकन (NASA) लगायत अन्य परीक्षण प्रणालीको सुदृढीकरण गुणस्तर सुधारको अर्को महत्त्वपूर्ण तत्त्व हो । यसबाट शिक्षकहरूलाई कक्षा ३ र ५ का सिकाइको मूल्यांकन गर्नमा सहयोग पुग्ने छ ।

## क्रियाकलाप, कोसेढुंगा र लागत

विद्यालय क्षेत्र विकास योजनाको प्रथम पाँच वर्षको वार्षिक लक्ष्यअनुसार (तालिका ८.१) जम्मा ३,७८२.०८ मिलियन अमेरिकी डलर आधारभूत तहको कार्यक्रमका लागि खर्च हुने आँकलन गरिएको छ (तालिका ८.२) ।

## तालिका ८.१ विद्यालय क्षेत्र विकास योजनाका लागि आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहित) को वर्षगत लक्ष्य

| कार्यक्रमका क्रियाकलाप | एकाइ | २०१६/१७<br>२०७३/७४ | २०१७/१८<br>२०७४/७५ | २०१८/१९<br>२०७५/७६ | २०१९/२०<br>२०७६/७७ | २०२०/२१<br>२०७७/७८ |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका क्रियाकलापहरू | | | | | | |
| नर्म्स तथा निर्देशिकाको परिमार्जन तथा अद्यावधिक गर्ने | संख्या | १ | | | | |
| कार्यान्वयनको खाका तयार गर्ने (घर, समुदाय, संस्थागत तथा सामुदायिक विद्यालयमा आधारित) | संख्या | १ | | | | |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि सिकाइ सामग्रीहरू विकास तथा तयारी गर्ने | संख्या | १ | | | | |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/ पूर्व प्राथमिक शिक्षा कार्यक्रमका लागि नयाँ सिकाइ सामग्रीको छपाइ तथा वितरण गर्ने | विद्यार्थी | ६,६७,३४१ | ६,७२,१५९ | ६,७६,०८६ | ६,७९,१२१ | ६,७८,८६० |
| शैक्षिक तालिम केन्द्रद्वारा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका सहजकर्ता/शिक्षकहरूका लागि एक महिने सघन तालिम प्रदान गर्ने | शिक्षक | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका सहजकर्ता / शिक्षकहरू का लागि १६ दिने पुनर्ताजगी तालिम प्रदान गर्ने | शिक्षक | ३,००० | ३,००० | ३,००० | ३,००० | ३,००० |
| पुनर्ताजगी तालिम | शिक्षक | ४,५६७ | ४,५६७ | ४,५६७ | ४,५६७ | ४,५६७ |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमका सहजकर्ता / शिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण | प्रशिक्षक | २०० | २०० | २०० | २०० | २०० |
| कक्षा ९ र १० का लागि ऐच्छिक विषयका रूपमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कार्यक्रमको कोर्स (पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको विकास गर्ने | संख्या | १ | १ | | | |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सामग्री तथा बुक कर्नरका लागि खर्च | केन्द्र | ३०,४४८ | ३०,४४८ | ३०,४४८ | ३०,४४८ | ३०,४४८ |
| अभिभावक शिक्षाको सुदृढीकरण | **कार्यक्रम** | ३,००० | ३,००० | ३,००० | ३,००० | ३,००० |
| नयाँ केन्द्रको स्थापना | | ० | ० | ० | १,५०० | १,५०० |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सञ्जाल तथा अन्य बैठकहरूको सञ्चालन | **संख्या** | ४८० | ४८० | ४८० | ४८० | ४८० |
| स्थानीय निकायका लागि अभिमुखीकरण कार्यक्रम | **संख्या** | २०० | २०० | | | |
| आधारभूत शिक्षाको कार्यक्रमका क्रियाकलापमा समता तथा पहुँचको सुदृढीकरण | | | | | | |
| समता सूचकांक सहितको सुदृढ समता रणनीति लागु गर्न कार्यक्रम प्याकेज विकास तथा अद्यावधिक गर्ने | संख्या | १ | १ | १ | १ | १ |
| एकीकृत विद्यालय शिक्षा (अपांगता भएका बालबालिकाका लागि साधारण विद्यालयमा सुविधा सहितको स्रोत कक्षा) | स्रोत केन्द्र | ३६५ | ३६५ | ३६५ | ३६५ | ३६५ |

| कार्यक्रमका क्रियाकलाप | एकाइ | २०१६/१७ २०७३/७४ | २०१७/१८ २०७४/७५ | २०१८/१९ २०७५/७६ | २०१९/२० २०७६/७७ | २०२०/२१ २०७७/७८ |
|---|---|---|---|---|---|---|
| सहभागी साझेदारहरूका लागि सञ्चालन अनुदान सहित सुस्त श्रवण भएका बालबालिकाका लागि विद्यालय | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| सीमान्तकृत वर्गको शिक्षामा संलग्नता बढाउनका लागि लक्षित कार्यक्रमहरू (राउटे, बादी, मुसहर, चेपाङ तथा अन्य) | विद्यार्थी | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| **छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम** | | | | | | |
| तोकिएका जिल्लाहरूमा दिवा खाजाको व्यवस्था | विद्यार्थी | ३,४०,००० | ३,४५,००० | ३,५०,००० | ३,५५,००० | ३,६०,००० |
| आधारभूत तथा माध्यमिक छात्रवृत्तिको पुनरावलोकन | संख्या | १ | | | | |
| छात्राहरूका लागि छात्रवृत्ति | विद्यार्थी | २७,५०,९३० | २७,८३,४०७ | २८,१३,५९९ | २८,२०,६८१ | २८,३२,५८९ |
| दलितका लागि छात्रवृत्ति | विद्यार्थी | ६,००,००० | ९,५०,६१४ | ९,६१,२७० | ९,६३,७७० | ९,६७,९७२ |
| जनजाति विद्यार्थीका लागि छात्रवृत्ति | विद्यार्थी | १,२८,३५१ | १,२९,९१७ | १,३१,३७४ | १,३१,७१५ | १,३२,२९० |
| अपांगता भएका विद्यार्थीका लागि छात्रवृत्ति | विद्यार्थी | ८०,८७१ | ८१,८५८ | ८२,७७६ | ८२,९९१ | ८३,३५३ |
| **निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाका लागि कार्यक्रम** | | | | | | |
| कक्षा १ लागि भर्ना अभियान | जिल्ला तथा क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| विद्यालय बाहिर रहेका बालबालिकाका लागि भर्ना अभियान | विद्यालय बाहिर रहेका बालबालिका | ६०,००० | १,००,००० | १,००,००० | १,००,००० | १,००,००० |
| विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान, योजना तथा अभिमुखीकरण । डाटा बेसको तयारी र तथ्यांक संकलन | जिल्ला | २३ | | | ८० | |
| लैंगिक शिक्षा सञ्जालको बैठक तथा सुदृढीकरणका लागि व्यवस्थापन खर्च | जिल्ला तथा क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| **परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई मूलधारमा ल्याउनका लीग कार्यक्रम** | | | | | | |
| १. परम्परागत तथा धार्मिक विद्यालयहरूको कक्षा १–५ का लागि लागि अनुदान | विद्यालय | ८४५ | ८४५ | ८४५ | ८४५ | ८४५ |
| २. परम्परागत तथा धार्मिक विद्यालयहरूको कक्षा १–८ का लागि अनुदान | विद्यालय | २९ | २९ | २९ | २९ | २९ |
| ३. परम्परागत तथा धार्मिक विद्यालयका आधारभूत तहका शिक्षकहरूका लागि तालिम | शिक्षक | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| दुर्गम क्षेत्रहरूमा घुम्ती विद्यालय | विद्यालय | १० | १० | १० | १० | १० |
| कक्षा १–३ मा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी पूरक सामग्री सहितको राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम | विद्यालय | २५,००० | २५,००० | २५,००० | २५,००० | २५,००० |
| प्रारम्भिक कक्षा पढाइ मूल्यांकन सम्बन्धी शिक्षण सिकाइ सामग्रीहरू छपाइ/खरिद | विद्यार्थी | १,००,००० | १,९०,००० | १,९०,००० | १,९०,००० | १,९०,००० |
| **अनुकूल वातावरणका लागि न्यूनतम आवश्यक पूर्वाधारहरू** | | | | | | |
| आवश्यकतामा आधारित कक्षाकोठा तथा सरसफाइका सुविधाहरूको निर्माण | संख्या | १ | २ | १० | ३० | ५० |
| भूकम्प प्रभावित जिल्लाहरूमा शौचालय र सरसफाइ सुविधा सहित कक्षाकोठाहरूको | कक्षाकोठा | ७,००० | ३,००० | ५,००० | ८,००० | १५,००० |

| कार्यक्रमका क्रियाकलाप | एकाइ | २०१६/१७ २०७३/७४ | २०१७/१८ २०७४/७५ | २०१८/१९ २०७५/७६ | २०१९/२० २०७६/७७ | २०२०/२१ २०७७/७८ |
|---|---|---|---|---|---|---|
| निर्माण तथा मर्मत | | | | | | |
| ४ वटा कक्षाकोठा सहितका विद्यालयको भूकम्प पश्चातको पुनर्निर्माण | भवन निर्माण | ७,००० | ७,००० | ७,००० | | |
| भूकम्प पश्चात् सामान्य मर्मत तथा प्रबलीकरण | कक्षाकोठा | ६,५०० | ६,५०० | ६,५०० | | |
| विद्यालयहरूको प्रबलीकरण | विद्यालय | १५० | १५० | १५० | १५० | १५० |
| **पाठ्यपुस्तक** | | | | | | |
| कक्षा १ | सेट | ८,४३,७८९ | ८,२६,३३० | ८,१४,३६७ | ८,०४,४१८ | ७,९५,७५२ |
| कक्षा २ | सेट | ७,७२,८३१ | ७,४२,६५७ | ७,३१,९९५ | ७,२७,५४५ | ७,२५,४३३ |
| कक्षा ३ | सेट | ६,९९,४०४ | ७,३४,१०६ | ७,०९,८७३ | ७,००,७२८ | ६,९८,२५८ |
| कक्षा ४ | सेट | ६,५९,५१२ | ६,७०,८७१ | ७,०५,८१२ | ६,८७,७९२ | ६,८१,३२६ |
| कक्षा ५ | सेट | ६,२२,७०७ | ६,२९,९६३ | ६,४१,३८२ | ६,७५,१७० | ६,६०,५५४ |
| कक्षा ६ | सेट | ६,०६,३७० | ५,९९,४१५ | ६,०६,८०२ | ६,१८,९९७ | ६,५२,७४० |
| कक्षा ७ | सेट | ५,२१,०१९ | ५,७८,७८९ | ५,७६,२३३ | ५,८५,१८८ | ५,९९,२३६ |
| कक्षा ८ | सेट | ४,९१,८७८ | ४,९९,०५८ | ५,५३,९२५ | ५,५४,४३९ | ५,६४,३२४ |
| **आधारभूत शिक्षाका कार्यक्रमहरूको गुणस्तरको सुदृढीकरण** | | | | | | |
| सक्षमतामा आधारित राष्ट्रिय योग्यता प्रारूप तर्जुमा गर्ने | संख्या | १ | | | | |
| प्रविधिमा आधारित पाठ्यक्रम सामग्री विकासका लागि उपकरण उपलब्ध गराउने | संख्या | १ | | | | |
| क्रियाकलापमा आधारित पाठ्यक्रम सामग्री विकासका लागि क्षमता विकास गर्ने | संख्या | १ | | | | |
| भाषा, सूचना तथा सञ्चार प्रविधि र उद्यमशील सीपका पाठ्यपुस्तकहरू तयार गर्ने | संख्या | | १ | | | |
| आधारभूत तथा माध्यमिक पाठ्यक्रम सामग्रीहरूलाई विद्युतीय बनाउने | संख्या | १ | १ | | | |
| अन्तरक्रियात्मक शैक्षणिक सामग्रीको विकास गर्ने | संख्या | १ | | | | |
| आधारभूत तह (कक्षा १–३) मा सिकाइ सामग्री (बुक कर्नर) को व्यवस्था | विद्यार्थी | १६,९८,२४३ | १७,०३,९२७ | १७,०३,४३० | १६,९५,६५२ | १६,६१,३२३ |
| आधारभूत तह (कक्षा ६–८) मा सिकाइ सामग्री (बुक कर्नर) को व्यवस्था | विद्यार्थी | १६,१९,२६७ | १६,७७,२६३ | १७,३६,९६० | १७,५८,६२ | १८,१६,३०१ |
| विद्यालयहरूमा अन्तरक्रियात्मक तथा क्रियाकलापमा आधारित शैक्षणिक प्रक्रियाको सुदृढीकरणका लागि अनुदान (सूचना तथा सञ्चार प्रबिधिको सहयोग) | विद्यालय | | | | ५,५०० | ५,५०० |
| अपांगता भएका बालबालिकाका लागि अन्तरक्रियात्मक शैक्षणिक सामग्रीको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १० |
| बहुकक्षा विद्यालय सञ्चालन खर्च | विद्यालय | २६ | २६ | २६ | २६ | २६ |
| विद्यमान बहुभाषिक विद्यालयहरूका लागि | विद्यालय | ७० | ७० | ७० | ७० | ७० |

| कार्यक्रमका क्रियाकलाप | एकाइ | २०१६/१७<br>२०७३/७४ | २०१७/१८<br>२०७४/७५ | २०१८/१९<br>२०७५/७६ | २०१९/२०<br>२०७६/७७ | २०२०/२१<br>२०७७/७८ |
|---|---|---|---|---|---|---|
| सामग्री सहयोग | | | | | | |
| नयाँ पहिचान गरिएका बहुकक्षा विद्यालयहरूलाई व्यवस्थापकीय सहयोग | विद्यालय | २५७ | २५७ | २५७ | २५७ | २५७ |
| स्रोतकेन्द्र तथा स्रोतव्यक्तिको भूमिकाको पुनरावलोकन गर्ने तथा परिवर्तनका लागि सहयोग गर्ने | संख्या | १ | | | | |
| निरन्तर मूल्यांकन पद्धति लागु गर्ने | विद्यार्थी | ८,४३,७८९ | ८,२६,३३० | ८,१४,३६७ | ८,०४,४१८ | ७,९५,७५२ |
| कक्षा ८ को परीक्षा | संख्या | ४,९१,८७८ | ४,९९,०५८ | ५,५३,९२५ | ५,५४,४३९ | ५,६४,३२५ |

## तालिका ८.२ आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा तथा अनौपचारिक शिक्षा समेत) कार्यक्रम तथा क्रियाकलापको लागत (अमेरिकी डलरमा)

| खर्चका प्रकार | क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | जम्मा ५ बर्षे | जम्मा ३ बर्षे |
|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन तथा प्रशासनिक खर्च | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सम्बन्धी बैठकहरू, सञ्जाल तथा समन्वय | ०.०७ | ०.०७ | ०.०८ | ०.०९ | ०.०९ | ०.४० | ०.२२ |
| | आधारभूत शिक्षा सम्बन्धमा बैठक, सञ्जाल तथा समन्वय | ०.०२ | ०.०२ | ०.०२ | ०.०२ | ०.०३ | ०.११ | ०.०६ |
| | सञ्चालन खर्च | ८.४५ | ९.१३ | ९.८४ | १०.६५ | ११.५१ | ४९.५८ | २७.४२ |
| कार्यक्रम खर्च | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सम्बन्धी पाठ्यपुस्तक र सिकाइ सामग्रीहरू विकास, उत्पादन तथा वितरण | २.३१ | ३.५९ | ३.७८ | ४.१९ | ५.४० | १९.३६ | ९.७७ |
| | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सम्बन्धी अन्य कार्यक्रम खर्च | ०.१६ | ०.१७ | ०.१७ | ०.३६ | ०.३९ | १.२५ | ०.५० |
| | नीति निर्देशिकाको पुनरावलोकन तथा विकास | ०.०२ | - | - | - | - | ०.०२ | ०.०२ |
| | कक्षाकोठा तथा पानी र सरसफाइका सुविधाहरूको निर्माण (शौचालय तथा भुकम्प पछिको पुनर्निर्माण समेत) | ०.०२ | ०.०५ | ०.२७ | ०.८६ | १.५५ | २.७५ | ०.३४ |
| | पाठ्यपुस्तक र सिकाइ सामग्रीहरूको विकास, उत्पादन तथा वितरण | १९.९० | ३७.७१ | ४४.६३ | ४८.४४ | ६०.०७ | २१०.७५ | १०२.२४ |
| | सूचना तथा सञ्चार प्रविधि | ०.१६ | ०.०६ | ०.१७ | ३३.२३ | ३६.० | ६९.६२ | ०.३९ |
| | प्रोत्साहन तथा सहयोग | ९.५१ | १४.५२ | १५.८९ | ३४.७८ | ३८.१० | ११२.८० | ३९.९२ |

| खर्चका प्रकार | क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | जम्मा ५ बर्षे | जम्मा ३ बर्षे |
|---|---|---|---|---|---|---|---|---|
| | अन्य कार्यक्रम खर्च | ६.०१ | २१.९७ | २३.७८ | २५.७५ | २७.७३ | १०५.२४ | ५१.७६ |
| | नीति निर्देशिकाको समीक्षा तथा विकास | ०.०७ | - | - | - | - | ०.०७ | ०.०७ |
| | छात्रवृत्तिहरू | १७.२३ | २४.४५ | २६.७० | २८.९१ | ३६.३० | १३३.५९ | ६८.३८ |
| | तालिम तथा क्षमता विकास | ०.०३ | ०.०३ | ०.०३ | ०.०४ | ०.०४ | ०.१७ | ०.०९ |
| तलब तथा पारिश्रमिक | प्रारम्भिक बाल शिक्षा तथा विकास / पूर्व प्राथमिक शिक्षा | २२.६२ | ३९.४९ | ४२.६५ | ४६.०६ | ७३.८५ | २२४.६७ | १०४.७६ |
| | आधारभूत तह (कक्षा १–५) | ३५०.५० | ३८५.८० | ४१६.७० | ४५०.०० | ४८६.०० | २,०८९,०० | ११५३.० |
| | आधारभूत तह (कक्षा ६–८) | ११६.०० | १४३.५० | १५५.०० | १६७.४० | १८०.८० | ७६२.७० | ४१४.५० |
| **जम्मा** | | **५५३.८०** | **६८०.५६** | **७३९.८०** | **८५०.७८** | **९५७.८६** | **३,७८२.८०** | **१,९७३.४४** |

## ८.२ प्राविधिक तथा व्यावसायिक सहित माध्यमिक शिक्षा

## कार्यक्रम विवरण

माध्यमिक शिक्षामा मुख्यतः १३ देखि १६ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई दिइने कक्षा ९ देखि १२ सम्मको शिक्षा पर्दछ । यस तहको शिक्षा निःशुल्क छ र यसमा साधारण र प्राविधिक तथा व्यावसायिक विषयहरू समेटिएका छन् । माध्यमिक शिक्षाले खास गरी लिंग, अपांगता, गरिबी, सीमान्तकृत समुदाय र दुर्गम क्षेत्रमा बसोबासका कारण शिक्षामा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा देखिएका असमानताको समाधानमा विशेष जोड दिन्छ । विद्यालयहरूलाई साधारण, नमुना/अगुवा तथा विशेष विद्यालयका साथै सेवा प्रदान गर्ने भौगोलिक क्षेत्रफल र जनसंख्याको आयतन, पढाइने विषय, पूर्वाधार र समावेशी ढाँचाका आधारमा वर्गीकरण गरिएको छ । विद्यालयहरूका लागि आधारभूत, विशेष आवश्यकता र ठूला/नमुना लगायत विभिन्न प्रकारका अनुदानका प्रावधान राखिएका छन् । लक्षित जनजाति समूह तथा सुविधाबाट वञ्चित समूहका विद्यार्थीको गुणस्तरीय माध्यमिक शिक्षामा सहभागिता बढाउन र पढाइचक्र पूरा गराउन छात्रवृत्ति लगायत थप प्रावधानहरू पनि राखिने छन् । विद्यार्थीहरूका लागि सुरक्षित तथा समावेशी सिकाइ वातावरण सुनिश्चित गर्न शिक्षा क्षेत्रले अनुकूल सिकाइ वातावरणका लागि आवश्यक पूर्वाधार निर्धारण गरेको छ । यी पूर्वाधार सबै विद्यालयले अनिवार्य रूपले पूरा गर्नुपर्ने छ । यसका लागि शिक्षा मन्त्रालयले विद्यालयहरूलाई सहयोग गर्ने छ र सम्भव भएका स्थानमा यसका लागि निजी क्षेत्रसँग साझेदारी पनि गर्ने छ ।

विद्यालय क्षेत्र विकास योजना कार्यक्रम अवधि भित्र प्रभावकारी शिक्षण सिकाइका अभ्यासको प्रवर्धन गरी सिकाइ उपलब्धि वृद्धि सुनिश्चित गर्न सबै माध्यमिक विद्यालयहरूमा (कक्षा १-१० वा १-१२) अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार पूरा गर्न सहजीकरण गरिने छ । यसका लागि शिक्षा मन्त्रालयले हालसम्म उपलब्ध गराउँदै आएका सहयोगका अतिरिक्त चरणबद्ध रूपमा सबै माध्यमिक विद्यालयहरूमा योग्यता पुगेका, दक्ष एवम् तालिम प्राप्त विषय शिक्षकहरूको पूर्ण व्यवस्था तथा छुट्टै प्रधानाध्यापक पद सुनिश्चित गर्ने छ । खोजपूर्ण शैक्षणिक क्रियाकलाप तथा समतामूलक

एवम् प्रभावकारी सिकाइका लागि थप र लक्षित सहयोगबाट सबै विद्यालयमा अनुकूल सिकाइ वातावरण सुनिश्चित हुने छन् र अन्ततोगत्वा सबै माध्यमिक विद्यालयहरू क्रमशः सक्षम तथा स्वायत्त (नमुना) हुँदै जाने अपेक्षा गरिएको छ । विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन अवधिभित्र हाल सञ्चालनमा रहेका लगभग १,००० माध्यमिक विद्यालय (कक्षा १-१० वा १-१२) नमुना विद्यालयमा रूपान्तरित भइसक्ने आँकलन गरिएको छ ।

## नमुना विद्यालय

नेपालको संविधानको अपेक्षा अनुरूप विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन अवधिभित्र स्थानीय एकाइहरूमा सञ्चालन भइरहेका मध्ये १,००० माध्यमिक विद्यालय क्रमशः नमुना विद्यालयमा रूपान्तरण हुने छन् । यी विद्यालयहरूमा छुट्टै र पूर्णकालीन प्रधानाध्यापक, विषय शिक्षकहरूको पूर्ण व्यवस्था, विपत् प्रति उत्थानशील संरचना, सूचना तथा सञ्चार प्रविधिको प्रयोगशाला, विज्ञान प्रयोगशाला, पुस्तकालय र पानी तथा सरसफाइका सुविधा उपलब्ध हुने छन् ।

## पाठ्यक्रम र पाठ्यपुस्तक

समग्र विद्यालय शिक्षा (कक्षा १–१२) का लागि विषयगत एवम् तहगत र लम्बीय तथा समतलीय आबद्धता सुनिश्चित भएको नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूपको विकास गरिने छ । कार्यशाला पद्धतिबाट र सशक्त परीक्षणका आधारमा विषय तथा अन्तर्वस्तुका भारको पुनर्वितरणका लागि हाल प्रचलनमा रहेको कक्षा ९-१० को पाठ्यक्रमको पुनरावलोकन तथा परिमार्जन गरिने छ । कक्षा ९-१० र ११-१२ को पुनर्संयोजन गर्न र खास गरी विज्ञान र गणित विषयका पाठ्यक्रममा रहेका कमीहरूको पुनरावलोकन गरिने छ । पाठ्यपुस्तकमा आधारित क्रियाकलापमा सहयोग पुऱ्याउन विद्यालयहरूका लागि प्रारम्भिक सिकाइ सामग्री (विज्ञान र गणितका किट) पहिचान र उत्पादन तथा वितरण गरिने छ ।

विद्यालय क्षेत्र विकास योजनाले विद्यार्थीको सिकाइ उपलब्धि बढाउन बहुपक्षीय पद्धतिमा जोड दिन्छ । नयाँ राष्ट्रिय पाठ्यक्रम प्रारूपको अपेक्षालाई आत्मसात् गर्दै अंग्रेजी, गणित र विज्ञान विषयमा विशेष ध्यान केन्द्रित गर्न साधारण र प्राविधिक तथा व्यावसायिक दुबै धारका पाठ्यक्रमको परिमार्जन गरिने छ । यस योजना अवधिमा शिक्षा मन्त्रालयले विद्यालय तथा शिक्षकको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिएर विद्यार्थीको सिकाइ उपलब्धिको सुधारप्रति बढी जिम्मेवार बनाउने छ । यसका लागि राष्ट्रिय योग्यता प्रारूपका आधारमा सबै माध्यमिक विद्यालयहरूको स्तरीकरण गरी मुलुकभरका सबै विद्यालयमा योग्य विषय शिक्षक उपलब्धताका दृष्टिले समानता कायम गरिने छ । निर्धारित मापदण्ड कायम गर्नका लागि शिक्षा मन्त्रालयले विद्यालयहरूलाई सहयोग उपलब्ध गराउने छ । कार्य सम्पादनका हिसाबले कमजोर विद्यालयको स्तर उठाउन थप सहयोग उपलब्ध गराइने छ । विद्यालयको सिकाइ प्रक्रियाको प्रवर्धनका लागि विज्ञान तथा गणितका किट, सूचना तथा सञ्चार प्रविधिका उपकरण जस्ता विभिन्न प्रकारका सामग्री उपलब्ध गराइने छ । शैक्षणिक सुपरिवेक्षण तथा प्राविधिक सहायताका लागि अतिरिक्त शिक्षक (स्वयम्सेवी वा स्रोत शिक्षक) उपलब्ध गराइने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट सिकिएका पाठका आधारमा शिक्षकहरूलाई समालोचनात्मक तथा सिर्जनात्मक सोचको प्रवर्धनमा सहजीकरण गर्न खोजपूर्ण साधन तथा प्रक्रियाको प्रयोगमा सहयोग तथा प्रोत्साहन प्रदान गरिने छ ।

यस्ता महत्त्वाकांक्षी उपायहरूको सफलताका लागि समुदाय तथा स्थानीय सरकारको सहभागिता अपरिहार्य हुन्छ । आफ्ना समुदायका विद्यालयका आवश्यकताको सम्बोधनको योजना निर्माणमा स्थानीय सरोकारवालाहरूलाई संलग्न गराएर विद्यालयहरूको कार्य सम्पादन स्तर अभिवृद्धि गर्न विद्यालय व्यवस्थापन समितिहरूलाई प्रोत्साहनका प्याकेज प्रदान गरिने छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको सुदृढीकरणका लागि शिक्षा मन्त्रालयले सामाजिक-आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको अवसर वृद्धि र प्राविधिक तथा व्यावसायिक शिक्षाका शिक्षकलाई पेसागत दक्षता वृद्धिको अवसर प्रदान गरी प्राविधिक तथा व्यावसायिक विद्यालयको विस्तार गर्ने छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको सफलता र दिगोपनका लागि निजी

क्षेत्रसँग साझेदारीको आवश्यकता रहन्छ। सान्दर्भिक पाठ्यक्रम निर्माण गर्न, विद्यार्थीलाई कार्य थलोमा काम गरेर सिक्ने अवसर सुनिश्चित गर्नमा समेत यस्तो साझेदारी गरिने छ। योजना अवधिमा शिक्षा मन्त्रालयले राष्ट्रिय व्यावसायिक योग्यता प्रारूपको अन्तर्गत रहेर प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रमाणीकरण गरी तिनको नियमनमा प्रभावकारिता ल्याउने छ।

## क्रियाकलाप, कोसेढुंगा र लागत

योजनाको दोस्रो वर्षदेखि सुधारिएको पद्धतिको कार्यान्वयन गर्न सकियोस् भन्नका लागि निर्देशिका, कार्यान्वयन ढाँचा र अन्य सामग्री विकासका कार्यक्रम योजनाको पहिलो वर्षको कार्य तालिकामा राखिएका छन्। पाँच वर्षका लागि विद्यालय क्षेत्र विकास योजनाको साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यान्वयन गर्न कुल १,७२७.२६ मिलियन अमेरिकी डलर खर्च हुने आँकलन गरिएको छ।

### तालिका ८.३ विद्यालय क्षेत्र विकास योजनाका लागि वर्षगत लक्ष्य माध्यमिक शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम तथा क्रियाकलापहरू

| कार्यक्रमका क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| निःशुल्क माध्यमिक शिक्षाका लागि साझेदारी नमुना विकास | संख्या | १ | | | | |
| **नमुना विद्यालयहरूको स्थापना** | | | | | | |
| प्रधानाध्यापकहरूको नियुक्ति | नमुना विद्यालय | २४० | २९० | ३४० | ४४० | ५४० |
| विपत् जोखिम न्यूनीकरण | नमुना विद्यालय | ५० | १०० | १०० | १५० | १५० |
| पुस्तकालयको सुविधा | नमुना विद्यालय | ५० | १०० | १०० | १५० | १५० |
| सूचना तथा सञ्चार प्रविधिको सुविधा | नमुना विद्यालय | ५० | १०० | १०० | १५० | १५० |
| विज्ञान प्रयोगशाला तथा सुविधाहरू | नमुना विद्यालय | ५० | १०० | १०० | १५० | १५० |
| लैंगिक तथा समाहित सरसफाइ सुविधा | नमुना विद्यालय | ५० | १०० | १०० | १५० | १५० |
| सूचना तथा सञ्चार प्रविधियुक्त शैक्षणिक तथा सिकाइ सामग्रीहरू (विशेष गरी विज्ञान, गणित र अंग्रेजी) | संख्या | १ | १ | | | |
| नमुना विद्यालयहरूमा विषयगत शिक्षकहरू | विषयगत शिक्षक | १५० | ४५० | ७५० | १,२०० | १,६५० |
| आवासीय सुविधासहितका नमुना विद्यालयहरू | नमुना विद्यालय | ५ | १० | १५ | १५ | २५ |
| **पहुँच र समता सहयोग तथा प्रोत्साहन** | | | | | | |
| श्रवण क्षमता कमजोर भएका बालबालिकाहरूका लागि माध्यमिक तहसम्मको विशेष विद्यालय | नमुना विद्यालय | | १ | ३ | ५ | ७ |
| कक्षा ८ उत्तीर्ण छानिएका विद्यार्थीहरूका लागि लक्षित प्रोत्साहन | विद्यार्थी | ५,४०० | १०,८०० | १६,२०० | २१,६०० | १६,२०० |
| जिल्लामा भएको विज्ञ सूचीमा रहेका विज्ञहरूबाट कम नतिजा | विद्यालय | ७५० | ७५० | ७५० | ७५० | ७५० |

| कार्यक्रमका क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| ल्याउने विद्यालयहरूलाई सहयोग | | | | | | |
| **माध्यमिक तहका विद्यालय तथा विद्यार्थीहरूको कार्य सम्पादनको सुदृढीकरण** | | | | | | |
| विद्यार्थीहरूका लागि कार्य सम्पादनमा आधारित सहायता प्रणाली | विद्यार्थी | ५०० | १,००० | १,००० | १,००० | १,००० |
| सामुदायिक विद्यालयहरूका लागि उत्तरदायित्व तथा कार्य सम्पादन लेखा परीक्षण र पुरस्कार प्रणालीको कार्यान्वयन गर्ने | नमुना विद्यालय | | २२५ | २२५ | २२५ | २२५ |
| **माध्यमिक विद्यालयहरूको गुणस्तर सुदृढ गर्ने** | | | | | | |
| विद्युतीय पुस्तकालय सहितको पोर्टल र वेबसाइटको विकास गर्ने | संख्या | १ | | | | |
| राष्ट्रिय (व्यावसायिक) योग्यता प्रारूप, पाठ्यपुस्तक, सूचना तथा सञ्चार प्रविधि तथा उद्यमशीलताका सीपहरू प्रतिविम्बित गर्न पाठ्य पुस्तकहरू परिमार्जन गर्ने | संख्या | | | १ | | |
| स्वयंसेवक शिक्षकहरूको प्रावधान | स्वयंसेवक शिक्षक | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| विज्ञान र सूचना तथा सञ्चार प्रविधिका लागि उपकरण अनुदान | विद्यालय | ६,०४० | ५,९४० | ५,८४० | ५,७४० | |
| कक्षा १० मा कोचिङको व्यवस्था सहित कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक शिक्षण सहयोग | विद्यार्थी | ८,३३९ | ८,३३९ | ८,३३९ | ८,३३९ | ८,३३९ |
| **मूल्यांकन तथा परीक्षाको सुदृढीकरण गर्ने** | | | | | | |
| कक्षा ८, १० र १२ का लागि मूल्यांकन प्रारूप | संख्या | १ | | | | |
| स्तरीकृत प्रश्नहरूको विकास | संख्या | | १ | | | |
| माध्यमिक परीक्षा (कक्षा १०,११, र १२) मा व्यापक सुधार | संख्या | १ | | | | |
| विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई कक्षा १० मा कार्यान्वयन गर्ने | संख्या | | | | १ | |
| राष्ट्रिय परीक्षा बोर्डको गठन गर्ने । | संख्या | १ | | | | |
| अंग्रेजी विषयका मौखिक परीक्षा लिने परीक्षक/मोनिटरहरूलाई अभिमुखीकरण गर्ने । | विद्यालय | १,७४८ | १,७४८ | १,७४८ | १,७४८ | १,७४८ |
| **गणित, विज्ञान तथा पढाइ क्षमताको सुदृढीकरण गर्ने** | | | | | | |
| उपकरण सहित विज्ञान प्रयोगशाला र पुस्तकालयको स्थापना | विद्यालय | ५ | १० | ८५ | २०० | २०० |
| शैक्षिक दृश्य सामग्रीहरूको वितरण | विद्यालय | ५ | १० | ८५ | २०० | २०० |

| कार्यक्रमका क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| विज्ञान र गणितका शैक्षिक किट, पाठ्य पुस्तक तथा सामग्रीहरू वितरण | विद्यालय | ५ | १० | ८५ | २०० | २०० |
| पुस्तकालय स्थापना | विद्यालय | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| पुस्तकालयहरूका लागि सन्दर्भ पुस्तकहरू | विद्यालय | १,००० | १,००० | १,००० | २,००० | २,००० |
| विज्ञान प्रयोगशालाको स्थापना | विद्यालय | | १५० | १५० | १५० | १५० |
| **छात्रवृत्ति तथा प्रोत्साहन योजना** | | | | | | |
| कक्षा ९ का सबै विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तकको प्रावधान | विद्यार्थी | ४,३८,३७५ | ४,२२,७२२ | ४,२८,५७० | ४,७६,४९२ | ४,८०,२२० |
| कक्षा १० का सबै विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था | विद्यार्थी | ३,७२,०४० | ४,१३,७५९ | ४,००,६९३ | ४,०८,५३९ | ४,५५,५०८ |
| कक्षा ११ तथा १२ का लक्षित विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था | विद्यार्थी | ४,३५,२५६ | ४,४४,६४४ | ४,६८,६३८ | ४,८५,४९८ | ४,९५,२१७ |
| सीमान्तकृत तथा लक्षित समूहका बालबालिकाहरूका लागि आवासीय छात्रवृत्ति | विद्यार्थी | ९,५०० | ९,५०० | ९,५०० | ९,५०० | ९,५०० |
| हिमाली तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि आवासीय छात्रवृत्ति | विद्यार्थी | ३,००० | ३,००० | ३,००० | ३,००० | ३,००० |
| दलित तथा छात्राका लागि लक्षित छात्रवृत्ति | विद्यार्थी | २,४२,९०६ | २,४९,८१९ | २,५३,०९१ | २,६७,२५३ | २,७९,०३४ |
| निर्वाह खर्च सहितको माध्यमिक शिक्षा विज्ञान छात्रवृत्ति | विद्यार्थी | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| अपांगता भएका बालबालिका हरूका लागि छात्रवृत्ति (आवासीय/गैर आवासीय) | विद्यार्थी | ११,००० | १२,००० | १३,००० | १३,००० | १३,००० |
| **माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक विषयको सुदृढीकरण** | | | | | | |
| विद्यार्थीहरूका लागि माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक शिक्षा विषय अध्ययन गर्न भर्ना हुने प्रवाधान | विद्यार्थी | १५,६३० | २३,३४० | ३३,५७० | ४६,८०० | ५५,८०० |
| प्राविधिक तथा व्यावसायिक विषयहरू शिक्षण गर्न विशेषज्ञ शिक्षकहरूको प्रावधान | शिक्षक | २८२ | ६४० | ९९८ | ९९८ | ९९८ |

तालिका ८.४: माध्यमिक शिक्षा कार्यक्रम तथा क्रियाकलापको खर्च (अमेरिकी डलर दश लाखमा)

| खर्चका प्रकारहरू | क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन तथा प्रशासनिक खर्च | सञ्चालन तथा प्रशासनिक खर्च | ९.९८ | १०.९६ | १२.२८ | १३.७५ | १५.३७ | ६२.३४ | ३३.२२ |
| कार्यक्रम खर्च | कक्षाकोठा निर्माण, पानी तथा सरसफाइ, शौचालय, भूकम्प पछिको पुनर्निर्माण | ६.०५ | १३.०६ | १४.३९ | २२.८५ | २५.३३ | ८१.६८ | ३३.५० |
| | पाठ्यपुस्तक, सिकाइ सामग्रीहरूको विकास, उत्पादन तथा वितरण | २२.० | ३२.१४ | ३९.९८ | ४४.९३ | ५४.४० | १९३.४५ | ९४.१२ |
| | उपकरण तथा अन्य साधनको जडान | ०.३४ | ८.१८ | १२.६३ | १९.९२ | २१.५१ | ६२.५८ | २१.१५ |
| | सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षण सिकाइको सुदृढीकरण गर्ने | ९.४८ | १२.२३ | १३.०५ | १६.०३ | ६.९ | ५८.०५ | ३५.१२ |
| | प्रोत्साहन तथा सहयोग | ६.२९ | १०.०९ | १३.९० | १८.२५ | १६.२१ | ६४.७४ | ३०.२८ |
| | समाहित शिक्षा | - | ०.०५ | ०.११ | ०.१२ | ०.१३ | ०.४१ | ०.१६ |
| | अन्य कार्यक्रम खर्च | ०.०१ | ०.६९ | ०.७६ | ०.९३ | ०.८१ | ३.२० | १.४६ |
| | नीति निर्देशिकाको पुनरावलोकन तथा विकास | ०.०३ | - | - | - | - | ०.०३ | ०.०३ |
| | छात्रवृत्तिको प्रावधान | ११.३० | १३.६५ | १४.८७ | १६.४० | १८.०२ | ७४.२४ | ३९.८२ |
| | माध्यमिक शिक्षक तथा अन्य कर्मचारी | १२८.८२ | १६५.२२ | १७४.१८ | १८४.०६ | १९३.९४ | ४८६.२१ | ५२०.८९ |
| | अन्य कार्यक्रम खर्च | - | ६.१७ | ६.६७ | - | - | १२.८४ | १२.८४ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम खर्च | नीति निर्देशिकाको पुनरावलोकन तथा विकास | - | ०.०१ | - | - | - | ०.०१ | ०.०१ |
| | माध्यमिक प्राविधिक | १.२२ | ३.२७ | ५.५१ | ५.९५ | ६.४३ | २२.३८ | १०.०० |
| तलब तथा पारिश्रमिक | सञ्चालन तथा प्रशासनिक खर्च | ३.७२ | ६.०० | ९.३२ | १४.०४ | १८.०८ | ५१.१६ | १९.०४ |
| जम्मा | | १९८.५३ | २९९.७४ | ३५३.५७ | ४१४.९४ | ४६०.६० | १,७२७,२६ | ८५१.६८ |

## ८.३ साक्षरता र जीवनपर्यन्त सिकाइ

### कार्यक्रम विवरण

विद्यालय क्षेत्र विकास योजनाले अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको सुदृढीकरणमा जोड दिएको छ। साक्षरताका सीपको विकासका लागि लचिला तथा खुला विद्यालय प्रणालीको विस्तार गरिने छ। सेवाको पहुँच कम भएका क्षेत्र लक्षित

गरी आयआर्जनका विशेष कार्यक्रम सञ्चालन गरिने छन् । यस उपक्षेत्रका उद्देश्य हासिल गर्न अनौपचारिक शिक्षाको समग्र गुणस्तरको सुधार अपरिहार्य हुन्छ । सामुदायिक सिकाइ केन्द्रलाई जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षा प्रदायको प्रमुख वाहक बनाइने छ र आंशिक रूपले ती केन्द्रका कार्यलाई अनौपचारिक क्षेत्रका शिक्षाका उद्देश्य प्राप्तिसँग आबद्ध गराइने छ । यसका लागि शिक्षा मन्त्रालयले जिल्ला तथा स्थानीय तहमा दक्ष सहजकर्ताको समूह तयार पार्ने छ र तिनका लागि क्षमता अभिवृद्धिको अवसर सुनिश्चित गर्ने छ । अनौपचारिक शिक्षाका क्षेत्रमा थुप्रै नागरिक समाजका संस्थाहरूले पनि विभिन्न प्रकारका सेवा प्रदान गरिरहेका छन् । शिक्षा मन्त्रालयले त्यस्ता संस्थाहरूको क्षमता विकास गराउनुका साथै अनौपचारिक शिक्षा पाठ्यक्रमलाई स्तरीकृत गर्ने छ र कार्यक्रमका उद्देश्य प्राप्तिको सुनिश्चितताका लागि सबै खाले अनौपचारिक शिक्षाको समकक्षता प्रमाणित गर्ने छ। शिक्षा र रोजगारीका अवसर बीचको दूरी कम गराउनका लागि पेसामा आधारित कार्यक्रमहरू सञ्चालन गरिने छन् । विशेष आवश्यकता भएका जस्तैः अपांगता भएका तथा भौगोलिक रूपमा विकट स्थानका बासिन्दाको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न सीप विकास तथा आय आर्जनका विशेष कार्यक्रम तथा प्याकेज लक्षित गरिने छन् । स्थानीय सरकार तथा प्रारम्भिक सरोकारवाला, जस्तै संगठित नागरिक समाजका समूहसँग सहकार्य मार्फत राष्ट्रिय स्वयम् सेवा अभियान सञ्चालन गरी त्यस्ता कार्यक्रममा सामुदायिक संलग्नता बढाइने छ । कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणका लागि पनि स्थानीय तहमा आधारित संयन्त्रको उपयोग गरिने छ ।

## क्रियाकलाप, कोसेढुंगा र लागत

### तालिका ८.५ साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमको वर्षगत लक्ष्य

| क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२०२० | २०२०/२०२१ |
|---|---|---|---|---|---|---|
| अनौपचारिक शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने तथा शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गर्ने | संख्या | १ | | | | |
| कामदार युवा तथा प्रौढहरूका लागि खुला विद्यालय कार्यक्रम | कार्यक्रम | १४८ | २८१ | २८१ | २८१ | २८१ |
| लचिला शैक्षिक कार्यक्रमहरू | व्यक्ति | ५,००० | १०,००० | १५,००० | १५,००० | १५,००० |
| कक्षा ६–१० को खुला विद्यालयका लागि अनलाइन कोर्स तथा सामग्री विकास | संख्या | | १ | १ | | |
| सामुदायिक सिकाइ केन्द्रहरूको सुदृढीकरण तथा परिचालन | केन्द्र | ३,६१० | ३,६१० | ३,६१० | ३,६१० | ३,६१० |
| सिकाइ आवश्यकताका आधारमा पाठ्यक्रमको पुनरावलोकन तथा परिमार्जन | संख्या | | १ | १ | | |
| महिलाहरूका लागि अनौपचारिक शिक्षा कार्यक्रम | कार्यक्रम | २८४ | २८४ | २८४ | २८४ | २८४ |
| अनौपचारिक शिक्षाका विशेषज्ञ तथा सहजकर्ताहरूका लागि पेसागत विकास | व्यक्ति | १०० | १०० | १०० | १०० | १०० |
| अनौपचारिक शिक्षाबाट हासिल योग्यताहरूको राष्ट्रिय योग्यता प्रारूपमा प्रतिविम्बन | संख्या | १ | | | | |
| साक्षरता तथा नव साक्षरता कार्यक्रमहरू | व्यक्ति | ३,००,००० | ३,००,००० | ४,००,००० | ४,००,००० | ४,००,००० |

तालिका ८.६ साक्षरता तथा जीवनपर्यन्त सिकाइको कार्यक्रमका लागि खर्च (दश लाख अमेरिकी डलरमा)

| खर्चका प्रकारहरू | क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन तथा प्रशासनिक खर्च | सञ्चालन तथा प्रशासनिक खर्च | ७.७१ | ८.६४ | ९.३३ | १०.०८ | १०.८९ | ४६.६५ | २५.६८ |
| कार्यक्रम खर्च | | ०.०५ | ०.०७ | ०.१२ | ०.१२ | ०.११ | ०.४६ | ०.२४ |
| | उपकरण र अन्य जडान समग्रीहरू | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०५ | ०.०३ |
| | सूचना तथा सञ्चार प्रविधि | - | ०.०४ | ०.०४ | - | - | ०.०८ | ०.०८ |
| | अन्य कार्यक्रम खर्च | ०.२९ | ०.४१ | ०.४४ | ०.४८ | ०.५२ | २.१४ | १.१४ |
| | कार्यक्रम/विद्यालय सञ्चालन खर्च | २.८६ | ३.०९ | ४.४४ | ४.८० | ५.१८ | २०.३७ | १०.३९ |
| | तालिम तथा क्षमता विकास | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०५ | ०.०३ |
| तलब तथा पारिश्रमिक | अनौपचारिक सहजकर्ताहरू | १.०० | १.४९ | १.८९ | २.०४ | २.२१ | ८.६३ | ४.३८ |
| जम्मा | | ११.६४ | १३.३५ | १५.८४ | १७.०५ | १८.४१ | ७६.२९ | ४०.८३ |

## ८.४ शिक्षकको पेसागत क्षमता विकास र व्यवस्थापन

### कार्यक्रम विवरण

शिक्षक दक्षता तथा प्रमाणीकरण प्रणालीका माध्यमबाट राष्ट्रिय स्तरमा शिक्षण पेसाका जनशक्तिको गुणस्तरको नियमन गरिने छ । यस प्रणालीले शिक्षक तयारी कोर्स निर्माण, शिक्षकका योग्यताको आवश्यकता निर्धारण, शिक्षक छनोट र शिक्षक व्यवस्थापनका लागि मार्गनिर्देश गर्नेछ । शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको भूमिका महत्त्वपूर्ण हुन्छ । अतः विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन अवधिमा विद्यालयमा शिक्षक आपूर्ति व्यवस्थाको सुधार, विद्यालयमा शिक्षक आपूर्तिको औचित्य स्थापना तथा माध्यमिक तहमा विषय शिक्षकको पदको सिर्जना लगायत थुप्रै प्रयत्नहरू अगाडि बढाइने छन् । शिक्षकको अभाव रहेका विज्ञान, गणित लगायतका विषयमा शिक्षक उत्पादन बढाउन छात्रवृत्ति लगायत प्रोत्साहन प्रदान गरी शिक्षण कार्यक्रममा आकर्षित गरिने छ । शिक्षक तयारी कार्यक्रमको पाठ्यक्रममा शिक्षकले विद्यालयमा पढाइ हुने विषयको ज्ञान लिनुपर्ने तथा थप जिम्मेवारी समेत पूरा गर्नुपर्ने प्रावधान राखेर यसलाई शिक्षक छनोटको नीतिसँग आबद्ध गराइने छ । एक महिने सेवाकालीन प्रमाणीकरण तालिम, पुनर्ताजगी तालिम, मागमा आधारित छोटो अवधिका तालिम, अनलाइन स्वध्ययन तालिम तथा विशेष सिकाइ आवश्यकताको सम्बोधनका तालिम लगायत शिक्षक पेसागत विकासका विविध कार्यक्रमहरूको सुदृढीकरण गरिने छ । विद्यालय तथा जिल्ला शिक्षा कार्यालयहरूलाई विद्यालय तथा समूह विद्यालयमा आधारित शिक्षक विकास कार्यक्रम सञ्चालनका लागि प्रोत्साहित गरिने छ, जसमा परामर्शदेखि पेसागत मञ्चमा गरिने

छलफलमा सहभागिता लगायतका क्रियाकलाप पर्न सक्छन् । सेवाकालीन प्रमाणीकरण तालिम कोर्सको डिजाइन तथा कार्यान्वयन ढाँचाको स्तरीकरण गरिने छ र तिनको कार्यान्वयन शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्रबाट गराइने छ।

प्रत्येक माध्यमिक विद्यालयमा छुट्टै प्रधानाध्यापकको व्यवस्था गरिने छ र सन् २०२२ सम्ममा चरणबद्ध रूपमा नमुना विद्यालय (प्रत्येक स्थानीय सरकारका एकाइमा एक विद्यालय हुने गरी बढीमा १,००० विद्यालय) बाट शुरू गरी कक्षा ६-८ लगायत सबै माध्यमिक कक्षाहरूका लागि विषय शिक्षकहरूको पूर्ण व्यवस्था गरिने छ। यसका लागि प्रति विद्यालय विद्यार्थी संख्या र पढाइ हुने विषयका आधारमा शिक्षक आवश्यकताको आँकलनका नयाँ मापदण्ड निर्धारण गरिने छ । सामान्यतया शिक्षक-विद्यार्थी अनुपात हिमाली क्षेत्रमा ३०:१ पहाडमा ३५:१ र तराई तथा उपत्यकामा ४०:१ रहने छ । थप शिक्षकको आँकलन माथिको शिक्षक-विद्यार्थी अनुपात र कक्षा ६-१२ मा पढाइ हुने विषय संख्याका आधारमा गरिने छ । विभिन्न प्रकारका विद्यालयका लागि शिक्षक-विद्यार्थी अनुपातको आँकलनका आधार देहाय अनुसार हुने छन्:

- साना विद्यालय (कक्षा १-३): ३० जनासम्म विद्यार्थी भएका कक्षा १-३ मात्र पढाइ हुने हिमाली क्षेत्रका विद्यालयमा ३५ जनासम्म विद्यार्थी भएका अन्य क्षेत्रका विद्यालय सरह १ शिक्षक। यस्ता विद्यालयमा बहुकक्षा बहुस्तर पद्धतिबाट शिक्षण सिकाइ सञ्चालन हुने छ। विद्यालय क्षेत्र विकास योजनाको अवधिभर यस्ता विद्यालयको संख्या १,१०० पुग्ने अनुमान गरिएको छ ।
- आधारभूत विद्यालय (कक्षा १-५): जम्मा ३५ वा सोभन्दा घटी विद्यार्थी भएका विद्यालयमा २ जना, ३५ देखि ७० सम्म विद्यार्थी भएका विद्यालयमा ३ जना र हिमाल, पहाड र तराई/उपत्यकाका स्थापित शिक्षक विद्यार्थी अनुपात अनुसार थप शिक्षक उपलब्ध गराइने छ ।
- आधारभूत विद्यालय (कक्षा १-८): यस्ता विद्यालयमा कक्षा १-५ का विद्यालयले पाउने शिक्षक दरबन्दीमा थप ४ जना विषय शिक्षक उपलब्ध गराइने छ ।
- माध्यमिक विद्यालय (कक्षा १-१०): यस्ता माध्यमिक विद्यालयका लागि कक्षा १-५ का विद्यालयले पाउने शिक्षक दरबन्दीमा कक्षा ६-१० का लागि थप ८ जना विषय शिक्षक उपलब्ध गराइने छ। यस्ता विद्यालयमा निम्न माध्यमिक शिक्षक दरबन्दी प्रदान गरिने छैन । थप शिक्षक स्थापित मापदण्ड अनुसार उपलब्ध गराइने छ ।
- माध्यमिक विद्यालय (कक्षा १-१२): कक्षा १-८ का आधारभूत विद्यालयमा उपलब्ध गराइएको शिक्षक दरबदीका अतिरिक्त थप ४ विषय शिक्षक, विज्ञान विषय पढाउने विद्यालयका लागि एकमुस्ट शिक्षक अनुदान र सोबाहेक स्थापित मापदण्ड अनुसार दरबन्दी थप गरिने छ। यसका साथै एक जना पूर्णकालीन प्रधानाध्यापकको व्यवस्था गरिने छ। हिमाल, पहाड र तराईका लागि निर्धारण गरिएको विद्यार्थी शिक्षक अनुपातका आधारमा थप शिक्षकहरू उपलब्ध गराइने छ।

शिक्षक पेसागत विकासका लागि विद्यालय क्षेत्र विकास योजनाले शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्रमार्फत केन्द्रीय तहबाट स्वीकृत पाठ्यक्रममा आधारित सेवाकालीन तालिम प्रदान गर्ने योजना रहेको छ । यसका साथै अनलाइन तथा मोबाइल फोनमा आधारित स्वध्ययन स्रोत, छोटा मोड्युलर तालिम, विषय शिक्षक सञ्जालबाट शिक्षक सहयोग, विद्यालयमा आधारित पेसागत विकास लगायत विभिन्न ढाँचाका पेसागत विकासका कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

सबै तहका नवप्रवेशी शिक्षकका लागि १० दिनको अनिवार्य सेवा प्रवेश तालिमका साथै विद्यालयमा आधारित सिकाइ कार्यक्रम प्रदान गरिने छ । सेवाकालीन तालिमका सम्बन्धमा सबै प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा सहजकर्ताका लागि १ महिने सेवाकालीन र पुनर्ताजगी तालिम प्रदान गरिने छ । कक्षा १-५ का ५६,००० आधारभूत शिक्षकलाई प्रारम्भिक कक्षा पढाइ सम्बन्धमा तालिम र ५४,००० आधारभूत तथा माध्यमिक शिक्षकलाई १० दिने विद्यालयमा आधारित अभ्यास लगायत दुई मोड्युलमा ३० दिने सेवाकालीन तालिम प्रदान गरिने छ । यी तालिममा विद्यार्थीमा पढाइ सीप विकासका तरिका, शैक्षणिक अभ्यासमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, आधारभूत विज्ञान किटको प्रयोग, विद्यार्थी मूल्यांकन (निर्णयात्मक), क्रियाकलापमा आधारित सिकाइ लगायत विभिन्न प्रकारका विषय वस्तु राखिने छन्। यस्ता तालिमको डिजाइन तथा कार्यान्वयन शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्र मार्फत

गरिने छ । शिक्षकको पदोन्नतिका लागि यी तालिममा अनिवार्य उत्तीर्ण हुनुपर्ने छ । यसका अतिरिक्त ६०,००० शिक्षकलाई छोटो अवधिको मोड्युलर पुनर्ताजगी तालिम प्रदान गरिने छ ।

पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रममा राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचा र शिक्षक शिक्षाका संस्थाहरूलाई पूर्वसेवाकालीन शिक्षक तयारीको पाठ्यक्रम सुधार गर्न र तालिम प्रदान गर्न मार्गदर्शनको कार्यढाँचा समावेश गरिने छ । शिक्षक छनोटको मार्गदर्शन गर्न र शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्यांकनका लागि शिक्षक सक्षमता कार्यढाँचाको विकास र कार्यान्वयन गरिने छ ।

## तालिका ८.७ शिक्षकको पेसागत विकास तथा व्यवस्थापन कार्यक्रमका वर्षगत लक्ष्यहरू

| क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| कक्षा ११ र १२ का विद्यार्थीहरूका लागि अंग्रेजी, विज्ञान र गणित तथा प्राविधिक विषयहरूमा शिक्षक तयारी कार्यक्रम | संख्या | २० | ४० | ६० | ८० | १०० |
| नमुना विद्यालयहरूमा अंग्रेजी, विज्ञान र गणित विषयमा शिक्षक तयारी कार्यक्रम | व्यक्ति | १०० | ३५० | ५५० | ० | ० |
| कक्षा ६–८ का मुख्य विषयमा शिक्षक तयारी कार्यक्रम (योग्यता वृद्धि सहितको) | व्यक्ति | | | ५,५०० | १०,००० | १०,००० |
| कक्षा ९–१२ का मुख्य विषयका लागि शिक्षक तयारी कार्यक्रम | व्यक्ति | १,००० | ३,००० | ७,००० | ११,००० | १६,००० |
| प्रधानाध्यापकहरूका लागि लामो अवधिको व्यवस्थापन तालिम | व्यक्ति | २०० | ३०० | ३०० | ३०० | १०० |
| आधारभूत तहका प्रअहरूका लागि तालिम | व्यक्ति | १,५०० | २,५०० | २,५०० | २,५०० | २,५०० |
| माध्यमिक तहका प्रअहरूका लागि तालिम | व्यक्ति | ५०० | ८०० | ८०० | ८०० | १,१०० |
| कक्षा १,२,३ का शिक्षकहरूका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी तालिम | व्यक्ति | ९,००० | १३,००० | १२,००० | १२,००० | १०,००० |
| तल्लो तह (१–५) का शिक्षकहरूका लागि प्रमाणीकरण तालिम (१०+५ दिने मोड्युलको) | व्यक्ति | ३,००० | ८,००० | ८,००० | ८,००० | ९,००० |
| आधारभूत तह (६–८) का शिक्षकहरूका लागि प्रमाणीकरण तालिम (१०+५ दिने २ मोड्युलको) | व्यक्ति | १,५०० | १,७०० | १,७०० | १,७०० | १,४०० |
| माध्यमिक तहका शिक्षकहरूका लागि प्रमाणीकरण तालिम (१०+५ दिने २ मोड्युलको) | व्यक्ति | ५०० | १,५०० | १,५०० | १,५०० | १,००० |
| अनलाइन स्वध्ययन कोर्सको विकास | व्यक्ति | ८ | १२ | १२ | १२ | ६ |
| अनलाइन स्वध्ययन सिकाइ | व्यक्ति | ५०० | १,५०० | १,००० | १,००० | १,००० |

| क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूका लागि एक महिने तालिम (१०+५ दिने २ वटा मोड्युलको) | व्यक्ति | १,५०० | २,५०० | २,५०० | २,५०० | १,००० |
| १६ दिने तालिम लिएका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूका लागि १४ दिने तालिम | व्यक्ति | ३,००० | ५,००० | ५,००० | ५,००० | २,००० |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूका लागि पुनर्ताजगी तालिम | व्यक्ति | ४,८०० | ४,८०० | ४,८०० | ४,८०० | ४,८०० |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण | व्यक्ति | २०० | २०० | २०० | २०० | २०० |
| आधारभूत तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास | व्यक्ति | २,५०० | ८,००० | ८,००० | ८,००० | ८,००० |
| माध्यमिक तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास | व्यक्ति | १,००० | २,००० | २,००० | २,००० | २,००० |
| मोड्युलर कोर्स तथा गोष्ठी – पुनर्ताजगी कोर्सहरू | व्यक्ति | ५,००० | १६,००० | १६,००० | १६,००० | १६,००० |
| मोड्युलर कोर्स तथा गोष्ठी – विषयगत शिक्षकहरूको पेसागत सञ्जाल परिचालन | व्यक्ति | ४०० | १,६०० | १,६०० | १,६०० | ६०० |
| सेवा प्रवेश तालिम (१० दिने) | व्यक्ति | ४,००० | ८,००० | ८,००० | ८,००० | २,००० |

## तालिका ८.८ शिक्षकको पेसागत विकास तथा व्यवस्थापन कार्यक्रमका लागि कार्यक्रम खर्च (अमेरिकी डलर दश लाखमा)

| क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रअहरूका लागि लामो अवधिको व्यवस्थापन तालिम | ०.०८ | ०.१२ | ०.१३ | ०.१४ | ०.०५ | ०.५२ | ०.३३ |
| आधारभूत तहका प्रअहरूका लागि तालिम | ०.२९ | ०.५१ | ०.५६ | ०.६० | ०.२६ | २.२२ | १.३६ |
| माध्यमिक तहका प्रअहरूका लागि तालिम | ०.१४ | ०.२५ | ०.२७ | ०.२९ | ०.४३ | १.३८ | ०.६६ |
| कक्षा १,२,३ का शिक्षकहरूका लागि प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सम्बन्धी तालिम | ०.८६ | १.३४ | १.३३ | १.४४ | १.३० | ६.२७ | ३.५३ |
| शिक्षकहरूका लागि प्रमाणीकरण तालिम (आधारभूत तथा माध्यमिक १० + ५ दिने मोड्युलको) | १.०५ | २.४७ | २.६७ | २.८८ | ३.११ | १२.१८ | ६.१९ |
| अनलाइन स्वध्ययन कोर्सको विकास | ०.०२ | ०.०४ | ०.०४ | ०.०४ | ०.०४ | ०.०४ | ०.०४ |
| अनलाइन स्वाध्ययन सिकाइ | ०.०१ | ०.०३ | ०.०२ | ०.०२ | ०.०३ | ०.११ | ०.०६ |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा/पूप्राक शिक्षकहरूका लागि एक महिने (१०+५ दिने २ मोड्युलको) तालिम | ०.३६ | ०.६४ | ०.६९ | ०.७५ | ०.३२ | २.७६ | १.६९ |
| १६ दिने तालिम लिएका. प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा/पूप्राक शिक्षकहरूका लागि १४ दिने तालिम | ०.२० | ०.५१ | ०.५६ | ०.६० | ०.२६ | २.२२ | १.३६ |

| क्रियाकलापहरू | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा/पूप्राक शिक्षकहरूका लागि पुनर्ताजगी तालिम | ०.०७ | ०.०७ | ०.०८ | ०.०९ | ०.०९ | ०.४० | ०.२२ |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा/पूर्व प्राथमिक कक्षा शिक्षकहरूका लागि प्रशिक्षक प्रशिक्षण | ०.०३ | ०.०३ | ०.०३ | ०.०४ | ०.०४ | ०.१७ | ०.०९ |
| आधारभूत तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास | ०.०२ | ०.०८ | ०.०९ | ०.१० | ०.१० | ०.३९ | ०.१९ |
| माध्यमिक तहका विद्यालयहरूका लागि विद्यालयमा आधारित पेसागत विकास | ०.०१ | ०.०२ | ०.०२ | ०.०२ | ०.०१ | ०.०८ | ०.०५ |
| मोड्युलर कोर्स तथा गोष्ठी पुनर्ताजगी तालिम कोर्स | ०.१० | ०.३३ | ०.३६ | ०.३८ | ०.१६ | १.३३ | ०.७९ |
| मोड्युलर कोर्स तथा गोष्ठी – विषयगत शिक्षकका पेसागत सञ्जालको परिचालन | ०.०२ | ०.०८ | ०.०९ | ०.१० | ०.०४ | ०.३३ | ०.१९ |
| सेवा प्रवेश तालिम (१० दिने) | ०.१९ | ०.४१ | ०.४४ | ०.४८ | ०.१३ | १.६५ | १.०४ |
| शिक्षक तयारी कार्यक्रम | ०.३१ | ०.८४ | ०.९१ | ०.९८ | ०.३४ | ३.३८ | २.०६ |
| शिक्षक सेवा आयोगको सुदृढीकरण | ०.१४ | ०.४५ | ६.१० | १७.६४ | ६९.३७ | ९३.७० | ६.६९ |
| जम्मा | ३.६७ | ७.४ | १३.४९ | २५.६१ | ७५.७२ | १२९.२५ | २६.६० |

## क्रियाकलाप, कोसेढुंगा र लागत

विद्यालय क्षेत्र विकास योजनाले निर्धारण गरेको शिक्षकको पेसागत क्षमता विकास तथा व्यवस्थापनको कार्ययोजना कार्यान्वयन गर्न पाँच वर्षका लागि जम्मा १२९.२५ मिलियन अमेरिकी डलर खर्च हुने आँकलन गरिएको छ।

## ८.५ विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा

## कार्यक्रम विवरण

विद्यालय क्षेत्र विकास योजना कार्यक्रममा भूकम्प प्रभावित क्षेत्रका विद्यालयहरूको सुरक्षित पुनर्निर्माण, मर्मत सम्भार तथा प्रभावित नभएका क्षेत्रमा सुरक्षित निर्माण र प्रबलीकरण कार्य तथा विपत् जोखिम न्यूनीकरणमा जोड रहने छ। सुरक्षित विद्यालयको अवधारणाले समग्र विद्यालय सुरक्षा कार्यढाँचाको ३ खम्बा समेटेको छः (१) सुरक्षित संरचना (२) सुदृढ विपत् जोखिम न्यूनीकरण व्यवस्थापन र (३) समुदाय तथा सरोकारवाला बीच सुदृढ उत्थानशीलता। सबै बालबालिकाका लागि सुरक्षित अनुकूल सिकाइ वातावरणमा पहुँच सुनिश्चित गर्न सबै विद्यालयमा समग्र विपत् जोखिम न्यूनीकरण व्यवस्थापन तथा विद्यालय सुरक्षा कार्यक्रम आवश्यक छ। यस्ता कार्यक्रमले विपत् व्यवस्थापन र समुदायको उत्थानशीलताको सुधारमा पनि मद्दत गर्ने छ।

**सुरक्षित संरचना** – पहिलो खम्बासँग सम्बद्ध कार्यक्रमको उद्देश्य निर्माण तथा प्रबलीकरणको कार्य गर्न विपत् जोखिम न्यूनीकरणका जानकार कर्मचारी (इन्जिनियर लगायत) को संख्या वृद्धि गर्नु, सुपरिवेक्षण निर्देशिका निर्माण र स्वीकृत गराई कार्यान्वयन गराउनु र निर्माण वा प्रबलीकरण गर्दा प्राविधिक रेखदेख सुनिश्चित गर्नु हो । विद्यालय क्षेत्र विकास योजना अन्तर्गत कार्यान्वयन गरिने सुरक्षित संरचनाका अन्य प्रमुख कार्यहरू देहाय अनुसार छन्:

- विद्यालय निर्माण कार्यसँग सम्बद्ध सबै संस्थाहरूको सूचीकरण गरी तिनले सरकारद्वारा निर्धारण गरेका नियम तथा मापदण्डको परिपालना गरे नगरेको सुनिश्चित गर्ने ।
- आवश्यक स्रोतको सुनिश्चितताका साथ सुरक्षित आधारभूत तथा माध्यमिक विद्यालय निर्माण वा प्रबलीकरणका लागि समयबद्ध कार्ययोजना (मूल्यांकन, योजना तर्जुमा, सुपरिवेक्षण, कार्यान्वयन, परामर्श, समन्वय, अनुसन्धान र विकास, सचेतना र क्षमता विकास) तयार पारी कार्यान्वयन गर्ने ।
- निर्माण गर्दा नयाँ विद्यालय बहु प्रकोपप्रति उत्थानशील हुने गरी समावेशिता सहितको प्रमाणित नमुना डिजाइनको प्रयोग गर्ने ।
- समग्र विद्यालय सुरक्षा र विद्यालयमा विपत् जोखिम न्यूनीकरणका मुख्य सन्देश सहितको मापदण्ड र विभिन्न प्रकारका विपत्का लागि स्तरीय सञ्चालन प्रक्रियाको विकास र अनुगमन गर्ने ।

## सुदृढ विपत् जोखिम व्यवस्थापन

सुरक्षित विद्यालय अवधारणाको दोस्रो खम्बा अनुसार विद्यालय व्यवस्थापन समितिको कार्य विवरणमा विपत् जोखिम न्यूनीकरण सम्बन्धी भूमिका तथा उत्तरदायित्व स्पष्ट उल्लेख गर्नुपर्ने छ । त्यसैगरी समग्र विद्यालय सुरक्षा तथा विद्यालयमा विपत् जोखिम न्यूनीकरण र स्तरीय मुख्य सन्देशको अनुगमन गर्न कार्यक्रम कार्यान्वयन एकाइ तथा जिल्ला कार्यान्वयन एकाइको क्षमताको विकास आवश्यक पर्ने छ । साथै विद्यालय सुधार योजनामा जोखिम व्यवस्थापनको तयारी प्रक्रिया समेत समावेश गर्न विद्यालय सुधार योजना निर्माण निर्देशिकाको परिमार्जन गरिने छ । यसका साथै शिक्षा क्षेत्रमा विपत् जोखिम हटाउन तथा पुनःस्थापना गर्न गरिएका गतिविधिको सूचना समेट्नका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा पनि आवश्यक सुधार गरिने छ । विद्यालय विपत् व्यवस्थापन सम्बन्धी सबै सामग्रीमा सबैको पहुँच र तिनको विकासमा लैंगिक समानता एवम् सामाजिक समावेशिता निर्वाह भएको सुनिश्चित गरिने छ ।

## समुदायहरूमा सुदृढ उत्थानशीलता

समग्र विद्यालय सुरक्षा अवधारणाको तेस्रो खम्बा सम्बद्ध कार्यक्रमको उद्देश्य शिक्षकको पेसागत विकास कार्यक्रम तथा तालिम प्याकेजहरूमा विपत् जोखिम न्यूनीकरणका तत्त्वहरू समायोजन गरी सोको व्यापक प्रचार प्रसारमार्फत विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्य र समुदायसम्म पुऱ्याउनु रहेको छ । साथै शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका लागि भिडियो, डिभिडी, नाटक जस्ता विभिन्न तरिकाको प्रयोग गरी विपत् जोखिम न्यूनीकरण सम्बन्धी स्तरीय शैक्षिक तालिमका प्याकेजहरूको सेट तयार पारिने छ र तिनलाई कार्यान्वयनमा ल्याइने छ । यस कार्यक्रमले विपत् जोखिम घटाउने रणनीतिबारे सबै विद्यार्थी जानकार रहेको, आफ्ना वातावरणमा त्यस्ता जोखिमको लेखाजोखा गर्न, विपत्को जोखिम घटाएर शिक्षामा सबैको पहुँच तथा लैंगिक समानता र सामाजिक समावेशिता कायम राख्दै प्रतिकार्यका उपयुक्त उपायको अवलम्बन गरी मानवीय क्षति कम गराउन सक्षम रहेको पनि सुनिश्चित गर्ने उद्देश्य लिएको छ ।

## विद्यालय शिक्षा क्षेत्रको पुनर्लाभको समन्वय

भूकम्प प्रभावित ३१ जिल्लामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले नेपाल एजुकेसन क्लस्टरको सहयोगमा शिक्षा विभाग अन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइले विपत् पश्चात्को पुनर्लाभ कार्यढाँचाको अनुसरण गर्दै विद्यालय पुनर्निर्माण गरिरहेको छ (NRA, 2016) । विपत् पश्चात्को प्रतिकार्य कार्यढाँचाले विपत् पश्चात्को आवश्यकता विश्लेषण (PDNA, NPC 2015b and 2015c)

का नतिजा र त्यस उप्रान्त संकलित र प्रकाशित तथ्यांकका आधारमा पुनर्निर्माणको कार्य गर्दछ । विपत् पश्चात्को पुनर्लाभ कार्यढाँचाले विद्यालय क्षेत्र विकास योजनाका अवधिभरका लागि (2016-2021) पुनर्लाभ तथा पुनर्निर्माणका आवश्यकताको विवरण उपलब्ध गराउँछ । विद्यालय क्षेत्र विकास योजनाको क्षेत्रव्यापी पद्धतिसँग समन्वय गरी पुनर्लाभ योजनाको निर्माण गरिन्छ र तिनको अनुगमन नियमित संयुक्त परामर्शबाट गरिन्छ । विद्यालय क्षेत्र विकास योजनाका क्षेत्रगत पद्धतिकै अंगका रूपमा प्रगति तथा उपलब्धिको विश्लेषण गरिन्छ । विद्यालय शिक्षा क्षेत्रका लागि पुनर्स्थापना कालमा गरिएको समझदारी/सम्झौता अनुसार जिल्ला तहमा गरिएका संक्रमणकालीन वा स्थायी पुनर्निर्माणको पुनरावलोकन कुनै द्रुत मार्गका संयन्त्रबाट गरिने छ, सोको प्रमाणीकरण केन्द्रीय तह वा शिक्षा विभागबाट गरिने छ । शिक्षा विभागमा पुनर्निर्माणका लागि बजेट सहयोगको समन्वय गर्न एउटा सम्पर्क डेस्क खडा भएको छ र अति प्रभावित जिल्लामा नेसलन इन्जिनियरिङ क्याम्पसले सम्पर्क बिन्दु राखेर समन्वय संयन्त्र स्थापित गरेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यक्रम व्यवस्थापन एकाइका अतिरिक्त प्रभावित जिल्लाका लागि कार्यक्रम कार्यान्वयन एकाइ र जिल्ला कार्यान्वयन एकाइ प्रमुख कार्यान्वयन निकायका रूपमा रहेका छन् । कार्यरत सीपयुक्त मानवीय संसाधन (इन्जिनियर तथा सब इन्जिनियर) का अतिरिक्त सबै प्रभावित जिल्लाका शिक्षा सम्बद्ध विपत् जोखिम न्यूनीकरण कार्यमा सम्बद्ध व्यक्ति तथा सरोकारवालाको क्षमता अभिवृद्धिका थप कार्य गर्नुपर्ने हुन्छ । शिक्षा विभागका इन्जिनियर तथा सरोकारवालाहरूलाई ठेक्कापट्टा, डिजाइन तथा सुपरिवेक्षणका सन्दर्भमा सुरक्षित विद्यालयका अभ्यासबारे अभिमुखीकरण गर्न प्राविधिक विज्ञको छनोट भइसकेको छ ।

## क्रियाकलाप, कोसेढुंगा र लागत

विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षाको निर्धारित कार्ययोजना कार्यान्वयनका लागि योजनाको प्रथम पाँच वर्षमा कुल १,०१३.९२ मिलियन अमेरिकी डलर खर्च हुने आँकलन गरिएको छ ।

### तालिका ८.९ विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा कार्यक्रमका क्रियाकलापहरूको वर्षगत लक्ष्य

| क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| **सुरक्षित सिकाइको सुविधाको प्रावधान** | | | | | | |
| विपत् जोखिम न्यूनीकरणका लागि आवश्यकता अनुसार न्यूनतम पूर्वाधारले युक्त (पानी तथा सरसफाइका सुविधा सहितको) विभिन्न कक्षाकोठा स्थापना भएको हुने | संख्या | ७,००० | ३,००० | ५,००० | ८,००० | १५,००० |
| विपत् जोखिम न्यूनीकरणका लागि आवश्यकता अनुसार न्यूनतम पूर्वाधारले युक्त (पानी तथा सरसफाइका सुविधा सहितको) विभिन्न चारकोठे विद्यालय ब्लक स्थापना भएको हुने | संख्या | ७,००० | ७,००० | ७,००० | | |
| भत्किएका विभिन्न कक्षाकोठाहरू मर्मत तथा प्रवलीकरण गरिएको हुने | संख्या | ६,५०० | ६,५०० | ६,५०० | | |
| प्रवलीकरण गरिएका विद्यालयका संख्या | संख्या | १५० | १५० | १५० | १५० | १५० |
| सुरक्षित आधारभूत तथा माध्यमिक विद्यालयको निर्माण र पुनर्निर्माणका लागि समयबद्ध कार्ययोजनाको विकास तथा कार्यान्वयन गर्ने | संख्या | १ | | | | |
| नयाँ निर्माण हुने विद्यालयहरूका लागि नमुना विकास गरी स्वीकृत गर्ने | संख्या | १ | | | | |

| क्रियाकलापहरू | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| **विद्यालय विपत् व्यवस्थापनको सुदृढीकरण** | | | | | | |
| विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि विपत् जोखिम न्यूनीकरण सम्बन्धमा शैक्षिक तालिम प्याकेजको विकास गर्ने | संख्या | १ | | | | |
| विद्यालयहरूका लागि विपत् जोखिम न्यूनीकरणका लागि किट तथा सामग्रीहरूको विकास गर्ने | संख्या | १ | १ | | | |
| विपत् जोखिम न्यूनीकरणका सम्बन्धमा चेतना फैलाउने कार्यक्रमहरूको विकास तथा प्रबोधीकरण गर्ने | विद्यालय | २९,०१० | २९,०१० | २९,०१० | २९,०१० | २९,०१० |
| विद्यालय तहमा तयारी तथा जोखिम न्यूनीकरणलाई सुदृढ बनाउने | विद्यालय | २९,०१० | २९,०१० | २९,०१० | २९,०१० | २९,०१० |
| पेसागत विकास तथा तालिम प्याकेजहरूमा विपत् जोखिम न्यूनीकरणका मुख्य सन्देशहरू समावेश गर्ने | संख्या | १ | | | | |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई जोखिम मूल्यांकन तथा सुरक्षाका योजना सम्बन्धमा निर्देशिका उपलब्ध गराउने | संख्या | १ | | | | |
| विद्यालय सुधार योजना प्रक्रियामा विपत् तयारीमा सहयोग गर्ने | संख्या | १ | | | | |
| विद्यालय व्यवस्थापन समितिको कार्य विवरणमा विपत् जोखिम न्यूनीकरण सम्वन्धित भूमिका समावेश गर्ने | संख्या | १ | | | | |
| शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विपत् जोखिम न्यूनीकरणका विषय वस्तु समावेश गर्ने | संख्या | १ | | | | |
| **विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता शिक्षालाई संस्थागत गर्ने** | | | | | | |
| विपत् जोखिम न्यूनीकरणलाई समावेश गर्ने गरी पूर्व सेवाकालीन र सेवाकालीन शिक्षक तालिम तथा अन्य सम्बन्धित तालिम प्याकेजको परिमार्जन गर्ने | संख्या. | १ | | | | |
| विपत् जोखिम न्यूनीकरण सम्बन्धी सूचना बालबालिका, समुदाय तथा अभिभावकहरूमा प्रवर्धन गर्न सञ्चार रणनीति विकास गर्ने | संख्या | १ | | | | |

## तालिका ८.१० विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा कार्यक्रमको खर्च (अमेरिकी डलर दश लाखमा)

| क्रियाकलाप | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| नयाँ कक्षाकोठा निर्माण तथा भूकम्पबाट क्षति पुगेका (शौचालय/पानी तथा सरसफाइका प्रावधान समेत) संरचनाको पुनर्निर्माण | ७३.३३ | ३३.९४ | ६१.१० | १०५.५८ | २१३.७९ | ४८७.७४ | १६८.३७ |
| भूकम्प पछिको सामान्य मर्मत सम्भार तथा प्रबलीकरण | १२.३८ | १३.३७ | १४.४४ | - | - | ४०.१९ | ४०.१९ |
| भूकम्प पछि ४ कोठे विद्यालयहरूको पुनर्निर्माण | १३३.३३ | १४४.०० | १५५.५२ | - | - | ४३२.८५ | ४३२.८५ |
| विद्यालयहरूको प्रबलीकरण | २.१४ | २.३१ | २.५० | २.७० | २.९२ | १२.५७ | ६.९५ |
| विद्यार्थी, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका लागि विपत् जोखिम न्यूनीकरण विषयमा मापदण्डको विकास गर्ने | ०.०१ | - | - | - | - | ०.०१ | ०.०१ |
| विद्यालयहरूमा वितरण गर्ने विपत् जोखिम न्यूनीकरण सम्बन्धी किट तथा सामग्रीहरूको विकास गर्ने | ०.०२ | ०.०२ | - | - | - | ०.०४ | ०.०४ |
| विद्यालय तहमा सचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गर्ने | २.७६ | २.९८ | ३.२२ | ३.४८ | ३.७६ | १६.२० | ८.९६ |
| विद्यालयहरूमा तयारी तथा जोखिम न्यूनीकरण गर्ने क्षमताको सुदृढीकरण गर्ने | ४.१४ | ४.४८ | ४.८३ | ५.२२ | ५.६४ | २४.३१ | १३.४५ |
| जम्मा | २२८.११ | २०१.१० | २४१.६१ | ११६.९८ | २२६.११ | १,०१३.९२ | ६७०.८५ |

# ९. सुशासन, व्यवस्थापन तथा कार्यान्वयन

## ९.१ सुशासन व्यवस्थापन

राज्य बृहत् पुनर्संरचना तर्फ अग्रसर भइरहेका बेला नेपालमा विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा आउने छ । नेपालको संविधानको प्रावधान अनुसार संघीय तथा प्रान्तीय सरकार गठन हुने छन् । यसै अवधिमा हालै संशोधित शिक्षा ऐन अनुसार विद्यालयहरूको पनि पुनर्संरचना हुने छ । उक्त पुनर्संरचनाका लागि सहजीकरण प्रक्रियाको थालनी भइसकेको भए तापनि शिक्षा मन्त्रालय र यस अन्तर्गतका केन्द्रीय निकायहरूको मुख्य पुनर्संरचना विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन भएको ३ वर्षपछि मात्र पूरा हुने छ । यस योजनाको सञ्चालन तथा कार्यान्वयनमा दुई आयामिक रणनीति अवलम्बन हुने छः (१) संघीय पद्धति अनुरूप शिक्षा मन्त्रालयको पुनर्संरचनाको मार्गचित्र तयार पार्ने (२) सुधारिएको कार्यक्रम व्यवस्थापन, प्राविधिक सुपरिवेक्षण तथा समन्वयका माध्यमबाट विद्यमान कार्यान्वयन व्यवस्थाको सुदृढीकरण गर्ने ।

विद्यालय शिक्षाका ६ वटा प्रमुख कार्यभार रहेका छन्: (१) पाठ्यक्रम विकास (२) पाठ्यपुस्तक विकास र वितरण (३) शिक्षक नियुक्ति, विकास र व्यवस्थापन (४) स्थानीय शिक्षा प्रणालीको कार्यान्वयन र व्यवस्थापन (५) विद्यालय व्यवस्थापन (६) विद्यार्थीको शैक्षिक उपलब्धिको मूल्यांकन र कतिपय स्तरीकरणको कार्य (कतिपय समयमा अन्तर्राष्ट्रिय तहमा) केन्द्रीय तहबाट डिजाइन तथा नियमन गर्नुपर्ने हुन्छ । त्यसकारण पाठ्यक्रम विकास, पाठ्यपुस्तक तयारी, शिक्षक विकास तथा मूल्यांकन जस्ता कार्यहरू संघीय सरकारका तहबाट गरिनुपर्ने हुन्छ । यस अतिरिक्त प्रान्तीय तहमा क्षेत्रीय शिक्षा निर्देशनालय तहका निकाय रहने छन् । पाठ्यक्रम विकासका सन्दर्भमा प्रान्तीय तथा स्थानीय सरकार अन्तर्गत स्थानीय पाठ्यक्रमका अवयव पनि रहने छन्, अपितु स्थानीय पाठ्यक्रमको प्रभावकारी प्रयोग संस्थागत क्षमतामा निर्भर रहने छ, जसका सम्बन्धमा संघीय सरकारको भूमिका महत्त्वपूर्ण रहने छ । पाठ्यपुस्तकको छपाइ तथा वितरण, शिक्षक व्यवस्थापन, विद्यालय शिक्षा प्रणालीको व्यवस्थापन तथा कार्यान्वयन र विद्यालय व्यवस्थापन प्रान्तीय र स्थानीय सरकारको जिम्मामा रहने छन् ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन गर्दा प्रान्तीय तथा स्थानीय तहमा क्षमता सम्बन्धी व्यवधान उत्पन्न हुने सम्भावना रहने हुँदा क्षमता विकासको आवश्यकता टड्कारो देखिन्छ । वर्तमान पद्धतिबाट संघीयतामा संक्रमण गर्दा (१) प्रान्तीय तथा स्थानीय तहको संगठनात्मक ढाँचाको डिजाइन गर्न (२) कानूनी आवश्यकता पूरा गर्न (३) क्षमताका अवरोधको सम्बोधन गर्न (४) वर्तमान स्वरूपको रूपान्तरण गर्न केही समय लाग्न सक्छ । त्यति बेलासम्म विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वर्तमान संरचनाकै क्षमता विकास गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यस परिप्रेक्षमा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि थुप्रै कार्यक्रमहरू प्रस्ताव गरिएका छन् (तल हेरौं) ।

## ९.२ विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन व्यवस्था

विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको कार्यान्वयन गर्दा विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन तथा मूल्यांकनका अवधिमा देखापरेका चुनौती र पत्ता लागेका कमी कमजोरीको न्यूनीकरण गर्नुपर्ने छ । शिक्षाको गुणस्तरीय सेवा प्रवाह तथा विद्यार्थीको सिकाइमा उल्लेख्य सुधार गर्दै विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनकारी कार्यसूचीलाई अगाडि बढाउनुपर्ने छ । विद्यालय क्षेत्र विकास कार्यक्रमका अवधिमा संघीयताको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएको छ । परिणामतः राज्यमा संघीय, प्रान्तीय र स्थानीय सरकार स्थापित हुने छन् । यसका लागि विद्यमान कानून तथा नियमन कार्यढाँचामा परिवर्तन गर्नुपर्ने हुन्छ । साथै विभिन्न तहका सरकारको काम, कर्तव्य र अधिकारको बाँडफाँड पनि गर्नुपर्ने हुन्छ । राज्य पुनर्संरचनाले पूर्णता प्राप्त नगरेसम्म विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनको जिम्मेवारी शिक्षा मन्त्रालयले नै वहन गर्नुपर्ने

हुन्छ । यस क्रममा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनको रेखदेख, वित्तीय व्यवस्थापन, खरिद, सुरक्षा, अनुगमन, मूल्यांकन तथा प्रतिवेदनको समग्र जिम्मेवारी शिक्षा मन्त्रालयकै काँधमा रहने छ । अतः प्रमुख कार्यान्वयन निकायका हैसियतले विद्यालय क्षेत्र विकास योजनाका क्रियाकलाप कार्यान्वयनका लागि वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्यक्रम तथा बजेट निर्माण पनि अन्तर्गतका केन्द्रीय निकायहरूको सहयोगमा शिक्षा मन्त्रालयले नै गर्नुपर्ने छ । जिल्ला तथा क्षेत्रीय स्तरका कार्यक्रमको कार्यान्वयन क्रमशः जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयले गर्ने छन् र सोको प्रतिवेदन शिक्षा विभागलाई उपलब्ध गराउने छन् । वार्षिक रणनीतिक कार्यान्वयन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट निर्माणको जिम्मेवारी मुख्यतः शिक्षा विभागको हुने छ । विद्यालय क्षेत्र विकास योजना बजेटको प्रमुख खर्च गर्ने एकाइ सामुदायिक विद्यालय नै हुने छन् । विद्यालय तहका सबै क्रियाकलाप सञ्चालनको जिम्मेवारी विद्यालय व्यवस्थापन समितिमा हुने छ र शिक्षक अभिभावक संघले अनुगमनको जिम्मेवारी बहन गर्ने छ । मुलुकभरका २९ शैक्षिक तालिम केन्द्र र १,०५३ स्रोतकेन्द्रले ती विद्यालयहरूलाई तालिम, व्यवस्थापन तथा अनुगमन कार्यमा सघाउ पुऱ्याउँछन् । विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रम कार्यान्वयन योजना तालिका २ मा प्रस्तुत छ ।

## केन्द्रीय तहको व्यवस्थापन संरचना

विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको प्रभावकारिताका लागि नीतिगत निर्देश प्रदान गर्न तथा नतिजामा आधारित पद्धतिमा कार्यान्वयन तथा अनुगमनमा सहयोग गर्न केन्द्रीय तहका समिति तथा आयोगहरू रहने छन् ।

(क) संशोधित शिक्षा ऐन अनुरूप शिक्षा मन्त्रीको अध्यक्षतामा राष्ट्रिय शिक्षा परिषद् गठन भएको छ । हालको शैक्षिक नीति निर्धारण समितिको काम, कर्तव्य र अधिकारको पुनरावलोकन यसै अनुरूप गरिने छ ।

(ख) मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको बैठक प्रत्येक २ महिनामा बस्दछ । शिक्षा मन्त्रीको अध्यक्षता रहने यस समितिमा शिक्षा सचिव, राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयका प्रतिनिधि सदस्य रहन्छन् । राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक वर्षमा तीन पटक बस्छ, जसको अध्यक्षता प्रधान मन्त्रीले गर्दछन् ।

(ग) विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको समन्वय, अनुगमन कार्यान्वयन प्रगतिको प्रमाणीकरण गर्न एउटा निर्देशन समिति गठन गरिने छ । शिक्षा मन्त्रालय योजना महाशाखा तथा अनुगमन एवम् मूल्यांकन महाशाखाले प्राविधिक सहायता एकाइको सहयोगमा बाह्य सहायताको समन्वय गर्ने छन् । निर्देशन समितिको बैठकको अध्यक्षता शिक्षा सचिवले गर्ने छन् । योजना महाशाखाका सहसचिव यस समितिको सदस्य सचिव रहने व्यवस्था गरिएको छ । शिक्षा मन्त्रालय अनुगमन तथा मूल्यांकन महाशाखाका सहसचिव, शिक्षा विभागका महानिर्देशक, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधि सदस्य रहने छन् । आवश्यकता अनुसार निर्देशन समितिले शिक्षा मन्त्रालयका केन्द्रीय निकायका प्रमुखहरू तथा विकास साझेदारका सम्पर्क बिन्दुलाई पनि बैठकमा आमन्त्रण गर्न सक्ने छ । निर्देशन समितिले विषयगत मुद्दा हेर्नका लागि उपसमिति गठन गर्न सक्छ । यो समिति देहायका कुराहरूका लागि जिम्मेवार रहने छः

- कार्यक्रममा नीतिगत सुधारका लागि निर्देशन प्रदान गर्न,
- समग्र कार्यक्रम कार्यान्वयनको स्थिति अवलोकन गरी कार्यगत निर्देशन प्रदान गर्न,
- विद्यालय क्षेत्र विकास योजनाको वार्षिक बजेट निर्माणका लागि मार्गदर्शन गर्न र वार्षिक कार्यक्रम तथा बजेटको प्राविधिक सहायतामा सरकारी अनुमोदन प्राप्त गर्न,
- समयबद्ध कार्यान्वयनका बाधा व्यवधान हटाउन निर्देशन प्रदान गर्न,
- समय भित्रै वित्तीय व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन सुनिश्चित गर्न,
- संयुक्त लगानी साझेदारसँग सहकार्य सहज गराउन वार्षिक निकासासँग आबद्ध सूचकका सर्त पूरा भए नभएको पुनरावलोकन गर्न,

- अन्तर मन्त्रालय नीति र कार्यान्वयनका महत्त्वपूर्ण मुद्दाको सम्बोधन गर्न,
- मुलुकको संघीय स्वरूपमा रूपान्तरणका कारण आइपर्नसक्ने आवश्यकताको सम्बोधनमा सहजीकरण गर्न ।

यस समितिको बैठक वर्षमा ३ पटक अनिवार्य रूपले बस्ने छ ।

(घ) शिक्षा विभागका महानिर्देशकको अध्यक्षतामा केन्द्रीय निकायका प्रमुखहरू सदस्य रहेको विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन समिति गठन गरिने छ । शिक्षा विभाग कार्यक्रम शाखाका प्रमुख यस समितिका सदस्य सचिव रहने व्यवस्था छ । यसले देहायका काम गर्ने छ:

- कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने
- प्राविधिक सहायता उपयोग गर्ने सम्बन्धमा निर्देशन समितिलाई सिफारिस गर्ने

(ङ) शिक्षा मन्त्रालय, योजना महाशाखा अन्तर्गत उपसचिवको नेतृत्वमा वैदेशिक सहायता समन्वय शाखा रहने छ । यसले विकास साझेदारहरू बीच समन्वय कायम गर्ने छ र वैदेशिक सहायताका लागि सम्पर्क बिन्दुको काम गर्ने छ । यस शाखाले बजेट, आर्थिक व्यवस्थापन, कार्यक्रम अनुगमन तथा सहायता रकम निकासा स्थितिको प्रतिवेदन, वित्तीय व्यवस्थापन तथा लेखा परीक्षण प्रतिवेदन लगायत बाह्य साझेदार सम्बद्ध मुद्दाहरूको व्यवस्थापन गर्ने छ । यस शाखाले निर्देशन समितिको निर्देशनमा देहायका अन्य काम गर्ने छ:

- शिक्षा मन्त्रालयका महाशाखाहरू, शिक्षा विभाग र केन्द्रीय निकाय बीच विद्यालय क्षेत्र विकास योजनाका क्रियाकलापको समन्वय,
- विद्यालय क्षेत्र विकास योजना अन्तर्गत योजनामा परेका अनुसन्धान कार्यमा सहयोग,
- शिक्षा विभाग तथा अन्य केन्द्रीय निकायलाई प्राविधिकहरू करारमा लिन तथा कार्यक्रम कार्यान्वयनमा सहयोग सुनिश्चित गर्न प्राविधिक सहायता एकाइका लागि परामर्शदाता छनोटमा सहयोग,
- विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रम समीक्षा बैठकका लागि संयुक्त वित्तीय साझेदारसँग समन्वय गर्ने र वैदेशिक सहयोग रकम निकासाका सूचक अनुसारका आवश्यकता पूरा गरी बाह्य निकायसँग सहकार्यको सहजीकरण,
- विद्यालय शिक्षा क्षेत्रको वार्षिक प्रगतिको स्थिति प्रतिवेदन तयार पार्नका लागि शिक्षा मन्त्रालय तथा शिक्षा विभाग बीच समन्वय ।

(च) शिक्षा मन्त्रालय वैदेशिक सहायता समन्वय शाखा भित्र एउटा प्राविधिक सहायता एकाइ गठन गरिने छ । यस एकाइले विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सबै प्रकारका प्राविधिक सहायताको व्यवस्थापन गर्न देहायका कार्य गर्ने छ:

- अनुगमन तथा मूल्यांकन महाशाखालाई निकासा सम्बद्ध सूचकहरूका सर्तको परिपालना लगायत विद्यालय क्षेत्र विकास योजनाका सूचक तथा नतिजाको अनुगमन तथा मूल्यांकनमा सहयोग प्रदान गर्ने,
- योजना महाशाखालाई विद्यालय क्षेत्र विकास योजना कार्यक्रम कार्यान्वयनको समन्वय, विकास सहयोग सम्झौताको परिपालना तथा प्राविधिक सहायताको व्यवस्थापनमा सहयोग गर्ने । प्राविधिक सहायता एकाइलाई निर्देशन समितिले सञ्चालन गर्ने छ । यसले वैदेशिक सहायता समन्वय शाखाको उप शाखाका रूपमा काम गर्ने छ । यस एकाइले सरकारका लागि क्षमता तथा संस्थागत विकासका प्राथमिकता अनुसार विद्यालय क्षेत्र विकास योजनाका विभिन्न नीति तथा रणनीतिको डिजाइन, पहुँच, कार्यान्वयन तथा अनुगमन गर्न ठिक समयभित्र गुणस्तरीय प्राविधिक सहायता उपलब्ध गराउन समन्वयकारी भूमिका निर्वाह गर्ने छ । यस एकाइको आर्थिक दायित्व सरकारी र संयुक्त साझेदारहरूको प्राविधिक सहायताबाट व्यहोरिने छ ।

विद्यालय क्षेत्र विकास योजनासँग प्राविधिक सहायता आबद्ध गराउने प्रयत्नकै अंगका रूपमा प्राविधिक सहायताका विभिन्न ढाँचासँग मेल खाने गरी एउटा साझा प्राविधिक सहायता कार्यढाँचाको डिजाइन गरिने छ । यसमा विद्यालय क्षेत्र विकास

योजनाका सबै साझेदारबाट उपलब्ध हुने प्राविधिक सहायता सञ्चालनका लागि साझा कार्यढाँचा कायम गराइने छ। यस एकाइका लागि सरकारले पछि सोधभर्ना लिने गरी सरकारी ढुकुटीबाट रकम उपलब्ध गराउने छ। प्राविधिक सहायता एकाइलाई निकासासँग आबद्ध सूचकहरूसँग सम्बन्धित गतिविधि लगायत प्राविधिक सहायताबाट सञ्चालित क्रियाकलापको सक्षम तथा प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न चाहिने प्राविधिक सहायताको व्यवस्थापनको जिम्मेवारी पनि प्रदान गरिने छ।

(छ) विद्यालय क्षेत्र विकास योजनाको योजनाको समीक्षा योजना महाशाखा र अनुगमन तथा मूल्यांकन महाशाखाले गर्ने छन्। विद्यालय क्षेत्र विकास योजनाको योजना तथा समीक्षाका लागि आवश्यक खर्च प्राविधिक सहायता एकाइ मार्फत उपलब्ध हुने छ।

(ज) शिक्षा विभागले निकासासँग आबद्ध सूचकहरूका आधारमा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने छ। थप अनुगमन तथा सत्यापनको आवश्यकता परेमा शिक्षा विभागले प्राविधिक सहायता एकाइमार्फत सहयोग माग गर्न सक्ने छ।

(झ) विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट हासिल अनुभवका आधारमा संयुक्त मिसन तथा बैठकबाट प्राप्त कार्यादेश अनुसारका काम गर्नका लागि सरकारका प्रतिनिधि, विकास साझेदार तथा प्राविधिक विज्ञ सहितको संयुक्त विषयगत कार्य समूह बनाउन सकिने छ।

(ञ) शिक्षक सेवा आयोगलाई जिल्लाहरूका लागि प्रधानाध्यापक छनोट गर्न जिल्लागत परीक्षा सञ्चालनको जिम्मेवारी प्रदान गरिनेछ।

निकासासँग आबद्ध सूचकहरूसँग सम्बन्धित क्रियाकलाप लगायत प्राविधिक सहायताबाट सञ्चालित कार्यक्रमको सक्षम (समय) र प्रभावकारी (गुणस्तर) कार्यान्वयन सुनिश्चित गर्न संयुक्त लगानी साझेदारहरूलाई प्राविधिक सहायता छनोटको व्यवस्थापनको जिम्मेवारी प्रदान गर्न सकिन्छ।

## जिल्ला तहको व्यवस्थापन संरचना

(क) जिल्ला तहमा विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको प्रमुख जिम्मेवारी जिल्ला शिक्षा अधिकारीको नेतृत्वमा जिल्ला शिक्षा कार्यालयले बहन गर्ने छ। जिल्ला शिक्षा कार्यालयले गाउँपालिका तथा नगरपालिकाहरूलाई राष्ट्रिय स्तरबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न र तिनको क्षेत्राधिकार भित्रका विद्यालय व्यवस्थापनमा नियमनकारी तथा प्राविधिक सहायताको भूमिका निर्वाह गर्ने छन्। जिल्ला शिक्षा कार्यालयहरूमा जिल्ला शिक्षा अधिकारी बाहेकका वरिष्ठ अधिकृतको नेतृत्वमा प्राविधिक समिति गठन गर्न सकिने छ। यस्ता समितिले (१) विद्यालय, शिक्षक, विद्यार्थी लगायत विद्यालय क्षेत्र विकास योजना अनुदानका उपयुक्त लाभान्वितवर्गको पहिचान गर्ने छन् (२) निर्धारित मापदण्ड अनुसार अनुदान प्रदान गर्ने फाराम (award conformation form) तयार पार्ने छन् (३) फाराम अनुसार विद्यालयको सम्बन्धित खातामा रकम निकासा गर्न जिल्ला शिक्षा कार्यालयको लेखा शाखालाई सहयोग उपलब्ध गराउने छन् (४) विद्यालयलाई उपलब्ध गराइएको कोषको उपयोग सम्बन्धी सूचना तथा प्रमाणहरू संकलन गर्ने छन् (५) बैंकबाट प्राप्त सूचनासँग विद्यालयबाट प्राप्त सूचना तथा प्रमाण भिडाउने छन् (६) अनुदान प्राप्तिका लागि योग्यताका मापदण्डको पालनाको स्थिति र अनुदानको उपयोगबारे प्रतिवेदन दिने छन्।

(ख) जिल्ला तहका शैक्षिक तालिम केन्द्रहरूले जिल्ला तथा प्रान्तीय तहमा शिक्षकहरूलाई सेवाकालीन तथा पुनर्ताजगी क्षमता विकासका अवसर प्रदान गर्ने छन्। यस्ता केन्द्रहरूले निरन्तर मूल्यांकन पद्धतिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार र शिक्षकहरूलाई स्वमूल्यांकन तथा सहपाठी मूल्यांकनबाट आफ्नो पेसागत विकासका आवश्यकता पहिचान गर्न मद्दत गरी शिक्षकको क्षमता विकासमा सहयोग गर्ने छन्।

(ग) जिल्ला स्तरका कार्यक्रम कार्यान्वयन गर्न शिक्षा विभागको कार्यात्मक निकायका रूपमा जिल्ला शिक्षा कार्यालयहरूले भूमिका निर्वाह गर्ने छन्। जिल्ला शिक्षा कार्यालयलाई गुनासो व्यवस्थापन तथा विद्यालयहरूको कार्यसम्पादनको नियमित मूल्यांकन गर्ने लगायत स्पष्ट कार्य विवरण प्रदान गरिने छ।

(घ) जिल्ला तहमा अनुदान व्यवस्थापनको सुदृढीकरण गराउनु आवश्यक छ । यसका लागि शिक्षा विभागको मार्ग निर्देशन परिपालना सुनिश्चित हुनुपर्ने छ ।

(ङ) जिल्ला शिक्षा कार्यालयहरूको भूमिकालाई पुनर्परिभाषित गरी तिनलाई शिक्षाको गुणस्तर विकासमा केन्द्रित गराउनु आवश्यक छ ।

## स्थानीय तहको व्यवस्थापन संरचना

गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्न वित्तीय स्रोत जुटाउनु, सञ्चालनको सुपरिवेक्षण गर्नु लगायत प्रशासकीय तथा भैपरी कार्यमा सहयोग गर्नु गाउँपालिका तथा नगरपालिकाको दायित्व हुने छ । शिक्षा लगायतका क्षेत्रमा स्थानीय विकासका लक्ष्य अनुरूप प्रगति सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकनको जिम्मेवारी पनि स्थानीय निकायमै रहन्छ । यसका अतिरिक्त सामाजिक-आर्थिक रूपले पिछडिएका तथा सीमान्तकृत समुदायका विशेष आवश्यकता पूरा गर्न चाहिने रणनीति तथा कार्यान्वयन योजना निर्माणको जिम्मेवारी पनि यही निकायमा रहन्छ । यी रणनीति कार्यान्वयनका लागि स्थानीय निकायले आर्थिक लगानी पनि गर्नुपर्ने हुन्छ ।

## विद्यालय तहको व्यवस्थापन

प्रत्येक विद्यालयमा निर्वाचित अध्यक्ष सहितको विद्यालय व्यवस्थापन समिति रहने छ । विद्यालयको समग्र व्यवस्थापन र शैक्षिक गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी यसै समितिको हुने छ । विद्यालय व्यवस्थापन समितिले शिक्षक तथा स्थानीय सरोकारवालासँग मिलेर प्रामाणिक शैक्षिक व्यवस्थापनको सूचना प्रयोग गरी सुरक्षित विद्यालयको अवधारणा अनुसार शैक्षिक निरन्तरता, प्रतिकार्य र पूर्व तयारीको क्षमता निर्माण आदिलाई ध्यानमा राखेर विद्यालय सुधार योजना निर्माण गर्ने छन् । विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको आन्तरिक व्यवस्थापन तथा दैनिक कार्य सञ्चालनमा शिक्षक अभिभावक संघले सहयोग पुऱ्याउँछ । प्रधानाध्यापकले शिक्षकको कार्य सम्पादन मूल्यांकन, शिक्षकले काममा बिताउने समयको अनुगमन, शिक्षकको सक्षमता विकास आदि लगायत विद्यालयको प्राविधिक पक्षमा ध्यान केन्द्रित गर्छन् ।

विद्यालय क्षेत्र विकास योजना सम्बद्ध विद्यालय तहका अन्य व्यवस्थापन देहाय अनुसार छन्:

(क) विद्यालयको वार्षिक बजेट निर्माणका क्रममा विद्यालयका आवश्यकताको पहिचान र प्राथमिकीकरण (नयाँ भवन निर्माण, उपकरणहरूको आपूर्ति, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला, आदि) तथा प्राविधिक सुपरिवेक्षण मार्फत नियम, निर्देशनको परिपालनाको सुनिश्चितता आदिबाट खरिद प्रक्रियाको सुदृढीकरण गर्ने,

(ख) नमुना विद्यालयहरूबाट शुरू गरी क्रमशः विद्यालयलाई बढी स्वयत्तता प्रदान गर्ने,

(ग) नमुना विद्यालयबाट शुरू गरी क्रमशः सबै विद्यालयमा छुट्टै प्रधानाध्यापकको प्रावधान मार्फत विद्यालय व्यवस्थापनको सुदृढीकरण गर्ने,

(घ) प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन र विद्यालय व्यवस्थापन समितिलाई नीतिगत निर्देशनको जिम्मेवार बनाउने,


(ङ) विद्यालयहरूमा स्वीकृत मापदण्ड अनुसार गैर शिक्षक कर्मचारी उपलब्ध गराउने,

(च) विद्यालयहरूले नियमित रूपमा अभिभावक तथा सरोकारवालालाई वित्तीय तथा शैक्षिक कार्यक्रमबारे जानकारी गराउने,

(छ) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन र जिल्ला तथा स्थानीय विद्यालय व्यवस्थापनका लागि सम्बद्ध निकायहरूलाई जिम्मेवार बनाउने,

(ज) विद्यालयहरूले नियमित रूपले कार्य सम्पादन मूल्यांकन तथा स्वमूल्यांकन गर्नुपर्ने ।

चित्र १ : विद्यालय क्षेत्र विकास योजना कार्यान्वयन व्यवस्थापन




## ९.३ अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन, मूल्यांकन तथा प्रतिवेदनको ठूलो महत्त्व छ। अनुगमन तथा मूल्यांकन प्रणालीले विभिन्न तह र चरणका कार्यक्रम कार्यान्वयन प्रक्रियाको प्रगतिको सूचनाको अभिलेखन, विश्लेषण र प्रबोधीकरण गर्दछ। यसले विद्यालय क्षेत्र विकास योजना कार्यक्रमका सबल र कमजोर पक्षको मूल्यांकन गर्दछ र स्थानीय तहका लक्षित र वास्तविक कार्यान्वयन स्थिति बीचको दूरी पत्ता लगाउँछ। कार्यक्रम कार्यान्वयन स्थलको नियमित निरीक्षण र कार्यान्वयन स्थितिको त्रैमासिक एवम् वार्षिक समीक्षा गरिने छ र प्रगति अभिलेखनका लागि फ्ल्यास प्रतिवेदन तथा आर्थिक अनुगमन प्रतिवेदन प्रकाशित गरिने छ। निर्माणात्मक लगायतका अनुसन्धान गराएर विश्लेषणात्मक क्षमता सुदृढीकरण गरिने छ। वास्तवमा योजना गरिए अनुरूप कार्यक्रम सञ्चालन भइरहेको छ छैन र योजनाले अपेक्षा गरे अनुरूपको नतिजा हासिल भएको छ छैन भन्ने तथ्य सुनिश्चित गर्न अनुगमन तथा मूल्यांकन गरिने हो। यसका लागि कार्यक्रमको आधार रेखा, मध्यावधिक र अन्तिम मूल्यांकनका साथै सेवाग्राही सन्तुष्टि सर्भे पनि गराइने छ।

केन्द्रीय निकायबाट विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, (नासा), प्रारम्भिक कक्षा पढाइको मूल्यांकन (एग्रा), समुदायमा आधारित प्रारम्भिक कक्षा पढाइको मूल्यांकन र विद्यालयमा आधारित परीक्षणका माध्यमबाट विद्यार्थीका सिकाइ उपलब्धिको मूल्यांकन गराइने छ । शैक्षिक व्यवस्थान सूचना प्रणालीका माध्यमबाट विद्यालय बाहिर रहेका बालबालिका, अपांगता भएका बालबालिका आदिको सूचना संकलन गरिने छ । अन्य सान्दर्भिक सूचना प्रणालीसँग सम्बन्ध स्थापित गराई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरिने छ । विद्यालय सुधार योजनालाई विद्यार्थीको सिकाइको सुधार, शिक्षक सहयोग तथा तालिमको आवश्यकता पहिचान एवम् शिक्षण सिकाइ प्रणालीको अनुगमनको साधनका रूपमा प्रयोग गरिने छ ।

## कार्यक्रमका क्रियाकलापहरू

(क) राष्ट्रिय योजना आयोगको प्राविधिक सहायताबाट स्वतन्त्र सहजकर्ता उपलब्ध गराई कार्यक्रम कार्यान्वयन सँगसँगै योजनाका विभिन्न प्रमुख नतिजामा विद्यालय क्षेत्र विकास योजनाको प्रभाव मूल्यांकन गर्ने लगायत अनुसन्धानमा आधारित अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरिने छ ।

(ख) विद्यार्थीको सिकाइको मूल्यांकन लगायत शिक्षा प्रणालीको स्वतन्त्र मूल्यांकन तथा समीक्षाका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

(ग) नीति निर्माण तहको शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ बनाई यसलाई शिक्षा विभागको शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य शैक्षिक सूचना प्रणालीसँग आबद्ध गराइने छ र निर्माणात्मक अनुसन्धानको क्षमता अभिवृद्धि गरिने छ ।

(घ) प्रमाणमा आधारित नीति तथा योजना निर्माणका लागि नीति निर्माण तहमा संस्थागत अनुसन्धान र विश्लेषणको सुदृढीकरण गरिने छ ।

(ङ) शिक्षा क्षेत्रको संघीयकरणको आवश्यकता सम्बोधन गर्न ३ वर्षे संस्थागत क्षमता विकास कार्यक्रम प्रतिविम्बित गराई विद्यालय क्षेत्र विकास योजनाको मध्यावधिक मूल्यांकनको डिजाइन तयार पारिने छ ।

(च) विद्यालय शिक्षा क्षेत्रका लागि समग्र सूचना प्रणालीको विकास गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, प्रारम्भिक कक्षा पढाइको मूल्यांकन, अनौपचारिक शिक्षा, कक्षा ११ र १२ का परीक्षा सम्बन्धी सूचना तथा विपत् जोखिम न्यूनीकरणका सूचक समेत समायोजन गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको स्थापना गरिने छ ।

(छ) विद्यालयमा अनुकूल वातावरणका लागि न्यूनतम पूर्वाधारहरू, विषय शिक्षकको उपलब्धता, छात्रवृत्ति, विद्यालयका पूर्वाधारको स्थिति तथा विद्यार्थीको सिकाइ उपलब्धि जस्ता शिक्षाका प्रमुख नतिजाका सूचक सम्बद्ध सूचना समेत समेटेर शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा अन्य शैक्षिक सूचना प्रणालीको सुदृढीकरण गरिने छ ।

(ज) सरकारका केन्द्रीय र विकेन्द्रित योजना तथा बजेट प्रक्रियामा असमानता घटाउने सूचना प्रदान गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सबै तहका समता सूचकांकलाई पूर्ण रूपले समावेश गराइने छ ।

(झ) शैक्षिक कार्यक्रमको आवधिक मूल्यांकनका लागि कार्यढाँचाको डिजाइन र विकास गरिने छ ।

(ञ) निर्माणात्मक अनुसन्धान तथा ग्राहक सन्तुष्टि सर्भे गराइने छ ।

(ट) पुनर्लाभ, पुनर्निर्माण तथा विपत् जोखिम न्यूनीकरणको अनुगमनमा सघाउ पुग्ने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरिने छ ।

(ठ) निरन्तर मूल्यांकन, कक्षामा आधारित मूल्यांकन र प्रारम्भिक कक्षा पढाइको मूल्यांकनको कार्यान्वयनबाट विद्यार्थी मूल्यांकन प्रणालीको सुधार गरिने छ ।

(ड) सिकाइको तथ्यांकलाई (कक्षा १० तथा एग्राको सूचना) शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गराइने छ ।

(ढ) प्रत्येक विद्यालयको प्रगति अनुगमन गर्न विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणालीको वेबसाइट स्थापना गरिने छ ।

(ण) शिक्षा प्रणालीका सूचना सार्वजनिक डोमेनमा उपलब्ध गराई पारदर्शिता प्रवर्धन गरिने छ।

(त) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोगबाट क्षेत्रीय, जिल्ला तथा विद्यालय तहमा स्वचालित प्रोफाइल कार्ड निर्माण गरी जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र तथा विद्यालय सुधार योजनाका लागि सूचना प्रदान गर्न विद्यालय तथा जिल्ला प्रोफाइल कार्डको विश्लेषणको साधन विकास गरिने छ।

(थ) जिल्ला तथा उप जिल्ला तहमा विद्यालयमा अनुदान वितरणको सूत्रका बारेमा जानकारी गराउन समता सूचकांकका आधारमा जिल्ला तथा विद्यालयको तुलना तथा वर्गीकरण गरिने छ।

(द) शिक्षकले काममा बिताउने गरेका समयको अनुगमन तथा भौतिक मर्मत सम्भारको मूल्यांकनका लागि तथ्यांक संकलनको नयाँ प्रविधिको परीक्षण र कार्यान्वयन गरिने छ।

(ध) जिल्ला, गाउँ र विद्यालयको प्रोफाइल प्रयोग गरी विद्यालय तहका विद्यालय बाहिर रहेका बालबालिका सम्बन्धी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेको सूचनाको सत्यापन गरिने छ।

(न) विद्यार्थीको मातृभाषा र विद्यालयमा प्रयोग गरिने भाषा तथा जनजाति एवम् जातजातिबारे सूचना संकलन गर्दै सार्वजनिक प्रतिवेदन पद्धतिलाई स्तरीकृत गरिने छ ।

## क्रियाकलाप र लागत

विद्यालय क्षेत्र विकास योजना अन्तर्गत योजना गरिएको अनुगमन तथा मूल्यांकन कार्य योजना कार्यान्वयनका लागि कार्यक्रम अवधिको पाँच वर्षका लागि कुल ७.२६ मिलियन अमेरिकी डलर खर्च हुने आँकलन गरिएको छ।

## तालिका ९.१ अनुगमन तथा मूल्यांकन कार्यक्रमका क्रियाकलापको वर्षगत लक्ष्य

| क्रियाकलाप | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| **नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणाली** | | | | | | |
| विद्यार्थीहरूको राष्ट्रिय उपलब्धि मूल्यांकन तथा प्रारम्भिक कक्षा पढाइ मूल्यांकनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता विकास | चक्र | १ | १ | | | |
| शिक्षा विभागमा भौगोलिक सूचना प्रणाली (GIS) को सुदृढीकरण | संख्या | | १ | १ | | |
| कक्षा ५, ८ र १० (नासा) का लागि प्रश्न बैंक तयारी | चक्र | १ | | | १ | |
| कक्षा र तहगत विशिष्ट सिकाइ सक्षमताका मापदण्डको निर्माण (नासा र प्रारम्भिक कक्षा पढाइ मूल्यांकनमा आधारित) | संख्या | १ | | | | |
| नासाको कार्यान्वयन | चक्र | | १ | १ | १ | १ |
| **शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण** | | | | | | |
| एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बद्ध उपलब्धी आवश्यकता पहिचान तथा सफ्टवेयरको विकास सम्बन्धी प्रतिवेदनको पुनरावलोकनका आधारमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सम्भाव्यता अध्ययन | अध्ययन | १ | | | | |
| एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सफ्टवेयरको परीक्षण तथा कार्यान्वयन | चक्र | | १ | १ | १ | १ |
| नीति नियमको पालना भए नभएको बारेमा क्षेत्रीय शिक्षा निर्देशनालयहरूबाट अनुगमन | विद्यालय | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० |
| **व्यवस्थापन तथा अनुगमन** | | | | | | |
| **जिल्ला तह** | | | | | | |
| जिल्ला स्तरीय अनुगमन तथा मूल्यांकन | जिल्ला | ८० | ८० | ८० | ८० | ८० |
| स्रोत व्यक्तिहरूको पारिश्रमिक | स्रोत व्यक्ति | १,०५३ | १,०५३ | १,०५३ | १,०५३ | १,०५३ |
| जिल्ला तथा क्षेत्रीय तहका राम्रा अभ्यासहरूको पहिचान, प्रकाशन तथा प्रबोधीकरण | जिल्ला | ८० | ८० | ८० | ८० | ८० |
| स्रोतकेन्द्र तथा निरीक्षण क्षेत्रको सुदृढीकरण | केन्द्र | १,४३३ | १,४३३ | १,४३३ | १,४३३ | १,४३३ |

| क्रियाकलाप | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| विद्यालय स्तरीय | | | | | | |
| क्षेत्रीय शिक्षा निर्देशनालयहरू मार्फत आर्थिक तथा सामाजिक परीक्षणको स्थितिको (नमुनाका रूपमा) अध्ययन तथा प्रतिवेदन | प्रतिवेदन | १ | १ | १ | १ | १ |
| क्षेत्रीय शिक्षा निर्देशनालयहरू मार्फत रकम प्रवाह अनुगमन सर्भे तथा प्रतिवेदन | सर्वेक्षण | १ | १ | १ | १ | १ |
| **नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणाली** | | | | | | |
| नासा तथा प्रारम्भिक कक्षा पढाइको मूल्यांकनको व्यवस्थापन गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको निरन्तर क्षमता विकास | चक्र | १ | १ | | | |
| शिक्षा विभागको भौगोलिक सूचना प्रणालीको क्षमता सुदृढीकरण | चक्र | | १ | १ | | |
| कक्षा ५,८ र १० का लागि प्रश्न बैंकको तयारी (नासा) | चक्र | १ | | | १ | |
| कक्षा र तहगत विशिष्ट सिकाइ सक्षमताका लागि मापदण्ड निर्माण (नासा तथा प्रारम्भिक कक्षा पढाइको मूल्यांकनका आधारमा) | संख्या | १ | | | | |
| नासाको कार्यान्वयन | चक्र | | १ | १ | १ | १ |

## तालिका ९.२ सुशासन तथा व्यवस्थापन

### कार्यक्रमका क्रियाकलापका लागि खर्च (अमेरिकी डलर दश लाखमा)

| क्रियाकलाप | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| **कार्यक्रम खर्च** | | | | | | | |
| नीति नियमको पालना भए नभएको सम्बन्धमा क्षेत्रीय शिक्षा निर्देशनालयहरूबाट अनुगमन | ०.०४ | ०.०४ | ०.०४ | ०.०५ | ०.०५ | ०.२२ | ०.१२ |
| नासा तथा प्रारम्भिक कक्षा पढाइको मूल्यांकनका लागि निरन्तर रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको क्षमता विकास | ०.०१ | ०.०१ | - | - | - | ०.०२ | ०.०२ |
| एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सम्बद्ध उपलब्ध आवश्यकता पहिचान तथा सफ्टवेयरको विकास सम्बन्धी प्रतिवेदनको पुनरावलोकनका आधारमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सम्भाव्यता अध्ययन | - | ०.१० | - | - | - | ०.१० | ०.१० |
| कक्षा र तहगत विशिष्ट सिकाइ सक्षमताका मापदण्डको निर्माण (नासा र प्रारम्भिक कक्षा पठन मूल्यांकनमा आधारित) | ०.००५ | - | - | - | - | ०.००५ | ०.००५ |

| क्रियाकलाप | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| क्षेत्रीय शिक्षा निर्देशनालयहरू मार्फत रकम प्रवाहको (प्रभावकारिता तथा व्यवस्थापन) सर्भे तथा प्रतिवेदन | ०.००५ | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०३ | ०.०२ |
| क्षेत्रीय शिक्षा निर्देशनालय तथा जिल्लाहरूका राम्रा अभ्यासहरूको पहिचान, प्रकाशन तथा प्रबोधीकरण | ०.०८ | ०.०८ | ०.०९ | ०.१० | ०.१० | ०.४५ | ०.२५ |
| कक्षा ५, ८ र १० का लागि प्रश्न बैंकको तयारी (नासा) | ०.०१ | - | - | ०.०१ | - | ०.०२ | ०.०१ |
| जिल्लास्तरमा अनुगमन तथा मूल्यांकन | ०.२१ | ०.२३ | ०.२५ | ०.२७ | ०.२९ | १.२४ | ०.६९ |
| नासा कार्यान्वयन | - | - | ०.१२ | ०.१३ | ०.१४ | ०.४० | ०.१२ |
| शिक्षा विभागको भौगोलिक सूचना प्रणालीको सुदृढीकरण | - | ०.०२ | ०.०२ | - | - | ०.०४ | ०.०४ |
| स्रोतकेन्द्र तथा निरीक्षण क्षेत्रहरूको सुदृढीकरण | ०.६८ | ०.७४ | ०.८० | ०.८६ | ०.९३ | ४.०० | २.२२ |
| क्षेत्रीय शिक्षा निर्देशनालयहरू मार्फत आर्थिक तथा सामाजिक परीक्षणको स्थितिको अध्ययन र प्रतिवेदन (नमुनाका रूपमा) | ०.००२ | ०.००३ | ०.००३ | ०.००३ | ०.००३ | ०.०१४ | ०.००८ |
| एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सफ्टवेयरको परीक्षण तथा कार्यान्वयन | - | - | ०.०१ | ०.०१ | ०.०१ | ०.०४ | ०.०१ |
| **तलब तथा पारिश्रमिक** | | | | | | | |
| स्रोत व्यक्तिहरूका लागि तलब | ३.१८ | ५.२५ | ५.६७ | ६.१२ | ६.६१ | २६.८३ | १४.१० |
| **जम्मा** | ४.२२ | ६.४८ | ७.०१ | ७.५६ | ८.१५ | ३३.४१ | १७.७१ |

## ९.४ वित्तीय व्यवस्थापन

### अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय

विगत केही दशकदेखि शिक्षा मन्त्रालय र यसका विकास साझेदारले वैदेशिक सहायताको प्रभावकारिताको सिद्धान्तमा आधारित रहेर शिक्षा क्षेत्रको विकासमा बाह्य स्रोतको प्रभावकारिता वृद्धि गर्न सघाउने क्षेत्रगत पद्धतिको अभ्यास गर्दै आएका छन् । सहयोगको यस पद्धति अनुसार बहुपक्षीय, द्विपक्षीय तथा संयुक्त राष्ट्र संघीय निकायहरूले संयुक्त र एकल (pooled and non-pooled) सहयोग उपलब्ध गराउँछन् । आधारभूत तथा प्राथमिक शिक्षा, सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार कार्यक्रम आदिको कार्यान्वयनबाट हासिल अनुभवका आधारमा यस क्षेत्रलाई संयुक्त रूपले मार्गनिर्देश गर्दछन् । विद्यालय क्षेत्र विकास योजनामा पनि शिक्षा मन्त्रालय र यसका विकास साझेदारले खास गरी योजना तर्जुमा र वार्षिक रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा संयुक्त पुनरावलोकन, अनुगमन तथा परामर्शबाट यस पद्धतिलाई निरन्तरता प्रदान गर्ने भएका छन् ।

विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत बाह्य सहयोगमा देखिएको घट्दो प्रवृत्तिको परिणाम स्वरूप शिक्षा क्षेत्रको बजेटमा भइरहेको वृद्धिले नेपाल सरकार शिक्षालाई प्राथमिकताको क्षेत्रका रूपमा स्थापित गर्न प्रतिबद्ध रहेको तथ्य उजागर भएको छ । यसले यस क्षेत्रमा दिगोपना सुनिश्चित भएको देखाउँछ । विद्यालय क्षेत्र विकास योजना कार्यक्रममा शिक्षा मन्त्रालय र यसका विकास साझेदारले संयुक्त र एकल दुबै खाले बाह्य सहयोग प्रवाह गर्ने पद्धतिलाई अझ सुदृढ गराई विद्यालय क्षेत्र सुधार कार्यक्रममा सुरु गरिएको सुधार प्रक्रियालाई संस्थागत गर्दै जाने लक्ष्य लिएका छन् । विकास साझेदारहरूले विद्यालय क्षेत्र विकास योजनालाई संयुक्त वित्तीय व्यवस्था (Joint Financial Arrangement – JFA), संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्था (Joint Direct Financial Arrangement - JDFA) र मुख्य कार्य सम्पादन सूचक तथा प्रणाली सूचक मार्फत (कार्यक्रम तथा

नतिजा तालिकामा आधारित) सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यसको उद्देश्य संयुक्त रूपले सहमति गरिएका लक्ष्यमा स्रोतलाई आबद्ध गरी समता, पहुँच, गुणस्तर र दक्षताका दृष्टिले शिक्षा क्षेत्रलाई सुदृढ गराउनु रहेको छ ।

संयुक्त वित्तीय व्यवस्थाले विद्यालय शिक्षा क्षेत्रमा संयुक्त कोषको परिचालन गर्दछ भने संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थाले विद्यालय क्षेत्र विकास योजनाका लागि पहिचान गरिए अनुसार ननपुल सहयोग वा सोझै भुक्तानी लगायत प्राविधिक सहायताको व्यवस्था गर्छ। संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थाको उपयोग विद्यालय क्षेत्र विकास योजनाको क्षेत्रगत पद्धतिको समन्वय संयन्त्र, संयुक्त समीक्षा, अनुगमन तथा सूचकहरूको सत्यापन र कार्यक्रमको समग्र कार्य सम्पादन आदिमा समेत हुन्छ।

विद्यालय क्षेत्र विकास योजनाका अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वयका उद्देश्य देहाय अनुसार छन्:

- शिक्षा क्षेत्रका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु,
- शैक्षिक नीति निर्देशका लागि पर्याप्त स्रोत उपलब्ध गराउनु,
- उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापन गर्नु, र
- विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षमता र प्रभावकारितामा सुधार गर्नु ।

विद्यालय क्षेत्र विकास योजनाका अन्तर्राष्ट्रिय आर्थिक सहयोग तथा समन्वय सुधारका रणनीतिहरू देहाय अनुसार छन्:

(क) विकास साझेदारहरूबाट उपलब्ध सबै वैदेशिक सहायता तथा प्राविधिक सहायताको समन्वय शिक्षा मन्त्रालयको वैदेशिक समन्वय शाखा मार्फत हुने कुराको सुनिश्चितता गर्ने,

(ख) संयुक्त अनुगमन, परामर्श, विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयारी आदि कार्यक्रममा वैदेशिक समन्वय शाखालाई आवश्यक प्राविधिक सहायता उपलब्ध गराई निकासासँग आबद्ध सूचकका प्रगतिको सत्यापनका आधारमा प्रतिबद्धता अनुरूप संयुक्त कोष प्रवाहको सहजीकरण गर्नु,

(ग) कार्यक्रम तथा नतिजा तालिकाको उप समूह (अनुसूची २) मा पर्ने प्रणाली तथा कार्यसम्पादन सूचकको एकल समूह स्थापित गरी सरकारको राष्ट्रिय तथा क्षेत्रीय प्राथमिकतासँग तालमेल कायम गर्दै विकास साझेदारको कोष तथा प्राविधिक सहायताको समन्वय गर्ने, जसले विकास साझेदारको आवश्यकता अनुसार नतिजामा आधारित सहयोगलाई मद्दत गर्ने छ ।

(घ) विकास साझेदारले उपलब्ध गराएका सहयोग तथा प्राविधिक सहायतालाई शिक्षा मन्त्रालयको वार्षिक रणनीतिक कार्ययोजना र वार्षिक कार्यक्रम तथा बजेटमा समायोजन गरी प्रशासनिक खर्च घटाएर प्रत्यक्ष सहयोग र प्राविधिक सहायताको प्रभावकारिता एवम् दक्षता अभिवृद्धि, योजना तर्जुमा, व्यवस्थापन, अनुगमनका लागि एउटा संयुक्त समन्वय संयन्त्रको स्थापना गर्ने,

(ङ) विद्यालय क्षेत्र विकास योजनाको उपलब्ध सहयोगको समन्वयका लागि सबै विकास साझेदारको सहमतिमा एउटा आचार संहिता तथा संयुक्त वित्तीय व्यवस्थाको स्थापना गरिने छ। संयुक्त वित्तीय व्यवस्थापनमा कार्यक्रम तथा नतिजा तालिकामा सबै साझेदारका सरोकार समेट्न लचकतायुक्त कार्यसम्पादन सूचकको एकल समूहको समावेश गर्ने,

(च) शिक्षा मन्त्रालयले दातृनिकायले प्रदान गर्ने कुल सहयोगको १० प्रतिशतमा ननाघ्ने गरी परिचालन गर्न पाउने गरी निर्माण गरिएको प्राविधिक सहायताका क्षेत्रगत पुलको कार्यढाँचा लगायत समग्र प्राविधिक सहायता तथा प्रत्यक्ष सहायतालाई संयुक्त प्रत्यक्ष वित्तीय व्यवस्थापनमार्फत मिलान गर्ने,

(छ) राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, महालेखा परीक्षकको कार्यालय तथा अन्य सम्बद्ध निकायसँग प्रभावकारी सञ्जालको विकास गर्ने तथा सुमधुर सम्बन्ध तथा समन्वय कायम गर्ने,

(ज) विकास साझेदारहरू (अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत) का लागि सहकार्य गर्ने र अन्तरनिकाय विश्वसनीय एवम् सकारात्मक तथा अनुकूल वातावरणको प्रवर्धन गर्न आचार संहिता पालनाको सुनिश्चितता गर्ने,

(झ) प्राविधिक छलफलका लागि विषयगत कार्य समूहको अभ्यासलाई निरन्तरता प्रदान गरिने छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमबाट सिकिएका पाठका आधारमा त्यस्ता समूहहरूको निर्माण केबल सरकार तथा विकास साझेदार मात्र नभई

नेपालका विश्वविद्यालय, अनुसन्धानका निकाय आदिको समेत प्रतिनिधित्व गराई छलफललाई अझ सघन बनाउनुका साथै संस्थागत सिकाइलाई निरन्तरता प्रदान गर्ने,

(ञ) गुणस्तर सुधार गर्न केन्द्रीय निकायसँग साझेदारीका लागि प्राविधिक सहायताको समन्वय गर्न प्राविधिक सहायताको संयन्त्र निर्माण गर्ने ।

## विद्यालय क्षेत्र विकास योजनाका बजेट शीर्षकहरू

विद्यालय क्षेत्र सुधार योजनाबाट विद्यालय क्षेत्र विकास योजनामा संक्रमण गर्दा विगतका अनुभवका आधारमा बजेट शीर्षक तथा संकेतमा अनुकूलन कायम गरी क्षेत्रगत तथा अवयवगत बजेट वितरण गर्न सहज भएको छ । विकास साझेदारले प्रदान गर्ने वित्तीय सहयोगका लागि विद्यालय क्षेत्र विकास योजनाका परिमार्जित बजेट शीर्षक संयुक्त वित्तीय व्यवस्थापनमा समायोजन गरिने छ । देहायको प्रयोजनका लागि विद्यालय क्षेत्र विकास योजना बजेट वर्गीकरण गरिने छः

- विद्यालय शिक्षा उपक्षेत्रका लागि कुन शीर्षकमा कति बजेट छुट्याइएको थियो र कति खर्च गरियो भन्ने निर्धारण गर्न,
- प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षादेखि माध्यमिक तहसम्म बजेट शीर्षकमा दोहोरोपना हटाउन,
- संयुक्त वित्तीय व्यवस्थापन साझेदारले छुट्टै कोष उपलब्ध गराएका परियोजनाका लागि, केन्द्रीय निकायका लागि तथा जिल्ला स्तरमा नतिजामा आधारित बजेट कार्यक्रमका लागि छुट्टै बजेट शीर्षक प्रदान गर्न,
- सम्भव भएसम्म बजेट शीर्षक कम गर्न,
- शिक्षकहरूको पेन्सन आदि खर्च विद्यालय क्षेत्र विकास योजनाको बजेट भन्दा बाहिर राख्न ।

## आर्थिक प्रतिवेदन

नेपालको सार्वजनिक क्षेत्रको लेखा प्रणालीका मापदण्ड (NPSAS) अनुसार नगदमा आधारित आर्थिक प्रतिवेदन तयार पारिने छ । लेखा परीक्षणको सरकारी मापदण्ड अनुसार महालेखा परीक्षकको कार्यालयले आर्थिक प्रतिवेदनको लेखा परीक्षण गर्ने छ । लेखा परीक्षकले खर्च गर्ने निकायद्वारा प्रतिवेदन तयारीको अवधि भित्र सबै स्रोतबाट प्राप्त रकमको खर्च निर्धारित कार्य सर्त र प्रचलित ऐन नियमको पूर्ण पालनासाथ गरे नगरेको समीक्षा गर्ने छ । यस अन्तर्गत विद्यालय क्षेत्र विकास योजना अन्तर्गत शिक्षा मन्त्रालयले समर्थन गरेका सबै क्रियाकलापमा भएका सबै खर्च समेटिन्छन् । प्रत्येक आर्थिक वर्ष व्यतीत भएको ९ महिना भित्र महालेखा परीक्षकको अन्तिम प्रतिवेदन लेखा परीक्षकको प्रतिक्रिया सहित संयुक्त वित्तीय व्यवस्थापनका साझेदार समक्ष प्रस्तुत गरिने छ । प्रतिवेदन प्रस्तुत गर्दा संयुक्त वित्तीय व्यवस्थापनका साझेदारका सरोकारलाई सम्बोधन गरिने छ ।

## खरिद तथा वित्तीय व्यवस्थापन अनुगमन संयन्त्र

विद्यालय क्षेत्र विकास योजनाको वित्तीय व्यवस्थापन सुदृढीकरण रणनीति देहाय अनुसार छन्:

(क) शिक्षा मन्त्रालयको लेखा प्रणालीको सुदृढीकरणका साथै महालेखा नियन्त्रकको कार्यालयको कम्प्युटरीकृत सामान्य लेखा प्रणाली (CGAS) अवलम्बन गरी हस्तलिखित प्रणालीमा हुने प्रतिवेदन संकलनको झन्झट र ढिलासुस्ती हटाई निर्धारित समयभित्रै प्रतिवेदन उपलब्ध गराउने,

(ख) विद्यालय क्षेत्र विकास योजनाका विभिन्न क्रियाकलाप प्रतिविम्बित हुने गरी बजेट संकेतको पुनर्वर्गीकरण गर्ने,

(ग) शिक्षा मन्त्रालय भित्र एउटा वित्तीय व्यवस्थापन तथा अनुगमन एकाइ गठन गर्ने

(घ) जिल्ला शिक्षा कार्यालयहरूमा पर्याप्त संख्यामा वित्तीय व्यवस्थापन तथा खरिद सम्बन्धी कर्मचारीको व्यवस्था गर्ने,

(ङ) लेखा प्रणालीमा हुने सम्भावित अनियमितताको वार्षिक समीक्षा गर्ने ।

# १०. वित्तीय व्यवस्था

## १०.१ परिचय

शिक्षाको वित्तीय प्रणालीमा केन्द्रीय, प्रान्तीय तथा स्थानीय सरकारका साथै समुदायको साझेदारी रहने छ । स्रोत साधनको परिचालनका लागि सरकारको दृढ प्रतिबद्धता, निजी क्षेत्रसँग साझेदारीको प्रबन्ध र स्थानीय सरकार तथा समुदायबीच खर्च साझेदारीको व्यवस्थाको आवश्यकता पर्ने छ । यस्ता बहुपक्षीय पद्धति केवल कोष संकलनका लागि मात्र नभई प्रमुख साझेदारहरू बीच सुदृढ स्वामित्व तथा जबाफदेहिताको अभिवृद्धिका लागि पनि आवश्यक पर्ने छ । वित्तीय व्यवस्थापन, प्रतिवेदनको तयारी तथा सामाजिक परीक्षणलाई संस्थागत गर्ने सम्बन्धमा स्थानीय सरकारको क्षमता वृद्धि विद्यालय क्षेत्र विकास योजनाको अर्को महत्त्वपूर्ण पक्ष हो । समता रणनीति (शिक्षा विभाग, २०१४) को कार्यान्वयन र न्यायोचित स्रोत विनियोजनका लागि समतामा आधारित सूत्रको सुदृढीकरण गरी गुणस्तरीय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्न शैक्षिक लगानीको प्राथमिकीकरण गर्नु अति आवश्यक छ ।

## १०.२ उद्देश्य, नीति निर्देश तथा रणनीतिहरू

**विद्यालय क्षेत्र विकास योजनाका लागि वित्तीय नीतिका उद्देश्य देहाय अनुसार छन्:**

- शैक्षिक विकासका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु,
- शैक्षिक नीति निर्देशका लागि पर्याप्त स्रोत साधन उपलब्ध गराउनु,
- उपलब्ध स्रोत साधनको प्रभावकारी व्यवस्थापन गर्नु ।

**विद्यालय क्षेत्र विकास योजनाको वित्तीय व्यवस्था सम्बन्धी नीति निर्देशहरू देहाय अनुसार छन्:**

(क) एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा समेत विद्यालय शिक्षाको समग्र आर्थिक दायित्व सरकारले व्यहोर्ने,

(ख) संघीय, प्रान्तीय तथा स्थानीय सरकारहरू बीच लागत साझेदारी गर्ने,

(ग) सरकारी शैक्षिक अनुदान खर्च गर्ने प्रमुख एकाइ विद्यालय भएकाले शिक्षाको न्यूनतम गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाउने,

(घ) शैक्षिक लगानीमा निजी तथा सार्वजनिक निकायको भूमिका बढाउने,

(ङ) पहुँच तथा गुणस्तरको सुधारजस्ता प्राथमिकता क्षेत्रमा बाह्य सहयोग जुटाउने,

**विद्यालय क्षेत्र विकास योजनाका लागि वित्तीय व्यवस्था सम्बन्धी रणनीतिहरू देहाय अनुसार छन्:**

(क) सूत्रमा आधारित स्रोत विनियोजन (जस्तैः आधारभूत/प्रतिबद्ध अनुदान, प्रोत्साहन अनुदान, विशेष प्याकेज अनुदान) पद्धतिलाई अंगीकार गर्ने,

(ख) नतिजामा आधारित स्रोत विनियोजन पद्धतिलाई अंगीकार गर्ने,

(ग) संघीय, प्रान्तीय तथा स्थानीय सरकारहरूका भूमिका तथा जिम्मेवारीमा समन्जस्य कायम गर्न शिक्षा क्षेत्रमा समग्र लगानीको ढाँचाको कार्यान्वयन गर्ने,

(घ) ठूला, आवासीय तथा विशेष आदि विद्यालयहरूको विकास, त्यस्ता विद्यालयका लागि प्रति एकाइ लागत अनुमान तथा एकमुष्ट अनुदान वितरणको मानकका रूपमा अनुमोदन गरिएका न्यूनतम मापदण्ड कायम गर्न र लगानीको प्रतिफल सुनिश्चित गर्न लागत/प्रतिफल विश्लेषणको प्रणालीको विकास गर्ने,

(ङ) सार्वजनिक खर्चको अनुगमन सर्वेक्षण, सेवा प्रवाह सर्वेक्षण, नियमित अनुगमन, सार्वजनिक सुनुवाइ र जिल्ला तथा विद्यालय तहमा प्रतिवेदन प्रवोधीकरण मार्फत प्रत्येक विद्यालयमा असल शासन तथा वित्तीय अनुशासन सुनिश्चित गर्ने,

(च) स्वीकृत सूचकका आधारमा विद्यालय क्षेत्र विकास योजनाको बाह्य लगानीको प्रतिफलको वार्षिक अनुगमन गर्ने तथा नतिजामा आधारित स्रोत विनियोजन प्रणाली लागु गरी लगानीको मूल्य प्रति उत्तरदायित्व सुनिश्चित गर्ने,

(छ) सरकारको वित्तीय व्यवस्थापन प्रणाली तथा सार्वजनिक खरिद प्रणालीको दृढताका साथ परिपालना गर्ने,

(ज) योजना र बजेट तर्जुमा चक्रसँग अनुकूलन हुने गरी बाह्य सहायताको समग्र प्रतिबद्धता तथा अतिरिक्त ननपुल स्रोतको प्रतिबद्धता निर्धारित समय भित्रै उपलब्ध हुने सुनिश्चितता गर्ने,

(झ) संयुक्त वित्तीय व्यवस्थापन प्रणाली प्रतिको बढ्दो लगानीका साथै आचार संहिताको परिपालना र साझा व्यवस्थापन एवम् प्रक्रियाको प्रवर्धन गर्ने ।

## १०.३ शिक्षा खर्च

### नीतिहरू

(क) एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा लगायत विद्यालय शिक्षाका लागि संघीय तथा प्रान्तीय सरकारले लागत साझेदारी गर्ने छन् । शिक्षा प्राप्ति नागरिक अधिकार हो भन्ने प्रतिबद्धता अनुरूप नेपालको कुल गार्हस्थ उत्पादनमा शिक्षा बजेटको अनुपात ४ प्रतिशत कायम गरिने छ । कुल राष्ट्रिय बजेटको न्यूनतम १५ प्रतिशत शिक्षाको बजेटमा विनियोजन गरिने छ ।

(ख) शिक्षामा लगानी गर्दा प्रत्येक विद्यालयमा अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार पूरा गर्न, कार्य सम्पादनमा सुधारका लागि आवश्यक व्यवस्था मिलाउन तथा त्यस्ता मापदण्ड पूरा गर्न उपलब्ध स्रोत साधनले नपुग हुने विद्यालयलाई समताका आधारमा थप स्रोत उपलब्ध गराउन विद्यालयलाई खर्च एकाइ मानिने छ ।

(ग) सामाजिक आर्थिक रूपले पिछडिएका तथा सीमान्तकृत समूहका विद्यार्थीको शिक्षामा सहज पहुँच सुनिश्चित गर्न माध्यमिक शिक्षामा निजी सार्वजनिक साझेदारीको प्रवर्धन गरिने छ ।

(घ) सरकारको वैदेशिक सहायता नीति (MoF, 2014) को परिधि भित्र रही सरकारको प्रमुख सुधारको कार्यसूची कार्यान्वयनमा टेवा पुऱ्याउन वित्तीय न्यूनता हुन नदिन नतिजामा आधारित वित्तीय पद्धति अवलम्बन गरिने छ ।

### रणनीतिहरू

(क) संघीय, प्रान्तीय र स्थानीय सरकारको शिक्षा सम्बन्धी दायित्व सुनिश्चित गर्न एउटा समग्र लगानी तथा लागत साझेदारीको ढाँचाको विकास गरिने छ ।

(ख) विद्यालयहरूलाई केन्द्रीय रूपमा निर्धारित सिकाइका मापदण्ड पूरा गर्न सक्षम गराउनका लागि विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात, आधारभूत विद्यालयका लागि पाठ्यपुस्तक तथा अन्य शिक्षण सिकाइ सामग्री आपूर्ति लागतको विश्लेषणका आधारमा रकम विनियोजनका लागि सूत्रको निर्माण गरी कार्यान्वयन गरिने छ । अनुदान वितरणको सूत्र निर्धारण गर्दा माध्यमिक शिक्षाका हकमा शिक्षक विद्यार्थी अनुपात र विद्यालयमा पढाइ हुने विषय संख्यालाई समेत आधार बनाइने छ । पातलो बस्ती भई बहु कक्षा बहुस्तर पद्धतिबाट अध्यापन गराउँदै आएका, विशेष आवश्यकता भएका विद्यार्थी भएका र उच्च विभेद भएका विद्यालयहरूका लागि थप सहयोग प्रदान गरिने छ ।

(ग) शिक्षाको पूर्ण चक्रलाई समेट्न पहिला आधारभूत शिक्षाबाट आधारभूत तथा माध्यमिक शिक्षामा जोड दिइने छ ।

(घ) निजी सार्वजनिक साझेदारीलाई माध्यमिक र उच्च शिक्षामा केन्द्रित गराइने छ । अन्तर्राष्ट्रिय गैरसरकारी निकाय तथा समुदायसँग स्रोत साझेदारीको प्रवर्धन गरिने छ ।

(ङ) स्रोत न्यूनताको सम्बोधनका लागि शिक्षा क्षेत्रमा प्राप्त बाह्य सहायतालाई क्षेत्रगत पद्धतिसँग आबद्ध गराइने छ । बाह्य सहायताका प्रकार बजेट सहयोग, तोकिएको कामका लागि सहयोग (ear marked support), प्रत्यक्ष सहयोग, प्राविधिक सहायता तथा वस्तुगत सहयोग आदि हुने छन् । सहयोगका प्रकार तथा तहको निर्धारण सरकारी प्राथमिकताका आधारमा गरिने छ ।

## विद्यालय क्षेत्र विकास योजनाका लागि बजेट अनुमान

विद्यालय क्षेत्र विकास योजनाको खर्च ढाँचामा देहायका पक्षहरू समेटिएका छन्:

- सरकारको वार्षिक बजेटमा शिक्षा क्षेत्रका लागि विनियोजन गर्न सकिने अनुमानित स्रोत थैली (तालिका १०.१),
- अनुमानित स्रोत थैलीभित्रबाट विद्यालय क्षेत्र विकास योजनाको लक्ष्य प्राप्तिका लागि गरिएको लागत अनुमान (तालिका १०.३ र १०.४),
- लागत अनुमान पूरा गर्न वित्तीय योजना (तालिका १०.५)

## स्रोत थैली

तालिका १०.२ मा देखाइएको कुल गार्हस्थ उत्पादन, मुद्रास्फिति दर, कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको हिस्सा र शिक्षा बजेटमा विद्यालय शिक्षा क्षेत्रको हिस्सा आदिका आधारमा विद्यालय क्षेत्र विकास योजनाको स्रोत थैलीको आँकलन गरिएको हो । यस अनुमानले विद्यालय क्षेत्र विकास योजनाको प्रथम ३ वर्ष (२०१६-०१८) र ५ वर्ष (२०१६-०२१) तथा समग्र ७ वर्षे कार्यकाल (२०१६-०२३) समेटेको छ ।

तालिका १०.१ मा कार्यक्रमको प्रथम ३ वर्ष, ५ वर्ष तथा ७ वर्षका लागि उपलब्ध हुने सम्भाव्य कुल स्रोतको प्रक्षेपण गरिएको छ । यसका आधारमा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन गर्न ३ कालखण्डका लागि क्रमशः ३.३ बिलियन, ६.५ बिलियन र १०.६६ बिलियन अमेरिकी डलरको लगानी उपलब्ध हुने आँकलन गरिएको छ । यसमा पूँजीगत खर्चको हिस्सा पाँच वर्षे कार्यक्रमका लागि ९.१ प्रतिशत र सात वर्षे अवधिका लागि ८.८ प्रतिशत हुने आँकलन गरिएको छ ।

### तालिका १०.१ स्रोतको थैली तथा लागत अनुमान

| शीर्षक | | ७ वर्षे कार्यक्रम (२०१६-२२) | | ५ वर्षे कार्यक्रम (२०१६-२१) | | ३ वर्षे कार्यक्रम (२०१६-१८) | |
|---|---|---|---|---|---|---|---|
| | | ने.रू. खर्बमा | बिलियन डलरमा | ने.रू. खर्बमा | बिलियन डलरमा | ने.रू. खर्बमा | बिलियन डलरमा |
| शिक्षा क्षेत्र | सम्भाव्य | १३.७८ | १३.१ | ८.४० | ८.० | ४.३० | ४.१ |
| | उच्च | १६.३० | १५.५ | ९.१२ | ८.७ | ४.४० | ४.२ |
| | निम्न | ८.९६ | ८.५ | ५.७७ | ५.५ | ३.२२ | ३.१ |
| विद्यालय क्षेत्र विकास योजनाको थैली | सम्भाव्य | **११.१९** | **१०.६५५** | **६.८२** | **६.४९८** | **३.५०** | **३.३३** |
| | उच्च | **१३.२४** | **१२.६१** | **७.४१** | **७.०५** | **३.५८** | **३.४३** |
| | निम्न | **७.२८** | **६.९३** | **४.६९** | **४.४६** | **२.६२** | **२.४९** |
| विद्यालय क्षेत्र विकास योजना खर्च[1] | | ११.११ | १०.५८ | ६.७९ | ६.४६ | ३.५० | ३.३३ |
| चालु | | १०.१३ | ९.६५ | ६.१७ | ५.८९ | ३.१८ | ३.०४ |
| पुँजीगत खर्च | | ९७.७३ | ०.९३ | ६१.७३ | ०.५७ | ३१.८१ | ०.२९ |
| पुँजीगत खर्चको प्रतिशत | | ८.८ | | ९.१ | | ९.१ | |

*स्रोतः शिक्षा मन्त्रालयको अनुमान*

नोट १ विद्यालय क्षेत्र विकास योजनाको खर्च अन्तर्गत शिक्षकको निवृत्तिभरण बाहेकका सम्पूर्ण विद्यालय सम्बन्धित सम्पूर्ण खर्चहरू समावेश छन् । (पुल, ननपुल विकास साझेदारहरू र सरकारको सहयोग रहने)

तालिका १०.२ कुल गार्हस्थ उत्पादन
विद्यालय क्षेत्र विकास योजनाको लागत अनुमान

| | | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | २०२१/२२ | २०२२/२३ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादनको वास्तविक वृद्धि | % | २.३ | ०.८ | ३.० | ४.० | ४.२ | ४.५ | ४.८ | ५.० | ५.४ |
| स्फितिमा वृद्धि | % | ७.२ | १०.० | १०.० | ८.० | ८.० | ८.० | ८.० | ८.० | ८.० |
| कुल गार्हस्थ उत्पादनको वृद्धि वर्तमान मूल्य | % | ९.५ | १०.८ | १३.० | १२.० | १२.२ | १२.५ | १२.८ | १३.० | १३.४ |
| कुल गार्हस्थ उत्पादनमा सरकारी खर्चको हिस्सा | % | २५.१ | ३१.२ | ४१.३ | ४१.३ | ४१.३ | ४१.३ | ४१.३ | ४१.३ | ४१.३ |
| कुल गार्हस्थ उत्पादनमा शिक्षाको हिस्सा | % | ३.८ | ३.९ | ४.६ | ५.२ | ५.२ | ५.२ | ५.५ | ५.५ | ५.५ |
| शिक्षाको बजेटमा विद्यालय क्षेत्र विकास योजनाको हिस्सा | % | ८०.४ | ८०.३ | ८१.२ | ८१.२ | ८१.२ | ८१.२ | ८१.२ | ८१.२ | ८१.२ |
| अमेरिकी डलर १= ने.रु. | | १०५ | १०५ | १०५ | १०५ | १०५ | १०५ | १०५ | १०५ | १०५ |

## तालिका १०.२ मा टिप्पणी

१. सन् २०१४/१५ का लागि आँकडाहरू वास्तविक हुन् । २०१५/१६ परिमार्जित तथा २०२२/२३ अनुमानित हुन् ।

२. अर्थ मन्त्रालयले २०१५/१६ को वास्तविक कुल गार्हस्थ उत्पादनको दर ६ प्रतिशतभन्दा माथि अनुमान गरेको छ । हालको अवस्थालाई आधार मानेर हेर्दा वास्तविक वृद्धि दर ०.८ प्रतिशत हुने देखिन्छ ।

३. राष्ट्रिय योजना आयोगले वि.सं. २०७९ सम्ममा मध्यम आय भएका देशको सूचीमा पर्नका लागि वार्षिक ८ प्रतिशत कुल गार्हस्थ उत्पादनको अनुमान गरेको छ । सन् २०१५/१६ मा वास्तविक कुल गार्हस्थ उत्पादनको दर तथा न्यून आय यसै आधारमा प्रक्षेपण गरिएको हो ।

४. सन् २०१४/१५ मा मुद्रा स्फितिदर ७.२ प्रतिशत थियो र सन् २०१५/१६ सम्ममा १० प्रतिशत पुगेको छ। २०२३ सम्म यो दर ८ प्रतिशत रहने अनुमान छ ।

५. हालको मूल्यमा कुल गार्हस्थ उत्पादन वास्तविक कुल गार्हस्थ उत्पादनको वृद्धि र मुद्रा स्फिति दरको संयोजन हो ।

६. २०१५/१६ मा शिक्षामा राष्ट्रिय बजेटको कुल हिस्सा १४.६ प्रतिशत थियो (ने.रू. २.७ बिलियन थप विनियोजन) २०२२/२३ सम्ममा यो हिस्सा विस्तारै वृद्धि हुने अनुमान गरिएको छ ।

७. हाल कुल गार्हस्थ उत्पादनमा शिक्षाको हिस्सा ४ प्रतिशत रहेको छ । नयाँ संविधानमा गरिएको व्यवस्था (जस्तैः माध्यमिक शिक्षा निःशुल्क गरिने) अनुसार तथा विपत् जोखिम न्यूनीकरणको आवश्यकताका आधारमा २०२२ सम्ममा यो हिस्सा विस्तारै ५.५ सम्म प्रतिशत पुग्ने अनुमान गरिएको छ ।

८. विद्यालय क्षेत्र (उच्च शिक्षा, विद्यालयका शिक्षकको निवृत्तिभरण तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मातहतका कार्यक्रम बाहेक शिक्षा मन्त्रालय अन्तर्गतका सम्पूर्ण क्रियाकलापहरूले २०१६/१७ को कुल शिक्षाको बजेट ८१.२ प्रतिशत (थप विनियोजन समेत) ओगटेको छ । विद्यालय क्षेत्र विकास योजनाको अवधिभर यो हिस्सा कायम रहने अनुमान गरिएको छ ।

९. २०१५/१६ मा विद्यालय क्षेत्रमा विकास साझेदारहरूबाट उपलब्ध गराइने बजेट १४.५ प्रतिशत हुने अनुमान गरिएको छ। विद्यालय क्षेत्र विकास योजनाको अवधिमा विस्तारै यो हिस्सामा कमी आउने अनुमान गरिएको छ।

१०. २०१५ नोभेम्बर ११ मा १ अमेरिकी डलर बराबर ने.रू. १०५ रहेको।

उपलब्ध स्रोत थैली र विद्यालय क्षेत्र विकास योजना कार्यक्रम कार्यान्वयनका लागि हालै प्रक्षेपण गरिएको लागतको तुलनात्मक अध्ययनले स्रोत थैलीको आँकलन विश्वसनीय परिदृश्य भित्र परेको देखाउँछ (तालिका १०.३ हेर्नुहोस्)

## विद्यालय क्षेत्र विकास योजनाको खर्च

विद्यालय क्षेत्र विकास योजनाको ७ वर्ष (२०१६-२३) का लागि सम्भाव्य खर्च १०.६६ बिलियन (यस रकममा निर्माण कार्यमा लागि लाग्ने खर्चको अंश समेटिएको छैन), पाँच वर्ष (२०१६-०२१) का लागि ६.५ बिलियन र तीन वर्ष (२०१६-०१८) का लागि ३.३ बिलियन अमेरिकी डलर खर्च हुने आँकलन गरिएको छ। यस आँकलनमा विद्यालय क्षेत्र विकास योजनाको कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नियमित र थप कार्यक्रम खर्च दुबै समेटिएका छन्। पहिलो तीन र पाँच वर्षमा पूँजीगत खर्च ९.१ प्रतिशत आँकलन गरिएको छ। तर पछि यसमा थोरै कमी आउन सक्छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत विपत् जोखिम न्यूनीकरणका लागि गरिने खर्च यस आँकलनमा सामेल गरिएको छैन। विपत् जोखिम न्यूनीकरण लगायत अन्य सबै आवश्यक खर्च समेत हिसाब गर्ने हो भने विद्यालय क्षेत्र विकास योजना कार्यक्रमका तीनै चक्रमा स्रोत अपुग रहने छ। तथापि आँकलन गरिएको स्रोत थैली भित्र विपत् जोखिम न्यूनीकरणका लागि हुने खर्चको ७० प्रतिशत समेटिएको छ। विपत् जोखिम न्यूनीकरणमा गरिने खर्चले विद्यालय क्षेत्र विकास योजनाको नतिजा हासिल गर्न सहयोग पुग्छ। त्यसका लागि छुट्याइएको रकम शिक्षा मन्त्रालय बाहिर राखिएको छ।

विद्यालय क्षेत्र विकास योजनाले २०१६ देखि ०२१ सम्मको कार्यक्रममा सहयोग जुटाउने छ। यस कार्यक्रमको अधिकांश हिस्सा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा देखि कक्षा ८ सम्मको आधारभूत शिक्षामा र बाँकी कक्षा ९-१२ को माध्यमिक शिक्षामा खर्च हुने छ। तथापि विद्यालय क्षेत्र सुधार कार्यक्रमका तुलनामा विद्यालय क्षेत्र विकास योजनामा माध्यमिक शिक्षाको खर्च २५.४ प्रतिशतले बढ्न गएको छ। माध्यमिक शिक्षामा विद्यालय क्षेत्र विकास योजना अन्तर्गत प्रधानाध्यापकको छुट्टै प्रावधान, अंग्रेजी, गणित तथा विज्ञान विषयको अध्यापनका लागि विशेष योग्यता प्राप्त शिक्षकका उपलब्धता, विज्ञान शिक्षाको प्रवर्धन, नमुना विद्यालय कार्यक्रम तथा शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग आदिका लागत समेटिएका छन्।

## तालिका १०.३ विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको खर्चको रूपरेखाको सारांश (२०१६/१७-२०२०/२१) (वर्तमान मूल्य)

| | शीर्षक | रकम (ने.रू. दश लाखमा) | रकम (मिलियन डलरमा) | जम्मा हिस्साको प्रतिशत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा | २५,८०,० | २४६ | ३.८ |
| २ | आधारभूत शिक्षा (कक्षा १-८) | ३,७१,२८,९ | ३,५३६ | ५४.७ |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | १,७२,३१,४ | १,६४१ | २५.४ |
| ४ | विद्यालय शिक्षामा प्राविधिक तथा व्यावसायिक विषय | ९,०७,१ | ८६ | १.३ |
| ५ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | ८,०१,१ | ७६ | १.२ |
| ६ | शिक्षक व्यवस्थापन तथा पेसागत विकास | १३,५३,४ | १२९ | १.९ |
| ७ | विपत् जोखिम व्यवस्थापन [a] | ३१,३६,४ | २९९ | ४.६ |
| ८ | सुशासन तथा व्यवस्थापन (जिल्ला स्तरीय) | ५,२१,६ | ५० | ०.८ |
| ९ | अनुगमन तथा मूल्यांकन | ३,५०,८ | ३३ | ०.५ |
| १० | क्षमता विकास | ७,२४,९ | ६९ | १.१ |
| ११ | संगठन र व्यवस्थापन [b] | ३१,३२,१ | २९८ | ४.६ |
| | विद्यालय क्षेत्र विकास योजना (विपत् जोखिम न्यूनीकरण बाहेक) | ६,७८,३६,१ | ६,४६१ | १०० |
| | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत विपत् जोखिम न्यूनीकरण | ७५,०९,९ | ७१५ | |
| | विद्यालय क्षेत्र विकास योजना (विपत् जोखिम न्यूनीकरण सहित) | ७,५३,४५,९ | ७,१७६ | |

[a] *विपत् जोखिम न्यूनीकरणको विनियोजनलाई राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट अलग गर्ने*

[b] *शिक्षा मन्त्रालय अन्तर्गतका निकायका कर्मचारीको तलब भत्ता लगायतका अन्य नियमित खर्च (केन्द्रीय तहका निकाय, जिल्ला शिक्षा कार्यालय, क्षेत्रीय शिक्षा निर्देशनालय)*

*स्रोतः विपत् जोखिम न्यूनीकरणका सबै क्रियाकलाप लगायत शिक्षा मन्त्रालय अन्तर्गतका निकायहरू (केन्द्रीय निकाय, जिशिका, क्षेशिनि) को नियमित खर्चको अनुमान*

लागतः विद्यालय क्षेत्र विकास योजनाको अधिकांश हिस्सा अर्थात् कुल कार्यक्रम बजेटको ६५.३ प्रतिशत तलब भत्ता शीर्षकमा, २७.२ प्रतिशत कार्यक्रममा, ७.४ प्रतिशत प्रशासनिक खर्चमा, ५.३ प्रतिशत भौतिक निर्माणमा, ६.७ प्रतिशत पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामग्रीमा ६.० प्रतिशत छात्रवृत्ति तथा प्रोत्साहनमा खर्च हुने अनुमान गरिएको छ । कर्मचारी, व्यवस्थापक तथा शिक्षक तालिम लगायत क्षमता विकास कार्यक्रममा जम्मा २.७ प्रतिशत खर्च हुने अनुमान छ (तालिका १०.४) ।

## तालिका १०.४ : खर्च शीर्षकका आधारमा खर्चको ढाँचा (२०१६/१७-२०२०/२१) (वर्तमान मूल्य)

| शीर्षक | रकम (ने.रू. १० लाखमा) | रकम (मिलियन डलरमा) | जम्मा प्रतिशतको हिस्सा |
|---|---|---|---|
| क. तलब तथा पारिश्रमिक | ४,४३,१४,४ | ४,२२० | ६५.३ |
| ख. कार्यक्रम खर्च | १,८४,६८,४ | १,७५९ | २७.२ |
| अ. सूचना तथा सञ्चार प्रविधि | १४,३६,४ | १३७ | २.१ |
| आ. पाठ्यपुस्तक तथा सिकाइ सामग्री | ४५,२८,३ | ४३१ | ६.७ |
| इ. छात्रवृत्ति तथा प्रोत्साहन | ४०,५१,५ | ३६८ | ६.० |
| ई. निर्माण कार्य [a] | ३६,१३,१ | ३४४ | ५.३ |
| उ. उपकरण तथा जडान सामग्री | ७,३२,५ | ७० | १.१ |
| ऊ. तालिम तथा क्षमता विकास | १८,१४,९ | १७३ | २.७ |
| ऋ. अन्य सबै क्षेत्र [b] | २२,९१,५ | २१८ | ३.४ |
| ग. व्यवस्थापन तथा प्रशासनिक खर्च | ५०,५२,५ | ४८१ | ७.४ |
| **विद्यालय क्षेत्र जम्मा** | ६,७८,३५,३ | ६,४६१ | १०० |

*[a] राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट विद्यालय क्षेत्रमा निर्माण कार्य बाहेकका विपत् जोखिम न्यूनीकरणको कार्य कार्यान्वयन गरिने छ ।*

*[b] समाहित शिक्षा, अनुगमन, अन्य कार्यक्रम खर्च, कार्यक्रम/विद्यालय सञ्चालन खर्च, नीति निर्देशिकाको पुनरावलोकन तथा विकासका लागि लागत समाविष्ट ।*

*स्रोतः शिक्षा मन्त्रालयको अनुमान*

**विद्यालय क्षेत्र विकास योजनामा वित्तीय योजना** – अनुमान गरिए अनुसार सरकारले पहिलो ५ वर्षे कार्यक्रमको अवधिमा करिब ५,७३९ मिलियन अमेरिकी डलर वा कुल आवश्यकताको ८९ प्रतिशत लगानी गर्ने छ । त्यही अवधिमा आवश्यक बाह्य स्रोत करिब ७०० मिलियन अमेरिकी डलर हुने अपेक्षा गरिएको छ, जुन विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको पहिलो वर्ष २०१५ को भूकम्पको प्रभावका कारण पुनर्निर्माणका लागि बढी बाह्य स्रोतको आवश्यकता पर्ने हुनाले पछिल्ला दुई वर्षको प्रतिशत घट्ने अनुमान छ (तालिका १०.५) । यो रकम २०११ देखि २०१६ सम्म विद्यालय क्षेत्र सुधार योजना कार्यक्रमका अवधिमा साझेदारहरूले गरेको वार्षिक औसत करिब १३८ मिलियन अमेरिकी डलरको योगदानका तुलनामा केही बढी हुन आउँछ । (तालिका १०.६ र १०.७)

## तालिका १०.५ विद्यालय क्षेत्र विकास योजनाको अनुमानित कार्यक्रम लागत योजना (२०१६-२१)

| स्रोत | रकम (मिलियन डलरमा) | जम्मा प्रतिशतको हिस्सा |
|---|---|---|
| सरकार | ५,७३९ | ८८.८ |
| संयुक्त वित्तीय साझेदार | ४२९ | ६.६ |
| गैर संयुक्त वित्तीय साझेदार | १४ | ०.२ |
| अपुग रकम | २७९ | ४.४ |
| **जम्मा** | ६,४६१ | १०० |

*नोटः विकास साझेदारहरूले देखाएको प्रतिबद्धताका आधारमा वित्तीय सहयोगको अनुमान गरिएको छ ।*

*विश्व बैंक १८५ मिलियन डलर, एसियाली विकास बैंक १२० मिलियन डलर, युरोपियन युनियन ७२ मिलियन डलर, फिनल्यान्ड २३ मिलियन डलर, ग्लोबल पार्टनरसीप फर एजुकेसन २२ मिलियन डलर, नर्वे २१ मिलियन डलर, जाइका १५ मिलियन डलर, युनिसेफ ३ मिलियन डलर र अस्ट्रेलियन सहयोग (डिएफएटी) ३ मिलियन डलर ।*

*स्रोतः शिक्षा मन्त्रालय*

## तालिका १०.६: विद्यालय क्षेत्र विकास योजनाका लागि ७ वर्षका लागि स्रोतको थैली तथा वार्षिक औसत

| अमेरिकी डलर | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | जम्मा ७ वर्षका लागि | वार्षिक औसत |
|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय क्षेत्र विकास योजनाको पुल बजेट | | ६९३.२ | ७२१.२ | ६०४.५ | ७७१.२ | ८२६.५ | ८०७.८ | ३७३१ | ७४६ |
| नेपाल सरकार | | ५३७.३ | ५४९.७ | ४८५.८ | ६०१ | ७१५.६ | ६८९.१ | ३०४१.२ | ६०८.२ |
| विकास साझेदारहरू | | १५५.२ | १७१.५ | ११८.७ | १७०.३ | ११०.९ | ११८.७ | ६९०.१ | १३८.० |
| विद्यालय क्षेत्र विकास योजनामा विकास साझेदारको जम्मा हिस्सा प्रतिशत | ३१.२२ | २२.४९ | २३.८ | १९.६ | २२.१ | १३.४ | १४.७ | १८.५ | |

*स्रोतः रातो किताबहरु (अर्थ मन्त्रालय), वार्षिक रणनीतिक कार्यान्वयन योजना, शिक्षा विभाग (आँकडाहरू विनियोजन मात्र हुन्, वास्तविक खर्च वा निकासा होइनन् ।)*

1 *एसियाली विकास बैंक, अस्ट्रेलियन एड (डिएफएटी), डेनमार्क, युरोपियन युनियन (इयु) र डिएफआइडि, ग्लोबल पार्टनरसीप फर एजुकेसन (जिपिई) फिनल्यान्ड, नर्वे, युनिसेफ, विश्व बैंक, तथा जाइका*

2 *युनिसेफ, विश्व खाद्य कार्यक्रम, जाइका तथा युएसएआईडी*

# ११. क्षमता तथा संस्थागत विकास

विद्यालय क्षेत्र विकास योजनाको सफल कार्यान्वयनका लागि शिक्षा प्रणालीको क्षमता विकास सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । शिक्षा मन्त्रालय एवम् यसका निकाय तथा संस्थाहरूबाट निर्धारित काम, कर्तव्य र जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्नका लागि क्षमता विकासको जरूरत पर्दछ ।

## ११.१ कार्यक्रम विवरण

प्रशासनको संघीय संरचनाले शिक्षाको प्रशासन तथा व्यवस्थापकीय पक्षमा पनि उल्लेखनीय प्रभाव पर्ने छ । नेपालको संविधानले शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रान्तीय तथा स्थानीय सरकारका एकाइहरूको ठूलो भूमिका हुने देखाएको छ । संक्रमणकालीन उपायका रूपमा हाल कार्यरत ५ क्षेत्रीय शिक्षा निर्देशनालयलाई प्रान्तीय शिक्षा निर्देशनालयका रूपमा विकसित गरी दुई निर्देशनालय थप गरेर प्रस्तावित ७ प्रदेशका लागि ७ निर्देशनालय पुऱ्याउन प्रस्ताव गरिएको छ ।

विद्यालय क्षेत्र विकास योजना अन्तर्गतको क्षमता विकास कार्यक्रम अन्तर्गत एउटा क्षमता र संस्थागत विकास योजना तयार पारिने छ । यो योजना निम्नलिखित कुराहरूमा आधारित हुने छः (१) विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने क्षमता र विद्यमान क्षमता बीचको कमी (२) नीतिगत तथा कानूनी प्रावधान, व्यवस्थापन तथा उत्तरदायित्वको संयन्त्रको विकास गर्ने शिक्षा मन्त्रालय र यस अन्तर्गतका निकाय तथा संस्थाको क्षमता विकास गर्ने र (३) तोकिएका काम, कर्तव्य र उत्तरदायित्व बहन गर्ने मानवीय संसाधनको विकास गर्ने । यसका अतिरिक्त प्रभावकारी शैक्षिक सेवा प्रवाहका लागि विद्यालयको पूर्वाधारको विकास तथा सुधार र जिल्ला शिक्षा कार्यालयको भवन निर्माण, यातायातका साधन, उपकरण तथा आपूर्ति आदिको व्यवस्था गरिने छ ।

विद्यालय क्षेत्र विकास योजनाले निम्न लिखित कार्यक्रम प्रस्ताव गरेको छः

(क) विद्यालय क्षेत्र विकास योजनाका उद्देश्य प्राप्त गर्न चाहिने संस्थागत क्षमता, लगानीका प्रमुख क्षेत्र र आवश्यक रणनीतिको पहिचान गरी प्राप्त नतिजाका आधारमा क्षमता तथा संस्थागत विकास योजनाको तर्जुमा गर्न संस्थागत आवश्यकताको लेखाजोखा र प्राविधिक सहायताको कार्यढाँचा तयार पारिने छ ।

(ख) वर्तमान राष्ट्रिय शिक्षा प्रणालीलाई नेपालको संविधानको प्रावधान अनुरूप परिमार्जन गर्न एउटा संक्रमणकालीन योजना निर्माण गरिने छ ।

(ग) प्रान्तीय तथा स्थानीय तहहरूमा प्राविधिक संरचना तयार पारी तिनले सम्पादन गर्नुपर्ने पाठ्यत्रक्रम विकास, शिक्षक व्यवस्थापन तथा विकास, परीक्षा तथा प्रमाणीकरण एवम् अनुगमन जस्ता प्राविधिक जिम्मेवारी पूरा गर्न क्षमता विकास गरिने छ ।

(घ) पाठ्यक्रम, शिक्षक व्यवस्थापन, विद्यार्थी मूल्यांकन, शिक्षकको सक्षमता र योग्यताको मूल प्रवाहीकरणका लागि निर्देशिका तयार पारिने छ ।

(ङ) पाठ्यक्रम तथा सामग्रीको विकास गर्न तथा विज्ञान तथा गणित शिक्षणका लागि तालिम प्रदान गर्ने जस्ता प्राविधिक कार्य सम्पादनका लागि केन्द्र तथा तल्ला तहमा मानवीय संसाधनको क्षमता विकास गरिने छ ।

(च) सूचना तथा सञ्चार प्रविधि गुरू योजनाको (MOE, 2013) पुनरावलोकन र कार्यान्वयन मार्फत सूचना तथा सञ्चार प्रविधिको विस्तार गर्दै शिक्षा प्रणालीको व्यवस्थापनका लागि मानवीय पूँजी, सीप तथा विज्ञताको विकास गरिने छ ।

(छ) माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्रीको विकास र प्रयोग गरी वेबमा आधारित सिडी तथा डिभिडी जस्ता सिकाइ सामग्रीको प्रयोगबाट विज्ञान तथा गणित शिक्षणमा सुधार गरिने छ ।

(ज) विद्यालयमा आधारित विद्यार्थी मूल्यांकनको सुधारका लागि तालिम कार्यक्रम तथा सहयोग सामग्रीको विकास गरिने छ ।

(झ) विद्यालयको सुधारका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई तालिम प्रदान गरिने छ ।

(ञ) समावेशी शिक्षा तथा विशेष आवश्यकता शिक्षाको व्यवस्थापनका लागि प्राविधिक कर्मचारीलाई तालिम प्रदान गरिने छ ।

(ट) परीक्षाको ढाँचा, सञ्चालन तथा अंकन गर्ने वर्तमान तौरतरिकामा सुधारका लागि राष्ट्रिय परीक्षा बोर्डको पेसागत विकास गरिने छ ।

(ठ) शिक्षा क्षेत्रका सबै तहका शैक्षिक व्यवस्थापकलाई नियमित पेसागत विकासका अवसर प्रदान गरिने छ ।

(ड) विभिन्न तहका पदका लागि आवश्यक पर्ने दक्षता, सीप आदिको पहिचान गरी तिनको क्षमता विकासका लागि लागत आँकलन सहितको संस्थागत क्षमता विकास योजना तर्जुमा गरिने छ ।

(ढ) समकक्षीबाट सिकाइ, परामर्श/कोचिङका तौरतरिकाको स्थापित गरिने छ ।

(ण) भौगोलिक सूचना प्रणालीमा आधारित विद्यालय नक्सांकन गरिने छ ।

(त) अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यालय तहमा प्रतिभाशाली विद्यार्थीको प्रतिभा पहिचान गर्ने पद्धतिको विकास गरिने छ ।

(थ) शिक्षण सिकाइको सुधारका लागि विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न समयबद्ध योजनाको विकास गरिने छ ।

(द) अनलाइन मोड्युल तथा अन्तरक्रियात्मक कक्षा, शिक्षण सिकाइका विद्युतीय सामग्री (इ–पुस्तकालय, आधारभूत कक्षामा अंग्रेजी, गणित तथा विज्ञान शिक्षण सिकाइका लागि भिडियो आदि) को प्रयोग गरिने छ ।

(ध) इन्टरनेट जडान, इ–पुस्तकालय तथा सिकाइ सामग्री सहित विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधि प्याकेजले सुसज्जित गराइने छ ।

(न) विज्ञान, गणित, अंग्रेजी बोलाइ सीप, कक्षा ९-१२ मा विज्ञानको प्रयोग आदिका भिडियो सहित सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइको कार्यान्वयन गरिने छ। सूचना तथा सञ्चार प्रविधिमा आधारित अन्तरक्रियात्मक सिकाइ तथा कम्प्युटर प्रयोगशालाको स्थापना गरिने छ ।

(प) प्रत्येक निर्वाचन क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि सहितको कम्तीमा एक नमुना विद्यालयको स्थापना गरिने छ ।

(फ) अपांगता तथा भिन्न सिकाइ आवश्यकतामा आधारित विद्यार्थी सूचना प्रणालीको स्थापना र सुदृढीकरण गरिने छ ।

(ब) शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग आबद्ध गर्दै सबै जिल्लामा विद्यालयमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र विद्यार्थी र विद्यालयको प्रोफाइल बनाइनेछ । विद्यालय, गाउँपालिका तथा नगरपालिका मार्फत विद्यालय बाहिर रहेका बालबालिकाको एकिन गरिने छ ।

(भ) पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोत केन्द्र बीच साझेदारी अभिवृद्धि गराई विज्ञान तथा गणित शिक्षाको सुधारका लागि बाह्य विज्ञ तथा संस्था मार्फत प्राविधिक सहायताको परिचालन र समन्वय गरिने छ ।

विद्यालय क्षेत्र विकास योजनाको क्षमता तथा संस्थागत विकासको लक्ष्य (तालिका ११.१) हासिल गर्न ५ वर्षमा अनुमानित ६९ मिलियन डलर आवश्यकता पर्ने देखिन्छ (तालिका ११.२) ।

## तालिका ११.१ संस्थागत क्षमता विकास कार्यक्रमका क्रियाकलापको वर्षगत लक्ष्य

| कार्यक्रमका क्रियाकलाप | एकाइ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ |
|---|---|---|---|---|---|---|
| शिक्षा व्यवस्थापकका लागि तालिम | व्यक्ति | १०० | १०० | १०० | १०० | १०० |
| जिल्ला तथा गाउँ शिक्षा योजना निर्माण | जिल्ला/क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाको अन्तिमीकरण र अद्यावधिकीकरण | विद्यालय | २९,२७२ | २९,२७२ | २९,२७२ | २९,२७२ | २९,२७२ |
| भौगोलिक सूचना प्रणालीमा आधारित विद्यालय नक्सांकन (अद्यावधिकीकरण तथा तथ्यांक विश्लेषण) | जिल्ला | ७५ | ७५ | ७५ | ७५ | ७५ |
| अतिरिक्त क्रियाकलाप मार्फत विद्यालय स्तरीय प्रतिभा पहिचान | जिल्ला/क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| विद्यालय निर्माणका क्रियाकलापका लागि व्यवस्थापन खर्च | जिल्ला | ७५ | ७५ | ७५ | ७५ | ७५ |
| शैक्षिक सुधारका लागि सञ्चारको परिचालन | जिल्ला/क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| शैक्षिक प्रर्दशनी तथा सिकाइ मेला | जिल्ला/क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| कार्यमूलक अनुसन्धान, मूल्यांकन तथा प्रतिवेदन तयारी | जिल्ला/क्षेत्र | ८० | ८० | ८० | ८० | ८० |
| जिल्ला तथा विद्यालय स्तरका कर्मचारीहरूका लागि क्षमता विकास तालिम | व्यक्ति | १,२०० | १,२०० | १,२०० | १,२०० | १,२०० |
| संघ, राज्य तथा स्थानीय शैक्षिक संस्थाहरूको क्षमता विकास | व्यक्ति | - | - | ४०० | ४०० | ८०० |

## तालिका ११.२ संस्थागत क्षमता विकास कार्यक्रमका क्रियाकलापको लागत (अमेरिकी डलर दश लाखमा)

| खर्च शीर्षक | क्रियाकलाप | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | ५ वर्षको जम्मा | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम खर्च | विद्यालय सुधार योजनाको विकास तथा सामाजिक परीक्षण | २.०९ | ६.९७ | ६.९७ | ६.९७ | ११.१५ | ३४.१५ | १६.०३ |
| | तालिम तथा क्षमता विकास | ०.९० | ०.९० | १.२८ | १.२८ | १.६६ | ६.०१ | ३.०७ |
| भौतिक सुविधा | खरिद, जीर्णोद्धार तथा मर्मत | ३.२८ | ३.२८ | ३.२८ | ३.२८ | ३.२८ | १६.३८ | ९.८३ |
| जम्मा | | ६.२७ | ३.२८ | ११.५३ | ११.५३ | १६.०९ | ५६.५४ | २८.९३ |

## ११.२ विद्यालय क्षेत्र विकास योजनाका लागि प्राविधिक सहायता, समन्वय, व्यवस्थापन र आवश्यकता

विद्यालय क्षेत्र सुधार कार्यक्रममा सुधारका विभिन्न पक्षमा मात्र नभई क्षेत्रगत पद्धति (SWAP) अन्तर्गतकै विभिन्न आवश्यकताको सम्बोधनका लागि पर्याप्त प्राविधिक सहायता उपलब्ध भएको थियो । आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (BPEP) देखि विद्यालय क्षेत्र सुधार कार्यक्रम (SSRP) को प्रथम चरणसम्मका अनुभवले प्राविधिक सहायताको आवश्यकता देखाएको हुँदा विद्यालय क्षेत्र विकास कार्यक्रमका सबै तहमा सन्तुलित क्षमता सुनिश्चित गर्न एउटा साझा प्राविधिक सहायता कार्यढाँचा अन्तर्गत प्राविधिक सहायताको योजनाबद्ध परिचालनको परिकल्पना गरिएको छ। यसका लागि प्राविधिक सहायता एकाइ (TSU) को स्थापना गरी आवश्यकताका आधारमा योजनाबद्ध प्राविधिक सहायताको उपयोग गरेर विद्यालय क्षेत्र विकास योजनाका लक्ष्य प्राप्ति सुनिश्चित गरिने छ । प्राविधिक सहायता समन्वयको व्यवस्थाले पुल र समानान्तर दुबै खाले तथा सोझै भुक्तानीको प्रभावकारिता तथा जवावदेहितापूर्ण उपयोग सुनिश्चित हुने छ र यसको उपयोगबाट विकसित क्षमता संस्थागत हुन गई बाह्य सहायता माथिको निर्भरता कम हुने छ। क्षेत्रीय समन्वयको संयन्त्रको प्रभावकारी कार्यबाट साझा नीतिमा स्पष्टता, नीतिगत छलफलमा प्रभावकारिता, साझा सिकाइ तथा संस्थागत संस्मरणको अभिवृद्धि र सहायताको प्रभावकारितामा सुधार जस्ता कुराको सुनिशिचितता गर्न प्राविधिक सहायताको समन्वयलाई समग्र क्षेत्रगत पद्धतिकै समन्वयको हिस्सा बनाइने छ ।

शिक्षा मन्त्रालय, वैदेशिक समन्वय शाखाले वैदेशिक सहयोग तथा विकास साझेदारसँग समन्वय गर्ने सम्पर्क बिन्दुको काम गर्ने छ । यस शाखाले बजेट तर्जुमा, वित्तीय व्यवस्थापन, वित्तीय तथा लेखा परीक्षण प्रतिवेदन, कार्यक्रम अनुगमन तथा वैदेशिक सहायताको निकासासँग आबद्ध सूचक (DLI), लगायतका विषयसँग सम्बन्धित गरी बाह्य साझेदारीका लागि आवश्यक सबै कार्य गर्नेछ । परिच्छेद ९ मा उललेख गरिएझैं विकास साझेदारबाट उपलब्ध सबै प्रकारका प्राविधिक सहायताको व्यवस्थापन कार्यक्रम समन्वय सचिवालय (Programme Coordination Secretriate) बाट गरिने छ। प्राविधिक सहायता कार्यढाँचाकै मान्यता अनुरूप प्राविधिक सहायता एकाइको गठन गरिने छ । यसले तिन प्राथमिकता प्राप्त क्षेत्रमा काम गर्ने छ – (१) कार्यक्रम व्यवस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने (२) प्राविधिक पक्षमा सहयोग गर्ने (३) ज्ञानको व्यवस्थापन सुदृढ गराउने । यसै आधारमा सल्लाहकार सेवाको ढाँचा तयार पारी निर्देशन समितिमा पठाइने छ । यस समितिले बाह्य सहयोगकर्ताबाट प्राप्त प्राविधिक सहायतालाई संयुक्त र समन्वित पद्धतिबाट उपयोगका लागि नीतिगत निर्देशन प्रदान गर्ने छ।

शिक्षा मन्त्रालय, योजना महाशाखाले विद्यालय क्षेत्र विकास योजनाका लागि योजना तर्जुमा गर्नेछ तथा अनुगमन तथा मूल्यांकन महाशाखाले विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनको समीक्षा गर्नेछ । प्राविधिक सहायता एकाइबाट कार्यक्रमका लागि प्राविधिक सहायताको परिचालन हुने छ ।

वैदेशिक सहायता निकासासँग आबद्ध सूचकको सत्यापन पछि शिक्षा विभागले प्रगति तथा स्थिति प्रतिवेदन तयार पार्ने छ । यस कार्यका लागि थप प्राविधिक सहायताको आवश्यकता देखिएमा शिक्षा विभागले प्राविधिक सहायता एकाइ मार्फत माग गर्न सक्ने छ। शिक्षा मन्त्रालय, विकास साझेदार तथा अन्य सरोकारवालाहरूलाई वैदेशिक समन्वय शाखाले प्राविधिक सहायता एकाइको सहजीकरणबाट विद्यालय क्षेत्र विकास योजना कार्यक्रमको संस्थागत क्षमता विकास योजना लगायत प्राविधिक सहायताको साझा कार्यढाँचासँग सम्बन्धित काममा सहयोग प्रदान गर्दछ। शिक्षा मन्त्रालय र विकास साझेदारले संयुक्त रूपमा विकास र अनुमोदन गरेको प्राविधिक सहायताको साझा कार्यढाँचाले सहयोग क्षमता तथा संस्थागत विकासका लागि निर्धारित प्राथमिकता अनुरूप भए नभएको निरूपण गर्न कार्यगत दिशानिर्देश गर्ने छ । उक्त साझा कार्यढाँचालाई क्षमता तथा संस्थागत विकास योजनासँग आबद्ध गराइने छ। साझा कार्यढाँचाले प्राविधिक सहायता व्यवस्थापन, प्राविधिक

विज्ञता तथा ज्ञान व्यवस्थापनको सुदृढीकरणमा जोड दिनेछ । यस कार्यढाँचामा निम्न लिखित बुँदा समावेश हुने छन् – (१) प्राविधिक सहायताको प्रकार र प्रयोजनको परिभाषा (२) प्राथमिकता क्षेत्र (३) सम्पादन गरिने कामका क्षेत्र र कार्य सर्त निर्धारणमा शिक्षा मन्त्रालयको भूमिका (४) प्राविधिक सहायताको छनोट र व्यवस्थापन (५) प्राविधिक सहायता आवश्यक पर्ने समय पहिचानका आधार (६) सल्लाह/परामर्श प्रणालीको अपेक्षा (७) प्राविधिक सहायताबाट अपेक्षा गरिएको क्षमता र संस्थागत विकासका उपलब्धि । प्राविधिक सहायता कार्यढाँचा शिक्षा मन्त्रालय र विकास साझेदार दुबैको मन्जुरीमा विकास गरिने छ । यसमा सहायता गर्ने पुलिङ साझेदार हुन् वा अन्य साझेदार हुन्, प्राविधिक सहायताको प्रावधानको सुनिश्चितता गर्न र एकरूपता कायम गर्न सबैका लागि सञ्चालन निर्देशिकाको विकास गरिने छ ।

# सन्दर्भ सूची


All Round National Education Committee. (2015). Recognising the transformative power of ECD for equitable development. Retrived from http://www.arnec.net/wp-content/uploads/2014/03/ARNEC-Annual-Report-2015_web.pdf

Asian Development Bank. (2013). Institutional analysis and capacity development study report. Kathmandu: Author.

Bailey, M. (2006). More power to the pill: The impact of contraceptive freedom on women's Labour supply. Quarterly Journal of Economics, 121.

Central Bureau of Statistics. (2001). National Population Census 2001, Nepal. Retrieved from http://cbs.gov.np/nada/index.php/catalog/42

Central Bureau of Statistics. (2011). Nepal living standard survey, Volumes I and II. Kathmandu: Author.

Central Bureau of Statistics. (2012). National population and housing census 2011 (National Report). Kathmandu: Author.

Central Bureau of Statistics. (2014). Nepal multi indicator cluster survey. Kathmandu: Author.

Central Bureau of Statistics. (2016). Nepal national education accounts : A pathway to improved tracking of education financing flows. Kathmandu: Author.

Constituent Assembly Secretariat. (2015). The Constitution of Nepal - 2015. Retrieved from http://www.mofa.gov.np/the-constitution-of-nepal

Constituient Assembly Secretariat (2007a). The Interim Constitution of Nepal. Kathmandu: Government of Nepal.

Cumming, C., Acharya, S., Moriani, F., Shakya, D., Levine, V. & Koirala, S. (2012). Mid-term evaluation of the school sector reform program. Retrieved from http://www.ncf.org.np/upload/files/1095_en_SSRP%20MTR%20Evaluation%20Main%20Report.pdf

Curriculum Development Centre. (2005). National curriculum framework for school education (Pre-primary-12) in Nepal. Kathmandu: Author.

Department of Education. (2004a). Strategic paper on early childhood development in Nepal. Bhaktapur: Author.

Department of Education. (2004b). Early learning development standards. Bhaktapur: Author.

Department of Education. (2009). Overview of policies and strategies for multilingual education in Nepal. Bhaktapur: Author.

Department of Education. (2014). Consolidated equity strategy for the school education sector. Retrieved from http://www.doe.gov.np/SoftAdmin/content/Consolidated_Equity_Strategy_20711.pdf

Department of Education. (2015). Education management information system consolidated flash report for FY 2014/15. Bhaktapur: Author.

Department of Education. (2016). Education management information system flash I report 2015/16. Bhaktapur: Author

Economist Intelligence Unit. (2014). High university enrolment, low graduate employment. Analysing the paradox in Afghanistan, Bangladesh, India, Nepal, Pakistan and Sri Lanka. Retrieved from https://www.britishcouncil.in/sites/default/files/british_council_report_2014_jan.pdf

Education Review Office. (2013). Report on national assessment of student achievement. Bhaktapur: Author.

Education Review Office. (2016). Report on national assessment of student achievement. Bhaktapur: Author.

European Union. (2015). Evaluation of the current EU budget support and formulation of the next EU budget support programme to the education sector in Nepal. Kathmandu: Author.

Government of Nepal. (2007b). Local Body Financial Administration Rules, 2064 (2007). Kathmandu: Author.

Lee, R. & Mason, A. (2006). What Is the demographic dividend? Finance and Development 43(3). Retrieved on 10 February 2016 from http://www.imf.org/external/pubs/ft/fandd/2006/09/basics.htm

Ministry of Education & Sports. (2003). Nepal national plan of action 2000-2015. Kathmandu: Ministry of Education and Sports, Nepal National Commission for UNESCO & UNESCO.

Ministry of Education & Sports. (2006). National school health and nutrition strategy. Kathmandu: Author.

Ministry of Education. (2009a). School sector reform plan: 2009–2017. Kathmandu: Author.

Ministry of Education. (2009b). School sector reform programme: 2009–2015. Kathmandu: Author.

Ministry of Education. (2013). Information & communication technology (ICT) in education master plan 2013-2017. Kathmandu: Author.

Ministry of Education. (2014a). School sector reform programme sector wide approach extension plan 2014-2016. Kathmandu: Author.

Ministry of Education. (2014b). National early grade reading program 2014/15-2019/20. Kathmandu: Author.

Ministry of Education, National Institue of Research & Training, & American Institute of Research. (2016). Nepal Education Sector Analysis (forthcoming). Kathmandu: Author

Ministry of Finance.  (2015). Economic survey, 2014/2015. Kathmandu: Author.

Ministry of Finance. (2014). Development cooperation policy, 2014: International cooperation for development effectiveness. Retrieved from http://mof.gov.np/ieccd/newsbook/20140629144552.pdf

Ministry of Finance. (2016). Economic survey, 2015/016. Kathmandu: Author

Ministry of Health & Population, New ERA, & ICF International Inc. (2012). Nepal demographic and health survey 2011. Kathmandu: Author.

Ministry of Law & Justice. (1999a). Local self-governance act, 2055 (1999). An act made to provide for local self-governance. Kathmandu: Author.

Ministry of Law & Justice. (1999b). Local self-governance regulations (LSGR), 1999. Kathmandu: Author.

Ministry of Law & Justice. (2016). Eighth amendment to the education act (1971). Kathmandu: Author.

Minitry of Education. (1971). Nepal national education plan 1971-76. Retrieved from http://www.moe.gov.np/assets/uploads/files/2028_English.pdf

Moriani, F., Bajracharya, B. B., Bhatta, P. & Mainali, S. (2013). School sector reform plan Nepal: Institutional analysis and capacity development plan. Kathmandu: Asian Development Bank,.

National Institute for Research & Training. (2016). Languages of education strategic framework. Draft submitted for finalisation and approval. Kathmandu: Author.

National Planning Commission. (1965). Nepal's third periodic five year plan: 1965–1970. Retrieved from http://www.nepalpolicynet.com/new/nepal-policy-documents/periodic-plan-1/

National Planning Commission. (2013). Nepal millennium development goals: Progress report, 2013. Kathmandu: Author.

National Planning Commission. (2014). Thirteenth development plan (Three Year Plan 2013–16). Kathmandu: Author.

National Planning Commission. (2015a). Sustainable development goals for Nepal, 2016-2030, National Report (unpublished final draft). Kathmandu: Author.

National Planning Commission. (2015b). Nepal earthquake 2015: Post disaster needs assessment. Vol. A: Key findings. Kathmandu: Author.

National Planning Commission. (2015c). Nepal earthquake 2015: Post disaster needs assessment. Vol. B: Sector reports. Kathmandu: Author.

National Planning Commission. (2015d). Sustainable development goal 2016 - 2030. National (preliminary) report. Kathmandu: Author.

National Planning Commission. (2016). Fourteenth development plan (Three year plan 2016–19). Kathmandu: Author.

National Reconstruction Authority. (2016). Post disaster recovery framework. Kathmandu: Author.

National Society for Earthquake Technology. (2014). Safer society, Report 2014. Lalitpur: Author.

Nepal Education Cluster. (2015) Nepal earthquake cluster brief June 2015. Retrieved from https://www.humanitarianresponse.info/en/system/files/documents/files/20150623_education_cluster_brief.pdf

Poyck et al. (2016). Independent joint evaluation of SSRP. Kathmandu: European Union

Research Traingualte Institute. (2014). Nepal early grade reading assessment, education management efficiency study and teacher observation study. Kathmandu: USAID.

Sekine, K. & Hodgkin, M. (2016). Implications of early marriage on education outcomes in Nepal. Kathmandu: UNICEF Nepal.

United Nations International Children's in Emergency Fund. (2016). Global initiative on out of school children, Nepal country study. Kathmandu: Author.

United Nations Educational, Scientific and Cultural Organization. (2015). Incheon declaration of the World Education Forum. Retrieved from http://en.unesco.org/world-education-forum-2015/incheon-declaration

United Nations. (2015). Sendai framework for disaster risk reduction: 2015–2030. Adopted at Third UN World Conference in Sendai, Japan, 18 March 2015. Retrieved from http://www.preventionweb.net/files/43291_sendaiframeworkfordrren.pdf

## अनुसूचीहरू

अनुसूची १: नेपालमा विद्यालय शिक्षा क्षेत्रका संस्थाहरू १२७

अनुसूची २: विद्यालय क्षेत्र विकास योजना कार्यक्रम तथा नतिजा तालिका १२९

अनुसूची ३: विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्त नमुना १५२

अनुसूची ४: शिक्षाको भाषाका रणनीतिक कार्यढाँचा १५४

अनुसूची ५: नेपालमा शिक्षा क्षेत्रका निमित्त सुदृढ समता रणनीति १५८

अनुसूची ६: विपत् पश्चात्को प्रतिकार्यको कार्यढाँचा शिक्षा क्षेत्रको कार्य योजना १७०

## अनुसूची १: नेपालमा विद्यालय शिक्षा क्षेत्रका संस्थाहरू

**आधारभूत विद्यालय शिक्षाः** एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्म पढाइ हुने विद्यालयलाई शिक्षा ऐनले आधारभूत शिक्षा विद्यालय भनी परिभाषित गरेको छ। सबै आधारभूत विद्यालय कक्षा ८ सम्मकै हुनुपर्छ भन्ने छैन। यस्ता विद्यालय आवश्यकता अनुसार कक्षा १-३ वा १-५ सम्मका पनि हुन सक्छन्।

**सामुदायिक सिकाइ केन्द्रः** सामुदायिक सिकाइ केन्द्रहरू समुदायद्वारा व्यवस्थापन गरिएका सामुदायिक संस्था हुन्। यिनको स्थापना शिक्षा मन्त्रालयको अगुवाइमा हुने भए पनि तिनको कार्य क्षेत्र शिक्षा मन्त्रालय भन्दा बाहिरसम्म विस्तारित हुन्छ। तिनले शिक्षा मन्त्रालय अन्तर्गत खास गरी अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका क्षेत्रमा विविध गतिविधि सञ्चालन गर्दछन्।

**सामुदायिक विद्यालयः** यी समुदायबाट, मूलतः व्यक्ति, समुदाय, गुठी तथा स्थानीय निकायबाट प्राप्त सहयोग वा उठाइएका वस्तुगत वा नगद चन्दाबाट समुदायकै मागका आधारमा स्थापना गरिएका विद्यालय हुन्। यस्ता चन्दा वा सहयोग भित्र विद्यालय शुल्क समेटिएको हुँदैन। यस्ता विद्यालय सञ्चालन अझ पनि मुख्यतः सरकारी अनुदानमा निर्भर रहन्छन्।

**प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा–समुदायमा आधारितः** प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाले खास गरी प्रारम्भिक बाल शिक्षा र विकास सम्बन्धी सेवा प्रदान गर्दछन्। समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरू जिल्ला शिक्षा कार्यालयको स्वीकृतिमा खोलिन्छन् र शिक्षक तलब र सिकाइ सामग्रीका लागि सरकारी अनुदान पाउँछन्।

**प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा–विद्यालयमा आधारितः** सबै विद्यालयमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा आबद्ध रहने छन् र तिनलाई सरकारले मानवीय तथा भौतिक सहयोग उपलब्ध गराउने छ।

**शैक्षिक तालिम केन्द्रः** शैक्षिक तालिम केन्द्रहरू शिक्षक तालिम तथा विद्यालय सम्बन्धी अन्य मानवीय स्रोत विकासका संस्था हुन्। यिनीहरू शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत पर्दछन्।

**समावेशी विद्यालयः** समावेशी विद्यालयमा अपांगता भएका विद्यार्थीलाई पनि अन्य विद्यार्थीसँगै साधारण कक्षामा राखेर पढाइन्छ। यस्ता विद्यालयमा अपांगता भएका बालबालिकाका लागि शिक्षकले समकक्षी सहयोगका लागि सहपाठी विद्यार्थी तोकिदिने गरिन्छ। अपांगता भएका विद्यार्थीको सिकाइ सहयोगका लागि अतिरिक्त शैक्षिक स्रोत उपलब्ध गराइन्छ।

**एकीकृत विद्यालयः** यस्ता विद्यालयमा विभिन्न तहमा अपांगता भएका विद्यार्थीलाई विशेष शिक्षकको सहयोग उपलब्ध गराई सामान्य विद्यार्थीसँगै मूलधार कक्षामा समावेश गरेर पठनपाठन गराइन्छ। यस्ता विद्यालयले अपांगता भएका बालबालिकालाई छुट्टै सिकाइ वातावरणमा राखेर पढाउने स्रोत विद्यालय वा स्रोत कक्षाहरू र समावेशी विद्यालय बीच साँघुको काम गर्दछन्।

**संस्थागत विद्यालयः** यस्ता विद्यालयहरू निजी स्वामित्वमा कम्पनी ऐन अन्तर्गत सञ्चालित नाफामुखी हुन्छन्। यिनीहरूको नियमन शिक्षा मन्त्रालयले गर्छ।

**घुम्ती विद्यालयः** हिमाली क्षेत्रमा मौसमको प्रतिकूलताका कारणले मानिसहरू वर्षभरि उही स्थानमा बस्न नसक्ने हुँदा त्यस्तो समुदायका लागि घुम्ती विद्यालयहरू सञ्चालन गरिन्छन्।

**नमुना विद्यालय**: नमुना विद्यालय स्रोत साधनले सम्पन्न तथा राम्रो कार्य सम्पादन गर्ने विद्यालय हुन् । तिनले नजिकका विद्यालयहरूका लागि पेसागत सहयोग तथा प्रशासनिक सेवा समेत उपलब्ध गराउने छन् । नमुना विद्यालयका रूपमा स्रोत साधन उपलब्ध गराउन निम्न लिखित आधारमा विद्यालयको छनोट गरिन्छ (१) विद्यालयले सेवा पुऱ्याउने भौगोलिक तथा जनसांख्यिक फैलावट (२) सेवा क्षेत्रमा विद्यालय जाने उमेर समूहका जनसंख्याको आयतन (३) विद्युत तथा इन्टरनेट जडानको पहुँच (४) विद्यालयको शैक्षिक उपलब्धि ।

नमुना विद्यालयमा देहाय अनुसारका पूर्वाधार रहने छन्:

- सरकारी मापदण्ड अनुसार शिक्षक विद्यार्थी अनुपात कायम राख्न मिल्ने कक्षा कोठाहरूको न्यूनतम संख्या,
- पानी तथा सरसफाइको सुविधा सहित छात्र र छात्राका लागि अलग अलग शौचालय,
- पुस्तकालय तथा विज्ञान प्रयोगशाला,
- विपत् जोखिम न्यूनीकरणका मापदण्ड अनुरूप निर्माण तथा प्रबलीकरण गरिएको विद्यालय भवन ।

नमुना विद्यालयमा देहाय अनुसारका शिक्षण सिकाइ स्रोत सामग्री रहने छन्:

- शिक्षक विद्यार्थी अनुपातको मापदण्ड भित्र पर्याप्त विषय शिक्षकको (विज्ञान, गणित र अंग्रेजी) उपलब्धता,
- छुट्टै प्रधानाध्यापकको पद,
- विद्युतीय शिक्षण सिकाइका स्रोत साधनको पर्याप्तता, इ–पुस्तकालय तथा इन्टरनेटमा पहुँच,
- कक्षा ६-८ का लागि विज्ञान गणित विषयका स्रोत (किट) ।

**स्रोत केन्द्र**: स्रोत केन्द्रले समूह विद्यालयका शिक्षकलाई प्राविधिक सहयोग उपलब्ध गराउँछन् र जिल्ला शिक्षा कार्यालयलाई प्रतिवेदन बुझाउँछन् ।

**स्रोत कक्षा तथा विद्यालय**: केही छानिएका विद्यालयले अपांगता भएका विद्यार्थीहरूको विशेष सिकाइ आवश्यकता सम्बोधनका लागि विशेष कक्षा सञ्चालन गर्दछन् । त्यस्ता कक्षामा अपांगता नभएका विद्यार्थी राखिँदैनन् ।

**माध्यमिक शिक्षा विद्यालय**: माध्यमिक विद्यालयले कक्षा ९ देखि १२ सम्मको शिक्षा प्रदान गर्दछन् । जम्मा चार प्रकारका माध्यमिक विद्यालय रहने छन्:

- **सामुदायिक विद्यालय**: सरकारी अनुदान लिएर समुदायले सञ्चालन गर्ने विद्यालय ।
- **नमुना विद्यालय**: निर्धारित न्यूनतम सुविधा तथा मापदण्ड पुगेपछि सामुदायिक विद्यालयलाई नै नमुना विद्यालयमा परिणत गरिन्छ । यस्ता मापदण्ड पूरा गर्न सामुदायिक विद्यालयहरूलाई सहयोग पुऱ्याइने छ ।
- **विशेष विद्यालय**: विभिन्न भौगोलिक क्षेत्रमा छरिएका अपांगता भएका विद्यार्थीलाई आवासीय सुविधा सहित एकै विद्यालयमा राखी तिनको सिकाइ आवश्यकताको सम्बोधन गर्ने विद्यालय ।
- **परम्परागत विद्यालय**: विभिन्न धार्मिक संस्थाले सञ्चालन गरेका परम्परागत तथा धार्मिक विद्यालय हुन् । यस्ता विद्यालयहरूलाई क्रमशः सरकारी सहयोग उपलब्ध गराई राष्ट्रिय शिक्षा प्रणालीमा मूलधारमा ल्याइँदैछ । यस्ता विद्यालयमा गुरूकुल, गुम्बा तथा मदरसा पर्दछन् ।

# अनुसूची २: विद्यालय क्षेत्र विकास योजना कार्यक्रम तथा नतिजा तालिका

| दूरदृष्टि: राष्ट्रको सामाजिक-आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउनु । | | | |
|---|---|---|---|
| कार्यक्रम कार्यान्वयन गर्नुपर्नाको तर्क | सत्यापन सूचक | सत्यापनका स्रोतहरू | अनुमान |
| लक्ष्य<br><br>मानव संसाधनको निरन्तर विकासका माध्यमवाट मुलुकमा विद्यमान असमानता हटाई सामाजिक आर्थिक विकासमा योगदान गर्ने । | औसत प्रवृत्ति, मध्यिका,<br><br>अधिकतम र न्यूनतम जीवनस्तर<br><br>आर्थिक उपक्षेत्रहरूमा उत्पादकत्वको प्रवृत्ति<br><br>बेरोजगार दरको प्रवृत्ति | जनगणना<br><br>नमुना सर्भे (एनएलएसएस, एनडिएचएस)<br><br>विषय विशेषको अध्ययन<br><br>आर्थिक सर्वेक्षण<br><br>शैक्षिक व्यवस्थापन सूचना प्रणाली<br><br>श्रम सर्वेक्षण | आर्थिक क्रियाकलाप (उत्पादकत्व) बढाउन तथा जीवनस्तर उकास्नका लागि बालबालिका तथा युवाहरूले आफूले सिकेका ज्ञानको प्रयोग गर्ने छन् ।<br><br>नेपाल भौगोलिक, सांस्कृतिक, सामाजिक, आर्थिक अवस्था, आवश्यकता तथा अवसरहरूमा विविधता भएको मुलुक हो ।<br><br>विद्यालय क्षेत्र विकास योजनाका पहिलो दुई वर्षे कार्यान्वयन अवधिमा संघीय राज्य पुनर्संरचना गरिने छ । |
| उद्देश्य:<br><br>संघीयताका सन्दर्भमा सबै नागरिकहरूलाई मुलुकको विविधता तथा आवश्यकता अनुसार कार्यमूलक साक्षरता, गणितीय सीप तथा जीवनयापनका आधारभूत सीप सिकी उत्पादक जीवनयापन गर्ने अवसर प्राप्त गर्न सहजीकरण गर्ने । | प्रति व्यक्ति साक्षरता तथा गणितीय सीपको दर<br><br>प्रति व्यक्तिलाई शिक्षामा लाग्ने औसत वर्ष<br><br>प्रान्तहरूका बीचमा विद्यालय क्षेत्र विकास योजनाका मुख्य कार्यसम्पादन सूचकहरूबीच फरक<br><br>वार्षिक कार्य योजना तथा बजेट | | |

| उद्देश्य १: आधारभूत शिक्षा (५ वर्षका लागि अनुमानित बजेट अमेरिकी डलर ३,७८२ मिलियन) |
|---|
| ५ वर्ष मुनिका बालबालिकाहरूको शारीरिक, सामाजिक, मनोवैज्ञानिक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गर्न तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्ने गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका कार्यक्रमहरूलाई अधिकारका रूपमा प्रवर्धन गर्नु ।<br><br>४–१२ वर्षका सम्पूर्ण बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्नु ।<br><br>आवश्यक पर्ने सिकाइ सक्षमताहरूका साथ विद्यार्थीहरूलाई माध्यमिक शिक्षाका लागि तत्परताको सुनिश्चितता गर्ने ।<br><br>राष्ट्रिय अर्थतन्त्र तथा सामाजिक आर्थिक विविधतामा सामञ्जस्य गर्नुपर्नेबारे पूर्व अभिमुखीकरण गर्दै जीवनपयोगी सीपहरूलाई तथा मूल्यमा आधारित शिक्षाको प्रवर्धन गर्ने ।<br><br>वैकल्पिक तथा लचिला प्रकृतिको शिक्षा प्रदान गरी माध्यमवाट औपचारिक शिक्षालाई परिपूर्ण गर्नु । |

| उपलब्धि | सूचकहरू | | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ आधारभूत शिक्षामा समतामूलक पहुँच वृद्धि<br><br>विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास /पूर्व प्राथमिक शिक्षा /पूप्राकको आवश्यकता/ औचित्यका आधारमा विस्तार<br><br>विद्यालय जाने तत्परतामा रहेको असमानतालाई हटाउने ।<br><br>नि:शुल्क पाठ्यपुस्तक<br><br>छात्रवृत्ति योजनाको पुनरावलोकन (लक्ष्य तथा रकम)<br><br>दिवा खाजाको लक्षित प्रावधान<br><br>अपांगता भएका बालबालिकाहरूका लागि उपयुक्त सिकाइ वातावरणको प्रावधान | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको कुल भर्ना दर | जम्मा | ८१.० | ८२.६ | ८४.३ | ८६.० | ८७.७ | ८९.४ | |
| | | छात्र | ८१.२ | ८२.८ | ८४.४ | ८६.० | ८७.७ | ८९.४ | |
| | | छात्रा | ८०.९ | ८२.५ | ८४.२ | ८५.९ | ८७.६ | ८९.३ | |
| | आधारभूत शिक्षामा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | जम्मा | १०.६ | ९.० | ७.५ | ६.० | ४.५ | ३.० | |
| | | छात्र | १०.८ | ९.२ | ७.६ | ६.१ | ४.६ | ३.१ | |
| | | छात्रा | १०.४ | ८.८ | ७.३ | ५.८ | ४.४ | २.९ | |
| | कक्षा १ मा कुल प्रवेश दर | जम्मा | १३६.७ | १३४.७ | १३२.७ | १३०.७ | १२८.८ | १२६.९ | |
| | | छात्र | १२९.८ | १२७.९ | १२६.० | १२४.१ | १२२.३ | १२०.५ | |
| | | छात्रा | १४४.३ | १४२.२ | १४०.१ | १३८.० | १३५.९ | १३३.९ | |
| | कक्षा १ मा खुद प्रवेश दर | जम्मा | ९३.९ | ९४.४ | ९४.८ | ९५.२ | ९५.६ | ९६ | |
| | | छात्र | ९४ | ९४.४ | ९४.८ | ९५.२ | ९५.६ | ९६ | |
| | | छात्रा | ९३.९ | ९४.४ | ९४.८ | ९५.२ | ९५.६ | ९६.० | |
| | कक्षा १–५ मा खुद भर्ना दर | जम्मा | ९६.६ | ९६.९ | ९७.३ | ९७.६ | ९७.९ | ९८.५ | |
| | | छात्र | ९६.९ | ९७.२ | ९७.६ | ९७.९ | ९८.२ | ९८.६ | |
| | | छात्रा | ९६.३ | ९६.६ | ९७.० | ९७.३ | ९६.६ | ९८.० | |
| | कक्षा १–८ मा खुद भर्ना दर | जम्मा | ८९.४ | ९१.० | ९२.५ | ९४.० | ९५.५ | ९७.० | |
| | | छात्र | ८९.२ | ९०.८ | ९२.४ | ९३.९ | ९५.४ | ९६.९ | |
| | | छात्रा | ८९.६ | ९१.२ | ९२.७ | ९४.२ | ९५.६ | ९७.१ | |
| | कक्षा १–५ मा कुल भर्ना दर | जम्मा | १३५.४ | १३४.८ | १३०.० | १२५.० | १२०.० | ११५.० | |
| | | छात्र | १३०.२ | १२९.६ | १२४.८ | ११९.८ | ११४.८ | १०९.८ | |
| | | छात्रा | १४०.८ | १३९.८ | १३५.० | १२९.९ | १२४.८ | ११९.७ | |
| | कक्षा १–८ मा कुल भर्ना दर | जम्मा | १२०.१ | १२०.१ | ११८.० | ११५.० | ११३.५ | ११२.० | |
| | | छात्र | ११६.३ | ११६.३ | ११४.२ | १११.२ | १०९.७ | १०८.२ | |
| | | छात्रा | १२४.१ | १२४.१ | १२१.९ | ११८.८ | ११७.४ | ११५.८ | |
| | कक्षा ८ सम्मको टिकाउ दर | जम्मा | ७६.६ | ७९.५ | ८२.४ | ८६.० | ८८.७ | ९२.० | |
| | | छात्र | ७५.९ | ७८.७ | ८१.७ | ८४.७ | ८७.९ | ९१.२ | |
| | | छात्रा | ७७.४ | ८०.३ | ८३.३ | ८६.४ | ८९.६ | ९३.० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत शिक्षा (कक्षा १–८) को खुद भर्ना दरमा लैंगिक समता सूचकांक | जम्मा | १ | १ | १ | १ | १ | १ | |
| | आधारभूत शिक्षाको चक्र पूरा गर्नेको दर | जम्मा | ६९.६ | ७२.४ | ७५.४ | ७८.५ | ८१.७ | ८५.० | |
| | | छात्र | ६८.८ | ७१.६ | ७४.५ | ७७.६ | ८०.८ | ८४.१ | |
| | | छात्रा | ७०.५ | ७३.४ | ७६.४ | ७९.५ | ८२.८ | ८६.१ | |
| | | | | | | | | | |
| | सिकाइ उपलब्धिमा रहेका असमानताहरू घटाउने खालका लक्षित कार्यक्रम भएका जिल्लाको संख्या | | लक्षित कार्यक्रमहरू भएका जिल्लाहरू | ५ | १० | १० | १० | १० | |
| | चार वर्षको उमेरसम्ममा कम्तीमा १ वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकास /पूर्व प्राथमिक शिक्षा शिक्षा लिएका बालबालिकाको संख्या | जम्मा | ४,५४,७५७ | ४,७३,२०६ | ४,९२,४०४ | ५,१२,३८१ | ५,३३,१६९ | ५,५४,७९९ | |
| | | छात्र | २,३३,४१७ | २,४२,८८७ | २,५२,७४१ | २,६२,९९४ | २,७३,६६४ | २,८४,७६७ | |
| | | छात्रा | २,२१,३४० | २,३०,३२० | २,३९,६६४ | २,४९,३८७ | २,५९,५०५ | २,७०,०३३ | |
| | स्थापना भएका प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाकेन्द्रको संख्या | | ३०,४४८ | ३०,४४८ | ३०,९४८ | ३१,४४८ | ३२,००० | ३२,००० | |
| | छात्रवृत्ति तथा अन्य लक्षित कार्यक्रमहरूमा सहभागी पिछडिएका वर्गका बालबालिकाको संख्या | जम्मा | १,९४,४०० | २,०४,०९४ | २,१४,७१२ | २,२५,८८४ | २,३७,६३६ | २,५०,००० | |
| | | छात्र | ९६,८०६ | १,०१,८४३ | १,०७,१४१ | १,१२,७१६ | १,१८,५८० | १,२४,७५० | |
| | | छात्रा | ९७,१९४ | १,०२,२५१ | १,०७,५७१ | १,१३,१६८ | १,१९,०५६ | १,२५,२५० | |
| | लक्षित छात्रवृत्ति योजना भएका जिल्लाको संख्या | | प्राप्त नभएको | लक्षित छात्रवृत्ति योजनाको स्वीकृति | २५ वटा जिल्लामा योजनाको कार्यान्वयन भएको हुने | ७५ वटा जिल्लामा योजनाको कार्यान्वयन भएको हुने | | | |
| | दिवा खाजा प्राप्त गर्ने | जम्मा | ६,४८,१९० | ६,५३,११५ | ६,५८,०७७ | ६,६३,०७७ | ६,६८,११४ | ६,७३,१९० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाहरूको संख्या | छात्र | ३,२३,४४७ | ३,२५,९०४ | ३,२८,३८१ | ३,३०,८७५ | ३,३३,३८९ | ३,३५,९२२ | |
| | | छात्रा | ३,२४,७४३ | ३,२७,२१० | ३,२९,६९६ | ३,३२,२०१ | ३,३४,७२५ | ३,३७,२६८ | |
| | अपांगता भएका बाल-बालिकाहरूका लागि स्रोत कक्षाहरू भएका एकीकृत विद्यालयको संख्या | | ३८० | ३८० | ३८० | ३८० | ३८० | ३८० | |

**मुख्य कार्यक्रम सहितका रणनीतिहरू**

आधारभूत शिक्षा प्रदान गर्ने विद्यालयहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाहरूको स्थापना

नयाँ स्थापना हुने तथा विद्यमान प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरूको औचित्यका लागि कार्य सञ्चालनका लागि न्यूनतम मापदण्ड सहित निर्देशिकाको परिमार्जन गरिने ।

विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरू नभएका ठाउँमा प्रारम्भिक बाल विकास शिक्षा केन्द्रको स्थापना गर्ने

समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रहरू स्थापना गर्नका लागि निर्देशिका तथा आधारहरूको विकास गर्ने तथा स्थानीय निकाय र अभिभावकहरूका लागि अभिमुखीकरण सामग्री/प्याकेजहरूको प्रबोधीकरण गर्ने ।

न्यूनतम आधारभूत पूर्वाधारहरू पुरा नगरेका विद्यालयहरूको संख्या घटाउने ।

आवश्यकता तथा मापदण्डमा आधारित कक्षाकोठा ब्लकको निर्माण र पानी तथा सरसफाइका सुविधा (जिशिकाको प्राविधिक कर्मचारीको नियमित सर्भेका आधारमा)

समयमै पाठ्यपुस्तकको छपाइ र वितरण

समतालाई सम्बोधन गर्ने खालको लक्षित कार्यक्रम प्याकेजको विकास तथा कार्यान्वयन

विद्यालय बाहिर रहेका बालबालिकालाई मूलधारमा ल्याउन तथा असमानता घटाउन अति पिछडिएका जिल्लाहरूको पहिचान गरी उनीहरूलाई एकमुष्ट अनुदान प्रदान गर्नका लागि समता सूचकांकको विकास तथा प्रयोग गर्ने ।

परिमार्जित छात्रवृत्ति योजना (लक्ष्य तथा रकम)

विद्यार्थीको संख्या तथा गरिबीको तहका आधारमा गरिबी लक्षित निर्देशिका तथा जिल्ला मार्फत विद्यालयमा जाने एकमुष्ट अनुदानका लागि प्रावधानको विकास गर्ने ।

विद्यालयले निर्देशिकाका आधारमा जरुरत पर्ने विद्यार्थीहरू छनोट गर्ने ।

लिंग, जात/जाति क्षमता तथा स्थानसँग जोडिएको असमानता घटाउन तथा पहुँच, सहभागिता र सिकाइ उपलब्धि बढाउन कार्यक्रमहरू

**दिवा खाजाको लक्षित प्रावधान**

जिल्ला तथा विद्यालय तहमा लैंगिक सञ्जाल तथा सम्पर्क बिन्दुको स्थापना

आधारभूत तह (कक्षा ६–८) मा कमजोर विद्यार्थीका लागि उपचारात्मक सहयोग

विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि उपयुक्त सिकाइ वातावरणको प्रावधान

अपांगता भएका बालबालिकाहरूका लागि एकीकृत विद्यालयमा सुविधा सहितको स्रोतकक्षाको स्थापना

विद्यालय सञ्चालनका लागि साझेदार संस्थालाई अनुदान सहित, अपांग, विशेष गरी बहिराहरूका लागि विशेष विद्यालय

बालबालिकाहरूमा देखिने सामान्य अपांगताका प्रारम्भिक अवस्थाको पहिचान तथा आधारभूत लेखाजोखाका लागि प्रारम्भिक बाल शिक्षा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा विकास/पूर्व प्राथमिक शिक्षा केन्द्रका कर्मचारी तथा अभिभावकका लागि तालिम प्रदान<br>परम्परागत विद्यालयहरूमा गुणस्तरीय सिकाइ वातावरणको स्थापना गराउन अनुदानको प्रावधान<br>परम्परागत विद्यालय सञ्चालन अनुदान<br>परम्परागत विद्यालयहरूको आधारभूत तहका शिक्षकहरूका लागि तालिम<br>दुर्गम तथा कठिन क्षेत्रहरूमा गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता<br>घुम्ती तथा बहुकक्षा बहुस्तर विद्यालयहरूको स्थापना/सञ्चालन<br>लक्षित कार्यक्रमहरूबारे जानकारी गराउन विद्यालय बाहिर रहेका बालबालिकाहरूको खोजी तथा पहिचान<br>शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अंगका रूपमा विद्यालय बाहिर रहेका बालबालिकाहरूको डाटाबेसको स्थापना<br>विद्यालयको सेवा क्षेत्र अन्तर्गतका विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने तथा विद्यालय भर्ना अभियान अन्तर्गत आधारभूत शिक्षामा पुनः प्रवेश गराउने<br>विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि पुल कोर्स तथा वैकल्पिक अनौपचारिक शिक्षाका कार्यक्रमहरूको प्रावधान<br>विद्यालय बाहिर रहेका ७–१२ वर्षसम्मका बालबालिका (अपांगता भएका बालबालिकाका लागि विशेष प्याकेजको व्यवस्था सहित) तथा काममा लागेका युवाहरूका लागि औपचारिक शिक्षामा पुनः प्रवेश गराउने खालको पुल कोर्स सहितको अनौपचारिक शिक्षाको विविधतायुक्त प्याकेजको विकास गर्ने ।<br>अनौपचारिक शिक्षाका सञ्चालकहरूका लागि मापदण्डको विकास तथा लाइसेन्स प्रदान गर्ने र अनौपचारिक शिक्षाका सहजकर्ताहरूका लागि तालिम प्रदान गर्ने । | | | | | | | | | |
| १.२ आधारभूत शिक्षाको गुणस्तरमा सुधार भएको हुने<br>• प्रावाशिशि/पूर्व प्राथमिक शिक्षा केन्द्रका लागि कार्य सञ्चालन निर्देशिका तथा नर्म्सहरूको पुनरावलोकन तथा अद्यावधिक<br>• प्रावाशिशि/पूर्व प्राथमिक शिक्षा केन्द्रका बालबालिकाहरू का लागि उपयुक्त सिकाइ सामग्रीहरूको विकास तथा वितरण<br>• प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्नेको प्रतिशत | | जम्मा | ६२.४ | ६४.४ | ६६.५ | ६८.६ | ७०.८ | ७३.० | |
| | | | छात्र | ६२.५ | ६४.५ | ६६.६ | ६८.७ | ७०.९ | ७३.१ | |
| | | | छात्रा | ६२.३ | ६४.३ | ६६.४ | ६८.५ | ७०.७ | ७२.९ | |
| | कक्षागत पाठ उपयुक्त गतिमा बुझेर पढ्न सक्ने कक्षा ३ का विद्यार्थीहरू को प्रतिशत | प्रति मिनेट ४५+ शब्दको गति | जम्मा | २४.३ | | | ३०.३ | | ३४.३ | |
| | | | छात्र | २२.८ | | | २८.६ | | ३३.२ | |
| | | | छात्रा | २५.७ | | | ३१.९ | | ३५.३ | |
| | | बोध (८०%) | जम्मा | १३.३ | | | १४.६ | | १६.१ | |
| | | | छात्र | ११.८ | | | १३.२ | | १४.७ | |
| | | | छात्रा | १४.६ | | | १५.९ | | १७.३ | |
| | | दक्षता (गति+ बोध) | जम्मा | १२.८ | | | १४.१ | | १५.६ | |
| | | | छात्र | ११.३ | | | १२.६ | | १४.१ | |
| | | | छात्रा | १४.१ | | | १५.३ | | १६.७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राथमिक शिक्षाका लागि अभिभावकहरूको चेतना तथा संलग्नतामा अभिवृद्धि<br>• विद्यालयमा अनुकूल वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधारको प्रावधान<br>• प्रारम्भिक कक्षा पढाइ कार्यक्रम तथा समुदायमा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्यांकनको कार्यान्वयन<br>• कक्षागत पाठ उपयुक्त गतिमा बुझेर पढ्न सक्ने कक्षा ३ का विद्यार्थीहरूको प्रतिशतमा वृद्धि<br>• विषयहरूको संख्या घटाउँदै, सूचना तथा सञ्चार प्रविधिलाई समेट्ने, भाषा तथा व्यवहार कुशल सीप समावेश गर्ने गरी पाठ्यक्रमको परिमार्जन<br>• आधारभूत तह कक्षा ६–८ का लागि विज्ञान, गणित तथा भाषा सिकाइ | कक्षा ५ मा विद्यार्थी सिकाइ उपलब्धि प्राप्तांक (प्रतिशत) | गणित | जम्मा | ४८.० | | ५१.० | | | ५६.० | |
| | | | छात्र | ४८.० | | ४९.० | | | ५६.० | |
| | | | छात्रा | ४९.० | | ५२.० | | | ५६.० | |
| | | नेपाली | जम्मा | ४६.० | | ५०.५ | | | ५९.० | |
| | | | छात्र | ४६.० | | ४९.० | | | ५९.० | |
| | | | छात्रा | ४७.० | | ५१.५ | | | ५९.० | |
| | | अंग्रेजी | जम्मा | ४७.० | | ५१.५ | | | ५७.० | |
| | | | छात्र | ४७.० | | ५१.५ | | | ५७.० | |
| | | | छात्रा | ४७.० | | ५१.५ | | | ५७.० | |
| | कक्षा ८ मा विद्यार्थी सिकाइ उपलब्धि प्राप्तांक (प्रतिशत) | गणित | जम्मा | ३५.० | ३९.० | | | ५३.५ | | |
| | | | छात्र | ३८.० | ४१.० | | | ५५.० | | |
| | | | छात्रा | ३३.० | ३७.० | | | ५२.० | | |
| | | नेपाली | जम्मा | ४८.० | ५१.० | | | ५६.० | | |
| | | | छात्र | ४८.० | ५१.० | | | ५६.० | | |
| | | | छात्रा | ४८.० | ५१.० | | | ५६.० | | |
| | | विज्ञान | जम्मा | ४१.० | ४३.५ | | | ५२.५ | | |
| | | | छात्र | ४३.० | ४५.० | | | ५३.० | | |
| | | | छात्रा | ३९.० | ४२.० | | | ५२.० | | |
| | | | | | | | | | | अंग्रेजी |
| | न्यूनतम मापदण्ड पूरा गरेका प्रावाशिवि/पूर्व प्राथमिक कक्षाहरूको संख्या | | | – | १,५०० | ३,२०० | ५,१०० | ६,५०० | ८,००० | |
| | समुदायमा आधारित प्रारम्भिक कक्षा पढाइ मूल्यांकन कार्यान्वयन भएका विद्यालयहरूको संख्या | | | ० | २,६०० | ३,००० | २० जिल्लाका सामुदायिक विद्यालयहरू | २९ जिल्लाका सामुदायिक विद्यालयहरू | ३८ जिल्लाका सामुदायिक विद्यालयहरू | |
| | प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका न्यूनतम प्याकेजहरू पहिचान तथा कार्यान्वयन गरिएका जिल्लाहरूको संख्या | | | – | | | २० | २९ | ३८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| किटहरूको विकास तथा वितरण<br><br>● आवश्यकतामा आधारित कक्षाकोठा ब्लक निर्माण र पानी तथा सरसफाइका सुविधा (जिशिका का प्राविधिकहरूको नियमित सर्वेक्षणका आधारमा) | | | | | | | | |
| | कक्षा (१–३ को) एकीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक | – | – | – | १ | – | – | |
| | विज्ञान, गणित तथा भाषाका किटहरूको सुविधा भएका आधारभूत विद्यालयहरूको संख्या | – | कक्षा ६–८ का लागि विज्ञान, गणित, तथा भाषा सिकाइ किटहरू र शिक्षक निर्देशिका विकास गरिएको हुने | १,००० | २,००० | ३,००० | ४,००० | |
| | राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिमार्जन | - | राष्ट्रिय पाठ्यक्रम प्रारूपको विविधिकरणको स्वीकृति | संशोधित राष्ट्रिय पाठ्यक्रम प्रारूपको स्वीकृत | | कक्षा ९-१२ को परिमार्जन स्वीकृत | परिमार्जित राष्ट्रिय पाठ्यक्रम प्रारूपको कार्यान्वयन | |
| | | | | | | | | |
| | | | | | | | | |

उद्देश्य २: माध्यमिक शिक्षा (५ वर्षका लागि अनुमानित १,७२७ मिलियन अमेरिकी डलर)

सीपयुक्त मानव संसाधनको विकास गरी विद्यार्थीहरूलाई कामको संसारका लागि तयार बनाउनु

गुणस्तरसँग सम्झौता नगरी शिक्षाको पहुँचमा केन्द्रित गर्नु

विद्यार्थीहरूलाई प्राविधिक तथा साधारण माध्यमिक शिक्षाको बिचमा विकल्प उपलब्ध गराउने तथा सिकाइलाई प्रमाणीकरण गरी उपयुक्त धारमा जाने मार्गको व्यवस्था गर्नु

उच्च शिक्षामा स्थानान्तरणका लागि संस्थागत सम्बन्धको सुदृढीकरण गर्नु

आफ्ना नागरिक कर्तव्यहरू पालना गर्नका लागि विद्यार्थीहरूलाई तयार गर्नु

रोजगारीको अभिवृद्धि गर्न कार्यक्रमहरू कार्यान्वयन गर्नु

राम्रो आम्दानी गर्न सक्ने दक्ष तथा अर्ध दक्ष जनशक्ति उत्पादन गर्नु

विकासात्मक आवश्यकताहरू प्राप्त गर्नका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु

| उपलब्धि: | सूचक: | | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१ माध्यमिक शिक्षाको पहुँच तथा समतामा सुधार | माध्यमिक शिक्षा (९-१२) मा कुल भर्ना दर | जम्मा | ५६.७ | ६१.५ | ६६.७ | ७२.३ | ७८.४ | ८५.० | |
| | | छात्र | ५६.८ | ६१.६ | ६६.८ | ७२.४ | ७८.५ | ८५.१ | |
| गरिब तथा पिछडिएका विद्यार्थीहरूका लागि उच्च मान्यताको छात्रवृत्तिको (आवासीय तथा गैर आवासीय) संख्यामा वृद्धि | | छात्रा | ५६.६ | ६१.४ | ६६.६ | ७२.२ | ७८.३ | ८५.० | |
| | माध्यमिक शिक्षा (९-१२) मा खुद भर्ना दर | जम्मा | ३७.७ | ४०.३ | ४३.१ | ४५.१ | ४९.३ | ५३.१ | |
| | | छात्र | ३७.८ | ४०.४ | ४३.२ | ४६.२ | ४९.५ | ५२.९ | |
| | | छात्रा | ३७.६ | ४०.२ | ४३.० | ४६.० | ४९.२ | ५२.६ | |
| लक्षित विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक (कक्षा १२ सम्म) | कक्षा १० सम्म टिकाउ दर | जम्मा | ३७.९ | ४१.० | ४५.० | ५०.० | ५७.० | ६५.० | |
| | | छात्र | ३७.० | ४०.२ | ४४.३ | ४९.४ | ५६.० | ६४.० | |
| | | छात्रा | ३८.९ | ४२.८ | ४६.७ | ५१.६ | ५८.० | ६६.० | |
| नक्सांकन तथा आवश्यकताका आधारमा माध्यमिक विद्यालयहरूको स्तरोन्नति | कक्षा १२ सम्मको टिकाउ दर | जम्मा | ११.५ | १३.० | १५.० | १८.० | २१.० | २५.० | |
| | सामुदायिक विद्यालयमा कक्षा ११ मा विज्ञान विषयमा भर्ना भएका विद्यार्थीहरूको प्रतिशत | जम्मा | ३.५ | ५.५ | ८.० | १०.५ | १३.० | १५.० | |
| प्रत्येक निर्वाचन क्षेत्रमा कक्षा ११ मा विज्ञान विषयको पढाइ हुने कम्तीमा एक माध्यमिक विद्यालयको प्रावधान | | छात्र | ५.० | ९.३ | ११.४ | १४.१ | १७.४ | २१.५ | |
| | | छात्रा | २.१ | ३.९ | ४.८ | ५.९ | ७.४ | ९.० | |

| उपलब्धि: | सूचक: | | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| आवश्यकता तथा मापदण्डका आधारमा (जिशिकाका प्रविधिकहरूको सर्वेक्षणका आधारमा) कक्षाकोठा ब्लक निर्माण तथा पानी र सरसफाइको सुविधा | कक्षा ९-१२ को खुद भर्नादरमा लैंगिक समता सूचकांक | जम्मा | ०.९९ | १ | १ | १ | १ | १ | |
| | **मुख्य कार्यक्रम सहितका रणनीतिहरू**<br>माध्यमिक शिक्षाका पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा रहेका असमानतालाई सम्बोधन गर्न थप लक्षित कार्यक्रम प्याकेजहरूको विकास गर्ने<br>व्यापक नक्सांकन मार्फत सत्यापन गरिए बमोजिमका आधारलाई वाञ्छनीय योग्यता मानेर विद्यालयहरूको स्थापना गर्ने<br>गरिब तथा सीमान्तकृत विद्यार्थीहरूका लागि उच्च महत्वको छात्रवृत्तिको (आवासीय तथा गैरआवासीय) संख्यामा वृद्धि गर्ने<br>श्रवण शक्ति कमजोर भएका बालबालिकाहरूका लागि पहुँचका लागि विशेष विद्यालयको (आवासीय) व्यवस्था गर्ने<br>कक्षा ८ बाट ९ मा उत्तीर्ण अति गरिब विद्यार्थीहरूलाई माध्यमिक शिक्षामा निरन्तरताका लागि प्रोत्साहन सहयोगको व्यवस्था<br>लक्षित विद्यार्थीहरूका लागि नि:शुल्क पाठ्यपुस्तक (कक्षा १२ सम्मका लागि)<br>कमजोर विद्यार्थीहरूका लागि उपचारात्मक सहयोग (कक्षा १० मा परीक्षाको कोचिङ सहित)<br>विशेष आवश्यकता भएका बालबालिकाहरूका लागि उपयुक्त सिकाइ वातावरणको प्रावधान<br>खुला विद्यालय सञ्चालनका लागि अनुदान<br>सेवाको विस्तारका माध्यमवाट माध्यमिक शिक्षामा पहुँच वृद्धि<br>आवश्यकता तथा नक्सांकनका आधारमा कक्षा १० को माध्यमिक विद्यालयहरूलाई कक्षा १२ को माध्यमिक विद्यालयका रूपमा स्तरोन्नति<br>प्रत्येक निर्वाचन क्षेत्रमा कक्षा ११-१२ मा विज्ञान विषयको पढाइ हुने कम्तीमा एक माध्यमिक विद्यालयको प्रावधान<br>जिल्ला तहमा विज्ञान, गणित तथा अंग्रेजी विषयमा जोड दिन विषयगत विज्ञ सूचीको परिचालन गरी कम नतिजा ल्याउने विद्यालयहरूलाई सहयोग | | | | | | | | |
| | | | | | | | | | |
| २.२ माध्यमिक शिक्षाको गुणस्तर सुधार<br>हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा स्तरोन्नति गर्ने | कक्षा ९ मा प्राविधिक विषयमा भर्ना भएका विद्यार्थीहरूको प्रतिशत | जम्मा | ०.७ | १.१ | १.७ | २.५ | ३.९ | ६.० | |
| | | छात्र | ०.९ | १.४ | २.१ | ३.३ | ५.० | ७.७ | |
| | | छात्रा | ०.५ | ०.८ | १.२ | १.८ | २.८ | ४.३ | |
| | कक्षा ९-१२ मा प्राविधिक | जम्मा | ९,७५० | | | ७२,५४० | | १०२,६० | |

| उपलब्धि: | सूचक: | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| परीक्षा तथा मूल्यांकन प्रणलीमा सुधार<br><br>माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षा विषयहरूको सुदृढीकरण | विषयमा भर्ना भएका विद्यार्थीहरूको प्रतिशत | | | | | | ० | |
| | नमुना विद्यालयहरूको संख्या | - | २४० | २९० | ३४० | ४४० | ५४० | |
| | कक्षा ११-१२ मा विज्ञान विषय शिक्षण गरिरहेका सामुदायिक विद्यालयहरूको संख्या | २४० | २४० | २९० | ३४० | ४४० | ५०० | |
| | विज्ञान, गणित तथा भाषाका किटमा पहुँच भएका विद्यालयहरूको संख्या | - | | | कक्षा ६-८ का लागि विज्ञान, गणित र भाषा सिकाइ किट तथा शिक्षक निर्देशिका विकास | १,००० | १,००० | |
| | कक्षा ६-८ सम्ममा गणित, विज्ञान तथा अंग्रेजी भाषाका क्रियाकलापमा आधारित किट प्राप्त गर्ने विद्यालयहरूको संख्या | प्राप्त नभएको | | | १,००० | १,००० | १,००० | |
| | इन्टरनेटको सुविधा जडान गरेका विद्यालयहरूको संख्या | प्राप्त नभएको | | | १,००० | १,००० | १,००० | |

**मुख्य कार्यक्रम सहितका रणनीतिहरू**

आवश्यक न्यूनतम पूर्वाधारहरू पुरा नगरेका माध्यमिक विद्यालयहरूको संख्या घटाउने

विद्यालयहरूलाई आवश्यक न्यूनतम पूर्वाधारहरू हासिल गराउन बुक कर्नर तथा अन्य सामग्रीका लागि तलब बाहेकको प्रति विद्यार्थी लागत अनुदान दिने (लक्षित विद्यार्थी समेत)

आवश्यकता तथा मापदण्डका आधारमा (जिशिकाका प्राविधिकहरूको नियमित सर्वेक्षणका आधारमा) कक्षाकोठा निर्माण र पानी तथा सरसफाइका सुविधा

निःशुल्क पाठ्यपुस्तकको समयमै छपाइ तथा वितरण (लक्षित समूहका लागि माध्यमिक तहसम्म)

माध्यमिक शिक्षकहरूको नयाँ दरबन्दी स्वीकृत गर्नेः योग्य विषयगत शिक्षकहरू (गणित, विज्ञान र अंग्रेजी) को चरणबद्ध रूपमा पदस्थापन

माध्यमिक तहमा विज्ञान तथा गणित विषयका लागि आवश्यक सिकाइ वातावरणको सुदृढीकरण

| उपलब्धि: | सूचक: | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | पुस्तकालय तथा विज्ञान प्रयोगशालाहरूको निर्माण | | | | | | | |
| | विज्ञान, गणित, अंग्रेजी प्रयोगशालाको स्थापना गर्ने तथा पुस्तकालयका लागि पुस्तकहरूको व्यवस्था | | | | | | | |
| | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक, विज्ञान, गणितका किट तथा भिडियो फिल्म सामग्रीहरूजस्ता विद्यार्थी सिकाइ सामग्रीहरू विकास तथा वितरण | | | | | | | |
| | परिमार्जित पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका | | | | | | | |
| | शिक्षकहरूका लागि पेसागत विकास प्याकेज तथा योग्यताको विकास | | | | | | | |
| | राष्ट्रिय शिक्षक सक्षमता ढाँचा तथा राष्ट्रिय शिक्षक तयारी ढाँचाको विकास तथा कार्यान्वयन | | | | | | | |
| | सबै नव प्रवेशी शिक्षकहरूका लागि सेवा प्रवेश तालिम | | | | | | | |
| | विज्ञान, गणित तथा अंग्रेजी विषय, प्रअ नेतृत्व तथा व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि तथा उपचारात्मक सहयोग समाविष्ट, परिमार्जित तथा थप शिक्षक पेसागत विकास प्याकेज | | | | | | | |
| | प्रविधिमा आधारित पाठ्य सामग्रीको प्रयोग गर्न शिक्षकहरूको क्षमता विकास | | | | | | | |
| | सामुदायिक माध्यमिक विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा रूपान्तरण | | | | | | | |
| | छुट्टै प्रअको व्यवस्था भएका, विषयगत शिक्षकहरूले पूर्ण, विपत् जोखिम न्यूनीकरणका लागि उपयुक्त पूर्वाधार भएका, विज्ञान प्रयोगशाला, सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र, अतिरिक्त क्रियाकलाप गरिने, उपचारात्मक शिक्षणको व्यवस्था, तथा शिक्षण सिकाइ प्रक्रियाको अभिवृद्धि भएका नमुना विद्यालयहरूको संख्या | | | | | | | |
| | सक्षमतामा आधारित गरी पाठ्यक्रम तथा योग्यताको परिमार्जन मार्फत गुणस्तर तथा सिकाइ उपलब्धिको सुदृढीकरण | | | | | | | |
| | राष्ट्रिय योग्यता प्रारूप/राष्ट्रिय व्यावसायिक योग्यता प्रारूप, भाषा, सूचना तथा सञ्चार प्रविधि, उद्यमशील सीप तथा सक्षमतासँग सम्बन्धित गरी पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिमार्जन | | | | | | | |
| | राष्ट्रिय योग्यता (व्यावसायिक) प्रारूप विकास तथा कार्यान्वयन | | | | | | | |
| | माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा विषयको सुदृढीकरण | | | | | | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा विषयहरूको पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन तथा शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको विकास | | | | | | | |
| | प्राविधिक तथा व्यावसायिक शिक्षा विषयका शिक्षकहरूका लागि तालिम | | | | | | | |
| | उद्यमशीलता सीप तथा कार्य थलोमा सिक्ने लगायतका सेवाकालीन तालिमलाई संवर्धन गर्न शैक्षणिक ढाँचाको निर्देशिकाको विकास तथा पुनरावलोकन | | | | | | | |
| | शिक्षण सिकाइ कार्यका लागि सूचना तथा सञ्चार प्रविधिका पूर्वाधार तथा शिक्षण सिकाइ सामग्रीहरूको प्रावधान | | | | | | | |
| | शिक्षक तथा विद्यार्थीहरूका लागि विषयगत विद्युतीय सिकाइ स्रोतहरू (भण्डारण समेत) विकास तथा वितरण | | | | | | | |
| | विज्ञान, गणित तथा अंग्रेजी विषयलाई मुख्य प्राथमिकता दिएर सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी अध्यापन गर्नका लागि शिक्षण सिकाइ सामग्रीको तयारी | | | | | | | |
| | इ–पुस्तकालय लगायत पोर्टल तथा वेबसाइटहरूको विकास | | | | | | | |
| | माध्यमिक तहका बहिरा विद्यालयहरूमा लागि कम्प्युटर शिक्षाका लागि सहयोग | | | | | | | |
| | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबारे शिक्षक तालिम | | | | | | | |
| | अनलाइन/अफलाइन तालिम कोर्स तथा सामग्रीहरूको विकास (विज्ञान, गणित तथा अंग्रेजीलाई केन्द्रित गरेर) | | | | | | | |

| उद्देश्य नं. ३: साक्षरता तथा जीवनपर्यन्त सिकाइ (५ वर्षका लागि अनुमानित ६९ मिलियन अमेरिकी डलर) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| उपलब्धि | सूचक | | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
| ३. युवा तथा प्रौढमा कार्यमूलक साक्षरता तथा पढाइ र सिकाइका बानीहरूमा वृद्धि | ६ वर्ष माथिको साक्षरता दर | जम्मा | ७८[d] | | | ८५ | | ८७ | |
| | १५-२४ वर्ष सम्मको साक्षरता दर | जम्मा | ८८.६[e] | | | ९२ | | ९५ | |
| | १५ वर्ष माथिको साक्षरता दर | जम्मा | ५७[f] | | | ७० | | ७५ | |

**मुख्य कार्यक्रम सहितका रणनीतिहरू**

निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँच वृद्धि

कामदार युवा तथा किशोरहरूका लागि आवश्यकताका अनुसारका कार्यक्रम प्याकेजहरू कार्यान्वयन

जीवनपर्यन्त सिकाइका कार्यक्रमहरूलाई प्रमाणीकरण तथा समकक्षताका माध्यमवाट औपचारिक शिक्षामा स्थानान्तरण गर्ने कार्यको सुदृढीकरण

साक्षरता तथा जीवनपर्यन्त शिक्षाका कार्यक्रमहरूको गुणस्तर वृद्धि

साक्षरता तथा जीवनपर्यन्त शिक्षा कार्यक्रमका सहजकर्ताहरूका लागि पेसागत विकास तालिम

उद्देश्य नं.४: शिक्षक पेसागत विकास (५ वर्षका लागि अनुमानित १२९ मिलियन अमेरिकी डलर)

विद्यार्थीको सिकाइ प्रक्रियामा सही किसिमले सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने

योग्य तथा सक्षम शिक्षकहरूको प्रावधान

सरकारी निर्देशिका तथा मार्गदर्शन अनुसार शिक्षण सिकाइ हुनुपर्ने दिन तथा शिक्षकहरूले काममा बिताउनु पर्ने समयको सुनिश्चितता

शिक्षण र सिकाइका सम्बन्धमा शिक्षक तथा विद्यार्थीहरूका बीचमा उच्च मनोबल तथा उत्प्रेरणा कायम राख्ने

| उपलब्धि | सूचक | | | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.१ योग्य तथा तालिम प्राप्त शिक्षकहरूको प्रावधानमा वृद्धि भएको | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका तालिम प्राप्त शिक्षकहरूको प्रतिशत | | जम्मा | प्राप्त नभएको | १० | २० | ३० | ५० | ६५ | |
| | आवश्यक योग्यता प्राप्त प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाका शिक्षकहरूको प्रतिशत | | जम्मा | ९३.७ | ९४.४ | ९५.० | ९५.७ | ९६.४ | ९७.० | |
| | | | पुरुष | ९२.३ | ९२.९ | ९३.६ | ९४.३ | ९४.९ | ९५.८ | |
| | | | महिला | ९५.१ | ९५.८ | ९६.४ | ९७.१ | ९७.८ | ९८.५ | |
| | गणित, विज्ञान तथा अंग्रेजी विषयहरूमा तालिम प्राप्त विषयगत शिक्षकको संख्या | | जम्मा | प्राप्त नभएको | | | ४,५०० | ९,००० | १३,५०० | |
| | विषयगत शिक्षकहरू पर्याप्त मात्रामा भएका विद्यालयहरूको संख्या | आधारभूत (कक्षा ६-८) | जम्मा | प्राप्त नभएको | | | १,००० | २,००० | ३,००० | |
| | | माध्यमिक | जम्मा | प्राप्त नभएको | | | ५०० | १,००० | १,५०० | |
| | आधारभूत शिक्षकहरूका लागि प्रमाणीकरण तालिम | आधारभूत | जम्मा | प्राप्त नभएको | कक्षा ६-८ र ९-१२ सम्मका विषयगत शिक्षकहरूका लागि परिमार्जित प्रमाणीकरण तालिम मोड्युलको विकास | ९,५०० | १०,७०० | १०,७०० | ७,४०० | |
| | | | पुरुष | प्राप्त नभएको | | ६,६१६ | ६,८८८ | ६,८८८ | ४,७६४ | |
| | | | महिला | प्राप्त नभएको | | ३,३८४ | २,४५४ | २,४५४ | १,६९७ | |
| | | माध्यमिक | जम्मा | प्राप्त नभएको | | १,५०० | ३,००० | १,५०० | १,५०० | |
| | | | पुरुष | प्राप्त नभएको | | १,२९३ | २,५८६ | १,२९३ | १,२९३ | |
| | | | प्राप्त नभएको | प्राप्त नभएको | | १७८ | ३५७ | १७८ | १७८ | |
| | सूचना तथा सञ्चार प्रविधि र विद्युतीय स्रोत साधनहरूमा तालिम प्राप्त शिक्षक संख्या | | जम्मा | प्राप्त नभएको | ० | ० | १,००० | १,००० | १,००० | |
| | | | पुरुष | प्राप्त नभएको | ० | ० | ७७० | ७७० | ७७० | |
| | | | महिला | प्राप्त नभएको | ० | ० | २३० | २३० | २३० | |
| | महिला | आधारभूत | | ३८.८ | ४० | ४१ | ४२ | ४३.५ | ४५ | |

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षिकाको प्रतिशत — माध्यमिक | १५.१ | १६ | १७ | १८ | १९ | २० | |
| | **मुख्य कार्यक्रम सहितका रणनीतिहरू**<br>शिक्षक तयारीका लागि नयाँ कार्यढाँचाको विकास<br>राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचा तथा शिक्षक शिक्षाका लागि राष्ट्रिय कार्यढाँचाः सम्पूर्ण शिक्षकहरूको नियुक्ति यिनै कार्यढाँचा आधारमा गरिने<br>गैरशैक्षिक धारबाट आउने उत्कृष्ट सिकारुहरूको प्रत्यक्ष प्रवेश<br>शिक्षकहरूको पेसागत विकास प्याकेज तथा योग्यताको विकास<br>नव नियुक्त/पुनः दरबन्दी मिलान भएका शिक्षकहरूका लागि एक महिने प्रमाणीकरण/नवप्रवेशी तालिम<br>आधारभूत विद्यालयका शिक्षकहरूका लागि परिमार्जित तथा थप शिक्षक पेसागत विकास तालिम (प्रारम्भिक कक्षा पढाइ, नेपाली दोस्रो भाषाका रूपमा, माध्यम भाषा, मातृभाषामा आधारित बहुभाषिक शिक्षा, अन्तरक्रियात्मक अंग्रेजी, सूचना तथा सञ्चार प्रविधि, व्यवहार कुशल सीप, गणित र विज्ञानका किटहरू, निरन्तर मूल्यांकन पद्धति तथा उपचारात्मक शिक्षण)<br>माध्यमिक विद्यालयका शिक्षकहरूका लागि विभिन्न तवरले परिमार्जित शिक्षक पेसागत विकास तालिम कार्यान्वयन हुने (सेवा प्रवेश, विज्ञान, गणित, अंग्रेजी, प्रअ नेतृत्व विकास र व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधि)<br>गणित, विज्ञान तथा अंग्रेजीका सम्पूर्ण शिक्षकहरूका लागि कम्तीमा दुई चरणको तालिम<br>शिक्षकहरूको निरन्तर पेसागत क्षमताको सुदृढीकरण गर्ने | | | | | | | |
| ४.२ शिक्षकको व्यवस्थापन तथा उत्तर दायित्वको सुदृढीकरण | छुट्टै पूर्णकालीन प्रअ पदको व्यवस्था सहितको विद्यालयहरूको संख्या | - | ६,१६५ | ६,१६५ | ६,१६५ | ६,१६५ | ६,१६५ | |
| | शिक्षकको पद मिलानको औचित्य | | शिक्षक पद मिलन तथा दरबन्दी मिलानका योजना स्वीकृत | | शिक्षक दरबन्दी मिलानको कार्य २५ प्रतिशतमा झारिएको हुने | | शिक्षक दरबन्दी मिलानको कार्य ६० प्रतिशतमा झारिएको हुने | |
| | विषयगत रूपमा सबै शिक्षकहरू भएका विद्यालयहरूको संख्या | आधारभूत | | | १,००० | २,००० | ३,००० | |
| | | माध्यमिक | | | ५०० | १,००० | १,५०० | |
| | परिमार्जित शिक्षकको पेसागत विकासको विषयगत प्याकेजमा तालिम प्राप्त विषयगत शिक्षकहरूको संख्या | | | | ४,५०० | | १३,५०० | |
| | शिक्षकको कार्य सम्पादनमा आधारित प्रोत्साहन योजना लागु गरिएका जिल्लाहरूको संख्या (शिक्षकले शिक्षणमा बिताएको समय) | | शिक्षक प्रोत्साहन योजना स्वीकृत | २० | ४० | ७५ | | |

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षणमा नै समय बिताउने शिक्षकहरूको संख्यामा वृद्धि | प्राप्त नभएको | शिक्षकहरुले काममै पुरा समय बिताउने सम्बन्धी नीति निर्देशिका स्वीकृत | १५ प्रतिशत विद्यालय हरूमा शिक्षक हरूले (शिक्षणमै समय बिताउने कुराको अभिवृद्धि भएको अनुगमन प्रणाली सुरु गरिएको | | ९० प्रतिशत विद्यालय हरूमा शिक्षक हरूले काममै पूरा समय बिताउने कुराको अभिवृद्धि भएको अनुगमन प्रणाली सुरु गरिएको (शिक्षकले शिक्षणमा बिताएको समय) | | |
| | **मुख्य कार्यक्रम सहितका रणनीतिहरू**<br>शिक्षक दरबन्दी मिलानका लागि परिमार्जित नर्म्सहरू<br>तह र विषयका आधारमा शिक्षकको पदस्थापनका लागि नयाँ नर्म्सको विकास तथा परिमार्जित नर्म्सका आधारमा शिक्षक पदस्थापन<br>बढी भएका प्राथमिक शिक्षकको पदलाई निम्न माध्यमिक तहमा रूपान्तरण<br>माध्यमिक तहमा नयाँ शिक्षकको पदहरूको सिर्जना<br>गणित, विज्ञान र अंग्रेजी विषयका शिक्षकहरूको चरणबद्ध पदस्थापन<br>शिक्षक उपस्थिति तथा कार्य सम्पादनमा सुधार<br>शिक्षक उपस्थिति तथा काममा पुरा समय बिताएको अनुगमन सेवाग्राही/विद्यार्थीद्वारा गरिने<br>करार सम्झौताका आधारमा प्रअद्वारा सम्पूर्ण शिक्षकहरूको अर्धवार्षिक कार्य सम्पादन मूल्यांकन | | | | | | | |

उद्देश्य ५: सुशासन तथा व्यवस्थापन (५ वर्षका लागि अनुमानित ५० मिलियन बजेट)

विकेन्द्रकृत सुशासन तथा व्यवस्थापन संरचना भित्र प्रभावकारी तथा दक्ष सार्वजनिक शैक्षिक सेवा प्रवाह

विद्यालय क्षेत्र विकास योजनाको बजेट कोडसँग मिल्ने गरी शिक्षा बजेटको विनियोजन तथा बजेट विनियोजनमा निरन्तर वृद्धि

क्षेत्रगत पद्धति संयन्त्र मार्फत विद्यालय क्षेत्र विकास योजनाको प्रभावकारी कार्यान्वयन

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौ वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५.१ पर्याप्त स्रोत तथा पूर्वाधार प्रभावकारी तवरले प्रयोग | आधारभूत तहमा शैक्षिक वर्षको सुरु भएको पहिलो दुई हप्तामा पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशत | ८६.५ | ८९.० | ९१.० | ९४.० | ९८.० | १०० | |
| | मलेनिकाको प्रणालीसँग (केन्द्रीय निकाय, क्षेशिनि, शैताके, जिशिका) (खर्च गर्ने एकाइ) मिल्ने गरी आर्थिक व्यवस्थापन सूचना प्रणाली सुदृढ भएको) | - | १३ | ३० | ३० | २० | २९ | |
| | चौमासिकको अन्त्यपछि सो त्रैमासिकको आर्थिक अनुगमन प्रतिवेदन बुझाइएको दिन संख्या | | ४५ | ४५ | ४५ | ४५ | ४५ | |
| | अघिल्लो वर्षको मलेपको प्रतिवेदन पेस गरेको महिनाको संख्या | | ९ | ९ | ९ | ९ | ९ | |
| | लेखा परीक्षणको अवलोकनको घटेको प्रतिशत | ५.८ | ५.७ | ५.५ | ५.३ | ५.१ | ५ | |
| | कार्य सम्पादनमा आधारित विद्यालय अनुदान प्रणालीको कार्यान्वयन | तोकिएका शीर्षकको अनुदान प्रणाली | हालको अनुदान प्रणालीको पुनरावलोकन | अनुदान प्रणाली लागु भएको | सम्पूर्ण ७५ वटै जिल्ला शिक्षा कार्यालय हरूमा लागु भएको | | | |
| | विद्यालयको वित्तीय व्यवस्था विद्यालय सुधार योजनासँग जोडिएको सामुदायिक विद्यालयको प्रतिशत | | | | ५० | १०० | | |
| | क्षमता विकास तालिम हासिल गर्ने प्रअ तथा व्यवस्थापन | प्राप्त नभएको | | ३० | १०० | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समितिको प्रतिशत | | | | | | | |
| | प्रअ तथा व्यवस्थापन समितिका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन योजना भएका जिल्लाको संख्या | | | १० | ४० | ७५ | | |

**मुख्य कार्यक्रम सहितका रणनीतिहरू**

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँग शिक्षा मन्त्रालयको संरचनालाई उन्मुख गर्ने

नि:शुल्क माध्यमिक शिक्षाका लागि साझेदारी नमुनाहरूको विकास गर्न नीति निर्देशिकाको पुनरावलोकन र विकास

संघीयतालाई हरेक तहमा समायोजित गर्न लागत क्षमता विकास योजनाको तयारी तथा कार्यान्वयन

शिक्षा नियमावलीको संशोधन तथा कार्ययोजनाको तयारी

नतिजामा आधारित वित्तीय व्यवस्थासँग आबद्ध हुने गरी केन्द्रीय निकायहरूले गर्ने प्रतिवेदनको व्यवस्था तथा बजेट निकासा संयन्त्रको पुनरावलोकन गरिने

राज्य पुनर्संरचनाका आधारमा शिक्षा मन्त्रालयको पुनर्संरचनाको मार्ग चित्र र संगठन तथा व्यवस्थापन सर्भेको कार्य सम्पन्न ।

राष्ट्रिय परीक्षा बोर्डको स्थापना भई सञ्चालनमा आएको तथा यसका कार्यहरू विद्यमान परीक्षा सञ्चालन गरिरहेका निकायहरू (पनिका, उमाशिप) सँगै आबद्ध गरिने ।

विद्यार्थी मूल्यांकन सहित शैक्षिक प्रणालीको स्वतन्त्र रूपमा समीक्षा तथा परीक्षण गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमताको सुदृढीकरण

शिक्षा मन्त्रालयभित्र विद्यालय क्षेत्र विकास योजना कार्यक्रम सहयोग, अनुगमन तथा समन्वय संयन्त्र स्थापित

माध्यमिक विद्यालयहरूलाई सुसञ्चालन गर्न तथा पुरस्कृत गर्न उत्तरदायित्व तथा कार्य सम्पादन मूल्यांकन प्रणालीको विकासका लागि नीति निर्देशिकाको पुनरावलोकन तथा विकास

केन्द्र तथा जिल्ला तहमा योजना तथा आर्थिक व्यवस्थापनको सुदृढीकरण

शिक्षा मन्त्रालय पद्धति भित्र एकीकृत लेखा सफ्टवेयर लागु गर्ने

समता सूचकांक, विद्यालयको प्रोफाइल तथा विद्यार्थी परिचय नम्बर सहितको विद्यालयमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको लागु गर्ने

आर्थिक व्यवस्थापन तथा सार्वजनिक खरिद सहायताको सुनिश्चितता

जिल्ला शिक्षा समितिहरूको सुदृढ तथा सक्रिय भएको

जिल्ला शिक्षा योजना, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण गर्न तथा सामाजिक परीक्षण मार्फत पारदर्शिता कायम राख्नका लागि शैक्षिक व्यवस्थापकहरू तालिम प्राप्त हुने

आर्थिक व्यवस्थापन कार्ययोजनाको विकास ।

समग्र अनुदान व्यवस्थापन संयन्त्रको तयारी तथा केन्द्र र जिल्ला तहमा कार्यान्वयन

विद्यालयमा गरिने लगानीमा वृद्धि (प्रति विद्यार्थी लागत आदिका अतिरिक्त आवश्यकता तथा कार्यसम्पादनमा आधारित अनुदान)

प्रोत्साहन तथा सहयोग संयन्त्रसँगै विद्यालय कार्य सम्पादनको मूल्यांकन गरिने

सहायता रकमको अनुगमन सर्वेक्षण गरिएको हुने ।

| | |
|---|---|
| | विद्यालय तहमा आर्थिक व्यवस्थापन तथा सुशासनको सुदृढीकरण<br><br>छुट्टै प्रअ पदको सिर्जना तथा पदपूर्ति गरिने । प्रअले शिक्षकहरूको अर्धवार्षिक कार्य सम्पादन मूल्यांकन अनिवार्य रूपमा गर्ने<br><br>विद्यालय तहमा वित्तीय व्यवस्थापन सुदृढीकरणका लागि आर्थिक व्यवस्थापन निर्देशिकाको विकास तथा प्रबोधीकरण<br><br>लेखा पालन तथा प्रतिवेदनको सरल फर्म्याटका सम्बन्धमा विद्यालयहरूमा तालिम दिने । |

उद्देश्य ६: विपत् जोखिम न्यूनीकरण तथा विद्यालय सुरक्षा (५ वर्षका लागि अनुमानित बजेट १,०१४ मिलियन अमेरिकी डलर)

प्रत्येक बालबालिकाहरूका लागि सुरक्षित सिकाइ वातावरणमा पहुँचको सुनिश्चितता गराउने

विद्यालय तहमा विपत् व्यवस्थापन तथा समुदायहरूमा उत्थानशीलताको सुदृढीकरण गर्दै शिक्षा क्षेत्रमा बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्नु

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | परिमार्जित प्राविधिक मापदण्डका आधारमा विपत् प्रभावित क्षेत्रहरूमा नयाँ निर्माण भएका कक्षाकोठाको संख्या | प्रभावित क्षेत्रहरूमा ४,४०० सुरक्षित विद्यालय पुनः निर्माण तथा प्रभावित नभएका क्षेत्रहरूका ३६,५४० कक्षाकोठालाई प्रबलीकरण गर्नुपर्ने आवश्यकता | १७,००० | २१,००० | १८,००० | १२,००० | ८,००० | |
| | प्रभावित नभएका क्षेत्रहरूका प्रवलीकरण गरिएका विद्यालय भवनको संख्या | | ० | ४० | १२० | १२० | १२० | |
| | सुरक्षित सिकाइ वातावरणका लागि विपत् जोखिम न्यूनीकरणको मापदण्ड पूरा गरेका विद्यालयहरूको संख्या | | १.विद्यालय विपत् व्यवस्थापन निर्देशिका स्वीकृत २.विपत् जोखिम न्यूनीकरण कार्यान्वयन वार्षिक कार्यान्वयन योजना र ३.बृहत् विद्यालय सुरक्षा गुरु योजनाको अन्तिमीकरण | | विद्यालय क्षेत्र विकास योजनाको मध्यावधि मूल्यांकनको एक अंशको रूपमा विपत् जोखिम न्यूनीकरण योजनाको विषयगत अध्ययन गराइने । | पुनर्निर्माण र प्रबलीकरणको सार्वजनिक तथ्यांकको व्यवस्था | | |

| | |
|---|---|
| | **मुख्य कार्यक्रमहरू सहितका रणनीतिहरू**<br>सम्पूर्ण नयाँ निर्माण तथा पुननिर्माणको सुरक्षाको सुनिश्चित गरिने<br>विद्यालय निर्माणको नयाँ प्राविधिक मापदण्डको विकास<br>भूकम्प पश्चात्को ४ वटा कक्षाकोठा सहितको विद्यालय भवनको पुनर्निर्माण<br>भूकम्प पश्चात्को सामान्य मर्मत तथा प्रबलीकरण<br>विद्यालयहरूको प्रवलीकरण<br>विपत् जोखिम व्यवस्थापन योजना<br>विद्यालयहरूमा बृहत् विद्यालय सुरक्षा तथा विपत् जोखिम नयूनीकरण तथा विभिन्न किसिमका विपत्हरू लागि स्तरीय कार्य प्रक्रियाका लागि स्तरीय मुख्य सूचनाहरूको विकास तथा अनुगमन<br>जिशिकाको आपत्कालीन पूर्वतयारी योजना तयारी<br>शिक्षक, विद्यार्थी तथा विद्यालयका अन्य सरोकारवालाहरूको विपत् जोखिम न्यूनीकरण तथा आपतकालीन पूर्व तयारीलाई गरिने सम्बोधनमा सुधार<br>विद्यालय सुधार योजनामा विपत् जोखिम न्यूनीकरण/विद्यालय सुरक्षा समावेश गर्ने तथा प्रअ र शिक्षकहरूलाई सो सम्बन्धी तालिम प्रदान गर्ने |

उद्देश्य ७: परीक्षा तथा प्रमाणीकरण लगायत अनुगमन तथा मूल्यांकन (५ वर्षका लागि अनुमानित बजेट ३३ मिलियन अमेरिकी डलर)

कार्यक्रम लगानी, प्रक्रिया तथा उत्पादनको अनुगमन तथा कार्यक्रमहरूको प्रभावकारिताको मूल्यांकन गर्नु

नीति निर्माता निकायहरूलाई सामान्यतः शैक्षिक प्रणालीको स्थिति तथा विशेष गरी सिकाइ उपलब्धिका बारेमा सूचना प्रदान गर्नु

कार्यक्रम तथा क्रियाकलापहरूको स्थितिका बारेमा कार्यान्वयनका निकायहरूलाई निरन्तर पृष्ठपोषणको प्रावधान गर्नु

स्थानीय तहमा जिम्मेवार तथा सरोकारवालाहरूलाई योजनाहरूका बारेमा जानकारी प्रदान गर्न तथ्यांकको उपलब्धता सुनिश्चित गर्नु

शैक्षिक योग्यताहरूको प्रमाणीकरणको विश्वसनीय प्रक्रिया

मुलुकभर प्रमाणीकरणको व्यवस्था

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक व्यवस्थापन सूचना प्रणालीका तथ्यांकहरूको स्वतन्त्र रूपले सत्यापन | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रतिवेदन | सत्यापनको सर्भे सम्पन्न तथा स्वीकृति र सच्याइएका कुराहरूको कार्यान्वयन | पहिलो चक्रको नमुनामा आधारित स्वतन्त्र शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सत्यापन पुरा भएको | शिक्षक तथा विद्यार्थीको तथ्यांक को शुद्धतामा ४ प्रतिशत अंकले सुधार | द्वितीय चक्रको नमुनामा आधारित स्वतन्त्र शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सत्यापन पूरा भएको | शिक्षक तथा विद्यार्थी को तथ्यांक ९७ प्रतिशत शुद्ध भएको | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १० को परीक्षामा एकल विषय प्रमाणीकरणको कार्यान्वयन | कक्षा १० मा अक्षराङकन प्रणाली तथा एकल विषय प्रमाणीकरण को कार्यको कार्यान्वयन | कक्षा १० को परीक्षामा एकल विषय प्रमाणीकरण को कार्यान्वयन | उच्च माध्यमिक विद्यालयको परीक्षामा एकल विषय प्रमाणीकरण को नीति स्वीकृति | उच्च माध्यमिक विद्यालयको परीक्षामा एकल विषय प्रमाणीकरण को नीति कार्यान्वयन | | | |
| | नासालाई संस्थागत गर्ने | शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई पूर्ण स्वतन्त्र निकायका रूपमा स्थापित गर्ने | पूर्ण स्वतन्त्र शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा नासालाई संस्थागत गर्ने | २०१४ को कक्षा ५ को नासाको नतिजाका आधारमा सहमति भएका कुरामा आवश्यक सुधार गर्ने तथा नासा कक्षा ८ का नतिजाको विश्लेषण गर्ने | स्तरीकृत प्रश्नपत्र द्वारा कक्षा ८ को परीक्षा सञ्चालन गर्ने | कक्षा ८ का लागि नासाको सर्भे गर्ने र कक्षा ५ का लागि नासाको नतिजाको विश्लेषणको प्रबोधीकरण गर्ने (२०१८ मा सञ्चालना भएको) | कक्षा ८, १० र १२ का परीक्षाहरू स्तरीकृत प्रश्न पत्र द्वारा सञ्चालन गर्ने | |
| | विद्यालय प्रोफाइल कार्ड लागु गर्ने | | | जिल्ला तथा विद्यालय प्रोफाइल कार्ड परीक्षण गरिने र २५ प्रतिशत विद्यालका सामाजिक परीक्षणमा प्रयोग गरिने | विद्यालयहरूको कार्य सम्पादन अनुदानसँग आबद्ध गरी जिल्ला र विद्यालय का प्रोफयल कार्ड सम्पूर्ण विद्यालयहरूमा लागु गरिने | विद्यालयको सामाजिक परीक्षणमा विद्यालय हरूको कार्य सम्पादन अनुदान सँगआबद्ध गरी जिल्ला र विद्यालयका प्रोफयल कार्ड प्रयोग गरिने | | |
| | शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यार्थी तथा शिक्षकका व्यक्तिगत परिचय पत्रको कार्यान्वयन | ५६ | ६५ | ७५ | ७५ | ७५ | ७५ | |

| | |
|---|---|
| | **मुख्य कार्यक्रमहरू सहितका रणनीति**<br><br>शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण<br><br>● एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीका तथ्यांकहरूको प्रयोग गरी क्षेत्रगत, जिल्लागत, विद्यालय स्तरका प्रोफाइल कार्डको स्वचालित उत्पादन गर्ने तथा जिल्ला र विद्यालयका प्रोफाइल कार्डहरूको विश्लेषणमा सघाउ पुऱ्याउन साधनको तयारी गर्ने<br><br>● शैक्षिक व्यवस्थापन सूचना प्रणालीका तथ्यांकहरूको स्वतन्त्र सत्यपन तथा स्वीकृत सुधारात्मक उपायको कार्यान्वयन<br><br>हरेक तहको अनुगमन र मूल्यांकनको सुदृढीकरण<br><br>● स्रोतकेन्द्र तथा विद्यालयस्तरमा नतिजामा आधारित अनगुमन<br><br>● प्रत्येक शिक्षकको काममै बिताउने समयको अनुगमन<br><br>प्रभाव मूल्यांकन र सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता थप अध्ययन/मूल्यांकन गर्ने<br><br>माध्यमिक तहमा परीक्षा तथा मूल्यांकनको सुदृढीकरणको प्रावधान<br><br>कक्षा ८, १० र १२ मा पाठ्यक्रमको अंगका रूपमा मूल्यांकन प्रारूपको शुरुवात गर्ने<br><br>स्तरीकृत प्रश्न पत्रहरूको विकास<br><br>कक्षा १० तथा १२ का परीक्षाहरूमा व्यापक सुधार<br><br>कक्षा ५, ८ तथा १० मा (कक्षा १० मा लागु) नासा सञ्चालन गर्ने<br><br>कक्षा १० तथा अन्य सार्वजनिक परीक्षा सञ्चालनमा सहयोग<br><br>राष्ट्रिय परीक्षा बोर्डको स्थापना, उच्च कोटीको प्रश्न पत्र, परीक्षा सञ्चालनमा सुधार, कापी परीक्षण तथा अंकन र विश्लेषण, कक्षा १०, ११ र १२ को बोर्ड परीक्षाको स्तरीकरण |

| उद्देश्य ९: क्षमता तथा संस्थागत विकास (५ वर्षका लागि अनुमानित बजेट ६९ मिलियन डलर) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
| ९.१ : विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन गर्न प्रत्येक तहमा पर्याप्त मात्रामा संस्थागत क्षमता | क्षमता तथा संस्थागत विकास योजनाको विकास तथा कार्यान्वयन | | क्षमता तथा संस्थागत विकास योजनाको विकास भएको हुने | क्षमता तथा संस्थागत विकास योजना कार्यान्वयन भएको | क्षमता तथा संस्थागत विकास योजना कार्यान्वय भएको | क्षमता तथा संस्थागत विकास योजना कार्यान्वयन भएको | क्षमता तथा संस्थागत विकास योजना कार्यान्वयन भएको | |
| | **मुख्य कार्यक्रमहरू सहितका रणनीतिहरू**<br><br>वार्षिक लक्ष्य सहित क्षमता तथा संस्थागत विकास योजना निर्माण | | | | | | | |

| | |
|---|---|
| | संस्थागत विश्लेषण तथा आवश्यकता पहिचान<br><br>शैक्षिक क्षेत्रमा विभिन्न पद तथा तहमा रहेका व्यक्तिहरूको सक्षमता र सीपको पूर्ण रूपरेखा झल्कने गरी बजेट आँकलन सहितको क्षमता विकास योजना गर्ने ।<br><br>क्षमता तथा संस्थागत विकास योजनामा पहिचान गरिएका प्राथमिकताका क्षेत्रमा प्राविधिक सहायता तथा सोझै भुक्तानी लागि साझा रूपरेखाको विकास गर्ने<br><br>नयाँ संविधानको भावना अनुसार हालको शैक्षिक व्यवस्थापनलाई नयाँ प्रणालीमा रूपान्तरण गर्नका लागि संक्रमणकालीन योजनाको विकास गर्ने<br><br>प्रान्त तथा स्थानीय स्तमा प्राविधिक संरचनाको सिर्जना गर्ने तथा विभिन्न प्राविधिक कार्यहरू (पाठ्यक्रम विकास, शिक्षक व्यवस्थापन र विकास, परीक्षा तथा प्रमाणीकरण र अनुगमनका मापदण्ड) गर्नका लागि ती संरचनाहरूको क्षमता विकास गर्ने<br><br>विद्यालय तहमा क्षमता विकास<br><br>शैक्षिक क्षेत्रका हरेक तहमा नियमित पेसागत विकासका अवसर सहित व्यवस्थापकहरू उपलब्ध गराउने<br><br>सुपरिवेक्षणमा कोचिङ तथा मेन्टरिङ्ग योजनाको स्थापना<br><br>सहपाठी सहयोग तथा कोचिङ योजना<br><br>पाठ्यक्रमलाई संगठित गर्न, शिक्षक व्यवस्थापन गर्न मूल्यांकन तथा सान्दर्भिक मापदण्ड निर्धारण जस्ता कार्यहरू गर्नका लागि निर्देशिकाको विकास<br><br>पाठ्यक्रम तथा सामग्री विकास र विज्ञान तथा गणित विषयमा शिक्षक तालिम सहितका प्राविधिक कार्यहरू गर्न राष्ट्रिय तथा अन्य स्तरमा मानव स्रोतको विकास गर्ने<br><br>विद्यालयमा आधारित विद्यार्थी मूल्यांकनमा सुधार ल्याउन तालिम कार्यक्रम तथा सहयोग सामग्रीको विकास<br><br>आफ्ना विद्यालय सुधार गर्नका लागि विद्यालय प्रमुख तथा वि व्य स का अध्यक्षहरूलाइ तालिम<br><br>हरेक तहमा समाहित शिक्षाका लागि संस्थागत क्षमताको सुदृढीकरण<br><br>समाहित शिक्षाको व्यवस्थापन तथा विशेष आवश्यकता भएकालाई शिक्षा प्रदान गर्न प्राविधिक व्यक्तिहरूलाई तालिम<br><br>परीक्षाको डिजाइन, परीक्षा सञ्चालन तथा परीक्षणमा सुधारका लागि दक्षता प्रदान गर्न राष्ट्रिय परीक्षा बोर्डका कर्मचारीहरूको पेसागत विकास गर्ने<br><br>भौगोलिक सूचना प्रणालीमा आधारित विद्यालय नक्सांकन (अद्यावधिकीकरण तथा तथ्यांक विश्लेषण) गर्ने<br><br>शिक्षण सिकाइमा सुधारका लागि सूचना तथा सञ्चार प्रविधिलाई विद्यालयमा अंगीकार गर्न समष्ठिगत योजना तथा समयबद्ध तालिका निर्माण<br><br>आधारभूत तह (कक्षा ६-८) को अंग्रेजी, विज्ञान तथा गणित विषयका लागि, विद्युतीय शिक्षण सिकाइ सामग्रीहरू, जस्तैः विद्युतीय पुस्तकालय तथा भिडियो अन्तरक्रियात्मक कक्षाकोठा तथा अनलाइन मोड्युलहरूको लागु गर्ने<br><br>विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका प्याकेज (इन्टरनेट, विद्युतीय पुस्तकालय, डिजिटल सिकाइ सामग्रीहरू) उपलब्ध गराउने ।<br><br>कक्षा ९-१२ सम्म विज्ञान, गणित तथा अंग्रेजी बोलाइ सीपका कठिन धारणा तथा विज्ञानमा प्रयोगात्मक कार्यहरूमा सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइको लागु गर्ने ।<br><br>सूचना तथा सञ्चार प्रविधिले टेवा दिएको अन्तरक्रियात्मक सिकाइ तथा कम्प्युटर साक्षरता प्रयोगशालाहरूको स्थापना<br><br>प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा सूचना तथा सञ्चार प्रविधिको सुविधा सहितको नमुना विद्यालयको स्थापना<br><br>६ जिल्लाहरू विद्यार्थी उपस्थितिको अनुगमन गर्न परीक्षणका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने । अपांगता तथा विभिन्न सिकाइ आवश्यकताका तथ्यांक समेत समावेश गरी विद्यार्थीको तथ्यांकको सुदृढीकरण |

| | |
|---|---|
| | सम्पूर्ण जिल्लाहरूमा विद्यालयमा आधारित शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा विद्यार्थी र विद्यालय प्रोफाइलको कार्यान्वयन । गाविस तथा नगरपालिकाहरूले विद्यालय बाहिर रहेका बालबालिकाको अनुगमन गर्ने<br><br>विज्ञान तथा गणितको शिक्षणलाई सुदृढ गर्न पाठ्यक्रम विकास केन्द्र तथा शैक्षिक जनशक्ति विकास केन्द्रका शैक्षिक तालिम केन्द्र र अगुवा स्रोत केन्द्रहरूका बिचमा वाह्य पेसागत विशेषज्ञहरू तथा निकायहरूसँग संस्थागत साझेदारी कायम गर्न प्राविधिक सहायताहरूको परिचालन तथा समन्वय |

उद्देश्य १०: अर्थ व्यवस्था

शैक्षिक विकासका लागि पर्याप्त आर्थिक स्रोतको आर्जन


शैक्षिक नीति निर्देशमा सहयोगका लागि पर्याप्त स्रोतको उपलब्धता


उपलब्ध स्रोतको प्रभावकारी व्यवस्थापन गर्न

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि उपलब्ध सहायताको सक्षतामा र प्रभावकारितामा सुधार गर्नु

| उपलब्धि | सूचक | आधार रेखा (२०१५/१६) | पहिलो वर्ष (२०१६/१७) | दोस्रो वर्ष (२०१७/१८) | तेस्रो वर्ष (२०१८/१९) | चौथो वर्ष (२०१९/२०) | पाँचौं वर्ष (२०२०/२१) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १०.१ विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका लागि राष्ट्रिय स्तरमा पर्याप्त तथा अपेक्षित बजेटको विनियोजन | शिक्षाको क्षेत्रमा राष्ट्रिय बजेटको प्रतिशत | १२.०४ % | | | १५% | | १७% | |
| | शिक्षाको क्षेत्रमा अघिल्लो वर्षको तुलनामा गरिएको वास्तविक बजेट विनियोजनको वृद्धिको प्रतिशत | | अघिल्लो वर्षको तुलनामा वृद्धि | अघिल्लो वर्षको तुलनामा वृद्धि | अघिल्लो वर्षको तुलनामा वृद्धि | अघिल्लो वर्षको तुलनामा वृद्धि | अघिल्लो वर्षको तुलनामा वृद्धि | |

# अनुसूची ३: विद्यालय क्षेत्र विकास योजनाको परिवर्तनको सिद्धान्तको नमुना
# (SSDP Theory of Change Model)





Increased social capital
Reduced unemployment
Children enroll and complete the full education cycle with learning outcomes and skills that enable them to enrol in tertiary education or participate in the labour market
Teachers are ethical, committed and accountable to learners and have the skills to deal with the varied educational needs of individual learners
Head teachers and school management actors are responsible and accountable to learners
Head teachers and school management actors have the knowledge, skills and commitment to manage a learning institutions
Data systems provide relevant information and analysis to ensure human, financial and technical learning resources are allocated
The implementation of education policies are adequality resources
Improved teacher attendance and performance
Efficient distribution of teachers across sub-sectors and subjects
Efficient education management at all levels
Adequate infrastructures development and school safely
Improved quality of learning environment
Increased learning outcomes
Teacher respond with greater attendance, time on task and use of new teaching methods
Teacher have use of more or better facilities and materials
Effective, efficient and accountable management of teachers and schools
Strengthened school based management
Increased need based planning and efficient use of resources
Sufficient institutional capacity and resources
Adequate school buildings with safe structure
Enhanced early grade learning outcomes
Increased motiviation among teachers
HT raises the efficiency of resource use within the school
HT provides better monitoring or supervisions of teachers
Harmonized teacher positions
Quality assessment of learning outcomes
Improved grant management at federal, provincial, local and school level
School facilities resilient to different kinds of disasters
Strengthened of school disaster management
institutionalization of risk reduction and resilience education
Increased number of HTs
Students approach learning in lower grades with more confidence and increased compelency
Increased time for management
Increased HT competency
Increased motivations through stronger accountability
Strengthened Institutional capacity to undertake formative research
Strengthened of Education Management Information System
Strengthesed financial management system
Specific DRR related roles and responsibilities included in SMCS' terms of reference
DRR Indicators incorporated within EMIS
Strengthened disaster risk mitigation awareness
Reading and Comprehension of other subjects
Teachers better understand how students are performing in terms of EGRS
Capacity building for school management on assessment
HTs are appointed under the new ToR by DEOs
Strengthened quality and use of educational data at all levels
Improved student assessment and examination systems
Decentralized accountable governance and management
Grade 10 & 12 single subject certification
Increased early grade reading skills
Dissemination of results to parents
Increased capacity of school management and parents to monitor results
NCED provides HT with effective training
Roster of qualified HTs is created
DEOs and SMCs understand and enforce revised HT selection and management
Strengthened classroom-based assessments for education
Strengthened classroom-based assessments for education
Exam reform and standardisation
Reform National Examination Board
Evidence based Interventions and assessments on early grade reading skills developed to support students comprehension, level and needs
Teachers gain better Understanding on home to support learning
Parents support changes in paedology and organization
Engagement of communities to strengthen reading culture
Increased accountability to perform
Institutionalization of ERO
Classroom based assessment by teachers
NASA in grade 5, 8 and 10
Professional development of teachers does not translate into improved learning outcomes or results
Examination is not standardised and limited use and understanding of assessment systems
Only few basic schools meet agreed PMEC and MECs in secondary education
Data collection and use is largely an upward process and limited use to inform local level planning
Few schools constructed in line with the required standards
About 46.6% classrooms destroyed by the 2015 earthquakes across 31 districts

## अनुसूची ४: शिक्षाको भाषाको रणनीतिक ढाँचा

**प्रयोजन र लक्ष्य**: भाषाको शिक्षा नीतिको मुख्य प्रयोजन विद्यालयहरूमा भाषालाई विषयका रूपमा प्रभावकारी शिक्षण सिकाइ गराउने खाका प्रदान गरी यसलाई शिक्षाको उपयुक्त माध्यमका रूपमा प्रयोग गराउनु हो । सबै बालबालिकाले मातृभाषा, नेपाली र अंग्रेजी भाषाका सीपको विकासमार्फत भाषालाई प्राज्ञिक, सामाजिक तथा आर्थिक विकासमा प्रयोग गरी सामाजिक आर्थिक रूपले जीवन्त समाजको निर्माण गर्न सकून् भन्ने यसको अभिप्राय हो । त्रैभाषिक पद्धतिले घरमा बोलिने भाषा, राष्ट्र भाषा तथा अन्तर्राष्ट्रिय भाषासँग समन्वय स्थापित गर्छ । यसलाई ध्यान दिँदै यस दस्ताबेजले सबै भाषिक समूहलाई सम्मान र प्रवर्धन गर्ने लक्ष्य लिएको छ । साना कक्षाहरूमा द्विभाषिक र कतिपय अवस्थामा बहुभाषिक पद्धतिको अवलम्बन गरिने र क्रमशः माथिल्ला कक्षामा पुगेपछि नेपाली र अंग्रेजी भाषाको प्रयोग गरिने छ ।

### उद्देश्य

विद्यार्थीले विद्यालयमा भर्ना हुनुपूर्व नै जानेका भाषा र पछि विद्यालयमा पढ्दै जाँदा हासिल गर्ने भाषाका सम्बन्धमा त्रैभाषिक पद्धतिको उद्देश्य देहाय अनुसार छन्:

- मातृभाषालाई सिकाइको आधारका रूपमा प्रयोग गर्दै मातृभाषामा बोलाइ सीपको विकास गराउनु तथा मातृभाषाका माध्यमबाट साक्षरता सीपको विकास गराउनु, अरू विषयको सिकाइमा मद्दत पुऱ्याउनु (विद्यालयमा सम्भव भएसम्म नेपाली मातृभाषा नभएका बालबालिकाको भाषाको प्रयोग तिनका अभिभावक र समुदायको इच्छा अनुसार हुनेछ),
- सबै बालबालिकाकामा नेपाली भाषाको साक्षरता सीप विकास गराउनु र अन्य विषयको सिकाइ पनि नेपालीमा हुने सुनिश्चित गराउनु (विद्यालयमा भर्ना हुन आउँदा नेपाली नजान्ने बालबालिकाका लागि थप सहयोग उपलब्ध गराउने), र
- सबै बालबालिकामा अंग्रेजीमा मौखिक भाषा र साक्षरताको सीप विकास गराउनु ।

### औचित्य

नेपाल बहुभाषिक मुलुक हो । २०६८ सालको जनगणनाले यहाँ १२३ भाषाहरू रहेको देखाएको छ । यीमध्ये १९ प्रमुख भाषा नेपालका कुल जनसंख्याको ९६ प्रतिशत जनताका मातृभाषा हुन् । कुल जनसंख्याको ४५ प्रतिशतको मातृभाषा नेपाली हो भने अरू ३३ प्रतिशतले यसलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्दछन् । करिब ४१ प्रतिशत नेपाली जनता द्विभाषिक वा बहुभाषिक छन् । विद्यमान अवस्थामा थोरै नेपालीले मात्र सहज रूपले अंग्रेजी बोल्छन् र तिनीहरू मूलतः काठमाडौं उपत्यका वा अन्य सहरी इलाकामा बसोबास गर्छन् । तथापि समुदाय तहमा अंग्रेजी भाषाको ठूलो माग छ र नीति निर्माता तहले पनि नेपालको विश्व अर्थतन्त्रमा सफल प्रगतिका लागि अंग्रेजी भाषाका प्रयोगको विकास आवश्यक छ भन्ने मान्यता राखेको छ । नेपालको संविधानले शिक्षा पाउने अधिकारलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ र नेपालमा बसोबास गर्ने सबै नेपाली समुदायले माध्यमिक तहसम्मको शिक्षा मातृभाषामा लिन पाउने प्रत्याभूति प्रदान गरेको छ । संविधान जारी भएका मितिले एक वर्षभित्र प्रान्तीय प्रतिनिधित्व सहितको भाषा आयोग गठन गर्नुपर्ने संवैधानिक प्रावधान समेत राखेको छ ।

विभिन्न अन्तर्राष्ट्रिय अनुसन्धानहरूले व्यक्ति तथा समुदायका लागि द्विभाषिक तथा बहुभाषिक पद्धतिको महत्त्व देखाएका छन् । यी शैक्षिक अनुसन्धानहरूले बालबालिकाले बोल्ने र बुझ्ने भाषामा सीपको सिकाइ सबैभन्दा प्रभावकारी हुन्छ भनेका छन् । त्यसै गरी अन्य भाषाबाट पनि बालबालिकाले आवश्यक भाषिक सीप हासिल गर्न सक्ने र यसबाट उनीहरूको समग्र सिकाइमा अवरोध होइन, सहयोग नै पुग्छ भन्ने मान्यता समेत विभिन्न अनुसन्धानले स्थापित गरेका छन् ।

त्यसैले भाषा शिक्षाको नीतिगत खाकाले विद्यार्थीले विद्यालय प्रवेश गर्दा बोल्ने भाषालाई महत्त्व दिन्छ र त्यसका आधारमा भाषिक सीपको विकास गराउने अपेक्षा राख्दछ । साथै नेपाली मातृभाषा नभएका बालबालिकालाई समेत नेपाली भाषा सिकाएर शिक्षा प्रणालीमा पूर्णतः संलग्न गराउने तथा अंग्रेजी भाषालाई दोस्रो र तेस्रो भाषाका रूपमा सिकाएर भविष्यमा सामाजिक तथा आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय भाषाको प्रयोग गर्न सकून् भन्ने अपेक्षा राख्दछ ।

## क्रमिक कार्यान्वयन

भाषा नीतिका सबै पक्ष एकै पटक कार्यान्वयन गर्न स्रोत साधनको अपर्याप्तताले सबै विद्यालयका लागि सम्भव नहुन सक्छ । अतः स्थानीय समुदायको इच्छा, विद्यालयको क्षमता र स्रोत साधनको उपलब्धता हेरेर यसको कार्यान्वयन क्रमिक रूपले गर्नुपर्ने हुन्छ । यसका लागि विद्यालयले न्यूनतम देहाएका कुराहरू सुनिश्चित गर्नुपर्छः

- बालबालिकाको मातृभाषालाई महत्त्व प्रदान गरी तिनको मातृभाषामा बोलाइ सीपको विकासमा सहयोग पुऱ्याउने,
- माध्यम भाषा नेपाली भएका विद्यालयमा नयाँ भर्ना हुन आउँदा नेपाली भाषा नजान्ने बालबालिकालाई विषयका रूपमा नेपाली सिक्न र अन्य विषय नेपाली भाषामा बुझ्न थप सहयोग उपलब्ध गराउने,
- विषयका रूपमा अंग्रेजी कक्षा एकदेखि सिकाइने छ तर शिक्षकको अंग्रेजीमा मात्र भर नपरी मल्टिमिडियाको प्रयोगलाई प्रोत्साहित गर्ने,
- शिक्षकमा आवश्यक क्षमता भएका अवस्थामा तथा आवश्यक स्रोत साधन उपलब्ध भएका अवस्थामा मात्र विद्यालयले कुनै भाषालाई शिक्षण सिकाइका माध्यम भाषाका रूपमा प्रयोग गर्ने ।

विद्यालयले आफ्नो विद्यालय सुधार योजनामा दीर्घकालीन र छोटो अवधिमा भाषाको प्रयोग कसरी गर्ने, भाषा प्रयोगको प्रावधानको विकास कसरी गर्ने भन्ने रणनीति समावेश गराउने छन् । जिल्ला शिक्षा कार्यालयले प्रत्येक विद्यालयका योजनाको मूल्यांकन गर्ने छन् र आगामी समयमा भाषाको प्रावधानको विकास गर्ने सम्बन्धमा आवश्यक सहयोग प्रदान गर्ने छन् ।

विद्यालयमा भाषाको प्रयोग गर्ने सम्बन्धमा राष्ट्रिय नीति तथा कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्छ । संघीयता सम्बद्ध नीतिले पनि मातृभाषा वा नेपाली वा अन्य भाषाको प्रयोगमा प्रभाव पार्छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको विस्तार भएपछि मातृभाषामा साक्षरताका सीप विकासको नयाँ अवसर प्राप्त हुने छ ।

## भाषा प्रयोगको क्रम

जुन प्रकारको समुदायलाई विद्यालयले सेवा प्रदान गरिरहेको छ, त्यसले शिक्षण सिकाइमा प्रयोग हुने भाषाको निर्धारण गर्दछ । सामान्यतया विद्यालय सेवा क्षेत्रको समुदाय ३ प्रकारका छन् र सोही आधारमा विद्यालयमा भाषाको प्रयोग निर्धारण हुने हुन्छ ।

**प्रकार** १ः त्यस्ता विद्यालय, जहाँ प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षा वा कक्षा एकमा भर्ना हुन आउँदा सबै नेपाली भाषा बोल्दछन् । यस्ता विद्यालयमा प्राथमिक शिक्षा चक्रभरि नेपाली भाषालाई नै शिक्षण सिकाइको माध्यम भाषा बनाइने छ । अंग्रेजी भाषा विषयका रूपमा कक्षा १ देखि शुरू गरिने छ र यसको शिक्षण सिकाइमा मल्टिमिडियाको सहयोग उपलब्ध गराइने छ । शिक्षक सक्षमता तथा शिक्षण सिकाइ सामग्रीका हिसाबले पर्याप्त क्षमता भएका विद्यालयले आधारभूत कक्षामा नेपाली तथा अंग्रेजीको द्विभाषिक पद्धतिको अवलम्बन गर्न सक्ने छन् । यस क्रमलाई आधारभूत तहभरि निरन्तरता दिइने छ र माध्यमिक कक्षामा पुगेपछि विद्यार्थीको दक्षतामा हुने वृद्धिसँगै अंग्रेजी भाषाको प्रयोग बढाउँदै लैजान सकिने छ । द्विभाषिक पद्धतिको प्रयोगस्वरूप अंग्रेजी भाषाका सीपमा राम्रो प्रगति हासिल गरेका विद्यार्थी र अंग्रेजी भाषाका बोलाइ र लेखाइ सीपमा दक्षता हासिल गरेका शिक्षक हुने माध्यमिक विद्यालयले केही विषयमा वा सबै विषयमा अंग्रेजीलाई कक्षा ९ देखि विद्यालयको माध्यम भाषाका रूपमा प्रयोग गर्न सक्ने छन् । तथापि अधिकांश

विद्यालयमा नेपाली भाषा नै शिक्षण सिकाइको माध्यम भाषा हुने छन् तर त्यस्ता विद्यालयमा पनि विषयगत रूपमा अंग्रेजीको प्रभावकारी शिक्षण सिकाइ गराइने छ ।

**प्रकार** २ः प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षा वा कक्षा एकमा भर्ना हुन आउँदा सबै विद्यार्थीले नेपाली बाहेक अन्य तर एउटै मातृभाषा बोल्छन् भने त्यस्ता विद्यालयमा कक्षा ३ सम्म मातृभाषाको प्रयोग महत्त्वपूर्ण हुने छ । यस्ता विद्यालयमा क्रमशः मातृभाषाबाट नेपाली माध्यम भाषामा संक्रमणका लागि विद्यार्थीलाई सहयोग गरिने छ । सबै विद्यालयले विद्यार्थीका अभिभावक, समुदाय र जिल्ला शिक्षा कार्यालयको सहयोगमा देहायका मध्ये एक विकल्पको चयन गर्ने छन्:

- बालबालिकामा बोलाइ तथा साक्षरताका सीपको विकासका लागि शिक्षणको माध्यम भाषाका रूपमा मातृभाषाको पूर्ण प्रयोग गरिने छ र क्रमशः विषयगत रूपमा कक्षा १ देखि नै नेपाली तथा अंग्रेजी भाषाको शिक्षण सुरु गराइने छ । कक्षा ४ देखि नेपाली भाषालाई शिक्षणको माध्यम बनाइने छ र मातृभाषा तथा अंग्रेजी भाषालाई विषयका रूपमा शिक्षण गराइने छ । सबै बालबालिकाले नेपाली बोल्ने विद्यालयको झैँ कक्षा एकदेखि नै अंग्रेजी विषयको शिक्षण प्रभावकारी रूपले गराइने छ । तर यस पद्धतिको प्रयोगका लागि समुदायको सहयोग, अंग्रेजी विषयका सक्षम शिक्षक र पर्याप्त मात्रामा शिक्षण सिकाइ सामग्रीको आवश्यकता पर्ने छ ।
- बोलाइ सीप विकासका लागि मातृभाषाको प्रयोग र द्विभाषिक पद्धतिको प्रयोगबाट क्रमशः नेपाली भाषातर्फ संक्रमण गराइने छ । पाठ्यपुस्तक लगायतका शिक्षण सिकाइका सहयोग सामग्री नेपाली भाषामा हुने र विद्यार्थीको बुझाइमा सहयोगका लागि मातृभाषामा व्याख्या गरिने छ। यस्ता विद्यालयमा प्राथमिक चक्रभरि नै द्विभाषिक पद्धतिको अवलम्बन गर्न सकिने छ तर क्रमशः नेपाली माध्यम भाषातर्फ संक्रमण गराइने छ । नेपाली दोस्रो भाषाका रूपमा सिक्नका लागि विद्यार्थीको मातृभाषाको ज्ञानको उपयोग गर्दै विशेष सहयोग उपलब्ध गराइने छ । सबै विद्यार्थीले नेपाली बोल्ने विद्यालयको झैँ कक्षा एकदेखि नै अंग्रेजी विषयको शिक्षण प्रभावकारी रूपले गराइने छ ।
- प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षा वा कक्षा एकदेखि नै नेपाली भाषालाई शिक्षाको माध्यम भाषाका रूपमा प्रयोग गरिने छ तर विद्यार्थीलाई दोस्रो भाषाका रूपमा नेपाली सिक्न विशेष सहयोग प्रदान गर्दै मातृभाषाको मौखिक प्रयोग गरिने छ । सबै विद्यार्थीले नेपाली बोल्ने विद्यालयको झैँ कक्षा एकदेखि नै अंग्रेजी विषयको शिक्षण प्रभावकारी रूपले गराइने छ ।

**प्रकार ३**ः विद्यालयमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षा वा कक्षा एकमा भर्ना हुन आउँदा विद्यार्थीले विभिन्न मातृभाषाको प्रयोग गर्छन् भने त्यस्ता विद्यालयमा समग्र प्राथमिक शिक्षा चक्रभरि र कतिपय अवस्थामा माध्यमिक शिक्षा चक्रभरि नेपाली भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गरिने छ ।

## प्रावधान र सहयोग

माथिका मध्ये सबैभन्दा उपयुक्त विकल्पको छनोट गरी भाषाको प्रयोगमा विद्यालयहरूलाई सहजीकरण गर्ने उद्देश्यले शिक्षा मन्त्रालय/शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयहरूलाई क्रमिक रूपले आवश्यक सहयोग उपलब्ध गराइने छ । थप सहयोग उपलब्ध हुँदै जाँदा विद्यालयहरूले भाषा प्रयोगको उपयुक्त नमुना अवलम्बन गर्दै जाने छन् । विद्यालय, जिल्ला तथा प्रान्तहरूका भाषाको शिक्षण तथा उपयोगका सम्बन्धमा देहायका कार्यक्रमहरू कार्यान्वयन गरिने छन्:

- **विषयका रूपमा अंग्रेजी भाषाको शिक्षणमा सुधार**ः मल्टिमिडियाको व्यापक प्रयोग, सिकारू मैत्री तथा आकर्षक शिक्षण सिकाइ सामग्रीको विकास, अंग्रेजी भाषाको प्रयोगमा गर्न सक्षम शिक्षकको छनोट तथा अंग्रेजी शिक्षणमा मल्टिमिडियाजस्ता आधुनिक प्रविधिको प्रयोगका सम्बन्धमा शिक्षकको पेसागत विकास गर्दै विषयका रूपमा अंग्रेजी भाषाको शिक्षणमा सुधार गरिने छ ।

- **प्रारम्भिक कक्षा पढाइ सीप कार्यक्रमको विस्तार**: यस कार्यक्रम अन्तर्गत नेपाली भाषा र नेपालका अरू केही भाषामा साक्षरता सीपको प्रभावकारी शिक्षणका सामग्री विकास हुँदै छ । विभिन्न भाषाका शिक्षण सिकाइ सामग्रीको विकास भएपछि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा कक्षा वा कक्षा १ देखि कक्षा ३ सम्म मातृभाषालाई शिक्षाको माध्यम भाषाका रूपमा प्रयोग गर्ने पर्याप्त आधार प्रदान गर्ने छन् ।
- **बालबालिकाको मातृभाषामा सिकाइ सामग्रीको विकास**: प्रारम्भिक कक्षामा पढाइ सीप कार्यक्रमले तयार पारेका सामग्री तथा हाल तयार पारिएका विभिन्न भाषाका पाठ्यपुस्तकका आधारमा पाठ्यक्रम विकास केन्द्रले प्रान्तीय तहका भाषिक समितिहरूसँग सहकार्य गरी उपयुक्त शिक्षण सिकाइ सामग्रीको उत्पादन गर्ने छ ।
- **शिक्षकको पेसागत विकास**: बालबालिकामा भाषा विशेषको सीप विकास गराउन र त्यसबाट नेपाली भाषामा सङ्क्रमित गराउने तरिकाबारे मातृभाषा शिक्षकलाई विशेष तालिम प्रदान गराइने छ । शिक्षकहरूलाई द्विभाषिक पद्धतिमा तालिम दिनुका साथै एकभन्दा बढी भाषाको प्रयोग हुने कक्षामा द्विभाषी सहयोगी उपलब्ध गराइने छ । विद्यालयमा भर्ना हुन आउँदा नेपाली भाषा नजान्ने विद्यार्थीका लागि दोस्रो भाषाका रूपमा नेपाली पढाउन शिक्षकहरूलाई तालिम प्रदान गरिने छ । अंग्रेजी शिक्षक तालिमका लागि विस्तृत कार्यक्रम ल्याइने छ ।
- **द्विभाषी सहयोगीको प्रावधान**: नेपाली भाषाको सीमित जानकारी भएका वा जानकारी नै नभएका बालबालिकालाई तिनको मातृभाषामा बुझाउन सहयोगका लागि विद्यालयहरूमा द्विभाषी सहयोगीको व्यवस्था गरिने छ ।
- **सांकेतिक भाषा तथा ब्रेल लिपिको प्रावधान**: सुनाइ समस्या भएका बालबालिकाको सिकाइ प्रवर्धनका लागि सांकेतिक भाषाका जानकार शिक्षकको विशेष प्रावधान राखिने छ । दृष्टि विहीन बालबालिकाको विशेष भाषिक आवश्यकताका लागि ब्रेल लिपिमा सिकाइ सामग्रीको पहुँच सुनिश्चित गरिने छ ।
- **विद्यालयमा शिक्षाको भाषा नीतिको मूल्यांकन तथा अनुगमन प्रणाली**: प्रत्येक विद्यालयका भाषिक प्रावधानको मूल्यांकन गर्न र विद्यालयसँग सहकार्य गरी भाषिक प्रावधानको सबैभन्दा उपयुक्त विकल्पको छनोट र कार्यान्वयन भएको सुनिश्चित गर्न तथा प्रगति अनुगमन गर्न जिल्ला शिक्षा कार्यालयमा विशेष प्रणाली स्थापना गरिने छ । प्रतिवेदन, अनुगमन र सहयोगका माध्यमबाट विद्यालयमा भाषा प्रयोग सम्बन्धी सूचना संकलन गरिने छ ।
- **शिक्षा मन्त्रालय र शिक्षा विभागले अन्य सम्बद्ध मन्त्रालयहरूसँग समन्वय कायम गर्नेछन्**: भाषिक नीतिको कार्यान्वयनमा स्थानीय सरकार र अन्य मन्त्रालय तथा विभागहरूको संलग्नता महत्त्वपूर्ण रहन्छ र यसका लागि शिक्षा मन्त्रालय र शिक्षा विभागले समन्वय गर्ने छन् ।

# अनुसूची ५: नेपालमा विद्यालय क्षेत्रका निमित्त सुदृढ समता रणनीति

## १. पृष्ठभूमि

गुणस्तरीय जीवनको उपलब्धि हासिल गर्नका लागि मानिसलाई सक्षम र सशक्तीकरण गर्न शिक्षा प्रमुख रणनीति मध्ये एक हो भन्ने व्यापक मान्यता छ। सबैका लागि शिक्षा कार्यक्रमले सबैका लागि गुणस्तरीय शिक्षा र सबै विद्यालयमा समावेशी सिकाइका अवसर सुनिश्चित गर्न विश्वव्यापी अभियान नै चलायो । परिणाम स्वरूप शिक्षा नै मानव स्वास्थ्य एवम् सामाजिक–आर्थिक उन्नतिको आधार हो भन्ने चेतनाले व्यापकता पाएको छ। सहस्राब्दी विकास लक्ष्य हासिल गर्न शिक्षाको भूमिका महत्त्वपूर्ण रहन गएको यथार्थ जग जाहेरै छ। नेपालमा समतामूलक शैक्षिक अवसरको सुदृढीकरणका सन्दर्भमा उल्लेखनीय उपलब्धि हासिल भएका छन् तर पनि यस क्षेत्रमा अझै धेरै काम गर्न बाँकी नै छ। हालसम्म आधारभूत र माध्यमिक शिक्षामा शैक्षिक अवसरको पहुँच र लैंगिक समताका सूचकमा राम्रो प्रगति हासिल भएको छ। तथापि लैंगिक, सामाजिक–आर्थिक अवस्था, भिन्न क्षमता भएका बालबालिका तथा विभिन्न जात जाति बीच ठूलो विषमता रहेको यथार्थ पनि छ। परिणामतः केही समूह शिक्षाको पहुँच र सहभागिताका दृष्टिले सीमान्तकृत हुन पुगेका छन् र तिनको जीवनमा अपेक्षित सुधार हुन सकेको छैन।

समाजमा शैक्षिक सफलता तथा विफलताको समान वितरण हुन सकेको छैन। शिक्षामा कसले अवसर पाए वा पाएनन्, सहभागी भए वा भएनन्, पर्याप्त सिकाइ हासिल गर्न सके वा सकेनन् भन्ने पक्षबाट हेर्दा केही समुदायमा अवसरको समान वितरणमा हुन नसकेको प्रस्ट देखिन्छ। यसै तथ्यलाई मनन गरी शिक्षामा सुदृढ समताको रणनीतिको विकास गरिएको हो। सामाजिक असमानताको सम्बोधन गर्ने विषयमा नेपाल निक्कै अगाडि बढिसकेको भए पनि अझै मानिसको सामाजिक-आर्थिक स्थिति, लिंग, जात जाति, भाषा, भौगोलिक अवस्थिति, क्षमता तथा सिकाइको अवसरका सम्बन्धमा ठूलो विभेद विद्यमान छ। नेपालको जनसंख्या धेरै हिसावले विविधतापूर्ण भएको कारण र सार्वजनिक जीवनमा असमान सहभागिताको परम्पराबाट विविधताको सम्मान गर्ने लोकतान्त्रिक जीवन पद्धतिमा पूर्ण रूपान्तरित भइनसकेको वर्तमान अवस्थामा शैक्षिक अवसरमा समतामूलक सहभागिता सुनिश्चित गर्ने रणनीतिको महत्त्व टड्कारो छ।

२०६८ सालको जनगणनाले नेपालको कुल २ करोड ६५ लाख जनसंख्यामा १२६ जात जातिहरू रहेको र तिनले १२३ भाषा बोल्ने गरेको देखाएको छ। यो विविधता मुलुकको विकासका लागि महत्त्वपूर्ण सम्पदा भए पनि नेपालको ऐतिहासिक तथा संरचनागत कारणले उच्च तथा निम्न जातीय सोपानमा आबद्ध भएकाले कतिपय समूहको आर्थिक, राजनीतिक तथा सामाजिक-सांस्कृतिक स्रोतमा पहुँचको सीमितता रहन गएको छ। यस परिस्थितिले कतिपय समूहलाई सीमान्तकृत बनाएर सामाजिक समतामा विभेद कायम गराएको हो। यस परिस्थितिलाई नेपालको ०.३३ को गिनी कोइफिसिएन्ट हुनुले पनि स्पष्ट पारेको छ। नेपालको मानव विकास प्रतिवेदन (UNDP, 2011) ले यदि विगतमा हासिल आर्थिक उपलब्धिको नतिजा समाजका सबै तप्कामा समान रूपले वितरण गरिएको भए मानव विकास सूचकमा आजको भन्दा एक तिहाइले वृद्धि कायम हुने थियो भनेको थियो।

## २. रणनीतिको औचित्य

शिक्षाको पहुँच र गुणस्तरमा भएका उपलब्धिको असमानुपातिक वितरणका कारण अल्पसंख्यक आदिवासी, तल्लो जात, गरिब परिवार, दुर्गम क्षेत्रमा बस्ने आदि निश्चित समूहका बालबालिका गुणस्तरीय र स्वीकार्य स्तरको सफल जीवन बिताउनका लागि नतिजा प्रदान गर्न सक्ने शिक्षामा अर्थपूर्ण सहभागिताबाट वञ्चित रहेका छन्। (Government of Nepal 2012, SSRP Joint Mid-term review report)। यसैको सम्बोधनका लागि विद्यालय शिक्षा क्षेत्रका लागि नेपाल सरकारले सन् २०१४ मा सुदृढ समता रणनीति पारित गरी कार्यान्वयनमा ल्याएको छ। यस रणनीतिको प्रमुख उद्देश्य निम्न लिखित कुरामा रहेको

विभेद हटाउनु हो – १. पहुँच र सहभागिता २. सार्वजनिक आधारभूत तथा माध्यमिक शिक्षाको सिकाइ उपलब्धि । यी उद्देश्य प्राप्तिका सम्बन्धमा यस रणनीतिले देहायका दुई उपाय अवलम्बन गर्ने छः

- विद्यालय क्षेत्रको र जनसंख्याको तथ्यांकको प्रयोग गरी कम्तीमा जिल्लास्तरमा शैक्षिक समता सूचकांकको विकास गर्ने, र
- समतामा आधारित प्रणालीलाई सुदृढ गर्न सरकार तथा विकास साझेदार (अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था तथा समुदायमा आधारित संगठन सहित) ले निर्माण गरेको रणनीतिको सुदृढीकरण र तिनमा थप सुधार गर्दै जाने ।

## ३. ढाँचा

महिला तथा बालिका, शैक्षिक अवसरबाट वञ्चित समूहका बालबालिकाले शिक्षामा समान सहभागिता र समान उपलब्धि हासिल गर्न सकून् भन्ने मनसायलाई केन्द्रबिन्दुमा राखी शिक्षा क्षेत्रमा समताको सुदृढीकरण गरेर समाजमा समता प्रादुर्भाव गराउने लक्ष्य विद्यालय क्षेत्र विकास योजनाले राखेको छ (School Sector Core Document, Ministry of Nepal, 2009) । त्यसकारण नेपालको शिक्षामा समताको विस्तृत सञ्जाल तयार पार्नु आवश्यक भएको छ । समान रूपले सहभागी भई समान नतिजा हासिल गर्न सबै बालबालिकाले शिक्षामा समान पहुँच र समान सहभागिता पाउनुपर्छ । शिक्षा गुणस्तरीय र समृद्ध जीवनयापनका लागि आवश्यक पर्ने क्षमता निर्माण तथा अर्थपूर्ण पहुँच, सहभागिता र सिकाइ उपलब्धि प्रदान गर्ने पद्धतिबाट सुशिक्षित र एकताबद्ध एवम् समावेशी समाजमा सहभागी हुन आवश्यक सीपले सुसज्जित नागरिक उत्पादन गर्ने साधन र साध्य दुबै हो । शिक्षाले बालबालिकाको क्षमता विकासमा सघाउ पुऱ्याउँछ । विद्यालयले एउटा सानो समाजकै भूमिका निर्वाह गर्छ । विद्यालयले प्रत्यक्ष र अप्रत्यक्ष दुबै हिसाबले सामाजिक तथा सांस्कृतिक मूल्य मान्यता तथा दृष्टिकोणको सम्बोधन र सम्बलन गर्छ । यसैको प्रभाव स्वरूप भविष्यमा असमानता र विभेदलाई मलजल गर्ने कि बालबालिकालाई समाजको सक्रिय अंगका रूपमा विकास गरी विभेदको सम्बोधन गर्ने नागरिक बनाउने भन्ने निर्धारण हुन्छ । शिक्षा विद्यालयको हाता भन्दा पर विद्यार्थीको घर र समुदायसम्म पुग्ने प्रक्रिया हो । अतः सबैका लागि समान गुणस्तरीय जीवन सुदृढ गर्न बालबालिकाको भिन्न परिवेशको सम्बोधन पनि विविध तरिकाबाट गर्नुपर्छ ।

### (क) समताका क्षेत्र

समताको सुदृढीकरणका लागि रणनीतिक खाकाले तीन प्रकारका समता क्षेत्रमा ध्यान केन्द्रित गर्दछः (१) अर्थपूर्ण पहुँचमा समता (२) अर्थपूर्ण/कार्यमूलक सहभागितामा समता (३) अर्थपूर्ण सिकाइ उपलब्धिमा समता । समताका रणनीतिलाई सतही रूपले नबुझियोस् भन्नका लागि यहाँ अर्थपूर्ण भन्ने शब्दावली जोडिएको हो । यस रणनीतिक ढाँचा अनुसार बालबालिकालाई विद्यालय भर्ना गराउनु एउटा प्रशासनिक कार्य मात्र हो, पहुँचको सुनिश्चितता होइन भनेर बुझ्नु हुँदैन । पहुँच सुनिश्चित गर्नु भनेको (आधारभूत तथा माध्यमिक) शिक्षामा भर्ना भएका बालबालिकालाई भयरहित र सौहार्दपूर्ण विद्यालय वातावरणमा स्वागत गर्नु हो । सहभागिता भनेको कक्षामा कायम रहनु वा उपस्थित हुनुभन्दा परको कुरा हो । यो त बालबालिकाको कक्षा कोठामा भौतिक उपस्थिति हुनुका साथै सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीकार्य हुनु हो । त्यसैगरी सिकाइ उपलब्धि भन्नाले परीक्षा उत्तीर्ण हुनु मात्र होइन बरू बालबालिकाले आवश्यकता अनुसारको जीविकोपार्जन तथा जीवनोपयोगी सीप सिक्नु हो ।

### (ख) समताका आयाम

शिक्षा प्रणालीभित्र माथि विशिष्टीकरण गरिएका तीनै क्षेत्रमा समताको सुदृढीकरणका लागि यस कार्यढाँचाले आठ प्रकारका क्षेत्र पहिचान गरेको छः (१) लिंग (२) सामाजिक-आर्थिक अवस्था (३) भौगोलिक अवस्थिति (४) स्वास्थ्य तथा पोषणको स्थिति (५) अपांगता (६) जात तथा जनजाति (७) भाषा (८) संकटासन्न अवस्थाका बालबालिका । यी आयाम भित्रका बालबालिका

तथा तिनका परिवारको शारीरिक स्वास्थ्य, मानसिक विकास, पोषण, विश्वसनीयता, सुरक्षा, सामाजिक सुसम्बन्ध, राजनीतिक सशक्तीकरण तथा सहभागिता जस्ता गुणस्तरीय जीवनका उपलब्धिसँग प्रत्यक्ष सम्बन्ध रहन्छ। शिक्षा जीवनको उपलब्धिलाई सुदृढ गर्ने कुरामा साधन हो र अर्थपूर्ण पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि साध्य पनि हो ।

लैंगिकता भनेको प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षाका केटा, केटी महिला, पुरूष, तथा अन्य (Lesbian, gay, bisexual, transsexual and intersex (LGBTI)) बीच गरिएका समाजले बनाएको विभेद हो । यिनीहरूप्रतिको समाज तथा संस्कृतिले निर्धारित गरेको भूमिका र दृष्टिकोणले अर्थपूर्ण शैक्षिक पहुँच, अर्थपूर्ण सहभागिता र अर्थपूर्ण सिकाइ उपलब्धिमा विभेदको सिर्जना गर्दछ। कतिपय अवस्थामा लैंगिक समानता भनेको बालिका तथा महिलालाई सहयोग पुऱ्याउने रणनीति मात्र हो कि भन्ने अन्योलपूर्ण दृष्टिकोण पनि रहेको पाइन्छ। यस रणनीतिले बालिका तथा महिलालाई संकटासन्न वा असक्षम समूहका रूपमा नभई विशिष्ट लैंगिक अधिकार र आवश्यकता भएका विद्यालय जाने उमेर समूहका ५० प्रतिशत जनसंख्याका रूपमा हेर्दछ । यसका अतिरिक्त बाल विवाहका कारण बालिकाले विद्यालय छाड्नुपर्ने बाध्यता, छेडछाड गर्ने, जिस्क्याउने तथा दुर्व्यवहार जस्ता कारणले सुरक्षित सिकाइ र विकासको वातावरणको अभाव आदि बालिका तथा महिलाको शिक्षामा अवरोध पैदा गर्ने लैंगिक विभेदलाई पनि यस क्षेत्रमा समेटिएको छ । बाल विवाहको नकारात्मक प्रभाव तिनका बाल बच्चाको पोषणमा पनि पर्दछ । किशोर अवस्थामै गर्भवती हुनेले कम तौलका बच्चा जन्माउने सम्भावना रहन्छ, जो पछि २ वर्षको उमेरदेखि पुड्कोपनाको सिकार हुन सक्छन् । केटा तथा पुरूषले पनि लैंगिक विभेदका कारण शैक्षिक अधिकारमा अवरोधको सामना गर्नुपर्ने अवस्था रहन्छ । यस्ता पक्षको पनि विश्लेषण तथा सम्बोधन गर्नुपर्ने हुन्छ । यस रणनीतिले सबै लिंगका बालबालिकाको शिक्षाका पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिसँग गाँसिएका विशिष्ट आवश्यकताको लेखाजोखा र सम्बोधन गर्दछ ।

सामाजिक-आर्थिक अवस्था सम्बद्ध समताका क्षेत्रभित्र गरिबी भन्नाले आय सम्बद्ध गरिबी मात्र पर्दैन, वस्तुतः यसले मानिसको स्वास्थ्य, आवास, रोजगारी, व्यक्तिगत सुरक्षा लगायतका आधारभूत आवश्यकता पूर्तिमा (शिक्षा सहित) पहुँचको अभाव समेतलाई समेट्छ । यस सन्दर्भमा पर्याप्त सूचनाको अभावले तल्लो आय समूहका बालबालिकाको आवश्यकतामा पर्याप्त ध्यान केन्द्रित हुन सकेको छैन ।

स्वास्थ्य र पोषण क्षेत्रमा यस रणनीतिले बालबालिकाले बाँच्न, विकसित हुन तथा सिकाइका लागि सामना गर्नुपर्ने बहुपक्षीय अवरोध समेटेको छ । पुड्कोपनाले पछि गएर मानसिक क्षमता घटाउने लगायत धेरै प्रकारका समस्या ल्याउन सक्छ । बाल्यकालमा पोषणको कमी भयो भने पछि गएर मानिसको सिकाइमा जटिल समस्या पैदा हुन सक्छ। गर्भधारणको मितिदेखि दुई वर्षको उमेरसम्म मानिसको मस्तिष्कको आकार र स्वरूप दुबैमा द्रुत गतिले विकास हुने हुँदा उक्त अवधिमा पोषणको अपर्याप्तताले पछिल्ला उमेरमा सिकाइ क्षमताको विकासमा अपूरणीय क्षति पुग्दछ। नेपालमा जन्मदेखि पाँच वर्षभित्रका ४१ प्रतिशत बालबालिका पुड्कोपनाको सिकार हुने गर्दछन् र परिणामस्वरूप तिनको शारीरिक तथा मानसिक विकासमा दूरगामी र अपूरणीय क्षति पुग्न जान्छ। यो आँकडा नेपालका भावी नागरिक संख्याको झन्डै पचास प्रतिशत हुन आउँछ। पोषणको कमीले विद्यालय उमेर समूहका बालबालिकाको सिकाइ क्षमतामा ह्रास आउँछ, त्यसले विद्यालय उपस्थिति दर र एकाग्रताको क्षमतामा नकारात्मक असर पर्न जान्छ। पोषण र मानिसको सामाजिक आर्थिक अवस्था बीच बलियो अन्तरसम्बन्ध रहेको हुन्छ। आर्थिक स्रोतको सीमिततासँगै खानाको विविधतामा कमी आउँछ, परिणाम स्वरूप बालबालिकाको पोषण स्थितिमा ह्रास आउँछ। सांस्कृतिक अवरोधका कारण समताका अन्य पक्ष, जस्तै लैंगिताको पनि पोषणसँग अन्तरसम्बन्ध रहन्छ। त्यसै गरी मातृशिक्षा र पोषण बीचको अन्तरसम्बन्धका कारण अशिक्षित आमाका सन्तानभन्दा शिक्षित आमाका सन्तानका पोषण सम्बन्धी नतिजा राम्रो रहने सम्भावना रहने र अशिक्षित आमाले सरसफाइमा साबुनको प्रयोग गर्ने सम्भावना न्यून हुने हुँदा तिनका सन्तति रोगको सिकार हुने सम्भावना बढी रहन्छ ।

यस रणनीतिमा भौगोलिक अवस्थितिलाई आधारभूत आवश्यकताको पहुँच (विद्यालय, स्वास्थ्य सुविधा रोजगारीका अवसर

आदि) जस्ता सेवामा प्रभाव पार्ने र जीविकोपार्जन तथा भौतिक वातावरण सम्बद्ध तत्त्वका रूपमा हेरिएको छ । अवस्थितिको कुरा गर्दा सहरी क्षेत्र बाहेक ग्रामीण, दुर्गम क्षेत्रका विशिष्टता र तिनले समताका क्षेत्रमा पार्ने प्रभाव, जस्तै सार्वजनिक सेवाका उपलब्धता वा दूरी र तिनको उपयोगका सम्भावित सीमा आदि तथा कृषि वा वन पैदावार आदिबाट त्यहाँका बासिन्दाको जीवनयापनको दिगोपनामा पार्ने प्रभाव आादि हेरिन्छ । नेपालको भौगोलिक विशिष्टतामा उच्च हिमाली क्षेत्रदेखि तराईका उष्ण फाँटसम्म पर्दछन् र भिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनयापन सम्बद्ध शिक्षाको अवसरमा पनि व्यापक भिन्नता रहन्छ । समतामूलक शिक्षा प्रणाली लचिला र परिवेश सापेक्ष, विविधता अनुसारको आवश्यकता तथा अवसरको सम्बोधन गर्ने र पहुँचमा मात्र समतामूलक नभई मुलुकका सबै भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकाको सान्दर्भिकतामा पनि समता हुनुपर्दछ ।

दीर्घकालीन रूपले शारीरिक, मानसिक, बौद्धिक तथा चेतना सम्बन्धी कमजोरीका कारण शिक्षामा असमान पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि हासिल गर्न नपाएको अवस्था समताको अपांगताको आयाम भित्र पर्छ । यस रणनीतिमा अपांगताले प्रवृत्तिगत तथा वातावरणीय अवरोधका कारण समाजमा अरूसरह समान सहभागिता जनाउन नसक्ने अवस्थालाई जनाउँछ (अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी सन्धिबाट उद्धृत) । नेपालको शिक्षा क्षेत्र भित्र देहायका विशेषतालाई अपांगताको कोटिमा राखिएको छः शारीरिक (हिँड्डुल गर्न अप्ठेरो हुने), बौद्धिक, सुनाइ, दृष्टि, अल्प दृष्टि तथा ध्वनि सम्बन्धी कमजोरी । (शिक्षा विभाग, शैक्षिक व्यवस्थापन सूचना प्रणाली–EMIS) । यस प्राविधिक परिभाषाका अतिरिक्त यस रणनीतिको अवधारणागत कार्यढाँचाले शारीरिक, इन्द्रियगत वा संज्ञानात्मक सीमितताका साथै सामाजिक-सांस्कृतिक दृष्टिकोण तथा परिवार, समुदाय तथा विद्यालयमा ती सीमितताका कारण अवहेलना सहनुका साथै शिक्षामा अर्थपूर्ण पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा व्यवधान भोग्न बाध्य भएका बालबालिकालाई अपांग मानिएको छ ।

जनजाति वा जातजाति समताको छैटौँ आयाम हो । बालबालिकाको समुदायका समाजगत, सांस्कृतिक, सामाजिक मान्यता, मूल्य पद्धति, चालचलन, बानी व्यहोरा आदिमा रहेको भिन्नताका कारण अरू जनजाति वा जातजातीय समूह वा व्यक्ति तथा आफ्नै जातीय समूह वा सोभन्दा बाहिर अरूसँग अन्तरक्रियामा असमानताका अवस्था पनि यस अन्तर्गत पर्दछन् । नेपालमा सयभन्दा बढी जनजाति वा जाति समूह रहेका छन् । यस क्षेत्र अन्तर्गत धार्मिक अल्पसंख्यक समूहहरू (उदाहरणका लागि मुस्लिम) समेत पर्दछन्, जो वञ्चितमा परेका छन् ।

जातीय भिन्नता मानिसहरूलाई विभाजित गर्ने समाज निर्मित वर्गीकरण हो भने जनजाति समूह जैविक वा अनुवांशिकतासँग सम्बन्धित विभाजन हो । तथापि जनजाति समूहमा भएको ठूलो व्याप्तिले गर्दा यसलाई जात नै भनी बुझ्ने गरिएको छ । सामाजिक, आर्थिक तथा सांस्कृतिक प्रभावका कारण यी दुई वर्गीकरणमा व्यापक समानताका भएकाले यी दुबैलाई साझा सूचकमा राखिएको छ ।

समता आयामका हिसाबले भाषा प्रत्यक्ष रूपले जनजाति/जातीय समूहसँग सम्बन्धित छ । यसो भएकाले यहाँ श्रवण सुस्तता भएका बालबालिकाका लागि पहिलो भाषाका रूपमा सांकेतिक भाषाको प्रयोग उपयुक्त हुन सक्छ । मातृभाषा शिक्षाको अभावले वा ती भाषाका मूल्य मान्यताले गर्दा बालबालिकाको विकास तथा सिकाइ उपलब्धिमा पार्ने प्रभावका सम्बन्धमा अभिभावकको अवस्था र सोच समेतका कारण बालबालिकाको शैक्षिक पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा अवरोध सिर्जना गर्दछ ।

संकटासन्न बालबालिका भन्नाले हिंसा, शोषण र दुर्व्यवहारमा परेका बालबालिका बुझिन्छ । यस्ता बालबालिका बाल विवाह, छाउपडी, बालश्रम, बेचबिखन र गैरकानूनी धन्दा जस्ता हानिकारक सामाजिक सांस्कृतिक चालचलनको प्रभावले गर्दा बढी संकटासन्न छन् । आफ्ना जन्म दिने बाबु आमासँग छुट्याइएका, बसाइ सराइबाट (मौसमी) प्रभावित तथा सडक बालबालिका सिकाइ अवसरका हिसाबले संकटासन्न अवस्थामा पर्दछन् । एचआईभीबाट प्रभावित भएकाले सामाजिक, सांस्कृतिक तथा वातावरणीय अवरोधको सामना गरिरहेका बालबालिका पनि समताको आयाममा पर्दछन् ।

शैक्षिक वञ्चितीकरण सूचकांकले यी अवयवका क्षेत्र तथा आयामलाई समेट्छ । यसले वञ्चितीकरणको तीव्रताको अवस्था तथा स्तर बीचको अन्तर सम्बन्ध र बालबालिकाको पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि बीचको सम्बन्ध देखाउँछ ।

## ४. समताका सूचकांकको रूपरेखा

विद्यालय क्षेत्रका लागि विकास गरिएको सुदृढ समताका रणनीतिको अंगका रूपमा नेपाल सरकारले शिक्षामा समताका सूचकांक तयार पारेको छ । यी सूचकांकलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समायोजन गराइने छ र यसमा संघीय, प्रान्तीय तथा स्थानीय तहको सूचना तथा जनसंख्या सम्बन्धी सूचना समावेश गरिने छ । समता र आवश्यकतामा आधारित पद्धतिलाई अझै सुदृढ पार्न र लक्ष्यउन्मुख गर्न सरकार र विकास साझेदार (अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था तथा सामुदायिक सेवा संगठन सहित) ले तयार पारेको हालको रणनीतिलाई अझै सबल पारिने छ ।

समताका सूचकांकको प्रयोजन बालबालिकालाई विद्यालय शिक्षाको अवसर तथा विभिन्न परिस्थिति र परिवेशमा झेल्नुपरेका असमानताको सम्बोधन गर्नु रहेको छ । यस सूचकांकलाई समताका रणनीति कार्यान्वयन योजना निर्माण तथा अनुगमनको प्रमुख साधनका रूपमा प्रयोग गरिने छ र यसलाई सबैभन्दा सुविधाविहीन जिल्लामा विशेष कार्यक्रम लक्षित गर्नका लागि प्रयोग गरिने छ । यो साधन जिल्ला, उपजिल्ला र विद्यालय तहसम्म पुऱ्याउने लक्ष्य राखिएको छ ।

समता सूचकांक शिक्षा विभागको शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा समावेश गराइने छ र यसले सरकारलाई शिक्षा क्षेत्र विकास योजना अन्तर्गत वार्षिक रणनीतिक योजना तथा वार्षिक कार्यक्रम तथा बजेटमा समतामूलक विनियोजन लक्षित गर्न सहयोग प्रदान गर्ने छ ।

### (क) समताका सूचकको विकास र व्याख्या

### (१) सन्दर्भ र स्रोतका हिसाबले उपलब्धिको बुझाइ

बालबालिकाको उपलब्धि बुझ्न निम्न लिखित कुरालाई ध्यानमा राख्नुपर्छः (१) बालबालिका, विद्यालय वा जिल्ला बीच असमानता पैदा गराउन सक्ने सामाजिक जनसांख्यिक तत्त्वहरू (२) विद्यालय तथा बालबालिकाका लागि उपलब्ध गराइएका मानवीय, भौतिक तथा आर्थिक स्रोत ।

### (२) समता सूचकांकका उपलब्धि सम्बद्ध तत्त्वहरू

बालबालिकाको विद्यालय शिक्षाको अवसर र तिनले सामना गरेका विभिन्न परिस्थितिजन्य समानताको अवसर दुबैलाई प्रतिविम्बित गराउनका लागि समता सूचकांकको डिजाइन गरिएको हो । यसमा विभिन्न तत्त्व छन्: एउटा तत्त्वले शैक्षिक उपलब्धि र अर्को तत्त्वले विभिन्न वर्गका बालबालिकामा हुने विभेदको प्रतिविम्बन गरेको छ । यो मानव अवसर सूचकांक (Human Opportunity Index -HOI) निर्माणकै पद्धति अनुसार डिजाइन गरिएको छ । यहाँ C ले विस्तार (coverage), अर्थात् अवसरमा पहुँचको औसत स्तर जनाउँछ भने D (dissimilarity) अवसरको असमानताको मापन गर्ने सूचक हो । सूचकांकको फर्मुला तल दिइएको छः

समता सूचकांक = C x (1-D)

माथिको सूचकांकले औसत नतिजा तथा सन्दर्भ अनुसारको असमानता दुबैलाई समेटेको छ । तथापि यसले स्रोत समेटेको छैन, यसका लागि जिल्ला, गाउँ/नगरपालिका तथा विद्यालय विशेषमा जाने स्रोत प्रतिविम्बित हुने गरी छुट्टै स्रोत सूचकांक

प्रयोग गरिने छ । तल दिइएका सूचकमा सन्तुलन नहुँदा असमानताको प्रादुर्भाव हुन्छ, जसलाई सुदृढ समता रणनीतिले परिभाषित गरेको छ–

(१) सुदृढ समता रणनीति र शिक्षा क्षेत्रका योजना बीच तालमेल, (२) निर्णय प्रक्रियाको सान्दर्भिकता (३) तथ्यांकको उपलब्धता र गुणस्तर, (४) इकोनोमेट्रिक विश्लेषण गरिएको (५) जिल्लाहरू बीचको तुलनात्मकता (६) मापनको आवृत्ति (७) विश्लेषणको क्षमता र सञ्चारको सरलीकरण बीच सन्तुलन र (८) समग्रता र असमताका तत्त्वको प्रयोग । यिनैका आधारमा शैक्षिक उपलब्धिको मापनका लागि देहायका सम्भाव्य सूचक/तत्त्व मानिएको थियो:

**विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत (वा खुद भर्ना दर)**: यस सूचकका लागि विद्यालय भित्र र बाहिर रहेका विद्यालय जाने उमेरका बालबालिकाको कुल संख्या आवश्यक पर्दछ । यसको गणना शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकबाट मात्र सम्भव हुँदैन । घरधुरी सर्वेक्षणहरू (MICS, 2014) स्वाभाविक रूपले स्याम्पलमा आधारित हुन्छन् । त्यसकारण मुलुकको समग्र जनसंख्याको प्रतिनिधित्व गर्ने तथ्यांकलाई मात्र सम्भावित सूचनाको स्रोत मान्न सकिन्छ । जनगणनाले यस प्रकारका सूचनाको संकलन नियमित रूपले गर्दैन । यसका साथै जनगणनाको विस्तृत तथ्यांक शिक्षा विभागलाई उपलब्ध छैन । त्यसकारण देहायका सुझाव प्रस्तुत छन्:

(१) जिल्ला, उमेर तथा लिंगका आधारमा छुट्याइएका तथ्यांक उपलब्ध छन् र तिनलाई शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्यांकसँग मिलाएर विभिन्न वर्षका लागि विद्यालय बाहिरका बालबालिकाको प्रक्षेपण गर्न र लैंगिक क्षेत्रको विषमता गणना गर्न सकिन्छ । यो सूचक नियमित अनुगमनका लागि प्रयोग हुन सक्छ ।

(२) जनगणनाको पूर्ण तथ्यांक उपलब्ध भएका अवस्थामा मानव अवसर सूचकांकका आधारमा र असमानताका तत्त्व (लिंग, अवस्थिति, जातजाति, अपांगता, सम्पत्ति तथा आमाको शैक्षिक स्तर आदि) का सूचनाको उपयोग गरी एक दशकका लागि विद्यालय बाहिरका बालबालिकाको दर गणना गर्न सकिन्छ । जिल्ला, उमेर र जनसंख्याका सबै उपसमूह सम्बद्ध सूचना संकलन सम्भव नभए पनि यसबाट आधार वर्षका लागि जिल्ला तहमा विषमताका तत्त्वको गणना गर्न भने मद्दत मिल्ने छ । यो सूचक नियमित अनुगमनमा प्रयोग हुन सक्दैन ।

## कक्षा दोहोऱ्याउने, बीचैमा पढाइ छोड्ने र पढाइ चक्र पूरा गर्ने

शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सहयोगले यी सूचकको गणना गर्न सकिन्छ (लगातार दुई वर्षको भर्ना दर र कक्षा दोहोऱ्याउने दर) र तिनलाई वार्षिक रूपले अद्यावधिक गराउन सकिन्छ । पढाइ चक्र पूरा गर्ने दरको गणना गर्न कक्षागत रूपले कक्षा दोहोऱ्याउने र विद्यालय छोड्नेको तथ्यांक आवश्यक पर्ने छ । यसरी विद्यालय भित्रको विद्यार्थी प्रवाहको आँकलन गर्न सम्भव हुने छ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा लिंग, अवस्थिति, जातजाति आदिबारे पूर्ण सूचना उपलब्ध छन् । त्यसकारण माथिका ३ पक्षका विषमताको मानव अवसर सूचकांक गणना सम्भव छ । अपांगता भएका बालबालिकाबारे तथ्यांक आंशिक रूपले उपलब्ध छ । तिनको कक्षा दोहोऱ्याउने दरको सूचना उपलब्ध छैनन् तर संकलन सम्भव छ । सम्पत्तिका बारेको सूचना शैक्षिक व्यवस्थापन सूचना प्रणालीले समेटेको छैन तर लैंगिकता, अवस्थिति, जातजाति तथा अपांगता र आर्थिक अवस्था बीचको अन्तरसम्बन्ध सुदृढ रहेसम्म आय स्तरजन्य विषमताको आँकलन गर्न सकिन्छ । MICS तथ्यांकका आधारमा क्षेत्रीय तहमा गरिएको प्रारम्भिक गणना अनुसार अवस्थिति, क्षेत्र, जातजाति आदिका सम्बन्धमा उपलब्ध तथ्यांकको आधारमा सम्पत्तिका सूचकको ६० प्रतिशत असमानताको गणना सम्भव भएको थियो । यस सम्बन्धमा जनगणनाको तथ्यांक उपलब्ध भएमा अझ सूक्ष्म आँकलन गर्न सकिन्छ । जनगणनाको तथ्यांकको प्रयोगमा विद्यालय चक्र पूरा गर्ने दरले पूरकको भूमिका निर्वाह गर्ने छ । विद्यालय चक्र पूरा गर्ने दर सम्बन्धी तथ्यांकले जनजाति, अवस्थिति, लिंग, अपांगता लगायतका क्षेत्रका विद्यालय बाहिरका बालबालिका सम्बन्धी विस्तृत र अद्यावधिक तथ्यांक उपलब्ध गराउँछ । लगभग सबै विद्यार्थीको विद्यालयमा पहुँच भए पनि पढाइचक्र पूरा नगर्ने नेपालको जस्तो परिप्रेक्ष्यमा यिनले

विद्यालय बाहिरका बालबालिकाको ठूलो अंशको प्रतिनिधित्व गर्दछन् । जनगणनाको तथ्यांकले कहिल्यै विद्यालय नगएका, विद्यालय छाडेका लगायत विद्यालय बाहिरका बालबालिकाको संख्या गणना गर्न सहयोग गर्दछ तर त्यस्ता सूचनाले लैंगिक क्षेत्र मात्र समेट्छन् ।

## सिकाइ उपलब्धि

जिल्लागत र लिंगगत रूपमा कक्षा १० को परीक्षाका तथ्यांक उपलब्ध छन् । विद्यालयगत पनि लैंगिक तथ्यांक उपलब्ध छन् । यस अवस्थामा कक्षा १० का परीक्षाको सूचनाको प्रयोगबाट जिल्लागत रूपमा मानव अवसर सूचकांकका आधारमा आँकलन गर्न सकिन्छ । यस प्रकारका आँकलनले प्रत्येक वर्ष औसत उपलब्धि तथा लैंगिक विषमताका अवस्थालाई अद्यावधिक गर्न सम्भव छ। तर कक्षा दशको नतिजा प्रति वर्ष फरक पर्न सक्छ तथापि उत्तीर्ण दरमा परिवर्तन हुँदा श्रेणीकरण स्थिर रहन्छ। विभिन्न वर्षमा जिल्लाहरू बीच श्रेणीकरणको अन्तरसम्बन्ध ६३ प्रतिशत रहेको छ। उपलब्ध भएमा कक्षा ८ को जिल्लास्तरीय परीक्षाको नतिजाको पनि प्रयोग गर्न सकिन्छ। यी नतिजा जिल्ला भित्र मात्र तुलना गर्न सकिने भएकाले गाउँ स्तरीय निकायहरू बीच तुलनात्मक अध्ययनका लागि तिनको प्रयोग गर्न सकिन्छ।

## शिक्षाको तह

आधारभूत (१–८) र माध्यमिक (९–१२) तह छुट्याउनु महत्त्वपूर्ण ठानिएको छ । त्यसैले प्रत्येक तहका सूचकको गणना गरिने छ ।

| सूचक | तथ्यांकको स्रोत | समताका आयामहरू | छुट्याइएको तह | शिक्षाका तहहरू | आवृत्ति |
|---|---|---|---|---|---|
| विद्यालय बाहिरको दर | शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा जनगणना | लिंग, अतिरिक्त आयामहरू (स्थान, जात, जनजाति, अपांगता, सम्पत्ति, आमाको शिक्षा) यदि तथ्यांकहरू शिक्षा विभागमा उपलब्ध छन् भने | जिल्ला मात्र | आधारभूत शिक्षा (१-८) | लिंगका लागि प्रत्येक वर्ष, अतिरिक्त आयामका लागि एकपटक यदि तिनीहरू उपलब्ध छन् भने |
| टिकाउ दर | शैक्षिक व्यवस्थापन सूचना प्रणाली | लिंग, अतिरिक्त आयामहरू (स्थान, जात, जनजाति समूह अपांगता उपलब्ध तथ्यांक भर्ना तथा अनुमानित दोहोऱ्याउनेहरूका लागि<br><br>अपांगता एकपटक प्रत्येक विद्यार्थीको सूचनाका आधारमा गणना हुने (वा अन्य छुट्टाछुट्टै सूचना) केन्द्रीय तहमा उपलब्ध हुने । | जिल्ला, गाविस, विद्यालय औसतका लागि, समता आयामको विभेदका लागि मात्र जिल्ला | आधारभूत शिक्षा (१-८) माध्यमिक शिक्षा (९-१२) | प्रत्येक वर्ष |
| सिकाइ उपलब्धि | कक्षा १० को परीक्षा कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको तथ्यांक | लिंग | जिल्ला, गाविस, कक्षा १० को परीक्षाका लागि विद्यालय, गाविस तथा विद्यालय कक्षा ८ को परीक्षाका लागि (जिल्लाहरूका बीचमा कुनै तुलना नहुने) | कक्षा १० को क्षेत्रीय/प्रान्तीय परीक्षा<br><br>कक्षा ८ को जिल्ला स्तरीय परीक्षा | प्रत्येक वर्ष |

उपलब्धि समता सूचकांकले देहायनुसारका सूचकहरू समावेश गर्ने प्रस्ताव गरेको छ ।

## जातीय वर्गीकरण माथि टिप्पणी

विभिन्न सरकारी तथ्यांकले नेपालमा विभिन्न जात तथा जनजाति समूह रहेको तथ्यांक प्रस्तुत गरेका छन् । जनगणनामा सरकारले नेपालमा १,२५० जात तथा जनजाति समूह रहेको देखाएको छ (Population Monograph of Nepal, Vol. ii (CBS, 2014) । शैक्षिक व्यवस्थापन सूचना प्रणालीले सरलताका लागि दलित, जनजाति, बाहुन/क्षेत्री र अन्य भनेर सामूहीकरण गरेको छ । समताका हिसाबले सबैभन्दा बढी विभेदमा परेका समूहको गणना गर्न यो वर्गीकरण ज्यादै व्यापक भएकाले समूह छुट्याएर बढी प्रतिनिधिमूलक वर्गीकरणको पद्धतिको विकास गर्न जरूरी छ । MICS को तथ्यांकको प्रयोग गरी दलित, जनजाति र अन्य समूहको आर्थिक स्थितिको विश्लेषण गरिएको थियो । यसले दलित समूहलाई सबैभन्दा पिछडिएको अवस्थामा पायो । तर जनजाति र अन्य बीच खासै फरक देखिएन (दलितको सम्पत्तिको अंक -०.४२३, जनजातिको ०.०५५ र अन्य ०.०६४ UNICEF, MICS, २०१४) छ । शैक्षिक उपलब्धिका सम्बन्धमा शैक्षिक उपलब्धिका सम्बन्धमा प्राप्त दस्ताबेजहरू, खास गरी नासा २०१५ ले देखाए अनुसार बाहुन, क्षेत्री तथा अन्य बीच नतिजाको तुलना गर्दा जनजाति कुनै समूह भन्दा पछाडि परेको देखिएन । दलितको उपलब्धि सबैभन्दा पछाडि परेको पाइयो । मधेसी र मधेसी अल्पसंख्यकको उपलब्धि दलितभन्दा पनि खराब देखियो । तर यी समूहलाई हालसम्म शैक्षिक व्यवस्थापन सूचना प्रणालीले छुट्टै समूहका रूपमा वर्गीकरण नगरेकाले सूचकमा प्रयोग गर्न चाहिने तथ्यांक उपलब्ध छैन । जनगणनाको तथ्यांक उपलब्ध भएपछि सबै जात तथा जनजाति समूहका विद्यालय बाहिर रहेका बालबालिकाको सूक्ष्म विश्लेषण सम्भव हुने छ ।

## स्रोत सम्बन्धी सूचकांक

उपलब्धि सूचकांकको अझ स्पष्ट व्याख्या गर्नका लागि सबै जिल्ला तथा गाउँ स्तरीय निकायमा उपलब्ध स्रोत साधन सम्बन्धी सूचनाको आवश्यकता पर्दछ । अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार–शिक्षक, पाठ्यपुस्तक, पुस्तकका कुना, कक्षा कोठा तथा शौचालय लगायत आधारभूत शिक्षामा विद्यालयहरूलाई उपलब्ध स्रोतको सूचना उपलब्ध छन् । माध्यमिक तहका लागि चाहिने अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार हालसम्म परिभाषित गरिएको छैन । प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार सम्बन्धी सूचनाका अतिरिक्त तालिम प्राप्त र योग्य शिक्षक, प्रति विद्यार्थी अनुदान, छात्रवृत्ति, भाषिक संक्रमण सहयोग, डेस्क, बेन्च, कम्प्युटर, बिजुली, इन्टरनेट जडान, खेलकुद मैदान आदि विषयका सूचनाको पनि आवश्यकता पर्ने छ ।

प्राथमिक तहमा विभिन्न प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार बीचको अन्तर्सम्बन्धको अध्ययन गरिएको थियो । तिनका बीच उच्च अन्तरसम्बन्ध रहेको पाइयो । त्यसकारण विद्यालयमा उपलब्ध औसत प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार दर्शाउने सूचक हुनु आवश्यक छ । यस सम्बन्धमा शिक्षा विभागको शैक्षिक व्यवस्थापन सूचना प्रणालीले केही काम गरिसकेको पनि छ ।

निर्धारित प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार भएका र नभएका बीचको तुलनाभन्दा अगाडि बढेर तिनको प्रभाव मूल्यांकनका लागि अझै उपयुक्त र सटिक पद्धतिको अन्वेषण गरी सूचकलाई आउँदा दिनमा अझ सशक्त गर्नु आवश्यक छ । प्रभावकारी सूचक भन्नाले शिक्षक र विद्यार्थीको अनुपात मात्र बुझ्नु हुँदैन (कतिपय साना एक शिक्षक हुने विद्यालय पनि छन् र कतिपय आवश्यकता भन्दा धेरै शिक्षक भएका विद्यालय पनि छन्) । प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार बाहेकका अन्य तत्त्वहरूको पनि विश्लेषण आवश्यक पर्दछ । उदाहरणका लागि निजी विद्यालय र सामुदायिक विद्यालयको तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयका लागि प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार गणना गरिएको थिएन तर तिनमा मानव अवसर सूचकांक समावेश गरिएको थियो । माध्यमिक तहका लागि प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधारको निर्धारण गर्दा विषयगत शिक्षकको आवश्यकताका कारण शिक्षक उपलब्धताको गणना भिन्न किसिमले गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त अन्य स्रोतको पनि सान्दर्भिकता रहन सक्छ (जस्तै, पुस्तक कुनाभन्दा विज्ञान प्रयोगशालाको सान्दर्भिकता बढी हुन सक्छ) ।

## समता सूचकांकको प्रयोग

संघीय, प्रान्तीय, जिल्ला, गाउँ र विद्यालय स्तरमा उपलब्धि र स्रोत सम्बद्ध सूचकांकको प्रयोग भिन्नाभिन्नै तरिकाबाट गरिनु पर्छ ।

प्रथमतः जिल्लालाई सहयोग उपलब्ध गराउने सन्दर्भमा उपलब्ध स्रोत साधनको उपयोगबाट जिल्लाले हासिल गरेका शैक्षिक उपलब्धिको स्तर पत्ता लगाई सरकार र विकास साझेदारलाई सूचित गर्न समताका सूचकांकको प्रयोग गरिने छ । यसो गर्नका लागि:

- समताको उपलब्धि सम्बद्ध सूचकांकका आधारमा जिल्लाहरूको वर्गीकरण गरिने छ र उपलब्ध औसत स्रोतका आधारमा उच्चतम र न्यूनतम नतिजा प्रदर्शन गर्ने जिल्लाको पहिचान गरिने छ । यस आधारमा विशेष सहयोग लक्षित गर्नका लागि थुप्रै जिल्लाको पहिचान हुने छ । यसले स्रोतको समता लक्षित विनियोजनमा सहयोग गर्ने छ । यसका लागि देहायका पक्षमा ध्यान दिइने छ:
  - प्रति विद्यार्थी/कक्षा रकम प्राप्त गर्नका लागि विद्यार्थी वा कक्षा संख्या,

  - कठिन अवस्थाका र/अथवा थप स्रोतको आवश्यकता भएका जिल्ला/गाउँ/विद्यालय, जसलाई थप रकम दिन सकिने ।
  - पुरस्कारस्वरूप थप स्रोत उपलब्ध गराउनका लागि मानव अवसर सूचकांकमा राम्रो नतिजा प्रदर्शन गर्ने जिल्लाको पहिचान ।
- कम स्रोत भएका जिल्लामा कस्ता थप स्रोतको सहयोग दिनुपर्ने हो भनेर पत्ता लगाइने छ, जस्तै– शिक्षक कम भएका जिल्ला र कक्षा कोठाको अभाव रहेका जिल्लालाई एकै प्रकारको सहयोग दिएर हुँदैन । भूकम्प प्रभावित जिल्लाका लागि छुट्टै प्रकारको व्यवहारको आवश्यकता पर्दछ ।
- औसत भन्दा बढी स्रोत भएका तर औसत भन्दा कम मानव अवसर सूचकांक भएका जिल्लामा स्रोतका उपयोगको अनुगमन अथवा नतिजाको स्तर वृद्धिका लागि उपलब्ध स्रोतको उपयोग र दक्षता बढाउन प्राविधिक वा शैक्षणिक विधिको प्रयोगमा सहयोगको आवश्यकता पर्न सक्छ ।
- न्यून कार्य सम्पादन (समग्रमा न्यून नतिजा, उपलब्धिमा उच्च असमानता) को कारण पत्ता लगाउन सूचकांकका दुई अवयव (व्याप्ति र विषमता सूचकांक) लाई छुट्टाछुट्टै हेर्ने ।

समताका सूचकले शैक्षिक समताको निर्धारण गरी विशेष कार्यक्रम लक्षित गर्नका लागि सबैभन्दा प्रतिनिधिमूलक र तथ्यमूलक सूचक तथा तथ्यांकका समूहको संश्लेषण र उपयोग गर्ने भएकाले सही नीति लक्षित भए नभएको सुनिश्चित गर्न जिल्ला विशेषका सूचनाको थप विश्लेषण आवश्यक पर्दछ । यसका लागि प्रथमतः असमानता पैदा गराउने तत्त्वको पहिचान जरुरी छ । यसो भएमा सोही अनुरूपका नीति लक्षित गरी नतिजामा सुधार ल्याउन सहज हुनेछ । विषमताका कारक तत्त्वको पहिचानका लागि सूचनाको अझ सूक्ष्म विश्लेषण आवश्यक पर्न सक्छ, जस्तै – कुनै शैक्षिक प्रणाली भित्र कुन समूहका बालबालिकामा असमानता देखिएको छ, त्यसको सही पहिचानका लागि, जस्तै – जात र जनजाति समूह हो भने त्यस समूहलाई अझ सूक्ष्मतम विश्लेषण गरी वास्तविक प्रभावोत्पादक तत्त्वको पहिचान गरेर मात्र सही नीति लक्षित गर्न सहज हुने छ ।

समता तथा स्रोत सूचकांकको प्रयोग गाउँपालिका र विद्यालयको कार्य सम्पादन बीच तुलना गर्न तथा उप जिल्ला तहलाई सहयोग गर्न लक्ष्यको पहिचानमा प्रयोग गरिने छ । यसले विद्यालय सुधार योजना, जिल्ला शिक्षा योजना, जिल्लास्तरीय वार्षिक रणनीतिक कार्यान्वयन योजना, जिल्ला बजेट निर्माण तथा सम्भव भएसम्म गाउँ विकास योजना जस्ता विकेन्द्रित (जिल्ला, गाविस र विद्यालय) योजना गर्न मार्गनिर्देश गर्नेछ ।

जिल्ला, गाउँ र विद्यालय तहको प्रगतिको अनुगमनमा पनि समता सूचकांक र स्रोत सूचकांकको प्रयोग गरिने छ । प्रगतिको अनुगमन देहायका दुई आयाममा केन्द्रित रहने छः

- उपलब्धि समता सूचकांकमा भएको प्रगति, जसले औसत नतिजा र विभेदको न्यूनीकरणमा भएको प्रगति ।
- सबैभन्दा कम प्रगति गर्ने जिल्ला, गाउँ वा विद्यालयमा स्रोतको विनियोजनमा भएको प्रगति ।

विद्यालय तथा जिल्ला प्रोफाइलमा पनि समता र स्रोतका सूचकांक प्रतिविम्बित गराइने छ । हाल “GPE-GRA “Data Must Speak” कार्यक्रमले शिक्षा विभागसँगै यसको विकास गरिरहेको छ ।

अन्त्यमा, समताका सूचकांकलाई वकालत र राष्ट्रिय रूपमा आर्थिक तथा राजनीतिक समर्थन हासिल गर्ने साधनका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

६. सूचकांक गणनाको व्याख्या

उपलब्धि सूचकांक

EI=C(1-D)

जहाँ,

C = जिल्लामा औसत टिकाउ दर

$D = \frac{1}{2C}\sum_{i=1}^{h} w_i |C_i - C|$, $w_i = \frac{n_h}{n}$, $h = 2^k$

$C_1$ = समूह$_i$ मा औसत टिकाउ दर

h = जनसाख्यिंक समूहको संख्या

k = असमानताको विरोधाभाषपूर्ण आयामको संख्या (उदाहरणः लिंग, अपांगता, अवस्थिति)

n = भर्ना भएका कुल विद्यार्थीको संख्या

$n_h$ = समूह I मा भर्ना भएका कुल विद्यार्थीको संख्या

स्रोत सूचकांक

$$RI = \frac{(\sum_{i=1}^{5} i * N_i)}{N}$$

जहाँ, RI = स्रोत सूचकांक; $1 \leq RI \leq 5$

$N_i$ = प्राथमिकीकरण गरिएका अनुकूल सिकाइ वातावरणका लागि आवश्यक न्यूनतम पूर्वाधार भएका विद्यालयको संख्या

N = $\sum_{i=1}^{5} N_i$ जिल्लामा कुल विद्यालयको संख्या

टिकाउ दर

$$s_{12} = \frac{p_{12}}{1 - r_1}$$

जहाँ,

$S_{12}$ = कक्षा १ देखि २ को टिकाउ दर

$p_{12} = \frac{P_{12}}{E_1^{2070}}$, अर्थात् कक्षा १ देखि २ मा उत्तीर्ण दर

$r_1 = \frac{R_1}{E_1^{2070}}$ अर्थात् कक्षा १ मा दोहोर्‍याउने दर

$P_{12} = E_2^{2071}$ - $R_2^{2071}$ अर्थात् उत्तीर्ण विद्यार्थीको संख्या

$R_1$ = २०७१ मा कक्षा १ मा दोहोर्‍याउनेको संख्या

कक्षा १ देखि ८ सम्म पुरा गर्नेको गणना तल अनुसार गरिएको छः

$C = \prod_{i=1}^{7} s_{i,i+1}$

# अनुसूची ६: विपत् पश्चात्को पुनर्लाभको ढाँचा तथा शिक्षा क्षेत्रको कार्य योजना

## पृष्ठभूमि

विपत् पश्चात्का आवश्यकताको मूल्यांकनको नतिजामा आधारित भएर उक्त मूल्यांकनबाट विश्लेषण गरिएको तथ्यांक पनि समावेश गरी पुनर्लाभको ढाँचाले पुनर्लाभका कार्यक्रम तर्जुमा गर्नेछ। विपत् पश्चात्को पुनर्लाभको ढाँचाले पुनर्लाभका कार्यक्रमको विस्तृतीकरण र अप्रिल २०१६ देखि ६० महिनाभित्र (पाँच वर्षभित्र) सम्पन्न गर्नुपर्ने पुनर्लाभ र पुनर्निर्माणको योजना प्रस्तुत गर्दछ । यसका लागि प्रत्येक क्षेत्रले तत्कालीन वा अल्पकालीन (१८ महिना), मध्यमकालीन (३ वर्ष) र दीर्घकालीन (५ वर्ष) मा पूरा गरिने कार्यको प्राथमिकता निर्धारण गर्ने छन् । विपत् पश्चात्को पुनर्लाभको ढाँचाले यस योजनापछि नेपाल सरकारका दीर्घकालीन योजना सम्बद्ध कार्यका लागि आवश्यक पर्ने स्रोतको आँकलन समेत गर्ने छ। शिक्षा क्षेत्रले विपत् पश्चात्को पुनर्लाभको ढाँचाको पहिला तीन वर्ष भित्र सबै प्रभावित विद्यालयको पुनर्लाभ कार्य सम्पन्न गर्ने स्पष्ट दिशा निर्देश पाएको छ। २०७२ सालको भूकम्प भयावह थियो। विद्यालय सञ्चालन भएको दिनमा उक्त भूकम्प गएको भए उक्त बखत १० लाखभन्दा बढी बालबालिका विद्यालयभित्र हुने थिए, जो भूकम्प पश्चात् क्षतविक्षत भएका छन्। त्यसो भएको भए जनधनको क्षति अझ कहाली लाग्दो हुने अनुमान सहजै गर्न सकिन्छ। शिक्षामा पुनर्लाभको योजनाका नतिजा र सिफारिसमा आधारित भएर सुरुको प्रभावलाई सम्बोधन गर्न इन्जिनियर, स्वास्थ्यकर्मी तथा सीपयुक्त डकर्मी सिकर्मी उत्पादन गर्ने उच्च र प्राविधिक शिक्षण संस्थाका जनशक्तिको विकास गर्नेलाई पहिलो प्राथमिकतामा राखेको छ। विद्यालय क्षेत्रले प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा ८ सम्मको आधारभूत र कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षालाई समेटेको छ। यो समग्र शिक्षा क्षेत्रको लगभग ८० प्रतिशत हो। यो शैक्षिक व्यवस्थापन सूचना प्रणाली अन्तर्गत पर्दछ।

## शिक्षा क्षेत्रको पुनर्लाभको रणनीतिक दूरदृष्टि

अपांगता भएका लगायत सबै बालबालिका, किशोर किशोरी तथा युवाले सुरक्षित सिकाइ वातावरणको पहुँच सुनिश्चित गर्न र विपत् व्यवस्थापन र सहकार्य र उत्थानशील समुदायको सुदृढीकरण मार्फत समग्र विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण शिक्षालाई शिक्षा क्षेत्रमा मूलप्रवाहीकरण गर्नु शिक्षा क्षेत्रको पुनर्लाभको दूरदृष्टि रहेको छ। यो दूरदृष्टि साकार पार्न देहायका उद्देश्य पहिचान गरिएको छः

(क) समग्र उपक्षेत्रका लागि बाल, किशोर किशोरी तथा युवा मैत्री अर्धस्थायी शैक्षिक सुविधा तथा लैंगिकता मैत्री सरसफाइका सुविधा निर्माण गरी पुनर्लाभका सिलसिलामा पनि शैक्षिक प्रावधानको सुनिश्चितता गर्नु। यसका लागि:

- विद्यार्थीलाई विद्यालय छोड्ने अवस्थाको सिर्जना हुनबाट रोक्न सबै बालबालिकाको विद्यालयमा उपस्थिति दर कायम राख्न नियमित अनुगमन गर्नु,
- विद्यालयमा लैंगिक सचेतनाको प्रवर्धन, बाल मैत्री वातावरणको सिर्जना र आवश्यकता अनुसार उपयुक्त सेवा क्षेत्रसँग सम्बन्धको प्रवर्धन गर्नु। बालबालिकाका लागि व्यक्तिगत स्वास्थ्य तथा सरसफाइ सुविधामा पहुँचको सुनिश्चित गर्न विद्यालयमा बालक तथा बालिकाका लागि छुट्टाछुट्टै र उपयुक्त शौचालयको पुनर्निर्माणलाई प्राथमिकीकरण गर्नु ।

(ख) समग्र उपक्षेत्रमा शैक्षिक सुविधाको पुनर्लाभका सन्दर्भमा समग्र विद्यालय सुरक्षाका तीन खम्बे नीतिको अनुसरण गर्नु,

(ग) संस्थागत, निजी, धार्मिक, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा अनौपचारिक शिक्षा लगायत सबै सिकाइका सुविधाहरू विपत् प्रति उत्थानशील रहेको र बालबालिका, किशोर किशोरी तथा युवाहरूका लागि सुरक्षित सिकाइको स्थानमा गुणस्तरीय शिक्षा प्राप्ति सुनिश्चित गर्नु। यसका लागि सुरक्षित स्थानको छनोट, निर्माण संहिता, विपत् प्रति उत्थानशील ढाँचा र मर्मत सम्भार तथा निर्माण कार्यको अनुगमन र गुणस्तरको नियन्त्रण गर्नु। यसका लागि:

- समग्र विद्यालय सुरक्षा र विपत् जोखिम न्यूनीकरण सम्बन्धी जानकारीका न्यूनतम प्याकेज निर्माण गरी सरकारको

विद्यमान संयन्त्र मार्फत विद्यार्थी, किशोर किशोरी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, समुदाय, शिक्षाका अधिकारी र सबै तहका कर्मचारीसम्म पुऱ्याउनु,

- शिक्षा सम्बद्ध समितिहरूका योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला र पुरूष तथा बालक र बालिका सबैको समतामूलक सहभागिता सुनिश्चित गर्नु ।

(घ) बहुपक्षीय जोखिमको मूल्यांकन, विपत् व्यवस्थापनको नक्सांकन (भौतिक र आभौतिक), विद्यालय तहका जोखिम न्यूनीकरणका कार्ययोजना निर्माण, विद्यालय सुधार योजनामा विद्यालय सुरक्षाको अवधारणाको समायोजन, शैक्षिक निरन्तरताको योजना निर्माण, जोखिमको प्रतिकार्य तथा तयारीका क्षमताको विकास र समुदायसम्म पहुँच निर्माण गरी केन्द्रदेखि गाउँ तहसम्मका शिक्षा प्रणालीको विपत् जोखिम न्यूनीकरण र तयारीका क्षमता सुदृढ गर्नु,

(ङ) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा शिक्षकको पेसागत विकास कार्यक्रमबाट औपचारिक तथा अनौपचारिक शिक्षामा विपत् जोखिम न्यूनीकरण र उत्थानशीलतालाई शिक्षामा मूल प्रवाहित गराउनु ।

## मार्गदर्शक सिद्धान्तहरू

विद्यालयमा पुनर्लाभको समग्रताको पद्धति नै प्रमुख सिद्धान्त हुने छ । समग्रताका पद्धति भित्र सबै बालबालिका तथा युवाहरूका लागि गुणस्तरीय तथा सुरक्षित सिकाइ बातावरण, विपत् प्रति उत्थानशील पूर्वाधार, विद्यालय तहमा सुदृढ विपत् व्यवस्थापनको प्रावधान आदिको समग्रतामा नै पुनर्लाभको सुनिश्चितताका साथै समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन, शिक्षक तथा विद्यार्थी सबै विपत्को तयारी र विपत् जोखिम न्यूनीकरणप्रति सचेत रहनु आवश्यक रहन्छ । यसको अंशका रूपमा पुनर्लाभको मार्गदर्शनका लागि देहायका सिद्धान्तको पहिचान गरिएको छः

- वैकल्पिक, संक्रमणकालीन तथा अनौपचारिक शिक्षा लगायत सबैका लागि न्यूनतम गुणस्तरीय शिक्षामा पहुँच र विपत्को प्रभाव घटाउन सबै विद्यार्थी, अभिभावक तथा शिक्षकका लागि न्यूनतम मनोसामाजिक, भौतिक तथा संवेगात्मक सहयोग सुनिश्चित गरेर शिक्षालाई अधिकारका रूपमा प्रत्याभूत गर्ने ।
- शिक्षा क्षेत्रमा आपत्कालीन प्रतिकार्य, पुनर्लाभको आवश्यकता र नियमित योजना तथा कार्यान्वयन बीच सरल संक्रमणको सुनिश्चिता । नेपालको वि.सं. २०७९ को दूरदृष्टि अनुकूल सबैका लागि समान उपलब्धि हासिल हुने गरी आवश्यकतामा आधारित स्रोतको विनियोजन सुनिश्चित गर्ने ।
- केबल भौतिक पूर्वाधारको आवश्यकता मात्र नभई सोबाट माथि उठेर समग्र विद्यालय सुरक्षा कार्यढाँचा अनुसार सुरक्षाका तीन खम्बे नीति अनुसरण गर्दै समग्रतामा शैक्षिक सुविधाहरूको पुनर्लाभको पद्धतिको अवलम्बन गर्ने ।
- शिक्षामा विद्यमान असमानताको सम्बोधनका क्रममा स्थानीय परिवेश तथा स्रोत साधनको उपलब्धतालाई ध्यान दिँदै समावेशी र समतामा आधारित कार्यक्रमहरूको योजना गरिने छ । यसका लागि प्राथमिकताको निर्धारण आवश्यकतामा आधारित हुनुपर्ने छ र सामाजिक प्रभाव र संकटासन्नताको तथ्यमा आधारित मूल्यांकनका नतिजा अनुरूप लक्षित कार्यक्रम तथा समावेशिताको (लैंगिकता, अपांगता, सीमान्तकृत समुदाय लगायत) सम्बोधन लक्षित बजेटका आधारमा योजनाको निर्माणलाई प्राथमिकतामा राख्ने ।
- प्राकृतिक प्रकोपको व्यवस्थापनका सम्बन्धमा बालबालिकालाई र तिनका माध्यमबाट बालबालिकाका अभिभावक तथा समुदायलाई जोखिमको न्यूनीकरण तथा तयारीको प्रशिक्षण गराई जोखिमको न्यूनीकरणमा शिक्षाको केन्द्रीय भूमिकाको वकालत गर्ने ।
- सरकारको सुदृढ नेतृत्वमा सरकार, विकास साझेदार, गैरसरकारी/समुदायमा आधारित संघ संस्था, समुदाय, अभिभावक बीच समावेशी परामर्श, सञ्चार तथा समन्वयका माध्यमबाट व्यापक सहकार्य र सहभागिता सुनिश्चित गर्ने ।
- अन्य क्षेत्र, जस्तै सामुदायिक पूर्वाधार पुनर्निर्माण आदिसँगको सहकार्यमा गैरसरकारी सहयोगको स्पष्ट नीति निर्देशका साथ कार्यान्वयनको विकेन्द्रित ढाँचा र शैक्षिक पूर्वाधार पुनर्निर्माणमा गुणस्तर नियन्त्रणका केन्द्रीय मापदण्ड अनुसार पुनर्लाभको यथार्थपरक क्रम निर्धारण गर्ने ।

- समग्र पुनर्लाभका अवधिभर वातावरणीय सुरक्षामा ध्यान पुऱ्याउने । दिगोपनाका दृष्टिले प्राकृतिक तथा स्थानीय निर्माण सामग्रीको प्रयोगमा जोड दिने । पर्यावरण र स्वास्थ्यमा पर्ने जोखिमको न्यूनीकरण गरेर साबिकमा प्रयोग भएका सामग्रीको पुनःप्रयोग गरी अस्थायी तथा अर्धस्थायी सिकाइका स्थानको निर्माण गर्ने ।

## वर्तमान अवस्था

### प्रतिकार्य

जुलाई २०१५ मा विपत् पश्चात्को पुनर्लाभको ढाँचाले पहिचान गरेअनुसार विद्यालय क्षेत्रका शिक्षामा सबैका पहुँच सुनिश्चित गर्न १५,००० अस्थायी सिकाइ केन्द्रको निर्माण आवश्यक देखिएको थियो । भूकम्प प्रभावित जिल्लाका भौगोलिक परिवेश अनुकूल हुने गरी पानी तथा सरसफाइ WASH सुविधा र विपत् पश्चात् शिक्षण सिकाइ सामग्री, सचेतनाकरणको सुदृढीकरण तथा मनोसामाजिक सहयोग सहित थुप्रै अस्थायी सिकाइ केन्द्रको ढाँचा तयार पारिएको र स्वीकृत गरिएको छ । हालसम्ममा ८,००० अस्थायी सिकाइ केन्द्रको निर्माण भइसकेको छ । यीमध्ये ३,५६१ केन्द्रहरू नेपाल एजुकेसन क्लस्टर मार्फत प्रदान गरिएका हुन् ।

### पुनर्निर्माण

कार्यक्रम कार्यान्वयन एकाइ मार्फत गरिने पुनर्निर्माणका सम्बन्धमा प्रथम चरणको विद्यालय निर्माणका लागि मापदण्ड तयार भइसकेको छ र दोस्रो चरणका लागि स्वीकृतिको चरणमा पुगेको छ । निर्माणका लागि विद्यालयको सत्यापन गर्ने तथा विद्यालय उप परियोजनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार पार्ने कार्य भइरहेको छ । पहिलो चरणमा निर्माण गरिने केही विद्यालयहरूको बोलपत्र आह्वान पनि भइसकेको छ । अति प्रभावित जिल्लाका ४८९ विद्यालयहरूको पुनर्निर्माण कार्य शुरू भइसकेको छ । ललितपुर जिल्लाका ५ विद्यालयका लागि बोलपत्र आह्वान भइसकेको छ र अन्य पाँच जिल्लामा अप्रिलदेखि वास्तविक निर्माण कार्य शुरू हुँदैछ । जिल्ला शिक्षा कार्यालयका इन्जिनियरले निर्माणका लागि छानिएका विद्यालयको अग्रिम निरीक्षण गरिसकेका छन् । विद्यालय भवन निर्माणको ढाँचा तथा निर्माणको कार्यतालिका स्पष्ट पार्न जिल्ला शिक्षा कार्यालय स्थित कार्यक्रम कार्यान्वयन एकाइले प्रत्येक जिल्लामा विद्यालय व्यवस्थापन समितिको बैठक राखेर निर्माण कार्यको सम्झौता गर्ने छन् । २५० विद्यालयहरूको मर्मत सम्भार कार्य सम्पन्न भइसकेको छ । यसका अतिरिक्त शिक्षा विभागले भूकम्पबाट अति प्रभावित १४ जिल्लाका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूको द्रुत सर्भे गरी भएका क्षतिको तथा संकटासन्नताको मूल्यांकन गरिरहेको छ । ८ जिल्लाको क्षतिको स्थिति र वातावरणीय मूल्यांकन भइसकेको छ र धादिङ, नुवाकोट, गोरखा, ललितपुर, मकवानपुर र रसुवा गरी ६ जिल्लाका १२० विद्यालयको विस्तृत मूल्यांकन भएको छ । काभ्रे जिल्लामा पहिलो चरणमा ३ विद्यालयको बोलपत्र आह्वान गरिएको छ र अर्को महिना भित्र थप १४ विद्यालयका लागि बोलपत्र आह्वान गरिने तयारी छ । निर्माणका लागि विद्यालयको छनोट गर्दा क्षतिको गम्भीरता, भौगोलिक पहुँच र विद्यालयका सेवा क्षेत्रलाई आधार बनाइएको छ । यसका अतिरिक्त धादिङ, गोरखा र नुवाकोट जिल्लामा जापान सरकारको विद्यालय क्षेत्र विकास योजनामा उपलब्ध अनुदान सहयोग राशीबाट विद्यालय मर्मतको कार्य भइरहेको छ । यस परियोजनाले ९१ विद्यालय समेटेको छ र जुन २०१६ भित्र कार्य सम्पन्न हुनेछ ।

### आर्थिक स्रोत

नेपाल सरकारले ६०१ विद्यालयहरूको मर्मत सम्भारका लागि १५०.२५ मिलियन रूपैयाँ विनियोजन गरेको छ । यसका अतिरिक्त १४१ विद्यालयको मर्मत सम्भारका लागि १४.१ मिलियन रूपैयाँ र भूकम्प प्रभावित जिल्लाका ८९ विद्यालयको

मर्मत सम्भारका लागि अर्को १११.४२ मिलियन रूपैयाँ विनियोजन गरेको थियो । रसुवा र ओखलढुंगाका जिल्ला शिक्षा कार्यलयको मर्मतका लागि १५ मिलियन रूपैयाँ विनियोजन गरिएको छ र गोरखा जिल्लामा एक अगुवा स्रोतकेन्द्र निर्माणका लागि ०.४ मिलियन रूपैयाँ छुट्याइएको छ । विद्यालयको पुनर्निर्माणका सन्दर्भमा ५३ विद्यालयमा ४ कोठे भवन निर्माणका लागि ४२.२ मिलियन रूपैयाँ विनियोजन भएको छ । यसै गरी मानवतावादी साझेदारहरूसँग गरिएका ८८ सम्झौता मार्फत ६५२ विद्यालयका लागि ३,८६७ कक्षाकोठा निर्माणका लागि ३.११ विलियन रूपैयाँको प्रतिबद्धता प्राप्त भएको छ । अन्त्यमा, शिक्षा विभागले भूकम्प प्रभावित जिल्लाका विद्यालयहरूमा थुप्रिएका भग्नावशेष हटाई विद्यालय वातावरणमा सुधार ल्याउन ३१७.६८ मिलियन रूपैयाँ विनियोजन गरेको छ ।

## मानवीय स्रोत

भूकम्पबाट विद्यालयहरूमा पुग्न गएको क्षति मूल्यांकन गरी निर्देशिका निर्माण, डिजाइन, डिजाइनको पुनरावलोकन आदि कार्यका लागि शिक्षा विभागमा पूर्वाधार सम्बन्धी इन्जिनियर नियुक्त गरिएका छन् । भूकम्प प्रभावित १४ जिल्लामा सरकारका सम्पर्क अधिकारीसँग समन्वय गरी प्राविधिक सहायता प्रदान गर्न साइट अफिसर नियुक्त भएका छन् । ११ जिल्लामा पुनर्लाभका लागि १८४ इन्जिनियर, १,०९५ डकर्मी र ठेकेदारलाई क्षमता विकास तालिम प्रदान गरिसकिएको छ । अन्त्यमा १,५२,९२९ विद्यार्थी र ५,७३२ शिक्षकहरूलाई विपत् जोखिम न्यूनीकरण तालिम प्रदान गरिएको छ । यसका अतिरिक्त विपत् जोखिम न्यूनीकरण शिक्षालाई विद्यालय क्षेत्र शिक्षाका पाठ्यक्रममा र पूर्वसेवाकालीन शिक्षक तयारी कार्यक्रममा समायोजन गरिएको छ ।

## भूकम्पप्रति उत्थानशील विद्यालयको डिजाइन

भूकम्प प्रभावित जिल्लाका विभिन्न परिवेशमा पुनर्निर्माणको आवश्यकता पूरा गर्न धेरै प्रकारका भूकम्प प्रतिरोधी विद्यालय भवनका डिजाइनको आवश्यकता पर्दछ । यस्ता डिजाइन प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षादेखि कक्षा १२ सम्मका विद्यालयका प्रकार अनुसार तयार पार्नुपर्ने हुन्छ । सबै डिजाइन पछि राम्रो बनाउने “Build Back Better” को अवधारणा र भूकम्पीय उत्थानशीलताको उद्देश्य अनुरूप प्रमाणित प्राविधिक ज्ञानका आधारमा गरिएका हुन् । यी डिजाइनका प्रमुख विशेषता बालमैत्री, पानी तथा सरसफाइ, सम्भव भएका स्थानमा दिगोपनाका दृष्टिले सौर्य ऊर्जा र वर्षात्को पानी संकलनको प्रावधान आदि रहेका छन् । यसका लागि प्राथमिक विद्यालयको डिजाइन सम्पन्न गरिसकिएको छ । विद्यालयहरूको मर्मत सम्भारको निर्देशिका, केही ब्लक डिजाइन लगायत माध्यमिक विद्यालय निर्माणको डिजाइन बनिरहेका छन् । प्राविधिक सुपरिवेक्षक र विद्यालय व्यवस्थापन समितिका लागि एउटा सुपरिवेक्षण म्यानुयल समेत तयार पारिएको छ । यस म्यानुयलले विभिन्न प्रकारका भवनको सुपरिवेक्षणको प्रत्येक चरणका लागि प्राविधिक निर्देशन र उदाहरण समेत प्रस्तुत गर्दछ । जिल्ला कार्यान्वयन एकाइलाई सहयोग पुऱ्याउने उद्देश्यले विद्यालय व्यवस्थापन समितिका लागि समेत एउटा निर्देशिका तयार पारिने छ ।

## खरिद

समग्र निर्माण कार्यलाई छिटो छरितो पार्न प्रवर्तनात्मक खरिद प्रक्रियाको अवलम्बन गरिने छ । यसका लागि सबैलाई पायक पर्ने गरी विद्यालयहरूको समूह बनाएर निर्माण सामग्री खरिद प्याकेज तयार पारिने छ । पुनर्निर्माणको समग्र स्वामित्व विद्यालय व्यवस्थापन समितिलाई प्रदान गर्ने प्रयास गरिने छ । यसका लागि जिल्ला शिक्षा कार्यालय र विद्यालय व्यवस्थापन समिति बीच दुबै पक्षको दायित्व स्पष्ट किटान गरी पुनर्निर्माण कार्यमा सहजीकरण गर्न सम्झौता गरिने छ । विद्यालय व्यवस्थापन समितिले आफ्नो विद्यालय सुधार योजनामा पुनर्निर्माण कार्यको अनुगमन योजना समेट्ने छन् ।

शिक्षा विभागले क्षतिग्रस्त सबै विद्यालयहरूको विश्वसनीय तथ्यांक तयार पारेको छ । यस सूचीले प्रारम्भिक छानबिनका लागि सहयोग गरे पनि वास्तविक निर्माण कार्यको थालनी गर्न विस्तृत सर्भे, साइट अनुरूपका डिजाइन, लागत आँकलन, परिमाणको बिल (Bill of Quantities) का लागि अझ विस्तृत साइट सर्भेको आवश्यकता पर्नेछ । वास्तविक सर्भे डिजाइन शुरू गर्नु पूर्व विद्यालय निर्माण स्थलको उपयुक्तता जाँच गर्नु वाञ्छनीय हुने छ । सम्बन्धित विकास साझेदारलाई SIDA को सूचना प्राप्त भएपछि प्रारम्भिक छानबिन गर्नु सहज हुने छ ।

उच्च शिक्षाका सम्बन्धमा कुनै शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास भएको छैन । तर आठै विश्वविद्यालयहरूले पुनर्लाभको आवश्यकताको मूल्यांकन गरी विश्वविद्यालय अनुदान आयोगलाई उपलब्ध गराइसकेका छन् । विद्यालयमा आधारित नभएका प्राविधिक शिक्षाका सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले पुनर्लाभको आवश्यकताको अद्यावधिकीकरण गरिसकेको छ ।

शिक्षा क्षेत्रको विपत् पश्चात्को पुनर्लाभको ढाँचाले सामाजिक प्रभावको प्रक्षेपण समेत गरेको छ । अनौपचारिक शिक्षा केन्द्रले मौजुदा अनौपचारिक शिक्षाका सुविधा तथा कार्यक्रमको पुनर्लाभको आवश्यकताका साथै पुनः औपचारिक शिक्षामा फर्कने सम्भावना नभएका बालबालिकाको सिकाइ आवश्यकताको सम्बोधनका लागि अनौपचारिक शिक्षा कार्यक्रम विस्तार र अनौपचारिक शिक्षामा भर्ना भएका युवा तथा महिलाहरूको आवश्यकताको प्रक्षेपण समेत गरिसकेको छ । भूकम्पबाट ज्यादै प्रभावित ११ जिल्लाका ४०० निजी विद्यालयहरूका पुनर्लाभको आवश्यकता रहेको प्रतिवेदन प्राप्त भएको छ । यसका लागि कुल ९०० मिलियन रूपैयाँको आवश्यकता पर्ने छ ।

विद्यालय परिसरमा भत्किएका र आंशिक रूपले भत्किएका भवनका भग्नावशेषका ठूला थुप्रा लागेका छन् । ती थुप्राहरूले पुनर्निर्माण स्थल पुग्न अवरोध पैदा गर्दछन् । मर्मत नगरिएका क्षतिग्रस्त विद्यालय भवनहरूले विद्यार्थी तथा समुदायको जीवनमा जोखिम पैदा गराएका छन् । भत्किएका विद्यालयका आकार फरक छन् र तिनको भग्नावशेष सफा गर्न ठूलो चुनौती खडा भएको छ ।

अन्त्यमा, सरकारले निजी क्षेत्रका लागि सहुलियतपूर्ण ऋण सहयोग उपलब्ध गराउने प्रावधान राखेको भए पनि यी आवश्यकतालाई विपत् पश्चात्को पुनर्लाभको ढाँचामा समेटिएको छैन । यसै गरी प्रशासनिक भवनहरूको पुनर्लाभको आवश्यकतालाई विपत् पश्चात्को पुनर्लाभको ढाँचामा सार्वजनिक भवन अन्तर्गत प्रतिविम्बित गरिने छ ।

## आवश्यकता र प्राथमिकताहरू

## अल्पकालीन पुनर्लाभको आवश्यकता (१ वर्ष)

विद्यालय क्षेत्रका अल्पकालीन पुनर्लाभका आवश्यकता देहाय अनुसार छन्:

- **शैक्षिक सेवाको निरन्तरता:** स्थायी पूर्वाधारको पुनर्निर्माण नभएसम्म शिक्षण सिकाइलाई निरन्तरता प्रदान गर्न हाल भएका अस्थायी कक्षाकोठालाई अर्धस्थायी स्वरूपमा स्तर वृद्धिको आवश्यता पर्नेछ । त्यसो गर्दा प्रभावित जिल्लाका बालबालिकाका लागि शिक्षाका पहुँचको निरन्तरता सुनिश्चित गर्न शिक्षण सिकाइ सुविधाका साथै सहक्रियाकलाप, केटा र केटीका लागि छुट्टाछुट्टै पानी तथा सरसफाइ सुविधा सहितको शौचालयको समेत व्यवस्था गर्नुपर्ने हुन्छ । विद्यालयको पुनर्निर्माण कार्य ३ वर्षमा सम्पन्न हुने अपेक्षाअनुसार यस्ता अर्धस्थायी निर्माणले वर्षा, हावाहुरी, हिउँ, तुसाराले अवरोध पैदा नगर्ने र सुरक्षित हुनु जरूरी छ ।
- **भग्नावशेष हटाउने र निर्माण स्थलको सफाइ:** भत्किएका विद्यालयका अवशेष हटाएर संक्रमणकालीन कक्षाकोठा तथा विद्यालय भवनहरूको निर्माण गर्नुपर्ने छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम तथा उच्च शिक्षा उप क्षेत्रको अल्पकालीन आवश्यकता भित्र निम्न लिखित कुरा पर्छन्:

- विपत् भन्दा पहिले सञ्चालन हुँदै आएका कक्षा तथा तालिमलाई पुनः शुरू गर्न अस्थायी प्रावधानहरू सुनिश्चित गर्नुपर्ने हुन्छ । यसका लागि विश्वविद्यालय अनुदान आयोग मार्फत सम्बन्धित विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मार्फत सम्बन्धित संस्थाहरूलाई आवश्यक निर्देशन तथा स्रोत साधन उपलब्ध गराउनुपर्ने हुन्छ ।

## मध्यमकालीन आवश्यकता (१–२ वर्ष)

मध्यमकालीन आवश्यतामा मुख्यतः विद्यालय तथा कलेजहरूका साथै जिल्ला शिक्षा कार्यालय भवन, स्रोत केन्द्र, प्रशासनिक भवन, पुस्तकालयको पुनर्निर्माण तथा प्रवलीकरण आदि पर्छन् । यसका लागि मौजुदा कानूनी प्रावधानको पुनरावलोकनका साथै सबै प्रकारका शैक्षिक सुविधाको सुरक्षाको सुदृढीकरण र सुनिश्चितताका लागि सुपरिवेक्षणको संयन्त्रको आवश्यकता पर्ने छ । विद्यालय शिक्षा उपक्षेत्रका मध्यमकालीन आवश्यकतामा देहायका कुरा समावेश हुने छन् ।

## • सुरक्षित विद्यालय सुविधाको पुनर्निर्माण

स्वीकृत डिजाइन अनुसार उपयुक्त सुपरिवेक्षणको प्रावधान सहित, खास गरी विपत् जोखिमको सम्भावना रहेका क्षेत्रका विद्यालयहरूको पुनर्निर्माण तथा प्रवलीकरणलाई प्राथमिकतामा राखेर सुरक्षित विद्यालयका ह्योगो ढाँचाका मापदण्ड अनुरूप (Hyogo Framework for Action Standards) कतिपय विद्यालयहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण लगायतका कार्य गर्नुपर्ने हुन्छ । साथै लैंगिक आवश्यकताको सम्बोधन गर्न पानी तथा सरसफाइको सुविधामा समेत ध्यान पुऱ्याउनुपर्ने हुन्छ । यसका लागिः

- भत्कन लागेका विद्यालयलाई पूर्ण रूपले भत्काउनुका साथै सुरक्षित हिसाबले भग्नावशेष थान्को लगाएर पुनर्निर्माण कार्यलाई सहजता प्रदान गर्नुपर्ने हुन्छ । भग्नावशेष थान्को लगाउनका लागि उपयुक्त स्थानको पहिचान गरी पर्यावरण तथा स्वास्थ्यजन्य जोखिम न्यूनीकरणमा ध्यान दिई वातावरण मैत्री ढंगले व्यवस्थापन गर्नुपर्ने हुन्छ ।
- पछि राम्रो बनाउने (Build Back Better) सिद्धान्त अनुसार सौर्य ऊर्जा, वर्षाको पानी सञ्चित गर्ने प्रविधि तथा इन्टरनेट सुविधा सहित विपत् प्रति उत्थानशील प्रविधिको अवलम्बन गरेर सिकाइका लागि सुधारिएको वातावरण सुनिश्चित गर्न र पूर्ण रूपले विनाश भएका विद्यालयको पुनर्निर्माण गरिने छ । यसका लागि छरिएर रहेका ब्लकका सट्टा एकीकृत विद्यालय भवनका डिजाइनको विकास गरिने छ ।
- उपलब्ध सीमित साधनलाई अत्यन्त आवश्यक स्थानमा उपयोग गराउने उद्देश्यले विद्यालय निर्माण स्थलको पुनरावलोकन र औचित्य स्थापना गरिने छ । मितव्ययिताका हिसाबले आवश्यकता भन्दा बढी शिक्षक दरबन्दीलाई शिक्षकको आवश्यकता भएका विद्यालयमा स्थानान्तरण गर्ने र अनावश्यक देखिएका विद्यालय गाभ्ने, एकाइ लागत तथा प्रोत्साहनका प्रावधानको पुनरावलोकन समेत गरिने छ ।
- असुरक्षित स्थानबाट सुरक्षित स्थानमा विद्यालयको स्थानान्तरण गर्ने । भूकम्पबाट अति प्रभावित जिल्लाका ५ प्रतिशत विद्यालयलाई सुरक्षित स्थानमा सार्नुपर्ने हुन सक्छ । यस्ता विद्यालयका लागि नयाँ स्थानमा सार्न सुरक्षित जमिनको आवश्यकता पर्न सक्छ ।
- क्षतिग्रस्त तथा आंशिक रूपले नष्ट भएका विद्यालय भवनहरूको प्रवलीकरण लागि त्यस्ता भवनहरूको विस्तृत लेखाजोखा गराउनु आवश्यक पर्ने छ ।
- समग्र विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरणका न्यूनतम र स्वीकार्य आवश्यकताको पहिचान गरी सरकारी संयन्त्रका माध्यमबाट विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षाका अधिकारीसम्म पुऱ्याइने छ ।

- जिल्ला र विद्यालय तहमा विपत् जोखिम न्यूनीकरण, जोखिमको लेखाजोखा र विपत् जोखिम न्यूनीकरण योजना:
  - नयाँ विद्यालय भवनको निर्माण गर्दा आवासीय भवनलाई भन्दा पनि उच्च स्तरीय मापदण्ड र सुरक्षाको सुनिश्तिताका लागि नीति, निर्देशन, संयन्त्रमा सुधार गरिने छ। तत्काल आवश्यक पर्ने हुनाले विद्यमान विद्यालय भवन निर्देशिकाको पुनरावलोकन गर्नु आवश्यक छ । विपत् कालमा मानिसहरूलाई शिविरका रूपमा प्रयोग गर्न सकिने हिसाबले विद्यालयको निर्माण गरिने छ । त्यसकारण विद्यालय भवन निर्माण गर्दा गुणस्तर नियन्त्रणका प्रभावकारी स्वतन्त्र संयन्त्र र निरीक्षणको प्रावधान आवश्यक हुन्छ । निजी विद्यालयहरूको निर्माणका सन्दर्भमा सुरक्षाका मापदण्डको नियमनका लागि नीति, निर्देशिका तथा भवन निर्माण संहिताको व्यवस्थाका साथै प्रमाणीकरण तथा प्रशासनिक सहयोग उपलब्ध गराइने छ ।
  - राष्ट्रिय, जिल्ला तथा विद्यालय तहमा नयाँ विद्यालय भवन निर्माण तथा मर्मत सम्भार गर्दा निर्माण तथा मर्मतका प्रत्येक चरणमा अतिरिक्त सीपयुक्त मानव संसाधन तथा प्राविधिक सहायता उपलब्ध गराई गुणस्तरका मापदण्डको पूर्ण परिपालना भएको सुनिश्चित गरिने छ । यस क्रममा स्वतन्त्र र निष्पक्ष परीक्षण (तेस्रो पक्ष अनुगमन) को व्यवस्था पनि आवश्यक पर्न सक्छ ।
  - शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी त्यसमा विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण सम्बन्धी सूचना समायोजन गरिने छ ।
- समुदाय, व्यवस्थापन, शिक्षक, अभिभावक, विद्यार्थी सबैमा विपत् जोखिम न्यूनीकरण सम्बन्धी चेतना सुदृढीकरण गराउनका साथै पाठ्यक्रम तथा शिक्षक तालिम कार्यक्रममा विपत् जोखिम न्यूनीकरण शिक्षाको समायोजन गराउनु आवश्यक छ । आवश्यकतामा आधारित योजना र विद्यालयका सेवा क्षेत्रको अनुगमन एवम् विद्यालयमा आधारित सहयोगका माध्यमबाट जोखिममा परेका बालबालिका, विपत्का कारण विद्यालय छाड्न बाध्य बालबालिकासम्म पुगी विपत् प्रभावित मानिसको क्षमता सुदृढ गराई शिक्षालाई विपत् प्रति उत्थानशील बनाइने छ । यसका लागि:
  - विद्यालय तथा समुदायमा आधारित विपत् न्यूनीकरणको पूर्वतयारी तालिम तथा योजनाका माध्यमबाट विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघ, बाल क्लव, समुदायका तथा विद्यालय तहमा विपत् पूर्वतयारीका क्षमताको सुदृढीकरण गराइने छ । भूकम्प, बाढी, पहिरो जस्ता प्रमुख खतराबारे शिक्षक विद्यार्थीका चेतना अभिवृद्धि गर्न र विपत् अवस्थाको सम्बोधनका लागि निर्देश प्रदान गर्न विपत् जोखिम न्यूनीकरण शिक्षाको पाठ्यक्रमको पूरकका रूपमा एउटा आपत्कालीन प्रतिकार्य योजनाको आवश्यकता पर्दछ । विपत्का कारण विद्यालयको कार्यतालिकामा असर पुग्न गएको अवस्थामा शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा जिल्ला शिक्षा कार्यालयले विद्यालय निरन्तरताको योजना निर्माण र कार्यान्वियन गर्नु आवश्यक हुन्छ ।
  - विपत् जोखिम न्यूनीकरणका दृष्टिले पाठ्यक्रम तथा पाठ्यपुस्तकमा सुधार गरी विद्यमान शिक्षक तालिमका निकाय मार्फत सुधारिएको पाठ्यक्रम, पाठ्यपुस्तक प्रयोगका लागि शिक्षकलाई तालिम प्रदान गर्नु आवश्यक छ ।

प्राविधिक शिक्षाका क्षेत्रमा मध्यमकालीन आवश्यकता देहाय अनुसार छन्:

- पछि राम्रो बनाउने Building Back Better सिद्धान्त अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका सुविधा र संस्थाहरूको पुनर्निर्माण गर्नु,
- प्राविधिक र सीपयुक्त जनशक्तिहरूको तालिमः पुनर्निर्माणका क्रममा भूकम्पीय सुरक्षा प्रविधिबारे जानकार प्राविधिक जनशक्ति तथा सीपयुक्त श्रमिकहरूको ठूलो संख्यामा आवश्यकता पर्ने छ । यस मागको सम्बोधनका लागि सरकारले मौजुदा तालिम संस्थाहरूको क्षमता वृद्धि गरी आवश्यक तालिम प्रदान गर्नुपर्ने हुन्छ । प्राविधिक जनशक्तिको आपूर्तिका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले पनि आफ्ना विद्यालयहरूको पुनर्गठन गरी माग अनुसारका प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरेर आवश्यक प्राविधिक जनशक्तिको आपूर्तिमा सहयोग पुऱ्याउन सक्छ । यसका लागि थप प्रशिक्षकको खाँचो पर्न सक्छ ।

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रम र प्रशिक्षक तालिम कार्यक्रममा विपत् जोखिम न्यूनीकरण शिक्षाको समायोजन गर्न आवश्यक हुन्छ ।

उच्च शिक्षामा मध्यमकालीन आवश्यकता देहाय अनुसार छन्:

- पछि राम्रो बनाउने सिद्धान्त अनुसार भत्किएका शैक्षिक सुविधाहरूको पुनर्निर्माण गर्नुपर्ने हुन्छ । यसमा आवासीय भवनहरू समेत पर्ने छन् ।
- विभिन्न विश्वविद्यालयसँग आबद्ध सबै इन्जिनियरिङ कलेजले विपत् न्यूनीकरण व्यवस्थापन र भूकम्प प्रति उत्थानशील इन्जिनियरिङका कार्यक्रमको विस्तार गर्नु आवश्यक छ ।
- उच्च शिक्षाको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी सूचनाको संकलन, विश्लेषणको क्षमता अभिवृद्धि गराई प्राप्त जानकारीहरू सबै उच्च शिक्षाका निकायमा प्रबोधीकरण गर्नु आवश्यक छ ।
- विपत् प्रभावित विद्यार्थीलाई सरल ब्याजमा ऋण उपलब्ध गराई तिनको शिक्षालाई निरन्तरता प्रदान गर्नु आवश्यक छ ।

## दीर्घकालीन आवश्यकता (३–५ वर्षमाथि)

यस चरणमा भूकम्प प्रभावित विद्यालयको पुनर्निर्माण भन्दा अगाडि बढेर दीर्घकालीन विकासका मुद्दामा ध्यान केन्द्रित गर्नुपर्ने भएकाले मुलुकभरका लागि शैक्षिक सुरक्षामा केन्द्रित नीति तथा योजनाको निर्माण गर्नुपर्ने हुन्छ । यस क्रममा शैक्षिक संस्थाहरूको बहुपक्षीय खतराको पूर्वतयारी तथा र विभिन्न प्रकारका विपत् प्रतिरोधी संस्थाहरूको निर्माणका लागि उपयुक्त नीति तथा उपायहरूको विकास गर्नुपर्ने हुन्छ । यस चरणमा विद्यालय सुरक्षाका अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गरी सबै शिक्षण संस्थाहरू पछि राम्रो बनाउने भन्ने सिद्धान्त अनुसार निर्माण गरिने छन् । यस अतिरिक्त सबै भौतिक निर्माण शिक्षाको गुणस्तर र सिकाइ वातावरणको सुधारमा केन्द्रित हुनुपर्ने छ । दीर्घकालीन आवश्यकता अन्तर्गत देहायका आवश्यकता पर्दछन्:

- विद्यालयको समग्र सेवा क्षेत्रमा खतराका जोखिम पत्ता लगाएर यदि कुनै विद्यालयको अवस्थिति जोखिम क्षेत्रमा परेको भए सुरक्षित स्थानमा सार्न, जोखिमको क्षेत्रव्यापी लेखाजोखाका आधारमा प्रत्येक विद्यालयका सम्भावित जोखिमका चुनौती, जोखिमका प्रकार, जस्तै बाढी, पहिरो, आगो, हावाहुरी आदिका साथै खानेपानीका स्रोत तथा समुदायको पहुँच आदि सबै पक्षहरूको सूचनाका आधारमा नक्सांकन तयार पारेर सम्भावित खतराको सम्बोधनका योजना तयार पार्नुपर्ने हुन्छ ।
- विपत् जोखिम न्यूनीकरण तथा विपत् जोखिम व्यवस्थापन आदि क्षेत्रमा उच्च शिक्षाको अनुसन्धान क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि विश्वविद्यालयहरूमा समर्पित अनुसन्धान केन्द्रको स्थापना वा उच्च शिक्षा नीतिको सिफारिस अनुसार विश्वविद्यालयभित्र र बाहिरका अनुसन्धान केन्द्रको स्तरवृद्धि आवश्यक पर्ने छ । यसका लागि अनुसन्धान अनुदानको प्रावधान चाहिन्छ ।
- सबै शैक्षिक संस्था विपत् प्रतिरोधी रहे नरहेको निरूपण गर्ने संयन्त्रलाई संस्थागत गर्नुपर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् तथा विश्वविद्यालयसँग आबद्ध निजी शिक्षण संस्था लगायत समग्र शिक्षा क्षेत्रको सुरक्षा स्थिति सुनिश्चित गर्न शिक्षा मन्त्रालय भित्रका एकाइहरूको पुनर्संरचना आवश्यक हुने छ ।
- विद्यालयमा आधारित विपत् जोखिम व्यवस्थापन र समुदायमा आधारित विपत् जोखिम व्यवस्थापन विषयमा तालिम तथा योजनाका माध्यमबाट विद्यालय तथा समुदाय तहमा विपत् पूर्वतयारी तथा उत्थानशील क्षमताको सुदृढीकरण गर्नुपर्छ । पाठ्यक्रममा विपत् जोखिम न्यूनीकरण शिक्षा समायोजन गरी शिक्षक, विद्यार्थीमा जोखिम प्रति सजगता बढाउन, विपत्का अवस्थामा मानिसहरूलाई सुरक्षित स्थनमा सार्ने तरिकाबारे मार्गनिर्देश गर्न प्रत्येक विद्यालयमा आपत्कालीन पुनःस्थापना योजना निर्माण गर्नुपर्छ । मन्त्रालय, विभाग तथा जिल्ला शिक्षा कार्यालयहरूले शैक्षिक कार्य तालिकामा कुनै अवरोध नआउने गरी शैक्षिक निरन्तरताको योजना बनाउने छन् ।

## विपत्‌को सामाजिक प्रभाव सम्बोधनको आवश्यकता

भौतिक संरचनाको पुनर्लाभ वा पुनर्निर्माणका अतिरिक्त मानवीय पुनर्लाभका आवश्यकताको सम्बोधन सुनिश्चित हुनु वाञ्छनीय छ । यसका लागि सुदृढ समता रणनीति (समता सूचकांकको विकास र प्रयोगको कार्यान्वयन तथा स्रोतलाई आवश्यकतामा आधारित गरी लक्षित गर्नका लागि विपत् पश्चात्‌को आवश्यकता तथा शैक्षिक उपलब्धिमा विभेदका ऐतिहासिक तत्त्व समेत) को आवश्यकता पर्छ । यसका अतिरिक्त हाल देखापरेको आवश्यकताको सम्बोधनका लागि निम्न लिखित विद्यमान रणनीतिलाई अनुकूलन गर्न आवश्यक छः

- **प्रोत्साहन कार्यक्रमः** छात्रवृत्तिले बालबालिकालाई शैक्षिक पहुँच बढाउन र शिक्षामा टिकिरहन अभिप्रेरित गर्दछ । आवश्यकतामा आधारित छात्रवृत्ति कोष (सबैका लागि एउटै प्रकारको नगरी) ले सबैभन्दा संकटासन्न वा पछाडि परेका बालबालिकाको आवश्यकताको प्रभावकारी सम्बोधन हुन सक्छ ।
- **स्वास्थ्य तथा पोषण कार्यक्रमः** सरकारले चलाएको विद्यालय दिवा खाजा कार्यक्रम खास गरी खाद्य अभाव भएका क्षेत्रमा बसोवास गर्ने पिछडिएका समुदायका बालबालिकाका शैक्षिक पहुँच र दिगोपना बढाउन निकै सफल देखिएको छ । यस्ता कार्यक्रमलाई छोटो अवधिका लागि विपत् प्रभावित क्षेत्रका विद्यालयमा विस्तार गरेर विद्यालय जाने विपत् प्रभावित बालबालिकाको खाद्य तथा पोषणका आवश्यकताको सम्बोधन गर्न सकिन्छ । यसका अतिरिक्त विपत् प्रभावित क्षेत्रमा बहुपक्षीय पोषण सहयोग, जस्तै – फोलिक एसिड, आइरन चक्की, जुकाको औषधि आदि कार्यक्रमको पनि विस्तार गर्नु आवश्यक रहन्छ ।
- **प्रचार प्रसार तथा अभियानः** शैक्षिक सत्रको शुरूमै आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गराउनुपर्छ भन्ने सन्दर्भमा अभिभावकवर्गलाई सचेत गराउने विद्यालय स्वागत कार्यक्रम निकै प्रभावकारी भएको छ र सालवसाली सञ्चालन हुने कार्यक्रमका रूपमा यसले संस्थागत स्वरूप पनि पाइसकेको छ । यस्ता अभियानले प्रकोपपछि विद्यालय जान छोडेका बालबालिकालाई पुनः विद्यालय फर्काउन सहयोग पुऱ्याउने भएकाले सरकारले राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यमसँग साझेदारी कायम राखी विद्यालय छाडेका बालबालिकालाई विद्यालय फर्काउने अभियान सञ्चालनलाई निरन्तरता प्रदान गर्नु आवश्यक छ ।
- **वैकल्पिक शिक्षाः** विपत् पश्चात् औपचारिक विद्यालय फर्कने कम सम्भावना भएका बालबालिकालाई लक्षित गरी अनौपचारिक वा वैकल्पिक शिक्षाका सीपमूलक कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ । यसका लागि प्रभावित तथा बसाइ सराइ भएका स्थानमा विद्यालय विस्तार कार्यक्रम, लचिला विद्यालय, खुला विद्यालय आदि कार्यक्रमको लक्षित विस्तार गरी शिक्षालाई निरन्तरता प्रदान गर्नु जरूरी हुन्छ ।
- **लैंगिक समानता र सामाजिक समावेशीकरणः** शिक्षा क्षेत्रका सबै पुनर्लाभ तथा पुनर्निर्माणका कार्यक्रममा लैंगिक संवेदनशील बजेट तर्जुमाको सिद्धान्त लागु गरिने छ ।
- **भिन्न क्षमताका बालबालिकाको समावेशीकरणः** शैक्षिक व्यवस्थापन सूचना प्रणालीले अपांगता भएका बालबालिका, जो शिक्षामा पहुँच, टिकाउ तथा सिकाइ उपलब्धिका दृष्टिले धेरै पछाडि परेका छन्, तिनका बारेमा अत्यन्त सीमित सूचना मात्र प्रदान गर्दछ । विपत् पछिको अवस्थामा घाइते तथा अपांगताको अवस्थामा वृद्धि हुन गई तिनको संख्या बढ्ने सम्भावना रहन्छ । त्यसकारण समुदायमा यस्ता बालबालिकाको तथ्यांक संकलन क्षमता अभिवृद्धि गरी उपचारात्मक सेवाका लागि सिफारिस गर्ने व्यवस्था गर्नु आवश्यक छ । पछि राम्रो बनाउने building back better सिद्धान्तले अपांगता भएका बालबालिकालाई सुरक्षित सिकाइ वातावरण सुनिश्चित गर्नमा जोड दिन्छ ।

## प्राथमिकीकरणको औचित्य

खास गरी भूकम्पको अति प्रभावमा परेका १४ जिल्लाका लागि छोटो समय भित्र धेरै कार्य गर्नुपर्ने भएकाले शिक्षा क्षेत्रको प्रशासनिक तथा व्यवस्थापकीय संरचनाको तत्काल पुनर्स्थापना पहिलो प्राथमिकतामा पर्छ । आवश्यकतामा आधारित तथा

पिछडिएका समुदाय तथा दुर्गम बस्तीका बासिन्दालाई समतामूलक पहुँच तथा शैक्षिक नतिजा सुनिश्चित गर्नतर्फ शैक्षिक पुनर्स्थापनाको प्राथमिकता लक्षित हुने छन् । आधारभूत तथा माध्यमिक शिक्षा संवैधानिक प्रावधान अनुसार नागरिक अधिकारका रूपमा परिभाषित भएकाले तिनको सुनिश्चितताले प्राथमिकता पाउनु जरूरी छ। त्यसकारण विपत् पश्चातको पुनर्लाभको ढाँचाको तीन वर्षे कार्यतालिका भित्र सबै विपत् प्रभावित जिल्लाका शैक्षिक संरचनाको पुनर्स्थापना भइसक्नु अनिवार्य भएको छ। उच्च शिक्षाका क्षेत्रमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका सामुदायिक कलेजहरूको पुनर्स्थापनाले पहिलो प्राथमिकता पाउने छन्। अनौपचारिक शिक्षाका क्षेत्रमा पहुँच र शैक्षिक उपलब्धिमा असमानता भएका र विपत् पूर्व विद्यालय जाने उमेर समूहका जोखिमयुक्त बालबालिकाको पहिचान भएका क्षेत्रले पहिलो प्राथमिकता पाउने छ। विद्यालय शिक्षाका क्षेत्रमा विपत् प्रभावित १४ जिल्लाले पुनर्लाभको प्राथमिकता पाउने छन् । तीमध्ये देहायका क्रममा प्राथमिकता निर्धारण गरिने छः (१) भूकम्पले क्षति पुऱ्याएका तुरून्त पुनर्निर्माण वा मर्मत गर्नुपर्ने विद्यालय (२) उच्च माध्यमिक, माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक विद्यालय (३) One bag concrete mixture पुऱ्याउन सहज हुने विद्यालय (४) विद्यार्थी संख्या तुलनात्मक रूपले उच्च रहेका विद्यालय (५) जग्गा प्राप्तिको समस्या नभएका विद्यालय (६) विकास साझेदारको योगदानमा कुनै विद्यालय नबनेको स्थान (७) अन्य विद्यालयसँग गाभिने सम्भावना नभएका विद्यालय।

## वित्तीय स्रोतको पुस्ट्याइँ

शिक्षा क्षेत्र भित्र पुनर्लाभको पहिचान गरिएको आवश्यकताका हिसाबले ९५ प्रतिशत अर्थात् १०६ बिलियन रूपैयाँ ८,००० विद्यालयको पुनर्निर्माण तथा प्रबलीकरणमा खर्च हुनेछ। उक्त रकम मध्ये ६५ प्रतिशत अर्थात् ६९ बिलियन भूकम्पले अति प्रभावित १४ जिल्लामा खर्च हुनेछ। प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा तथा आधारभूत शिक्षा हकका रूपमा स्थापित भइसकेकाले पुनर्लाभ अवधिको पहिला ३ वर्ष भित्र विद्यालय क्षेत्रको पुनर्निर्माण तथा प्रबलीकरणको कार्य सम्पन्न गरिसक्ने योजना रहेको छ। यो योजना स्वास्थ्य तथा सामुदायिक पूर्वाधारको समय तालिका अनुरूप छ र सम्भव भएका स्थानमा मानवीय तथा संस्थागत क्षमताको परिचालनलाई पनि आबद्ध गराएर अगाडि बढाइने छ। यसका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा मानवीय साझेदारीलाई उच्च प्राथमिकता प्रदान गरिने छ। उच्च शिक्षाका क्षेत्रमा पुनर्लाभको आवश्यकताको ९० प्रतिशत अधिकांश विद्यार्थीको उच्च शिक्षाको आवश्यकताको सम्बोधन गर्ने त्रिभुवन विश्वविद्यालयका विभिन्न जिल्लाका कार्यक्रममा समेटिएका छन्। प्राविधिक शिक्षाका क्षेत्रमा सबैभन्दा बढी ७३० मिलियन रूपैयाँ दोलखा स्थित जिरी प्राविधिक शिक्षालयका लागि आवश्यक देखिएको छ। यही बराबर रकम स्वीस विकास आयोजनाले व्यहोर्ने प्रतिबद्धता पनि प्राप्त भएको छ।

## प्रमुख कार्यान्वयन साझेदारहरू

नेपाल सरकार, नेपाल एजुकेसन क्लस्टर, कार्यक्रम कार्यान्वयन एकाइ, एसियाली विकास बैंक, अस्ट्रेलिया, डिएफआइडी, युरोपेली संघ, फिनल्यान्ड, जाइका, नर्वे, स्वीस विकास आयोजना, युनेस्को, युनिसेफ, युएनडिपी, विश्व खाद्य कार्यक्रम, विश्व बैंक र एआइएन।

## कार्यान्वयन तथा समन्वय व्यवस्थापन र संयन्त्रहरू

शिक्षा क्षेत्रको पुनर्निर्माणका कार्यहरू प्रभावित जिल्ला स्थित कार्यक्रम कार्यान्वयन एकाइ मार्फत गरिने छ। यसका अतिरिक्त नेपाल एजुकेसन क्लस्टरले पुनर्लाभका कार्यको नियमित समन्वयमा सहयोग गर्छ । यसले खासगरी सूचना व्यवस्थापन, साझेदार समन्वय तथा सुरक्षित विद्यालय सुविधाको प्रावधान, तालिम, सामुदायिक सहभागिता, विपत् जोखिम न्यूनीकरण आदि कार्यको कार्यान्वयनमा समन्वयकारी भूमिका निर्वाह गर्दछ। पुनर्लाभ कार्य सम्बद्ध योजना निर्माण कार्यको समन्वय

शिक्षा मन्त्रालय अन्तर्गत विद्यालय क्षेत्र विकास योजना क्षेत्रगत पद्धतिले गर्ने छ र कार्यक्रमको उपलब्धि र प्रगतिको अनुगमन संयुक्त परामर्श तथा समीक्षाको नियमित संयन्त्रबाट सम्पन्न गरिने छ । पुनर्स्थापना कालमा शिक्षा क्षेत्रका अर्धस्थायी तथा स्थायी निर्माणका सम्बन्धमा जिल्ला तहमा गरिएका समझदारी पत्रको केन्द्रीय तहमा पुनरावलोकन र प्रमाणीकरण शिक्षा विभागले गर्नेछ। शिक्षा विभागमा बजेट बाहिरका पुनर्निर्माणको सहयोगको समन्वयका लागि सम्पर्क डेस्कको स्थापना गरिएको छ र नेपाल एजुकेसन क्लस्टरले अति प्रभावित जिल्लामा सम्पर्क व्यक्ति मार्फत समन्वय संरचना बनाएको छ। विद्यालय क्षेत्रको पुनर्लाभ कार्यक्रम कार्यान्वयन एकाइको सहयोगको वर्तमान कार्यक्षेत्र अति प्रभावित १४ जिल्लाका १,५०० विद्यालयका लागि सहयोग उपलब्ध गराउने विकास साझेदारहरूको प्रारम्भिक प्रतिबद्धतासँग सम्बद्ध छ। कार्यक्रम कार्यान्वयन एकाइ अन्तर्गत विपत् जोखिम न्यूनीकरण तथा विपत् प्रति उत्थानशील विद्यालय भवनको डिजाइन अनुमोदन गरी गैर राज्य साझेदारलाई उपलब्ध गराइसकिएको छ। गैरराज्य साझेदारहरू जस्तै – अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग हालै शैक्षिक सुविधाका अर्धस्थायी तथा स्थायी पुनर्निर्माणका ८८ समझदारी पत्रमार्फत प्रतिबद्धता प्राप्त भएको छ। कार्यक्रम व्यवस्थापन एकाइका रूपमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अतिरिक्त प्रभावित जिल्लामा कार्यक्रम कार्यान्वयनको मुख्य निकाय केन्द्रीय कार्यक्रम कार्यान्वयन एकाइ र जिल्ला कार्यान्वयन एकाइ हुन् । प्रभावित जिल्लामा विद्यमान सीपयुक्त जनशक्ति (इन्जिनियर र सब इन्जिनियर) का अतिरिक्त थप प्रविधिक जनशक्तिको आवश्यकता पर्ने छ । सुरक्षित विद्यालय निर्माण अभ्यासका ठेक्कापट्टा सम्बन्धी कार्य, डिजाइन तथा सुपरिवेक्षणका लागि जिल्ला शिक्षा कार्यालयका इन्जिनियर तथा अन्य सरोकारवालाहरूको क्षमता विकास गर्न प्राविधिक विज्ञहरूको नियुक्ति गरिसकिएको छ ।

## अन्तरसम्बन्धित विषय क्षेत्रहरूको एकीकरण

**सामाजिक संरक्षण:** विपत्का कारणले अंगभंग भएका बालबालिका तथा शिक्षकहरूलाई प्राथमिकतामा राखी प्रभावित जिल्लामा रोगको निदान तथा उपचारका लागि सिफारिस गर्ने सेवाको विस्तार, विशेष तथा समावेशी शिक्षाको सुविधाको विस्तार, आवश्यकतामा आधारित सहयोग योजना, र खाद्य अभाव भएका क्षेत्रमा प्राथमिक विद्यालयमा आधारित खाजाको व्यवस्था आदिको प्रावधानबाट सामाजिक सुरक्षाका सेवाको विस्तार गरिने छ ।

**रोजगारी तथा जीविकोपार्जन:** आर्थिक विकासको सुदृढीकरणका लागि प्राविधिक शिक्षाका भौतिक सुविधाहरूको जीर्णोद्धार तथा पुनर्निर्माणमा जोड दिइने छ। यी सेवा भित्र कृषिको विस्तार, व्यापारका लागि सल्लाह सेवा, स्थान जस्ता पक्ष पर्छन् । प्रभावित क्षेत्रमा घुम्ती सीप तालिम, बाल बच्चा तथा वृद्ध वृद्धाको जिम्मेवारी बोकेका महिलाहरूलाई लक्षित गरेर जीर्णोद्धार तथा पुनर्निर्माणका लागि आवश्यक पर्ने आधारभूत सीपका लागि कार्यथलोमा आधारित तालिमको प्रावधान राखिने छ ।

**विपत् जोखिम व्यवस्थापन:** विपत् जोखिम व्यवस्थापनका लागि देशव्यापी बहुपक्षीय खतराको समग्र मूल्यांकन गर्ने, विद्यालयहरूको प्रबलीकरण गर्ने तथा समुदायको सचेतना र उत्थानशीलता स्थापनाका कार्यक्रम सञ्चालन गर्ने ।

**लिंग तथा सामाजिक समावेशिता:** सुधारात्मक उपायको अवलम्बन गरेर विद्यार्थीले विद्यालय छाड्ने दर कम गराउने उद्देश्यले छात्र तथा छात्राको उपस्थितिको नियमित अनुगमनको सुनिश्चितता गरिने छ। छात्र तथा छात्राका लागि छुट्टाछुट्टै शौचालयको पुनर्निर्माणलाई प्राथमिकतामा राखी किशोरीहरूको व्यक्तिगत सरसफाइ सुनिश्चित गराइने छ । सामुदायिक शिक्षा समितिहरूमा योजना तर्जुमा तथा निर्णय प्रक्रियामा महिला तथा पुरुषलाई समतामूलक रूपमा सहभागी गराइने छ। सबै पुनर्लाभ तथा पुनर्निर्माणका कार्यक्रममा सरकारको लैंगिक संवेदनशील बजेटको सिद्धान्त लागु गरिने छ। तालिम तथा सूचना सामग्रीको विकास गर्दा विभिन्न सामाजिक आर्थिक समूहको शैक्षिक स्तर र ज्ञान अनुरूप हुने गरी गराइने छ ।

## शिक्षा क्षेत्रको पुनर्लाभ कार्यक्रम कार्यान्वयनका जल्दाबल्दा मुद्दा

- विद्यालय भवनका लागि सुरक्षित स्थानमा सार्न जमिन प्राप्तिमा ढिलाइ,
- पुनर्निर्माणको ढिलो थालनीले समस्या,
- जथाभावी थुप्रिएका भग्नावशेष र भत्कन लागेका संरचनाले विद्यालय भवन निर्माण गर्न बाधा परेको, जसले गर्दा बालबालिका तथा शिक्षकका लागि खतराको अवस्था,
- भूकम्पबाट सुरक्षित विद्यालय भवनको डिजाइन र लागत अनुमान अझै स्वीकृत हुन बाँकी,
- पुनर्निर्माणको मिडिया रिपोर्ट एक एक गरी विश्लेषण गर्न,
- शिक्षा मन्त्रालय/शिक्षा विभाग र अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्था बीच भएको समझदारी पत्र अनुसार पुनर्निर्माण कार्यको प्रगतिको स्थितिको अद्यावधिकीकरण,
- इन्जिनियरको प्राविधिक सहायतामा वा ठेकेदार कम्पनी/फर्म मार्फत विद्यालय व्यवस्थापन समितिसँग सोझै साझेदारी गरी पुनर्निर्माण गर्ने,
- समझदारी पत्र – समझदारी गर्ने प्रक्रिया लामो भएको र स्पष्ट नभएको। यो प्रक्रिया सरल गर्ने र अभिलेखन गर्ने,
- एउटै विद्यालयमा धेरै दाता – विद्यालयको चाहनामा दातृ निकाय छान्न र परिवर्तन गर्न आइपर्ने दोहोरोपनालाई निरूत्साहन गर्ने। यसका लागि जिल्ला तथा शिक्षा विभाग तहलाई स्वीकृति प्रक्रियाका लागि स्पष्ट निर्देशन प्रदान गरी साझेदारहरूसँग छलफल गर्ने,
- जिल्ला तहमा योजनाको कमी र यसका लागिको जिम्मेवार हुने भन्ने कुरा स्पष्ट नभएको। जिल्ला तहमा भूमिका तथा उत्तरदायित्व स्पष्ट गर्ने,
- राष्ट्रिय तथा जिल्ला तहमा सञ्चारको कमी – सूचना व्यवस्थापनमा सुधार गर्नु आवश्यक,
- राष्ट्रिय तहमा स्पष्टताको खाँचो – परियोजना कार्यान्वयन एकाइ कि योजना महाशाखा ? को जिम्मेवार हो ? क्लस्टरको रणनीतिक अभिलेखमा शिक्षा विभाग र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका दायित्वको स्पष्टता,
- सूचना लिनका लागि पहुँच – को कहाँ के काम गरिरहेको छ ? कुन विद्यालय छुटे ? यसका लागि जिल्ला स्तरीय नक्सांकन तयार पारी त्यसको नियमित रूपमा अद्यावधिक गर्ने,
- विकास साझेदारले सरकारलाई कसरी योगदान/सहायता गर्न सक्छन् भन्ने सन्दर्भमा नीति, रणनीति र मार्गचित्र लगायत स्पष्ट निर्देशिकाको आवश्यकता,
- विद्यालय व्यवस्थापन समिति, कार्यक्रम कार्यान्वयन एकाइ र नीति तथा निर्देशनको विकास गर्ने, सुरक्षित रूपमा भत्काउने, सुरक्षित तवरले थुपार्ने, सरोकारहरूसँग नियमित समन्वय कायम गर्ने, विपत् उत्थानशील निर्माण गर्ने, कार्यक्रम कार्यान्वयन एकाइ र इन्जिनियरहरू अनि स्तरीकृत तालिम प्याकेजको विकास तथा तालिम र कार्यान्वयनको प्रभावकारी अनुगमनको पहिचान र प्रतिकार्यसँग समन्वय गर्ने,
- शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा, विभिन्न तहमा विद्यालय सुरक्षाबारे चेतनाको स्थिति, स्रोतको उपलब्धता र तिनको विनियोजन, समन्वय, सहकार्य तथा विभिन्न तहका संस्थागत क्षमता आदिबारे सूचनाको अभाव छ।

## सिफारिसहरू

- माथिका मुद्दालाई दृष्टिगत गरी शिक्षा मन्त्रालय तथा शिक्षा विभागले जिल्ला शिक्षा अधिकारीहरूसँग निकटतम सहकार्य गरी पुनर्लाभ तथा पुनर्निर्माणमा साझेदारको संलग्नता वृद्धिका लागि सहजीकरण गर्नुपर्छ। कार्यान्वयन साझेदारहरूले पुनर्निर्माण तथा पुनर्लाभ (भौतिक वा अभौतिक) मा सम्बन्धित जिल्ला शिक्षा अधिकारीलाई सुरक्षित विद्यालय निर्माणमा समुदाय, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघसँग सक्रिय सहभागिता मार्फत सहयोग गर्न सक्छन्।

- विपत् जोखिम न्यूनीकरणका सम्बन्धमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीसँग सम्बद्ध सुदृढ सूचना प्रणालीको स्थापना, अभियान तथा प्रबोधीकरण, प्रमुख साझेदार बीच सचेतना कार्यक्रम, स्रोतको प्राथमिकीकरण, सुदृढ समन्वय संयन्त्र तथा प्रणालीगत क्षमता विकास आदिमा ध्यान जानुपर्छ ।
- विद्यालय क्षेत्र शिक्षामा ३ वर्ष भित्र कार्य सम्पन्न गर्न शिक्षाका आपत्कालीन समता सूचकांकको प्रयोग गरी निर्माण कार्यको प्राथमिकता निर्धारण गर्ने ।
- केन्द्रीय निकायको स्थानीय तहमा सम्पन्न हुने विद्यालय पुनर्निर्माण तथा पुनर्लाभका कार्यमा न्यूनतम सहमति रहन्छ । विद्यालय स्वयम् सामुदायिक उप प्रणालीको अंग भएकाले विद्यालय निर्माण तथा पुनर्निर्माणमा विद्यालय स्वयम्को अधिकतम सहभागिता तथा स्वामित्वको आवश्यकता पर्दछ । विद्यालय निर्माणको गुणस्तर नियन्त्रण, निर्माण कोषको सदुपयोगको अनुगमन र भ्रष्टाचार न्यूनीकरणमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको महत्त्वपूर्ण भूमिका रहन्छ । अतः विद्यालय निर्माण कोषको व्यवस्थापनमा जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय गैरसरकारी संस्थाको त्रिपक्षीय समझदारीको आवश्यकता पर्दछ ।
- समुदायको क्षमता विकास गरेर सामुदायिक सहभागिता सुदृढ गराई विद्यालय सुधार योजनामा संलग्नता र स्वामित्व निर्माण, स्थानीय निकायलाई कोष प्राप्तिमा बढी स्वायत्तता, स्थानीय तहबाट हुने कोष निकासा प्रक्रियाका ढिलासुस्ती हटाई समयमै उपलब्ध गराउने तर्फ प्रभावकारिता ल्याउनुपर्छ । अस्थायी सिकाइ केन्द्रमा जाडो तथा वर्षाको समयमा आउने समस्याका लागि तयार रहने लगायतको संक्रमणकालीन रणनीतिक/कार्ययोजनाको विकास गर्ने ।

# परिशिष्ट ६.१: प्रतिबद्ध स्रोतका साथ पुनर्लाभ परियोजना

| | परियोजनाको नाम | जिल्ला | कार्यान्वयन निकाय | कुल कार्यक्रम खर्च | लगानीको स्रोत | |
|---|---|---|---|---|---|---|
| क्र.सं | नाम र/वा छोटो विवरण | सूची | निकाय | ने.रु. दश लाख | ने.रु. दश लाख | निकाय |
| १ | विद्यालय शिक्षाको पुनर्लाभ | १४ अति प्रभावित जिल्लाहरू | नेपाल सरकार/राशिप | ६८,५८,२.९८ | ६,६५,१.९५ | नेपाल सरकार/एसियाली विकास बैंक/जाइका |
| २ | सुरक्षित स्थानमा विद्यालय सार्ने | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | १९,२.०० | | नेपाल सरकार/एसियाली विकास बैंक/जाइका/युरोपेली संघ/अस्ट्रेलिया/फिनल्यान्ड/नर्वे/जिपिई/युनिसेफ |
| ३ | भत्केका प्रशासनिक भवनहरूको पुनर्निर्माण | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | ४.३७ | | नेपाल सरकार/एसियाली विकास बैंक/जाइका/युरोपेली संघ/अस्ट्रेलिया/फिनल्यान्ड/नर्वे/जिपिई/युनिसेफ |
| ४ | विद्यालय शिक्षाको पुनर्लाभ | १७ प्रभावित जिल्लाहरू | नेपाल सरकार/राशिप | ३७,३२,९.२३ | ४,३५,१.७० | नेपाल सरकार/एसियाली विकास बैंक/जाइका/युरोपेली संघ/अस्ट्रेलिया/फिनल्यान्ड/नर्वे/जिपिई/युनिसेफ |
| ५ | उच्च शिक्षा प्रशासनको पुनर्लाभ | भक्तपुर | विश्वविद्यालय अनुदान आयोग | २७.०० | ०.०० | त्रिभुवन विश्वविद्यालय/काठमाडौं विश्वविद्यालय |
| ६ | उच्च शिक्षा प्रशासनको पुनर्लाभ | ३१ प्रभावित जिल्लाहरू | विश्वविद्यालय अनुदान आयोग | ११,१४,३.६९ | ६०.०० | स्वीस विकास बैंक |
| ७ | प्राविधिक शिक्षालयहरूको पुनर्लाभ | १४ अति प्रभावित जिल्लाहरू | प्राविधिक तथा व्यावसायिक तालिम परिषद् | ४६.०० | ०.०० | |
| ८ | प्राविधिक शिक्षालयहरूको पुनर्लाभ | १७ प्रभावित जिल्लाहरू | प्राविधिक तथा व्यावसायिक तालिम परिषद् | १,०१,२.५० | १,००,०.०० | |
| ९ | प्रभावित समुदायमा सामुदायिक सिकाइ केन्द्रमार्फत जीविकोपार्जन सहयोग तथा सीपमा आधारित तालिम कार्यक्रम | १४ अति प्रभावित जिल्लाहरू | अनौपचारिक शिक्षा केन्द्र | १२,०.७५ | ०.०० | |
| १० | प्रभावित क्षेत्रमा अनौपचारिक शिक्षा (विद्यालय विस्तार कार्यक्रम/लचिला विद्यालय कार्यक्रम/विद्यालय बाहिर रहेका बालबालिकाका लागि कार्यक्रम) कार्यक्रमको विस्तार | १४ अति प्रभावित जिल्लाहरू | अनौपचारिक शिक्षा केन्द्र | १४.०० | ०.०० | |
| ११ | अनौपचारिक शिक्षाका सुविधाको पुनर्लाभ (सासिके) | १४ अति प्रभावित जिल्लाहरू | अनौपचारिक शिक्षा केन्द्र | २०.५० | ०.०० | |
| १२ | पुनर्निर्माणको आवश्यकता पूरा गर्न शिक्षा विभाग र जिशिकामा इन्जिनियरिङ एकाइको विस्तार गर्ने | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | २५,९.७४ | ०.०० | |
| १३ | अनौपचारिक शिक्षाका कार्यक्रममा विपत् जोखिम न्यूनीकरणको एकीकरण | राष्ट्रिय | अनौपचारिक शिक्षा केन्द्र | ५.०० | ०.०० | |
| १४ | सासिके, अनौपचारिक शिक्षाका सहजकर्ता तथा समुदायको विपत् जोखिम व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरणको सुदृढीकरण | राष्ट्रिय | अनौपचारिक शिक्षा केन्द्र | ४५.०० | ०.०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | प्रत्येक तहमा विपत् जोखिम न्यूनीकरणमा असिके–व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण | राष्ट्रिय | अनौपचारिक शिक्षा केन्द्र | ७.२५ | ०.०० | |
| १६ | प्रभावित क्षेत्रमा (उप) जिल्ला तहका शिक्षामा भएको विभेदको अनुगमन | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | २.१० | ०.०० | |
| १७ | विद्यालय/अस्थायी सिकाइ केन्द्रमा आधारित दौंतरी सहयोग कार्यक्रमको विस्तार | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | ९०.०० | ०.०० | |
| १८ | विद्यालय क्षेत्र विकास योजनामा विपत् जोखिम न्यूनीकरणको रणनीतिका सम्बन्धमा जानकारी गराउनका लागि सामाजिक प्रभाव तथा संकटासन्नताको विश्लेषण | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा मन्त्रालय | १.५० | ०.०० | |
| १९ | विव्यस/अभिभावक शिक्षक संघ, बाल क्लब तथा समुदायको विपत् जोखिम व्यवस्थापन क्षमता तथा तयारीको सुदृढीकारण | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | २६,२.०० | ०.०० | |
| २० | विपत् जोखिम व्यवस्थापन अनुसन्धान केन्द्रको स्थापना | १४ अति प्रभावित जिल्लाहरू | विश्वविद्यालय अनुदान आयोग | २२.०० | ०.०० | |
| २१ | प्रभावित गाविस तथा नपामा घुम्ती सीपसँग सम्बन्धित साक्षरता कार्यक्रम सञ्चालन | १४ अति प्रभावित जिल्लाहरू | अनौपचारिक शिक्षा केन्द्र | ७.४६ | ०.०० | |
| २२ | प्रत्येक तहमा देशव्यापी समग्र विद्यालय सुरक्षा मूल्यांकन सञ्चालन | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | ९८.०० | ९८.०० | विश्व बैंक/अस्ट्रेलिया |
| २३ | विद्यालय क्षेत्रका पूर्वाधारको प्रबलीकरण | ३१ प्रभावित जिल्लाहरू | शिक्षा विभाग | ६,११,७.१२ | ०.०० | एसियाली विकास बैंक/जाइका/युरोपेली युनियन |
| २४ | अनौपचारिक शिक्षाका कार्यक्रमहरूको पुनर्लाभ | १७ प्रभावित जिल्लाहरू | अनौपचारिक शिक्षा केन्द्र | १५,८.२१ | ०.०० | |
| २५ | प्राथमिकताका साथ सार्वजनिक पुस्तकालयहरूको पुनर्लाभ | १४ अति प्रभावित जिल्लाहरू | शिक्षा विभाग | १८.९० | ०.०० | |
| २६ | २८ कम प्रभावित जिल्लामा विद्यालय शिक्षाको पुनर्लाभ | २८ कम प्रभावित जिल्लाहरू | शिक्षा विभाग | २८,५६,७.८७ | ०.०० | |
| २७ | ११ कम प्रभावित जिल्लामा प्राविधिक शिक्षा क्षेत्रको पुनर्लाभ | ११ कम प्रभावित जिल्लाहरू | प्राशिव्याताप | १६.५४ | ०.०० | |
| २८ | सार्वजनिक पुस्तकालयहरूको पूर्ण पुनर्लाभ | राष्ट्रिय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १,००,५.०० | १८.९० | शिक्षा विभाग |
| | कुल | | | **१,२५,४१,०.१९** | **१२,१६,१.६५** | |

## परिशिष्ट ६.२: प्रभावित ३१ जिल्लामा पुनर्लाभका लागि प्रक्षेपित वार्षिक लागत

| | १६ अप्रिल १६–१५ जुलाई १७ | १६ जुलाई १७–१५जुलाई १८ | १६ जुलाई १८–१५जुलाई १९ | १६ जुलाई १९–१५जुलाई २० | १६ जुलाई २०–१५जुलाई २१ | | लगानीका स्रोतहरू | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सुरु मिति | आ.व. २०१७ + | आ.व. २०१८ | आ.व. २०१९ | आ.व. २०२० | आ.व. २०२१ | कुल कार्यक्रम खर्च | अन–बजेट स्रोतहरू | अफ–बजेट स्रोतहरू | अज्ञात |
| | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख | ने.रु. दश लाख |
| | ५५,८०,७.७३ | ४१,९५,६.८८ | ४१,९४,३.४० | १,६५,६.३८ | १,६४,७.५२ | १,४३,०१,१.९ | | | १,४३,०१,१.९१ |
| अप्रिल–१६ | ३८,०४,१.९७ | २८,५३१.४८ | २८,५३१.४८ | | | ९५,१०,५ | | | ९५,१०,५ |
| अप्रिल–१६ | ४,४८,०.४८ | ३,३४,०.११ | ३,३४,०.११ | | | ११,१६,१ | | | ११,१६,१ |
| अप्रिल–१६ | ४७.६ | १७.४ | ६ | | | ७१ | | | ७१ |
| अप्रिल–१६ | ५.१३ | ८.२ | ७.१८ | | | २१ | | | २१ |
| अप्रिल–१६ | २५,९.७४ | | | | | २६,० | | | २६,० |
| अप्रिल–१६ | ५.०० | | | | | ५ | | | ५ |
| अप्रिल–१६ | २.४२ | २.४२ | २.४२ | | | ७ | | | ७ |
| अप्रिल–१६ | १.०५ | १.०५ | | | | २ | | | २ |
| अप्रिल–१६ | ९.०० | ९.०० | ९.०० | ३१.५ | ३१.५ | ९० | | | ९० |
| अप्रिल–१६ | १.५ | | | | | २ | | | २ |
| अप्रिल–१६ | १४,० | १०,५ | १०,५ | | | ३५,० | | | ३५,० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अप्रिल–१६ | २२ | | | | | २२ | | | २२ |
| अप्रिल–१६ | २.९८ | २.२४ | २.२४ | | | ७ | | | ७ |
| अप्रिल–१७ | १,२२,३.४२ | १,२२,३.४२ | १,२२,३.४२ | १,२२,३.४२ | १,२२,३.४२ | ६,११,७ | | | ६,११,७ |
| अप्रिल–१६ | १५.८२ | २३.७३ | २३.७३ | ४७.४६ | ४७.४६ | १५,८ | | | |
| अप्रिल–१६ | ४.७३ | ४.७३ | ४.७३ | ४.७३ | | १९ | | | |
| अप्रिल–१६ | १५ | १५ | १५ | | | ४५ | | | ४५ |
| अप्रिल–१६ | ११,४२,७.१५ | ८,५७,०.३५ | ८,५७,०.३५ | | | २८,५६,८ | | | २८,५६,८ |
| अप्रिल–१६ | ४.१३ | ४.१३ | ४.१३ | ४.१३ | | १७ | | | १७ |
| अप्रिल–१६ | ९८.६१ | ९८.६१ | ९८.६१ | ३४,५.१४ | ३४,५.१४ | ९८,६ | | | ९८,६ |

